| ९.५.२.१.८ | मतदाता शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलाप | ४५९ |
| ९.५.२.१.९ | मतदाता शिक्षामा भाषाको प्रयोग | ४६० |
| ९.५.२.१.१० | मतदाता शिक्षा सामग्री छपाइ तथा वितरण | ४६१ |
| ९.५.२.१.११ | मतदाता शिक्षा सामग्री प्रकाशन प्रसारणमा विभिन्न संस्थासँग भएको सम्झौता | ४६१ |
| ९.५.२.१.१२ | मतदाता शिक्षाका लागि जनशक्ति परिचालन | ४६३ |
| ९.५.३ | मिडिया सेन्टर | ४६४ |
| ९.५.३.१ | मिडिया सेन्टरको काम, कर्तव्य तथा अधिकार | ४६४ |
| ९.५.३.२ | कर्मचारी व्यवस्थापन | ४६४ |
| ९.५.३.३ | सञ्चार प्रतिनिधिका लागि मिडिया सेन्टरबाट प्रदान गरिएका सेवा | ४६५ |
| ९.५.४ | कल सेन्टर | ४६५ |
| ९.५.४.१ | उद्देश्य | ४६६ |
| ९.५.५ | आमसञ्चार माध्यमको अनुगमन | ४६६ |
| ९.६ | आर्थिक व्यवस्थापन | ४६६ |
| ९.६.१ | बजेट तथा कार्यक्रम | ४६६ |
| ९.६.१.१ | बजेट प्राप्ति, निकासा र खर्च | ४६७ |
| ९.६.१.१.१ | बजेट प्राप्ति | ४६७ |
| ९.६.१.२ | बजेट निकासा | ४६७ |
| ९.६.१.३ | बजेट खर्च | ४६७ |
| ९.६.२ | नेपाल सरकारको खर्च र मित्र राष्ट्रहरूको सहयोग | ४६७ |
| ९.६.३ | वैदेशिक स्रोत परिचालन | ४६८ |

| | | |
|---|---|---|
| ९.६.३.१ | कानुनी तथा नीतिगत व्यवस्था | ४६८ |
| ९.६.३.१.१ | वैदेशिक सहायता सम्बन्ध समिति | ४६८ |
| ९.६.३.१.२ | वैदेशिक सम्बन्ध एकाई | ४६९ |
| ९.६.४ | सहायता दिने मित्र राष्ट्र तथा संस्था | ४७१ |
| ९.६.५ | सहायताको उपयोग | ४७४ |
| ९.७ | निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण | ४७४ |
| ९.७.१ | लैङ्गिक तथा समावेशी समन्वय समिति | ४७५ |
| ९.७.२ | निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अनुगमन | ४७५ |
| ९.७.३ | निर्वाचनमा भएका लैङ्गिक तथा समावेशीकरण सम्बन्धी कार्य | ४७७ |
| ९.८ | जनशक्ति व्यवस्थापन | ४७७ |
| ९.८.१ | निर्वाचनमा जनशक्ति व्यवस्थापन | ४७७ |
| ९.८.२ | काजमा ल्याइएको जनशक्ति | ४७८ |
| ९.८.३ | निर्वाचन कार्यमा संलग्न जनशक्तिको बीमा | ४८० |
| ९.९ | निर्वाचन सामग्री व्यवस्थापन | ४८० |
| ९.९.१ | वस्तु तथा सेवा खरिद सम्बन्धी कानुनी व्यवस्था | ४८० |
| ९.९.२ | सामग्री व्यवस्थापनमा संस्थागत व्यवस्था | ४८१ |
| ९.९.३ | मतदान केन्द्रमा पठाउनुपर्ने सामग्री | ४८१ |
| ९.९.४ | छपाइ सामग्रीको व्यवस्थापन | ४८१ |
| ९.९.५ | सामग्री प्राप्ति | ४८२ |
| ९.९.५.१ | वैदेशिक सहयोग | ४८२ |
| ९.९.५.२ | आन्तरिक रूपमा व्यवस्थापन | ४८३ |
| ९.९.५.२.१ | आयोगबाट व्यवस्थापन गरिएका सामग्रीहरू | ४८४ |
| ९.९.५.२.२ | जिल्ला निर्वाचन कार्यालयबाट व्यवस्थापन | ४८७ |
| ९.९.५.२.३ | निर्वाचन अधिकृतको कार्यालयहरूबाट व्यवस्थापन | ४८८ |
| ९.९.६ | ढुवानी | ४८८ |
| ९.९.७ | मत पेटिका सङ्कलन | ४८९ |
| ९.९.८ | आकस्मिक उद्धार | ४८९ |
| ९.९.९ | विविध | ४८९ |
| ९.९.९.१ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई छपाइ मेसिन र उपकरण हस्तान्तरण | ४८९ |

| | | |
|---|---|---|
| ९.१० | निर्वाचनमा सुरक्षा व्यवस्थापन | ४९० |
| ९.१०.१ | निर्वाचन सुरक्षा | ४९० |
| ९.१०.२ | संयुक्त निर्वाचन सञ्चालन केन्द्र | ४९० |
| ९.१०.३ | संयुक्त निर्वाचन सञ्चालन केन्द्रबाट सम्पादित क्रियाकलाप | ४९१ |
| ९.१०.४ | निर्वाचन जोखिम व्यवस्थापन प्रणालीको प्रयोग | ४९२ |
| ९.११ | निर्वाचन सञ्चालन | ४९३ |
| ९.११.१ | निर्वाचन कार्यतालिका | ४९३ |
| ९.११.२ | निर्वाचन प्रणाली सम्बन्धी व्यवस्था | ४९३ |
| ९.११.२.१ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम | ४९३ |
| ९.११.२.२ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवारी सम्बन्धी व्यवस्था | ४९४ |
| ९.११.२.३ | उम्मेदवारको मनोनयन दर्ता गराउने सम्बन्धी विशेष व्यवस्था | ४९४ |
| ९.११.२.४ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयन पत्र दर्ता | ४९४ |
| ९.११.२.५ | मनोनयनपत्र फिर्ता | ४९५ |
| ९.११.२.६ | मनोनयनपत्र रद्द | ४९५ |
| ९.११.२.७ | उम्मेदवारहरूको अन्तिम नामावली | ४९५ |
| ९.११.२.८ | उम्मेदवारको मृत्युका कारण निर्वाचन कार्यक्रममा परिवर्तन | ४९६ |
| ९.११.३ | समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम | ४९७ |
| ९.११.३.१ | समानुपातिक निर्वाचन प्रणाली एकाईको गठन | ४९७ |
| ९.११.३.२ | उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध | ४९८ |
| ९.११.३.३ | संविधान सभा सदस्य सङ्ख्याको निर्धारण | ४९९ |
| ९.११.३.४ | कार्यविधि संशोधन तथा म्याद थप | ४९९ |
| ९.११.३.५ | समानुपातिक प्रतिनिधित्व सम्बन्धी विवरण | ५०० |
| ९.११.४ | निर्वाचन अधिकृत नियुक्ति | ५०० |
| ९.११.५ | मतदानस्थल/केन्द्र | ५०१ |
| ९.११.५.१ | मतदानस्थल/केन्द्र सिफारिश गर्ने आधारहरू | ५०१ |
| ९.११.६ | मतपत्र व्यवस्थापन | ५०१ |
| ९.११.७ | मत पेटिका | ५०२ |
| ९.११.७.१ | विशेष अवस्थामा मत पेटिकाको प्रयोग | ५०२ |
| ९.११.८ | मतदान र मतगणना | ५०३ |

| | | |
|---|---|---|
| ९.११.८.१ | मतदान | ५०३ |
| ९.११.८.२ | शून्य मतदान | ५०४ |
| ९.११.८.३ | पुनः मतदान | ५०४ |
| ९.११.८.४ | मतगणना सम्बन्धी विशेष निर्देशन | ५०४ |
| ९.११.८.५ | मतगणना कार्यको समाप्ति र निर्वाचन परिणामको घोषणा | ५०६ |
| ९.११.९ | विभागीय कारवाही | ५०६ |
| ९.१२ | निर्वाचन अनुगमन | ५०७ |
| ९.१२.१ | अनुगमन सम्बन्धी संस्थागत व्यवस्था | ५०७ |
| ९.१२.२ | समग्र निर्वाचन अनुगमन समिति | ५०८ |
| ९.१२.३ | उच्च स्तरीय अनुगमन टोली | ५०८ |
| ९.१२.४ | अनुगमन एकाई | ५०८ |
| ९.१२.५ | अनुगमन टोली | ५०८ |
| ९.१२.५.१ | बृहत् अनुगमन | ५०८ |
| ९.१२.५.२ | सूक्ष्म अनुगमन | ५०९ |
| ९.१२.५.३ | अभिमुखीकरण | ५०९ |
| ९.१२.५.४ | अनुगमन प्रतिवेदन | ५०९ |
| ९.१२.५.५ | समीक्षा | ५१० |
| ९.१३ | निर्वाचन पर्यवेक्षण | ५१० |
| ९.१३.१ | निर्वाचन पर्यवेक्षण | ५१० |
| ९.१३.१.१ | पर्यवेक्षणका लागि आह्वान | ५१० |
| ९.१३.१.२ | पर्यवेक्षण सम्झौता | ५११ |
| ९.१३.१.३ | अन्तर्राष्ट्रिय अवलोकनकर्ता | ५११ |
| ९.१३.१.४ | The Asia Foundation सँग सम्झौता | ५१२ |
| ९.१३.२ | पर्यवेक्षण अभिमुखीकरण | ५१२ |
| ९.१३.२.१ | राष्ट्रिय पर्यवेक्षकलाई अभिमुखीकरण | ५१२ |
| ९.१३.२.२ | अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई अभिमुखीकरण | ५१२ |
| ९.१३.३ | परिचयपत्रको व्यवस्था | ५१२ |
| ९.१३.३.१ | राष्ट्रिय पर्यवेक्षकहरूलाई परिचयपत्र वितरण | ५१३ |
| ९.१३.३.२ | लामो अवधिको पर्यवेक्षक परिचयपत्र | ५१३ |

| | | |
|---|---|---|
| ९.१३.४ | अन्तर्राष्ट्रिय पर्यवेक्षक | ५१३ |
| ९.१३.४.१ | अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकको आगमन | ५१३ |
| ९.१३.४.२ | अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू खटिएको क्षेत्र | ५१४ |
| ९.१३.५ | विशिष्ट अतिथिहरू | ५१४ |
| ९.१३.५.१ | विशिष्ट अतिथिहरूबाट निर्वाचन अवलोकन | ५१४ |
| ९.१३.६ | कुटनीतिक निकायबाट अवलोकन | ५१५ |
| ९.१३.७ | पर्यवेक्षक संस्थाबाट प्राप्त प्रतिवेदन | ५१५ |
| ९.१३.८ | मतदानको दिनको सवारी व्यवस्थापन | ५१५ |
| ९.१४ | निर्वाचन परिणाम | ५१६ |
| ९.१४.१ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | ५१६ |
| ९.१४.२ | समानुपातिक निर्वाचन प्रणाली | ५१६ |
| ९.१५ | अर्को संविधान सभा सदस्य उपनिर्वाचन | ५१६ |
| ९.१५.१ | निर्देशिका जारी | ५१६ |
| ९.१५.२ | संविधान सभा सदस्य निर्वाचन आचार संहिता,२०७० मा संशोधन वा थप | ५१७ |
| ९.१५.३ | आचारसंहिता लागू | ५१७ |
| ९.१५.४ | आचार संहिता उल्लंघनमा भएका कारबाही | ५१७ |
| ९.१५.५ | मतदाता दर्ता तथा मतदाता परिचयपत्र | ५१८ |
| ९.१५.५.१ | मतदाता दर्ता | ५१८ |
| ९.१५.५.२ | मतदाता परिचयपत्र | ५१८ |
| ९.१५.६ | तालिम तथा मतदाता शिक्षा | ५१९ |
| ९.१५.६.१ | तालिम | ५१९ |
| ९.१५.६.२ | मतदाता शिक्षा | ५१९ |
| ९.१५.६.२.१ | मतदाता शिक्षा सामग्री छपाइ तथा उत्पादन | ५२० |
| ९.१५.७ | सूचना प्रविधिको प्रयोग | ५२१ |
| ९.१५.८ | विद्युतीय मतदान एकाइको गठन | ५२१ |
| ९.१५.९ | जनशक्ति व्यवस्थापन | ५२२ |
| ९.१५.१० | सामग्री व्यवस्थापन | ५२३ |
| ९.१५.११ | निर्वाचन अधिकृतको नियुक्ति | ५२३ |
| ९.१५.१२ | मतपत्र छपाइ | ५२४ |

| | | |
|---|---|---|
| ९.१५.१३ | मतदान र मतगणना | ५२४ |
| ९.१५.१४ | निर्वाचन पर्यवेक्षण | ५२५ |
| ९.१५.१४.१ | पर्यवेक्षणका लागि आह्वान | ५२५ |
| ९.१५.१४.२ | निर्वाचनको अवलोकन | ५२६ |
| ९.१५.१४.३ | कूटनीतिक नियोगको तर्फबाट उपनिर्वाचनको अवलोकन | ५२६ |
| ९.१५.१५ | आर्थिक व्यवस्थापन | ५२७ |
| ९.१६ | बागलुङ उपनिर्वाचन, २०७१ चैत्र | ५२७ |
| ९.१६.१ | आदेश जारीः | ५२७ |
| ९.१६.२ | तालिम तथा जनशक्ति विकास | ५२८ |
| ९.१६.३ | मतदाता दर्ता | ५२८ |
| ९.१६.४ | मतदाता परिचयपत्र व्यवस्थापन | ५२८ |
| ९.१६.५ | विद्युतीय मतदान एकाईको सञ्चालन | ५२८ |
| ९.१६.६ | मतदान केन्द्रका लागि जनशक्ति व्यवस्थापन | ५२९ |
| ९.१६.७ | सामग्री व्यवस्थापन | ५२९ |
| ९.१६.८ | निर्वाचन पर्यवेक्षण र अनुगमन | ५२९ |
| ९.१६.८.१ | निर्वाचन पर्यवेक्षण | ५२९ |
| ९.१६.८.२ | निर्वाचन अनुगमन | ५३० |
| ९.१६.९ | निर्वाचन सञ्चालन | ५३० |
| ९.१६.९.१ | निर्वाचन अधिकृतको नियुक्ति | ५३० |
| ९.१६.९.२ | नेपाल सरकारलाई निर्देशन | ५३० |
| ९.१६.१० | मतपत्र छपाइ | ५३२ |
| ९.१६.११ | उम्मेदवारी दर्ता | ५३२ |
| ९.१६.१२ | मतदान | ५३२ |
| ९.१६.१३ | मतगणना र निर्वाचन परिणाम | ५३३ |
| ९.१६.१४ | आर्थिक व्यवस्थापन | ५३३ |

## परिच्छेद दस
## विविध

| | | |
|---|---|---|
| १० | विविध | ५३७ |
| १०.१ | निर्वाचन आयोगको सङ्क्षिप्त इतिहास | ५३७ |

| | | |
|---|---|---|
| १०.१.१ | संवैधानिक व्यवस्था | ५३७ |
| १०.१.२ | आयोगका पदाधिकारी/सचिव | ५३८ |
| १०.१.३ | नेपालको संविधानमा निर्वाचन आयोग सम्बन्धी व्यवस्था | ५४१ |
| १०.१.४ | आयोगको संगठनात्मक स्वरूप र जनशक्ति | ५४२ |
| १०.२ | आयोगको गतिविधि | ५४३ |
| १०.२.१ | मतदाता नामावली | ५४३ |
| १०.२.२ | मतदाता परिचयपत्र | ५४५ |
| १०.२.३ | मतदाता पारिवारिक लगत | ५४६ |
| १०.२.४ | प्रविधिको प्रयोग | ५४६ |
| १०.२.५ | मतपेटिकाको प्रयोग | ५४७ |
| १०.२.६ | मतपत्र छपाइ कार्यको व्यवस्थापन | ५४७ |
| १०.२.७ | मतदाता शिक्षा | ५४८ |
| १०.२.८ | विकास साझेदारहरुसँगको सहकार्य | ५४९ |
| १०.२.९ | निर्वाचन आचार संहिता | ५४९ |
| १०.२.१० | आयोगको लोगो, ब्रान्डिङ र परिचय धुन | ५५० |
| १०.२.११ | निर्वाचन दिवस | ५५० |
| १०.३ | निर्वाचन सम्बन्धी विविध जानकारी | ५५० |
| १०.३.१ | सम्पन्न निर्वाचनका केही तिथि मिति | ५५० |
| १०.३.२ | संविधान सभा सदस्य निर्वाचन, २०६४ र २०७० एक झलक | ५५२ |
| १०.३.३ | संविधान सभा २०६४ मा मन्त्रिपरिषद्बाट मनोनयन भएका सदस्य | ५५५ |
| १०.३.४ | संविधान सभा २०६४ मा सदस्य पदको रिक्तता र पूर्ति | ५५६ |
| १०.३.५ | अर्को संविधान सभामा मन्त्रिपरिषद्बाट मनोनयन भएका सदस्य | ५५९ |
| १०.३.६ | सम्वत् २०६४ मा गठित संविधान सभाको कार्यकाल समाप्त हुँदाका बखत कायम सभासद् | ५६० |
| १०.३.७ | अर्को संविधान सभा (२०७० मा गठित) मा सदस्य पदको रिक्तता र पूर्ति | ५८४ |
| १०.३.८ | नेपालको संविधान जारीपछि रूपान्तरित व्यवस्थापिका संसद्मा कायम रहेका सांसद् | ५८५ |
| १०.४ | निर्वाचनसँग सम्बन्धित केही तस्वीर | ६०८ |

# अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ | जिल्ला विकास समिति निर्वाचन २०४९ मा दलीय एवं स्वतन्त्र उम्मेदवारहरूको प्रतिनिधित्व विवरण | ६०९ |
| अनुसूची २ | नगरपालिका निर्वाचन, २०५४ को दलगत/स्वतन्त्र निर्वाचन परिणाम विवरण | ६१० |
| अनुसूची ३ | श्री ५ महाराजाधिराजबाट २०३६ जेठ १० गते भएको जनमत सङ्ग्रहको घोषणाको पूर्ण पाठ | ६११ |
| अनुसूची ४ | प्रचार सामग्रीको नमुना | ६१२ |
| अनुसूची ५ | श्री ५ वीरेन्द्रबाट २०३७ वैशाख १७ गते देशवासीको नाममा दिइएको सन्देशको पूर्ण पाठ | ६१३ |
| अनुसूची ६ | राष्ट्रिय जनमत सङ्ग्रहको जिल्लागत मत परिणाम | ६१४ |
| अनुसूची ७ | २०३८ साल वैशाख २७ गते सम्पन्न राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा विजयी तथा मनोनीत सदस्यहरूको नामावली | ६१७ |
| अनुसूची ८ | राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३ का विजयी तथा मनोनीत उम्मेदवारको विवरण | ६२२ |
| अनुसूची ८(क) | राष्ट्रिय सभा सदस्यमा निर्वाचित/मनोनीत सदस्यको नामावली विवरण | ६२७ |
| अनुसूची ९ | आम निर्वाचन, २०४८ का विजयी उम्मेदवारहरूको विवरण | ६३४ |
| अनुसूची १० | आम निर्वाचन २०५१ का विजयी उम्मेदवारहरूको विवरण | ६४१ |
| अनुसूची ११ | आम निर्वाचन २०५६ का विजयी उम्मेदवारहरूको विवरण | ६४८ |
| अनुसूची १२ | निर्वाचन क्षेत्र थपिएका तथा घटाइएका जिल्लाहरूको विवरण | ६५५ |
| अनुसूची १३ | २०५ संसदीय निर्वाचन क्षेत्र सङ्ख्याको जिल्लागत विवरण | ६५६ |
| अनुसूची १४ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को विकास क्षेत्रगत निर्वाचन क्षेत्र, मतदान केन्द्र, गा.वि.स./नगरपालिकाको संख्यात्मक विवरण | ६५९ |
| अनुसूची १५ | २०५९ मा हुने भनिएको प्रतिनिधि सभा सदस्य निर्वाचनको विकास क्षेत्रगत निर्वाचन क्षेत्र, मतदान केन्द्र, गा.वि.स./नगरपालिकाको संख्यात्मक विवरण | ६६० |
| अनुसूची १६ | प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतपत्रको ढाँचा | ६६१ |

| | | |
|---|---|---|
| अनुसूची १७ | प्रतिनिधिसभा सदस्य निर्वाचन, २०४८ को निर्वाचन कार्यक्रम | ६६२ |
| अनुसूची १८ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ को निर्वाचन कार्यक्रम | ६६३ |
| अनुसूची १९ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को निर्वाचन कार्यक्रम | ६६५ |
| अनुसूची २० | प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको कार्य विभाजन | ६६७ |
| अनुसूची २१ | गठन गरिएका समिति र सोको संयोजन गर्ने निर्वाचन आयुक्तको नाम | ६६८ |
| अनुसूची २२ | विभिन्न जिल्लामा कायम निर्वाचन क्षेत्रको विवरण | ६६९ |
| अनुसूची २३ | २०६३ साल चैत्र १६ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन दिएका राजनीतिक दलहरूको विवरण | ६७० |
| अनुसूची २४ | २०६४ साल पुस २३ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन दिएका राजनीतिक दलहरूको विवरण | ६७४ |
| अनुसूची २५ | दलहरूलाई प्रदान गरिएको निर्वाचन चिन्हसम्बन्धी विवरण | ६७५ |
| अनुसूची २६ | २०६४ साल माघ १५ को निर्णयानुसार दलहरूलाई प्रदान गरिएको निर्वाचन चिन्हसम्बन्धी विवरण | ६७७ |
| अनुसूची २७ | स्वतन्त्र समूहको लागि आयोगबाट निर्धारण गरिएका निर्वाचन चिन्हहरू | ६७८ |
| अनुसूची २८ | मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूको नामावली | ६८६ |
| अनुसूची २९ | परिचालित जनशक्तिको संख्यात्मक विवरण | ७०० |
| अनुसूची ३० | अनुगमनमा खटिएका अधिकारीहरू र जिल्लाको विवरण | ७०१ |
| अनुसूची ३१ | उम्मेदवारको मृत्युको कारण परिवर्तित निर्वाचन कार्यक्रमको विवरण | ७०४ |
| अनुसूची ३२ | बन्द सूची पेश गर्ने राजनीतिक दल र कायम उम्मेदवारको संख्यात्मक विवरण | ७०५ |
| अनुसूची ३३ | समानुपातिक प्रतिनिधित्व हुने समूहको विवरण | ७०७ |
| अनुसूची ३४ | समावेशी र समानुपातिक प्रतिनिधित्वको स्थिति | ७०८ |
| अनुसूची ३५ | निर्वाचित उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको कुल मत, मत प्रतिशत र सिट सङ्ख्याको विवरण | ७०९ |
| अनुसूची ३६ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा निर्वाचित हुने सदस्यहरूको विवरण | ७१० |
| अनुसूची ३७ | निर्वाचित मध्ये महिला सदस्यको विवरण | ७२१ |

| | | |
|---|---|---|
| अनुसूची ३८ | समानुपातिक निर्वाचन प्रणाली तर्फ सीट प्राप्त गर्ने राजनीतिक दल र सीट संख्या | ७२३ |
| अनुसूची ३९ | समानुपातिक निर्वाचन प्रणाली तर्फ संविधान सभा सदस्यमा निर्वाचित सदस्यहरूको नामावली | ७२४ |
| अनुसूची ४० | निर्वाचनसम्बन्धी उजुरी विवरण | ७३४ |
| अनुसूची ४१ | रिक्त भएको निर्वाचन क्षेत्रसम्बन्धी विवरण | ७३५ |
| अनुसूची ४२ | उपनिर्वाचन हुने निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या | ७३६ |
| अनुसूची ४३ | अनुगमन टोलीको विवरण | ७३७ |
| अनुसूची ४४ | मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको विवरण | ७३८ |
| अनुसूची ४५ | उपनिर्वाचनको निर्वाचन कार्यक्रम | ७३९ |
| अनुसूची ४६ | उपनिर्वाचनमा उम्मेदवारीसम्बन्धी विवरण | ७४० |
| अनुसूची ४७ | उपनिर्वाचनमा निर्वाचित सदस्यहरूको नामावली | ७४१ |
| अनुसूची ४८ | विषय समितिहरूको विवरण | ७४२ |
| अनुसूची ४९ | नियमावली तथा आदेशहरूको विवरण | ७४४ |
| अनुसूची ५० | जारी भएका निर्देशिका तथा कार्यविधिको विवरण | ७४५ |
| अनुसूची ५१ | नेपाल राजपत्रमा प्रकाशित सूचनाको विवरण | ७४६ |
| अनुसूची ५२ | निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोग समक्ष दर्ता भएका राजनीतिक दलहरूको नाम र उनीहरूलाई प्रदान गरिएको निर्वाचन चिह्न को विवरण | ७४८ |
| अनुसूची ५३ | अर्को संविधान सभा सदस्य निर्वाचनमा भाग लिएका १२२ (एकसय बाईस) दलको विवरण | ७७३ |
| अनुसूची ५४ | निर्वाचन आचार संहिता पालना र अनुगमनका सम्बन्धमा भएका निर्णयको विवरण | ७७५ |
| अनुसूची ५५ | संविधान सभा अदालतमा दर्ता भएका मुद्दाको विवरण | ७७७ |
| अनुसूची ५६ | मतदाताको जिल्लागत विवरण | ७८१ |
| अनुसूची ५७ | NCAE परियोजनामा प्राप्त बजेट निकासा विवरण | ७८३ |
| अनुसूची ५८ | खर्चको विवरण | ७८४ |
| अनुसूची ५९ | नेपाल सरकारको खर्च र मित्र राष्ट्रहरूको सहयोगको विवरण | ७८५ |

| | | |
|---|---|---|
| अनुसूची ६० | JFA नम्बर अनुसार बजेट विनियोजन र खर्चको विवरण | ७८६ |
| अनुसूची ६१ | उपलब्धि अनुसारको बजेट प्राप्ति र खर्चको विवरण | ७८७ |
| अनुसूची ६२ | निर्वाचनमा खटिदा जीवन गुमाउने राष्ट्रसेवकहरूको नाम, ठेगाना | ७८८ |
| अनुसूची ६३ | मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको नामावली | ७८९ |
| अनुसूची ६३(क) | बृहत् अनुगमनमा खटिएका विशिष्ट तथा रा.प.प्रथम श्रेणीका अधिकृतहरुको विवरण | ८०५ |
| अनुसूची ६४ | अन्तर्राष्ट्रिय पर्यवेक्षकको नामावली | ८०८ |
| अनुसूची ६५ | आयोगबाट आमन्त्रित विशिष्ट व्यक्तिहरूको नामावली | ८१६ |
| अनुसूची ६६ | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम | ८१८ |
| अनुसूची ६७ | संविधान सभा सदस्यमा प्रतिनिधित्व गर्ने ३१ (एकतीस) राजनीतिक दलको विवरण | ८३१ |
| अनुसूची ६८ | राजनीतिक दलले प्राप्त गरेको मत तथा स्थान (सिट) | ८३३ |
| अनुसूची ६९ | समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सदस्यको विवरण | ८३७ |
| अनुसूची ७० | जिल्ला निर्वाचन कार्यालय खुलेको चरणगत विवरण | ८५० |
| अनुसूची ७१ | आयोगको दरवन्दी सहितको संगठनात्मक संरचना | ८५१ |

निर्वाचनसँग सम्बन्धित केही तस्वीर ८५२

सन्दर्भ सामग्री ८६४

परिच्छेद एक

# नेपालमा निर्वाचनको पृष्ठभूमि

परिच्छेद एक

# नेपालमा निर्वाचनको पृष्ठभूमि

नेपालको इतिहासलाई समष्टिगत रूपमा ऐतिहासिक कालखण्डको आधारमा विभाजन गरिएको पाइन्छ, जस्तै; पौराणिक काल, प्राचीन काल, मध्य काल तथा आधुनिक काल । यसलाई ऐतिहासिक दृष्टिकोणको आधारमा अझै सूक्ष्म विभाजन पनि गरिएको पाइन्छ, जसबाट विगतको नेपाली समाजलाई बुझ्न सघाउ पुगेको छ ।

नेपालको इतिहासको सन्दर्भमा हेर्दा दोस्रो शताब्दी पूर्वको इतिहासको व्याख्या गर्न लिखित स्रोतको अभाव रहेको छ । त्यसभन्दा पछिका स्रोत सामग्रीहरू भने उपलब्ध छन् । योभन्दा अगाडिको इतिहासको बारेमा जे जति जानकारी प्राप्त छन्, ती केवल किंवदन्ती, वंशावली तथा अन्य साहित्यिक स्रोतमा वर्णित विवरणबाट प्राप्त भएका हुन् । यसकारण यो समयलाई इतिहासमा पौराणिक कालका रूपमा गणना गरिएको छ । तत्पश्चात् आठौं शताब्दीसम्म प्राचीन काल, आठौंदेखि अठारौं शताब्दीसम्म मध्य काल र अठारौं शताब्दीदेखि हालसम्मको समय आधुनिक काल मानिएको छ । पौराणिक कालमा नेपालमा गोपाल र महिषपाल राजवंश तथा अन्य ऐतिहासिक कालहरूमा किराँत, लिच्छवि, गुप्त, बर्मा, ठकुरी, मल्ल, बर्द्धन, खस, सेन, शाह आदि राजवंशको शासन कायम रह्यो । ऐतिहासिक काललाई विस्तृत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

१. पौराणिक काल
   - क. गोपाल वंश
   - ख. महिषपाल वंश

२. प्राचीन काल
   - क. किराँत वंश
   - ख. लिच्छवि वंश

३. मध्य काल
   - क. पूर्व मध्य काल
     - अ) देव वंश
     - आ) मल्ल वंश
     - इ) बर्द्धन वंश- बनेपा
     - ई) खस वंश - पश्चिम नेपाल

ख. उत्तरमध्य काल

अ) मल्ल वंश

आ) पश्चिमा मल्ल वंश

इ) सेन वंश

४. आधुनिक काल

क. शाह वंश

ख. राणा काल

ग. गणतन्त्र

उल्लिखित काल विभाजन अन्तर्गतका शासन व्यवस्था राजतन्त्रमा आधारित थिए । पछिल्लो समयमा गणतन्त्र स्थापनापश्चात् शताब्दियौँदेखि नेपालमा चलेको राजतन्त्रात्मक शासन प्रणालीको अन्त्य भयो । पश्चिम कर्णाली क्षेत्रमा स्थापित विशाल खस साम्राज्यको अवसानपछि गण्डकी क्षेत्रमा चौबिसी र कर्णाली क्षेत्रमा बाइसी राज्यहरूको उदय भयो । यस्तै प्रकारले उपत्यकाका मल्ल राज्यको पनि विभाजन भएर तीनवटा राज्य बने- भक्तपुर, कान्तिपुर र ललितपुर । यसका साथै छोटो समयका लागि भए पनि बनेपा र दोलखा जस्ता स्वतन्त्र राज्य पनि देखा परे ।[1] नेपाल धेरै साना-साना राज्यमा विभाजित भई अनेकौँ राजवंश स्थापना हुनुको परिणामस्वरूप एक आपसमा कटुता, वैमनस्य, खिचातानी बढ्दै गयो । यसर्थ राज्यहरू त्यति शक्तिशाली हुन सकेनन् । सबैजसो राज्यमा शासनसत्ता राजाहरूकै हातमा केन्द्रित भएको हुँदा उनीहरूकै इच्छा अनुसार शासन सञ्चालन हुन्थ्यो । जनताको भूमिका राजालाई शासन सञ्चालन गर्न सहयोग गर्नुमा नै सीमित थियो ।

यही ऐतिहासिक कालक्रम मनन गर्दा किराँत काल र त्यस पूर्वको ऐतिहासिक जानकारी तथा अन्य विवरण प्राप्त नभएकोले यो कालको इतिहासका बारेमा त्यति धेरै भन्न सक्ने अवस्था रहेन । त्यसपछिको लिच्छवि शासन व्यवस्थादेखि यताको समयको इतिहासको बारेमा यथेष्ट ऐतिहासिक सामग्री उपलब्ध भएको हुँदा तिनकै आधारमा ती ऐतिहासिक काल खण्डको इतिहास, शासन प्रणाली, सामाजिक तथा आर्थिक अवस्था, शासनमा जनताको भूमिका आदि विविध विषयमा जानकारी प्राप्त भएकोले इतिहासको व्याख्या गर्ने ऐतिहासिक आधार प्राप्त भएको छ ।

त्यसबेलाको शासन प्रणाली राजतन्त्रात्मक थियो र वंशानुगत रूपमा राज्य सञ्चालन हुन्थ्यो । शासन व्यवस्थाको स्वरूप केन्द्रिकृत थियो । कुनै कुनै राजा उदार प्रकृतिका भए पनि र पाञ्चालिक, प्रजापञ्च वा पञ्चप्रमाणका रूपमा रहेका जनप्रतिनिधिको भूमिका एवं

---

[1] पुष्पराज चालिसे, *नेपालको पुरानो इतिहास र सभ्यता,* काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४८, पृ. १२० । धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* दोलखा : जिल्ला विकास समिति, २०५९, पृ. १९-३९ ।

राय सल्लाहलाई महत्व दिइए तापनि मूलतः त्यस बखतको राजतन्त्र निरङ्कुश स्वभावकै थिए । त्यो बेलाका नागरिकको अधिकार, प्रतिनिधि छनोटका प्रक्रिया आदि बारे सीमित जानकारी मात्र प्राप्त छ । तैपनि तिनकै आधारमा तत् तत् समयमा जनताको कस्तो भूमिका थियो भन्ने बारे भन्न सकिन्छ । सबै ऐतिहासिक कालहरूमा शासनमा जनताको प्रतिनिधित्वको व्यवस्था कुनै न कुनै रूपमा गरिएको थियो । निश्चित रूपले त्यस प्रकारका व्यवस्था परम्परागत तवरकै थिए । प्राचीन र मध्य कालीन समयका जनप्रतिनिधिको कुरा गर्दा आधुनिक कालको जस्तो जनताले चुनेर पठाउने भन्ने खालका व्यवस्थाको परिकल्पना गर्नु सान्दर्भिक हुँदैन । विभिन्न पद धारण गर्नेहरूले नै जनताको प्रतिनिधित्व गर्ने गरेको उदाहरणहरू पाइएका छन् । उदाहरणको लागि टोल नाइके वा प्रजापञ्च आदिलाई लिन सकिन्छ ।

## १.१ किराँत काल

यस कालका बारेमा लिखित स्रोत अप्राप्य भए तापनि लिच्छविहरूको उदय हुनुपूर्व किराँतहरूले शासन गरेको विषयलाई इतिहासकारहरूले सत्य मानेका छन् ।[२] किराँत कालभन्दा अगाडिका भनी उल्लेख गरिएका राजवंशलाई भने काल्पनिक मानिएको छ । ती राजवंशका बारेमा प्रामाणिक ऐतिहासिक सामग्री अप्राप्य हुँदा तिनको निराकरण गर्ने कुनै पनि आधार छैन । यसर्थ तिनलाई पौराणिक काल भनी मानिएको छ ।[३] केही वंशावलीहरूमा साधारण रूपमा नाम उल्लेख हुनु बाहेक अरू विवरण भने अप्राप्य नै छन् । तर किराँत कालका बारेमा भने वंशावलीहरूमा अनेक जानकारी पाइन्छ ।[४] यस्ता विवरणहरूमा मुख्यतया शासकहरूका नामावली मुख्य छन् । यसैगरी लिच्छवि अभिलेखहरूमा किराँती विशेषता झल्काउने अनेकौं शब्दहरू परेकाले सो कालको ऐतिहासिकतालाई व्याख्या गर्न सजिलो भएको छ । हुन त वंशावलीहरूमा उल्लिखित जानकारी त्यति भरपर्दा छैनन्, तर किराँत कालको ऐतिहासिकता पुष्टि गर्ने बलियो आधार लिच्छवि अभिलेखहरूमा पाइएका छन् । यस बाहेक किराँतहरूका विषयमा साहित्यिक स्रोतहरूमा अलि बढी नै चर्चा गरिएको पाइन्छ । गोपालराज वंशावलीमा प्रारम्भका राजाहरूको नामावली उल्लेख भएको छ, तर ती सबै काल्पनिक हुन् भनी मानिएको छ जसलाई पुष्टि गर्ने अन्य ऐतिहासिक आधार छैन ।[५]

---

[२] बाबुराम आचार्य, *प्राचीन कालको नेपाल,* काठमाडौं : श्रीकृष्ण आचार्य, २०६३, पृ.४९-५० ।

[३] रामनिवास पाण्डेय र दिनेशचन्द्र रेग्मी, *नेपालको पौराणिक इतिहास,* काठमाडौं : ने.ए.ए.के., २०५४, पृ. ७१-१३९ ।

[४] डेनियल राइट, *हिस्ट्री अफ नेपाल फ्रम पर्वतिया बाई मुन्सी शिवशंकर सिंह एण्ड पण्डित श्री गुणानन्द,* ई.१८७७, पुनर्मुद्रित नया दिल्ली : लो प्राइस इडिसन, १९९५, पृ. ७३-१०९ ।

[५] माइकल विजेल, अन इन्डियन हिस्टोरिकल राइटिङ् : दि रोल अफ दि वंशावलीज, *जर्नल अफ जापानिज एसोसिएसन अफ साउथ एशियन स्टडिज,* अङ्क २, १९९०, पृ. ५१ ।

किराँत कालको आरम्भदेखि नै काठमाडौँ उपत्यकामा साना व्यवस्थित खालका बस्ती बस्न थालेको आभास हुन्छ । किराँत सभ्यता मुख्य रूपमा ग्रामीण सभ्यता थियो । तर पछि नगरसभ्यता विकसित हुँदै गयो । यस कालको प्रमुख विशेषता सामाजिक सद्भाव र सभ्यताप्रतिको मोह नै थियो भन्ने इतिहासकारहरूको मत छ ।[६] बाह्य विपत्ती, आपसी झैँझगडा तथा अन्य विभिन्न समस्याबाट सुरक्षित रहन आपसमा संगठित भएर रहने अवस्था आयो । यसरी बस्दा आफू मध्येबाटै योग्य र शारीरिक रूपमा पनि सक्षम, हतियार चलाउन निपुण सचेत व्यक्तिलाई आफ्नो नेताको रूपमा चयन गर्ने चलन सुरु भएको अनुमान गरिएको छ । यसरी नेता चयन गर्दा निश्चित समयको लागि गर्ने र तत्पश्चात् अर्को सक्षम ब्यक्तिलाई चयन गरिन्थ्यो भन्ने अनुमान गरिएको छ । यही प्रचलन पछि गएर किराँत कालमा नै राजतन्त्रको रूपमा विकसित भएको मानिएको छ ।[७] ई. पू. आठौँ शताब्दीदेखि ई. पू. दोस्रो शताब्दीको समय किराँत काल भनिएको छ । तत्कालीन समयमा लिच्छवि, शाक्य, मल्ल, विदेह आदि राज्यहरूमा लोकतान्त्रिक ढाँचाको शासन व्यवस्था भएको हुँदा उपत्यकाको किराँत राज्यमा पनि लोकतान्त्रिक शासन व्यवस्था हुनुमा अत्यधिक बल पुग्दछ । आर्य समुदायमा विद्यमान वर्गीय र जातीय विभेद किराँतीहरूमा थिएन भनी अनुमान गरिएको छ । छिमेकमा राजतन्त्रात्मक व्यवस्था हुनुको कारण किराँतीहरूमा पनि त्यसको प्रभाव परेको हुन सक्दछ । यद्यपि यसले किराँतीहरूको सामाजिक संरचनामा प्रभाव नपरेको अनुमान गरिएको छ । किराँती राजाहरूका बारेमा गोपालराज वंशावली तथा राइटको वंशावलीमा पनि उल्लेख गरिएको छ ।[८] किराँत कालको अन्तिम समयसम्ममा आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा विकास भएको कुरा लिच्छवि कालका अभिलेखहरूमा प्रयुक्त स्थान नाम विशेष शब्दावली, कार्यालयका नाम, करसित सम्बन्धित आर्येत्तर भाषाका शब्दावलीको प्रयोगले प्रमाणित गरेका छन् ।[९] लिच्छवि काल पूर्व चलेका कतिपय व्यवस्थाहरू लिच्छवि कालमा पनि यथावत् रूपमा चलेको पाइन्छ । लिच्छवि अभिलेखहरूमा प्रयुक्त अनेकौँ शब्दहरू किराँती भाषाका भएका र त्यस्ता शब्दले जनाउने कार्यालय, प्रशासन, कर प्रणाली आदिबाट प्रशासनको विकास र अवस्थालाई बुझ्न

---

६ बाबुराम आचार्य, *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौँ : श्रीकृष्ण आचार्य, २०५४, पृ. २२-२३ ।

७ बाबुराम आचार्य, *प्राचीन कालको नेपाल, पूर्ववत्,* पृ. ६१ ।

८ धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल, *गोपालराज वंशावली,* काठमाडौँ : नेपाल रिसर्च सेन्टर, १९८५ डेनियलराइट, *पूर्ववत्,* पृ. ७३-७४ ।

९ उदाहरणको लागि धनवज्र वज्राचार्य, *लिच्छवि कालका अभिलेख,* काठमाडौँ : ने.ए.ए.के., २०३०, पृ. १८७-१८८ । हरेराम जोशी, *नेपालको प्राचीन अभिलेख,* काठमाडौँ : ने.रा.प्र.प्र, २०३०, अभिलेख सङ्ख्या १ देखि १७५.

सकिन्छ ।[१०] तर किराँत काल माथि प्रकाश पार्ने अरू सामग्रीको अभावले गर्दा यसका बारेमा विस्तृत व्याख्या गर्न सक्ने स्थिति छैन ।

## १.२ लिच्छवि काल

किराँतपछि नेपालमा लिच्छविहरूको शासन सुरु भयो । यो काल प्रथमदेखि आठौं शताब्दीसम्मलाई मानिन्छ । मगधका राजा अजातशत्रुले वैशालीमाथि आक्रमण गरेकाले लिच्छविहरू त्यहाँबाट भागेर नेपाल आए ।[११] परिणाम स्वरूप यहाँ लिच्छवि शासनको सुरुआत भयो भन्ने भनाइ छ । लिच्छवि कालको  बारेमा विस्तृत प्रकाश पार्ने प्रमुख सामग्रीहरूमा वंशावली तथा अभिलेखहरू नै महत्वपूर्ण स्रोतहरू हुन् ।[१२] यस कालमा विशेष गरी देव वा लिच्छवि, गुप्त र बर्मा वंशीय राजाहरू भए ।[१३]

नेपालमा लिच्छविहरूको शासन स्थापना भएपछि सामाजिक व्यवस्थामा आमूल परिवर्तन आयो । लिच्छविहरूले हिन्दू धर्म र दर्शनलाई अँगालेर सोही  बमोजिम सामाजिक व्यवस्था कायम गराए । अब समाज हिन्दु संरचनाका आधारमा संगठित हुन थाल्यो । यसले सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्यो । लिच्छवि राजाहरूले लिएको समानता र उदार नीतिको फलस्वरूप विविध जातजातिले फस्टाउने मौका पाए । सामाजिक, धार्मिक, सांस्कृतिक, बौद्धिक एवं ज्ञान विज्ञानका क्षेत्रमा अभूतपूर्व उन्नति भयो । फलस्वरूप नेपालको इतिहासमा लिच्छवि काल स्वर्णयुगको रूपमा मानिएको छ । तत्कालीन राजाहरूले जनहितलाई अत्यधिक महत्व दिएका थिए । लिच्छवि कालमा विकसित सामाजिक तथा राजनीतिक पृष्ठभूमिमा मल्लकालीन संस्कृतिको निर्माण भएको हो ।

लिच्छविकालीन शासन व्यवस्थाका अनेकौं विशेषताहरू थिए । लोक कल्याणकारी शासन व्यवस्था तथा राजाहरूले लिएको उदार नीति त्यो समयको महत्वपूर्ण विशेषता थियो । त्यस्तै प्रकारले लिच्छवि कालको जनजीवन संगठित थियो । उन्नत आर्थिक अवस्था थियो । यसका साथै विद्याको स्तर पनि उँचो हुनुको साथसाथै कला कौशलको क्षेत्रमा पनि त्यत्तिकै विकास भएको थियो । यसर्थ नेपालको इतिहासमा लिच्छविकालीन शासन व्यवस्था ज्यादै नै महत्वपूर्ण ऐतिहासिक कालको रूपमा रहेको छ । यस समयमा केही महत्वपूर्ण र प्रख्यात राजाहरू भए । तिनीहरूमा जयदेव प्रथम, हरिदत्त, वृषदेव, धर्मदेव, मानदेव प्रथम, अंशुबर्मा, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदि । गोपालराज वंशावलीमा यिनीहरूका

---

१० जानकारीको लागि  : धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *पाञ्चाली शासन पद्धतिको रूपरेखा,* काठमाडौं : ने.ए.ए.के., २०३५, पृ. २०-५९.

११ ऋषिकेश शाह, एनसियन्ट एण्ड मेडिएभल नेपाल, *कैलाश,* अङ्क १५, सङ्ख्या १-२, १९८९, पृ. १ ।

१२ धनवज्र वज्राचार्यको लिच्छवि कालका अभिलेख, हरेराम जोशीको नेपालको प्राचीन अभिलेख, भाषा वंशावली, गोपालराज वंशावली आदि लिच्छवि कालका  बारेमा जानकारी दिने स्रोतहरू हुन् ।

१३ जगदीशचन्द्र रेग्मी, *लिच्छवि इतिहास,* काठमाडौं : ने.ए.ए.के., २०५३, पृ. २१-१९९ ।

बारेमा चर्चा गरिएको छ ।[१४] लिच्छवि राजाहरू शान्तिप्रिय, धर्मानुरागी, नियममा रहने, विद्या निपुण आदि गुण भएका थिए । अधिकांश लिच्छवि राजाहरूले कुशलतापूर्वक शासन सञ्चालन गरे । कतिपय अभिलेखहरूमा राजाहरूका गुणको पनि चर्चा गरिएको छ । पशुपतिको जयदेव द्वितीयको अभिलेखमा राजा वृषदेवका बारेमा लेखिए अनुसार :[१५]

> "जितबाजी गर्ने जयदेव राजादेखि बिचमा बाह्र जना राजालाई छोडेर बौद्ध धर्ममा झुकेका श्री भनी प्रख्यात भएका असल राजा हुनुभयो ।"

राजा मानदेवका बारेमा केलटोलको अभिलेखमा उल्लेख गरिएको पाइन्छ ।[१६]

> "... शास्त्रमा कहे अनुसार ... निग्रहमा लागेका, चोखो मन भएका राजा मानदेव दुनियाँलाई बाबुले जस्तै माया गर्नु हुन्छ ।"

यी दुई उदाहरणबाट तत्कालीन राजाहरूको जनतालाई हेर्ने दृष्टिकोण प्रस्ट हुन्छ । मानदेव प्रथमको समय लिच्छवि इतिहासमा महत्वपूर्ण मानिन्छ । यिनको समयमा शासन व्यवस्था स्थिर रह्यो ।[१७] तर त्यसपछि भने विस्तारै शासन व्यवस्थामा अस्थिरता आउन थाल्यो र भारदारहरू शक्तिशाली हुँदै जान थाले ।

लिच्छवि शासन व्यवस्था अन्तर्गत भएको स्थानीय प्रशासनको विकास निकै महत्वपूर्ण छ । त्यसबेला पाञ्चाली तथा गोष्ठीका माध्यमबाट जनताहरू संगठित थिए । राजनीतिक उद्देश्य परिपूर्तिको लागि पनि शासकहरूले स्थानीय तहमा अधिकार सुम्पदै जाने नीति लिए ।[१८] अंशुबर्माले यसतर्फ केही सुधार गरे । यिनले स्थानीय शासनाधिकार जनतालाई प्रदान गरी स्वायत्त शासनलाई प्रोत्साहन दिए । जनतालाई उनीहरूको क्षमता अनुसार नै अधिकार दिइएको थियो । यसबाट जनतामाझ अंशुबर्माको प्रसिद्धि बढेको थियो ।

राजा नरेन्द्रदेवले पनि जनहितका कार्यलाई प्राथमिकता दिएका थिए ।[१९] उनले पनि स्थानीय शासनका अधिकार स्थानीय तहमा दिँदै गए । यिनले पाञ्चाली पद्धतिलाई बढावा दिए किनभने यो नै जनसमस्या निदान गर्ने मुख्य केन्द्र हो भनी महसुस गरेका थिए । पाञ्चालीलाई यिनले हस्तक्षेप गरेनन् बरु यसले गर्न नसकेका काम मात्र आफू गर्दथे ।[२०] यिनले बौद्ध संघलाई पनि अनेकौं प्रशासनिक र न्यायिक अधिकारहरू प्रदान गरे । त्यसै गरी पाशुपत सम्प्रदायको मण्डलीलाई अधिकार दिँदै यसको क्षेत्रभित्र कुनै पनि अधिकरणले पस्न

---

[१४] धनवज्र वज्राचार्य, *गोपालराज वंशावलीको ऐतिहासिक विवेचना,* काठमाडौं : ने.ए.ए.के., २०६४, पृ. २२-४६ ।

[१५] धनवज्र वज्राचार्य,*लिच्छवि कालका अभिलेख, पूर्ववत्,* पृ.५४९ । हरेराम जोशी, *पूर्ववत्,* पृ. ५७८ ।

[१६] हरेराम जोशी, *पूर्ववत्,* पृ. २७-२८ । धनवज्र वज्राचार्य, *लिच्छवि कालकाअभिलेख, पूर्ववत्,* पृ.७१-७३।

[१७] जगदीशचन्द्र रेग्मी, *लिच्छवि इतिहास, पूर्ववत्,* पृ. ३२-४८ ।

[१८] वज्राचार्य र श्रेष्ठ, *पाञ्चाली शासन पद्दतीको रूपरेखा, पूर्ववत्,* पृ. १२ ।

[१९] धनवज्र वज्राचार्य, *लिच्छवि कालका अभिलेख, पूर्ववत्,* पृ. ४६१ ।

[२०] हित नारायण झा, *दि लिच्छविज अफ वैशाली,* वाराणसी : चौखम्बा संस्कृत सिरिज, १९७०, पृ. ४६१-४६२ ।

नपाउने भन्ने व्यवस्था बाँधिदिए । यसरी आवश्यक कार्य मण्डलीले नै गर्न पाउने व्यवस्था मिलाई दिए । यिनको उदार नीतिको कारण जनतासँग यिनको ज्यादै सुमधुर सम्बन्ध बनेको थियो । जनतालाई सुखी राख्नु र उनीहरूको आर्थिक बोझ कम गर्नु यिनको उद्देश्य थियो । यसका साथै यिनले जनहितका अन्य धेरै कार्य पनि गरे ।

वास्तवमा राजा र प्रजा बिच आदर्श सम्बन्धको खाका लिच्छवि कालमा नै बनेको थियो, जुन व्यवहारमा समेत लागू भयो ।[२१] लिच्छवि कालमा शासनमा जनताको सहभागिता बारे चर्चा गर्दा पाञ्चाली र गोष्ठीको चर्चा गर्नु अपरिहार्य छ । यसबाट राजाहरूले यस बारेमा लिएको नीति र जनताको शासनमा सहभागिताको स्वरूप बारे जानकारी प्राप्त गर्न सकिन्छ । वास्तवमा कतिपय लिच्छवि राजाहरू उदार प्रवृत्तिका भएका कारणले गर्दा नै जनताले स्थानीय शासनाधिकार प्राप्त गरेका हुन् । यसैकारण नेपालको इतिहासका अरू कालखण्डभन्दा लिच्छविकालीन शासन व्यवस्था पृथक् देखा परेको हो ।

स्थानीय शासन सञ्चालन गर्न एवं धार्मिक शिक्षा, स्वास्थ्य आदि काम गर्नकै लागि पाञ्चाली र गोष्ठीको व्यवस्था गरिएको थियो । पाञ्चाली पनि उच्च स्तर र ग्राम स्तर गरी दुई प्रकारका थिए । त्यस्तै गोष्ठी पनि पारिवारिक र गुठियारले सञ्चालन गर्ने गोष्ठीमा विभक्त थियो । यस्ता गोष्ठीबाट तोकिएको निश्चित कार्य सम्पन्न हुन्थ्यो ।

लिच्छवि कालमा ग्राम पाञ्चालीको माध्यमबाट जनताले शासनमा सहभागी हुने अवसर पाएका थिए । यो लोक कल्याणकारी शासनको द्योतक थियो । यस्तै प्रकारको प्रणालीका रूपमा मल्ल कालमा प्रजापञ्च र पञ्चसमुच्चयको अवधारणाको विकास भएको थियो । लिच्छवि काल जनकल्याणकारी शासनको युग थियो । यसका लागि अनेकौं अधिकरणका अधिकार पनि कटौती भएको थियो ।[२२] लिच्छवि कालमा स्थापित पाञ्चाली व्यवस्थाले स्थानीय प्रशासनमा जनताको सहभागितालाई जोड दिएको थियो । पाञ्चाली शब्दले पञ्चहरूको सिमाना भन्ने अर्थलाई जनाउँदछ । यो व्यवस्था अन्तर्गत ग्राम प्रधानले गाउँको मुखियाको भूमिका निर्वाह गर्दथे र आन्तरिक मामिला सञ्चालनमा जिम्मेवार हुन्थे । स्थानीय द्वारेले जनता र माथिल्लो तह बिच सेतुको काम गर्दथे ।[२३]

नेपालका लिच्छविहरूले परम्परादेखि चलेको लिच्छवि गणतन्त्रात्मक परम्परा पूर्ण रूपमा परित्याग गरी मजबुत राजतन्त्र स्थापना गरे । साथै स्वायत्त शासनको अवधारणा पाञ्चालीको माध्यमबाट अगाडि बढाए । ग्राम स्तरको पाञ्चाली स्थानीय प्रशासन सञ्चालन तथा राजकर सङ्कलनमा जिम्मेवार हुन्थे ।[२४] लिच्छवि प्रशासनिक संगठन

---

[२१] लिच्छवि कालका अनेकौं शिलालेखहरूले यो कुरालाई पुष्टि गरेका छन् ।

[२२] जगदीशचन्द्र रेग्मी, *लिच्छवि संस्कृति,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०२६, पृ. ४१५ ।

[२३] जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०३६, पृ. ४२ ।

[२४] ऋषिकेश शाह, *पूर्ववत्,* पृ. १-२ ।

अन्तर्गत पुर, तल, द्रंग, जनपद, कोट्ट, लिंग्वल, अधिकरण, करण आदि व्यवस्थित तहगत संरचनाहरू पनि थिए ।

प्रत्येक गाउँमा ग्राम पाञ्चालीको स्थापना गरिएको थियो । पाञ्चालीका पाञ्चालिकहरूले नै ग्राम प्रधानको छनोट गर्दथे । तिनीहरूको स्थान सम्मान पूर्ण थियो । पाञ्चालीको सम्बन्ध सोझै राजासित हुन्थ्यो । राष्ट्रिय समस्या आइपरेमा समाधानको लागि आवश्यक निर्णय लिन पाञ्चालीको सभा बस्दथ्यो । यसरी भेला हुँदा त्यस क्षेत्रका घरमूलीहरू भेला भई विमर्श गर्दथे । अर्को प्रकारको पाञ्चाली सभा स्थायी प्रकारको थियो जसमा स्थायी रूपमा तोकिएका सदस्यहरू हुन्थे । छानिएका पाञ्चालिकहरूको जिम्मेवारी तोकिएको प्रशासनिक काम गर्ने, आइपरेको राष्ट्रिय सङ्कट समाधान गर्न आवश्यक निर्णय लिने र तोकिएका कर सङ्कलन गर्नु थियो ।[२५] पाञ्चालीले प्राप्त गरेको अधिकार अधिकरणहरूको अधिकार झिकेर दिइएको हुनाले ती अधिकरणहरूलाई ती क्षेत्रमा प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो । यसरी पाञ्चालीहरू अधिकारले सम्पन्न थिए । पाञ्चालीको व्यवस्थाको कारण नै लिच्छवि कालमा जनताहरू जागरुक भएका हुन् । तर यस प्रकारको व्यवस्थाले कालान्तरमा केन्द्र शासन कमजोर हुँदै जान थाल्यो । यसैको परिणाम स्वरूप स-साना राज्यको उदय हुनमा सघाउ पुग्यो ।

लिच्छवि कालमा जनसहभागिताको अर्को उदाहरण गोष्ठी प्रथा थियो । विशेष रूपमा शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा कार्य गर्न जनसहभागिता र आपसी सहमतिमा विभिन्न गोष्ठीहरू स्थापना भए ।[२६] गोष्ठीहरू परिवारले वा गुठियारहरूले सञ्चालन गर्दथे । कामको प्रकृति अनुसार विभिन्न प्रकारका गोष्ठीहरू हुन्थे । त्यस्ता गोष्ठीहरूमा प्रमुख कर गोष्ठी, प्रदीप गोष्ठी, पानिय वा प्रणाली गोष्ठी, मल्लयुद्ध गोष्ठी, ब्राह्मण गोष्ठी, प्रवहण गोष्ठी, वादिव गोष्ठी, अर्चा गोष्ठी, ध्वज गोष्ठी, धुप गोष्ठी, इन्द्र गोष्ठी, अरोग्यशाला गोष्ठी, वैतिरियाशाला गोष्ठी आदि थिए ।[२७] यी गोष्ठीहरूमा स्थानीय समुदायको गुठियारका हैसियतले सक्रिय सहभागिता हुन्थ्यो । पछि गएर गोष्ठीहरू गुठीका नामले जान्न थालियो । यसरी लिच्छवि कालमा स्थानीय स्तरमा जनसहभागिताले गर्दा तत्कालीन स्थानीय प्रशासन मजबुत बनेको थियो ।

जहाँसम्म लिच्छवि कालको अन्त्य र तिनलाई सत्ताच्युत कुन राजवंशले गऱ्यो भन्ने प्रश्न छ, यसलाई स्पष्ट भन्न सक्ने स्थिति छैन । गोपालराज वंशावलीमा यसभन्दा पूर्वका राजवंशलाई च्युत गर्ने राजवंशका  बारेमा चर्चा गरिएको छ । तर लिच्छविहरूलाई कुन

---

[२५] चालिसे, *पूर्ववत्,* पृ. १२० ।

[२६] धनवज्र वज्राचार्य, *लिच्छवि कालका अभिलेख, पूर्ववत्,* पृ. १५७ , भद्ररत्न वज्राचार्य, *धनवज्र वज्राचार्यको ऐतिहासिक लेख सङ्ग्रह,* ललितपुर : ललित रिसर्च सेन्टर, २०५६, पृ. ८०-८९ ।

[२७] यी गोष्ठीहरू कर, बत्ती, पानी, पहलवानी, ब्राह्मण वर्गीय, यातायात, बाजा, मूर्ति निर्माण, ध्वजा बन्दोवस्त, धुप बन्दोवस्त, इन्द्रदेव पूजा, औषधालय सञ्चालन, वेद वेदाङ्गको अध्ययन आदि कार्यसँग सम्बन्धित थिए ।

वंशले अपदस्थ गऱ्यो भन्ने  बारेमा गोपालराज वंशावली मौन छ । यसर्थ पनि लिच्छवि वंशका अन्तिम राजा भनी मानिएका जयदेव द्वितीयपछिका देव नामधारी राजाहरू लिच्छवि वंशकै हुन् कि भन्ने सम्भावना पनि त्यतिकै प्रबल छ । लिच्छवि कालको अन्त्यपछि आएका ती देव वंशी राजाहरू पनि लिच्छविकै वंशज हुन् भन्ने भनाइ इतिकासकार धनवज्र वज्राचार्यको छ । जे होस् लिच्छवि सत्ताको अवसान आठौँ शताब्दीमा भयो । तत्पश्चात् नेपालमा मध्य कालको सुरुआत भयो भनी ऐतिहासिक काल विभाजन गरिएको छ ।

### १.३ मध्य काल

नेपालको इतिहासमा मध्य काललाई पूर्व मध्य काल र उत्तर मध्य काल गरी दुई भागमा विभाजन गरिएको छ । पूर्व मध्य कालको समय आठौँ शताब्दीदेखि पन्ध्रौँ शताब्दी र त्यसपछि अठारौँ शताब्दीसम्मको समयलाई उत्तर मध्य काल मानिएको छ । यो समयमा कान्तिपुर उपत्यकामा तीनवटा मल्ल राज्यहरू कायम भए । त्यसै गरी पश्चिम कर्णाली क्षेत्रमा बाइसी र गण्डकी क्षेत्रमा चौबिसी राज्यहरू एवं पूर्वमा दुई र दक्षिणमा एक सेन राज्यमा नेपाल विभाजित थियो । यसरी मध्य कालमा नेपालमा पचासभन्दा बढी राज्यहरू अस्तित्वमा रहेका थिए । ती राज्यहरूमा राजतन्त्रात्मक व्यवस्था भए तापनि भौगोलिक अवस्थिति, जातीय विविधता, आर्थिक अवस्था, सांस्कृतिक इतिहास आदिको कारणले गर्दा विविध प्रकारका प्रशासनिक र अन्य विधि विधानहरू अङ्गीकार गरिएको पाइन्छ ।

मध्यकालीन नेपालमा विभिन्न राजवंशका अनेकौँ राजाले शासन गरे ।[२८] समष्टिगत रूपमा मध्य काल राजनीतिक रूपमा शक्तिको होडबाजी र खिचातानीले भरिएको भए तापनि धार्मिक व्यवहार, कला कौशल, ज्ञान विज्ञान, विद्वता आदि क्षेत्रमा उल्लेखनीय प्रगति भएको थियो । साधारणतया राजाहरू उदार प्रवृत्तिका भएका कारणले गर्दा उपत्यकाका मल्ल राज्यहरूमा यस प्रकारको विकास सम्भव भएको हो । यसका साथै राजाहरूले स्थानीय स्तरमा जनप्रतिनिधिहरूलाई ठूलो महत्व दिए । यसरी राज्यका काम कारवाहीमा जनसहभागितालाई बढावा दिने व्यवस्था र प्रक्रियाको प्रादुर्भाव भयो ।

काठमाडौँ उपत्यकाको इतिहासलाई हेर्ने हो भने कतिपय राजाहरू उदार प्रकृतिका भएको पाइन्छ । यसले गर्दा बहुजातियता, बहुधर्म र बहुभाषाले प्रश्रय पायो । जातीय सङ्कीर्णता र

[२८] विस्तृत जानकारीको लागि हेर्नुहोस्  : राजाराम सुवेदी, *कर्णाली प्रदेशको मध्यकालीन इतिहास,* ललितपुर  : साझा प्रकाशन, २०५४, पृ. ५७-४५९ । राजाराम सुवेदी, *बाइसी राज्यको ऐतिहासिक रूपरेखा,* काठमाडौँ : ने.ए.ए.के., २०५५, पृ. ३५-९५ । सूर्यविक्रम ज्ञवाली, *नेपाल उपत्यकाको मध्यकालीन इतिहास,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०१९ । सूर्यमणि अधिकारी, *जुम्ला राज्यको इतिहास,* काठमाडौँ : ने.ए.ए.के., २०५५, पृ. १३-६० । सूर्यमणि अधिकारी, *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* काठमाडौँ : ने.ए.ए.के., २०४३, पृ १-१८६ । फ्रान्सिस हेमिल्टन, *एन अकाउन्ट अफ द किंगडम अफ नेपाल,* १८१९ ई, पुनर्मुद्रित : नयाँ दिल्ली  : एशियन एजुकेसनल सर्भिसेज, १९९०, पृ. १८७-२३७ लुसियानो पेटेक, *मेडिएभल हिस्ट्री अफ नेपाल,* रोम : आइ.एस.आई.ए.ओ., १९८५।

धार्मिक कट्टरताले उठ्ने मौका पाएन । फलतः खस, नेवारी, अवधि, मैथिली र बंगाली भाषाले फुल्ने मौका पाए । त्यसै गरी धार्मिक क्षेत्रमा हिन्दु, बौद्ध, इसाई तथा ईस्लाम धर्मले समान स्थान पाए । तर यसको विपरीत राजनीतिक परिदृश्यमा भने षडयन्त्र, होडबाजी, युद्ध जस्ता अवस्था विद्यमान रहे ।

पूर्व मध्य कालको करिब एकसय पचास वर्षको अवधिको ऐतिहासिक जानकारी प्राप्त हुन सकेको छैन । ई.सं. १३८० मा जयस्थिति मल्ल राजा भए । यिनी मल्ल वंशका एक महत्वपूर्ण राजा हुन् ।[२९] समय समयमा देखिएको राजनीतिक परिवर्तनले शासनाधिकारमा पनि अनेकौं परिवर्तन भयो । एघारौं शताब्दीतिर एकभन्दा बढी गद्दीका हकदारहरू भएको अवस्थामा संयुक्त रूपमा राजा हुने चलन चल्यो । यसको परिणामले गर्दा सत्ता सङ्घर्ष झनै चर्किन थाल्यो । राजनीतिक अस्थिरता बढ्दै गयो । यसैक्रममा उपत्यकामा देव र मल्ल दुई राजवंशको अभ्युदय भयो । तिनीहरूमा पालैपालो राजा बन्ने प्रथा चल्यो । यिनका राजदरबार पनि भिन्न थिए । त्रिपुर दरबार र युथुनिमम दरबार ।[३०] यस्तै खिचातानीको फलस्वरूप डोयहरूलाई सहयोगको लागि बोलाइयो र तिनले दुई पटक आक्रमण गरे । त्यस्तै अर्को पक्षले कर्णाली प्रदेशका खस राजा रिपु मल्ललाई सैनिक हस्तक्षेपको लागि आमन्त्रण गरे ।[३१]

चौधौं शताब्दीसम्ममा विद्यमान राजनीतिक अस्थिरताकै परिणाम स्वरूप शासन व्यवस्थामा तिरहुते दरबारियाहरूको प्रभाव बढ्न थाल्यो । यस प्रकार भक्तपुरमा शरणागत कर्णाट वंशी राजा हरिसिंह देवकी रानी देवलदेवीले राजकाजमा दखल दिन सक्ने स्थिति बनाइन् । धेरै मेहनतपछि शासनमा यिनको कब्जा जम्यो । यिनकी नातिनी राजल्लदेवीसँग विवाह गराउनको लागि कर्णाट वंशी क्षत्रिय कुलका जयस्थिति मल्ललाई तिरहुतबाट भक्तपुर ल्याइयो । ई.सं. १३५४ मा यिनीहरू बिच विबाह सम्पन्न भयो । त्यसपछि जयस्थिति मल्ल एक शक्तिशाली शासकका रूपमा देखा परे । केन्द्रलाई मजबुत बनाउनका लागि यिनले देशको रक्षा व्यवस्थामा विशेष ध्यान दिए । एवं रितले उनले सेना संगठन र किल्लालाई मजबुत बनाए । यसको परिणाम स्वरूप देशमा शान्ति सुरक्षाको स्थिति मजबुत हुन गयो । यिनको उदयपछि मध्य कालको इतिहासमा नयाँ मोड आयो । अब उपत्यकामा राजनीतिक होडबाजीको अन्त्य भयो । यिनले सामन्तहरू तथा क्वाठ नायक आदिलाई पनि नियन्त्रणमा राखे । राजनीतिक परिस्थिति अनुकूल बनेकोले यिनले सामाजिक क्षेत्रमा समेत सुधार गर्ने अवसर पाए । तसर्थ यिनले सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक, शैक्षिक, धार्मिक आदि क्षेत्रमा सुधार गरे । यिनका सुधारहरूको नेपालको इतिहासमा ठूलो महत्व छ । यसले समाजलाई व्यवस्थित हुन पनि मद्दत गऱ्यो । गोपालराज वंशावलीमा यिनलाई न्यायप्रेमी,

---

[२९] ज्ञानमणि नेपाल, *नेपालको पूर्वमध्य कालको इतिहास,* काठमाडौं : ने.ए.ए.के., २०५४, पृ. १९०-१९७ ।

[३०] पुरुषोत्तमलोचन श्रेष्ठ, *त्रिपुर र युथुनिमम राजकुल,* भक्तपुर : भक्तपुर नगरपालिका, २०५६, पृ. १-७ र २१-२४ ।

[३१] सूर्यमणि अधिकारी, *पश्चिम नेपालको खस अधिराज्य,* काठमाडौं : ने.ए.ए.के., २०५३, पृ. ४५-५५ ।

राजकोष बढाउने, समान व्यवहार गर्ने, लोकहितकारी, दुःखहर्ता राजा भनी प्रशंसा गरिएको छ ।[३२] यिनले गरेका सुधारका कतिपय अंशहरू आजसम्म पनि प्रचलनमा रहेका छन् । यिनले जातका आधारमा पेशाको वर्गीकरण गरे । यसपछि नेवार समाज चौसट्ठी जातमा वर्गीकृत भयो । यिनले प्रशासनलाई जनमुखी बनाउने तर्फ पनि ध्यान दिए ।

जयस्थिति मल्लपछि उनका छोराहरू संयुक्त रूपमा राजा भए । त्यसपछि यक्ष मल्ल राजा भए । यिनी अर्का महत्वपूर्ण राजा थिए । यिनले शासन व्यवस्थालाई मजबुत बनाए एवं सुव्यवस्था कायम गराए । यिनले राज्य विस्तार गर्नुका साथै धार्मिक सुधार, किल्ला निर्माण, शिक्षाको व्यवस्था गरे र आर्थिक उन्नतितर्फ पनि कदम चाले । तर यिनका छोराहरूको महत्वाकाङ्क्षाको परिणाम स्वरूप उपत्यका तीनवटा राज्यमा टुक्रियो । तत्पश्चात् तिनीहरू बिच मनमुटाब र खिचातानी पनि बढ्दै गयो । गोरखालीहरूले उपत्यका जित्नु अघिसम्म यही स्थिति कायम रहेको थियो । राज्य विभाजनपछि अन्त्य नभएसम्म कान्तिपुरमा कुल पन्ध्र, ललितपुरमा अठार र भक्तपुरमा तेह्र जना राजाहरूले शासन गरे । तर त्यो समयमा शासन व्यवस्था अस्थिर नै रह्यो । त्यस्तो अवस्थाका बाबजुद कतिपय राजाहरूले अनेकौं सुधारहरू गरे । यही समय भक्तपुरमा रणजित मल्ल जस्ता जनप्रेमी राजा भए । तर राजनीतिक रूपमा यिनी नितान्त अदूरदर्शी थिए । अर्कोतिर कान्तिपुरमा भने जयप्रकाश मल्ल जस्ता अत्यन्त दूरदर्शी राजा शासनमा थिए ।

भक्तपुरका राजा रणजित मल्ल अत्यन्तै उदार र जनताको विचारको कदर गर्ने राजा थिए । ई.सं. १७६२ मा भक्तपुरको राजा भएको बेला उनले जनतामाथि अन्याय हुन नदिन थिति बन्देज पनि बाँधेका थिए ।[३३] देशमा अनुकूल परिस्थिति नभएको अवस्थामा रणजित मल्लले भक्तपुरका चौबिसै टोलका प्रतिनिधि डाकी राय लिने गरेका कतिपय उदाहरणहरू छन् । ती चौबिस टोलका नाइकेले नै जनप्रतिनिधिको रूपमा काम गर्दथे । यिनले आफ्ना उत्तराधिकारी छान्ने क्रममा भित्रिनी रानीबाट विरोध भई कचिङ्गल उठ्यो । यसलाई समाधान गर्न यिनले दरबारमा सबै वर्गका प्रतिनिधिको भेला डाकी राय लिएका थिए । जनताको राय बमोजिम रानीको विरोधका बावजुद विबाहिता रानीपट्टिका छोरालाई नै उत्तराधिकारी घोषित गरे ।[३४] त्यसै गरी गोरखाली आक्रमणबाट कान्तिपुर र ललितपुरका राजाहरू जयप्रकाश मल्ल र तेज नरसिंह मल्लले भक्तपुरमा शरण लिन जाँदा रणजीत

---

[३२] धनवज्र वज्राचार्य, *गोपालराज वंशावलीको ..., पूर्ववत्*, पृ.१३३ ।

[३३] रामजी तिवारी र अरू, सम्पा., *ऐतिहासिक पत्र सङ्ग्रह*, भाग २, काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, २०२२, पृ. ७२-७४ ।

[३४] डि.आर रेग्मी, *मेडिएभल नेपाल : ए हिस्ट्रि अफ थ्री किंगडम्स्*, भाग २, कलकत्ता : के.एल. मुखोपाध्याय, १९६६, पृ. २४९ ।

मल्लले टोलका सारा प्रजापञ्चहरूको भेला डाकी उनीहरूकै राय बमोजिम तिनीहरूलाई शरण दिएका थिए ।[३५]

मध्यकालीन समयमा राजा र प्रजा बिच आत्मीय सम्बन्धको आदर्श विद्यमान थियो । शासन चलाउँदा प्रजाको हितलाई ध्यानमा राखिन्थ्यो । जनमतको कदर हुन्थ्यो । स्थानीय स्तरमा गुठी नाइके, पञ्च समुच्चय आदिको निकै महत्वपूर्ण स्थान थियो ।

लिच्छवि कालमा पाञ्चाली अन्तर्गत जनताहरू संगठित थिए । शासन व्यवस्थामा पाञ्चालीको महत्वपूर्ण भूमिका रहेको थियो । यस्तै प्रकारको प्रणाली मध्य कालमा पनि विकसित हुँदै गयो । शहरी क्षेत्रमा टोल टोलमा पञ्चायतको व्यवस्था गरियो । पहाडी इलाकामा ग्राम क्षेत्र बनाइयो । त्यहाँ पनि पञ्चायतको व्यवस्था भयो । यसैको माध्यमबाट समस्या निराकरण गर्ने र माथिल्लो तहसँग सम्बन्ध राख्ने गरिन्थ्यो । यो व्यवस्था मध्य कालको महत्वपूर्ण प्रशासनिक व्यवस्था थियो । साना क्षेत्रमा प्रजापञ्चले नै सुरक्षा दिने र सेनाले गर्ने कार्य समेत गर्दथे । प्रजापञ्चको स्थानीय तहमा मात्र नभै राजकाजमा समेत प्रभाव परेको थियो ।[३६] महत्वपूर्ण निर्णयमा प्रजापञ्चको पनि भूमिका रहन्थ्यो । यिनीहरू तत्कालीन समयका जनप्रतिनिधि थिए । मध्य कालमा यस्ता पञ्चायतलाई पञ्चसमुच्चय भनिएको पाइन्छ । यी केन्द्रीय र स्थानीय गरी दुई तहका हुन्थे । स्थानीय स्तरमा टोल र गाउँ तह गरी दुई एकाइ थिए । केन्द्रीय स्तरको पञ्चायतलाई देश पञ्चसमुच्चय भनिन्थ्यो । यसको सभालाई पञ्च कचहरी भनिन्थ्यो । पञ्च समुच्चयबाट पाँचजना प्रतिनिधि छानेर पञ्चकचहरीमा पठाइन्थ्यो ।[३७] यसरी छानिएर गएका प्रतिनिधिलाई पञ्चप्रमान भनिन्थ्यो । राजाले पञ्चप्रमान मध्य एकजनालाई प्रमुख प्रमानको जिम्मेवारी दिन्थे । प्रमुख पञ्चप्रमानलाई वृत्ति स्वरूप जग्गा दिने गरिन्थ्यो । सुरुमा जनप्रतिनिधिको रूपमा छानिने प्रथा भए तापनि कालान्तरमा पञ्चप्रमान वंशानुगत भएका उदाहरणहरू पनि छन् । पञ्चप्रमानले शान्ति सुरक्षा, सुक्रिबिक्री, साक्षी बस्ने, नियम तर्जुमा गरी लागू समेत गर्ने, दण्ड सजाय गर्ने, रोजगारीको व्यवस्था गर्ने, चाड पर्व सञ्चालन गर्ने, सार्वजनिक स्थलको संरक्षण गर्ने आदि काम गर्दथे । भक्तपुरमा जनप्रतिनिधिका रूपमा टोल नाइकेहरूले कार्य गर्दथे । यिनले पञ्चप्रमान र जनतालाई सामाजिक, धार्मिक तथा देश रक्षाको कार्यमा समेत जागरुक गराउँदथे ।

देश पञ्चसमुच्चयको सभा सङ्कटको अवस्था आएमा वा विशेष निर्णय लिनुपर्ने अवस्था आएमा डाकिन्थ्यो । यसको निर्णय सर्वमान्य हुन्थ्यो । यसैको आधारमा राजाले अन्तिम निर्णय दिन्थे । यसले राजालाई लोकप्रिय बनाउनुको साथै आवश्यकता परेको बेला

---

[३५] चालिसे, *पूर्ववत्*, पृ. ४०९ र ४३२।

[३६] वज्राचार्य र श्रेष्ठ, *पाञ्चाली शासन पद्धतिको ...*, *पूर्ववत्*, पृ. १३२-१३३ ।

[३७] वज्राचार्य र श्रेष्ठ, *दोलखाको ऐतिहासिक सामग्री*, *पूर्ववत्*, पृ. १३२ ।

जनसहयोग प्राप्त गर्न पनि सजिलो बनाएको थियो । यसको अलावा जनप्रतिनिधिहरूले शासनमा प्रत्यक्ष भाग लिने मौका  समेत पाए । लडाइँका बेला सेनाको साथमा जनताले पनि भाग लिन्थे । विजयी भएको अवस्थामा राजाले सेनाको रूपमा काम गर्ने जनतालाई पुरस्कृत गर्ने चलन पनि थियो । यस प्रकार मध्य कालमा उपत्यकाको राजनीतिक अवस्था अस्थिरताले भरिएको भए तापनि स्थानीय तहमा जनता वा जनप्रतिनिधिको भूमिका र संलग्नता महत्वपूर्ण थियो । मध्य कालमा आएर स्थानीय स्तरमा जनताको भूमिका व्यापक बनेको थियो । राज्यभरि स्थानीय प्रशासनको यही नमुनाले प्रभावकारी ढङ्गले काम गरेको थियो । यसैका माध्यमबाट शासनमा जनताको सहभागिता हुन्थ्यो । यस प्रकार मध्य कालमा जनमतको प्रतिनिधित्व हुन्थ्यो । उदाहरणको लागि दोलखा कान्तिपुरमा गाभिनुभन्दा अगाडिदेखिनै पञ्चप्रमानको स्थानीय प्रशासनमा महत्वपूर्ण भूमिका रहँदै आएको थियो । तिनीहरू दोलखामा ज्यादै नै सक्रिय थिए । विभिन्न अभिलेख एवं ताम्रपत्रले यो कुरालाई पुष्टि गरेका छन् । दोलखाली पञ्चप्रमानको भेला त्यहाँको मूलकोटमा हुन्थ्यो ।[३८] त्यहाँका पञ्चप्रमानले जग्गा, लेनदेन, अंश मुद्दा, धार्मिक मामिला तथा संस्कृति सम्बन्धी कार्य गर्दथे । यस काममा विचारी र मुखियाको  समेत सहयोग हुन्थ्यो । तिनीहरू बिर्तावार पञ्च र ढाके पञ्च गरी दुई प्रकारका हुन्थे ।[३९] स्थानीय संरचनामा टोल र ग्राम गरी दुई एकाइ थिए । त्यस बखत कान्तिपुरमा छब्बीस तथा भक्तपुर र ललितपुरमा चौबिस चौबिसवटा टोल थिए ।[४०] पञ्चप्रमान वा परमान टोल वा ग्राम प्रतिनिधि थिए । हरेक टोल वा ग्रामबाट एकजना परमान छानिन्थे । पञ्चप्रमान निश्चित अवधिका लागि चुनिन्थे । तिनीहरूले प्रजापञ्चको प्रतिनिधित्व गर्दथे । तर तिनीहरूको छनोट प्रक्रिया बारे भने खासै जानकारी प्राप्त छैन ।

स्थानीय क्षेत्रका नागरिकहरूलाई पञ्चसमुच्चय भनिन्थ्यो । यसका माध्यमबाट जनताहरू संगठित थिए । यो प्रथा जनप्रतिनिधित्वको दृष्टिले महत्वपूर्ण मानिन्छ । मध्य कालमा उपत्यकाको स्थानीय प्रशासनमा भएको यस प्रकारको व्यवस्था कर्णाली क्षेत्रका बाइसी राज्य, गण्डकी क्षेत्रका चौबिसी राज्य तथा पूर्वतिरका राज्यहरूमा पनि प्रचलनमा थियो ।[४१]

मध्य कालमा चलेको यो व्यवस्था राजनीतिक स्वभावको नभएर विशुद्ध प्रशासनिक एकाइ थियो जहाँ जनताको उचित प्रतिनिधित्व हुन्थ्यो ।

यस्तै प्रकारले जनसहभागिताको ऐतिहासिक पक्ष पनि चाख लाग्दो रहेको पाइन्छ । प्राचीन कालदेखि नै विभिन्न रूपमा राज्यको कृयाकलापमा जनताको सहभागिता हुने गरेको थियो ।

---

३८ *ऐजन,* अभिलेख सङ्ख्या २० र २२ ।

३९ वज्राचार्य र श्रेष्ठ, *दोलखाको ऐतिहासिक ... , पूर्ववत्,* पृ.४८ ।

४० रामजी तिवारी र अरू, *पूर्ववत्,* पृ. ९१-९२

४१ तुलसीराम बैद्य र भद्ररत्न वज्राचार्य, *मध्यकालीन नेपालको प्रशासनिक इतिहास,* काठमाडौं : ने.ए.ए.के., २०५५, पृ. ९२ ।

जनसहभागिता विशेष गरेर प्रशासन, न्याय व्यवस्था, देशको सुरक्षा, निर्माण कार्य, युद्धको समय, बिद्रोह दमन, धार्मिक एवं सांस्कृतिक आदि क्षेत्रमा उल्लेख्य रूपमा हुने गरेको थियो । लिच्छवि राजाहरूले गोष्ठीहरूलाई अर्थदान, जमिनदान आदि गरेर जनसहभागितालाई प्रोत्साहित गरे । प्रशासनमा पनि जनताको भूमिका अहं बन्न पुग्यो । लिच्छवि राजाहरू रवि गुप्त, भौम गुप्त, अंशुबर्माले पाञ्चालीलाई अत्यधिक अधिकार प्रदान गरेर शक्तिशाली बनाए । साथै पाञ्चालीहरू स्वायत्त पनि हुँदै गए ।

यस प्रकारको व्यवस्था कुनै न कुनै रूपमा मल्ल कालमा पनि कायम भयो । प्रजापञ्चहरूलाई प्रोत्साहन दिने कार्य पनि अगाडि बढ्यो । कतिपय अवस्थामा जनप्रतिनिधिहरूलाई समेत प्रशासनमा सरिक गराइन्थ्यो । बाइसी राज्य अन्तर्गत डोटी राज्यमा जनमतको कदर हुने गरेको कुरा रिपु मल्ललाई जनताले राजा बनाएबाट थाहा हुन्छ ।[४२] त्यस्तै लमजुङ र मुस्ताङमा पनि जनताको राजनीतिक भूमिका महत्वपूर्ण रह्यो । भक्तपुरका राजा रणजीत मल्लले पनि जनमतको निकै कदर गरेका थिए । नियम बनाउँदा समेत जनप्रतिनिधिको राय लिने चलन चलेको थियो ।

देश रक्षा गर्ने कार्यमा जनताको सहभागिता उल्लेख्य थियो । सेनाको काम जनताले पनि गर्दथे । भक्तपुरमा यक्ष मल्लकै पालादेखि जनताको वैचारिक प्रतिनिधित्व र सहभागितालाई महत्व दिने प्रचलन थियो । जनताकै सहयोगले भक्तपुरलाई किल्लाको रूपमा परिणत गरियो । किल्ला रक्षा र संरक्षणको अभिभारा पनि जनताकै थियो । सत्रौं शताब्दीमा राजा श्रीनिवास मल्लले ललितपुरका राजा र जनताले वर्ष दिनसम्म गर्नु पर्ने कर्तव्य उत्कीर्ण गरी रातो मच्छिन्द्रको मन्दिरमा शिलालेख नै राख्न लगाएका थिए । यसमा किल्लाको पर्खाल बनाउन, पुल बनाउन, राजकाजको काममा, लडाइँ हुँदा र देशसित सम्बन्धित काममा अनिवार्य रूपमा जनतासित झारा लिन पाइन्थ्यो । यस्तो काममा अटेर गर्ने वा भाग नलिनेलाई आर्थिक दण्ड गर्ने, थुन्ने वा देश निकालासम्म गर्न सक्ने अधिकार राजालाई थियो । यस बाहेकका अरू काममा भने जनतालाई लगाउन पाइँदैनथ्यो ।[४३] उपत्यकाका मल्ल राज्यहरूमा स्थायी सेना धेरै नभएका कारण लडाइँमा जनताले पनि सक्रिय भाग लिनु पर्थ्यो र विजयको स्थितिमा राजाले तिनलाई भोज खुवाउने, गहना बकस दिने, हात्ती उपहार दिने, मागहरू पूरा गरिदिने आदि गर्दथे ।[४४] यसको अलावा निर्माण कार्यमा पनि जनसहभागिता उल्लेखनीय रूपमा हुन्थ्यो ।

---

[४२] *ऐजन,* पृ. २१ ।

[४३] धनवज्र वज्राचार्य, मध्य कालमा देश रक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य, *पूर्णिमा,* अङ्क २, २०२१, पृ. २०-३३ ।

[४४] *ऐजन,*

## १.४ खस साम्राज्य एवं बाइसी र चौबिसी राज्य

पश्चिम नेपालमा अस्तित्वमा रहेको खस राज्य र त्यसको अवसानपछि देखा परेका बाइसी र चौबिसी राज्यको इतिहासमा जनप्रतिनिधिको व्यवस्था गरी छनोट गर्ने सम्बन्धमा खासै त्यस्तो जानकारी पाइँदैन । तथापि, प्राप्त केही अभिलेखहरूले इतिहासको थोरै जानकारी भने दिएको छ । खस अधिराज्यमा केन्द्रकै नियन्त्रण थियो । तर, स्थानीय क्षेत्रमा पराजित राजाहरूलाई खस अधीनता अन्तर्गत शासन चलाउने अभिभारा भने दिइएको थियो ।

खस प्रशासनमा राजा, राजकुमारहरू, अमात्य, मण्डलाधेस, पात्र, भट्ट, शिष्ट, भण्डारी, राजगुरु जैसी आदि केन्द्रीय प्रशासक थिए । स्थानीय प्रशासनिक तहमा लेखक, पेखक, अडै, अधिकारी, कार्की, खड्गा, बुढा, बुढाथापा, थापा, राना, महतारा, रोकाया आदि अधिकारी थिए ।[४५] यी मध्ये महतारा र रोकाया गाउँ स्तरका अधिकारी थिए । महतारा ग्राम प्रमुख थिए । चौधौं शताब्दीमा नागराजले स्थापना गरेको भनिएको खस अधिराज्य अन्तर्गत तेह्र राजाहरू भए र यो साम्राज्यमा अभय मल्ल अन्तिम राजा थिए । त्यसपछि बाइसी र चौबिसी राज्यको स्थापना भयो । यो साम्राज्य कालमा जनप्रतिनिधिका बारेको जानकारी कतैबाट प्राप्त भएको छैन ।

बाइसी राज्य अन्तर्गत महत्वपूर्ण र शक्तिशाली राज्यमा जुम्ला, डोटी, जाजरकोट, सल्यान, बझाङ, दैलेख आदि थिए । ती राज्यहरूमा शाही, मल्ल, शाह, सिंह र सेन वंशको शासन स्थापना भएको थियो । खस साम्राज्यको कमजोरीबाट फाइदा उठाई बाइसी र चौबिसी राज्य स्थापना भएका थिए । यसबाट खस राज्यको अस्तित्व नै समाप्त भयो । यी राज्यहरूको प्रशासनिक संरचनामा विभिन्न अङ्ग थिए । ती मध्ये गाउँ प्रारम्भिक तहको प्रशासनिक एकाइ थियो । यद्यपि प्रशासनिक व्यवस्था केन्द्रमुखी थियो । परिणाम स्वरूप जनप्रतिनिधि राख्ने वा चुन्ने विषयमा त्यस्तो उल्लेखनीय व्यवस्था थिएन । तर सामन्तहरूलाई कैद पारी स्वायत्त शासन दिएको उदाहरण पनि पाइन्छ । ग्रामीण क्षेत्रमा ब्राह्मण र लामाहरूको प्रभावशाली भूमिका थियो ।[४६] खस राज्यमा पञ्चायत स्थापना गरिएको थियो कि थिएन भन्ने यकिन हुन सकेको छैन । एकीकरणपश्चात् जुम्लामा भने यो पद्धति देखा परेको छ । पूर्व मध्य कालमा डोटीमा यो प्रथाको अवशेष पाइएको छ । शासन व्यवस्था निरङ्कुश प्रवृत्तिको भएकोले जनता र उनीहरूको विचारको त्यति कदर हुने स्थिति थिएन । लिच्छवि काल र उपत्यकाका मल्ल राज्यहरू र दोलखा राज्यमा जनमतको कदर गर्दै जनप्रतिनिधि छान्ने व्यवस्था गरिएको थियो । त्यस्तो प्रकृतिको अवस्था चौबिसी राज्यहरूमा पनि भएको ऐतिहासिक प्रमाणहरू प्राप्त छन् । गाउँ गाउँमा ग्राम प्रमुखका रूपमा द्वारे र तिनका सहयोगी नेवः द्वारेको व्यवस्था गरिएको थियो । यसका साथै गाउँमा

---

४५ सूर्यमणि अधिकारी, *पश्चिम नेपालको खस अधिराज्य,* काठमाडौँ : ने.ए.अ.के., २०५३, पृ. ६३-८२ ।

४६ राजाराम सुबेदी, *बाइसी राज्यको ऐतिहासिक ..., पूर्ववत्,* पृ. १२४

मुखियाको पनि व्यवस्था गरिएको थियो । कटुवालले गाउँमा पालेको काम गर्दथ्यो । गाउँका नागरिकहरूले परिआएको बेला सेनाको समेत काम गर्दथे । गुण स्तरका पदाधिकारीहरूको काम कर उठाउने र केही न्यायिक कार्य सम्पादन गर्नु थियो ।[४७] तर सर्वसाधारणले आफ्ना प्रतिनिधि मार्फत आफ्नो मत अभिव्यक्त गर्ने कुनै प्रकारको व्यवस्था त्यतिबेला गरिएको थिएन ।

चौबिसी राज्यहरूमा पनि पञ्चायतको व्यवस्था थियो । यस कुराको पुष्टि ऐतिहासिक प्रमाणबाट भएका छन् । इतिहासकार टेक बहादुर श्रेष्ठका अनुसार पर्वत राज्य लगायत अन्य चौबिसी राज्यमा पञ्चको ज्यादै महत्व थियो । पर्वत राज्यमा प्रचलित व्यवस्था अनुसार प्रत्येक घरको एक पञ्चको गणना हुन्थ्यो । त्यहाँ पञ्चहरूलाई संरक्षण दिनुका साथै मुद्दा छिन्ने अधिकार समेत दिइएको थियो । यिनीहरू स्थानीय प्रशासनका पनि महत्वपूर्ण अङ्ग थिए । पञ्चले बिराम गरी नखानु र पञ्चमाथि हातपात गर्नेलाई मृत्युदण्ड दिनु भन्ने व्यवस्था गरिएको थियो । पञ्चहरू जनप्रतिनिधि थिए । तसर्थ यिनीहरू देश निर्माणको कार्यमा पनि संलग्न हुन्थे । पर्वतमा रहेको यस प्रकारको जनप्रतिनिधिको रूपमा पञ्चको व्यवस्था नेपाल एकीकरण पश्चात् पनि प्रचलनमा थियो ।[४८] तर यसमा घरधुरीका एक पञ्च मान्ने व्यवस्था भएको तर मुख्य पञ्च कसरी छान्ने विषयमा भने जानकारी प्राप्त छैन । यद्यपि घरधुरीका पञ्च  मध्येबाट नै मुख्य पञ्च छानिने कुराको भने अनुमान गर्न सकिन्छ । तत्कालीन समयमा पर्वतमा जुन प्रकारको जनप्रतिनिधिको व्यवस्था थियो, त्यो अन्य राज्यहरूमा पनि प्रचलनमा थियो ।

नेपालमा लिच्छवि कालदेखि प्रचलनमा रहेको जनप्रतिनिधि तथा तिनको छनोटका व्यवस्था तत्पश्चात् पनि कायम नै रह्यो । तिनीहरूलाई जनताले चुन्दथे । लिच्छवि कालको पाञ्चाली प्रथा मध्य कालमा पनि यथावत् चल्दै रहेको कुरा मध्य कालको पूर्वार्द्धमा विषय (क्षेत्र) मा एउटा ताम्रपत्रमा यसको उल्लेख भएकोबाट थाहा हुन्छ ।[४९]

यस प्रकार नेपालमा प्राचीन र मध्य कालमा जनताले आफ्ना प्रतिनिधि छान्ने र तत्कालीन विधिले निश्चित गरेका काम सम्पन्न गर्ने गर्दथे । आधुनिक  कालमा यस्ता व्यवस्था हराउँदै पनि गए । तर राणा कालको अन्त्यमा जनप्रतिनिधि एकाइको रूपमा पञ्चायत स्थापना गरी यस सम्बन्धी व्यवस्था गरिएको कुरा त्यसबेला जारी भएका रुक्का, इस्तिहार र पत्रहरूबाट थाहा हुन्छ ।

---

[४७] *ऐजन* ।

[४८] टेक बहादुर श्रेष्ठ, *पर्वत राज्यको ऐतिहासिक रूपरेखा,* काठमाडौँ : ने.ए.अ.के., २०५९, पृ १०१-१०२

[४९] धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख, पूर्ववत्,* पृ ३२५-३३२ ।

## १.५ आधुनिक काल

नेपालको निर्वाचन इतिहासमा उमेर पुगेका मतदाताले मतदान गरी आफ्ना प्रतिनिधि छनोट गर्ने काम वि.सं. २००० पश्चातमात्रै सुरु भएको पाइन्छ । हुन त योभन्दा पहिला पनि राणा कालमा निर्वाचन सम्बन्धी केही व्यवस्थाहरू भएका पाइन्छन् । वि.सं. १९८७ मै स्थानीय स्तरमा जनप्रतिनिधि संस्थाको रूपमा केही स्थानमा पंचायत स्थापना गर्न निर्वाचन सम्बन्धी व्यवस्था गरिएको थियो । यसको लागि रुक्का र इस्तिहार समेत जारी भयो । जस अनुसार पंचायत नामक जनप्रतिनिधि संस्था स्थापना भई कार्य गर्न सुरु गऱ्यो । तर यो निर्वाचनमा प्रत्यक्ष बालिग मताधिकारको अभ्यास भने गरिएको थिएन । त्यतिबेला सम्बन्धित क्षेत्रका प्रत्येक घरका घरमूलीहरूको भेला गरी उनीहरूको राय बमोजिम मुख्य पञ्च र अन्य पञ्चहरू छानिएको सदर गरी मुचुल्कामा सहिछाप गराइन्थ्यो । यो प्रक्रिया अन्तर्गत छानिएका व्यक्तिहरू जनप्रतिनिधिको रूपमा कार्यरत हुन्थे । राणा काल जस्तो निरंकुश शासन अन्तर्गत पनि निर्वाचनको अवधारणा प्रयोगमा आउनुलाई भने महत्वपूर्ण घटना मान्नु पर्छ । निर्वाचनको ऐतिहासिक विकास क्रमको दृष्टिकोणले यसको आफ्नै महत्व छ ।

## १.६ राजनीतिक परिवर्तन र निर्वाचन सम्बन्धी व्यवस्था

'गोर्खा' का राजा पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि नेपालमा शाह वंशको शासन सुरु भयो । शाह वंशको शासन २४० वर्षसम्म कायम रह्यो र गणतन्त्र स्थापनापश्चात् अन्त्य भयो । शाह वंशकै शासनकालमा वि.सं १९०३ मा त्यतिबेलाका चतुर भारदार जंगबहादुर राणा प्रधानमन्त्री र श्री ३ भएपछि राजाहरूमा निहित शासन अधिकार आफ्नो हातमा लिए । राजाहरू नाममात्रका र अधिकारविहिन जस्तै पारिए । प्रधानमन्त्री र श्री ३ को पदलाई पनि रोलक्रममा राखियो र राणहरूको जहानीया शासन कायम गरियो । तत्पश्चात् एकसय चार वर्षसम्म राणाहरूको हुकुमी शासन चल्यो । तर २००७ को क्रान्तीले राणाहरूको अधिकार समाप्त गरिदियो । नेपालमा प्रजातन्त्रको स्थापना भयो २००७ साल फागुन ७ गतेको घोषणामा राजा त्रिभुवनले मूलुकको शासन व्यवस्था जनताबाट निर्वाचित विधान सभाले बनाएको संविधान बमोजिम सञ्चालन हुने कुरा उल्लेख गरे । तर घोषणा अनुसार विधान सभाको निर्वाचन भने भएन । बरू विधान सभाको लागि भनिएको निर्वाचन अन्ततः संसद्को लागि हुने भयो । जस अनुसार वि.सं २०१५साल फागुन ७ गतेदेखि संसद्को लागि निर्वाचन भयो । यो नै नेपालमा बालिग मताधिकारको आधारमा भएको पहिलो आम निर्वाचन थियो ।

राजा महेन्द्रले वि.सं.२०१७ साल पौष १ गते संसदीय व्यवस्थालाई अपदस्थ गरी सोही महिनाको २२ गते पञ्चायती व्यवस्था लागू गरे । दलविहिन पञ्चायत प्रणाली लागू गरियो । यद्यपि मूलुकको शासन व्यवस्थाको सञ्चालनमा गाउँ,नगर,जिल्ला,अञ्चल र

केन्द्रीय तहको व्यवस्था गरियो । यी तहमा विभिन्न पदाधिकारीको निर्वाचन हुने व्यवस्था पनि गरियो । विभिन्न समयमा गाउँ तहदेखि जिल्ला, अञ्चल हुँदै केन्द्रीय स्तरसम्मका पञ्चायती एकाइका निर्वाचन हुन थाले । तर नेपालको संविधान,२०१९ को तेस्रो संशोधनपूर्वसम्म स्थानीय निकाय र विधायिकाको निर्वाचन अप्रत्यक्ष विधिबाट हुने गरेको पाइन्छ । तेस्रो संशोधनपछि भने बालिग मताधिकारका आधारमा हुने व्यवस्था गरियो । पञ्चायत व्यवस्था मूलुकमा करिब ३० वर्षसम्म सञ्चालनमा रह्यो ।

पञ्चायती व्यवस्था कायम रहेकै बखत वि.सं. २०३६ सालमा विभिन्न शैक्षिक माग राखी सुरुभएको विद्यार्थी आन्दोलनले राजनीतिक रूप लियो । पञ्चायतका विरुद्ध समाजका विभिन्न क्षेत्र आन्दोलित भए । पञ्चायती व्यवस्थाको विरुद्ध जनलहर उत्पन्न भएपछि तत्कालिन राजा बीरेन्द्रले २०३६ साल जेठ १० गते बहुदलीय व्यवस्था अपनाउने वा सुधारिएको पञ्चायती व्यवस्था कायम राख्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिने घोषणा गरे । आन्दोलन मथ्थर भयो । वि.सं. २०३७ साल बैशाख २० गते बालिग मताध्किारको आधारमा जनमत संग्रह सम्पन्न गरियो । जनमतको नतिजा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा आयो वि.सं. २०३७ सालपौष १ गते संविधानको तेस्रो संशोधन गरी विधायिकाको निर्वाचन बालिग मताधिकारको आधारमा गर्ने लगायतका व्यवस्था गरिए । जनमत संग्रह नेपालको निर्वाचन इतिहासमा एक उल्लेखनीय घटनाको रूपमा रहेको छ ।

प्रजातन्त्रका आधारभूत चरित्रलाई समेटन नसकेको कारण सुधारिएको पञ्चायती व्यवस्थाले नेपाली जनताको राजनीतिक चाहनालाई पूरा गर्न सकेन । फलतः २०४६ सालमा पञ्चायत व्यवस्थाको विरुद्ध जनआन्दोलन भयो । जनआन्दोलनबाटै २०४६ साल चैत्र २६ गते पञ्चायती व्यवस्थाको अन्त्य भई मूलुकमा प्रजातन्त्रको पुनर्स्थापना भयो । २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान,२०४७ जारी भयो । संविधानले मूलुकमा संवैधानिक राजतन्त्र र संसदीय प्रणालीलाई संस्थागत गर्‍यो ।

२०४७ सालको राजनीतिक परिवर्तनपछि पनि मूलुकमा राजनीतिक स्थीरता कायम भएन । संसदीय व्यवस्थाको पुनर्स्थापनाको डेढ दसकमै पुनः अर्को जनआन्दोलन भयो । जनआन्दोलन-२ समेत भनिने २०६२/६३ सालको जनआन्दोलनले देशमा आमूल राजनीतिक परिवर्तन ल्यायो । यसको परिणामस्वरूप जननिर्वाचित प्रतिनिधिहरूबाट मूलुकको संविधान निर्माण गर्न २०६४ साल चैत्र २८ गते बालिग मताधिकारको आधारमा संविधान सभाको निर्वाचन भयो । गठनको दुई वर्षमा संविधान निर्माण गर्ने जिम्मेवारी पाएको भएपनि राजनीतिक दलहरूबीच सहमति हुन सकेन । पटक पटक म्याद थप गरी संविधान निर्माणको प्रयासलाई निरन्तरता दिईए पनि संविधान निर्माण हुन सकेन । सर्वोच्च अदालतको फैसला बमोजिम २०६९ साल जेठ १४ गतेपछि संविधान सभाको म्याद थप समेत हुन सक्ने अवस्था नरहेपछि अन्ततः सोही दिन संविधान सभाको कार्यकाल समाप्त भयो ।

पहिलो संविधान सभाबाट संविधान निर्माणको जिम्मेवारी पूरा हुन नसकेपनि संविधान सभाबाटै संविधान निर्माण गर्ने नेपाली जनताको चाहना मुखरित भइरह्यो । दोस्रो पटक संविधान सभाको निर्वाचन गर्ने मुख्य कार्य जिम्मेवारी सहित बहालवाला प्रधानन्यायाधीशको नेतृत्वमा गैर राजनीतिक व्यक्तिहरू सम्मिलित सरकार गठन भयो । यही सरकारको कार्यकालमा २०७० साल मंसिर ४ गते अर्को संविधान सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । दोस्रो पटक गठन भएको संविधान सभाले २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गर्‍यो । नेपाली जनताले जननिर्वाचित संविधान सभा मार्फत संविधान प्राप्त गरे ।

यसरी लिच्छवि कालदेखि चल्दै आएको जनप्रतिनिधि छान्ने व्यवस्था मल्ल कालमा आएर पनि केही परिवर्तित रूपमा चल्दै आयो । त्यसपछि राणा प्रधानमन्त्री जुद्ध शमसेरका पालामा स्थानीय जनप्रतिनिधि संस्थाका रूपमा पञ्चायत स्थापना गर्ने पहल भयो र कतिपय स्थानमा पञ्चायत खडा पनि गरिए । यसमा अपनाइएको निर्वाचन प्रणाली अचेल प्रचलित बालिग मताधिकारको आधारमा जस्तो नभई प्रत्येक घरमूलीको उपस्थितिमा तिनले छानेको व्यक्ति मुख्य पञ्च र अन्य पञ्चहरू हुने व्यवस्था गरिएको थियो । यो निर्वाचनको अर्को चाखलाग्दो कुरा के थियो भने मुख्य पञ्चमा स्थानीय जिमिदार वा तालुकदार हुनुपर्ने कुरा अनिवार्य गरिएको थियो । तिनलाई जनप्रतिनिधि मानिएको थियो । तत्काल गरिएको व्यवस्था अनुसार तिनीहरूले जनताको हितमा कार्य गर्नु पर्दथ्यो । वि.सं. २००७ को क्रान्तिपश्चात् २०७२ सालसम्म आइपुग्दा अनेकौ दूरगामी महत्वका राजनीतिक परिवर्तनहरू भएका छन् । देशमा स्थानीय निकाय र विधायिकाको निर्वाचनमात्रै नभई राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह र जन निर्वाचित प्रतिनिधिबाट संविधान निर्माण गर्न दुई दुई पटकसम्म संविधान सभा सदस्यको निर्वाचन समेत सम्पन्न भएका छन् ।

***

परिच्छेद दुई

# निर्वाचनको अवधारणा र नेतृत्व छनोट

परिच्छेद दुई

# निर्वाचनको अवधारणा र नेतृत्व छनोट

## २.१ निर्वाचनको अवधारणा

निर्वाचनलाई परिभाषित गर्ने वा यसको अवधारणाको व्याख्या गर्दा दुई प्रकारले गर्न सकिन्छ । प्राचीनकालदेखि नै कुनै न कुनै रूपमा जनताले आफ्नो लागि नेतृत्वको छनोट गर्ने वा प्रतिनिधि चुन्ने व्यवस्था अँगाली आएको पाइन्छ । यस्तो व्यवस्था जनमतको उचित प्रतिनिधित्वको लागि गरिएको हुन्थ्यो । त्यसरी छानिएका व्यक्तिले निश्चित समुदायको प्रतिनिधित्व गर्दथे ।

निर्वाचन प्रक्रिया व्यक्तिको मत जाहेर गर्ने एउटा वैधानिक मार्ग हो । यसैको आधारमा निर्वाचनलाई परिभाषित गर्नु युक्तिसङ्गत देखिन्छ । वास्तवमा यो एक औपचारिक निर्णय प्रक्रिया हो जस अन्तर्गत व्यक्ति वा समुदायले निर्वाचित हुन चाहने व्यक्तिमध्ये कुनै एक वा तोकिएको सङ्ख्या जतिलाई सार्वजनिक पद धारण गर्नको निमित्त आफ्नो मत जाहेर गर्दछन् । त्यसै मतको आधारमा उक्त व्यक्ति वा चाहिने सङ्ख्या निर्वाचित हुन्छ ।

ऐतिहासिक दृष्टिले हेर्दा प्रतिनिधित्व छनोट गर्ने व्यवस्थाको आरम्भ सर्वप्रथम प्राचीन ग्रीसबाट भएको मानिन्छ । एथेन्सबाट यो प्रक्रिया सुरु भएको थियो । तसर्थ आधुनिक राज्य व्यवस्थाका लागि निर्वाचन प्रणाली एउटा प्राचीन मार्ग दर्सन हो । यसको विकसित रूप प्रत्यक्ष निर्वाचन हो जुन आधुनिक प्रजातन्त्रको जगको रूपमा स्थापित भएको छ । निर्वाचन प्रणालीबाट सञ्चालित आधुनिक प्रजातन्त्र सत्रौँ शताब्दीदेखि अस्तित्वमा रहेको पाइन्छ । यसैको माध्यमबाट नै आधुनिक प्रजातन्त्रले प्रभावकारी ढङ्गबाट कार्य सञ्चालन गर्न सकेको छ ।

ऐतिहासिक दृष्टिले मनन गर्दा प्राचीनकालदेखिनै विश्वका विभिन्न जात/जातिहरूमा नेतृत्व छनोट गर्ने आफ्नै प्रकारका परम्परा र विधिहरू प्रचलनमा रहेको देखिन्छ । यस्तै विधिका माध्यमबाट समुदायको लागि आवश्यक पर्ने नेतृत्वको छनोट गरिन्थ्यो । आधुनिक कालमा क्रमशः प्रजातान्त्रिक विधि अपनाई प्रतिनिधि निर्वाचित गर्ने प्रचलनको थालनी भयो । निर्वाचनको लामो अभ्यास, राजनीतिक र वैचारिक विकास एवं प्रजातन्त्र संस्थागत गर्ने क्रममा यसमा समय सापेक्ष रूपले परिमार्जन पनि हुँदै आयो । वर्तमान समयमा आधुनिक निर्वाचन प्रणाली प्रजातन्त्रको पर्यायको रूपमा विकसित भएको छ । तसर्थ प्रत्येक प्रजातान्त्रिक समाजले आधुनिक निर्वाचन प्रणालीलाई नेतृत्व छनोटको महत्वपूर्ण विधिको रूपमा अङ्गीकार गरेको छ । यही प्रक्रिया अन्तर्गतको निर्वाचन नै आधुनिक प्रजातान्त्रिक

निर्वाचन प्रणाली हो । निर्वाचन एउटा यस्तो प्रक्रिया हो जसमा व्यक्तिले बिना बाह्य हस्तक्षेप स्वेच्छाले आफ्नो प्रतिनिधि छान्न पाउने अधिकार प्राप्त गर्दछ । यसर्थ व्यक्ति आफ्नो चाहना अनुसार प्रतिनिधि छान्नको लागि मत जाहेर गर्न स्वतन्त्र हुन्छ ।

यसप्रकार निर्वाचन प्रणालीको सुरुआत माथि उल्लेख गरिएझैं प्राचीन एथेन्सबाट भएको थियो । आधुनिक निर्वाचन प्रणालीमा यसलाई एथेनियन मोडल भनिन्छ । आधुनिक विश्वमा व्यापक प्रयोगमा रहेको जनप्रतिनिधि छान्न प्रयोग गरिने निर्वाचन प्रणाली पनि यही अवधारणामा आधारित रहेको छ ।

ईशा पूर्व पाँचौं शताब्दीमा ग्रीसको एथेन्समा प्रजातान्त्रिक अवधारणाको विकास भयो । यसलाई संसारको पहिलो प्रजातान्त्रिक अवधारणा मानिन्छ । प्राचीन एथेन्समा यसलाई पवित्र विचारधारा मानिन्थ्यो । वास्तवमा यो उदार प्रजातन्त्रको बीज थियो । एथेन्सपछि ग्रीसका अन्य राज्यहरूमा पनि यस प्रकारको प्रजातान्त्रिक अवधारणाको विस्तार हुन गयो तर तिनका बारेमा यथेष्ट जानकारी भने उपलब्ध छैन । एथेन्समा विकसित भएको प्रजातन्त्र प्रत्यक्ष प्रजातन्त्र थियो, जसमा नागरिकहरूले कानुन निर्माण र कार्यकारी सम्बन्धी विषयमा मत जाहेर गर्न पाउने अधिकार प्राप्त गरेका थिए । नागरिकले मत दिने र चुनिन पनि पाउने आधकार पाए । जनताको मतका आधारमा महत्वपूर्ण विषयहरूको निर्णय हुन्थ्यो । तर आरम्भमा यो प्रक्रियाभित्र प्रौढ पुरुषहरूले मात्र मतदानमा भाग लिन पाउने व्यवस्था थियो । मोटामोटी रूपमा जनसङ्ख्याको लगभग पन्ध्र प्रतिशतलाई मात्र यस्तो मताधिकार दिइएको थियो । यसरी प्राचीन एथेन्सका सर्वसाधारण जनताले स्वशासनमा प्रत्यक्ष सहभागी हुन पाए ।[५०]

त्यसबेला कतिपय सरकारी कर्मचारीहरू अन्य सार्वजनिक पदाधिकारीहरू पनि गोला प्रथाद्वारा छानी नियुक्त गरिन्थे । यो प्रथा पक्षपातरहित उद्देश्यले शासन व्यवस्था सञ्चालन गर्न अपनाइएको विधि वा प्रक्रिया थियो । एथेन्समा विकसित भएको प्रजातन्त्रमा बहुमतको सहभागितालाई अत्यधिक जोड दिइएको थियो । तर तिनीहरू प्रत्यक्ष निर्वाचनभन्दा गोला प्रथाद्वारा गरिने निर्वाचनलाई नै बढी निष्पक्ष हुन्छ भन्ने ठान्दथे । यसले नागरिकहरूको अधिकारको संरक्षण गर्ने विश्वास तिनलाई थियो ।[५१] यसरी गोला प्रथाद्वारा छानिएका प्रतिनिधिहरूमा अयोग्य व्यक्ति नछानिउन् भन्ने उद्देश्यले तिनीहरूको परिक्षण समेत हुन्थ्यो । गोला प्रथाद्वारा छानिएका मेजिष्ट्रेटहरूलाई कोर्टले अनुमोदन गर्नु पर्दथ्यो । त्यसै गरी एसेम्बलीले तिनीहरूको कार्यको सुपरिवेक्षण पनि गर्दथ्यो । यसरी छानिएका

[५०] जोशिया ओबेर, हवाट दि एमसियन्ट ग्रिक्स क्यान टेल अस अबाउट डेमोक्र्यासी, *एनुयल रिभ्यूज इन पोलिटिकल साइन्स,* अङ्क ११, जुन २००८, पृ. १-१८ ।

[५१] मोगेन्स हर्मन हानसेन, *दि एथेनियन डेमोक्रेसी इन द एज अफ डोमोस्थेनेस : स्ट्रक्चर, प्रिन्सिपल्स एण्ड आइडियालोजी,* ओक्लाहोमा : ओक्लाहोमा युनिभर्सिटी प्रेस, १९९१, पृ. ३४० ।

मेजिष्ट्रेटहरूको हातमा शक्ति सञ्चय हुन्थ्यो ।[५२] यसका साथै नागरिकहरूलाई पनि उचित कारणको आधारमा मेजिष्ट्रेटहरूलाई निलम्बन गर्नको लागि माग गर्न पाउने अधिकार दिइएको थियो । यो अधिकार प्राचीन एथेन्सका जनताले प्राप्त गरेको महत्वपूर्ण प्रजातान्त्रिक अधिकार थियो ।

निर्वाचनको ऐतिहासिक विकास क्रममा प्राचीन रोमले गरेको योगदान पनि उल्लेखनीय मानिन्छ । प्राचीन रोमनहरूले आफ्नै प्रकारको सरकारको अवधारणाको विकास गरेका थिए । त्यसमा स्वशासनको महत्वपूर्ण स्थान रहेको थियो । प्राचीन रोममा भएको व्यवस्था गैह्र रोमनहरूका लागि नराम्रो व्यवस्था ठहरिए तापनि रोमनहरूका लागि भने यो एउटा प्रजातान्त्रिक प्रकृतिको व्यवस्था थियो । त्यसबेला रोमनहरूले आफ्ना अधिकारीहरू छान्ने अधिकार प्राप्त गरेका थिए । यदि रोमका प्रशासकहरूले जनताका आकाङ्क्षा पूरा गर्न सकेनन् भने तिनलाई बर्खास्त गर्नको लागि मतदान गर्ने व्यवस्था समेत पनि गरिएको थियो । रोममा कन्सल, मेजिस्ट्रेट, न्यायाधीश एवं कर सङ्कलक जस्ता प्रशासकहरू मतदानका माध्यमबाट नै छान्ने प्रचलन थियो । यसैगरी गरिब जनताको हेरचाह गर्ने अन्य अधिकारीहरू पनि निर्वाचनद्वारा नै छानिन्थे । वास्तवमा यो एउटा विशुद्ध प्रजातान्त्रिक अभ्यास थियो । यसरी प्राचीन रोमका जनताले मतदान सम्बन्धी अधिकार प्राप्त गरेका थिए । रोमन सम्राट एमियस टुलियसको पालामा भौगोलिक संरचनाको आधारमा जनतालाई मताधिकार प्रदान गरिएको थियो । यसले गर्दा मताधिकार प्राप्त गर्नेहरूको क्षेत्रमा विस्तार भयो । तेस्रो शताब्दी इ.पू. सम्ममा प्रारम्भमा तीन मुख्य जातिले मात्र प्राप्त गरेको मताधिकार व्यापक हुन गई पैंतीस जातिले मतदानको अधिकार प्राप्त गरे । रोमन नागरिकहरूका लागि रोम एउटा प्रजातान्त्रिक देश थियो । रोमका प्रमुख अधिकारीहरू छान्नका लागि मानिसहरू एक ठाउँमा भेला हुन्थे । यसरी छानिएका अधिकारीहरूले एक वर्षसम्म शासन गर्ने मौका पाउँथे । जनतालाई चित्त नबुझेको खण्डमा तिनीहरूलाई मतदानद्वारा नै हटाउन पनि सकिन्थ्यो ।

यस प्रकार प्राचीन ग्रीस र रोममा सर्वप्रथम निर्वाचनको प्रयोग भएको थियो । मध्ययुगभरि नै रोमन सम्राटहरूको छनोटको लागि निर्वाचन प्रणालीलाई नै अँगालिएको थियो । त्यसै गरी पोपको छनोट पनि निर्वाचन प्रणालीद्वारा नै गरिन्थ्यो । यो प्रणाली पनि प्राचीन प्रणाली नै हो । यसरी युरोपका विभिन्न स्थानमा प्राचीन कालदेखि नै विभिन्न स्वरूपमा निर्वाचन प्रणाली प्रजातान्त्रिक ढङ्गमा अपनाइँदै आइएको थियो ।

---

५२ *ऐजन,* पृ. २३३ ।

## २.२ निर्वाचनमा धार्मिक दृष्टिकोण

कतिपय धार्मिक ग्रन्थहरूमा पनि निर्वाचन वा प्रतिनिधि छनोटका उदाहरणहरू पाइन्छन् । यस बारेमा कतिपय धार्मिक ग्रन्थहरूमा धर्मको निर्वाचनप्रतिको दृष्टिकोणलाई प्रष्ट पारिएको छ । इशाई धर्मलाई हेर्ने हो भने केवल सांसारिक विषयवस्तुका बारेमा मात्र चर्चा नगरी निर्वाचनका सैद्धान्तिक पक्षका बारेमा  समेत बाइबलको ओल्ड टेस्टामेन्टमा चर्चा गरिएको छ । यस अनुसार निर्वाचन ईश्वरको मुक्ति दर्सनसित जोडिएको विषयवस्तु हो । न्यू टेस्टामेन्टमा भएको निर्वाचनको अवधारणा पनि ओल्डटेस्टामेन्टको इशाइया नामक ग्रन्थसित जोडिएको छ ।[५३] यसको दोस्रो भागमा निर्वाचनको अवधारणाको चर्चा गरिएको छ । यस अनुसार निर्वाचन ईश्वरले गर्ने छनोट र प्राथमिकता र यसैका आधारमा यसको वैचारिक व्याख्या गरिएको छ । यसरी ओल्ड टेस्टामेन्टमा निर्वाचनलाई छनोटको रूपमा व्याख्या गरिएको छ, जसले निर्वाचित व्यक्तिलाई उत्तरदायित्व बहन गर्न निर्देशित गर्दछ ।[५४]

## २.३ भारतवर्षमा निर्वाचन परम्परा

भारतीय उपमहाद्वीपमा निर्वाचनको परम्परा धेरै पुरातन रहेको छ । वैदिक कालमा गणराज्यहरूको अस्तित्व थियो । यस कालमा गणका राजाहरू पनि जनताले निर्वाचित गर्दथे । तर तिनीहरू क्षत्रिय वर्णका हुन्थे र तिनका सन्तान नै राजाका रूपमा छानिन्थे । आठौँ शताब्दीका बंगालका पालराजा गोपाल सामन्तहरूले चुनेका राजा थिए । दसौँ शताब्दीमा दक्षिण भारतको चोल साम्राज्यको तमिलनाडुको केही स्थानमा ग्राम सभाका सदस्य चुन्न आफ्नै प्रकारको निर्वाचन प्रक्रिया प्रयोगमा रहेको थियो । यो प्रक्रियामा ताडपत्रमा उमेदवारको नाम लेखेर एउटा माटोको भाँडोमा हालिन्थ्यो र कुनै बच्चालाई छान्नुपर्ने सदस्यको सङ्ख्या अनुसारको ताडपत्र भाँडोबाट निकाल्न लगाइन्थ्यो । यसरी छानिएका व्यक्ति निर्वाचित भएको मानिन्थ्यो । यसप्रकार त्यो क्षेत्रमा ग्राम सभाको निर्वाचन सम्पन्न हुन्थ्यो ।[५५] आठौँदेखि सोह्रौँ शताब्दीसम्म तमिलनाडुमा यस प्रकारको निर्वाचनको विधि कायम रहेको थियो । आर्थिक अपराध अक्षम्य अपराध थियो । त्यस्तै कसुर गर्नेका शाखा सन्तानले पनि निर्वाचनमा भाग लिन नपाउने नियम थियो । ग्राम सभाको लागि

---

[५३] इशाइया ४१ : ८-१६, ४२ : १-९

[५४] अर्नेस्ट जेनी र क्लाउस वेस्टरम्यान, *थियोलजिकल लेक्सिकन अफ दि ओल्ड टेस्टामेन्ट,* मार्क ई. बिडल (अनु.), पि बडी : हेन्ड्रिक्सन पब्लिसरर्स, १९९७, पृ. २११ ।

[५५] भि.के अग्निहोत्री, *इन्डियन हिस्ट्री,* पृ. वि. ६४- ६५, *प्रि इण्डिपेन्डेन्स मेथड अफ इलेक्सन,* तामिलताडु : तामिलनाडु स्टेट इलेक्सन कमिसन ।

आचार संहिता बनाइएको थियो । तर अङ्ग्रेजको औपनिबेशिक सत्ता कायम भएपछि केन्द्रीकृत प्रशासनिक व्यवस्था लागू हुन गई यो प्रणालीको अन्त्य भयो ।

वेदमा उल्लिखित जातिहरूमा तुर्वस, यदु, पुरु, द्रुयुर र अनु प्रमुख जातिहरू हुन् । ती जातिमा राजाको निर्वाचन हुने प्रथा पनि चलेको थियो । अन्य कतिपय जातिले समेत आफ्ना समूहका प्रमुखको निर्वाचन गर्दथे । यी कुराहरू अथर्व वेदमा पनि उल्लेख गरिएको पाइन्छ ।[५६]

भारतवर्षको प्राचीन इतिहासमा निर्वाचनलाई ठूलो महत्व दिइएको कुराको जानकारी प्राप्त भएको छ । हाल भारतमा पर्ने गणराज्य र नेपालमा पर्ने शाक्य गणतन्त्र समेतका गणराज्यहरूमा राजा वा नगर प्रमुखहरू जनताले नै चुन्दथे । भारतवर्षमा धेरै स्थानमा गणराज्य थिए ।[५७] बौद्ध साहित्यमा पनि यिनको उल्लेख पाइन्छ । चौथो शताब्दी इ.पू.मा क्षुद्रक मल्ल संघ भन्ने गणराज्य थियो, जसले युनानी सम्राट अलेक्जेन्डर महानसँग डटेर मुकाबिला गरेको थियो ।[५८]

गणराज्यका प्रमुख पनि जनताले निर्वाचित गर्दथे । इ.पू. छैठौँ शताब्दी अगावैदेखि भारतवर्षमा यस्तो व्यवस्था चलेको थियो । यसरी प्राचीन कालदेखि नै भारतवर्षमा निर्वाचन प्रक्रिया विद्यमान थियो । त्यसमध्ये हालको तमिलनाडुमा प्रजातान्त्रिक निर्वाचन पद्धति प्रयोगमा ल्याइएको थियो । ग्राम सभाको चुनाव पूर्ण प्रजातान्त्रिक ढङ्गमा हुन्थ्यो । यो यस क्षेत्रको निर्वाचनको इतिहासको एउटा सुन्दरतम उदाहरण हो । यो प्रणाली करिब १३०० वर्ष अगाडि दक्षिण भारतमा सुरु भएको थियो । ग्राम सभाको निर्वाचनको यो प्रणालीमा कतिपय आधुनिक प्रजातान्त्रिक पद्धतिले अङ्गीकार गरे अनुरूपका प्रावधानहरू पनि विद्यमान थिए । यसको साथै ग्राम सभा उम्मेदवारको योग्यता, मतदाताको योग्यता, निर्वाचन प्रणाली, निर्वाचित उम्मेदवारको कर्तव्य, प्रत्याह्वानको प्राबधान आदि धेरै महत्वपूर्ण कुराहरूको व्यवस्था गरिएको थियो । यसले ग्राम सभाको कार्य प्रणाली, निर्वाचित प्रतिनिधिको ग्रामीण जनताप्रतिको उत्तरदायित्व आदि प्राबधानहरू सुनिश्चित गरेको थियो ।

यसरी सार्वजनिक पद धारण गर्नेहरूका लागि निश्चित प्रावधानहरू राखिएका थिए । कांचिपुरमको उत्थिरामेरुर गाउँमा अवस्थित श्रीनिवास मन्दिरमा रहेको चोल सम्राट परान्तकदेव पर्केशरी बर्मनको दसौँ शताब्दीको शिलालेखमा ग्राम सभा अर्थात् ग्राम पञ्चायतको निर्वाचनको विषयमा चर्चा गरिएको छ । यस अनुसार उम्मेदवार इमान्दार हुनुपर्ने, इमान्दारिताबाट सम्पत्ति आर्जन गरेको हुनुपर्ने, कानुनको सहाराबाट मात्र इमान्दार

---

[५६] रमेशचन्द्र मजुमदार, *एनसियन्ट इण्डिया,* दिल्ली : मोतीलाल वनारसी दास, १९९७७, पृ ७७ ।

[५७] प्राचीन भारत वर्षका महाजन पदहरू गान्धार, कम्बोज, मत्स्य, अवन्ती, कुरु, सुरसेन, पाञ्चाल, कोशल, मल्ल, काशी, चेदी, वंश, कोलिय, बज्जी, मगध, अंग र बंग हुन् ।

[५८] *अथर्ववेद* : ३ : ४, अभिनव प्रकाश, *ल रिलेटिङ् टु इलेक्सन्स,* न्यू दिल्ली : युनिभर्सल ल पब्लिसिड, २००६, पृ. १ ।

प्रमाणित भएको हुन नहुने, प्रशासनिक क्षमता भएका हुनुपर्ने आदि व्यवस्था गरिएको थियो । साल तमामीको समय लेखामा लापरबाही गर्ने, घुस लिने, गलत तरिकाबाट सम्पत्ति आर्जन गरेमा, समाजको हित विपरीत कार्य गरेमा, शान्ति व्यवस्थामा खतरा उत्पन्न गरेमा त्यस्ता व्यक्तिहरू चुनिएको भए तापनि जीवन पर्यन्त तिनलाई उम्मेदवार हुनबाट वञ्चित गरिएको थियो । त्यस्ता व्यक्तिका बाबु, आमा तथा श्रीमतीतर्फका सबै नातेदारहरू समेत स्थायी रूपले उम्मेदवार हुनबाट वञ्चित हुन्थे । यस प्रकार निर्वाचनको लागि विस्तृत नियमहरूको समेत तर्जुमा गरिएको थियो ।[५९] यस प्रकारको छनोट सर्व स्वीकृतिका आधारमा हुने प्राचीन निर्वाचन प्रणाली हो । भारतमा प्रचलित निर्वाचन गर्ने गोला प्रथा प्रणाली प्राचीन एथेनियन मोडल हो । प्राचीन दक्षिण भारतमा अपनाइएको निर्वाचन प्रणालीलाई निश्चित नियमहरूले निर्देशित गरेको थियो ।[६०]

यसको अलावा इतिहासका अन्य कतिपय कालखण्डमा पनि निर्वाचन बारे अनेकौँ व्यवस्था गरिएको पाइन्छ । यसरी प्राचीन समयदेखि नै भारतवर्षमा निर्वाचनको अभ्यास गरिएको पाइन्छ । प्राचीन भारतका कतिपय राज्यमा राजाहरू निर्वाचनबाट छानिने प्रसङ्ग पनि महत्वपूर्ण छ ।[६१] तिनको छनोट एउटा गठित समितिले गर्दथ्यो । अथर्व वेदमा त्यस्ता समितिहरूको पनि उल्लेख छ । तर यस्तो छनोटमा निश्चित वंशका मानिसले मात्र भाग लिन पाउँथे । भनिन्छ, प्राचीन भारतीय राजाहरूमा शक राजा रुद्रदामन (दोस्रो शदी), बर्धन वंशका हर्षवर्धन (सातौँ शदी) र पाल वंशका गोपाल (आठौँ शदी) जनताले चुनेका राजा थिए ।[६२] यस प्रकार भारतमा प्राचीन कालदेखि निर्वाचन प्रक्रियाको इतिहास रहिआएको देखिन्छ ।

## २.४ नेपालको शासन व्यवस्थामा नागरिक सहभागिताको पक्ष

साधारणतया कुनै पनि कार्यमा नागरिकहरूको प्रत्यक्ष सहभागिता हुनु जनसहभागिता हो । प्रजातान्त्रिक प्रणालीमा शासनमा जनताको सहभागिताको ठूलो महत्व हुन्छ । नेपालको इतिहासमा पनि शासन व्यवस्थामा जनताको सहभागिताका अनुपम उदाहरणहरू पाइन्छन् ।नेपालमा प्राचीन र मध्यकालमा पनि राजतन्त्रात्मक व्यवस्था कायम रहेको थियो । शासनमा राजाको कथन नै सर्वोपरि हुन्थ्यो । यसर्थ सम्पूर्ण शासनाधिकार राजामा नै निहित

---

५९ रामशंकर त्रिपाठी, *हिस्ट्री अफ एनसियन्ट इण्डिया,* दिल्ली : मोतिलाल बनारसी दास, १९४२, पृ. ४७५ र ५३२ ।

६० सकोता ई. कृष्ण स्वामी अर्यगर, एनसियन्ट इण्डिया कलेक्टेड एस्सेज अन द लिटररी हिस्ट्री अप : साउथ इण्डिया, एशियन एजुकेशनल सर्भिसेज, १९११, पृ. १६९-१७१ ।

६१ रामशरण शर्मा, *आस्पेक्टस अफ पलिटिकल आइडियाज एण्ड इन्टिच्युसन्स इन इन्डिया,* दिल्ली : मोतिलाल बनारसी दास, १९९१, पृ. १०९ ।

६२ रमेश चन्द्र मजुमदार, *कर्पोरेट लाइफ इन इन्डिया,* कलकत्ता : युनिभर्सिटी अफ कलकत्ता, १९२२, पृ. १२, अनन्त सदाशिव अल्टेकर, *स्टेट एण्ड गभर्नमेन्ट इन एनसियन्ट इन्डिया,* दिल्ली : मोतीलाल बनारसीदास, २००२, पृ. ८३ ।

थियो । तर लिच्छवि तथा मल्ल शासकहरूले जनताको स्थान र भूमिकालाई महत्व दिएकोले शासनमा जनताको सहभागिता उल्लेखनीय रूपमा रहेको थियो । लिच्छविकालको प्रशासनिक व्यवस्थाको मूल्याङ्कन गर्दा त्यस बखतको राज्य लोककल्याणकारी राज्य थियो । पाञ्चाली जस्तो महत्वपूर्ण प्रशासनिक अङ्गको माध्यमबाट शासन व्यवस्थामा जनताको सहभागिता हुन्थ्यो ।[६३] हरेक गाउँ र नगर क्षेत्रमा पाञ्चालीहरूको स्थापना गरिएको थियो । यस्ता पाञ्चालीमा त्यस क्षेत्रका हरेक घर धुरीका मूली सदस्य हुन्थे र तिनले नै ग्राम पाञ्चालीको छनोट गर्दथे । पाञ्चालीले जनसेवाका विविध कार्य गर्दथ्यो । यो स्थानीय प्रशासनको एउटा महत्वपूर्ण अङ्ग थियो । राजाहरूले पनि पाञ्चालीलाई अत्यन्त महत्व दिएका थिए । अंशुबर्माले त पाञ्चालीलाई अनेकौं सुविधाहरू पनि प्रदान गरे । यो व्यवस्था यति प्रख्यात र सफल भयो परिणाम स्वरूप लिच्छविकालको अन्त्यपछि पनि यो व्यवस्था अझ अगाडि बढ्दै गयो ।

यस प्रकारको व्यवस्था मल्लकालमा समेत कायम रह्यो । यो समयमा समाजमा प्रजापञ्चहरूको ठूलो महिमा हुन्थ्यो । तिनीहरू जनताका प्रतिनिधि थिए । यिनैका माध्यमबाट शासनमा जनताको सहभागिता सुनिश्चित भएको थियो । यसरी हेर्दा वास्तवमा जनसहभागिताको संगठित इतिहास लिच्छविकालबाटै सुरु भएको मान्न सकिन्छ ।

राजाहरूले पनि जनताको हितलाई निकै ध्यान दिने गरेका थिए । प्राचीन शिलालेखहरूमा जनतालाई सम्बोधन गर्दै निर्धक्क भएर आफ्ना काममा लागी, आपसमा मिली, साविक बमोजिम कर तिरी सुखसँग बस्नु भन्ने जस्ता राजाज्ञा उत्कीर्ण भएका छन् ।[६४] यसबाट राजाले जनतालाई हेर्ने दृष्टिकोणको बारेमा पनि ज्ञात हुन्छ । जनसहभागिता र नेतृत्व छनोट जस्ता दुईवटा महत्वपूर्ण पक्षलाई समेटेको पाञ्चाली तथा मध्यकालमा महत्वपूर्ण रूपमा रहेका प्रजापञ्चको व्यवस्थाले शासनमा जनताको सहभागिता सुनिश्चित भएको थियो । यसका साथै जनताको आवाजको सुनुवाई पनि हुन्थ्यो । वास्तवमा प्राचीन र मध्यकालमा जनप्रतिनिधि अर्थात् पाञ्चालिक तथा प्रजापन्चहरू कति शक्तिशाली थिए भन्ने थाहा हुन्छ । मल्ल कालमा राजाले पनि यिनीहरूको रायलाई वेवास्ता गर्न सक्दैनथे । आफ्ना विचारको कदर नभएको अवस्थामा प्रजापञ्चहरूले विद्रोह गरेका घटनाहरू पनि मल्लकालीन इतिहासमा घटेका थिए ।[६५]

लिच्छवि कालको पाञ्चाली पञ्चहरूको सभा थियो । यो स्थानीय शासन चलाउन तोकिएका प्रतिनिधि सदस्यहरू अर्थात् पाञ्चालिकहरूको सभा थियो । पाञ्चालिक शब्दले

---

६३ पाञ्चाली भन्नाले पञ्चहरूको सभा र पञ्चहरूको इलाकालाई जनाउँदछ ।

६४ जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा,* काठमाडौं : पा.वि.के, २०३६, पृ. ४६ ।

६५ धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना,* काठमाडौं : ने.ए.अ.के., २०३५, पृ. १६२ ।

सम्बन्धित क्षेत्रका सारा घर नाइकेलाई  समेत बुझाउँथ्यो । यसको भेला पनि दुई प्रकारले हुन्थ्यो । राष्ट्रिय समस्या पर्दा त्यसको निराकरणको लागि सबै घरका घरमूली पाञ्चालिकका रूपमा भेला हुन्थे । अर्को एउटा स्थायी रूपमा तोकिएको सभा थियो जसले स्थानीय प्रशासन चलाउँदथ्यो । तर पाञ्चालीको रूपरेखाको जानकारी प्राप्त भए तापनि पाञ्चालिकहरूको छनोट कसरी हुन्थ्यो भन्ने जानकारी भने प्राप्त छैन ।

यसरी प्राचीन कालको लिच्छवि शासन व्यवस्था अन्तर्गतको पाञ्चाली पद्धतिमा पातलो बस्ती भएका सानातिना गाउँहरूलाई पहिलो तहको मानी अलि बाक्लो भएका गाउँहरूमा ग्राम पाञ्चालीको स्थापना गरी प्रशासनको स्थानीय संगठनको निर्माण गरियो । पहिलो तहका गाउँका प्रधानलाई र ग्राम पाञ्चालीहरूलाई पनि विभिन्न अधिकार र स्वायत्तता प्रदान गरेको देखिन्छ । लिच्छवि कालका अभिलेखहरूका आधारमा हेर्दा ग्राम पाञ्चालीको अधिकार तथा साङ्गठनिक रूपरेखा अलि विकसित भएको थियो भनी अनुमान गरिएको छ ।[६६] विस्तार हुँदै गएका गाउँ क्षेत्रलाई तलमा स्तरोन्नति गरिन्थ्यो । तलभित्र अनेक गाउँहरू हुन्थे । तलस्वामी त्यसका मुख्य व्यक्ति थिए । पांञ्चालीका पांञ्चालिकहरू जनताले छानेका जनप्रतिनिधि हुन् । तिनीहरूलाई स्वशासनको अधिकार सुम्पिएका विवरणहरू परेका अभिलेखहरू पनि उपलब्ध छन् । पाञ्चाली पञ्चहरूको सभा हो । तर यसको गठनको विधि बारे खासै जानकारी प्राप्त नभए तापनि यसको गठन नियमपूर्वक हुन्थ्यो । देउपाटन कसाई टोलको नरेन्द्र देवको अभिलेखमा उल्लेख भए अनुसार पाञ्चालीका केही सदस्य राजाले पनि मनोनीत गर्दथे । यो अभिलेखमा यस बारेमा यसरी उल्लेख गरिएको छ :[६७]

> *... स्थितिवन्देज बाँध्ने काम र चाटभटले पस्न नपाउने गरी अनुग्रह गरिएको छ भन्ने कुरा तिमीहरूलाई थाहा होस् । यसरी यो कुरालाई ठिकसंग बुझेका तिमीहरूले, अरू अधिकरणका अधिकारीहरूले तथा अरू हाम्रो निगाहबाट जिविका चलाउने कसैले पनि* नवगृहमा *पसेर अलिकता पनि दुःख दिन हुँदैन, जसले नाघ्न नहुने हाम्रो यस आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला, राजाज्ञाको विरुद्ध हिंड्ने त्यसलाई हामीबाट कुनै हालतमा पनि सहने काम हुने छैन । ... अर्को कुरा यस* नवगृहमा *कुनै ठूलो मामिला उठ्यो र त्यसको छिनोफानो स्वयं पाञ्चालिकहरूले गर्न सकेनन् भने त्यसबेला आफैं राजाबाट अन्तरासनमा त्यसको विचार गर्नुपर्छ ।* नवगृहसँग *सम्बन्ध राख्ने जुन गोष्ठीहरू छन्, तिनमा पनि चाटभटले पस्न नपाउने गरिएको छ । सनद ताम्रपत्रमा जुन व्यवस्था*

---

[६६] जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक ... , पूर्ववत्*, पृ ४२-४३ ।

[६७] धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* काठमाडौं : ने.ए.अ.सं., २०३०, पृ ४७४-४७५ ।

*लेखिएको थियो, त्यही व्यवस्था अनुसार वृजिकरथ्यामा बस्ने मधुसुदन स्वामी पाञ्चालिकका सामनाधिकारी नियुक्त गरिएका छन् ।*

यो अभिलेखमा पाञ्चालिकलाई प्रदान गरिएको अधिकारको पूर्ण सुरक्षा र पाञ्चालिक सदस्य नियुक्तिको कुरा परेको छ ।

पाञ्चालिकमा विभिन्न जातका व्यक्तिहरू चुनिन्थे । तर यसका सदस्यहरू के कस्तो चुनाव प्रक्रियाका आधारबाट छानिन्थे भन्ने कुराका बारेमा हालसम्म प्राप्त ऐतिहासिक सामग्रीहरूले केही बोल्न सकेका छैनन् । यद्यपि पाञ्चालिकहरूको काम भने स्पष्ट तोकिएको हुन्थ्यो । तिनीहरूका प्रमुख कामहरू निम्न थिए ।[६८]

- आफ्नो इलाकामा तोकिए जति प्रशासन सञ्चालनको काम गर्ने
- झैँझगडा मिलाउने ।
- मुद्दा मामिला छिनोफानो गरी दण्ड सजाय गर्ने ।
- संयुक्त रूपमा राष्ट्रिय समस्या समाधान गर्ने ।
- जनताको हितको लागि कुलो, बाटो, पानी, पाटी, पौवा, मन्दिर आदि निर्माण गर्ने र तिनको हेरचाह गर्ने ।

लिच्छवि राजा अंशुबर्माले पाञ्चालीलाई धेरै प्रोत्साहन दिए । यसबाट तिनको राजनीतिक, सामाजिक र सांस्कृतिक महत्व बढ्यो । उनले देवताले एक अंश पाउने श्रावणिका करको एक भाग पाञ्चालीले समेत पाउने व्यवस्था गरिदिए । उनले पाञ्चालीलाई पवित्र संस्थाको रूपमा रूपान्तरण गरिदिए । यस्तै लिच्छवि कालका अन्य राजाहरूले पनि पाञ्चालीलाई समुन्नत पार्न अनेकौँ सुविधाहरू प्रदान गरेका थिए । अंशुबर्माले जनता, जनप्रतिनिधि र पाञ्चालीको पक्षमा अन्य धेरै कार्य गरिदिए । यसबाट जनप्रतिनिधिको कार्य क्षमतामा वृद्धि हुँदै गएको देखिन्छ ।[६९] यिनले कतिपय पाञ्चालीलाई अधिकरणका अधिकार समेत भिकेर दिए । यसले गर्दा पाञ्चाली आर्थिक रूपले पनि सक्षम हुन थाले । पाञ्चालीको विकासमा योगदान दिने कार्य अंशुबर्मापछिका लिच्छवि शासकहरूबाट पनि भइरह्यो । यस्ता पाञ्चालीहरू उपत्यका बाहिरका विभिन्न स्थानमा पनि स्थापना गरिएका थिए ।

ग्राम पाञ्चाली मार्फत जनताहरू संगठित थिए । यसो भएको हुँदा जनतालाई प्रसन्न राख्न नसके शासनमा टिक्न नसक्ने स्थिति सिर्जना भयो । राजकीय सहयोगले ती अझ संगठित र मजबुत हुदै गए । यस कारण कतिपय राजाले शासनमा आउनासाथ ‘जनताको हित

---

[६८] वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* पृ ७५-७६ ।

[६९] वज्राचार्य र श्रेष्ठ, *पाञ्चाली . . . , पूर्ववत्,* पृ ९०-९१ ।

गर्छु' भन्ने जस्ता घोषणा समेत गरे ।[७०] कतिपय राजाले जनताको लागि स्वशासनका अधिकार दिएको, कुलो, धारा, पोखरी आदि निर्माण गरेको कुरा तत्कालीन अभिलेखहरूमा उल्लेख गरिएको पाइन्छ ।

अधिकांश लिच्छवि शासकहरूको पाञ्चालीप्रतिको लगावको कारण यसले विकसित हुँदै अगाडि बढ्ने अवसर पायो । यसले गर्दा जनप्रतिनिधिहरूको स्थानीय शासनमा पहुँच पनि बढ्दै गयो र शासनमा जनसहभागिताको स्थान उल्लेख्य रूपमा रहन पुग्यो । लिच्छवि शासनमा विद्यमान जनसहभागिता मध्यकालमा पनि यथावत् रूपमै अगाडि बढ्यो । मल्लकालमा प्रजापञ्चायतको जुन अवधारणाको विकास भयो, त्यो जनप्रतिनिधि छनोटका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । यसैबाट शासनमा जनसहभागिता सुचारु भयो ।

लिच्छवि कालको अन्त्यसँगै त्यस बेलाका पाञ्चालीहरू पनि अस्तित्व लोप भए जस्तै भए । सत्ता परिवर्तनसँगै प्रशासनमा आएको परिवर्तनले जनप्रतिनिधिका अधिकार पनि कटौती भए । तर यो समय पञ्चायत पद्धतिको सुरुआत भयो ।[७१] तर वास्तवमा यो लिच्छवि कालको पाञ्चाली व्यवस्थाकै प्रतिरूप थियो । त्यस बेलाका प्रजापञ्च जनप्रतिनिधि थिए । तिनले सेनाको काम गर्नुका साथै तिनीहरू स्थानीय प्रशासनका हर्ताकर्ता पनि थिए । केन्द्रीय प्रशासनमा समेत पनि यिनीहरूको प्रभाव विद्यमान थियो । यिनीहरूको माध्यमबाट राजाहरू प्रजालाई हातमा लिन्थे । तसर्थ यो पद्धतिले क्रमशः बढावा पाउँदै गयो ।

पूर्व मध्यकालमा पाञ्चालीको केही अस्तित्व कायम थियो । उत्तर मध्यकालमा आएपछि यसको प्रयोग हरायो । यसको सट्टामा पञ्चसमुच्चय र पञ्चशब्द प्रयोगमा आए । प्रजापञ्च जनप्रतिनिधि थिए र राजकाजमा पनि भाग लिन्थे । त्यसै गरी तिनीहरू किल्ला निर्माण गर्ने, कुलो बनाउने र अन्य जनहितका काम पनि गर्दथे । प्रजाजनको शासनमा सक्रिय सहभागिता हुन्थ्यो । देश हितका कार्यमा राजाहरूबाट तिनले प्रोत्साहन पाउँदथे । यो शासन पद्धति मल्ल कालमा अत्यन्त सक्रिय थियो ।[७२] त्यसबेला दण्ड सजाय गर्दा राजा, भारदार र प्रजा बसी निर्णय गर्नुपर्ने नियम थियो । यसबाट प्रजाको सहभागिता र महत्व स्पष्ट हुन्छ । प्रजा शासनका एक अभिन्न अङ्ग मानिएका थिए ।

मध्यकालको उत्तरार्द्धमा प्रजापञ्चको भूमिका निकै बढेर गयो । प्रजापञ्चमार्फत जनता सङ्गठित भएका थिए । राजाहरूलाई पनि तिनका विरुद्ध जान त्यति सजिलो थिएन । त्यो समयमा टोलटोलमा पञ्चकचहरीहरू पनि स्थापना गरिए । यिनीहरूको प्राथमिकता

---

[७०] *ऐजन,* पृ ९१ ।

[७१] *ऐजन,* पृ १३२ ।

[७२] धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख, पूर्ववत्,* पृ ३२६-३३३ ।

जनताको हित गर्नु नै थियो । त्यसैले राजकाजमा समेत तिनीहरूको ठूलो अधिकार एवं भूमिका कायम हुन गयो ।

पश्चिमतिर कर्णाली क्षेत्रको खस राज्यमा भने यस प्रकारको व्यवस्था थियो कि थिएन भन्ने कुरा अज्ञात नै छ । तर डोटी राज्यमा भने यो पद्धति कायम थियो । त्यहाँ पञ्चहरूको भूमिका शासनमा महत्वपूर्ण रूपमा रहेको थियो । डोटेली लोक साहित्यमा यस्ता प्रमाणहरू भेटिएका छन् । यसका आधारमा तिनीहरूको शासनमा पनि प्रभाव रहेको थियो भन्ने ज्ञात हुन्छ ।

## २.५ नेपालमा नेतृत्व छनोट र आधुनिक निर्वाचन प्रणालीको पृष्ठभूमि

नेपालमा प्रजातान्त्रिक पद्धतिको निर्वाचनको प्रयोग हुनुपूर्व परम्परागत ढङ्गले नेतृत्व छनोट गर्ने प्रणाली प्रचलनमा थियो । कतिपय अवस्थामा शासकहरूले निर्दिष्ट गरे बमोजिम पनि नेतृत्व छनोट हुन्थ्यो ।

नेपालमा जनप्रतिनिधिको छनोट र त्यस प्रकारका सङ्गठनको अस्तित्व प्राचीन कालदेखि नै रहेको थियो । नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा २००४ साल जेठमा भएको स्थानीय निकाय अन्तर्गत काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन पहिलो हो । काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन २०१० सालमा पनि भयो । तर विधायिकाको निर्वाचन भने २०१५ सालको आम निर्वाचनदेखि मात्र नेपालमा भित्रिएको हो ।

नेपालमा प्राचीन, मध्य एवं आधुनिक कालको अधिकांश भागमा आफ्नै प्रकारले नेतृत्व चयन गर्ने वा प्रतिनिधि छान्ने व्यवस्था अपनाइएको थियो । नेपालका केही राज्यहरूमा प्रतिनिधि छनोटको परम्परागत व्यवस्था प्रचलनमा थियो । जस अनुसार जनताले आफ्ना प्रतिनिधि छान्दथे । परम्परागत तवरले प्रतिनिधि छान्ने प्रक्रियालाई निर्वाचनको परम्परागत अवधारणा भनी व्याख्या गर्न सकिन्छ । एउटा गाउँ वा क्षेत्रमा बसोबास गर्ने परिवारको प्रतिनिधित्व गरेका घरमूलीहरूको भेलाले प्रतिनिधि छनोट गर्ने प्रणाली नै परम्परागत निर्वाचन प्रणाली हो । यस्तो परम्परागत निर्वाचन प्रणालीमा मतदानद्वारा छनोट गर्नुभन्दा पनि निर्देशित प्रक्रियाभित्र रही प्रतिनिधित्व गर्न सक्ने व्यक्तिलाई आपसी सहमतिमा छानिन्छ । यो नै परम्परागत निर्वाचन प्रणाली हो ।

नेपालमा पनि यस्ता केही उदाहरणहरू पाइन्छन् । गोर्खामा द्रव्य शाहले शाह वंशको शासन स्थापना गर्नुपूर्व त्यहाँ घले राजाहरूको शासन थियो । घलेहरूमा प्रत्येक वर्ष राजा चुन्ने परम्परा थियो । तिनीहरू एक वर्षको लागि राजा चुन्दथे । भनिन्छ, यसको लागि दसैंको समय पारी लिगलिग कोटसम्म दौड प्रतियोगिता गरिन्थ्यो । त्यस दौड प्रतियोगितामा जो पहिलो हुन्थ्यो त्यो व्यक्ति नै त्यस वर्षको लागि घलेहरूको राजा हुन्थ्यो । यसै क्रममा लमजुङका राजकुमार द्रव्य शाहले पनि एकपल्ट उक्त दौडमा भाग लिए । यसमा उनको विजय भयो र राजा भए । यस प्रकार उनले गोर्खा राज्यको जग हाले । त्यसै वंशमा

पृथ्वीनारायण शाह राजा भए । यिनले अनेकौं टुक्रामा विभक्त नेपालको एकीकरण गरेका थिए ।

नेपालमा शाहकालको  प्रारम्भदेखि राणा कालसम्म जनप्रतिनिधित्वको अवधारणाको खासै विकास हुन सकेन । यो समय राजतन्त्रको युग भएको हुनाले केन्द्रिकृत शासन प्रणाली नै देशमा हाबी थियो । राजाको इच्छा नै सर्वोपरी थियो । राणा कालको उदयपछि भने राजाका नाममा राणाहरू राज्य सत्ताको केन्द्रमा आए । तथापि, राणा कालको अन्त्यतिर आएर नेपालमा निर्वाचनको अभ्यास आरम्भ भयो । वि.सं. २००४ सालमा काठमाडौं म्युनिसिपलिटीको ऐतिहासिक निर्वाचन सम्पन्न भयो । नेपालको निर्वाचनको इतिहासमा यो घटनालाई महत्वपूर्ण घटनाको रूपमा लिनु पर्दछ ।

वि.सं. २०१५ सालभन्दा अगाडि नै निर्वाचनको प्रक्रिया नेपालमा प्रयोगमा आए तापनि संविधानसम्मत निर्वाचन प्रणाली भने वि.सं. २०१५ मा मात्रै संसद्को चुनावबाट आरम्भ भएको हो । यो संसदीय निर्वाचन २००७ सालमा राजा त्रिभुवनले घोषणा गरेको संविधान सभाको निर्वाचनको सम्बन्धमा कुन एकाइ संविधान सभा वा संसद्को निर्वाचन भन्ने वादविवाद हुँदै अन्त्यमा संसद्को निर्वाचन भएको थियो ।[७३] यो नेपालमा प्रयोग भएको पहिलो आधुनिक निर्वाचन थियो । यो वास्तवमा सत्रौं शताब्दीबाट विश्वमा सुरु भएको प्रत्यक्ष प्रजातान्त्रिक निर्वाचन प्रणाली कै रूप हो ।

यस प्रकार देशमा आधुनिक निर्वाचन अभ्यास हुनुपूर्व नै राणाकालमा नेतृत्व छनोट र निर्वाचनका केही प्रयास भएका थिए । निर्वाचनको इतिहासमा तिनलाई पनि महत्वपूर्ण मान्नु पर्ने हुन्छ । प्रत्यक्ष निर्वाचन अपनाउनु पूर्व नै वि.सं. १९८७ सालमा नेपालका विभिन्न ठाउँमा जनप्रतिनिधि छान्नको लागि स्थानीय प्रशासनिक एकाइको रूपमा पञ्चायतको स्थापना गरियो र वि.सं. १९९९ (ई..सं. १९४८) मा यसको व्यवस्थापन गर्न र छानिएका पञ्चको कर्तव्य र तिनीहरूको योग्यता निर्धारण गर्ने प्रयोजनका लागि  रुक्का र इस्तिहार जारी गरिएको थियो । यो पञ्चायत प्रणाली राजनीतिक स्वभावको नभएर विशुद्ध प्रशासनिक स्वभावको थियो । जनप्रतिनिधिको छनोट वा तिनलाई निर्वाचित गर्ने विषयमा यो व्यवस्थाको पनि ठूलो महत्व छ । ऐतिहासिक दृष्टिमा यसको पनि कम महत्व आकलन गर्न मिल्दैन ।

नेपालको निर्वाचनको ऐतिहासिक पक्षको जानकारीको लागि जसरी लिच्छवि कालमा विकास भएको पाञ्चाली पद्धति र जनसहभागिताको लागि गोष्ठी व्यवस्था, मध्यकालमा प्रचलनमा रहेको पञ्चसमुच्चय तथा देशपञ्च समुच्चयको जति महत्व छ त्यति नै महत्व राणा कालको अन्त्यतिर स्थापना गरिएको पञ्चायतको रहेको छ । २०१५ सालमा स्थापित संसदीय व्यवस्थालाई खत्तम पारेर २०१७ सालमा प्रादुर्भाव गरिएको पञ्चायती व्यवस्था र

[७३] वि. सं. १९९९ मा प्रधानमन्त्री जुद्ध शम्शेरले वीरगंज गोश्वाराका नाउँमा जारी गरेको रुक्का (लेखकको सङ्ग्रहमा रहेको)।

मध्यकाल वा राणा कालको पञ्चायतमा तात्विक भिन्नता रहेको छ । यिनीहरू जनहितको लागि स्थापना गरिएका जनप्रतिनिधिमूलक संस्था थिए जसलाई राजनीतिक धरातलमा स्थापना गरिएको थिएन । तर यसको विपरीत वि.सं. २०१९ पछि आएको पञ्चायत भने विशुद्ध राजनीतिक चरित्रको र गाउँदेखि केन्द्रसम्म तिनले राजनीतिक एकाइकै रूपमा स्थापित भएर काम गरे । तसर्थ यी दुई कालखण्डका पञ्चायतका स्वरूप र प्रकृति फरक-फरक रहेको पाइन्छ ।

राणाकालमा स्थापना गरिएका पञ्चायत जनताको लागि जनताकै प्रतिनिधिमूलक संस्था हुन् । तिनको उद्देश्य, संरचना, गठन र काम, कर्तव्य र अधिकारका बारे विस्तृत रूपमा व्यवस्था गरिएको थियो ।

वि.सं. १९८७ सालमा भीम शमशेरको समयमा स्थापना गरिएको पञ्चायतका बारेमा विस्तृत नीति निर्देशन स्वरूप वि.सं. १९९९ सालमा प्रधानमन्त्री जुद्ध शमसेरका पालामा इस्तिहार र रुक्का जारी भए । उक्त इस्तिहार र रुक्का कमाण्डर इन चिफको पत्रमार्फत सम्बन्धित गोश्वाराहरूमा कार्यार्थको लागि पठाइएको थियो ।

यसपल्ट वि.सं. १९८७ सालमा ललितपुरका लुभु, साना गाउँ, हरिसिद्धि, खोकना, चोभार, बोडे समेत ६ ठाउँमा, भक्तपुर इलाकामा ठिमी र नकदेशमा, कान्तिपुर शहरभित्र मरुटोल इलाकामा, दाङ देउखुरीमा पहिलादेखि खुलेको पञ्चायतमा पुरानो नियम समेत, वि.सं.१९९३ सालदेखि सप्तरी गोश्वारा इलाकामा, पहाडमा पूर्व १ नं., पश्चिम ३ नं. गोश्वारा इलाकामा पहिला खुलेकालाई कायमै राखी नखुलेका ठाउँमा मौजापिच्छे चार पाँच गाउँको एक पञ्चायत तथा मोफसलमा र सदरमा बडाहाकिम र अपिल अड्डाका हाकिमको तजविजले जतिसुकै पञ्चायत खडा गरे पनि हुने गरी भएको थियो ।

ती इस्तिहार र रुक्कामा यस विषयमा यस प्रकार उल्लेख गरिएको थियो :

> *"उप्रान्त ८७ सालमा सदरमा ललितपूर इलाकामा लुभु, साना गाऊ, हरिसिद्धी, खोकना, चोभार, बाडेगाऊ छ ठाउमा र र इलाकामा ठिमी, नकदेश, २ ठाउमा र कान्तिपुर शहर भित्र मरुटोलबाट नरदेवी भै छत्रपाटी जाने मूल सडक देखी पश्चिम मरुहिटीबाट बिष्णुमती जाने सडक देखी उत्तर छत्रपाटी भै इन्द्रायणी जाने मूल सडकदेखी दक्षिण बिष्णुमती देखी पूर्व येती चार किल्ला भित्रका टोलमा १ समेत ९ ठाऊमा पञ्चायत खुलि रहेको हुनाले सो ९ ठाउमा र दाङ देउखुरीमा खुलेको पञ्चायतलाई भै रहेको नियमावली सनद कायमै राखी ९१ साल पौष २४ गतेका रपोट् सदर बमोजिम नतिजाका निमित्त ९३ सालदेखी खुलाई बक्सेको मधेश तर्फ सप्तरी बेथरी गोश्वारा इलाका र पहाड तर्फ पूर्व २ नं पश्चिम ३ नं गोश्वारा इलाकाका पञ्चायतबाट भएका*

*नियमावली सनद बमोजिम साल साल भएका कामको रपोट् जाहेर गर्दा सदर मोफसलमा अहिले खुलि रहेका पञ्चायत कायमै राखी पञ्चायत खुलिनसकेका मोफसलमा र कान्तीपूर, ललितपूर, भक्तपूर शहर बाहिरका गाउ मौजाहरूमा ९१ साल पौष १४ गते ३ का रपोट् सदर बमोजिम गाऊ मौजा हेरी गाऊ मौजा पिच्छे वा चार पांच गाउको एक पञ्चायत मोफसलमा बडाहाकिमको र सदरमा अपिल अड्डाका हाकिमको तजविजले मुकर्रर गरी दिएका शहर, गाऊ, मौजा, टोलमा पञ्चायत खडा गरिदिने तिमी रैति दुनियांलाई भन्ना निमित्त यो इस्तिहार जारी गरी बक्सेको छ । पञ्च छान्न पठाउंदा यो इस्तिहार जारी भएको सदर, गाऊ, मौजा, टोलका रैतिहरूले पञ्चायतको काम गर्नालाई मुख्य पञ्च पञ्चहरू छान्दा रित पुऱ्याई पञ्च छान्ने गर्नु सो छानिएका जवानहरूमा धेरै रैतिले छानेका मुख्य पञ्च पञ्चहरू मुकर्रर भै पञ्चायत खुलेपछि सो पञ्चायत खुलेमा शहर, गाऊ, मौजा, टोलमा घरबार गरी बसि रहेका मानिसहरूको ऐनले मिलापत्र गर्न पाउने झगडा मुद्दा पर्न आएमा आफ्नो शहर, गाऊ, मौजा, टोलमा खडा भएका पञ्चायतका पञ्चहरू कहां जानु र सो पञ्चायतका मुख्य पञ्च पञ्चहरूले नियमावली बमोजिम दुबैथरी झगडीया समेत राखी कुरा बुझी पञ्चायत गरी भरसख दुबै थरी को मञ्जुरी गराई मिले मिलापत्र गराइ दिने नमिलेमा नालिस दिन जानु भनी सुनाई निस्सा पुर्जी समेत गरी दिने छन् । सो बमोजिम गर्ने काम गर । ”*

यस सम्बन्धमा निम्न प्रकारको व्यवस्था गरिएको थियो-

- खुलिसकेकोमा पुरानै नियम कायम राखी नयाँ खुल्नेमा पञ्च छान्ने ।
- छानिएका पञ्च तीन वर्षको अवधिका लागि यति जवान रैतिले चुनेको भनी मुकर्रर गरिदिने ।
- देहायका मानिसलाई मात्र पञ्च छान्नु पर्ने
    - इलाकाभित्र घरद्वार भएका, तालुकदारी, जिमिदारी गरी बसेका व्यक्ति
    - असल नियत र चालचलनमा बसेका,
    - पञ्चायतको काम गर्न सक्ने ल्याकतदार लोग्ने मानिस ।
    - तर घुसखोरी, चोरी, डाका, किर्ते, जालसाजी, लालमोहर भई सजाय हुने कुराको सजाय पाएको कसुदार व्यक्ति, इलाकाभित्र घरद्वार, जिमिदारी, तालुकदारी नभएको व्यक्ति, दुनियालाई दुःख दिएको ठहर भएको व्यक्ति

र २५ वर्ष उमेर नपुगेको व्यक्तिलाई पञ्च छान्न नसकिने व्यवस्था गरिएको थियो ।

- पञ्च प्रतिनिधि छान्न लाउँदा इलाकाभित्रका गाउँ मौजामा घरद्वार गरी बसेका १६ वर्ष पुगेका लोग्ने मानिस भएका घरका एक एक जना जम्मा गराई नियम सम्झाई रैतिलाई छान्न लगाउने र मन्जुरीको कागज लेखी छान्ने सबैको सहिछाप गराउनु पर्ने ।

- एकजना मात्र तालुकदार जिमीदार भएकोमा रैतिलाई रोजाउनु नपर्ने त्यसैलाई मुख्य पञ्चमा राख्ने तर एकजनाभन्दा बढी तालुकदार जिमिदार भएकोमा रैतिले छानेका र बडाहाकिमले मुकरर गरेकालाई मुख्य पञ्च बनाउने ।
- अरू पञ्चमा त्यसै इलाकाका रैतिले छानेकालाई राख्ने ।
- तालुकदार जिमिदार ऐन कानुन बुझि लेखापढी गर्न नसक्ने भएमा अरूलाई मुख्य पञ्चमा राख्नुपर्ने देखिन आएमा पञ्चायतको काम गर्न सक्ने लेखापढी जान्नेलाई मुख्य पञ्चमा राख्नुपर्ने, यसो गर्दा मूलुकी अड्डा ऐनसवाल फाँटबाट निकासा गराउनु पर्ने ।
- पञ्चायत खोल्नुपर्ने ठाउँमा कामको नियमावली बाँडी सदरमा सदर अपिल अड्डा, मोफसलमा गौँडा गोश्वाराले तीन महिनाभित्र पञ्च छान्नुपर्छ ।
- पञ्च छान्दा यति जवान रैतिले छानेको हुनाले पञ्च मुकरर भएको भनी किताब खडा गरी राख्नुपर्ने ।
- छानिएका मुख्य पञ्च र पञ्चले पञ्चायतको काम गर्दिन भन्न र त्यसै छाड्न पाउँदैन । आफ्ना गाउँ मौजाका रैतीको सुविस्ता र भलाईको काम गर्नैपर्छ ।

यस प्रकार जनप्रतिनिधिका रूपमा मुख्य पञ्च र पञ्च छान्ने विषयमा निर्वाचन प्रक्रिया, पञ्चका योग्यता, मतदाता आदिको विषयमा व्यवस्था गरिएको थियो ।

वि.सं. २००७ सालको परिवर्तनपछि आधुनिक प्रविधि अनुसारको प्रजातान्त्रिक निर्वाचन प्रणाली अवलम्बन गर्नेतर्फ मूलुक उन्मुख हुँदै अगाडि बढ्यो । २०१५ को संसदीय निर्वाचन, २०१५ पछि पञ्चायती व्यवस्था अन्तर्गतका ग्राम तहदेखि राष्ट्रियस्तरका निर्वाचन, २०४६ पछि संसदीय तथा स्थानीय निकाय निर्वाचन र गणतन्त्रपश्चात् संविधान सभाको निर्वाचन प्रजातान्त्रिक परिपाटीभित्रैका निर्वाचनहरू हुन् । नेतृत्व छनोट तथा निर्वाचन प्रक्रियाका दृष्टिले यी निर्वाचनका विशेषतामा तात्विक भिन्नता छैन । यो प्रक्रिया भनेको बहुमत प्राप्त गर्नेले नेतृत्वमा चयन हुन पाउने प्रक्रिया हो । यो समयावधीमा भएका घटना मध्ये २००७ को संविधान सभाको चुनावको अवधारणा, सामाजिक संस्थाका रूपमा सरकारी तवरमा स्थापित 'गाउँफर्क राष्ट्रिय अभियान' लाई विशुद्ध राजनीतिक

एकाइका रूपमा परिणत गरी त्यसपछि भएका निर्वाचन र गणतन्त्र स्थापनापछि स्थापित समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको अनुकरण नेतृत्व छनोटको इतिहासमा आएका महत्वपूर्ण मोड भएकाले यिनीहरूको स्थान र भूमिका नेपालको निर्वाचनको इतिहासमा महत्वपूर्ण देखिन्छ ।

नेपालमा प्रत्यक्ष निर्वाचनको इतिहासको दृष्टिकोणमा प्रधानमन्त्री पद्म शम्शेरको शासन काल निकै महत्वपूर्ण रहेको छ । यिनले शासन व्यवस्थामा सुधार गर्नको लागि मुख्य मुख्य भारदारहरूसँग राय लिने काम पनि गरे । विशेष गरी उनले हाललाई निर्वाचित र मनोनीत सदस्य भएको एउटा सभा गठन गर्ने सम्बन्धी विचार बुझ्न कोशिस गरे । त्यस सभामा- मदेशबाट जेठा रैती र जिम्मेदारले छानेका ४, पहाडबाट जेठा रैती र जिम्मेदारले छानेका ४, राजधानीबाट भारदारले छानेका २, राजधानीबाट पढे लेखेका भलादमीले छानेका २, महाजनहरूले छानेका २ र मनोनीत सदस्य १४ जना राख्न कसो होला भन्ने सल्लाह लिए । त्यसै गरी यहाँका र जिल्ला जिल्लाका नगरपालिकाहरू चुनिएको समूहद्वारा चलाई पूरा जिम्मा उनीहरूलाई दिने बन्दोबस्त गर्ने ।[७४] यस प्रकार प्रधानमन्त्री पद्म शम्शेरको योजनामा दुईवटा बुँदा निर्वाचन प्रतिनिधि छनोटसँग सम्बन्धित थिए ।

२००४ जेठ ३ गतेको घोषणामा उनले निर्वाचनका बारेमा विधिवत् केही घोषणा गरे ।[७५]

> *"निर्वाचित भएका र सरकारबाट तोकिएका सदस्यहरूको सभा खडा भई काम चल्नुपर्छ भन्ने हाम्रो राय छ । यो संस्थाको अधिकार र कार्य प्रणाली, संख्या, सदस्यहरू र तिनलाई छान्ने । निर्वाचकहरूका बारेमा हाल छलफल हुँदैछ । सदा र देशभरीका जिल्ला इलाका निर्वाचित म्युनिसिटिपालिटी डिस्ट्रिक्ट बोर्ड खडा गरी स्थानीय अधिकार सुम्पिदिनेछौँ । यस विषयमा स्थानीय संस्थाहरूलाई दिइने अख्तियार र सिमाहरू उनले काम चलाउनलाई चाहिने आम्दानी उठाउने बन्दोबस्त इत्यादि कुराहरूमा पनि सुधार समितिले आयोजना गर्दैछन् ।"*

त्यस्तै २००४ माघ १३ गते नेपाल सरकार वैधानिक शासन विधान जारी गर्दा प्रधानमन्त्री पद्म शमसेरले केही महत्वपूर्ण घोषणाहरू पनि गरे ।[७६]

> *"यति लामो अवधि भरी दुनियालाई राज्य व्यवस्थामा सरिक गराउने प्रयत्न हुदै नभएको होइन । तर समय नआई पुगेकोले ती सबै प्रयत्न विफल भए । जस्तो कि सम्बत् १९०८ मा बसन्तपुरमा पार्लियामेन्टरी*

---

[७४] टोप बहादुर सिंह, *नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू*, काठमाडौं : पैरवी पकाशन, २०६६, पृ. ११३ ।

[७५] *ऐजन,* पृ. ११६ ।

[७६] *ऐजन,* पृ. ११९ - १२१ ।

*कचहरी खडा भयो । सरकारलाई बेलायती थिति बेस लागि यहाँ पनि प्रजाहरूको सम्मति सरिक गराई सोही पार्लियामेन्टरी विधान चलाउनका इच्छा भयो । तर दुनियाहरूले पहिले बहु नायक भई बिग्रेको यो नेपाललाई देसी चाला झिकि डुबाउन लागे भन्ने प्रष्ट नामञ्जुरी देखाएकोले सो पार्लियामेन्टरी योजना छोड्न करै लाग्यो । फेरि १९७५ सालमा सोही मुराद लिइ पहिलो खुड्किलाको स्वरूपमा म्युनिसिपालिटिमा निर्वाचनको प्रथा चलाउनको चेष्टा भयो । तर शहरमा सदस्यको चुनाव हुँदा बहुतै हलचल भयो । शहरका बासिन्दामा परस्पर मेल र सहयोग भई रहेको ठाउँमा साम्प्रदायिक झगडा र अशान्ति फैलियो र सरकार आफैंले सदस्य चुनि काम चलाउने प्रबन्ध भयो ।"*

*"केन्द्रिय सभाका लागि प्रतिनिधि चुन्ने विषयमा एक मौलिक योजना तयार भएको छ । पाश्चात्य देशको चुनावको ढंगलाई परम्परादेखि चलिआएको हाम्रो संस्कृतिलाई सुहाउने पञ्चायती प्रणालीमा ढाल्नाको उद्योग भएको छ । उमेर पुगेका सबैलाई चुनावको हक दिइएको छ । तर यसमा सरकारले एक कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ । मूलुकभरका असल, लायक र जेहेन्दार निर्वाचित प्रतिनिधि आई सरकारलाई मद्दत गरुन् भन्ने अभिलाषा सरकारको छ । तर यो निर्वाचनको सिलसिलाले गर्दा मूलुकमा झैं झगडा र अशान्ति फैलियो बडो नराम्रो कुरा हुन जानेछ । सो सरकारले कदापि हुने दिने छैन । मूलुकलाई दल पद्धतिको भुमरीमा धकेलि उम्मेद्वारको योग्यता भन्दा दल वा समूहको जोडले निर्वाचनमा जाने प्रथालाई सरकारले कुनै पनि हालतमा प्रोत्साहन दिने छैन । निर्वाचन पद्धतिले गर्दा सबभन्दा योग्य व्यक्तिलाई अगाडि ल्याउन मद्दत हुने हुनाले सो प्रारम्भ गरेको हो । तर त्यसका साथ साथै चुनाव गर्दाको अधिक खर्च, दिक्कत, पीर र कलहलाई पनि संगै सँगै हाम्रो राजनीतिक जीवनमा घुस्न दिनु हुँदैन । केन्द्रमा दुई सभा हुनु पनि एक सर्व स्वीकृति सिद्धान्त हो । संसारका प्राय: सबै देशमा दुई सभा भएका व्यवस्थापक समुदायहरू रहेको सबैले थाहा पाएकै छन् । हाम्रा दुवै सभाहरूमा नियुक्त सदस्यहरू पनि राखिएका छन् ।"*

२००४ को वैधानिक कानुनमा निर्वाचन सम्बन्धी केही प्रावधानहरू राखियो ।[७७] यसमा पञ्चायती सभा र ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था गरी निर्वाचनको लागि निम्न व्यवस्था गरियो ।[७८]

---

[७७] *नेपाल सरकार वैधानिक कनुन २००४,* भाग ४

- सरकारबाट बनेको नियम अनुसार योग्य ठहरेका, उमेर पुगेका, जनताका भोटद्वारा ५ देखि १५ सम्म सदस्यहरूको एकग्राम पञ्चायत हरेक ग्राममा वा ग्राम समूहमा रहने छ ।
- यिनीहरूले आफ्नै प्रधानपञ्च चुन्नेछन् ।
- हरेक शहरमा नागरिक क्षेत्रमा पनि त्यस्तै किसिमबाट १० देखि ५० निर्वाचित सदस्यहरूको एक नगर पञ्चायत रहनेछ ।
- हरेक ग्राम पञ्चायत र नगर पञ्चायतका सभापतिहरूले आपसबाट आवश्यकता परेमा आफ्ना सदस्यहरूबाट उल्लेख गरिएका विशेष प्रतिनिधिहरू समेत भई तिनीहरूको समूहबाट सरकारले तोकिएको स्थानमा एक एक जिल्ला पञ्चायत रहनेछ । यिनीहरूले पनि आफ्नै प्रधानपञ्च चुन्नेछन् ।

त्यसै गरी एउटा व्यवस्थापक सभाको रूपमा केन्द्रीय सभाको पनि व्यवस्था गरियो । यसमा राष्ट्र सभा र भारदारी सभाको व्यवस्था भयो ।[७९] यो कार्य २००६ तिर सुरु भएर २००७ आश्विनमा मात्र व्यवस्थापक सभाको संयुक्त बैठक बस्यो । विधानमा व्यवस्था भए अनुसार-

- श्री ३ महाराज, राज्यसभा र भारदारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्ने छ ।
- राष्ट्र सभामा निर्वाचित र सरकारबाट नियुक्त भएका सदस्यहरू गरी ६० मा नघटाई ७० मा नबढाई सदस्यहरू रहनेछन् । यी दुई किसिमका सदस्यहरू ३ र २ को दामाशाहीले वा सो भन्दा सकेसम्म नजिक अनुपातमा सदस्य मुकर्रर हुनेछन् ।
- भारदारी सभामा सकभर सबै संस्था, पेशा, रोजगार र विशेष योग्यताद्वारा मूलुकको गौरव बढाएका व्यक्तिहरूको ख्याल राखी बक्सी श्री ३ महाराजका तजविजबाट घटीमा २० र बढीमा ३० सदस्यहरू निर्वाचित गरिबक्सने छ ।

यसपछि प्रधानमन्त्री मोहन शम्शेरको समयमा पनि केही महत्वपूर्ण घोषणा भए, जसमा निर्वाचनको बारेमा उल्लेख गरिएको थियो ।[८०]

---

[७८] टोप बहादुर सिंह, *पूर्ववत्*, पृ. १२७ ।

[७९] राष्ट्रसभामा निर्वाचित सदस्य ३३ जिल्ला पञ्चायतका प्रधानपञ्च, ४ नगर पञ्चायतका प्रधानपञ्च, विशेष योग्यता भएका व्यक्ति तथा श्री ३ बाट नियुक्त सदस्य ।

[८०] टोप बहादुर सिंह, *पूर्ववत्*, पृ. १४६ ।

*"अहिलेसम्म देशभरीमा ग्राम र जिल्ला पञ्चायत गरी अन्दाजी २०० पञ्चायत खडा भैसकेका छन् । केन्द्रीय संसद् खडा गर्नलाई रीत भएको थिएन । तापनि यही साल आश्विन ६ गते पार्लियामेन्ट खडा गरियो । पार्लियामेन्टको पहिलो बैठकमा धेरै शासन समितिहरू खडा पनि भए ...."*

यो घोषणा २००७ साल पुस १४ गते भयो । यसमा केही अन्य कुराहरूमा जोड दिइयो ।[८१]

- देशभरीका सम्पूर्ण बालिगहरूले आम चुनावद्वारा छानेको एक वैधानिक सभा सकभर चाँडै खडा गर्ने ।
- वैधानिक सभा खडा गर्नलाई दरकार हुने कारवाहीद्वारा उन्नति वेग ढिला नहोस् भन्नाको निमित्त तुरुन्त एक मन्त्री मण्डल खडा हुनेछ ।
- २००९ सालभित्र पाँच सय जति ग्राम र जिल्ला पञ्चायतहरू खडा गर्ने ।

२००७ सालको दिल्ली सम्झौतापछि राजा त्रिभुवनले संविधान सभाको निर्वाचन गर्ने घोषणा गरे । सो घोषणा अनुसारः[८२]

*" आज हाम्रो प्रजाको शासन अब उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले "*

*" यो विधान तयार नभएसम्म अहिले हामीलाई कार्य सम्पादन गर्नमा मद्दत र सल्लाह दिनको निमित्त दुनियाको विश्वास भएका दुनिया प्रतिनिधिहरू समेत सम्मिलित भएको एक मन्त्री मण्डल गठन होस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले"*

२००७ सालको अन्तरिम शासन विधानले निर्वाचन सम्पन्न गर्न एउटा निर्वाचन कमिशन र निर्वाचन अफिसरहरूको व्यवस्था गर्‍यो । यसको भाग ६ मा निर्वाचन सम्बन्धी व्यवस्था गरियो । जस अनुसार- :[८३]

- विधान बनाउने विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सृजना गर्ने ।

---

[८१] गृष्म बहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण,* भाग १, काठमाडौं : ध्रुव बहादुर देवकोटा, २०१६, पुनर्मुद्रित २०३६, पृ. ५३ ।

[८२] टोप बहादुर सिंह, *पूर्ववत्,* पृ. १४७ ।

[८३] *ऐजन,* पृ. १६१ ।

- निर्वाचनका निमित्त मताधिकारीहरूको नामावली तयार गर्न, कामको रेखदेख नियन्त्रण र निर्देशन गर्न, निर्वाचन गराउन, निर्वाचन सम्बन्धित शंका र मुद्दा हेर्न, निर्वाचन अदालत नियुक्त गर्न अधिकार दिई एक आयोग खडा गरिने छ। जसलाई ऐनमा निर्वाचन आयोग मानिनेछ।
- निर्वाचन आयोगमा एक प्रधान निर्वाचन कमिश्नर र अन्य आवश्यकता अनुसार निर्वाचन कमिश्नरहरू रहनेछन्।
- निर्वाचनको निमित्त मताधिकारीको नामावलीमा धर्म, जाति, वर्ण र लिङ्ग आदिको आधारमा भेदभाव गरिने छैन।
- निर्वाचन सम्बन्धमा आवश्यक ऐन र सवालहरू बनाइने छ।
- निर्वाचन प्रयोजनको लागि निर्वाचनको क्षेत्र तोकिने छ।

यस प्रकार संविधान निर्माणको काम नेपाली जनतालाई दिने आश्वासन प्राप्त भयो । यो कुरा अन्तरिम शासन विधानमा समेत पर्‍यो । निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचन आयोगको काम, कर्तव्य, अधिकार, उम्मेदवारको योग्यता आदि तोक्न एउटा जनप्रतिनिधि ऐन पनि बनाइयो। अर्को नागरिकता ऐनले प्रवासी नेपालीलाई एक वर्ष नेपालमा बसोबास गरेको भए उम्मेदवार बन्न छुट दियो।[८४] विभिन्न कारणले गर्दा राजा त्रिभुवनको समयमा निर्वाचन हुन सकेन । राजनीतिक झगडाले गर्दा नौ महिनामा नै सरकार भंग भएपछि कसैलाई सरकार गठन गर्न आह्वान नगरी सल्लाहकार सभामार्फत त्रिभुवनले शासन सुरु गरे । समय अनुकूल भएपछि मातृका प्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भयो । त्रिभुवनको चार वर्षको शासन कालमा उनले घोषणा गरे बमोजिमको चुनाव सम्पन्न हुन सकेन।

महेन्द्र राजा भएपछि उनी बाबुको चुनावी घोषणाप्रति भने वचनबद्ध भएनन्। तर उनले २०१४ माघ १९ गते एउटा घोषणा गरे। त्यसमा निर्वाचनका बारेमा केही कुराहरू उल्लेख गरेका थिए।[८५]

- चुनाव नभएसम्म सरकारी कामकाजमा यथाशक्य जनाताको राय सल्लाह र प्रतिनिधित्व प्राप्त होस् र जनताले प्रजातान्त्रिक पद्धतिको अनुभव हासिल गरून् भनेर आवश्यकता भएमा हेरफेर समेत गरी एउटा सल्लाहकार सभाको आयोजना गरिनेछ। त्यसमा देशका विभिन्न व्यक्तिहरू मनोनीत गरिनेछ।

---

[८४] *नेपाल गजेट,* वर्ष १, २००८ माघ २८।

[८५] *२०१४ साल माघ १ को शाही घोषणा।*

भवेश्वर पंगेनी, *चुनाव सन्दर्भ र राजनैतिक सम्मेलन वि.सं. २०१४,* २०६९, पृ. ३०-३२।

- चुनावको प्रबन्ध र प्रगतिको निमित्त चाडै नै वर्तमान निर्वाचन कमिशन बोर्ड विघटन गरी नयाँ निर्वाचन बोर्डको गठन र त्यसमा विशेष गरी राजनीतिक पार्टीहरूलाई समय समयमा सुझाव सल्लाह दिने र चुनाव प्रगति गर्ने गराउने एवं बुझ्ने व्यवस्थाको प्रबन्ध मिलाउने ।

२००७ सालको घोषणामा त्रिभुवनले जनताले चुनेको वैधानिक सभाले बनाएको विधान अनुसार देशको शासन चलाउने कुरा व्यक्त गरे पनि उनको समयमा संवैधानिक सभाको निर्वाचन हुन सकेन । महेन्द्रले राजा भएको केही महिनामै चुनावको तिथि घोषणा गरे, जस अनुसार २०१४ आश्विन पूर्णिमाका दिन निर्वाचन हुने तय भयो । तर यो निर्वाचन के को लागि गर्ने भन्ने विषयमा कुनै स्पष्टता आएन । डा.के.आई. सिंहले प्रधानमन्त्री हुँदा एउटा चुनाव बोर्ड गठन गर्ने प्रयास गरेका थिए र सो बोर्डको रिपोर्ट पाएपछि दुई महिनाभित्र चुनाव गर्ने प्रतिबद्धता पनि जाहेर गरेका थिए ।[८६]

टंकप्रसाद आचार्यले प्रधानमन्त्री भएपछि संविधान सभाको लागि चुनाव गर्ने कुरा अझै टुंगो लागेको छैन भन्ने विचार व्यक्त गरी थप अन्योल सृजना गराइदिए । उनको भनाइमा यस्तो चुनावबाट दुईवटा सार्वभौम सत्ता बन्नेछन् भन्ने थियो ।[८७] तर राजनीतिक दलहरूले उनको कडा विरोध गरे । उनको विरुद्ध सर्वोच्चमा मुद्दा समेत पर्‍यो । तर अन्त्यमा मुद्दाको फैसला भने प्रधानमन्त्रीको पक्षमा गयो । यस प्रकारको खिँचातानीको अवस्थामा राजा महेन्द्रले २०१५ फाल्गुण ७ गतेका दिन चुनाव हुने भनी निर्वाचनको दिन तोकिदिए । साथै निर्वाचन संसद्को लागि हुने कुरा पनि स्पष्ट पारिदिए ।[८८] परिणामतः २००७ मा घोषित संविधान सभाको चुनाव अन्त्यमा संसद्कै लागि हुने भयो । २०१५ सालको संविधानले महासभा र प्रतिनिधि सभा भएको दुई सदनात्मक संसद्को व्यवस्था गर्‍यो । महासभाका ३६ मध्ये १८ सदस्य निर्वाचित हुने व्यवस्था पनि गरियो । प्रतिनिधि सभामा १०९ निर्वाचन क्षेत्र तोकियो । निर्वाचन प्रक्रिया पूरा गर्न अन्य व्यवस्थाहरू पनि गरिए ।[८९] यो संविधान अनुसार घोषित मितिमा बालिग मताधिकारको आधारमा निर्वाचन सम्पन्न भयो । यस निर्वाचनमा नेपाली कांग्रेसले ७४ स्थान ल्याई प्रतिनिधि सभामा दुई तिहाइभन्दा बढी स्थान प्राप्त गर्‍यो ।

तर २०१७ साल पौषमा राजाले संसदीय व्यवस्था निलम्बन गरे । तत्पश्चात विशेष परिस्थितिमा शासन व्यवस्था सञ्चालन गर्नको लागि एउटा ऐन जारी भयो । तर २०१८

---

[८६] पंगेनी, *पूर्ववत्,* ।

[८७] त्रिरत्न मानन्धर, नेपालमा संविधान सभा कि संसद्-एक प्रश्न, *नवआलोक,* वर्ष १, अङ्क १, २०३६ पृ.९

[८८] गृष्म बहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण,* भाग २, काठमाडौं : ध्रुव बहादुर देवकोटा, २०३६ (पुनर्मुद्रित), पृ. २ ।

[८९] *नेपाल अधिराज्यको संविधान, २०१५* भाग ५ ।

साल मार्गमा निलम्बित संविधानका केही धाराहरूलाई पुनः चालु गरियो । २०१९ पौष १ गते 'नेपालको संविधान २०१९' जारी भयो । यसले अन्य कुराको साथै स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्मको पञ्चायतको व्यवस्था गऱ्यो । ती अङ्गहरूमा निर्वाचित सदस्यहरूका साथै केही मनोनीत सदस्यहरूको पनि व्यवस्था भयो ।[९०]

२०१९ सालको संविधानको पहिलो संशोधन २०२३ ले निर्वाचन आयोगका संम्बन्धमा केही व्यवस्था गऱ्यो । यसमा प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति, तिनीहरूको पदावधि एवं आयोगको काम, कर्तव्य र अधिकार आदिका सम्बन्धमा व्यवस्था गरियो ।[९१] नेपालको निर्वाचनको ऐतिहासिक विकास क्रममा २०३२ सालमा भएको संविधानको दोश्रो संशोधनको महत्वपूर्ण स्थान रहेको छ । यो संशोधनले 'गाउँ फर्क राष्ट्रिय अभियान' लाई संवैधानिक अङ्ग बनायो । तर यो पञ्चायती दर्सनको Think Tank थियो । यसलाई दिइएको नयाँ राजनीतिक भूमिकाले नेपालको राजनीतिमा महत्वपूर्ण स्थान लियो र आगामी दिनहरूमा निर्वाचनमा पनि यसको व्यापक प्रभाव पऱ्यो ।[९२]

नेपालको राजनीतिमा नेतृत्व चयनका दृष्टिले 'गाउँ फर्क राष्ट्रिय अभियान' को आफ्नै महत्व छ । यसको स्थापना वि.सं. २०२४ सालमा भएको हो । स्थापना कालमा यो राजनीतिक स्वभावको थिएन । बरु यो सामाजिक विकासको भावनाबाट प्रेरित थियो । तर राजनीतिक नीति निर्माताहरूले यसका निहित उद्देश्यमा परिमार्जन गरी यसलाई सक्रिय राजनीतिक संस्थाको रूपमा विकसित गरे । वि.सं. २०३२ सालमा नेपालमा केही राजनीतिक उथलपुथल भयो । तत्पश्चात राजनीतिमा यो अत्यन्त सवल संस्थाको रूपमा अगाडि आयो । वि.सं. २०३२ सालमा भएको नेपालको संविधानको दोस्रो संशोधनबाट यसले संवैधानिक अङ्गको स्तर पायो । यसले गर्दा 'गाउँ फर्क राष्ट्रिय अभियान' एउटा शक्तिशाली राजनीतिक एकाइको रूपमा स्थापित भयो ।[९३] त्यसपछि २०३६ सालमा जनदवाबको परिणाम स्वरूप यसको अवसान नभएसम्म यसले नेपालको राजनीतिमा केन्द्रबिन्दुको रूपमा रहेर काम गऱ्यो । जनप्रतिनिधि छनोटमा समेत यसको ब्यापक प्रभाव रह्यो । गाउँ तहदेखि राष्ट्रियस्तरसम्मका पञ्चायतका हरेक एकाइका निर्वाचनमा उम्मेदवार बन्नको लागि 'गाउँ फर्क राष्ट्रिय अभियान' को सिफारिस अनिवार्य गरियो । पञ्चायत विरोधी व्यक्ति र खेमालाई राजनीतिमा घुस्नबाट रोक्न र विरोधीहरूलाई पञ्चायती संरचनाभित्र समाहित गराउनका लागि सिफारिस सम्बन्धी यस्तो व्यवस्था गरिएको थियो । यसले एकजना उम्मेदरवारलाई मात्र सिफारिस गर्ने नीति लियो । यसकारण कुनै पनि

---

[९०] *नेपालको संविधान, २०१९* ।

[९१] टोप बहादुर सिंह, *पूर्ववत्*, पृ. २९७- २९८ ।

[९२] *नेपालको संविधान, २०१९* दोस्रो संशोधन २०३२ ।

[९३] *ऐजन* ।

पदको लागि सिफारिस गरिएका व्यक्ति एक जनाको मात्र उम्मेदवारी पर्ने हुँदा अबको निर्वाचनमा प्रत्यक्ष मतदान गर्नु पर्ने आवश्यकता रहेन । उम्मेदवारहरू निर्विरोध निर्वाचित हुन थाले । यसको कुनै विकल्प रहेन । वास्तवमा 'गाउँ फर्क राष्ट्रिय अभियान' पञ्चायत राजनीतिको केन्द्र बिन्दु बन्यो । यसको समर्थनबिना पञ्चायतका कुनै पनि तहका निर्वाचनमा विजय हासिल गर्नु सम्भव थिएन । पञ्चायतको राजनीति गर्न चाहने सबैले यसको नीति अनुसार चल्नै पर्दथ्यो ।[९४]

देशमा देखा परेको यस प्रकारको राजनीतिक वातावरणले गर्दा तत्कालीन राजनीतिक तहका सबै निर्वाचनमा प्रत्यक्ष मतदानभन्दा छनोट प्रणाली विकसित भयो । राजनीतिक व्यवस्थाले चाहेका व्यक्ति मात्र जनप्रतिनिधिका रूपमा छनोट हुन सक्ने परिपाटी सुरु भयो । यो प्रथा नेपालको निर्वाचनको इतिहासमा नौलो प्रयोगको रूपमा आयो । तर केही समयपश्चात् नै यो व्यवस्थालाई हटाउनु पर्ने परिस्थिति बन्यो र राष्ट्रिय जनमत सङ्ग्रहपछि २०३७ सालमा भएको संविधानको तेस्रो संशोधनपछि 'गाउँ फर्क राष्ट्रिय अभियान' को अन्त्य भयो । यसका साथै जनप्रतिनिधि छान्ने यस प्रकारको सिफारिस प्रथा पनि समाप्त भयो । यो व्यवस्था हटेपछि प्रत्यक्ष निर्वाचनका आधारमा जनप्रतिनिधि चुन्ने प्रणाली पुनर्स्थापना गरियो ।

वि.सं.२०३२ सालदेखि २०३६ सालसम्म देशमा निकै राजनीतिक उथलपुथल भयो । अन्तमा राजा वीरेन्द्रले २०३६ जेष्ठ १० गते बहुदलीय व्यवस्था कि सुधारिएको पञ्चायत भन्ने निर्क्योल गर्न जनमत सङ्ग्रहको घोषणा गर्नुपर्‍यो । त्यस घोषणामा राजाले निम्न कुरा उल्लेख गरे-[९५]

- राष्ट्रिय चुनाव आयोगको गठन गर्ने ।
- उमेर पुगेका सबै नेपालीले गोप्य मतदान दिन पाउने ।

वि.सं.२०४६ सालको जनआन्दोलन पश्चात 'नेपाल अधिराज्यको संविधान, २०४७' जारी भयो । यसले देशमा संसदीय व्यवस्था स्थापना गर्‍यो । यो संविधानले निर्वाचनका सम्बन्धमा निम्नलिखित व्यवस्था समेत गर्‍यो ।[९६]

- निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्न एक निर्वाचन आयोगको व्यवस्था,
- प्रमुख निर्वाचन आयुक्त र आवश्यकता अनुसार अन्य आयुक्तको व्यवस्था,
- निर्वाचन क्षेत्र निर्धारण आयोगको व्यवस्था, तथा

[९४] टी. लुई ब्राउन, *दि च्यालेन्ज टु डेमोक्रेसी इन नेपाल,* लन्डन : रोट्लेज, २००२, पृ. ८६ ।

[९५] २०३६ जेष्ठ १० गतेको जनमत सङ्ग्रह सम्बन्धी शाही घोषणा ।

[९६] *नेपाल अधिराज्यको संविधान २०४७*।

- निर्वाचन अदालतको व्यवस्था ।

यो संविधान अनुसार संसद् तथा स्थानीय एकाइहरूका लागि बालिग मताधिकारको आधारमा निर्वाचनहरू भए । तर २०५२ सालमा माओवादी विद्रोह सुरु भएपछि निर्वाचन प्रक्रियामा केही असहजता देखा पर्‍यो । यो विद्रोहले देशमा ठूलो राजनीतिक परिवर्तन ल्यायो । माओवादी र सत्तारुढ सातदल बिच 'द्वन्द्व समाधान सम्बन्धी सम्झौता' भएपछि २०६३ माघ १ मा नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । यसले निर्वाचनको सम्बन्धमा केही व्यवस्था गर्‍यो ।[९७]

- एक निर्वाचन आयोगको व्यवस्था,
- प्रमुख निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्त नियुक्तिको व्यवस्था
- निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था, आदि ।

नेपालको निर्वाचनको इतिहासमा अर्को महत्वपूर्ण परिवर्तन जनआन्दोलन २०६२-६३ ले ल्यायो । तत्पश्चात संविधान निर्माणको लागि २०६४ साल चैत्र २८ मा संविधान सभाको निर्वाचन भयो । संविधान सभाको निर्वाचनपश्चात् नै राजनीतिक दलहरूको सहमतिमा जनप्रतिनिधित्व गर्ने व्यवस्थामा महत्वपूर्ण परिवर्तन गरियो । यस अनुसार संविधान सभा तथा व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्दा मिश्रित प्रणालीका आधारमा निर्वाचन हुने व्यवस्था गरियो ।[९८] यो संबिधानमा तीन प्रकारले संबिधान सभा सदस्य निर्वाचित हुने व्यवस्था गरियो ।

- प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य संख्या बिचको अनुपात यथासम्भव समान हुने गरी दुईसय चालीस निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने दुई सय चालीस सदस्य,
- सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने तीन सय पैतीस सदस्य,
- राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्‍याएका विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिबासी

---

[९७] *नेपालको अन्तरिम संविधान २०६३*, भाग १४ ।

[९८] सत्तारुढ दल र बिद्रोही माओवादी द्वन्द्व समाधान सम्बन्धी सम्झौता, २१ कार्तिक २०६३ । *नेपालको अन्तरिम संविधान, २०६३*।

जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने छब्बीस जना सदस्य ।

यो संविधानले देशमै पहिलो पल्ट बालिग मताधिकारका साथै समानुपातिक निर्वाचन प्रणाली पनि ग्रहण गर्‍यो । यसमा राजनीतिक दललाई प्राप्त मतका आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुसार तीन सय पैंतीस सदस्य निर्वाचित हुने व्यवस्था गरियो । नेपालको लागि यो प्रणाली नितान्त नयाँ व्यवस्था थियो ।

संविधान सभाले दुई वर्षभित्र संविधान जारी गर्ने जनादेश प्राप्त गरेको थियो । राजनीतिक दलहरूबिच संविधानका अन्तरवस्तुमा सहमति कायम हुन नसक्दा पटक पटक म्याद थप भई करिब चार वर्षसम्म संविधान निर्माणको प्रयास भयो । तर संविधान लेखन कार्यले पूर्णता पाउन सकेन । संविधान सभाको म्याद थपका सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०६८/८/९ गते भएको फैसला बमोजिम २०६९ साल जेठ १४ गतेपछि संविधान सभाको म्याद थप हुन सक्ने अवस्था रहेन र सोही दिन संविधान सभाको कार्यकाल समाप्तत भयो । यसरी संविधान सभाबाट संविधान निर्माण गर्ने कार्य अधुरै रह्‍यो । तर संविधान सभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको उत्कट चाहना बमोजिम २०७० साल मङ्सिर ४ गते पुनः अर्को संविधान सभाको निर्वाचन सम्पन्न भयो । दोस्रो संविधान सभाले २०७२ असोज ३ गते आइतबार (सेप्टेम्बर २०, २०१५) का दिन नेपालको संविधान जारी गर्‍यो ।[९९]

संविधानले मूलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी राज्यलाई संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचित गरेको छ । निर्वाचनको व्यवस्थापन र सञ्चालनका लागि संवैधानिक निकायको रूपमा निर्वाचन आयोगको व्यवस्था गरी आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनको जिम्मेवारी दिइएको छ । यसका अलावा राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने, निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने समेतका जिम्मेवारी पनि आयोगमा रहन पुगेको छ ।

---

[९९] *नेपालको संविधान,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

परिच्छेद तीन

# निर्वाचन व्यवस्थापन निकाय

परिच्छेद तीन

# निर्वाचन व्यवस्थापन निकाय

निर्वाचनको उद्देश्य प्राप्त गर्नका लागि निर्वाचन व्यवस्थापन निकायको आवश्यकता पर्दछ । एकातिर यस्ता निकायहरूको चयन प्रणालीगत आधारमा गरिएको हुन्छ भने अर्कोतिर प्रतिनिधिमूलक शासन व्यवस्थाको स्थानीय आवश्यकतालाई पनि महत्व दिएको हुन्छ । तर जुनसुकै अवस्थामा पनि निर्वाचन व्यवस्थापन निकायबिना निर्वाचन गर्ने गराउने उद्देश्य प्राप्त गर्न सकिँदैन । त्यसैले निर्वाचन व्यवस्थापन भन्नाले त्यस्तो संस्था वा निकाय बुझिन्छ जसको एकल उद्देश्य निर्वाचन सञ्चालनका लागि आवश्यक सबै वा केही प्रकारका काम कारबाहीहरूको व्यवस्थापन गर्नु हो । यसले जनमत सङ्ग्रह, नागरिक पहलहरू तथा प्रत्याह्वानको मत (Recall Vote) समेत प्रत्यक्ष प्रजातान्त्रिक साधनहरूको पनि व्यवस्थापन गर्नुपर्ने हुन सक्छ । समग्रमा निर्वाचन व्यवस्थापन निकायले व्यवस्थापन गर्नुपर्ने काम कारबाही निम्न छन् :

१. स्वतन्त्र र स्वच्छ रूपमा निर्वाचन व्यवस्थापन गर्ने,
२. संविधान वा कानुन बमोजिम मतदान गर्न को योग्य छ ? भन्ने निश्चित गर्ने,
३. निर्वाचनमा भाग लिने सहभागी (राजनीतिक दल तथा उम्मेदवार) को सूची प्राप्त गर्ने वा तिनीहरूको मनोनयनलाई कायम गर्ने,
४. मतदान कार्य सञ्चालन गर्ने,
५. मतगणना गर्ने तथा पाएका मतहरूको सूचीकरण गर्ने,
६. निर्वाचन परिणाम घोषणा गर्ने ।

यस्ता निर्वाचन व्यवस्थापन सम्बन्धी काम कारबाहीहरूको जिम्मा विभिन्न निकायलाई दिइएको छ भने निर्वाचन सम्बन्धी त्यस्तो जिम्मेवारी निर्वाह गर्ने सबै निकायलाई निर्वाचन व्यवस्थापन निकाय (इलेक्टोरल म्यानेजमेन्ट बडिज्) भन्न सकिन्छ । यस्तो निकाय एउटा मात्र पनि हुन सक्छ वा कुनै ठूलो संस्थाको एउटा विशेष प्रकारको व्यवस्थापन एकाइ पनि हुन सक्छ । त्यस्तो निकायले निर्वाचन बाहेकका अरू पनि धेरै काम कारबाही निर्वाह गरेका हुन सक्छन् । यस्ता निकायले उक्त अत्यावश्यक काम कारबाहीका अतिरिक्त मतदाता नामावलीमा मतदाताको नाम दर्ता, निर्वाचन क्षेत्रको सीमाङ्कन, मतदाता शिक्षा वा सूचना प्रवाह गर्ने कार्य, सञ्चार माध्यम अनुगमन तथा निर्वाचन सम्बन्धी विवाद निरूपणको कार्य पनि गरेका हुन सक्छन् । तथापि यस्तो निकाय जसले सीमाङ्कन (जस्तो : सीमा सीमाङ्कन आयोग), निर्वाचन विवाद समाधान (जस्तो : निर्वाचन अदालत),

निर्वाचन सञ्चार माध्यम अनुगमन (जस्तो : सञ्चार माध्यम अनुगमन आयोग वा मतदाता शिक्षा तथा सूचना सञ्चालन जस्तो नागरिक शिक्षा आयोग) लाई निर्वाचन व्यवस्थापन निकाय मानिँदैन । किनकी यसले माथि उल्लिखित अत्यावश्यक तत्वहरूको व्यवस्थापन गर्दैन । त्यसैले यिनीहरूलाई सहयोगी निकाय मात्र भन्न सकिन्छ । यसै गरी केन्द्रीय तथ्याङ्क विभाग जसले जनगणना सञ्चालन गर्दछ, त्यसलाई पनि निर्वाचन व्यवस्थापन निकाय भनिँदैन ।

विभिन्न निर्वाचन प्रणालीमा विभिन्न प्रकारका निर्वाचन व्यवस्थापन निकाय कार्यरत देखिन्छन् । मूलुकको शासन प्रणाली राष्ट्रपति वा अध्यक्षात्मक वा संसदीय प्रणाली के छ भन्ने कुराले पनि निर्वाचन व्यवस्थापन निकायको छनोटमा असर गर्दछ । कतिपय मूलुकहरूमा एउटै संघीय राज्यभित्र पनि विभिन्न शासन प्रणाली अपनाइएको पाइन्छ । संसदीय प्रणालीमै पनि निर्वाचन सञ्चालन वा जनमत सङ्ग्रहका तरिकाहरू फरक-फरक हुन सक्छन् । त्यस्तै अत्यावश्यक निर्वाचन कार्य नगर्ने निकायहरूलाई पनि निर्वाचन व्यवस्थापन निकाय भनिने गरेको देखिन्छ । जस्तो संयुक्त राज्य अमेरिकाको संघीय निर्वाचन आयोगले संघीय निर्वाचन प्रचार-प्रसार सम्बन्धी वित्तीय कानुन लागू गर्ने जिम्मेवारी पाएको छ । तर, चलेको चलनमा त्यस्तो संस्थालाई निर्वाचन व्यवस्थापन निकाय मानिएको छैन । निर्वाचन सम्बन्धी जवाफदेहितालाई विभिन्न निकाय बिच विभिन्न स्तरमा बाँडफाँट गरिएको पनि देखिन्छ । जस्तो गृह मन्त्रालय वा आन्तरिक सुरक्षा मन्त्रालयलाई लिन सकिन्छ । स्थानीय आयोगहरू तथा सरकारका क्षेत्रीय वा स्थानीय निकायहरू पनि यसमा पर्न सक्दछन् ।

कतिपय मूलुकमा यस्ता निकायहरू स्थायी रूपमा व्यवस्था गरिएका छन् भने कतिपय मूलुकमा आवधिक व्यवस्थामा सीमित गरिएका देखिन्छन् । कतै केन्द्रीयकरणतर्फ झुकाव देखिन्छ भने कतै विकेन्द्रीकरणतर्फ । संघीय मूलुकमा निर्वाचन व्यवस्थापन निकाय फरक हिसाबले बनाइएको पनि देखिन्छ । यसै गरी जुन देशमा स्वतन्त्र निर्वाचन व्यवस्थापन निकाय वा तिनको नेतृत्वमा निर्वाचन गर्ने प्रचलन हुन्छ, त्यहाँ निर्वाचन निकायहरू सरकारभन्दा अलग वा स्वतन्त्र रहेर व्यवस्थापनको भूमिका निर्वाह गर्दछन् । यति हुँदाहुँदै पनि यी निकायहरूलाई कुनै न कुनै प्रकारले व्यवस्थापिका वा सरकारसँग मिलेर काम गर्नुपर्ने अवस्था आउन सक्छ ।

स्वतन्त्र निर्वाचन व्यवस्थापन निकायलाई प्रवर्द्धन गर्दै अघि बढेको मूलुकमा यस्ता निकायहरूलाई स्वतन्त्र मात्र नभई निष्पक्ष, प्रतिष्ठित, पारदर्शितामा आधारित, दक्ष, व्यावसायिक, सेवामूलक दृष्टिकोण भएको संस्था मानिन्छ ।

नेपालमा निर्वाचन व्यवस्थापन निकाय भनेको निर्वाचन आयोग नै हो । यसका क्षेत्रीय तथा जिल्ला कार्यालयहरू पनि छन् । तथापि सुरक्षा निकाय, गाउँ विकास समितिदेखि लिएर नागरिक समाज समेत सबैले निर्वाचन व्यवस्थापन निकायका रूपमा निर्वाचन आयोगलाई

सहयोग गर्दछन् । यस अर्थमा निर्वाचन आयोगको व्यवस्थापकीय जिम्मेवारी मात्र नभई यसले सम्बन्धित सबै पक्षका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने भूमिका पनि यससँग छ ।

नेपालमा निर्वाचन प्रणालीको सूत्रपात भएदेखि नै निर्वाचन व्यवस्थापनका लागि विविध प्रावधान राखिँदै आएको छ । मूलतः नेपालको अन्तरिम शासन विधान, २००७ ले नेपालको निमित्त एक (सं)विधान बनाउने (सं)विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नुलाई आफ्नो मूलभूत उद्देश्य मान्दै पहिलो पटक निर्वाचनको निमित्त मतदाताको नामावली तयार गर्ने, निर्वाचन सम्बन्धी कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने, भएको निर्वाचनमा शङ्का हुँदा वा मुद्दा परेमा मुद्दा हेर्ने निर्वाचन अदालत नियुक्त गर्ने अधिकार दिई एक निर्वाचन आयोगको व्यवस्था गर्ने अन्तरिम संविधानले स्पष्ट रूपमा उल्लेख गरेको थियो । यस ऐनको हदभित्र रही श्री ५ र मन्त्रिमण्डलबाट निर्वाचन मतदाताको नामावली तयार गर्ने, निर्वाचन क्षेत्रको सिमाना तोक्ने र उचित तवरले (सं)विधान परिषद् स्थापना गर्ने समेत कामको निमित्त ऐन सवालहरू बनाइने व्यहोरा समेत स्पष्ट गर्दै नेपालमा पहिलो पटक निर्वाचन सम्बन्धी प्रावधानहरूको चयन गरिएको थियो ।

हुन त राणा प्रधानमन्त्री पद्म शमशेरबाट वि.सं. २००७ सालको अन्तरिम संविधान जारी गर्नुभन्दा तीन वर्ष पहिले जारी गरिएको नेपाल सरकारको वैधानिक कानुन, २००४ ले पनि राष्ट्रिय सभा र भारदारी सभा भएको व्यवस्थापिका सभाको व्यवस्था नगरेको होइन । राष्ट्रसभाबाट कम्तीमा ६० र बढीमा ७० सम्म निर्वाचित सदस्यहरू रहने यस वैधानिक कानुनको व्यवस्थाको अर्थ अन्य ऐन सवालबाट निर्वाचन व्यवस्थापनका आवश्यकता तथा निकायहरूको पूर्ति गरिने कुरा बुझ्न सकिन्थ्यो । तर वैधानिक कानुन नै केही मात्रामा मात्र कार्यान्वयन हुन सक्यो । केही स्थानीय चुनाव हुनु बाहेक यसको निर्वाचन प्रणालीका सम्बन्धमा अन्य विशेष उपलब्धि केही देखिएन ।

नेपालको अन्तरिम शासन विधान, २००७ पछि नेपालमा पाँचवटा अन्य संविधानहरू पनि प्रयोगमा आए । यी मध्ये अघिल्ला चार संविधान विज्ञ तथा राजनीतिक पक्षको विभिन्नस्तरको संलग्नतामा मसौदा हुँदै तत्कालीन श्री ५ को सम्मतिबाट श्री ५ बाटै जारी भएका थिए भने २०७२ मा जारी भएको पछिल्लो संविधान भने संविधान सभाबाट मसौदा र पारित भई राष्ट्रपतिबाट जारी भएको अवस्था छ । नेपालको अन्तरिम शासन विधान, २००७ मा संविधान सभा मार्फत नै संविधान निर्माण गर्ने घोषणा भए पनि त्यस्तो कार्य विभिन्न कारणले हुन नसक्दा २०१५ सालमा राजनीतिक दल तथा स्वदेशी एवम् विदेशी विज्ञ समेतको सहकार्यमा बनेको नेपाल अधिराज्यको संविधान, २०१५ जारी भई नेपालले संसदीय प्रणाली तथा बहुदलीय शासन व्यवस्थामा प्रवेश गरेको हो । यस संविधानमा छुट्टै खण्डको व्यवस्था गरी छुट्टै भाग खडा गरी स्वतन्त्र निर्वाचन आयोगको व्यवस्था गरिएको

थिएन । तर यस संविधानको धारा २२ को उपधारा (५) ले प्रतिनिधि सभाको निर्वाचनको लागि मतदाताको नामावली तयार गर्ने काममा र निर्वाचन कार्य सञ्चालनमा रेखदेख, निर्देशन र नियन्त्रण समेत श्री ५ बाट मौसूफको स्वविवेकले नियुक्त एक निर्वाचन आयोगमा निहित हुनेछ भनी निर्वाचन आयोगको व्यवस्था भने गरेको थियो । यस संविधान अन्तर्गतका निर्वाचन निकायहरूको केवल एक पटक मात्र प्रयोग हुन सक्यो । राजा महेन्द्रबाट उक्त बहुदलीय प्रणालीको सुरुआतका अवस्थामै अन्त्य गरिएपछि निजबाट २०१९ सालमा पुनः नेपालको संविधानका नाममा दलविहीन पञ्चायती प्रणालीमा आधारित नयाँ शासन प्रणालीको घोषणा भयो । यस अन्तर्गत मूलुकको व्यवस्थापिकाका रूपमा रहेको राष्ट्रिय पञ्चायत लगायत स्थानीय स्वशासन सम्बन्धी निकायहरूको विविध रूपमा वि.सं. २०४६ सालसम्म प्रयोग भएको देखिन्छ । यस पञ्चायती संविधान अन्तर्गत पनि निर्वाचन आयोग लगायत विविध निकाय तथा प्रावधानहरूको व्यवस्था गरिएको थियो । तर, नेपालको संविधानमा वि.सं. २०२३ सालमा गरिएको पहिलो संशोधनले मात्र निर्वाचन आयोगलाई संवैधानिक अंगको रूपमा स्थापना गरेको हो । त्यसैले वि.सं. २०२३ साललाई नेपालको निर्वाचन आयोगको स्थापना वर्षको रूपमा लिइँदै आइएको छ ।

वि.सं. २०४७ सालमा नेपालमा पुनः प्रजातान्त्रिक मूल्य मान्यतामा आधारित नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । यो संविधान संसदीय प्रणाली तथा बहुदलीय व्यवस्थामा आधारित थियो । संवैधानिक राजतन्त्र, दुई सदनात्मक संसदीय प्रणाली, मौलिक अधिकार, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, स्थानीय स्वशासन समेतको विशेषताहरूले युक्त यो संविधानले पनि संविधान अन्तर्गत र अन्य कानुनको अधीनमा रही संसद् तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने गरी निर्वाचन आयोगको व्यवस्था गर्‍यो । यस संविधानले निर्वाचन क्षेत्र निर्धारण आयोगको अलग व्यवस्था गरेको थियो । यसका साथसाथै राजनीतिक संगठन वा दललाई प्रतिबन्ध लगाउन बन्देज गरिएको तथा त्यस्तो संगठन वा दलले निर्वाचनका लागि मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दर्ता गर्नुपर्ने प्रावधान समेत थप्यो ।

वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान, २०७२ आउनुभन्दा अघि सङ्क्रमण कालका लागि नेपालको अन्तरिम संविधान, २०६३ लागू गरिएको थियो । उक्त अन्तरिम संविधानले नेपालको नयाँ संविधान निर्माणका लागि संविधान सभाको निर्वाचनका सम्बन्धमा व्यवस्था गरेको थियो । उक्त अन्तरिम संविधानमा संविधान सभाको निर्वाचन प्रणाली कस्तो हुने, संविधान सभाका सदस्यहरू कसरी निर्वाचित हुने, निर्वाचन क्षेत्र निर्धारण कसरी गर्ने जस्ता विषयहरू उल्लेख गरिएको थियो ।

राणा प्रधानमन्त्री पद्म शम्शेरबाट वि.सं. २००४ सालमा जारी गरिएको नेपाल सरकारको वैधानिक कानुन २००४ जारी भए उप्रान्त आज ६८ वर्ष बितिसकेको छ । यो अवधिमा विविध संविधान अन्तर्गत विविध प्रकारका निर्वाचन व्यवस्थापन निकायको प्रयोग गरिएका

थिए । यस भागमा ती निकायहरू तथा तिनलाई स्थापना गर्ने संविधान तथा कानुनहरूका बारेमा उल्लेख तथा विश्लेषण गरिएको छ । यसको अन्त्यमा नेपालको नयाँ संविधानका व्यवस्थाहरूका साथसाथै यस संविधान अन्तर्गत बन्ने कानुनहरूले निर्वाह गर्नु पर्ने निर्वाचन व्यवस्थापन निकायका सम्बन्धमा पनि केही सुझावहरू उल्लेख गरिएको छ। यी सुझावको उपयोगिता अर्को भागमा विश्लेषण गरिने नेपालमा सम्पन्न स्थानीय निकाय निर्वाचन, विधायिकाको निर्वाचन, राष्ट्रिय जनमत सङ्ग्रह, संविधान सभा निर्वाचन २०६४ र संविधान सभा सदस्य निर्वाचन २०७० जस्ता निर्वाचनहरूको अध्ययनबाट अझ सान्दर्भिक देखिने छन् ।

## ३.१ नेपाल सरकार वैधानिक कानुन, २००४

यस वैधानिक कानुन अन्तर्गत नेपालको संवैधानिक इतिहासमा पहिलो पटक व्यवस्थापिकाको रूपमा व्यवस्थापन सभाको व्यवस्था गरिएको थियो । यसमा पञ्चायती सभा, केन्द्रीय सभा र व्यवस्थापक सभाको रूपमा तीन किसिमका विधायिकी शक्तिहरूको व्यवस्था भएको थियो । पञ्चायती सभाको व्यवस्था ग्राम पञ्चायत र नगर पञ्चायतमा थियो भने केन्द्रीय सभा श्री ३ महाराज, राष्ट्रसभा र भारदारी सभाबाट बन्दथ्यो । यसलाई नेपालको व्यवस्थापक सभा भनिएको थियो । पञ्चायती सभाका सदस्यहरू निर्वाचित हुन्थे भने ६० देखि ७० सदस्यहरू रहने राष्ट्रिय सभाका ४२ सदस्यहरू निर्वाचनबाट आउने व्यवस्था गरिएको थियो । विधानमा उल्लिखित यी व्यवस्थाहरू नेपालका लागि नितान्त नौला थिए । विशेष गरी निर्वाचनको माध्यमबाट पञ्चायत सभा, केन्द्रीय सभा तथा व्यवस्थापक सभाको व्यवस्था गर्ने प्रण पहिलो पटक गरिएको थियो ।

विधानको दफा ६४ को खण्ड (ख) मा हरेक क्षेत्रको निर्वाचित विषय, नियमहरू, भोट दिन पाउने र चुनिन पाउनेहरूको योग्यता, सदस्यहरू, आफ्नो इलाका छुट्ट्याउने इत्यादि विषय पनि सबै कुरामा सरकारबाट नियमहरू बन्ने छन् भन्ने व्यवस्था उल्लेख भए  बाहेक अन्य विशेष प्रावधान देखिँदैन । तथापि दफा ६६ ले “यो ऐनबाट काम गर्दा पहिलो पटकलाई चुनाव गर्ने विधिमा वा अरू कुनै कुराहरूमा अड्काउ देखियो भने श्री ३ महाराजबाट सो बाधा अड्काउ हटाउन जरुरी अर्डर बक्सी कानुनको मनसाय पुग्ने कारबाही गर्ने गर्न लगाइबक्सनेछ” भन्ने व्यवस्थाबाट परिआएको काम कारबाही गर्न वा निर्वाचन व्यवस्थापन निकायको व्यवस्था गर्न समेत विधानले बाटो खोलिदिएको देखिन्छ ।

यो संविधान जारी भएपछि मौलिक हक सम्बन्धी ऐन २००५, व्यक्तिगत स्वतन्त्रताको ऐन २००६, पञ्चायती अदालतको ऐन २००६, गाउँ पञ्चायतको ऐन २००६, नगर पञ्चायतको ऐन २००६ इत्यादि ऐनहरू पनि जारी गरिए । तर पनि यस अवधिमा निर्वाचन व्यवस्थापन निकायका सम्बन्धमा प्रष्ट तथा विशेष व्यवस्था हुन नसकेको देखिन्छ । यो वैधानिक कानुन

अन्तर्गतका प्रक्रियाहरू पूरा हुन नसकेका कारण यस अन्तर्गतको विशेष अनुभव यहाँ उल्लेख गर्न सकिने स्थिति छैन ।

## ३.२ नेपालको अन्तरिम शासन विधान, २००७

नेपाल सरकार वैधानिक कानुन २००४ जारी भएको तीन वर्ष पुग्दा नपुग्दै नेपालमा २००७ सालको परिवर्तन हुन गयो । यस परिवर्तनकै आधारमा तत्कालीन राजा त्रिभुवनबाट नेपालको अन्तरिम शासन विधान, २००७ को घोषणा भएको हो । २००७ साल फागुन ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रो प्रजाको शासन उनीहरूले आफैँले रोजेको विधान परिषद्ले बनाएको प्रजातान्त्रिक विधान अनुसार हुनुपर्छ र उक्त विधान तयार नभएसम्म मौसुफलाई शासनको काममा सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल स्थापित हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प त्यही घोषणाद्वारा प्रकट गरिबक्सेको तथा उपर्युक्त घोषणाद्वारा मौसुफको कार्य सम्पादनमा मौसुफलाई सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल निर्मित तथा नियुक्त गरिबक्सेको र यस अन्तरकालीन समयमा अन्तरिम सरकारले एउटा कुनै विधान र निश्चित नियम सिद्धान्त बमोजिम काम गर्नुपर्ने आवश्यक समेत हुनाले श्री ५ महाराजाधिराजबाट आफ्नो मन्त्रिमण्डलको सल्लाह अनुसार यो शासन विधान जारी गरिएको हो । यो विधानको प्रमुख उद्देश्य नै संविधान सभाको निर्वाचन गराउने थियो । तर यो कसरी गर्ने, कुन रूपमा गर्ने, कहिले गर्ने र निर्वाचनको व्यवस्थापन कस्ता निकायहरूले गर्नेछन् भन्ने बारेमा यो अन्तरिम शासन विधानमा विशेष रूपमा उल्लेख भएको थिएन ।

नेपालको निमित्त एक विधान बनाउने, मन्त्रिपरिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडो उचित परिस्थिति सिर्जना गर्नु अन्तरिम सरकारको उद्देश्य हुने दफा ६८ ले उल्लेख गरेको थियो । यस प्रयोजनका लागि दफा ६९ ले एउटा कमिशनको व्यवस्था गरेको थियो । निर्वाचनको निमित्त मताधिकारीहरूको नामावली तयार गर्ने कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न, निर्वाचन गराउन, निर्वाचन सम्बन्धी शङ्का र मुद्दा हेर्न निर्वाचन अदालत नियुक्त गर्ने अधिकार दिई यस्तो आयोगको प्रावधान गरिएको हो । यस आयोगमा एक प्रधान निर्वाचन अफिसर र श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार समय समयमा तोकिबक्सेको अरू निर्वाचन अफिसरहरू हुनेछन् । प्रधान निर्वाचन अफिसर र अरू निर्वाचन अफिसरहरू श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार नियुक्त गरिबक्सने छ । अन्तरिम शासन विधानको पाँचौं संशोधनले दफा ६९ मा गरिएको आयोग सम्बन्धी व्यवस्थालाई संशोधन गरी "निर्वाचन निमित्त मताधिकारीहरूको नामावली तयार गर्ने कामको रेखदेख, नियन्त्रण र निर्देश गर्ने र निर्वाचन गराउने र निर्वाच सम्बन्धी शङ्का र मुद्दा हेरी निर्णय गर्नका निमित्त निर्वाचन अदालत नियुक्त गर्ने समेत अधिकार दिई ..." निर्वाचन आयोगको व्यवस्था हुने स्पष्ट गरेको छ । त्यस्तै दफा ६९ (२) को साविकको व्यवस्थाका ठाउँमा "निर्वाचन आयोगमा एक प्रधान निर्वाचन कमिश्नर र श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार समयसमयमा तोकिबक्से बमोजिमका

अरू निर्वाचन कमिश्नरहरू रहनेछन् । प्रधान निर्वाचन कमिश्नर र अरू निर्वाचन कमिश्नरहरू श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार नियुक्त गरिबक्सनेछ" भन्ने संशोधित प्रावधानमा उल्लेख भएको छ ।

तत्कालीन नेपालमा बढ्दै गएको राजनीतिक अस्थिरताका कारण संविधान सभाको निर्वाचन हुन सकेन । तर २००७ सालको परिवर्तनपछिको छैठौं वर्षमा अर्थात् २०१४ सालमा मात्र नेपालमा निर्वाचन हुन सक्यो । तर त्यो निर्वाचन संविधान सभाका लागि नभएर २०१५ सालमा जारी भएको संविधान अन्तर्गत स्थापित हुने संसद्का लागि थियो ।

उपर्युक्त अवधिमा नेपालमा केही महत्वपूर्ण ऐनहरू जारी भएको पाइन्छ । यसमा नगरपालिका ऐन २०१०, गाउँ पञ्चायत ऐन २०१३ तथा जनप्रतिनिधित्व ऐन २०१५ लाई उदाहरणका रूपमा लिन सकिन्छ । पहिलो दुई ऐनहरू स्थानीय स्वशासनका उद्देश्यले बनाइएका थिए भने तेस्रो ऐन मूलभूत रूपमा संसदीय निर्वाचनप्रति लक्षित थियो । यसको प्रस्तावनामा नेपालमा प्रतिनिधि सभाको निमित्त निर्वाचन क्षेत्रहरू छुट्ट्याउने, मतदाताहरूको योग्यता, प्रतिनिधि सभामा सदस्यताको निमित्त योग्यता र अयोग्यता तोक्ने, मतदाताहरूको नामावली तयार पार्ने, निर्वाचन सञ्चालन गर्ने, निर्वाचन सम्बन्धी भ्रष्टाचार, गैर कानुनी व्यवहार र अरू अपराधहरू र निर्वाचनका सम्बन्धमा उठेका शङ्का र झगडाको निर्णय गर्ने व्यवस्था गर्नु आवश्यक देखिएकाले यो ऐन बनाइएको भनी स्पष्ट उल्लेख गरिएको छ ।

यो ऐनले प्रतिनिधि सभाको सदस्यहरूको निर्वाचनको निमित्त प्रचलित प्रशासकीय सिमानामा फरक नपर्नेगरी राजाबाट नेपाल राज्यलाई विभिन्न निर्वाचन क्षेत्रहरूमा विभाजन गर्ने र प्रत्येक निर्वाचन क्षेत्र लगभग ७८,००० जनसङ्ख्याको हुने व्यवस्था गरेको थियो । ऐनको दफा ३ ले निर्वाचन क्षेत्रको अधिकार सिधै राजालाई दिएको हुनाले ती क्षेत्रहरूको जम्मा सङ्ख्या र इलाका तोक्ने निकायका रूपमा राजा नै हुन पुगेका थिए । दफा ३ बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्नका निमित्त नेपाल सरकारले एक निर्वाचन क्षेत्र विभाजन समिति गठन गर्ने व्यवस्था थियो । यस्तो समितिमा सर्वोच्च अदालतका न्यायाधीश अध्यक्ष र श्री ५ को सरकारले नियुक्त गरेको अरू दुई व्यक्ति सदस्य हुने व्यवस्था गरिएको थियो । यो ऐन लागू हुनु अगाडि नै श्री ५ को सरकारबाट गठन गरिएको निर्वाचन क्षेत्र सल्लाहकार समितिले गरेको काम यसै ऐन अन्तर्गत गठित निर्वाचन क्षेत्र विभाजन समितिले गरे सरह मानिने व्यवस्थाले सरकारको अघिल्लो कारबाहीलाई वैधता दिएको देखिन्छ । अतः जन-प्रतिनिधित्व ऐन २०१५ नेपालमा निर्वाचन क्षेत्र विभाजन समिति स्थापना गर्ने पहिलो ऐन हुन पुगेको देखिन्छ । निर्वाचन व्यवस्थापन निकायका रूपमा यस्तो समितिको योभन्दा पूरानो इतिहास छैन ।

निर्वाचन आयोगको व्यवस्था यस ऐन अन्तर्गतको अर्को महत्वपूर्ण व्यवस्था हो । यस ऐनले निर्वाचन आयोगको रेखदेख, नियन्त्रण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रको निमित्त छुट्टाछुट्टै

मतदाता नामावली तयार गर्ने प्रावधान उल्लेख गरेको थियो । यस उद्देश्यका लागि हरेक निर्वाचन क्षेत्रका निमित्त नामावली रजिस्ट्रेसन अफिसर रहने व्यवस्था यसको अर्को नयाँ व्यवस्था थियो । यस ऐन अन्तर्गत बन्ने नियमहरूको अधीनमा रही नामावली रजिस्ट्रेसन अफिसरले मतदाताको नामावली तयार गर्न आफूले सो कामको निमित्त योग्य ठहऱ्याएका जुनसुकै व्यक्तिलाई लगाउन सक्ने अधिकार प्राप्त गरेका थिए । कुनै निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा कुनै व्यक्तिको नाम दर्ता गर्न हुने नहुने वा नामावली रजिस्ट्रेसन अफिसर वा निजले खटाएको अफिसरले गरेको काम वा यस ऐनमुताबिक मतदाताको नामावली दोहोऱ्याउन नियुक्त भएको कुनै अफिसर को निर्णय न्याययुक्त छ छैन भन्ने विषयमा अदालतको क्षेत्राधिकारलाई अस्वीकार गरिएको थियो ।

ऐनले रिटर्निङ अफिसर तथा असिस्टेन्ट रिटर्निङ अफिसर को समेत व्यवस्था गरी उनीहरूको सामान्य कर्तव्य ऐनमै उल्लेख गरिएको थियो । प्रतिनिधि सभाको हरेक सदस्यको निर्वाचनमा यो ऐन वा यस ऐन अन्तर्गतको नियम र आदेशले तोकेको रीत बमोजिम आफ्नो जिम्माको निर्वाचन क्षेत्रमा निर्वाचन गराउन आवश्यक सबै काम गराउनु रिटर्निङ अफिसर को सामान्य कर्तव्य हुने व्यवस्था दफा १८ ले गरेको थियो । त्यस्तै दफा १९ ले निर्वाचन क्षेत्रको निमित्त केन्द्र खडा गर्ने काम पनि रिटर्निङ अफिसरलाई जिम्मा दिएको थियो । निजले निर्वाचन आयोगको पूर्व स्वीकृति लिई आफ्नो जिम्माको हरेक क्षेत्रको निमित्त आवश्यक मतदान केन्द्रहरू खडा गर्ने र हरेक त्यस्ता केन्द्रको इलाका समेत खुलाई निर्वाचन आयोगले तोकेको तरिकाले त्यसको फिरिस्त प्रकाश गर्न लाउने व्यवस्था पनि थियो । रिटर्निङ अफिसर ले आफ्नो जिम्माको हरेक निर्वाचन क्षेत्रको हरेक मतदान केन्द्रको निमित्त एकएक जनाका दरले प्रिजाइडिङ अफिसरहरू नियुक्त गर्नुपर्छ । कुनै उम्मेदवारले निर्वाचन वा सो सम्बन्धी काममा लगाइराखेको वा कुनै उम्मेदवारको पक्षमा वा निजको निमित्त कुनै काम गरिरहेको व्यक्तिलाई प्रिजाइडिङ वा पोलिङ अफिसर नियुक्त गर्नु हुँदैन । मतदान केन्द्रमा मत लिने काम राम्रोसँग गराउनु र सो ठाउँमा गडबडी हुन नदिनु प्रिजाइडिङ अफिसरको सामान्य कर्तव्यका रूपमा दफा २१ ले उल्लेख गरेको देखिन्छ ।

निर्वाचन आयोगले नोमिनेसन पेश गर्ने इत्यादि काम कुराका निमित्त मिति तोक्ने अधिकार पाएको थियो । निर्वाचन खर्च र निर्वाचनको परिणाम घोषणा गर्ने सम्बन्धमा पनि यसको अधिकार स्पष्ट गरिएका थिए । निर्वाचन सम्बन्धी झगडाका सम्बन्धमा निर्वाचन आयोगमा उजुरी पेश गर्न सकिने व्यवस्था थियो ।

दफा ३४ ले उजुरी पत्रको जाँचबुझ गरी निर्णय गर्नका निमित्त निर्वाचन आयोगले एक वा तीन सदस्य भएको ट्राइबुनल गठन गर्ने र तीन सदस्य रहेमा चिफ इलेक्सन कमिश्नरले तोकेको व्यक्ति ट्राइबुनलको अध्यक्ष हुने व्यवस्था थियो । त्यस्तो ट्राइबुनल गठन गर्नका निमित्त निर्वाचन आयोगले सर्वोच्च अदालतको प्रधान न्यायाधीशबाट कुनै अदालतको हाकिम भइसकेको वा हाकिम भई काम गरिरहेको वा कुनै अदालतमा पाँच वर्षसम्म

वकालत गरेको र प्रधान न्यायाधीशको रायमा ट्राइबुनलको सदस्य हुन योग्य ठहरिएको व्यक्तिहरूको फिरिस्त लिनेछ । दफा ३५ ले ट्राइबुनलको कार्यविधि तोकेको थियो । ट्राइबुनल (Tribunal) लाई झगडिया झिकाउने, बयान बकपत्र गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीहरूलाई उपस्थित गराउने र साक्षी बुझ्न चाहिने खर्च दाखिल गराउने, कागजपत्र पेश गर्न लगाउने, मूलतबी राख्ने, अन्यत्र रहेको साक्षीको बयान बकपत्र सोही इलाका अदालतबाट गराउने र बयानबाट वा पेटबोलीबाट खुल्न देखिन आएमा नयाँ कुराहरूको जाँचबुझ गर्ने इत्यादि देवानी अदालतलाई भएको सबै अधिकार प्रयोग गर्न पाउने व्यवस्था थियो । चिफ इलेक्सन कमिश्नरले तोकेको ठाउँमा ट्राइबुनल बस्ने व्यवस्था थियो । दफा ४५ बमोजिम कुनै उजुरीपत्रको जाँचबुझ समाप्त भएपछि सो ट्राइबुनलले फैसला गरी देहाय बमोजिमको आदेश दिनु पर्दथ्यो :

(क) उजुरी पत्र डिसमिस गरी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानुनी तरिकाले भयो भनी सो निर्वाचन रद्द गरी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानुनी तरिकाले भयो र उजुरवाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी, वा

(घ) निर्वाचन बिल्कुलै गैरकानुनी तरिकाले भएको हो भनी सो निर्वाचन रद्द गरी ।

ट्राइबुनलले दिने आदेशहरूका बारेमा पनि दफा ४६ ले व्यवस्था गरेको थियो । यस सम्बन्धमा (क) उजुरीपत्रमा कुनै भ्रष्टाचार वा गैरकानुनी व्यवहार गरिएको छ भनी दोष लगाइएकोमा निर्वाचनमा कुनै उम्मेदवार वा निजको एजेन्टले वा दुई मध्ये कुनैको सम्मतिले अरू कसैले भ्रष्टाचार वा गैरकानुनी व्यवहार गरेको सावित नभएको र सावित भएको भए कुन प्रकारको भ्रष्टाचार वा गैरकानुनी व्यवहार गरेको सावित भएको हो सो खोली र सो भ्रष्टाचार वा गैरकानुनी व्यवहार गर्ने सबै व्यक्तिहरूको नाम, थर, वतन र निजले गरेको अपराधको किसिम खोली र यस सम्बन्धमा कुनै व्यक्ति यस ऐन बमोजिम मत दिन अयोग्य हुने भए सो अयोग्यता हटाउन मनासिब ठह्र्याए सो पनि गर्न सिफारिस गरी, र (ख) जाँचबुझको खर्चको अङ्क तोकी र सो कसले कसलाई तिर्ने ठेगान गरी, तर देहाय (क) (२) अनुसार निकालेको कुनै आदेशमा कुनै व्यक्तिको नाम दिनु परे देहायको अवस्थामा मात्र दिनु हुन्छ भनी उल्लेख गरिएको थियो :

(क) लेखिएको व्यक्तिलाई ट्राइबुनल सामुन्ने हाजिर भए सफाइ दिने भए दिन आउनु भन्ने सूचना दिँदा निज सफाइ दिन नआएमा, वा

(ख) सूचना अनुसार निज हाजिर भए निजलाई आफू विरुद्ध सो ट्राइबुनलमा सबुत दिने साक्षीलाई सोधपुछ गर्न र आफू निर्दोष छु भनी ट्राइबुनलमा

सबुत पेश गर्ने मौका पाए पनि निजले आफू निर्दोष छु भनी सफाई दिन नसकेमा ।

उपदफा (१) को देहाय (ख) बमोजिमको खर्च बारे निकालेको कुनै आदेशमा दफा ४० बमोजिम ट्राइबुनलले झिकाई हाजिर भएका सो दफामा लेखिएका अफिसरलाई पनि खर्च दिनु भनी निर्देश दिन हुन्छ ।

दफा ५० अनुसार ट्राइबुनलले दिएको आदेश वा फैसला उपर चित्त नबुझ्नेले आदेशमा फैसला भएका मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र सर्वोच्च अदालतमा अपील दिन सक्नेछ । यस परिच्छेदमा लेखिए बमोजिम ट्राइबुनलले दिएको फैसला वा आदेश उपर अपील नपरेमा सर्वोच्च अदालतमा अपील लाग्ने म्याद भुक्तान भएपछि ट्राइबुनलको आदेश वा फैसलालाई र अपील परेमा सर्वोच्च अदालतबाट फैसला वा आदेश भएपछि सो अदालतको फैसला वा आदेशलाई अन्तिम निर्णय मानिनेछ ।

दफा ६७ मा निर्वाचनसबन्धी काममा कर्मचारी खटाउने व्यवस्था गरिएको थियो । निर्वाचन सम्बन्धी कुनै काम गर्न ठाने जतिका कारिन्दा रिटर्निङ अफिसरलाई दिनु भन्ने आदेश निर्वाचन आयोग वा बडाहाकिमबाट भएमा सदर वा मोफसलका हरेक गाउँ पञ्चायत, जिल्ला पञ्चायत वा नगरपालिका लगायत अरू सबै अड्डाहरूले दिनुपर्छ ।[100] कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको कामलाई दफा ६८ मा उल्लिखित कुनै कुरा सरकारलाई चाहिएमा सरकारले आवश्यक आदेश निकाली रिटर्निङ अफिसरको रायमा मनासिब ठहरिएको भाडा दिई सो लिन सक्दछ । यसरी निर्वाचन व्यवस्थापन निकायलाई निर्वाचनको व्यवस्थापन गर्न चाहिने काम गर्न निजी तथा सरकारी दुवै स्रोत साधनको प्रयोग गर्न वित्तीय रूपले समेत उदार व्यवस्था अपनाउँदै आएको पाइन्छ ।

निर्वाचन एजेन्टको नियुक्ति, अयोग्यता, काम कर्तव्य, पोलिङ एजेन्टको नियुक्ति, काम र कर्तव्य, मत गन्ने एजेन्टको नियुक्ति, काम र कर्तव्य लगायतका विषयहरूमा दफा ७१ ले श्री ५ को सरकारलाई निर्वाचन आयोगको सल्लाह लिई नियम बनाउन पाउने अधिकार दिएको थियो ।

## ३.३ नेपाल अधिराज्यको संविधान, २०१५

श्री ५ महेन्द्रबाट २०१५ साल फागुन १ गते जारी गरिएको नेपालको तेस्रो लिखित संविधानले नेपालमा विकसित हुँदै गएको निर्वाचन प्रणालीका सम्बन्धमा विशेष महत्व राख्दछ । संविधान सभाबाट संविधान निर्माण गर्ने कार्यक्रम हटाइएको सन्दर्भमा “सार्वभौमसत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्न वाञ्छनीय भएकोले हाम्रा महान् तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको

[100] दफा ६७ (निर्वाचन सम्बन्धी काममा कर्मचारी खटाउने सम्बन्धमा ।

हाम्रो मूलुकको परम्परा र प्रथा अनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकीय सत्ता र अन्तरनिहित शाही विशेषाधिकार प्रयोग गरिबक्सी" राजाबाट मूल कानुनका रूपमा नेपाल अधिराज्यको संविधान जारी गरिएको थियो । यो संविधानले नेपालको अन्तरिम शासन विधान २००७ ले झैँ संसदीय शासन प्रणालीको आधारमा शासनका तीनवटै अङ्गहरू- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, को व्यवस्था गरेको थियो । यस उद्देश्यका लागि राजा र महासभा तथा प्रतिनिधि सभा नामका दुई सदन सहितको संसद्को व्यवस्था गरिएको थियो । संविधानको धारा १९ अनुसार महासभामा जम्मा ३६ जना महासभासद् रहने व्यवस्था थियो । यस मध्ये १८ जना प्रतिनिधि सभाद्वारा निर्वाचित हुने व्यवस्था थियो तथा बाँकी १८ जना राजाबाट मनोनीत हुन्थे । त्यसै गरी विभिन्न निर्वाचन क्षेत्रहरूको मतदाताहरूद्वारा निर्वाचित सदस्यहरू भएको प्रतिनिधि सभाको व्यवस्था धारा २२ ले गरेको थियो । निर्वाचन क्षेत्रबाट गुप्त मतदानद्वारा एउटा सदस्य निर्वाचित हुने र ऐनले अन्य व्यवस्था गरेमा बाहेक १०९ वटा निर्वाचन क्षेत्र हुने व्यवस्था थियो । तर यस संविधानमा स्थानीय निकायहरूको चुनावका बारेमा केही उल्लेख भएको देखिँदैन ।

नेपाल अधिराज्यको संविधान, २०१५ निर्वाचन व्यवस्थापन निकायका बारेमा उल्लेख गर्ने नेपालको पहिलो संविधान हो । यसको धारा २२ (३) ले श्री ५ बाट मौसुफको स्वविवेकमा नियुक्त एक निर्वाचन क्षेत्र विभाजन आयोगद्वारा प्रत्येक क्षेत्रमा मतदाताहरूको सङ्ख्या हुन सकेसम्म समान हुने किसिमले निर्वाचन क्षेत्रहरू विभाजन हुनेछन् भन्ने व्यवस्था पहिलोपटक गरिएको थियो । तथापि प्रशासकीय जिल्लाहरूको सिमाना जनसङ्ख्याको घनत्व वा पातलोपन, यातायातको सुविधाहरू, प्राकृतिक बनावट, बासिन्दाहरूको सामुदायिकत्व वा विभिन्नतामा ध्यान दिइने उल्लेख गरिएको थियो । यसै गरी निवास अवधि, विशेषित दिनाङ्क वा मतदाताको नामावली तयारीमा प्रासङ्गिक अन्य मामिलाहरू सम्बन्धी र बहुला, अपराधी, खराब आचरण वा गैरकानुनी व्यवहारका आधारमा हुने अयोग्यता सम्बन्धी कुनै ऐनका उपबन्धहरूको अधीनमा रही नेपालको २१ वर्ष उमेर पुगेका प्रत्येक नागरिकले एकमात्र निर्वाचन क्षेत्रमा एक मतदान दिन अधिकार पाउनेछ भन्ने व्यवस्था उल्लेख भएबाट मतदाता नामावली तयार गर्ने निकायको व्यवस्थाका बारेमा संविधानले स्पष्ट गरेको देखिन्छ । प्रतिनिधि सभाको निर्वाचनका लागि मतदाताको नामावली तयार गर्ने काममा र निर्वाचन सञ्चालन कार्यमा रेखदेख, निर्देशन र नियन्त्रण समेत श्री ५ बाट मौसुफको स्वविवेकले नियुक्त एक निर्वाचन आयोगमा निहित हुने धारा २२ को खण्ड (५) मा उल्लेख थियो । त्यसै गरी खण्ड (७) ले प्रतिनिधि सभाको निर्वाचनबाट उठेको वा त्यस सम्बन्धी विवादहरू नेपालको प्रधान न्यायाधीशद्वारा नियुक्त निर्वाचन विशेष अदालतमा पेश भई छिनिने र कानुनी प्रश्नमा सर्वोच्च अदालतमा अपील परेकोमा बाहेक विशेष अदालतबाट भएका कुनै पनि निर्णय अन्तिम हुनेछ भन्ने उल्लेख

भएबाट न्यायिक विषयमा समेत यो संविधानले स्पष्ट व्यवस्था गरेको देखिन्छ । तर यस बाहेकका कुरामा संविधान स्वयंले अन्य प्रावधानहरू उल्लेख गरेको पाइँदैन ।

## ३.४ नेपालको संविधान, २०१९

नेपाल अधिराज्यको संविधान, २०१५ लाई खारेज गरी राजा महेन्द्रले पुस १, २०१९ मा नेपालको संविधान, २०१९ को घोषणा गरे । नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मतिको अनुकूल शासन व्यवस्था चलाउन वाञ्छनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने पञ्चायत प्रणालीद्वारा सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएकाले यो संविधान जारी भएको भन्ने राजाको सोचाइ थियो । लोक सम्मतिलाई प्रमुखता दिँदै प्रस्तावनामै उल्लेख गरिए पनि सो प्राप्त गर्नका लागि माध्यमका रूपमा नयाँ संविधान अन्तर्गत केवल पञ्चायत संगठनहरू मात्रलाई छानियो । २०१९ सालको संविधान दलविहीन पञ्चायत प्रणालीमा आधारित थियो । यसमा राजनीतिक दलहरूप्रतिको आस्था र अस्तित्व स्वीकार गरिएको थिएन । राजनीतिक संगठनको रूपमा सबैभन्दा तल्लो तहमा ग्राम सभा र माथिल्लो तहमा राष्ट्रिय पञ्चायतलाई उल्लेख गरिएको थियो । ग्राम पञ्चायतदेखि राष्ट्रिय पञ्चायतसम्म निर्वाचन गर्ने र स्वयं निर्वाचित हुन पाउने अधिकार नागरिकलाई प्राप्त भए पनि राजनीतिक दलको अभावमा संगठनका सिद्धान्तहरूको रचनात्मक प्रयोग हुन सक्दैनथ्यो । मिति २०१७ साल पुस १२ गतेको शाही सन्देशबाट राजनीतिक दलहरू माथि प्रतिबन्ध लागेपछि शासन प्रणाली यसै पनि दलविहीन भइसकेको परिस्थितिमा यो संविधानको पहिलो संशोधन गरी २०२३ सालमा नेपाललाई दलविहीन मूलुक भनी संविधानमै व्यक्त गरिएको थियो ।

नेपालको संविधान, २०१९ ले गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत र अञ्चल सभाको व्यवस्था गर्दै देशको व्यवस्थापिकाको रूपमा राष्ट्रिय पञ्चायतको गठन गर्ने व्यवस्था गरेको थियो । राष्ट्रिय पञ्चायतको गठन अञ्चल सभाहरूद्वारा निर्वाचित सदस्यहरू, वर्गीय र व्यावसायिक संगठनहरूद्वारा निर्वाचित सदस्यहरू, स्नातकहरू मध्येबाट निर्वाचित सदस्यहरू तथा यी सबै निर्वाचित सदस्य सङ्ख्याको १५ प्रतिशत श्री ५ बाट मनोनीत सदस्यहरूबाट हुने संविधानको धारा ३४ मा उल्लेख गरिएको थियो । प्रत्येक अञ्चल सभाले आफ्ना सदस्यहरू मध्येबाट राष्ट्रिय पञ्चायतका लागि कानुनद्वारा तोकिएको तरिकाले सदस्य निर्वाचन गर्न पाउँथे । तर अञ्चल सभाले राष्ट्रिय पञ्चायतका लागि सदस्यहरू निर्वाचन गर्दा सो अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नु पर्थ्यो । संविधानको धारा ६७क ले वर्गीय व्यावसायिक संगठनहरूको व्यवस्था गरेको थियो । यस अनुसार विभिन्न वर्ग र व्यवसायको हितको संरक्षण र संवर्द्धन गर्न र तिनीहरूको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन वर्गीय

र व्यावसायिक संगठनहरूको स्थापना र सञ्चालन गरिने व्यवस्था गरिएको थियो । राजनीतिक दलहरूबाट गरिने गतिविधिसँग यी संगठनहरूको कुनै सम्बन्ध नभएकाले संगठन सम्बन्धी ऐनहरूमा उल्लेख भएको काम, कर्तव्य र उद्देश्यसम्म मात्र संगठनहरूको गतिविधि सीमित थियो । वर्गीय संगठनहरूमा नेपाल किसान संगठन, नेपाल महिला संगठन, नेपाल भूतपूर्व सैनिक संगठन, नेपाल युवक संगठन र नेपाल मजदुर संगठन थिए । तर अन्य वर्गका लागि कुनै व्यवस्था थिएन ।

यस्तो पृष्ठभूमिमा संविधानको धारा ७८ ले एउटा निर्वाचन आयोगको व्यवस्था गरेको थियो । जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यकता भएमा श्री ५ बाट निर्धारित गरिबक्से जति सङ्ख्यामा अन्य निर्वाचन आयुक्त रहने छन् भनी उल्लेख गरिएको थियो । विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूको निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन गर्ने; राष्ट्रिय पञ्चायतको कुनै सदस्य तोकिएको योग्यतारहित छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा श्री ५ लाई अन्तिम निर्णयका लागि परामर्श दिने; निर्वाचन विशेष अदालतको गठन र त्यसका सदस्यहरूको नियुक्ति वा मनोनयनका सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने इत्यादि निर्वाचन आयोगका कामहरू संविधानले उल्लेख गरेको थियो । निर्वाचन आयोगको सिफारिसमा श्री ५ को सरकारले निर्वाचन विशेष अदालत गठन गर्ने जिम्मेवारी पाएको थियो । संविधानको धारा ३६ अनुसार राष्ट्रिय पञ्चायतको सदस्यको अयोग्यता सम्बन्धी निर्णय श्री ५ बाट निर्वाचन आयोगको परामर्श लिई गरिने व्यवस्था रहेकाले पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूको कुनै तहको निर्वाचन सम्बन्धी शङ्का वा विवादका सम्बन्धमा निर्णय गर्ने अधिकार निर्वाचन विशेष अदालतलाई प्राप्त थियो । यसबाट गरिएको फैसला उपर पुनरावेदन लाग्न सक्ने व्यवस्था गरिएको थिएन । सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको प्रयोग गरी निर्वाचन विशेष अदालतको फैसला बदर गर्न सक्दथ्यो ।

## ३.५ नेपाल अधिराज्यको संविधान, २०४७

वि.सं. २०४७ मा जारी भएको नेपाल अधिराज्यको संविधानले पहिलो पटक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई स्थापित गर्दै प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बिच भातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको स्थापना गरी कानुनी राज्यको अवधारणालाई साकार पार्न जारी गरिएको संविधानको प्रस्तावनामै स्पष्ट गरिएको थियो ।

२०४७ सालको संविधानले प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्थालाई पुनर्स्थापित गर्‍यो। राजनीतिक दलहरूलाई संविधानबाटै वैधानिक हैसियत प्रदान गरियो । यो संविधान मार्फत

मूलुकले पुनः संसदीय व्यवस्था प्राप्त गरेकाले श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको संसद्को व्यवस्था गरियो । प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनका लागि प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याको आधारमा ती जिल्लाहरूको जनसङ्ख्या र सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसङ्ख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने सदस्य सङ्ख्या निर्धारित गरी सो सङ्ख्या बराबर निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना सदस्यको निर्वाचन गरिने व्यवस्था थियो । तर जनसङ्ख्या जतिसुकै भए पनि प्रत्येक जिल्लाबाट कम्तीमा एक जना सदस्यको निर्वाचन हुने गरी जिल्लाहरूबाट निर्वाचित हुने सदस्यको सङ्ख्या र निर्वाचन क्षेत्र निर्धारण गरिने छ भन्ने व्यवस्था पनि त्यसमा थियो । प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कानुनमा व्यवस्था भए बमोजिम हुने तथा १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार सुनिश्चित गरिएको थियो । त्यस्तै प्रतिनिधि सभाका सदस्यको लागि हुने निर्वाचनमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने व्यवस्था गरेको थियो ।

संसद्को माथिल्लो सदनका रूपमा स्थापित ६० सदस्य भएको राष्ट्रिय सभाको गठनका लागि प्रतिनिधि सभामा जस्तै प्रत्यक्ष निर्वाचनको व्यवस्था थिएन । यसमा श्री ५ बाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट मनोनीत १० जना सदस्यहरू, त्यस्तै प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल सङ्क्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने कम्तीमा ३ जना महिला सहित ३५ जना सदस्यहरू र प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचक मण्डलद्वारा तत्तत् विकास क्षेत्रबाट तीन जनाका दरले एकल सङ्क्रमणीय मतका आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने १५ जना सदस्यहरू समेत गरी सो ६० जनाको सङ्ख्या पुऱ्याइएको थियो । तर स्थानीय निकायहरूको निर्वाचन नभइसकेको अवस्थामा पहिलो पटकलाई सम्बन्धित विकास क्षेत्रबाट प्रतिनिधि सभामा निर्वाचित सदस्यहरूको निर्वाचक मण्डल कायम हुने व्यवस्था थियो । राष्ट्रिय सभा स्थायी सदनका रूपमा कायम गरिएको थियो । यस सदनका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संविधानको व्यवस्था थियो । राष्ट्रिय सभाका सदस्यहरूको पदावधि ६ वर्षको व्यवस्था गरिएको थियो । तर यो संविधान प्रारम्भ भएपछि पहिलो पटकका लागि सदस्यहरूको पदावधि कायम गर्दा गोला हाली एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको ६ वर्षको पदावधि कायम गरिएको थियो । संविधानले स्थानीय निकायहरूको निर्वाचनका बारेमा कुनै

व्यवस्था गरेको थिएन । तर राष्ट्रिय सभाको गठनका लागि स्थानीय निकायको निर्वाचन हुनु पहिलो निर्वाचनपछिका लागि पूर्वशर्त भएकाले स्थानीय निकायहरूलाई परिभाषित गर्नु, तिनको गठन गर्नु तथा गठन प्रक्रियाका सम्बन्धमा निर्वाचनको व्यवस्था गर्नु संविधानले आवश्यक बनाइदिएको थियो ।

यस संविधानको धारा १०३ ले निर्वाचन व्यवस्थापनका लागि एउटा निर्वाचन आयोगको व्यवस्था गरेको छ । जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यकता अनुसार अन्य निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ । उनीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा श्री ५ बाट हुने व्यवस्था छ । निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा धारा १०४ मा उल्लेख छ । सो बमोजिम निर्वाचन आयोगले यो संविधान र अन्य कानुनको अधीनमा रही संसद् तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको कार्य गर्नेछ भने सो प्रयोजनका लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य पनि आयोगकै हुनेछ । संसद् सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ४७ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय निर्वाचन आयोगले गर्नेछ । यस धारा अनुसार संसद् सदस्य हुनका लागि नेपाली नागरिक हुनुपर्ने; प्रतिनिधि सभाको लागि पच्चीस वर्ष र राष्ट्रिय सभाको लागि पैंतीस वर्ष उमेर पूरा भएको हुनुपर्ने; कुनै कानुनले अयोग्य हुन नहुने; कुनै लाभको पद धारण गरेको हुन नहुने उल्लेख गरिएको थियो । लाभको पदका सन्दर्भमा “निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद” हो भनी स्पष्टीकरण उल्लेख गरिएको थियो । संसद् सदस्यका लागि चाहिने योग्यतामा कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्ने छैन भन्ने व्यवस्था पनि थियो । यो व्यवस्था प्रष्टसँग आए पनि कुनै सदस्यको सांसद हुनका लागि अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय नेपालको प्रधानन्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको अन्य न्यायाधीशले गर्ने भन्ने व्यवस्था धारा ४८ मा स्पष्टसँग उल्लेख गरिएका कारण यस सम्बन्धमा निर्वाचन आयोगको कुनै भूमिका रहन गएन । यसै गरी निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ । निर्वाचन आयोगका अन्य काम, कर्तव्य र कार्यविधि यस संविधानको अधीनमा रही कानुनद्वारा निर्धारित भए बमोजिम हुने व्यवस्था २०४७ सालको संविधानले गरेको छ ।

निर्वाचनको क्षेत्र निर्धारण गर्नका लागि धारा १०५ ले निर्वाचन क्षेत्र निर्धारण आयोगको व्यवस्था पनि गरेको छ । यस्तो क्षेत्र निर्धारण आयोगको गठन श्री ५ बाट संवैधानिक परिषद्को सिफारिसमा हुने र सोको कार्यविधि पनि श्री ५ बाटै तोके बमोजिम हुने व्यवस्था रहेको पाइन्छ । निर्वाचन क्षेत्र निर्धारण आयोगले धारा ५५ को अधीनमा रही प्रत्येक जिल्लाबाट निर्वाचित हुने प्रतिनिधि सभाको सदस्य सङ्ख्या निर्धारण गरेपछि एकभन्दा बढी सदस्यहरू निर्वाचित हुने जिल्लाको निर्वाचन क्षेत्र निर्धारण गर्ने र यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा प्रशासकीय जिल्लाहरूको सिमाना, भौगोलिक अवस्था, जनसङ्ख्याको घनत्व, यातायातको सुविधा र बासिन्दाहरूको सामुदायिक एकरूपता वा विविधतामा ध्यान दिनु पर्ने देखिन्छ । निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा जिल्लाबाट निर्वाचित हुने सदस्य सङ्ख्या र निर्वाचन क्षेत्रको सीमा निर्धारण गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाइन नपाइने भनी यसलाई अदालतको क्षेत्राधिकार बाहिर राखिएको छ । यस क्षेत्र निर्धारण आयोगको अन्य काम, कर्तव्य र कार्यविधि यस संविधानको अधीनमा रही कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

निर्वाचन अदालत निर्वाचन व्यवस्थापन निकाय मानिँदैन । यो व्यववस्थापन भन्दा पनि न्यायिक निकाय हो । तथापि निर्वाचन सम्बन्धी उजुरी हेर्नका लागि संविधानको धारा १०६ अन्तर्गत निर्वाचन अदालतलाई जिम्मेवारी दिइएको छ । धारा १०७ ले यस संविधानको अन्य धारामा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १०६ अन्तर्गत तोकिएको अदालतमा कानुनद्वारा तोकिए बमोजिम उजुरी नपरी संसद्को सदस्यको लागि भएको कुनै निर्वाचनको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भन्ने व्यवस्था गरेको छ । निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक कर्मचारीहरू र अन्य कुराहरू उपलब्ध गराउनु पर्ने जिम्मेवारी श्री ५ को सरकारमा भएको कुरा धारा १०८ ले उल्लेख गरेको पाइन्छ ।

## ३.६ नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ७ ले संविधान सभाको बारेमा व्यवस्था गरेको थियो । भाग ७ अन्तर्गत धारा ६३ ले नेपाली जनता आफैँले नयाँ संविधानको निर्माण गर्न यस संविधानको अधीनमा रही एक संविधान सभाको गठन हुने उल्लेख गरेको थियो । यस बमोजिमको संविधान सभाको सदस्यको निर्वाचन नेपाल सरकारले तोकेको मितिमा हुनेछ भनी ६३(२) ले संविधान सभा सदस्य निर्वाचन गराउने मिति तोक्ने जिम्मेवारी नेपाल सरकारलाई दिएको थियो ।

अन्तरिम संविधानले संविधान सभामा निर्वाचित र मनोनीत हुने सदस्य सङ्ख्याका बारेमा पूराना परम्पराहरूलाई तोडेको परिस्थिति थियो । जस्तो २०४७ सालको संविधानले २०५ सदस्यहरू भएको प्रतिनिधि सभा तथा ६० सदस्यहरू भएको राष्ट्रिय सभाको व्यवस्था

गरेको थियो । यी दुवै सदनहरू मिलेर संसद् बन्दथ्यो । त्यसै गरी प्रतिनिधि सभाका हकमा प्रत्यक्ष निर्वाचन प्रणाली तथा राष्ट्रिय सभाका हकमा श्री ५ बाट मनोनीत हुने १० जना सदस्यहरू बाहेक प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल सङ्क्रमणीय मतको आधारमा माथि उल्लेख गरेझैं निर्वाचन हुने व्यवस्था थियो । प्रस्तुत २०६३ को अन्तरिम संविधानको धारा ६३ (३) ले भने संविधान सभामा समान जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेशमा जनसङ्ख्या प्रतिशतको आधारमा कानुनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुरूप निर्वाचित र मनोनयनको व्यवस्था गरेको थियो । अर्थात्, प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४क. बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भए बमोजिम दुईसय चालीस निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य एक प्रकारका सदस्य थिए । अर्को प्रकारका सदस्यहरूमा तीनसय पैंतीस सदस्य पर्दथे । यी सदस्यहरू सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने व्यवस्था थियो । तेस्रो प्रकारका सदस्यहरूमा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र माथि उल्लेख भए बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिबासी जनजाति मध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने छब्बीस जना सदस्यको व्यवस्था गरिएको थियो । अर्को शब्दमा भन्नुपर्दा अन्तरिम संविधान अन्तर्गत नेपालमा पहिलो पटक प्रत्यक्ष निर्वाचन सँगसँगै सोभन्दा बढी सदस्य निर्वाचत हुने गरी समानुपातिक निर्वाचन प्रणालीलाई स्वीकार गरिएको थियो । यो व्यवस्था  बाहेक राष्ट्राध्यक्षबाट सरकारको सिफारिसमा मनोनयन गरिने व्यवस्थालाई निरन्तरता नै दिइएको थियो ।

प्रत्यक्ष निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्दा संवत् २०५६ सालमा तत्काल कायम रहेको प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदाका बखत प्रचलित कानुन बमोजिम कायम रहेका प्रशासकीय जिल्लाहरूका निर्वाचन क्षेत्रको सङ्ख्यालाई यथावत् राखी हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या वृद्धिको आधारमा निर्वाचन क्षेत्र वृद्धि गरिनेछ र त्यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा मधेशको जनसङ्ख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्रको सङ्ख्या कम भएका मधेशका प्रशासकीय जिल्लाको निर्वाचन क्षेत्र वृद्धि गरिने प्रावधान उल्लेख गरिएको थियो । यसरी राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र समानुपातिक निर्वाचनका लागि राजनीतिक दलहरूले उम्मेदवारहरूको सूचिकृत गर्दा महिला, दलित, उत्पीडित जाति/ आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग  समेतको कानुनमा व्यवस्था भए  बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने व्यवस्थाले मूलुकको समावेशीकरणको एजेण्डालाई अगाडि

बढाएको देखिन्थ्यो । यस अनुरूप महिलाको हकमा समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा प्रत्यक्ष निर्वाचनमा दिएको उम्मेदवारीको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एक तिहाइ उम्मेदवारी दिनैपर्ने व्यवस्थाले संविधान सभामा महिलाको निश्चित उपस्थितिलाई अनिवार्य बनाइएको थियो ।

संविधान सभाका सदस्यहरूको निर्वाचन कानुनमा व्यवस्था भए बमोजिम गोप्य मतदानद्वारा हुने र संविधान सभाको निर्वाचनको प्रयोजनको लागि संवत् २०६३ साल मङ्सिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुने संविधानमा उल्लेख गरिएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गतको नेपालको निर्वाचन पद्धति तथा निर्वाचन व्यवस्थापन निकायसँगको अनुभव सबैभन्दा पछिल्लो अनुभव हो । यस संविधान अन्तर्गत निर्वाचन सम्बन्धी कानुनी संरचनाको सन्दर्भमा राष्ट्रिय र स्थानीय निकायको निर्वाचनसँग सम्बन्धित संवैधानिक व्यवस्था तथा कानुन बुझिन्छ । निर्वाचन सम्बन्धी कानुनी संरचना अन्तर्गत मूलतः निम्न कुराहरू पर्दछन् :

क) निर्वाचनसँग सम्बन्धित संवैधानिक प्रावधानहरू,

ख) व्यवस्थापिकाले पारित गरेका निर्वाचन सम्बन्धी ऐन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै ऐनहरू,

ग) निर्वाचन सम्बन्धी अध्यादेशहरू,

घ) निर्वाचन आयोगले बनाएका नियमावलीहरू,

ङ) निर्वाचन सम्बन्धी निर्देशिका, कार्यविधि, आदेश र आचार संहिताहरू ।

नेपालको अन्तरिम संविधान, २०६३ लगायत उपर्युक्त संरचना बनाउन क्रियाशील रहेका कानुनहरूमा निर्वाचन आयोग ऐन २०६३, संविधान सभा सदस्य निर्वाचन अध्यादेश २०७०, निर्वाचन (कसूर र सजाय) ऐन २०६३, मतदाता नामावली सम्बन्धी ऐन २०६३, संविधान सभा अदालत ऐन २०६३, राजनीतिक दल सम्बन्धी ऐन २०५८, संविधान सभा सदस्य निर्वाचन नियमावली २०७०, मतदाता नामावली सम्बन्धी नियमावली २०६८, राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली २०६३, निर्वाचन सम्बन्धी विभिन्न निर्देशिका र कार्यविधिहरू पर्दछन् । अतः यो पद्धति तथा अनुभवलाई यहाँ केही विस्तारका साथ विश्लेषण गरिएको छ ।

### ३.६.१. निर्वाचन आयोगको व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ ले पनि निर्वाचन व्यवस्थापन गर्ने निकायको रूपमा निर्वाचन आयोगको व्यवस्थालाई निरन्तरता दिएको छ ।

निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरू रहने व्यवस्था गरिएको थियो । संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति प्रधानमन्त्रीले गर्ने व्यवस्था रहेकोमा चौथो संशोधनबाट सो नियुक्ति राष्ट्रपतिले गर्ने व्यवस्था गरियो । यस्ता पदाधिकारीको पदावधि नियुक्त भएको मितिले ६ वर्षको हुने कुरा उल्लेख थियो ।

यसै गरी धारा १२९ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरेको देखिन्छ । धारा १२९ ले संविधान र अन्य कानुनको अधीनमा रही संविधान सभा, धारा १५७ बमोजिम हुने जनमत सङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ भनी निर्वाचन आयोगको कार्य स्पष्ट पारेको थियो । सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य समेत निर्वाचन आयोगकै हुने व्यवस्था थियो । यसै गरी १२९(२) ले संविधान सभा सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्नको निरूपण गर्ने अधिकार निर्वाचन आयोगलाई दिएको थियो । त्यस्तै १२९(घ) अनुसार निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ । निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि यस संविधानको अधीनमा रही कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । यस संविधानको धारा १३० ले निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू उपलब्ध गराउने जिम्मेवारी नेपाल सरकारलाई दिएको देखिन्छ ।

निर्वाचन आयोग ऐन, २०६३ ले आयोगको काम, कर्तव्य र अधिकारको थप व्यवस्था गरेको थियो । ऐनले आयोगले सम्पादन गर्नुपर्ने कामका लागि केन्द्रीयस्तरमा आयोगको सचिवालय र आवश्यकतानुसार स्थानीयस्तरमा कार्यालयहरू स्थापना गर्न सक्ने व्यवस्था थियो ।

### ३.६.१.१ निर्वाचन जनशक्ति

निर्वाचन आयोगले निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन कर्मचारी व्यवस्थापनको कार्य पनि गर्नुपर्दछ । मतदाता नामावली तयार गर्नका लागि आवश्यक सङ्ख्यामा प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी, मतदाता नामावली सङ्कलनकर्ता र निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान

अधिकृत, सहायक मतदान अधिकृत लगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदहरूमा आवश्यकतानुसार कर्मचारीहरू नियुक्त गर्न वा तोक्न सक्ने अधिकार पाएको थियो । आयोगले नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचनको कुनै काममा खटाउन वा लगाउन सक्दथ्यो । यसरी निर्वाचन आयोगले खटाएको काममा संलग्न कर्मचारीहरू निर्वाचनको काम सम्पन्न नहुञ्जेलसम्म आयोगको कर्मचारी मानिन्थे र आयोगको स्वीकृतिबिना अख्तियारवालाले त्यस्ता कर्मचारीको सेवा शर्तमा प्रतिकूल असर पर्ने गरी कुनै काम गर्न वा आयोगको काम गर्नबाट हटाउन वा सरुवा गर्न नपाउने प्रावधान थियो । यसले आयोगलाई निर्वाचनको काम निर्वाध रूपमा सम्पन्न गर्नका लागि सुनिश्चितता प्रदान गरेको थियो ।

निर्वाचनको काम सञ्चालन र सम्पन्न गर्न राजपत्राङ्कित प्रथम श्रेणीसम्मको सुविधा पाउने गरी सुरुमा ६ महिनाका लागि दरबन्दी सिर्जना गर्न सक्ने र एकै पटक वा पटक पटक गरी अर्को ६ महिना पदावधि थप्न सक्ने गरी आवश्यक सङ्ख्यामा अस्थायी पदको दरबन्दी सिर्जना गर्न सक्ने गरी आयोगलाई निर्वाचन जनशक्ति प्राप्त गर्न सक्ने अवस्था ऐनले दिएको थियो । निर्वाचनको कामको सम्बन्धमा आवश्यकता अनुसार विशेषज्ञको सेवा लिन आयोग स्वतन्त्र थियो ।

### ३.६.१.२ विभिन्न निकायसँग सहयोग तथा समन्वय

निर्वाचनको कामका लागि नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा संवैधानिक निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायसँग सोझै सम्पर्क राख्न र त्यस्ता संस्था वा निकायबाट कुनै पनि सहयोग लिन आयोग सक्षम थियो । त्यस्तै निर्वाचनको कामका लागि कुनै निजी वा सार्वजनिक संस्थाबाट आवश्यक सहयोग लिन वा त्यस्ता संस्था वा निकायबाट निर्वाचन सम्बन्धी काम गराउन सक्ने क्षेत्राधिकार आयोगलाई दिइएको थियो । आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने कुरा ऐनको प्रावधानमा नै समाविष्ट गरिएको थियो ।

### ३.६.१.३ निर्वाचन अनुगमन

निर्वाचन आयोगले निर्वाचनका क्रममा निर्वाचन अनुगमन व्यवस्थापनको कार्य गर्दछ । यसले निर्वाचनसँग सम्बन्धित मतदान वा मतगणनाको काम वा निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउन

सक्थ्यो । यसका लागि आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा विशेषज्ञ सहितको टोली गठन गर्न पाउने अधिकार ऐनले प्रदान गरेको देखिन्छ । त्यस्तो टोली गठन गर्दा तोकिएको आधारमा अनुगमन गर्ने निर्वाचन क्षेत्र, अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि र त्यस्ता टोलीले अनुगमनको काम सम्पन्न गर्नु पर्ने समय समेत निर्धारण गर्नु पर्थ्यो ।

### ३.६.१.४ निर्वाचन पर्यवेक्षण

निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित मतदान वा मतगणनाको काम वा निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारबाहीको पर्यवेक्षण गर्नका लागि यस सम्बन्धी अनुभव, विश्वसनीयता लगायत तोकिएको आधारमा कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई अनुमति दिन सक्ने र त्यसरी अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले आयोगले पर्यवेक्षणका निमित्त तोके बमोजिमको कार्यविधि पूरा गरी पर्यवेक्षण कार्य सम्पन्न गर्न सक्दथे । यस्तो कार्यविधिको पालना नगर्ने व्यक्ति वा संस्थाको पर्यवेक्षण अनुमति रद्द गर्न आयोग सक्षम थियो । यसरी अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएपछि सोको प्रतिवेदन आयोगलाई बुझाउनु पर्ने तथा पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्दा आयोगले बनाएको आचार संहिता पालना गर्नु गराउनु अनिवार्य थियो ।

आयोगबाट निर्धारण गरिएको आचार संहिता पालना भए नभएको सम्बन्धमा आयोगले आवश्यकता अनुसार जिल्ला र निर्वाचन क्षेत्र तहमा समेत उपयुक्त संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्न सक्थ्यो ।

### ३.६.१.५ निर्वाचन शिक्षा तथा मतदाता जागरण

मतदाता जागरण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचनमा मतदाता नामावली सङ्कलन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरूलाई जानकारी गराउन आयोगले आवश्यकतानुसार मतदाता जागरण कार्यक्रम सञ्चालन गर्ने गराउने जिम्मेवारी आयोगको हुने व्यवस्था ऐनले उल्लेख गरेको थियो ।

आयोगले मतदाता नामावली तयार गर्ने लगायत निर्वाचनको काममा नियुक्त गरिएका, खटाइएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नु पर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले त्यस्तो कार्य सम्पादनको सिलसिलामा प्रचलित कानुन वा आयोगको

आदेश वा निर्देशनको जानी-जानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी तथा सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानुन बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी सो कानुन बमोजिम विभागीय कारबाही र सजाय गर्न सक्दछ । यस्तै माथि लेखिएदेखि बाहेकका कुनै कर्मचारी वा पदाधिकारीले निर्वाचनको कामको सम्बन्धमा प्रचलित कानुन वा आयोगले दिएको निर्देशनको विपरीत कुनै काम कारबाही गरेमा आयोगले त्यस्तो कर्मचारी वा पदाधिकारी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानुन बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने अधिकार आयोगमा निहित थियो ।

### ३.६.१.६ निर्वाचन आचारसंहिता

निर्वाचन आयोग ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियम र निर्देशिकाहरू बनाउन आफैँमा स्वतन्त्र छ । यसका साथै संविधान तथा प्रचलित कानुन बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने प्रयोजनका लागि आवश्यक आदेश जारी गर्न सक्ने र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशन हुने प्रावधान समेत ऐनमा देखिन्छ । यस्तो आदेश पालना गर्नुपर्ने निकायहरू देहाय बमोजिम उल्लेख गरिएको थियो-

(क) सरकारी, अर्धसरकारी वा गैरसरकारी संस्था,

(ख) राजनीतिक दल तथा त्यसका पदाधिकारी,

(ग) मतदाता,

(घ) उम्मेदवार र निजका प्रतिनिधि,

(ङ) निर्वाचनको प्रचार-प्रसार तथा अनुगमनमा संलग्न व्यक्तिहरू ।

आयोगको आदेश उल्लङ्घन गर्नेलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्नसक्ने अधिकार पनि आयोगलाई प्रदान गरिएको थियो ।

### ३.६.१.७ शान्ति सुरक्षा

निर्वाचन आयोगले निर्वाचन अवधिभरि शान्ति सुरक्षा गर्ने निकायलाई निर्वाचनको उद्देश्यका लागि प्रयोग गर्ने गराउने अधिकार पाएको छ । आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि गृह मन्त्रालयमा लेखी पठाउन सक्ने तथा त्यसरी निर्वाचन आयोगबाट लेखी आएमा गृह मन्त्रालयले प्रभावकारी सुरक्षा प्रबन्ध मिलाई सुरक्षा योजनाका बारेमा निर्वाचन आयोगलाई जानकारी पठाउनु

पर्दछ । कुनै निर्वाचन क्षेत्रमा कार्यरत कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षकले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष सिफारिस गरी पठाउन सक्ने अधिकार आयोगलाई दिइएको थियो । आयोगले पठाएको सिफारिस प्राप्त भएपछि अख्तियारवालाले आवश्यक कारबाही गरी आयोगलाई सोको जानकारी गराउनु पर्ने व्यवस्था पनि त्यहाँ उल्लेख छ ।

यसै गरी **निर्वाचन (कसूर र सजाय) ऐन, २०६३** को दफा १८(१) मा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा सो गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरिएको थियो । सोही ऐनको उपदफा (२) ले निषेध गरिएको कुनै काम गर्ने व्यक्तिलाई वा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्ने, त्यस्तै निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश पालन गर्नु सम्बन्धित सुरक्षाकर्मीको कर्तव्य हुने र त्यस्तो आदेश पालना नगर्ने सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्न सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले आयोगमा लेखी पठाउन सक्ने प्रस्ट व्यवस्था ऐनले गरेको थियो।

### ३.६.१.८ निर्वाचन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को परिच्छेद ४ ले मुद्दाको कारबाही तथा किनारा गर्ने निकायको  बारेमा उल्लेख गरेको देखिन्छ । यस ऐनको दफा २३ ले नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी निर्वाचनसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्नका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालत अर्थात् निर्वाचन अदालतले अन्य निर्वाचनहरूका सम्बन्धमा दफा २१ अन्तर्गत सजाय हुने कसूर  सम्बन्धी मुद्दाहरू हेर्दछ भने संविधान सभा निर्वाचनसँग सम्बन्धित कसूरहरूका सम्बन्धमा र निर्वाचन बदर सम्बन्धी मुद्दाहरू हेर्ने अधिकार संविधान सभा अदालतलाई दिएको छ । यी अदालत तथा अनुसन्धान अधिकारीहरूले यस ऐनले तोके अनुसार अनुसन्धान तथा कसूरमा निर्णय गर्न पाउने छन् । यसरी ती अदालतले गरेको निर्णय उपर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतमा पुनरावेदन लाग्ने र त्यसरी

तोकेको अदालतले गरेको निर्णय अन्तिम हुनेछ । मुद्दाको कार्यविधिका सम्बन्धमा दफा २६ ले गरेको प्रावधान अनुसार सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ३ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा सो ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्ने कुरा उल्लेख छ ।

### ३.६.२ निर्वाचन क्षेत्र निर्धारण आयोग

अन्तरिम संविधानले धारा १५४क मार्फत संविधान सभा सदस्यको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने व्यवस्था गरेको थियो । यस आयोगमा देहाय बमोजिम अध्यक्ष तथा सदस्य रहने व्यवस्था गरिएको थियो-

(क) सर्वोच्च अदालतबाट सेवानिवृत्त न्यायाधीश - अध्यक्ष,

(ख) भूगोलविद् - सदस्य,

(ग) समाजशास्त्री वा जनसङ्ख्याविद् - सदस्य,

(घ) प्रशासनविद् वा व्यवस्थापनविद् - सदस्य,

(ङ) नेपाल सरकारको सेवामा रहेको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत - सदस्य-सचिव

निर्वाचन क्षेत्र निर्धारण आयोगमा रहने यी सबै पदाधिकारीको नियुक्ति नेपाल सरकारले गर्ने व्यवस्था थियो । संविधानले निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यविधि तोकेको थिएन । त्यस्तो कार्यविधि सो आयोग गठन गर्दाका बखत नेपाल सरकारले तोके बमोजिम नै हुने र त्यसमा आवश्यकतानुसार नेपाल सरकारले थप गर्न सक्ने व्यवस्था पनि संविधानमा उल्लेख गरिएको थियो । संविधानमा निर्वाचन क्षेत्र निर्धारण आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन चाहिने योग्यता, पद रिक्त भएको अवस्था र त्यसरी रिक्त भएको पदको पूर्ति कसरी गर्ने भन्ने उल्लेख गरिएको थियो ।

निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ६३ को उपधारा (३) र (३क) को अधीनमा रही त्यस्ता जिल्लाहरूको जनसङ्ख्या र संविधान सभा सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसङ्ख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने त्यस्तो सदस्य सङ्ख्या निर्धारण गर्नेछ र सो सङ्ख्या बराबर संविधान सभाको सदस्यको निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्ने उल्लेख गरिएको थियो । यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा समान जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताको आधारमा प्रत्येक प्रशासकीय जिल्लाको सिमाना, भौगोलिक अवस्था, जनसङ्ख्याको

घनत्व, यातायातको सुविधा र त्यस्तो जिल्लामा बसोबास गर्ने बासिन्दाहरूको सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनुपर्ने संविधानले स्पष्ट गरेको थियो । तथापि यो संविधान प्रारम्भ हुँदाका बखत निर्वाचन जिल्लामा कायम रहेका निर्वाचन क्षेत्रभन्दा कम हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्न सकिने छैन भन्दै न्यूनतम स्थिरतालाई पनि सुनिश्चित गर्न खोजिएको थियो ।

निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्वाचन क्षेत्र निर्धारण गरेको वा सोको पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी उल्लेख गरी यो विषयलाई न्यायिक पुनरावलोकनभन्दा बाहिर राखिएको थियो । निर्वाचन क्षेत्र निर्धारण आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रधानमन्त्री समक्ष बुझाउने व्यवस्था थियो । यस्तो प्रतिवेदन प्रधानमन्त्रीले मन्त्रिपरिषद् समक्ष राख्ने र सोको कार्यान्वयनका लागि निर्वाचन आयोग तथा अन्य सम्बद्ध निकायमा पठाउने व्यवस्था गरिएको थियो । तर प्रधानमन्त्री समक्ष बुझाएको प्रतिवेदनमा प्राविधिक रूपमा नमिलेको देखिएको जिल्लाको हकमा पुनरावलोकन हुन आवश्यक भएको मन्त्रिपरिषद्ले ठानेमा आयोगका अध्यक्ष र सदस्यलाई निश्चित समयावधि तोकी मन्त्रिपरिषद्ले त्यस्तो विशेष परिस्थितिमा सो प्रतिवेदन एक पटकको लागि पुनरावलोकन गर्न अनुरोध गर्न सकिने व्यवस्था थियो ।

निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्ने र निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।

## ३.७ नेपालको संविधान

नेपालमा संवैधानिक प्रजातन्त्र तथा निर्वाचन पद्धतिको प्रयोगको ६८ औँ वर्षमा नेपालको संविधान, २०७२ लागू भएको छ । नयाँ संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बिचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता तथा सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ । नयाँ संविधान  मार्फत नेपाल धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको छ । संघीय मूलुकमा परिवर्तन भएका कारण नेपालको संविधान, २०७२,

यसले स्थापना गरेको निर्वाचन व्यवस्थापन निकाय तथा यसका आगामी चुनौतीहरू हिजोका भन्दा धेरै किसिमले फरक हुन गएको छ ।

नयाँ संविधानको धारा ५६ ले नेपालको संरचनाका बारेमा उल्लेख गरेको छ । सो अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । यी तीन तहको संघीय संरचनाले नेपालको राज्यशक्तिको प्रयोग यस संविधान तथा कानुन बमोजिम गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यसका साथै स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने र गाउँपालिका र नगरपालिकामा रहने वडाको सङ्ख्या संघीय कानुन बमोजिम हुने पनि संविधानको धारा ५६ ले प्रस्ट पारेको छ । यस बाहेक धारा ५६(५) मा संघीय कानुन बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने कुरा छ । धारा ५६(६) ले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको हुने भनेको छ ।

नयाँ संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गर्दा संघको अधिकार, प्रदेशको अधिकार, संघ र प्रदेशको साझा अधिकार, स्थानीय तहको अधिकार, संघ-प्रदेश-स्थानीय तहको साझा अधिकारहरूलाई बेग्लाबेग्लै अनुसूचीमा सूचिकृत गरेको छ । यसका साथै यस्तो अधिकारको प्रयोग कुन कानुन बमोजिम गर्ने भनी लेखेको छ । यस्तो अधिकार प्रयोग गर्नका लागि बनाइएको कानुन संघीय कानुनसँग बाझिएको हुन नहुने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने कुरा यसै धाराको विभिन्न उपधाराहरूले उल्लेख गरेको छ ।

नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको संघीय संसद्को नामले चिनिने एक संघीय व्यवस्थापिका (धारा ८३) हुनेछ । प्रतिनिधि सभा २७५ सदस्यीय हुने हुने (धारा ८४) र यसमा देहाय बमोजिम सदस्य हुने व्यवस्था छ ।

(क) नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय पैंसठ्ठी सदस्य, र

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दस सदस्य ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने कुरा संविधानले अनिवार्य गरेको छ । प्रतिनिधि सभा सदस्यको निर्वाचन कानुन बमोजिम गोप्य मतदानद्वारा हुने कुरा भने यथावतै छ । त्यस्तै अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार पनि यथावतै कायम गरिएको छ । प्रतिनिधि सभाका सदस्यका लागि हुने निर्वाचनमा मतदान गर्न अधिकार पाएको धारा ८७ बमोजिम योग्यता पुगेको व्यक्ति संघीय कानुनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउँछ तर एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन नपाउने प्रावधान यस संविधानले गरेको छ । यसका साथै संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने उल्लेख गरेको छ । प्रतिनिधि सभाको निर्वाचन र तत्सम्बन्धी अन्य विषय संघीय कानुन बमोजिम हुनेछ । (धारा ८५)

धारा ८६ ले स्थायी सदनको रूपमा उनान्साठी सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गरेको छ । यसमा देहायको व्यवस्था बमोजिम सदस्यहरू छानिएर आउने व्यवस्था गरिएको छ-

(क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानुन बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना, र

(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना सदस्य ।

यसरी छानिएर आउने राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुने र हरेक एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने परम्परागत व्यवस्था यथावत छ ।

धारा ८६(६) ले राष्ट्रिय सभाका सदस्यको निर्वाचन सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख गरेको छ ।

प्रदेश सभा भनिने एक सदनात्मक प्रादेशिक व्यवस्थापिकाको व्यवस्था संविधानको धारा १७५ ले गरेको छ । प्रदेश सभाको सम्बन्धमा धारा १७६ मा थप प्रावधान रहेको देखिन्छ । सो अनुसार प्रत्येक प्रदेश सभामा देहाय बमोजिम सदस्य हुनेछन्-

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य, तथा

(ख) खण्ड (क) बमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

प्रत्यक्ष निर्वाचन प्रणालीबाट आउने प्रदेश सभा सदस्य निर्वाचनका लागि भूगोल र जनसङ्ख्याको आधारमा संघीय कानुन बमोजिम निर्वाचन क्षेत्र कायम गरिनेछ । प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत साठी प्रतिशत र समानुपातिक निर्वाचन प्रणाली बमोजिम चालिस प्रतिशत सदस्यहरूको छनोट गरिनेछ । संघीय व्यवस्थापिकामा जस्तै एक तिहाइ महिला सदस्य निर्वाचित हुनैपर्ने तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानुन बमोजिम हुने र त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ । एउटै व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन । प्रदेश सभाको निर्वाचन सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

स्थानीय तहको व्यवस्थापिकीय अधिकारका सम्बन्धमा नयाँ संविधानको धारा २२१ मा व्यवस्था रहेको पाइन्छ । सो अनुसार स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ । गाउँ सभा र नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । धारा २२२ ले गाउँ सभाको गठन कसरी हुन्छ भन्ने व्याख्या गर्दछ । यसको उपदफा (१) मा प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ भन्ने उल्लेख छ । उपदफा (२) बमोजिम यस्तो गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् । यसका साथै गाउँ सभामा

प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनुपर्ने प्रावधान छ । वडा समितिको गठन धारा २२२(४) बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडाका वडा अध्यक्ष र चारजना सदस्यहरूबाट हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

उपदफा (७) बमोजिम गाउँ सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुने व्यवस्था छ ।

राष्ट्रिय महत्वको कुनै विषयमा जनमत सङ्ग्रहबाट निर्णय गर्न आवश्यक भएको कुरा संघीय संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत सङ्ग्रहबाट निर्णय लिन सकिने व्यवस्था धारा २७५ ले गरेको छ । यस्तो जनमत सङ्ग्रह र तत सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

स्थानीय निकायको व्यवस्था सम्बन्धमा धारा ३०३ ले यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायहरू यो संविधान बमोजिम स्थानीय तहको सङ्ख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहने तथा यस बमोजिम कायम रहेका स्थानीय निकायका पदाधिकारीको निर्वाचन कानुन बमोजिम हुने कुरा उल्लेख छ । यसरी निर्वाचित स्थानीय निकायका पदाधिकारीहरू यो संविधान बमोजिम स्थानीय तहको निर्वाचन नभएसम्म कायम रहने पनि सोही धाराले प्रष्ट पारेको छ ।

नेपालको संविधान, २०७२ ले ३ तहको संघीय संरचना अपनाएको तथा प्रत्येक तहका लागि छुट्टाछुट्टै निर्वाचन हुने व्यवस्था गरेको छ । यसका साथै लागू भएको नयाँ संविधानले राज्यशक्तिको बाँडफाँटका नयाँ प्रावधानहरू लागू गरेकाले नेपालले निर्वाचन प्रयोजनका लागि संघीय संरचनाका प्रत्येक तहका लागि बेग्लाबेग्लै नियम, कानुन अनुसार कार्य गर्नुपर्ने अवस्था रहेको देखिन्छ । यसले निर्वाचन व्यवस्थापन निकायका सम्बन्धमा नेपालमा पहिले अनुभव नगरिएको नयाँ विषय तथा जटिलताहरू पनि थपिएका छन् ।

निर्वाचनका सम्बन्धमा यस नयाँ संविधानको भाग २४ ले निर्वाचन आयोगको परम्परागत व्यवस्थालाई यथावत गरेको छ । निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारका विषयहरू अध्ययन गर्दा २०६३ सालको अन्तरिम संविधानकै व्यवस्थाको निरन्तरता यसमा देख्न सकिन्छ । नयाँ संविधानको धारा २४५ अन्तर्गत स्थापना हुने निर्वाचन आयोगमा प्रमुख आयुक्त र चार जना आयुक्त रहने, तिनको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने, उनीहरूको पदावधि ६ वर्षको हुने लगायतका परम्परागत विषयवस्तुकै निरन्तरता यस संविधानमा देख्न/पाउन सकिन्छ ।

निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार (धारा २४६) का विषयमा हेर्दा निर्वाचन आयोगले यस संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय

संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने कुरा उल्लेख छ । नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत निर्वाचन आयोगले जनमत सङ्ग्रह र स्थानीय निकायको निर्वाचनको रेखदेख गर्ने प्रावधान रहेकोमा २०७२ को नयाँ संविधानमा निर्वाचन आयोगको काम, कर्तव्य तथा अधिकारमा राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्यको निर्वाचन पनि परेको छ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ । धारा २४६ को उपधारा (२) बमोजिम यस संविधान र संघीय कानुन बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने जिम्मा पनि निर्वाचन आयोगले पाएको छ । उपदफा (३) बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ । निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुन बमोजिम हुने पनि यसै धाराको उपधारा (६) मा उल्लेख गरेको पाइन्छ ।

निर्वाचन क्षेत्र निर्धारण गर्नका लागि नयाँ संविधानले पहिलाको संविधानमा झैँ एउटा निर्वाचन क्षेत्र निर्धारण आयोग हुने (धारा २८६) व्यवस्था गरेको छ । संविधानतः बन्ने यस आयोगमा देहाय बमोजिम अध्यक्ष तथा सदस्य रहनेछन्-

| | | |
|---|---|---|
| (क) | सर्वोच्च अदालतको सेवानिवृत्त न्यायाधीश - | अध्यक्ष, |
| (ख) | भूगोलविद् एक जना - | सदस्य, |
| (ग) | समाजशास्त्री वा मानवशास्त्री एक जना - | सदस्य, |
| (घ) | प्रशासनविद् वा कानुनविद् एक जना - | सदस्य, |
| (ङ) | नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत - | सदस्य-सचिव |

निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि भने त्यस्तो आयोग गठन गर्दाका बखत तोके बमोजिम हुने व्यवस्था गरिएको छ । अर्को महत्वपूर्ण प्रावधानका रूपमा उपधारा (५) ले निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्या र भूगोललाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसङ्ख्या र सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गर्ने कुरा उल्लेख गरेको छ । यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा सो निर्वाचन क्षेत्रको जनसङ्ख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवम् यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिइनु पर्दछ । निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाइँदैन । यस आयोगले आफूले सम्पादन गरेको कामको

प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्ने र त्यस्तो प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्ले संघीय संसद् समक्ष पेश गर्नुको अतिरिक्त कार्यान्वयनका लागि निर्वाचन आयोगमा पठाउनेछ । निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आफ्नो कार्यविधि आफैँ निर्धारण गर्ने स्वतन्त्रता छ ।

नेपालको संविधानको भाग २९ ले राजनीतिक दल सम्बन्धी व्यवस्था गरेको छ । सो भागको धारा २६९ अनुसार समान राजनीतिक विचारधारा, दर्सन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत बनेको कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्सन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस्ता राजनीतिक दलले कानुन बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्दछ । दल दर्ताका लागि संविधानको धारा २६९(४) ले देहायका विभिन्न मापदण्ड तोकिदिएको छ :

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्ने,

(ख) राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्ने,

(ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने ।

यसै गरी उपधारा (५) ले कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिह्न वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नहुने व्यवस्था गरेको छ । धारा २७० ले धारा २६९ बमोजिम गठित राजनीतिक दललाई प्रतिबन्ध लगाउन नहुने व्यवस्था गरेको छ ।

***

परिच्छेद चार

# संवैधानिक एवम् कानुनी व्यवस्था

परिच्छेद चार

# संवैधानिक एवम् कानुनी व्यवस्था

## ४.१ पृष्ठभूमि

लोकतन्त्रमा निर्वाचनको व्यवस्थापन लोकतान्त्रिक मूल्य मान्यता अनुरूप सञ्चालन हुनु अनिवार्य हुन्छ । यसका लागि संविधानवादमा आधारित लोकतान्त्रिक संविधान आवश्यक हुन्छ । कानुनी व्यवस्थाको पूर्ण पालना गरिनुपर्छ । लोकतन्त्रलाई सुदृढ बनाउने निर्वाचन प्रणाली अवलम्बन गरिनुपर्छ । यसको साथै निर्वाचनको सञ्चालनमा लोकतान्त्रिक विधि र आचरणको पालना गरिनुपर्छ ।

निर्वाचन राजनीतिक विषय जस्तो देखिए पनि यो केवल राजनीतिक विषय मात्र नभएर कानुनी विषय पनि हो । देशको शासन व्यवस्थाको सञ्चालनका लागि देशको केन्द्रीय विधायिका र विभिन्न तहका विधायिकामा रही कानुन निर्माण गर्ने विधायक र विभिन्न तहमा जनप्रतिनिधिहरूको छनोट गर्ने विषय हो । तर यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न चाहिने विधि वा प्रक्रियाको व्यवस्था र व्याख्या संविधान र कानुनले नै गरिदिन्छन् ।

लोकतान्त्रिक देशहरूमा निर्वाचनको व्यवस्थापन र सञ्चालन कानुनले तोकिदिएको सीमाभन्दा बाहिर गएर गर्न सकिँदैन । गरिँदैन । तसर्थ देशको संविधान वा कानुनमा नै विधायिका र राज्यका विभिन्न तहको गठन विधि, प्रक्रिया, प्रतिनिधित्वको स्वरूप बारे व्यवस्था गरिन्छ । निर्वाचनको व्यवस्थापन स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गले गर्ने प्रबन्ध गरिन्छ । निर्वाचनलाई मर्यादित ढङ्गले सम्पन्न गर्न राजनीतिक दल, उम्मेदवार, सरकारी तथा अर्धसरकारी निकाय, आमसञ्चारका माध्यम र मतदाता लगायतका सरोकारवालाले पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरी तिनको प्रभावकारी कार्यान्वयन गरिन्छ । निर्वाचन सञ्चालनको क्रममा आउन सक्ने विवाद वा कसुर वा निर्वाचन परिणामका सम्बन्धमा पर्ने उजुरीहरूको निरूपणका लागि स्पष्ट कानुनी व्यवस्था समेत गरिएको हुन्छ ।

राज्यको उत्पत्ति भएसँगै राज्य सञ्चालनका विधि र प्रक्रिया पनि एकसाथ विकसित हुँदै आएका हुन् । तर संविधान निर्माण गरेर त्यसकै अधीनमा रही राज्य सञ्चालन गर्ने अभ्यासको थालनी भने धेरैपछि मात्रै भएको हो । इशापूर्व ५०७ तिर ग्रिकको एथेन्समा गठन भएको व्यवस्थापिकामा महिला, दास, विदेशी नागरिक, सुकुम्वासी र २० वर्षभन्दा कम उमेरका बाहेक अरू एथेन्स नगरबासीहरू उक्त सभाका सदस्य हुने र सभामा सबैले आ-आफ्ना भनाइ राख्न पाउने व्यवस्था प्रचलनमा थियो । आम नागरिकले आफ्नो लागि आफैँ विधिको निर्माण गर्ने अभ्यास थियो यो । पाँचौँ शताब्दी यतादेखि भने सार्वजनिक

सेवामा रहन सम्पत्तिको योग्यतालाई मापदण्डबाट हटाइयो । त्यसपछि प्रत्येक एथेनेली नागरिकले व्यक्तिगत रूपमा छलफलमा भाग लिने र समुदायको लागि कानुन र नीतिका सम्बन्धमा संसद्मा मतदान गर्ने समान अधिकार पाएका थिए । उनीहरूले प्रशासनिक परिषद्को सदस्यता लिई यस मार्फत् प्रशासनमा भाग लिन पाएका थिए । यी अभ्यास शासन व्यवस्थामा आम नागरिक सहभागिताको लागि गरिएका उत्तम अभ्यासहरू थिए भन्न सकिन्छ ।

हाम्रो देशको सन्दर्भमा किराँतवंशी राजाहरूको पालादेखि व्यवस्थित रूपमा शासन व्यवस्थामा नागरिक सहभागिताको थालनी भएको पाइन्छ । किनभने पहिलो पटक किराँत कालमा नै मूलुकको शासन व्यवस्था सञ्चालनका लागि प्रशासनिक ढाँचाको निर्माण भएको पाइन्छ । किराँतकालमा राज्यको आर्थिक, प्रशासनिक, न्यायिक कार्य सम्पादनका लागि कुथेर, माप्चोक, लिङ्वल र शुल्ली गरी चारवटा अधिकरण (निकाय) खडा गरिएको थियो । यी अधिकरणलाई लिच्छविकालमा समेत निरन्तरता दिइएको थियो । स्थानीय तहको प्रशासनिक, न्यायिक कार्यको सम्पादन स्थानीय तहमा गठन हुने 'पाञ्चाली' बाट हुन्थ्यो । पाञ्चालीबाट छिनोफानो हुन नसकेका विवाद मात्र राजाको इजलासमा पेश हुन्थे । यी विभिन्न तथ्यलाई विश्लेषण गर्दा किराँत र लिच्छविकालदेखि नै हाम्रो देशमा शासन व्यवस्थामा नागरिक सहभागितालाई व्यवस्थित गर्दै आइएको पाइन्छ । यद्यपि नागरिक सहभागिताका लागि संविधान वा कानुनमा नै विभिन्न तहको व्यवस्था गरी जनप्रतिनिधिको निर्वाचन गर्ने व्यवस्थाको सुरुआत भने वि.सं. २००४ सालपछि मात्रै सुरु भएको हो ।

## ४.२ विश्वमा संवैधानिक विकासको इतिहास

राज्यको उत्पत्तिसँगै स्वभावतः यसको सञ्चालन विधिको पनि विकास भएको हो । तर राज्यको उत्पत्तिसँगै कानुन वा संविधानको निर्माण भने भएको होइन । लामो समयसम्मको अभ्यासबाट विकसित प्रथा, परम्पराहरू कालान्तरमा कानुन वा संविधानका स्रोत बन्न आइपुगेका हुन् । यस सन्दर्भमा प्राचीन रोमन साम्राज्यका प्रथा, परम्परा र अभ्यास उल्लेख्य छन् । रोमन साम्राज्यमा देशको सर्वोच्च विधि निर्माण गर्ने अधिकार वा शक्ति जनतामा निहित थियो । जनताले नै राजालाई शासन सञ्चालनको शक्ति दिन्थे । कहिलेकाहीँ जनता र राजाका बिच शक्ति सङ्घर्ष चल्थ्यो । राजाहरू पराजित हुँदा जनताका अधिकार सुदृढ हुन्थे भने जनताहरू पराजित हुँदा अधिकारहरू खोसिन्थे, कुण्ठित हुन्थे र उनीहरू क्रमशः निरङ्कुश हुँदै जान्थे । निरन्तर चल्दै आएको यस खालका गतिविधिकै कारण अहिलेको आधुनिक लोकतन्त्रको विकास युगमा आइपुगिएको हो ।

संसारका सबैजसो मूलुकले शासन व्यवस्थाको सञ्चालनका लागि संवैधानिक व्यवस्था गरेका छन् । संविधान लिखित वा अलिखित दुवै हुन सक्छन् । जस्तै बेलायत, न्यूजिलैण्ड, इजरायलमा लिखित संविधान छैन । अलिखित संविधान भन्नुको तात्पर्य यहाँ संविधानको

रूपमा संहिताबद्ध गरिएको एउटै लिखत मात्र नभएको हो । लिखित कानुनी व्यवस्था नै नभएको होइन । बेलायतको संविधानको समग्र संरचनामा विभिन्न चार्टर, संसद्बाट जारी कानुन, अदालतका फैसला र प्रथा एवम् परम्परामा आधारित विभिन्न विषय छन् । चार्टर, संसद्बाट जारी कानुन, अदालतका फैसलाहरू लिखित कानुनी व्यवस्था हुन् । तर संविधान भनेर एउटै लिखित सामग्री नरहेको कारण यहाँको संधिानलाई अलिखित संविधान भनिएको हो । इजरायल, न्यूजिलैण्डका संविधान पनि यही ढाँचाका हुन् ।

संसारमा संविधान निर्माणका विभिन्न विधि वा अभ्यास प्रचलनमा छन् । राज्य प्रमुखको घोषणाबाट गठन हुने विज्ञहरूको समिति वा आयोग बनाएर, राजनीतिक दलहरू बिच सम्मेलन गरेर, मसौदा तयार गरी जनमत सङ्ग्रह मार्फत अनुमोदन गरेर, संवैधानिक सम्मेलन गरेर, व्यवस्थापिकाबाट निर्माण गरेर, संविधान सभाबाट निर्माण गरेर आदि । विश्वकै पहिलो लिखित संविधान मानिने सन् १७८९ देखि प्रयोगमा आएको अमेरिकाको संविधान संवैधानिक सम्मेलनबाट जारी भएको हो । संविधान सभाका लागि निर्वाचन गरी गठन भएको संविधान सभाबाट नभई संविधान निर्माण प्रक्रियामा संलग्न राज्यका प्रतिनिधिहरूको सम्मेलनबाट बनाइएको भए पनि संविधान निर्माणमा संविधान सभाकै विधिको अवलम्बन गरिएको थियो । अमेरिकाको संविधान संसारकै सबैभन्दा छोटो संविधान पनि हो । यसमा जम्मा ७ वटा धारा छन् । यसबाहेक अष्ट्रेलिया, इटाली, इथियोपिया, केन्या, कोलम्बिया, दक्षिण अफ्रिका, फ्रान्स, भारत लगायत विश्वका ४० भन्दा बढी राष्ट्रले संविधान सभाको पद्धतिलाई अवलम्बन गरी संविधान निर्माण गरेका छन् । हाम्रो देशमा पनि संविधान सभाबाट निर्माण गरिएको संविधान वि.सं. २०७२ असोज ३ गते आइतबार जारी भएको छ । कतिपय देशले संविधान सभाको विधि अवलम्बन गरे पनि संविधान सभाबाट संविधान जारी गर्न सकेनन् । पाकिस्तान, रुस, इजरायल आदि देश यसका उदाहरण हुन् ।

जुनसुकै विधि वा प्रक्रियाबाट निर्माण भएको भए पनि एउटा असल संविधान संविधानवादमा आधारित हुनुपर्छ। संविधानवाद भनेको विधिको शासन हो । संविधानमा नागरिकका मौलिक हक अधिकारको सुनिश्चितता गरिएको हुनुपर्छ । राज्यका अङ्ग बिच शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था गरिएको हुनुपर्छ। सीमित सरकारको अवधारणालाई आत्मसात् गरिएको हुनुपर्छ । संविधान अपरिवर्तनीय वा असंशोधनीय हुनु हुँदैन । आवश्यकता अनुसार अर्थात् जनचाहना अनुरूप संशोधन गर्न सकिने भयो भने मात्र त्यस्तो संविधानको आयु निकै लामो हुन्छ । अतः संविधान कुन विधिबाट बन्यो भन्नु भन्दा पनि त्यसले कस्तो गुण ग्रहण गरेको छ ? त्यसमा के के विशेषता छन् ? नागरिक हक अधिकारको सुनिश्चितता गरिएको छ कि छैन ? राज्यको शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था कस्तो छ ? आवधिक निर्वाचन र बालिग मताधिकारको सुनिश्चितता गरिएको छ कि छैन ? जस्ता विषय ज्यादै महत्वपूर्ण हुन्छन् ।

## ४.३ संवैधानिक वा कानुनी व्यवस्थापूर्व निर्वाचन वा प्रतिनिधित्वको व्यवस्था

विश्वमा निर्वाचन मार्फत प्रतिनिधित्वको अभ्यास कहाँ, कहिले र कसरी सुरुआत भयो?[१०१] भन्ने कुराको वास्तविक प्रमाण भेटिदैंन । सामान्यतया, मध्ययुगमा खास गरी बेलायत तथा युरोपका राजाहरूले आफ्ना आदेशहरू प्रयोगमा ल्याउन र कर प्रणालीका विषयमा सार्वजनिक हितका प्रश्नको लागि निर्वाचनलाई एक माध्यमको रूपमा प्रयोगमा ल्याएको पाइन्छ ।

तेह्रौं शताब्दीको अन्त्य र चौधौं शताब्दीको सुरुतिर यस किसिमको प्रतिनिधित्वलाई विभिन्न नाम दिइन थाल्यो । जस अनुसार बेलायतमा संसद्, फ्रान्समा स्टेट जेनेरल, स्पेनमा कोर्टस, जर्मनी र हङ्गेरीमा डाइट भनियो । बेलायतको संसद्लाई सर्वप्रथम जनतालाई कर लगाउने अधिकार प्राप्त भयो । संसद् सरकारको अभिन्न अङ्ग हुन पुग्यो । तर ती संसद् तथा सभा प्रजातान्त्रिक मूल्य, मान्यता अनुरूप थिएनन् । कुलिन वर्ग, जमिन्दार, धनी व्यापारी र उच्च पादरी जस्ता सीमित वर्गले मात्र प्रतिनिधित्वको अधिकार पाएका थिए ।

राष्ट्र-राज्यको उत्पत्तिसँगै कुनै न कुनै शासन पद्धति प्रयोगमा रह्यो । यस्ता शासन पद्धतिमा मूलतः गणतान्त्रिक पद्धति र राजतन्त्रात्मक पद्धति प्रमुख छन् । मध्ययुगको अन्त्यसम्म आइपुग्दा संसारमा राजतन्त्रात्मक शासन पद्धति धेरै शक्तिशाली बन्दै आयो । निर्वाचित संसद् वा यस्तै कुनै निर्वाचित अङ्गलाई राजाबाट खारेज गर्ने काम समेत गरियो । यसबाट बेलायती संसद् समेत अछुतो रहेन । यद्यपि क्रमबेल र राजा चार्ल्स बिचको शक्ति सङ्घर्षको क्रममा संसद्को जित भयो । सन् १६८८ को क्रान्तिले राजतन्त्रमा निहित अधिकारको व्यापक कटौती गरी राजालाई संसद्प्रति उत्तरदायी गराउँदै संसद्को सार्वभौमसत्तालाई पुनर्स्थापित गऱ्यो । सन् १८३२ पूर्वसम्म पनि बेलायतमा सीमित वर्गका मानिसलाई मात्र मताधिकार थियो । संसद्मा धनीमानीहरूको प्रतिनिधित्व रहन्थ्यो । तर सन् १८३२ को मध्यतिर प्रतिनिधित्वको पद्धतिमा परिवर्तन गर्दै संसद्लाई जनताको संसद्को रूपमा स्थापित गरियो । सन् १८३२ देखि १९२८ झण्डै एक शताव्दीको अवधिमा निर्वाचन पद्धतिमा आमूल सुधार गरियो । १८ वर्ष उमेर पुगेका सम्पूर्ण महिला र पुरुषले हाउस अफ कमन्सका लागि मतदान गर्न वा प्रतिनिधिको रूपमा निर्वाचित हुने अधिकार प्राप्त गरे । सन् १९१८ मा बेलायतको संसद्ले जनताको प्रतिनिधित्व सम्बन्धी ऐन पारित गरी पहिलो पटक महिलाहरूलाई मताधिकार प्रदान गऱ्यो ।

---

[१०१] There is an illu Minating chapter on Representatation in E. M.Sait's political Institutions A Preface , pp. 467499 Qoted A.C.Kapur, Principles of Political Science , PP. 510

## ४.४ मताधिकारको सिद्धान्त (Theory of Franchise)

साँचो अर्थमा मताधिकार के हो ? भन्ने बारे १८ औं शताब्दीतिर दुईवटा विचार देखा परे । पहिलो विचार प्राकृतिक अधिकारको सिद्धान्त (Principle of Natural Rights) मा आधारित छ । यो विचारका पक्षधर दार्शनिकहरूले मानिसहरूका बिचको समानता (Equality of Men) र लोकप्रिय सार्वभौमसत्ता (Popular Sovereignty) जस्ता सिद्धान्तहरूको आधारमा विश्वव्यापी मताधिकार (Universal Franchise) हुनुपर्ने मान्यता राखेका छन् । उनीहरूका अनुसार यस्तो अधिकार जनतामै निहित हुन्छ । तसर्थ प्रत्येक नागरिकलाई सरकारको नीति बनाउने र मतदान गर्ने दुवै अधिकार रहन्छ । यसबाट मानिस मानिस वीचमा प्राकृतिक एवम् राजनीतिक समानता रहनुका साथै मतदानको अधिकारको समान सुनिश्चितता हुन जान्छ ।

दोस्रो विचारकहरूमा Bluntschli, Lecky, John Stuart Mill and Sir Henry Maine आदि थिए । उनीहरू मताधिकारलाई जनताको अन्तर्निहित अधिकार मान्दैनथे । किनभने यो अधिकार राज्यले दिने हुँदा यसको सुनिश्चितता हुन सक्दैन भन्ने उनीहरूको तर्क थियो । यस विचारधारका दार्शनिकहरू विश्वव्यापी मताधिकारको विपक्षमा उभिएका थिए । वास्तवमा यस विचारधाराले बालिग मताधिकारको वकालत गर्दछ । कति उमेर पूरा गरेका मानिस बालिग हुन सक्छन् भन्ने विषय देश अनुसार फरक फरक हुन सक्छ । जस्तै : फ्रान्समा २१ वर्ष, बेलायत, अमेरिका, भारत, नेपाल र रुसमा १८ वर्ष उमेर पुरा गरेकालाई बालिग भनिने व्यवस्था छ । परिपक्व बालिगले मात्र आफ्ना परिपक्व प्रतिनिधि रोज्न सक्छन् भनेर नै यस्तो व्यवस्था गरिएको पाइन्छ ।

## ४.५ संवैधानिक वा कानुनी व्यवस्थापश्चात् प्रतिनिधित्व वा निर्वाचन सम्बन्धी व्यवस्था

अमेरिकी स्वतन्त्रता प्राप्तिको लडाइँ र फ्रान्सेली क्रान्तिले सर्वप्रथम "संविधान" (Constitution) भन्ने शब्दलाई नयाँ अर्थ दिने काम गरे । नयाँ अर्थमा संविधानलाई देशको सर्वोच्च लिखतको मान्यता दिइयो । जसले सरकारको उच्च अधिकारीको पनि उत्पत्ति गरायो । अमेरिकामा सन् १७८७ मा संविधानको पहिलो मसौदा तयार गरी ४ मार्च सन् १७८९ मा काँग्रेसले अनुमोदन गरेपछि संविधान कार्यान्वयनमा आयो । यो सँगै सर्वप्रथम अमेरिकी राष्ट्रपतिको रूपमा जर्ज वासिङ्गटन निर्वाचित भए । त्यसपछि प्रायः सवै लोकतान्त्रिक देशहरूमा नयाँ संविधानको आवश्यकता महसुस गर्न थालियो ।

अमेरिकी संविधान वास्तवमा सरकारको सम्पूर्ण राजनीतिक प्रणालीको एउटा भाग बन्यो । जसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको समेत काम र अधिकारहरू तोक्ने काम गऱ्यो । यसपछि धेरै देशहरूले संविधान निर्माण गरे । विधि निर्माणको काम जनताबाट निर्वाचित संसद्लाई दिइयो । संसद्बाट निर्मित ऐन, कानुनको व्याख्या गर्ने अधिकार अदालतमा रहने व्यवस्था गरियो । क्यानाडा, अस्ट्रिया, भारत र अन्य मूलुकमा

संविधानको निर्माण गर्दा पनि उल्लिखित सिद्धान्तलाई अवलम्बन गरियो । संविधान निर्माण गर्ने क्रममा कतिपय देशले संविधान संशोधनलाई अरू सामान्य कानुनसरह संशोधन गर्न सकिने व्यवस्था गरेका थिए । सन् १९४७ मा जारी न्युजिल्यान्डको संविधानको संशोधन प्रक्रिया ज्यादै लचिलो भएपछि संविधान व्यवस्थापिका भन्दा सर्वोच्च हुनुपर्दछ र यसलाई साधारण कानुन जस्तो सामान्य प्रक्रियाबाटै संशोधन गर्न सकिने हुनु हुँदैन र अरू कानुन र संविधानलाई एकै सरह राख्नु हुँदैन भन्ने मान्यता समेत रहन थाल्यो ।

बेलायतको उपनिवेशमा रहेका मूलुकहरूले जव बेलायती उपनिवेशबाट स्वतन्त्रता पाउन थाले, तब राज्य सञ्चालन स्वच्छताबाट सुरु हुनुपर्दछ भन्ने मान्यता राखे । सन् १९१८ मा बेलायतबाट स्वतन्त्रता पाएका अस्ट्रेलिया, हंगेरी, चेकोस्लोभाकिया आदि देशले आफ्नो मूलुकको संविधान आफैँ निर्माण गरी राज्य व्यवस्थाको सञ्चालन गरे । धेरै मूलुकमा स्वेच्छाचारिता व्यहोर्दै आएका नागरिकहरू यस्तो असीमित अधिकारयुक्त सरकारको अन्त्य होस् र विधिको शासन लागू होस् भन्ने चाहन्थे । फलतः संविधान निर्माण गर्दा आधुनिक लोकतन्त्र र संविधानवादका चरित्र वा विशेषतालाई समेट्दै सीमित सरकारको व्यवस्था गरियो । संविधानलाई देशको मूल कानुन (The Fundamental Law of the Land) को रूपमा मानियो । संविधानको सर्वोच्चताबाट नै सीमित सरकारको अवधारणाले मूर्त रूप पाउन सक्छ भन्ने मान्यता रह्यो । संविधान र कानुन बमोजिम निर्वाचित सरकारबाट राज्य सञ्चालन गर्न थालियो ।

### ४.५.१ अमेरिकाको संविधान

अमेरिकाको संविधानले राज्यको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन र स्वरूप कस्तो हुने ? राज्यहरूको अधिकार के हुने ? संविधानको कार्यान्वयन र संशोधन प्रक्रिया कस्तो हुने ? जस्ता विषयमा आवश्यक व्यवस्था गरेको छ ।

अमेरिकाको व्यवस्थापिका कँग्रेस हो । यो द्विसदनात्मक छ । तल्लो सदनलाई हाउस अफ रिप्रिजेन्टेटिभ र माथिल्लो सदनलाई सिनेट भनिन्छ । हाउस अफ रिप्रिजेन्टेटिभको गठन राज्यको जनसङ्ख्याको आधारमा बालिग मताधिकारबाट निर्वाचित सदस्यबाट हुन्छ भने सिनेटमा प्रत्येक राज्यका विधायिकाले छानी पठाएका दुई दुई जनाको प्रतिनिधित्व रहन्छ । राज्यको विधायिकी शक्ति कँग्रेसमा निहित रहने व्यवस्था छ । महाअभियोगको अधिकार सिनेटमा रहन्छ । अर्थ विधेयक हाउस अफ रिप्रिजेन्टेटिभबाट मात्रै उत्पत्ति हुन सक्ने लगायतका व्यवस्था छन् । अमेरिकामा कार्यकारिणी शक्ति राष्ट्रपतिमा रहेको छ भने न्यायिक अधिकार त्यहाँको सर्वोच्च अदालत र अरू मातहत अदालतमा रहेको छ । संघमा आवद्ध राज्यहरू गणतन्त्रातमक स्वरूपको हुनुपर्ने, राज्यहरूले आ-आफ्नो क्षेत्रमा लागू हुने गरी कानुन

बनाउन सक्नेछन् । कँग्रेसको स्वीकृतिमा नयाँ राज्यहरू संघमा सम्मिलित हुन सक्ने लगायतका व्यवस्था यसमा रहेका छन् ।

बालिग मताधिकारको आधारमा विधायिकाको निर्वाचन, राज्यको कार्यकारिणी एवम् न्यायिक अधिकारको बाँडफाँट गरी शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था गरिएको पहिलो लिखित संविधान भएकोले जनप्रतिनिधिको निर्वाचनको इतिहासमा समेत अमेरिकी संविधानको विशेष किसिमको अलग्गै महत्व रहेको छ ।

अमेरिकाको संविधानमा अहिलेसम्ममा २९ पटक संशोधन भएको छ । त्यसैले जिंक भन्दछन्, "अमेरिकी शासन व्यवस्था पूर्ण सम्पन्न सांस्कृतिक पृष्ठभूमि, धार्मिक स्वतन्त्रता, भौगोलिक स्थिति र प्राचीन परम्परामा आधारित छ । यति हुँदाहुँदै पनि अमेरिकी संविधानलाई विश्वको सबैभन्दा सानो संविधानका रूपमा लिइन्छ ।[१०२]

### ४.५.२ फ्रान्सको संविधान

फ्रान्सलाई संविधानको प्रयोगशाला समेत भनिन्छ । अमेरिका र फ्रान्समा संविधान निर्माणका प्रयास करिब एकै साथ सुरु भएको भए पनि फ्रान्स लामो समयसम्म आन्तरिक अस्थिरतामा नै गुज्रिरह्यो । राजाहरू निरङ्कुश हुनु र समय समयमा यो निरङ्कुशतालाई अन्त्य गरी उदाएका नवशासकहरू समेत त्यही मार्गमा हिँड्ने गर्नाले फ्रान्समा कहिले राजतन्त्र र कहिले गणतन्त्रको गोलचक्कर चलिरह्यो । फ्रान्समा अहिले कार्यान्वयनमा रहेको संविधान मूलुक पाँचौं पटक गणतन्त्र घोषणा भएपछि ५ अक्टोबर १९५८ मा जारी भएको संविधान हो ।

यो संविधानले सरकारको स्वरूप संसदीय र अध्यक्ष्यात्मक दुवैको मिश्रित खालको हुने व्यवस्था गऱ्यो । विधायिकाको समर्थनमा राष्ट्रपतिले प्रधानमन्त्रीको नियुक्ति गर्ने व्यवस्था गरी शक्ति सन्तुलनको सिद्धान्तलाई अङ्गीकार गऱ्यो । राष्ट्रपतिलाई पहिलाका संविधानहरूले भन्दा थप बलियो बनायो । नयाँ संविधानपछि चार्ल्स नै राष्ट्रपति भए । उनले मिचेल डेबरेलाई प्रधानमन्त्रीमा नियुक्त गरे । त्यसपछिका वर्षमा पनि अनेकौं महत्वपूर्ण विषयमा संविधानको संशोधन हुँदै आएको छ । यद्यपि पछिल्लो संविधानले फ्रान्समा राजनीतिक स्थिरता कायम गर्न सकेको देखिएको छ ।

अस्थिर राजनीतिले थिलो थिलो भएको हुँदा देशले भोग्नु पर्ने नियतिको निर्मम उदाहरण फ्रान्स बन्न पुग्यो । राजनीतिक अस्थिरतामा कसरी निरङ्कुशताको उदय हुन्छ र जतिसुकै राम्रो संविधान बने पनि बेइमान र महत्वाकाङ्क्षी शासकहरू कति सजिलै संविधानलाई लत्याउन सक्छन्, अनि देशले त्यसको ऋण कसरी चुकाउन पर्दोरहेछ भन्ने उदाहरण हो फ्रान्स ।

---

[१०२] supra note 1 page at 5

### ४.५.३ दक्षिण अफ्रिकाको संविधान

दक्षिण अफ्रिका सन् १७९५ देखि बेलायतको उपनिवेशमा रह्यो । यो देशले उपनिवेशका अतिरिक्त जातीय रङ्गभेदको चरम असमानताको पीडा भोगेको छ । बेलायतको उपनिवेशमा रहेकोले स्वभावतः यहाँको शासन पद्धति बेलायती ढाँचाकै रह्यो । अफ्रिकीहरूमा बेलायत विरुद्धको आक्रोश बढ्दै गएपछि सन् १९१० मा बेलायतीमूलका गोराहरूलाई सत्ता हस्तान्तरण गरी बेलायतले आफ्नो सरकार फिर्ता बोलायो । गोराहरूको सरकारले जातीय र रङ्गभेदलाई बढाउँदै लगे । काला जातिको अधिकार खोसियो । सन् १९६० मा जारी गणतन्त्रामक संविधानले यसलाई अझ बढायो । रङ्गभेद विरोधी नेता नेल्सन मण्डेलालाई सन् १९६४ देखि आजीवन कारावासमा राखियो ।

सन् १९८० को दसकदेखि रङ्गभेद विरोधी आन्दोलनले गति लिन थाल्यो । कालाहरूमाथि भएको अमानवीय व्यवहार विरुद्ध अन्तर्राष्ट्रिय रूपमा पनि आवाजहरू उठ्न थाले । १९८९ मा राष्ट्रपति पिटर बोथाको निधनपछि डेक्लार्क नयाँ राष्ट्रपति बने । उनी बोथाभन्दा उदार थिए । क्लार्कले जेलमा रहेका रङ्गभेद विरोधी आन्दोलनका नेताहरूलाई रिहा गर्न थाले । सन् १९९० मा अफ्रिकी नेशनल कँग्रेसका नेता नेल्सन मण्डेला रिहा भए ।

नेल्सन मण्डेलाको रिहाइपछि दक्षिण अफ्रिकामा राजनीतिक सुधारले तीव्रता लियो । ४ मे, १९९० मा दक्षिण अफ्रिकी सरकार र नेल्सन मण्डेला बिच वार्ता भई तत्काल कायम रहेको राजनीतिक अशान्तिको  वातावरणलाई सुधार गर्दै लैजाने सहमति भयो । राजनीतिक सुधारका लागि सरकार र विपक्षीहरू बिच विभिन्न तहमा छलफल भई सम्झौताहरू भए । यसै सिलसिलामा ६ अगस्ट १९९० मा सरकार र अफ्रिकी नेशनल कँग्रेसबिच शान्ति सम्झौता सम्पन्न भयो । सन् १९९१ को डिसेम्बर २१ मा दक्षिण अफ्रिकी सरकार राजनीतिक दलहरू सम्मिलित Convention for a Democretic South Africa (Codesa) को पहिलो सम्मेलन भयो । सम्मेलनमा दक्षिण अफ्रिकी सरकार सहित त्यहाँका राजनीतिक दलका विभिन्न १९ वटा समूहका २२८ प्रतिनिधि सहभागी भए । यो सम्मेलनमा नयाँ संविधान ल्याउने विषयमा सहमति भयो । यसको दोस्रो सम्मेलन १५ मे, १९९२ मा बस्यो । कँग्रेससँग रहेका सुरक्षा दस्ता र हतियारको व्यवस्थापन र सार्वजनिक प्रसारण संस्था दक्षिण अफ्रिकी बोर्डकास्टिङ कर्पोरेशनको भूमिकालाई लिएर विवाद र जटिलताहरू देखा परे ।

सरकार र राजनीतिक दलका प्रतिनिधिको सहभागितामा सम्पन्न उल्लिखित सम्मेलनमा उत्पन्न जटिलतापछि १ अप्रिल, १९९३ मा दलहरू मल्टिपार्टी

नेगोशिएसन प्रोसेसको नाममा फेरि जुटे । सन् १९९३ को नोभेम्बरमा भएको दलहरूको सम्मेलन दक्षिण अफ्रिकाको नयाँ संविधान जारी नभएसम्मका लागि अन्तरिम संविधान निर्माण गरी अगाडि बढ्ने एवम् नयाँ संविधानको स्वरूप निर्धारण गर्ने विषयमा केन्द्रित रह्यो । अन्ततः नोभेम्बर १८, १९९३ मा सम्मेलनले दक्षिण अफ्रिकाको अन्तरिम संविधान अनुमोदन गर्‍यो ।

अन्तरिम संविधानले नयाँ संविधान नबनेसम्मका लागि राज्य सञ्चालनका बारे विस्तृत व्यवस्था गर्नुको साथै नयाँ संविधानमा समेटिनु पर्ने विषय बारे विभिन्न ३४ वटा सिद्धान्तलाई संविधानको अनुसूचीमा समावेश गर्‍यो । तल्लो सदनको रूपमा ४०० सदस्य रहेको नेशनल एसेम्ब्ली गठन हुने, नेशनल एसेम्ब्लीको निर्वाचन सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट हुने, माथिल्लो सदनको रूपमा प्रत्येक प्रोभिन्सबाट १० जनाका दरले निर्वाचित ९० सदस्य रहने । यी दुवै सदनको संयुक्त बैठकलाई संविधान सभा भनिने लगायतका व्यवस्था गरियो । यस बाहेक विशेष कानुनद्वारा आम निर्वाचनको लागि निर्वाचन आयोगको गठन, सङ्क्रमणकालीन कार्यकारिणी परिषद्, सञ्चार तथा प्रसारण आयोग, राजनीतिक सहमति अनुरूप काम भए नभएको र संविधानमा समावेश गर्न स्वीकार गरिएका सिद्धान्तलाई संविधानमा व्यवस्था गरिए नगरिएको निर्क्योल गर्न संवैधानिक अदालत जस्ता विशेष निकायहरूको समेत व्यवस्था गरियो ।

२७ अप्रिल, १९९४ मा आम निर्वाचन सम्पन्न भयो । नेशनल एसेम्ब्लीको ४०० स्थानमध्ये अफ्रिकी नेशनल कँग्रेसले २५२ स्थानमा विजय प्राप्त गर्‍यो । नेशनल पार्टीले ८२ स्थान जित्यो । नेल्सन मण्डेला राष्ट्रपतिमा निर्वाचित भए । आम निर्वाचनपश्चात् संविधान निर्माणले गति लियो । मे १० मा संसद्को संयुक्त बैठक बस्यो । संविधानको मसैदाका लागि एक समिति बनाइयो । अन्य विषयगत समितिहरू पनि बनाइए । दुई वर्ष लगाएर संविधानको मसौदा तयार गरी संविधान सभामा मसौदा पेश भयो । उक्त मसौदालाई ८ मे, १९९६ मा संविधान सभाले स्वीकार गर्‍यो र संवैधानिक अदालतमा पठाइयो । अदालतले उक्त मसौदामा रहेका कतिपय विषय अन्तरिम संविधानमा समावेश गरिएको सिद्धान्तसँग मेल नखाएको भनी फिर्ता पठायो । फिर्ता भएको मसौदा उपर संविधान सभामा पुनः छलफल भई संशोधन गरियो र संवैधानिक अदालतमा पठाइयो । अदालतले ४ डिसेम्बर, १९९६ मा यसलाई प्रमाणीकरण गर्‍यो । १८ डिसेम्बर, १९९६ मा राष्ट्रपनि नेल्सन मण्डेलाले नयाँ संविधानको घोषणा गरे । ४ फेब्रुअरी, १९९७ देखि नयाँ संविधान कार्यान्वयनमा आयो । अहिले सम्ममा यो संविधानमा १७ पटक संशोधन भएको छ ।

दक्षिण अफ्रिकाको संविधान निर्माण प्रक्रिया, त्यहाँका जनता र राजनीतिक दलले देखाएको सुझबुझ, राष्ट्रपति नेल्सन मण्डेलाको त्याग र समर्पणको प्रतिफल हो ।

यो संविधानको निर्माण विधिमा दलहरू बिच कायम हुन सकेको सहमति विश्वको संवैधानिक इतिहासमा नै एउटा अनुपम उदाहरण हो ।

## ४.६ निर्वाचन र अन्तर्राष्ट्रिय अनुबन्ध : निर्वाचनको अवधारणामा मानव अधिकारको विकास क्रम

निर्वाचनको विकास क्रमको कुरा गर्दा म्यग्नाकार्टा घोषणापत्र, सन् १२१५ (Magna Carta, 1215) लाई निर्वाचनको आधार विन्दुको रूपमा लिन सकिन्छ। त्यसपछि बेलायतमा अधिकारको याचिकापत्र, १६२८ (The Petition of Rights, 1628), अधिकारको बडापत्र, १६८९ (The Bill of Rights, 1689), वन्दी प्रत्यक्षीकरण ऐन, १६७९ (The Habeas Corpus Act, 1679) आदि उल्लेखनीय छन् । बेलायतको गौरवमय क्रान्ति (सन् १६८८) को सफलतापछि अधिकारको बडापत्र, १६८९ (The Bill of Rights, 1689) को घोषणा गरिएको हो । यसको घोषणापश्चात् नै एकजना बालिग नागरिकले आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रकट गर्न पाउने व्यवस्था भएको हो ।

सन् १७८९ मा जारी भएको अमेरिकी संविधान संसारकै पहिलो लिखित संविधान हो । यसमा मौलिक अधिकारको व्यवस्था नभएकोमा ठूलो आलोचना भयो । सन् १७९१ मा संविधानमा संशोधन गरी Bill of Rights लाई समावेश गरियो । मानव अधिकारको विकासमा यो पनि ठूलो पाइला थियो । फ्रान्सेली क्रान्तिको सफलतापछि सन् १७८९ मा गरिएको The French Declaration of Rights of Man and Citizen को घोषणाले मानव अधिकारलाई आधारभूत अधिकारको रूपमा ग्रहण गरेको थियो । त्यसपछि जुन जुन देशमा नागरिक आन्दोलनहरू सफल भए त्यहाँ त्यहाँ संविधानमा मौलिक अधिकारको प्रत्याभूति गर्ने प्रचलन बढ्दै गयो । [१०३]

विश्वको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक विकास क्रममा सन् १९४५ को दोस्रो विश्व युद्धसम्मको कालखण्डमा मानवीय सम्वेदनासँग सम्बन्धित विषयको इतिहासलाई केलाउँदा जाति, भाषा, धर्म, राष्ट्रियता, वर्ण, रङ्ग, उत्पत्ति आदिका नाममा शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रका नागरिकलाई दमन गर्दै आएको देखिन्छ । यस खालको निरिहताबाट व्यक्तिलाई जोगाउँदै सम्मानपूर्वक जीवन व्यतीत गर्ने उपायको रूपमा संयुक्त राष्ट्र संघबाट मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यको प्रारम्भ भएको हो ।

निर्वाचन व्यक्तिको मानव अधिकारसँग जोडिएको विषय हो । संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिले प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक

---

१०३ ज्ञवाली, डा. चन्द्र कान्त समेत, निर्वाचन कानुन, प्रशासन, तथा व्यवस्थापन, अध्ययन प्रतिवेदन, २०६९, नियोक, काठमाडौं

चुनिएका प्रतिनिधि मार्फत आफ्नो मूलुकको सरकारमा सहभागी हुने अधिकार राख्छ र उसलाई निर्वाचनमा भाग लिई चुनिने वा आफ्नो प्रतिनिधि चुन्ने अधिकार रहन्छ भनेको छ । यस्तै अन्य विभिन्न घोषणा वा अभिसन्धिहरूले पनि नागरिक एवम् मानव अधिकारको प्रचलनका सम्बन्धमा विभिन्न व्यवस्था गरेका छन् । जुन व्यवस्थाले अन्ततः नागरिकको आफ्ना प्रतिनिधि चुन्ने र चुनिन पाउने हकको प्रत्यक्ष वा परोक्ष रूपमा संरक्षण गरेका छन् ।

### ४.६.१ संयुक्त राष्ट्रसंघीय बडापत्र

जुन २६, १९४५ का दिन अमेरिकाको सान फ्रान्सिस्कोमा सम्पन्न बैठकमा ५० राष्ट्रहरूको हस्ताक्षरबाट संयुक्त राष्ट्रसंघ भन्ने अन्तर्राष्ट्रिय संस्थाको स्थापना गर्ने सन्धिलाई संयुक्त राष्ट्रसंघको बडापत्र भनिन्छ । सुरक्षा परिषद्का पाँच वटा स्थायी सदस्य चीन, रूस, फ्रान्स, बेलायत र अमेरिकाले अनुमोदन गरेपछि अक्टोबर २४, १९४५ देखि यो सन्धिले औपचारिकता पायो । बडापत्रको हैसियतले यो एउटा संवैधानिक सन्धि भएकोले सम्पूर्ण सदस्य राष्ट्रहरूले यस सन्धिको धाराको पूर्ण पालना गर्नु पर्दछ। नेपाल लगायत विश्वका धेरै मूलुकहरूले यस बडापत्रको अनुमोदन गरिसकेका छन् ।

यस बडापत्रको प्रस्तावनामा भावी पुस्ताहरूलाई युद्धको विभिषिकाबाट बचाउने, व्यक्तिको मर्यादा, महिला र पुरूष बिचको समानता जस्ता मौलिक मानव अधिकारहरूको प्रत्याभूति दिने, ठूला र साना देश बिचको समानता, सन्धि-सम्झौता तथा अन्य अन्तर्राष्ट्रिय कानुनका स्रोतहरूबाट उत्पन्न हुने जिम्मेवारीलाई न्यायसङ्गत र आदरभावका साथ हेर्ने र सामाजिक प्रगति र बृहत्तर स्वतन्त्रताका आधारमा स्तरीय जीवन निर्वाहको अवस्था सिर्जना गर्ने सोच अघि सारेको छ । यस्तो उद्देश्य प्राप्तिका लागि सहिष्णुता, सह-अस्तित्व तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न सदस्य राष्ट्रहरूको शक्तिलाई सुदृढ गर्नुपर्ने कल्पना छ । बडापत्रका सिद्धान्तहरूलाई स्वीकार गर्दै एक अर्का विरूद्ध सशस्त्र बलको प्रयोग नगर्ने, सबैको साझा हितको रक्षा गर्ने र सम्पूर्ण मानव जातिको आर्थिक तथा सामाजिक अग्रगमनको प्रबर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय संयन्त्रको परिचालन गर्ने व्यवस्था गरेको छ । समग्रमा, बडापत्रको मापदण्ड भनेको दमन, अतिक्रमण, उपनिवेश र विभेदरहित विश्वमा नागरिक स्वतन्त्रता अटुट रहनुपर्छ भन्ने मान्यता हो ।

### ४.६.२ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

मानव परिवारका सबै सदस्यको अन्तर्निहित मान तथा सम्मान र अविच्छिन्न अधिकारको मान्यतालाई स्वतन्त्रता, न्याय र शान्तिको आधार मान्दै मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको हो।[१०४] प्रत्येक व्यक्ति र समाजका अङ्गले यस घोषणापत्रलाई साझा मापदण्डको रूपमा सम्मान गर्ने अपेक्षा गरिएको छ। कानुन सरह बाध्यकारी नहुने भए तापनि ३० वटा धारामा विभक्त यो घोषणापत्र मानव अधिकारको महत्वपूर्ण नैतिक दस्तावेज हो। विश्वका मानव जातिलाई अधिकार सुनिश्चित गर्ने यस दस्तावेजको मर्म र भावना रहिआएको छ। प्रचलित मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरू यसै घोषणापत्रको मर्म अनुरूप तयार गरी कार्यान्वयन गरिएका छन्।

सन् १९५५ मा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको नाताले राष्ट्रसंघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सुनिश्चित गरेका अधिकारहरूलाई बिना शर्त परिपालना र कार्यान्वयन गर्नु पर्दछ। साथै, मानव अधिकारको घरेलु मापदण्ड निर्धारण गर्ने क्रममा संविधान र कानुनहरूमा यी प्रावधानहरू अन्योन्याश्रित हुनुपर्दछ।

यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रता जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई प्राप्त हुने गरी सुनिश्चित गरिएको छ। यसका साथै कुनै पनि व्यक्ति उपर ऊ रहेको देश अथवा इलाकाको राजनीतिक अधिकार क्षेत्र वा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेदभाव नगरिने व्यवस्था समेत गरिएको छ।[१०५]

घोषणापत्रमा प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधि मार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार हुने, आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार रहने, सरकारको आधिकारिकताको आधार जनताको इच्छा हुने र यस्तो इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तविक निर्वाचनद्वारा अभिव्यक्त गरिने र यस्तो निर्वाचन गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न हुने व्यवस्था गरिएको छ।[१०६]

---

[१०४] प्रस्ताव नं. २१७(ए), (सी), संयुक्त राष्ट्र संघको साधारण सभा, डिसेम्बर १०,१९४८

[१०५] धारा २, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

[१०६] धारा २१, उही

### ४.६.३ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६

यस अभिसन्धिले अन्य कुराका अतिरिक्त प्रत्येक व्यक्तिलाई आत्म निर्णयको अधिकार प्रदान गरेको छ। यसै अधिकारको उपभोगको आधारमा मानव जातिले स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक हैसियत ग्रहण गर्दै आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा स्वतन्त्रतापूर्वक लाग्न पाउने व्यवस्था गरिएको छ। यसै गरी अनुबन्धले कसैको पनि गोपनियता, परिवार, घर वा चिठ्ठीपत्रमा स्वेच्छाचारी वा गैर कानुनी तवरले हस्तक्षेप गर्न वा निजको प्रतिष्ठा र इज्जतमा गैर कानुनी आक्रमण गर्न निषेध गरेको छ। प्रत्येक व्यक्तिलाई आस्था र धर्मको स्वतन्त्रताको अधिकार र विनाअवरोध विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता सुनिश्चित गरेको छ।

अभिसन्धिले प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधि मार्फत सार्वजनिक जीवनमा सहभागी हुने, सर्वव्यापी तथा समान मतदान एवम् गोप्य तवरबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको, आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने ,समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने आदि अधिकार सुनिश्चित गरिएको छ।

### ४.६.४ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

यस अनुबन्धले व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका रूपमा कुनै प्रकारको भेदभाव नगरी समान कामका लागि समान ज्याला तथा समान पारिश्रमिक सुनिश्चित गर्ने व्यवस्था गरेको छ। यसका अलावा सुरक्षित एवं स्वस्थ कार्यावस्था, विश्राम, फुर्सद तथा कार्यघण्टाको उचित सीमाङ्कन तथा तलब सहितको आवधिक तथा सार्वजनिक विदाको पनि प्रावधान गरिएको छ। यसै गरी अनुबन्धले अन्य अधिकारहरूका अतिरिक्त स्वतन्त्रताको अधिकार, आत्मनिर्णयको अधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिसँग सम्बन्धित अधिकारहरूको सुनिश्चितता प्रदान गरेको छ।

### ४.६.५ सबै प्रकारका जातीय भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९६५

यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्व अनुरूप सबै प्रकारका जातीय भेदलाई निषेध र निर्मूलन गर्न र जाति, रङ्ग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्ति जस्ता भेदबिना प्रत्येक व्यक्तिको कानुन समक्ष समानताको अधिकारलाई सुनिश्चित गरिनुका साथै धारा २ (ग) ले सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र निर्वाचनमा उम्मेदवारको रूपमा भाग लिन,

सरकारमा भाग लिन, जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन पाउने अधिकार रहने व्यवस्था गरेको छ ।

### ४.६.६ महिला विरूद्धका सबै प्रकारका भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९

यस महासन्धिले पुरुष र नारी बिच कायम विभेद अन्त्य गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । यस सिलसिलामा राजनीतिक तथा सार्वजनिक जीवनमा नारी विरूद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउने व्यवस्था गर्दै सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिक रूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने, सरकारी नीतिको तर्जुमा र यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने सुनिश्चितता गरेको छ ।

### ४.६.७ महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२

यस अभिसन्धिले अन्य कुराका अतिरिक्त बिनाभेदभाव पुरूष सरह महिलाले पनि सम्पूर्ण निर्वाचनमा मतदान गर्न पाउने, राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक रूपले निर्वाचित सम्पूर्ण निकायमा कुनै भेदभावबिना पुरूष सरह महिला निर्वाचित हुन योग्य हुने, महिलाहरूले पुरूष सरह कुनै भेदभावबिना राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद ग्रहण गर्न तथा सम्पूर्ण सार्वजनिक कार्य गर्न सक्ने व्यवस्था गरेको छ ।[१०७]

### ४.६.८ अपाङ्गताका अधिकार सम्बन्धी महासन्धि

यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा राज्य र अन्य सरोकारवालालाई सन्धिका प्रावधानहरू कार्यान्वयनका लागि मार्ग निर्देशन स्वरूप केही सिद्धान्तहरू प्रतिपादन गरेको छ जुन निर्वाचन प्रक्रियामा समान पहुँच र अवसरसँग समेत सम्बन्धित छन् । यस्ता सिद्धान्तमा अन्य विभिन्न विषयका अतिरिक्त नैसैर्गिक मर्यादा, आफ्नो बारेमा आफैँ निर्णय गर्न पाउने स्वतन्त्रता सहितको वैयक्तिक स्वतन्त्रता, बैयक्तिक स्वतन्त्रताको सम्मान, विभेदमा शून्य सहिष्णुता, समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण आदि छन् । यसका अलावा उक्त महासन्धिले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, गोपनियताको सम्मान एवं राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकारका साथै न्यायमा पहुँचको प्रावधान समेतलाई समेटेको छ ।

---

[१०७] धारा १,२,३, महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि

## ४.७ नेपालमा संवैधानिक विकास र निर्वाचनको अभ्यास

नेपालको कानुनी इतिहासको अध्ययन गर्दा सुरु सुरुमा नेपालको कानुन प्रणाली प्रथाजनित नियम (Customary Law) मा आधारित रहेको र पछि हिन्दू दर्सनबाट प्रभावित भएको पाइन्छ। नेपालको कानुन प्रणाली यसको आफ्नै इतिहासको लामो अन्तरालमा संहिताबद्ध हुनुपूर्वको र संहिताबद्ध पश्चात् गरी दुई चरणमा स्वतन्त्र रूपमा विकास भएको पाइन्छ। जस अन्तर्गत संहिताबद्ध हुनुपूर्व किराँत काल, लिच्छवि काल, मल्ल काल र शाह कालको वि.सं. १९१० पूर्व र प्रथम संहिताबद्ध कानुन मूलुकी ऐन जारी (वि.सं. १९१०) भएदेखि हालसम्मको अवधि पर्दछ।

नेपालको कानुनी इतिहासको अध्ययन गर्दा किराँत काल, लिच्छवि काल, मल्ल काल र शाह काल गरी शासकहरूको शासन अवधिका आधारमा गर्न सकिन्छ। किराँतकालीन कानुनी व्यवस्था प्रारम्भिक अवस्थाको थियो। 'मुन्धुम' शासन व्यवस्थाको महत्वपूर्ण मार्ग दर्सनका अतिरिक्त कानुनको रूपमा थियो। किराँत कालको तुलनामा लिच्छविकालीन समयमा शासन व्यवस्था अझ प्रभावकारी थियो। तसर्थ त्यस काललाई नेपालको इतिहासमा "स्वर्ण युग" भनेर समेत चिनिन्छ। यसरी चिनिनुमा न्याय प्रणालीको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। त्यस बेलाका धेरै जसो नियमहरू लिच्छविहरूले वैशालीमा शासन गर्दाको समयका सामाजिक प्रथा, परम्परा, सांस्कृतिक मूल्य र धर्मका आधारमा विकसित भएका नियम थिए। लिच्छवि कालमा पनि हिन्दू वर्णाश्रम धर्मको गहिरो प्रभाव परेको थियो। राजाहरू पनि जनताबाट निर्वाचित भएर शासन गर्दथे।[१०८]

मल्लकालमा पनि लिच्छविहरूले स्थापना गरेको कतिपय परम्परालाई निरन्तरता दिइएको पाइन्छ। जयस्थिति मल्लको राज्यकालमा एउटा "आयोग" गठन गरेर "मानव न्याय शास्त्र" नामक संहिता तयार गरिएको थियो। उक्त संहितामा मुख्यतः जनतालाई पेशाका आधारमा विभिन्न जातिमा विभाजन गरी दण्ड प्रणालीलाई जात र अपराधको आधारमा व्यवस्थित गरिएको थियो। किराँत काल, लिच्छवि काल, मल्ल काल तथा शाह कालसम्मका कतिपय न्यायिक मान्यता र व्यवस्थापन पक्ष स्मरणीय छन्। देवानी र फौज्दारी मुद्दा तथा राजस्व उठ्ती जस्ता विविध मुद्दा हेर्न कोटीलिङ्ग, इटाचपली, टक्सार, धनसार जस्ता विशिष्टीकृत अदालत स्थापना हुनु तत्कालीन स्थितिमा उल्लेखनीय पक्षको रूपमा रहेको छ। त्यस्तै अदालतमा कर्मचारीको नियुक्ति गर्दा विवेक पुऱ्याई निडर, इमानदार र लगनशील मानिसलाई नियुक्त गर्ने, अदालतबाट उठेको राजस्व राष्ट्रिय मूल ढुकुटीमा नहाली छुट्टै कोष स्थापना गरी राख्नु पर्ने जस्ता विकसित मान्यताहरूलाई वर्तमान परिप्रेक्ष्यमा पनि स्वतन्त्र न्यायपालिकाको मान्यताको रूपमा ग्रहण गर्न सकिने सकारात्मक पक्ष हुन्।

---

[१०८] Gyawali , Dr.Chandra kanta, Peoples Sovereignty and Constitutionalis M : First Edition , Kath Mandu 2013

राज्य सञ्चालनको सिलसिलामा शासकहरू आफ्नो नाम वा सुकीर्तिका लागि विभिन्न थिति बसाल्थे । यस सन्दर्भमा मल्लकालीन राजा जयस्थिति मल्लले विभिन्न थिति बसाल्नुका साथै वि.सं. १४३६ सालमा न्याय विकासिनी (मानव न्याय शास्त्र) नामक कानुन बनाउन लगाएका थिए । त्यसै गरी गोरखाका राजा राम शाहले २६ थिति बसालेका थिए । वि.सं. १८६३ मा राजा रणबहादुर शाहले कानुनी बन्दोवस्त र वि.सं. १८८३ मा राजा राजेन्द्रले न्यायिक बन्दोबस्त जारी गरेका थिए । यी थिति र कानुनी बन्दोवस्तहरू मूलतः शासन व्यवस्था सञ्चालनकै लागि गरिएको थियो ।

नेपालको न्याय प्रणालीमा प्रथम संहिताबद्ध कानुनको रूपमा रहेको वि.सं. १९१० सालको मूलुकी ऐनको प्रस्तावनामा “एकै व्यहोरामा कसैलाई बढी कसैलाई घटी सजाय हुन जाने हुँदा अब उप्रान्त छोटाबडा प्रजा प्राणी सबैलाई खत जात माफिक एकै सजाय होस् घटीबढी नहोस् भन्नका निमित्त” ऐन जारी गरिएको भन्ने उल्लेख भएबाट कानुनको अगाडि समानता (Equality before the law) भन्ने सिद्धान्तलाई आत्मसात् गर्न खोजेको देखिन्छ । तर “खत र जात माफिक सजाय” (एउटै कसूरमा पनि जात अनुसार फरक सजाय) हुने कुरा प्रस्तावनामा उल्लेख भएबाट न्याय व्यवस्था जातीय भेदभावभन्दा माथि उठ्न नसकेको स्पष्ट हुन्छ ।

### ४.८ नागरिक अधिकार प्राप्तिको सङ्घर्ष

वि.सं. १९०३ मा सुरु भएको राणा शासनको मूल चरित्र निरङ्कुशता नै हो । तर शासकको व्यक्तिगत चरित्र अनुसार यो कहिले अलि उदार र कहिले थप कठोर हुँदै अगाडि बढेको पाइन्छ । यो शताब्दीको अन्त्यतिर आइपुग्दा राणाहरूको अत्याचारका विरुद्ध नागरिक रोष प्रकट हुन थाल्यो । नागरिकहरू स्वयंमा संगठित र जागरुक हुन थाले । राजनीतिक हक अधिकारको माग हुन थाल्यो । भित्रभित्रै राजनीतिक संगठन खुले । नेपालको सबैभन्दा पुरानो राजनीतिक दल प्रजापरिषद् यसैताका अर्थात् १९९३ साल ज्येष्ठ २० गते स्थापना भएको हो । तिनताका स्वदेशमा मात्र नभई छिमेकी भारतमा समेत स्वतन्त्रता आन्दोलन चलिरहेको थियो । त्यसको सोझो प्रभाव नेपालका नवयुवकहरूमा समेत परेकै थियो ।

जुद्ध शमशेरले स्वेच्छाले राजपाठ त्यागेपछि वि.सं. २००२ साल मार्ग १४ गते पद्म शमशेर नेपालका प्रधानमन्त्री भए । जुद्ध शमशेरले आफ्नै हातले तीन चाँद भएको महाराजी श्रीपेच लगाइदिँदै ‘नेपालमा राम राज्य ल्याएस्’ भनी आशिष् दिएका थिए । त्यही वर्षको मङ्सिर २५ गते भएको आफ्नो सिन्दुर जात्रापछिको पहिलो सार्वजनिक भाषणमा पद्म शमशेरले ‘मैले आफूलाई राष्ट्रको नोकर संझेको छु’ भनेका थिए ।

देशमा राणा शासन विरोधी जनमत सबल हुँदै आएको थियो । भारतमा स्वतन्त्रता आन्दोलन चर्किँदै आएको थियो । यही सिलसिलामा राणा शासन विरुद्ध नेपाली जनतामा

बढ्दै आएको रोषलाई शान्त पार्न र आफूलाई अरूभन्दा उदार प्रमाणित गराउन पनि पद्म शमशेरलाई कुनै न कुनै सुधारात्मक कदम चाल्न अनिवार्य जस्तै बनेको थियो ।

## ४.९ नेपालको संवैधानिक विकासक्रम र निर्वाचन सम्बन्धी व्यवस्था

नेपालमा संवैधानिक विकास क्रमको सुरुआत पद्म शमशेरको पालामा भएको हो । उनले वि.सं.२००३ साल माघमा ३० वर्ष नाघेका आफ्ना सबै भाइ भारदारलाई नेपालमा के कस्तो वैधानिक सुधार गर्न आवश्यक हुन्छ १५ दिनभित्र सुझाव सहितको जवाफ दिन लेखेर पठाए । त्यसका लागि उनले देहाय बमोजिम भूमिका सहित विभिन्न ७ वटा प्रश्नावली र कतिपय विषयमा उनको के कस्तो धारणा छ सो समेत उल्लेख गरी देहाय बमोजिम पठाएका थिए-

संसारभर जहाँ पनि डेमोक्रेटिक वा रिपब्लिकन सिभिल गभर्नमेन्ट प्रचलित भएको र २/३ मूलुक जहाँ प्रचलित छैन त्यहाँ पनि डेमोक्रयासी नै आखिरमा खडा गर्नुपर्छ भन्ने भाव र विचार सारा जगतमा फैलिएको सबैलाई विदितै हुनुपर्छ । फेरि हिन्दुस्तानमा पनि अब परिस्थिति चाँडै निकै बदलिने पक्का भई इन्डियन स्टेट्समा समेत धमाधम कन्स्टिच्युसनल रिफर्म इण्ट्रोडचुसिङ गरिरहेकाले हामीले मात्र यो फोर्स कति रोक्न सकौंला भन्ने लाग्दछ । तसर्थ हामीले पनि हालैमा राजनीतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रैबाट पनि कर लागी गर्न परेमा झन् नराम्रो नतिजा होला ।

(१) केही चेन्ज वा रिफर्म गर्ने कि नगर्ने ?

(२) गर्नु पर्ने ठहराउँदछौ भने कुन प्रकारले गरे हाम्रो देश र परिस्थितिलाई सुहाउँदो होला ?

(३) हाम्रो विचारमा त हाललाई एउटा बडी कन्सिस्टिङ अफ नोमिनेटेड याण्ड इलेक्टेड मेम्बर खडा गरी सो बडीमा सुरुका लागि,

(क) देशबाट जेठा रैती र जिमिन्दारले छानेका सदस्य ........... ४

(ख) पहाडबाट जेठा रैती र जिमिन्दारले छानेका सदस्य ......... ४

(ग) राजधानीबाट भाइ-भारदारले छानेका सदस्य ................. २

(घ) राजधानीबाट पढे लेखेका भलादमीले छानेका सदस्य ....... २

(ङ) राजधानीबाट महाजनहरूले छानेका सदस्य .................. २

(च) नोमिनेटेड मेम्बर १४ गरी जम्मा २८ राखे कसो होला ?

(४) पहिले सुरुमा उनीहरूलाई मूलुकको ऐनको छलफल गर, हाल यो काम तिमीहरूलाई तालिम दिन सुम्पिएको हो, पछि कामको वाकिफ हुँदै

गएपछि अरू जवाफदेही काम पनि दिनेछु भनी घोषणा गर्ने तर राजकाजी र जङ्गी ऐनमा डिस्कस गर्न नदिने ।

(५) यहाँ र जिल्ला जिल्लाका नगरपालिकाहरू चुनिएको समूहद्वारा चलाई पूरा जिम्मा उनीहरूलाई नै दिने बन्दोवस्त गर्ने,

(६) दुनियाँको अधिकार बोल्ने, लेख्ने र संघ संस्था खोल्न पाउने स्वतन्त्रता मध्ये कतिसम्म दिन ठीक पर्ला ?

(७) यी सुधारहरूको नतिजा हेरी २/२ वर्षवाद संशोधन गरी बढी अख्तियारी दिनेछु भन्ने घोषणा गर्नुपर्ला ।

भूमिकाको एक जवाफ र अरू दफाको एक जवाफ लेखी महत्वपूर्ण कुरा हुनाले राम्रो विचार गरी १५ दिनभित्र चढाउनू ।[१०९]

पद्म शमशेरले यही वर्षको फागुन २ गते आफ्नो विशालनगरस्थित दरबारमा जङ्गी तथा निजामती तर्फका अफिसरहरूलाई बोलाई आफूले देशमा गर्न लागेको सुधार सम्बन्धमा राय, सल्लाह लिइरहेको जानकारी गराई सुधारको प्रतिबद्धता जनाए । भाइ भारदारहरूसँग मागेको सुझाव सम्बन्धमा ज. कृष्ण शमशेर, ज. विजय शमशेर आदि र उनका विश्वासपात्र मध्ये सुवर्ण शमशेर, महावीर शमशेर, सूर्यप्रसाद उपाध्याय आदिले सुधारको पक्षमा सल्लाह दिएका थिए । आफूले समय समयमा जनाएको प्रतिबद्धता र आफ्ना विश्वासपात्रहरूबाट प्राप्त परामर्शबाट प्रेरित भई वि.सं.२००४ साल वैशाख १५ गते हजुरिया जर्नेल बहादुर शमशेरको अध्यक्षतामा एक वैधानिक सुधार समिति गठन गरे । पछि बहादुर शमशेरले हजुरिया जर्नेली छोडेपछि समितिको अध्यक्ष सिंह शमशेर भएका थिए । विधान निर्माणमा सघाउन भारतबाट श्री प्रकाशको नेतृत्वमा रघुनाथ सिंह र राम उग्र सिंहको टोली २००४ जेठमा नेपाल आएको थियो । बैधानिक सुधार समितिमा देहायका अध्यक्ष र सदस्य थिए-[११०]

| | | |
|---|---|---|
| (१) | अध्यक्ष | बहादुर शमशेर |
| (२) | सदस्य | सिंह शमशेर<br>(बहादुर शमशेरले छोडेपछि अध्यक्ष भएका) |
| (३) | सदस्य | कृष्ण शमशेर |
| (४) | सदस्य | मृगेन्द्र शमशेर |
| (५) | सदस्य | ब्रह्म शमशेर |

---

[१०९] उपाध्याय, गोविन्द प्रसाद । नेपालको प्रजातान्त्रिक इतिहास सन्दर्भ, रत्नपुस्तक भण्डार,२०५४

[११०] उही

| | | |
|---|---|---|
| (६) | सदस्य | शारदा शमशेर |
| (७) | सदस्य | विजय शमशेर |
| (८) | सदस्य | हेरम्बराज पाण्डे |
| (९) | सदस्य | रत्नमान सिंह |
| (१०) | सदस्य | गुञ्जमान सिंह |
| (११) | सदस्य | नरेन्द्रमणि आ.दी. |
| (१२) | सदस्य सचिव | क.सुवर्ण शमशेर |
| (१३) | सल्लाहकार | कुलनाथ लोहनी |

वि.सं. २००४ साल माघ १३ गते एक समारोह बिच प्रधानमन्त्री पद्म शमशेरले नेपाल सरकार वैधानिक कानुन, २००४ को घोषणा गरे । २००५ साल वैशाख १ गतेदेखि लागू हुने गरी जारी गरिएको यो विधानमा संविधान भन्ने शब्द उल्लेख नभएको भए पनि नेपालको पहिलो लिखित संविधानको रूपमा मान्दै आइएको छ । नेपालको संवैधानिक इतिहासमा यो पहिलो खुट्किलो थियो । यसपछि नेपालमा हालसम्म ६ वटा संविधान जारी भइसकेका छन् । यस क्रममा २०७२ साल असोज ३ गते संविधान सभाबाट जारी नेपालको संविधान मूलुकले प्राप्त गरेको सातौं संविधान हो । प्रस्तुत आलेखमा यी संविधानका प्रमुख विशेषता र निर्वाचनको सम्बन्धमा संविधानले गरेका प्रमुख व्यवस्था सङ्क्षिप्तमा उल्लेख गरिएको छ ।

## ४.९.१ नेपाल सरकार वैधानिक कानुन, २००४

नेपाल सरकार वैधानिक कानुन, २००४ को प्रस्तावनामा ...नेपाललाई सामाजिक, आर्थिक, राजनीतिक, सबै सुधारद्वारा संसारका अग्रगामी राष्ट्रहरूको उन्नतिको दाँजोमा पुऱ्याउन,...परम्परादेखि चलिआएको आफ्नो संस्कृतिको अनुकूल पञ्चायत प्रणाली र अरू सोही प्रकारका संस्थाको पुनरुत्थानद्वारा नागरिकहरूलाई राजप्रणालीको हरेक अङ्गमा भन्-भन् बढी मात्रामा सम्मिलित गराई मूलुक र दुनियाँको उत्तरोत्तर वृद्धि गर्ने अभिप्रायले यो विधान जारी गरिएको उल्लेख छ । उक्त विधानको घोषणा गर्दा पद्म शमशेरले यसको औचित्यलाई देहायका शब्दमा स्पष्ट गरेका थिए-

"सुशासनको एक मात्र लक्ष्य सबभन्दा बढी दुनियाँको सबैभन्दा बढी हित हुनु पर्दछ, जुन शासनबाट थिति राम्रो हुन्छ र सुख उन्नत हुन्छ त्यही शासन प्रबन्ध वेस हो, मौलिक हकका बारेमा संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसँग प्रचलित छन् हामीले पनि तिनीहरूलाई सोही ढङ्गमा तर्जुमा गरेका छौँ ...आम श्रृंखला र सदाचारको चरम आवश्यकताको हृदयभित्र रही सबै जनाले चल्न पाउने कुरामा केही बन्देज रहनु पर्दछ, अरू मूलुकमा चलिरहेको भन्दा बढ्ता बन्देज हाम्रो

मूलुकमा लगाउने सरकारको इरादा छैन । मन्त्री मण्डलको सृजना र त्यसमा निर्वाचित सदस्यहरूका प्रतिनिधिहरूलाई समेत स्थान दिइएको शासन समितिको स्थापनाबाट समेत शासन कार्यमा दुनियाँलाई सरिक गराउने हाम्रो अभिप्राय स्पष्टै छ । पाश्चात्य देशको चुनावको ढङ्गलाई परम्परादेखि चलिआएको हाम्रो संस्कृतिलाई सुहाउने पञ्चायती प्रणालीमा ढाल्नको उद्योग भएको छ, उमेर पुगेका सबैलाई चुनावको हक दिएको छ, मूलुकलाई दल पद्धतिको भँवरी (भुमरी) मा धकेली उम्मेदवारको योग्यताबाट भन्दा दल वा समूहको बन्दोवस्तको जोरले निर्वाचनमा जाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिने छैन । केन्द्रमा दुई सभा हुनु पनि एक सर्वस्वीकृत सिद्धान्त हो । यो सभाको अख्तियारी प्रायः हिन्दूस्थान सरकारको सन् १९३५ को विधानमा रहेको अख्तियारी बमोजिम छ । मूलुकको आम्दानी खर्चको विषयमा पनि धेरैलाई भ्रम परिरहेको छ अव ता यो पनि व्यवस्थापक सभाको अख्तियारीभित्र परेकोले सो भ्रम हट्न जाला भन्ने उम्मेद छ, विधानमा एक प्रधान जाँचकी राख्ने प्रबन्ध भएकोबाट पनि यस विषयको सन्देह हटाउने उद्देश्य प्रस्ट छ । सरकारको विशेष अख्तियारी र थिति नै तोडिन जाने अपर्भ्कटको सङ्कट अवस्था परिआएमा विधान खिच्ने विशेष अवस्थालाई विशेष अख्तियार जुनसुकै विधानमा पनि रहेको हुन्छ । सकेसम्म स्वाधनी न्यायाधिकार खडा गर्ने हाम्रो प्रयत्न छ ।''[१११]

पद्म शमशेरको माथि उल्लिखित भनाइबाट यो विधान भारतको शासन व्यवस्था सञ्चालनका लागि बेलायती संसद्बाट जारी गरिएको इन्डियन गभर्मेन्ट एक्ट, १९३५ को अनुकरण गरी बनाइएको स्पष्ट हुन्छ । दुनियाँको हितका लागि जारी गरिएको भनिए पनि पद्म शमशेरले विधान घोषाणाको औचित्य स्पष्ट पार्दा उल्लेख गरेको सरकारको विशेष अख्तियारी र थिति नै तोडिन जाने अपर्भ्कटको सङ्कट अवस्था परिआएमा विधान खिच्ने विशेष अवस्थालाई विशेष अख्तियार जुनसुकै विधानमा पनि रहेको हुन्छ भन्ने विषय र ...श्री ३ महाराजको गद्दी रोलको उत्तराधिकार, पम्परम्परादेखि चलिआएको रित रिवाज बन्देज कानुन बमोजिम कायम रही सँधैको निमित्त अपरिवर्तनीय र अविच्छेद्य रहनेछ भन्ने व्यवस्थाले कानुनबाटै राणा शासनको निरन्तरतालाई कायम गर्ने र शासन कायम गर्न कुनै बाधा आइपरेमा विधान नै खिच्नेसम्मको अधिकार आफैँमा निहित राखी निरङ्कुशतालाई नै निरन्तरता दिने अभीष्ट राखेको देखिन्छ ।

यसमा प्रस्तावना सहित ६ भाग, ६८ धारा र फेहरिस्त (अनुसूची) छन् । वैधानिक कानुनले नागरिकका मौलिक हक र कर्तव्य, दुई सदनात्मक व्यवस्थापिका,

---

[१११] दाहाल, काशीराज । संविधान सभा र संवैधानिक विकास (विश्वको तुलनात्मक अध्ययन), निरन्तर प्रकाशन (प्रा.) लि., २०६३

कार्यपालिका र न्यायपालिकाको गठन, मूलुकको आम्दानी खर्चको हरहिसाव जाँच्नलाई प्रधान जाँचकीको व्यवस्था, कर्मचारी नियुक्तिका लागि दरखास्त परिषद् खडा गर्ने लगायतका विषय उल्लेख भएका छन् । विधानको भाग ३ मा व्यवस्थापक सभाको गठन सम्बन्धी व्यवस्था छ । यस अन्तर्गत पञ्चायती सभा र केन्द्रीय सभा छन् । पञ्चायती सभा स्थानीय व्यवस्थापिकाको रूपमा रहेको देखिन्छ । यस अन्तर्गत ग्राम पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतको गठन हुने व्यवस्था छ । केन्द्रीय सभामा श्री ३, राष्ट्र सभा र भारदारी सभा गरी दुई सदनात्मक व्यवस्थापिका रहने र यसलाई 'व्यवस्थापक सभा' भनिने व्यवस्था छ । राष्ट्र सभामा निर्वाचित तथा मनोनीत सदस्य र भारदारी सभामा सबै मनोनीत सदस्य मात्र रहने व्यवस्था देखिन्छ ।

### ४.९.१.१ नेपाल सरकार वैधानिक कानुन २००४, निर्वाचन सम्बन्धी व्यवस्था

वैधानिक कानुनले नागरिकको मौलिक हक अन्तर्गत अन्य कुराका अतिरिक्त ...उमेर पुगेका सबैले वोट गर्न पाउने समान हक... दिइएको छ । स्थानीय व्यवस्थापिकाको रूपमा रहने पञ्चायती सभा अन्तर्गत गठन हुने ग्राम पञ्चायत र नगर पञ्चायत र जिल्ला पञ्चायतको गठन सम्बन्धमा देहायको व्यवस्था गरेको छ,[११२]

(१) सरकारबाट बनेका नियमानुसार योग्य ठहरिएका उमेर पुगेका जनताको वोटद्वारा ५ देखि १५ निर्वाचित सदस्यहरूको एक 'ग्राम पञ्चायत' हरेक ग्राम वा ग्राम समूहमा रहनेछ । यिनीहरूले आफ्नै प्रधान पंच चुन्नेछन् ।

(२) हरेक सहर वा बजारको नागरिक क्षेत्रमा पनि त्यस्तै किसिमबाट १० देखि ५० निर्वाचित सदस्यहरूको एक "नगर पञ्चायत" रहनेछ ।

(३) हरेक ग्राम पञ्चायत र नगर पञ्चायतका सभापतिहरूले आफसबाट र आवश्यक परेमा आफ्ना सदस्यहरूबाट १५ देखि २० सदस्य छान्ने छन् । यिनीहरू र नियममा उल्लेख गरिएका विशेष प्रतिनिधि समेत भई तिनीहरूको समूहबाट सरकारले तोकिदिएका स्थानहरूमा एक एक "जिल्ला पञ्चायत" रहनेछ । यिनीहरूले पनि आफ्नै प्रधान पंच चुन्नेछन् ।

व्यवस्थापक सभा अन्तर्गतको तल्लो सदन राष्ट्र सभामा रहने निर्वाचित सदस्यहरूका लागि प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन विधि

[११२] नेपाल सरकार वैधानिक कानुन, २००४ (दफा १६,१७ र १८)

अवलम्बन गरिएको देखिन्छ । निर्वाचित र मनोनीत समेत गरी देहाय बमोजिम ६० देखि ७० जन (६० मा नघटाई ७० मा नबढाई) सदस्य रहने राष्ट्र सभामा निर्वाचित सदस्यहरू ४२ जना र मनोनीत सदस्य २८ रहने व्यवस्था छ । निर्वाचित सदस्यमा ३२ जिल्लाका जिल्ला पञ्चायतका प्रधानपञ्चहरू, काठमाडौँ, ललितपुर, भक्तपुर र विरगञ्जका प्रधानपञ्चहरू र साहु महाजनले छानेका १, विर्तावाल जमिन्दारले छानेका १, लेखपढ गर्न जानेकाले छानेका २, सरकारी कर्मचारीले छानेका १ र श्रमजीवीले छानेका १ गरी ४२ जना निर्वाचित सदस्य र श्री ३ बाट मनोनीत २८ जना सदस्य रहने व्यवस्था गरिएको छ ।

वैधानिक कानुनले स्थानीय तह र केन्द्रीय संसद्को निर्वाचनको व्यवस्था गरेको भए पनि निर्वाचन व्यवस्थापन गर्ने निकायको सम्बन्धमा अलग्गै व्यवस्था गरेको देखिँदैन । दफा ६४ को (ख) मा हरएक क्षेत्रको निर्वाचित विषय नियमहरू भोट दिन पाउने र चुनिन पाउनेहरूको योग्यता, सदस्यहरू आउने इलाका छुट्ट्याउने इत्यादि विषय पनि सबै कुरामा सरकारबाट नियमहरू वन्नेछन् भन्ने व्यवस्था भएको छ । यस अनुसार गाउँ पञ्चायत ऐन, नगर पञ्चायत ऐन र जिल्ला पञ्चायत ऐन जारी भई विभिन्न स्थानमा ग्राम पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चयत र राष्ट्र सभाका सदस्यको निर्वाचन भएको पाइन्छ । राष्ट्र सभाका सदस्यको निर्वाचनमा निर्वाचित ४२ जना मध्ये २८ जनाको नाम नामेसी नै उपलव्ध छ ।[११३]

### ४.९.२ नेपाल अन्तरिम शासन विधान, २००७

संवत् २००७ साल फागुन ७ गते नेपालमा जहानिया शासनको अन्त्य भएको घोषणा भयो । मूलुकमा प्रजातन्त्रको उदय भयो । यस अवसरमा राजाबाट भएको घोषणा अनुरूप विधान परिषद्बाट नयाँ संविधान निर्माण नभएसम्मका लागि शासन व्यवस्था सञ्चालन गर्न अन्तरिम विधानको आवश्यकता महसुस भई २००७ साल चैत्र २९ गते राजा त्रिभुवनबाट नेपाल अन्तरिम शासन विधान, २००७ जारी गरियो । यसलाई नेपालको दोस्रो लिखित संविधान मानिन्छ । यो विधान जारी हुँदा यसमा ७ भाग ४७ धारा रहेकोमा समय समयमा भएका संशोधनबाट ७ भाग ७२ धारा कायम भएका थिए ।

---

[११३] पण्डित, लोकदर्शन नेपालको संसदीय निर्वाचन दर्पण, श्रीमती सृजना पण्डित

२००७ सालमा सम्पन्न क्रान्तिपश्चात् राजा, राणा र नेपाली काँग्रेस नयाँ राजनीतिक शक्तिको रूपमा स्थापित भएका थिए । जहानिया शासनको विधिवत् अन्त्यको घोषणा हुँदा राजाबाट मूलुकको शासन व्यवस्था जननिर्वाचित प्रतिनिधिले निर्माण गरेको संविधान बमोजिम सञ्चालन हुने घोषणा भएको थियो । यस भावना अनुरूप नै अन्तरिम शासन विधानको प्रस्तावनामा श्री ५ महाराजधिराजबाट २००७ साल फागुन ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रा प्रजाको शासन उनीहरूले आफैँले रोजेको विधान परिषद्ले बनाएको प्रजातन्त्रात्मक विधान अनुसार हुनुपर्दछ भन्ने इच्छा र दृढ सङ्कल्प प्रकट गरिवक्सेको[११४] उल्लेख गरिएको थियो । विधानको धारा ६८ मा 'नेपालको निमित्त एक विधान बनाउने विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नु अन्तरिम सरकारको ध्येय हुनेछ' भन्ने उल्लेख गरिएको थियो । विधानमा मूलुकको कार्यकारीणी अधिकार राजा र मन्त्रिमण्डलमा रहने, राजाबाट भएका कार्य मन्त्री वा मन्त्रिपरिषद्को सल्लाहमा भएको सम्झनुपर्ने, राजाबाट जारी भएको अर्डिनेन्स व्यवस्थापिका सभाको बैठक बसेको तीन महिना पुगेपछि खारेज हुने, प्रधान न्यायालय मूलुकको सर्वोच्च न्यायालय हुने लगायतका व्यवस्था गरिएका थिए ।

विधान परिषद्बाट विधान तयार नभएसम्मका लागि अन्तरिम शासन व्यवस्था सञ्चालन गर्न जारी गरिएको भए तापनि वि.सं. २००९ सालमा गरिएको संशोधनबाट मूलुकको कार्यकारिणी अधिकार राजामा निहित गरियो । मन्त्रिमण्डलको सल्लाह बमोजिम राजाद्वारा शासन सञ्चालन गर्नुपर्ने व्यवस्थाको सट्टा राजा स्वयम्ले मात्र गर्न सक्ने व्यवस्था गरियो ।

अन्तरिम शासन विधानको प्रस्तावनामा विधान परिषद्को निर्वाचन गर्ने सम्बन्धमा स्पष्ट उल्लेख गरिएको भएअपनि समयअक्रममा यसलाई पन्छाएर संसद्को निर्वाचन गर्ने प्रपञ्च गरियो । तत्कालीन प्रधानमन्त्री टंक प्रसाद आचार्यले २०१३ साल जेठमा आगामी आम चुनाव संसद्को लागि गर्ने वा संविधान सभाको लागि गर्ने हो भन्ने बारे निर्णय नभएको भनी बताएपछि यस बिरुद्ध नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाले सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरे । अदालतबाट रिट खारेज भयो । विधान परिषद्/सभा वा संसद् के को चुनाव गर्ने भन्ने बारे तर्क वितर्क र छलफल चले । २०१४ साल माघ १९ मा राजा महेन्द्रबाट संविधान सभाको सट्टा संवैधानिक मसौदा कमिसनद्वारा नयाँ संविधानको मसौदा गरिने घोषणा भएपछि संविधान सभाद्वारा जनताले आफ्नो संविधान बनाउने कुरा त्यहीँ समाप्त

[११४] प्रस्तावना, नेपाल अन्तरीम शासन विधान , २००७

हुन पुग्यो ।[११५] पछि वि.सं. २०१५ साल जेठ २ गते अन्तरिम शासन विधानको चौथो संशोधनबाट संविधान सभा वा विधान परिषद् भन्ने शब्दहरू रहेका ठाउँमा संसद् भन्ने शब्द राखियो र विधान सभाको निर्वाचनको मुद्दालाई बैधानिक रूपमै थान्को लगाइयो ।

२०१४ साल माघ १९ मा राजा महेन्द्रबाट भएको उल्लिखित घोषणा अनुसार २०१४ साल चैत्र ३ गते नयाँ संविधान निर्माणका लागि लोक सेवा आयोगका का.मु. अध्यक्ष भगवती प्रसाद सिंहको अध्यक्षतामा नेपाली काँग्रेसका सूर्य प्रसाद उपाध्याय, गोर्खा परिषद्का रणधीर सुब्बा, नेपाल ल क्याम्पसका प्रिन्सिपल रामराज पन्त सदस्य र नेपाली काँग्रेसकै होराप्रसाद जोशी सदस्य सचिव रहेको संविधान मसौदा समिति गठन गरियो । मसौदा समितिको सुझाव र सल्लाहका लागि संवैधानिक कानुनका विज्ञ बेलायती नागरिक सर आइभर जेनिङ्स सल्लाहकारको रूपमा रहेका थिए ।

नेपाल अन्तरिम शासन विधान, २००७ नेपाल अधिराज्यको संविधान, २०१५ पूर्ण रूपमा लागू भएपछि मात्रै निष्कृय भएको थियो । यो विधानमा २०१६ साल असारसम्ममा ६ पटक संशोधन भएको थियो । यी संशोधनको मूल ध्येय राजाका अधिकारलाई थप बलियो बनाउदै लैजानु रहेको देखिन्छ ।

### ४.९.२.१ नेपाल अन्तरीम शासन विधान, २००७ मा रहेका निर्वाचन सम्बन्धी व्यवस्था

अन्तरिम शासन विधानको भाग ६ मा निर्वाचन (चुनाउ) सम्बन्धमा व्यवस्था गरिएको थियो । यस भाग अन्तर्गत धारा ६८ देखि ७२ सम्म ५ वटा धारा थिए । धारा ६८ मा निर्वाचनको काम चाँडै गराउने, धारा ६९ मा आयोग (कमिशन), धारा ७० मा सामान्य मताधिकारी, धारा ७१ मा वयस्क मताधिकार र धारा ७२ मा निर्वाचन क्षेत्र तोक्ने समेतका विषयमा अदालतमा प्रश्न गर्न नपाइने समेतका विषयमा  देहायका विभिन्न व्यवस्था गरिएको थियो-

#### (क) निर्वाचनको काम चाँडो गराउने

विधानको धारा ६८ मा नेपालको निमित्त संसद्को निर्वाचन (सुरुमा विधान परिषद्को निर्वाचन गर्ने उल्लेख भएकोमा चौथो संशोधनबाट संसद्को निर्वाचनको व्यवस्था गरिएको) गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नु अन्तरिम सरकारको ध्येय हुने उल्लेख थियो ।

---

[११५] रेग्मी, मुकुन्द । संवेधानिक विकास र नेपाल अधिराज्यको संविधान, २०४७, सीतादेवी रेग्मी काठमाडौं, २०६१

### (ख) आयोग (कमिशन)

विधानको धारा ६९ मा निर्वाचन आयोगको गठन र काम कर्तव्य सम्बन्धमा व्यवस्था गरिएको थियो । आयोगमा एकजना प्रधान निर्वाचन अफिसर र राजाबाट मन्त्रिमण्डलको सल्लाह अनुसार समय समयमा तोके बमोजिमका निर्वाचन अफिसर रहने, प्रधान निर्वाचन अफिसर र अरू निर्वाचन अफिसरहरू मन्त्रिमण्डलको सल्लाहमा राजाबाट नियुक्त गरिने, प्रधान निर्वाचन अफिसर र निर्वाचन अफिसरहरू प्रधान न्यायालयका न्यायाधीशहरू जुन विधि र प्रक्रियाले पदमुक्त हुन्छन् सोही बमोजिम पदमुक्त हुने व्यवस्था गरिएको थियो ।

निर्वाचन आयोगलाई निर्वाचनको निमित्त मताधिकारीहरूको नामावली तयार गर्ने कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने, निर्वाचन गराउने काम, कर्तव्यका साथै निर्वाचन सम्बन्धी शङ्का र मुद्दा हेरी निर्णय गर्ने र निर्वाचन अदालत नियुक्त गर्ने अधिकार समेत प्रदान गरिएको थियो ।

### (ग) सामान्य मताधिकारीको नामावली

विधानको धारा ७० मा मतदाता नामावली सम्बन्धी व्यवस्था रहेको थियो । 'यस निर्वाचनको निमित्त हरेक निर्वाचन क्षेत्रलाई एक सामान्य मताधिकारीको नामावली हुने र जुनसुकै धर्म, जाति, जात (वर्ण) लिङ्ग इत्यादिको भेदभावमा कुनै मानिसको नाम उक्त नामावलीमा चढाउन नपाउने हुनेछैन' भनी उल्लेख गरिएको थियो । यस अनुसार निर्वाचन क्षेत्रगत आधारमा मतदाता नामावली तयार गरिने र नामावली तयार गर्दा उल्लिखित कुनै आधारमा भेदभाव नगरिने सुनिश्चितता गरिएको पाइन्छ ।

### (घ) वयस्क मताधिकार

विधानको धारा ७१ मा यो निर्वाचन वयस्क (बालिग) मताधिकारको आधारमा हुने व्यवस्था उल्लेख गरी मतदाता हुन चाहिने योग्यता/अयोग्यताका सम्बन्धमा उल्लेख गरिएको थियो । यस अनुसार तोकिएको मितिमा २१ वर्ष पूरा भएका र 'निर्वाचन नियम मुताविक निर्वाचन क्षेत्रमा नबस्ने, मगज बिग्रेका, अपराधी वा गैर कानुनी अनाचार गरे वापत अयोग्य ठहरिएका बाहेक सबै नेपाली नागरिकको नाम' मतदाता नामावलीमा दर्ता गर्न योग्य हुने व्यवस्था गरिएको थियो ।

### (ङ) निर्वाचन क्षेत्र तोक्ने समेतका विषयमा अदालतमा प्रश्न गर्न नपाइने

विधानको धारा ७२ मा 'यस ऐन बमोजिम निर्वाचन क्षेत्रहरूको सिमाना तोक्ने कुनै ऐन वा नियम न्यायपूर्ण हो होइन भन्ने कुराको सवाल कुनै अदालतमा गर्न नपाइने र नियमानुसार तोकिएको अफिसर छेउ बाहेक निर्वाचन सम्बन्धी उजुर नलाग्ने व्यवस्था गरिएको थियो ।

अन्तरिम शासन विधानले गरेको व्यवस्था बमोजिम वि.सं. २००८ साल कार्तिक २६ गते प्रधान निर्वाचन अफिसर (कमिश्नर) मा सुवर्ण शमशेरलाई नियुक्त गरिएको थियो । २०१५ साल फागुन ७ गतेदेखि भएको प्रतिनिधि सभाको निर्वाचनमा प्रधान निर्वाचन कमिश्नर सुवर्ण शमशेर र निर्वाचन कमिश्नर प्रद्युम्नलाल राजभण्डारी थिए ।

## ४.९.३ नेपाल अधिराज्यको संविधान, २०१५

नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको तेस्रो संविधान हो । २०१४ साल माघ १९ गतेको राजाको घोषणा अनुसार नयाँ संविधानको मसौदा गर्न २०१४ साल चैत ३ गते गठन भएको संविधान मसौदा समितिले तयार गरी पेश गरेको मसौदा २०१५ साल फागुन १ गते राजाद्वारा घोषणा भई प्रारम्भ भएको हो । यसमा १० भाग ७७ धारा र १० परिच्छेद थिए ।

संविधानको प्रस्तावनामा '...प्रजालाई सर्वतोमुखी प्रगति गर्न तथा आफ्नो व्यक्तित्वको उच्चतम् विकास गर्न समर्थ तुल्याउन र सदा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढङ्गको सरकारको व्यवस्थाबाट राजनीतिक स्थिरता ल्याई राजनीतिक, सामाजिक तथा आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्न...' संविधान जारी गरिएको उल्लेख भएको भए पनि श्री ५ बाट मौसुफको स्वविवेकमा प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्थाले मूलुकमा न त संवैधानिक राजतन्त्रात्मक शासन प्रणालीलाई अवलम्बन गरी राजनीतिक स्थिरता प्राप्त गर्न मद्दत पुऱ्यायो न त एकता नै कायम गर्न सक्यो । बरु यही संविधानको आडमा मूलुकमा निरङ्कुश पञ्चायती व्यवस्थाको बीजारोपण गरियो । यसले मूलुक तीन दसकसम्म दलविहिन पञ्चायती व्यवस्थाको दलदलमा फस्यो ।

प्रस्तावनामा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढङ्गको सरकारको व्यवस्था गर्ने उल्लेख भएको भए पनि संविधानको धारा १० ले नेपालको कार्यकारिणी अधिकार राजामा निहित रहने व्यवस्था गरेको थियो । प्रधानमन्त्रीको नियुक्ति राजाको स्वविवेकमा प्रतिनिधि सभाका सदस्यहरू मध्येबाट गरिने तर त्यो व्यक्ति मौसुफको रायमा प्रतिनिधि सभामा तत्कालै अथवा

अर्को आम निर्वाचन भएपछि बहुमत प्राप्त गर्न सक्ने हुनुपर्ने समेतको व्यवस्था गरेको थियो । तर राजाको स्वविवेकमा प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न सक्ने व्यक्ति छैन भन्ने लागेमा सो सभाको सदस्य नभएका व्यक्तिलाई पनि प्रधानमन्त्री पदमा नियुक्त गर्न सक्ने समेत व्यवस्था रहेको थियो । तर त्यस्तो व्यक्ति चार महिनाभित्र महासभा वा प्रतिनिधि सभाको सदस्य बन्न नसकेमा प्रधानमन्त्रीको पदमा कायम नरहने व्यवस्था गरिएको थियो ।

नेपाल अधिराज्यको संविधानले संविधानलाई मूलुकको मूल कानुन मानेको थियो । कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने व्यवस्था गरिएको थियो । यस अतिरिक्त नागरिकलाई समानताको हक, सम्पत्तिको हक, धर्म सम्बन्धी हक, राजनीतिक स्वतन्त्रताको हक लगायतका मौलिक हक र तिनको प्रचलनको लागि संवैधानिक उपचारको हकको व्यवस्था गरिएको थियो । संसदीय शासन प्रणाली अँगालिएको थियो । शासन व्यवस्थाको सञ्चालनका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको गठन विधि र काम, कर्तव्य र अधिकारहरू उल्लेख गरिएका थिए । मूलुकको निजामती सेवामा कर्मचारीको छनोट र निजामती सेवाको सञ्चालन सम्बन्धी विभिन्न विषयमा परामर्शका लागि लोक सेवा आयोग र सार्वजनिक आम्दानी खर्चका हिसाब जाँच गर्न महालेखा परीक्षक जस्ता निकायहरूको गठन र काम कर्तव्य तथा अधिकार संविधानमै उल्लेख गरिएका थिए । अर्थात्, यी निकाय संवैधानिक निकायको रूपमा रहेका थिए ।

नेपाल अधिराज्यको संविधान मूलतः २००७ साल देखिको राजनीतिक अस्थिरताको अन्त्य गर्ने उद्देश्यले जारी गरिएको थियो । तर संविधानले राजामा निहित गरिदिएको असीमित स्वविवेकीय अधिकारको कारण राजा राजनीतिको केन्द्र विन्दुमा आइपुगे र क्रमशः निरङ्कुश बन्दै गए । अन्ततः २०१७ साल पुस १ गते मूलुकमा औपचारिक रूपमा निरङ्कुशताको सूत्रपात गरियो र यसै दिनदेखि यो संविधान निष्कृय पारियो ।

### ४.९.३.१ नेपाल अधिराज्यको संविधानमा निर्वाचन सम्बन्धी व्यवस्था

नेपाल अन्तरिम शासन विधान, २००७ मा संविधानको अलग्गै भागमा निर्वाचन आयोगको गठन र काम, कर्तव्य र अधिकार बारे व्यवस्था गरिएको भए पनि नेपाल अधिराज्यको संविधानमा त्यसरी निर्वाचन आयोगका विषयमा अलग्गै व्यवस्था गरिएको थिएन । तर यो संविधान निर्माण गर्नुका धेरै अभीष्ट मध्ये एउटा अभीष्ट मूलुकमा यथाशक्य छिटो संसद्को निर्वाचन गरी मूलुकलाई राजनीतिक स्थिरताको दिसामा अग्रसर गराउनु पनि रहेकोले संविधानको विभिन्न धारामा संसद्को निर्वाचनका सम्बन्धमा भने उल्लेख गरिएको थियो ।

संविधानको धारा १८ मा संसद्को गठन सम्बन्धी व्यवस्था थियो । श्री ५ र महासभा तथा प्रतिनिधि सभा नामका दुई सदन सहितको एक संसद् रहने व्यवस्था गरिएको थियो । महासभा माथिल्लो सदन  हो । यसमा ३६ सदस्य रहन्थे । यी मध्ये १८ जना प्रतिनिधि सभाबाट निर्वाचित र १८ जना श्री ५ बाट मनोनीत गरिन्थ्यो । महासभाका सदस्यको कार्यकाल ६ वर्षको हुने व्यवस्था थियो । तर पहिलो पटकका लागि निर्वाचित सदस्यहरूको पदावधि कायम गर्दा पहिलो एक तिहाइ सदस्यको पदावधि ७ वर्ष, त्यसपछिको एक तिहाइको ५ वर्ष र बाँकी एक तिहाइको ३ वर्षको कार्यकाल हुने गरी गोला प्रथाद्वारा पदावधि निर्धारण गर्ने व्यवस्था थियो । मनोनीत सदस्यका हकमा भने पहिलो एक तिहाइ सदस्यको पदावधि ६ वर्ष, त्यसपछिको एक तिहाइको ४ वर्ष र बाँकी एक तिहाइको २ वर्षको हुने गरी गोला प्रथाद्वारा पदावधि निर्धारण गर्ने व्यवस्था थियो । महासभाको सदस्य हुन ३० वर्ष उमेर पूरा गरेको हुनु पर्ने व्यवस्था पनि संविधानले गरेको थियो ।

संविधानको धारा २२ मा प्रतिनिधि सभाको गठन सम्बन्धमा विभिन्न व्यवस्था गरिएको थियो । मूलुकभर १०९ निर्वाचन क्षेत्र रहने र प्रत्येक निर्वाचन क्षेत्रबाट गुप्त (गोप्य) मतदानका आधारमा सबैभन्दा धेरै सदर मत प्राप्त गर्ने एकजना उम्मेदवार निर्वाचित हुने व्यवस्था थियो । प्रतिनिधि सभाको सदस्य हुन २५ वर्ष उमेर पूरा गरेको हुनुपर्थ्यो ।

संविधानमा निर्वाचन क्षेत्रको निर्धारणका सम्बन्धमा समेत व्यवस्था गरिएको थियो । निर्वाचन क्षेत्र निर्धारणका लागि निर्वाचन क्षेत्र विभाजन आयोग रहने र आयोगले सकेसम्म मतदाताको सङ्ख्या समान हुने गरी निर्वाचन क्षेत्रको विभाजन गर्ने व्यवस्था थियो । यस अतिरिक्त प्रशासकीय जिल्लाहरूको सिमाना, जनसङ्ख्याको घनत्व वा पातलोपन, यातायातको सुविधा, बासिन्दाहरूको सामुदायिकत्व वा विभिन्नतामा ध्यान दिइने व्यवस्था समेत गरिएको थियो । मतदाता हुनका लागि २१ वर्षको उमेर हद तोकिएको थियो । अपराधी, बहुला, खराव आचरण वा गैरकानुनी व्यवहारका कारण अयोग्य रहेको बाहेक २१ वर्ष उमेर पुगेका प्रत्येक नागरिकलाई एक क्षेत्रबाट एक मत प्रदान गर्ने अधिकार रहेको थियो ।

संविधानको धारा २२ को उपधारा (५) मा 'प्रतिनिधि सभाको निर्वाचनको लागि मतदाताको नामावली तयार गर्ने काममा र निर्वाचन कार्य सञ्चालनमा रेखदेख, निर्देशन र नियन्त्रण समेत श्री ५ बाट मौसूफको स्वविवेकले नियुक्त एक निर्वाचन आयोगमा निहित हुनेछ भन्ने व्यवस्था गरिएको थियो' । संविधानले निर्वाचन सम्बन्धी विवाद प्रधान न्यायाधीशबाट नियुक्त निर्वाचन विशेष अदालतबाट हुने व्यवस्था गरिएको थियो । प्रतिनिधि सभाको निर्वाचनका बेला प्रधान निर्वाचन

अफिसर (कमिश्नर) सुवर्ण शमशेर र निर्वाचन अफिसर (कमिश्नर) प्रद्युम्नलाल राजभण्डारी रहेका थिए ।

### ४.९.४ नेपालको संविधान, २०१९

वि.सं. २०१७ साल पुष १ गतेको राजा महेन्द्रको कदम मूलुकमा प्रजातन्त्रलाई समाप्त पारेर निरङ्कुशतालाई हुर्काउँदै लैजाने प्रयासको प्रथम पाइलो थियो । त्यही महिनाको २२ गते राजाले राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए । नेपाल अधिराज्यको संविधान २०१५ ले स्थापित गरेको बहुदलीय शासन व्यवस्थाको अन्त्य भयो । मूलुकको शासनभार राजा आफैँले लिए । संवैधानिक राजतन्त्रको सट्टा सक्रिय राजतन्त्रको स्थापना र त्यसलाई बलियो बनाउने अभिप्रायले २०१९ साल पुस १ गते नेपालको संविधान, २०१९ जारी गरियो । यो संविधानको मसौदा निर्माणका लागि २०१९ साल वैशाख २६ गते ऋषिकेश शाहको अध्यक्षतामा ६ सदस्यीय संविधान मसौदा समिति गठन गरिएको थियो ।

यो संविधानले मूलुकको सार्वभौम सत्ता राजामा निहित गऱ्यो । कार्यकारिणी, व्यवस्थापिकीय र न्यायिक अधिकारको स्रोत राजालाई मानियो । विधायिकाले पारित गरेको कानुन समेत स्वीकृत गर्ने र नगर्ने अधिकार राजामा नै निहित गरिएकोले विधायिका केवल देखावटी संयन्त्र मात्र भएको प्रस्ट हुन्छ । मूलुकको सेनाको परमाधिपति राजा हुने, प्रधानन्यायाधीश लगायत संवैधानिक निकायका प्रमुख र पदाधिकारी तथा राजदूतको नियुक्ति राजा आफैँले गर्ने, मूलुकमा सङ्कटकालीन अवस्था रहे नरहेको राजाले नै निर्क्योल गरी सङ्कटकाल घोषणा गर्ने जस्ता असीमित अधिकार राजामा निहित थिए ।

नेपालको संविधान, २०१९ तीन पटकसम्म संशोधन भयो । पहिलो संशोधन २०२३ साल माघ १४ गते, दोस्रो संशोधन २०३२ साल माघ २६ गते र तेस्रो संशोधन २०३७ साल पुस १ गते भएका थिए । पहिलो र दोस्रो संशोधन निरङ्कुशतालाई थप बलियो बनाउँदै लैजाने अभिप्रायले भएका थिए । पहिलो सशोधनमा प्रधान सेनापति, अञ्चलाधीश, शाही नेपाली राजदूत, विशेष प्रतिनिधि पदलाई संवैधानिक पदको रूपमा व्यवस्था गरिएको थियो । निर्वाचन आयोगलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरिएको पनि यही संशोधनबाट हो । त्यसै गरी दोस्रो संशोधनले मुख्यतः गाउँफर्क राष्ट्रिय अभियान र अख्तियार दुरूपयोग निवारण आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गऱ्यो । संविधानको संशोधनका लागि सुझाव पेश गर्न २०३१ पुष १ गते अनिरुद्र प्रसाद सिंहको अध्यक्षतामा ७ सदस्यीय एक आयोग समेत गठन भएको थियो ।

संविधानको तेस्रो संशोधन वि.सं. २०३७ सालमा सम्पन्न जनमत सङ्ग्रहको परिणामपछि गरिएको थियो । जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा बहुमत देखिएपछि शासन व्यवस्थामा सामयिक सुधार गर्न संविधान संशोधन गरिएको थियो । यसका लागि २०३७ साल जेठ १ गते सर्वोच्च अदालतका न्यायाधीश वासुदेव शर्माको अध्यक्षतामा ११ सदस्यीय संविधान सुधार सुझाव आयोग गठन गरिएको थियो । यो संशोधनले पञ्चायती निरङ्कुशतालाई अलिकति खुकुलो बनाएको थियो । मूलुकको विधायिका राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचन बालिग मताधिकारको आधारमा हुने, राष्ट्रिय पञ्चायतका कुल सदस्य मध्ये ६० प्रतिशत वा सोभन्दा बढी सदस्यको समर्थन प्राप्त गर्न सक्ने सदस्य राष्ट्रिय पञ्चायतको सिफारिसमा राजाबाट प्रधानमन्त्री नियुक्त हुने, प्रधानमन्त्री राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने जस्ता व्यवस्था समेटेर प्रजातान्त्रिक शासन प्रणालीका केही सीमित तत्वलाई आत्मसात गर्न खोजिएको थियो ।

तर शासन प्रणालीको मूल चरित्र नै निर्दलीय भएकोले राज्य कहिल्यै पनि बहुदलीय शासन पद्धति र संस्कारप्रति उदार हुन सकेन । फलतः मूलुकमा राजनीतिक स्थिरता कायम भएन । यसै सन्दर्भमा सन् १९९० को दसकमा विश्वमा आएको प्रजातन्त्रको लहरको प्रभाव नेपालमा पनि पर्‍यो । वि.सं. २०४६ साल फागुन ७ गतेदेखि नेपाली जनता, नेपाली काँग्रेस र संयुक्त बाममोर्चाको अगुवाइमा पञ्चायती निरङ्कुशताका बिरुद्ध आन्दोलनमा ओर्लिए । जनआन्दोलनकै कारण वि.सं. २०४६ साल चैत्र २६ गते राति राजा बीरेन्द्रबाट दलमाथिको प्रतिबन्ध हटेको विज्ञप्ति जारी भयो । तीस वर्षे पञ्चायती निरङ्कुशता अन्त भई मूलुक नयाँ राजनीतिक युगमा प्रवेश गर्‍यो ।

### ४.९.४.१ नेपालको संविधान, २०१९ मा निर्वाचन सम्बन्धी व्यवस्था

नेपालको संविधान, २०१९ ले स्थानीय पञ्चायत र राष्ट्रिय पञ्चायत गरी दुई तहको शासकीय संरचनाको व्यवस्था गरेको थियो । सबैभन्दा तल्लो तहमा गाउँ पञ्चायत वा नगर पञ्चायत रहेका थिए । जिल्ला स्तरमा गाउँ पञ्चायत र नगर पञ्चायतका निर्वाचित प्रतिनिधि रहेको जिल्ला पञ्चायत रहेका थिए । त्यसै गरी प्रत्येक अञ्चलमा एक अञ्चल सभा रहन्थ्यो । अञ्चल सभामा सम्बन्धित अञ्चलभित्रका सबै जिल्लाका जिल्ला पञ्चायतका सदस्यहरू रहन्थे । मूलुकको विधायिकाको रूपमा राष्ट्रिय पञ्चायत रहेको थियो । राष्ट्रिय पञ्चायतमा अञ्चल सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका ९० जना, वर्गीय संगठनबाट निर्वाचित १५ जना, स्नातकहरू मध्येबाट निर्वाचित ४ जना गरी १०९ जना निर्वाचित र सम्पूर्ण सदस्य सङ्ख्याको १५ प्रतिशत राजाबाट मनोनीत हुने व्यवस्था गरिएको थियो । अञ्चल सभाबाट सदस्य निर्वाचित गर्दा प्रत्येक जिल्लाको

प्रतिनिधत्व हुनै पर्ने व्यवस्था थियो । निर्वाचनको सञ्चालन, रेखदेख र नियन्त्रण पञ्चायत मन्त्रालयले गर्थ्यो ।

संविधानको पहिलो संशोधनले निर्वाचन व्यवस्थापन गर्ने निकायको रूपमा निर्वाचन आयोगको व्यवस्था गरेको हो । संविधानले आयोगमा एकजना प्रमुख आयुक्त र राजाबाट निर्धारित गरे जति सङ्ख्यामा अन्य आयुक्त रहने व्यवस्था गरेको थियो । प्रमुख आयुक्त र आयुक्तहरू राजसभाको परामर्श (राजाले परामर्श चाहेमा) मा गर्ने व्यवस्था थियो । आयोगलाई संविधान र प्रचलित अन्य कानुन बमोजिम विभिन्न तहका पञ्चायतको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने जिम्मेवारी तोकिएको थियो । यसै गरी निर्वाचन विशेष अदालतको गठन र यसका सदस्यको निर्वाचन वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिस बमोजिम गर्ने व्यवस्था गरिएको थियो ।

संविधानको दोस्रो संशोधनले अन्य कुराका अतिरिक्त नेपाल महिला संगठन, नेपाल किसान संगठन लगायतका विभिन्न ६ वटा संगठनलाई पञ्चायतका वर्गीय संगठनको रूपमा व्यवस्था गरेको थियो । पञ्चायतका कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी दिन यी संगठन मध्ये कुनै एकको सदस्यता अनिवार्य गरिएको थियो । पञ्चायतका सबै तहको निर्वाचनका लागि मूलुकलाई चार समूहमा विभाजन गरी प्रत्येक वर्ष कुनै एक समूहका जिल्लामा निर्वाचन गर्ने व्यवस्था गरिएको थियो । यसका साथै संविधानले राष्ट्रिय पञ्चायतको सदस्य सङ्ख्या र निर्वाचन विधि र प्रक्रियाका सम्बन्धमा पनि केही फरक व्यवस्था गरेको थियो । राष्ट्रिय पञ्चायतमा ७५ जिल्लाबाट निर्वाचित ११२ जना र राजाबाट मनोनयन हुने २३ गरी १३५ सदस्य रहने व्यवस्था गरियो ।

राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनका लागि सम्बन्धित अञ्चलका अञ्चल सभाका सदस्य र जुन जिल्लाबाट प्रतिनिधित्व गर्ने हो सो जिल्लाको जिल्ला सभाका सदस्य मतदाता रहन्थे भने जुन जिल्लाबाट प्रतिनिधित्व गर्ने हो सो जिल्लाको जिल्ला पञ्चायतका सभापति, उपसभापति र सदस्यले मात्र उम्मेदवारी दिन पाउँथे ।

संविधानको तेस्रो संशोधनले राष्ट्रिय पञ्चायतमा बालिग मताधिकारको आधारमा निर्वाचित हुने ११२ जना र राजाबाट मनोनीत २८ जना गरी १४० सदस्य रहने व्यवस्था गर्‍यो । प्रत्येक जिल्लाबाट कम्तीमा १ जना र बढीमा २ जनासम्म सदस्य निर्वाचित हुन्थे । जुन जिल्लाबाट जतिजना सदस्य निर्वाचित हुने हो उक्त जिल्लाका मतदाताले त्यति नै सङ्ख्याका उम्मेदवारलाई एक एक मत दिन पाउँथे । सबैभन्दा बढी सदर मत पाउने उम्मेदवारहरू विजयी हुन्थे । निर्वाचन आयोगले सम्बन्धित

जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृतमा नियुक्त गरी निर्वाचन व्यवस्थापन गर्थ्यो ।

### ४.९.५ नेपाल अधिराज्यको संविधान, २०४७

जनआन्दोलनको परिणामस्वरूप मूलुकमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् वि.सं. २०४७ साल वैशाख ६ गते नेपाली काँग्रेसका कार्यबाहक सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा नेपाली काँग्रेस, संयुक्त बाममोर्चा र राजाका प्रतिनिधि रहेको मन्त्रिमण्डल गठन भयो । २०४७ साल वैशाख २८ गते राजदरबारबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा ७ सदस्यीय संविधान सुझाव आयोग गठन गरिएको विज्ञप्ति जारी भयो । राजाले मन्त्रिपरिषद्सँग सल्लाह नलिईकनै यो आयोग गठन गरेको कुरा सार्वजनिक भएपछि यसको सर्वत्र विरोध र आयोग खारेजीको माग भयो । अन्ततः जेठ १ गते प्रधानमन्त्रीको परामर्शमा यो आयोग विघटन गरिएको र संविधान सुझाव आयोगको गठनका लागि नाम सिफारिस गरी पठाउन प्रधानमन्त्रीलाई निर्देशन भएको विज्ञप्ति जारी गरियो । वि.सं.२०४७ साल जेठ १६ गते सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायकै अध्यक्षतामा दमननाथ ढुंगाना, मुकुन्द रेग्मी, माधव कुमार नेपाल, लक्ष्मण अर्याल, भरतमोहन अधिकारी, निर्मल लामा, प्रद्युम्नलाल राजभण्डारी र रामानन्दप्रसाद सिंह सदस्य र सूर्यनाथ उपाध्याय सदस्य सचिव रहेको संविधान सुझाव आयोग गठन भयो । आयोगले २०४७ भदौ २५ गते सरकार समक्ष संविधानको मसौदा प्रस्तुत गर्‍यो । प्रधानमन्त्रीबाट संविधानको सो मसौदा आवश्यक थप छलफल र केही संशोधन सहित २०४७ असोज २५ गते राजा समक्ष पेश भयो । २०४७ साल कार्तिक २३ गते शुक्रबारका दिन राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो ।

नेपाल अधिराज्यको संविधानले संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको मर्मलाई आत्मसात् गरेको थियो । मूलुकको सार्वभौमसत्ता पहिलो पटक जनतामा निहित गरेको थियो । आधारभूत मानव अधिकार, बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र एवम् स्वच्छ न्याय प्रणालीलाई संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको थियो । स्वतन्त्रताको हक, समानताको हक, सूचनाको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, गोपनियताको हक लगायतका मौलिक हक र तिनको प्रचलनको व्यवस्था गरिएको थियो । प्रेसमाथिको अङ्कुश र दलमाथि लगाइएको प्रतिबन्धका कारण लामो समय निरङ्कुशताको चरम अभ्यास भोगेकै कारण संविधानमा कुनै समाचार, लेख वा पाठ्य सामग्री प्रकाशन गर्न पूर्व प्रतिबन्ध लगाउन नपाइने, त्यस्ता सामग्री मुद्रण

गरे वापत छापाखाना बन्द गर्न नपाइने एवम् पत्रपत्रिकाको दर्ता खारेज गर्न नपाइने व्यवस्था गरिएको थियो ।

संविधानमा राजनीतिक दलहरूको व्यवस्थापनका लागि विभिन्न व्यवस्था गरिएको थियो । नागरिकलाई राजनीतिक संगठन वा दल खोल्ने स्वतन्त्रता प्रदान गरिएको थियो । पुनः निर्दलीयताको कठोर अभ्यास खेप्न नपरोस् भनी राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने गरी कानुन निर्माण गर्न संविधानले नै बन्देज गरेको थियो । राजनीतिक संगठन वा दलको रूपमा निर्वाचनमा मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दल दर्ता गर्नु पर्ने व्यवस्था थियो । दर्ताको लागि अन्य कुराका अतिरिक्त प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गर्नुपर्ने (तर पहिलो पटक हुने प्रतिनिधि सभाको निर्वाचनमा भने यो शर्त लागू नहुने व्यवस्था थियो) व्यवस्था थियो । तर, कुनै दलले खसेको मतको तीन प्रतिशत हासिल गर्न नसकी सो दल वा संगठनको उम्मेदवार प्रतिनिधि सभामा चुनिएर गएको खण्डमा सो व्यक्तिको अस्तित्व संगठन वा दलको रूपमा नभई स्वतन्त्र रूपमा रहेको मानिने व्यवस्था पनि संविधानले गरेको थियो ।

श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको व्यवस्थापिका (संसद्) रहने व्यवस्था संविधानमा थियो । प्रतिनिधि सभाका सदस्यको निर्वाचनका लागि मूलुकभरमा २०५ निर्वाचन क्षेत्र कायम रहने व्यवस्था गरियो । प्रतिनिधि सभाका सदस्यहरू प्रत्येक निर्वाचन क्षेत्रबाट एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा चुनिन्थे ।

राष्ट्रिय सभा ६० सदस्यीय थियो । यसमा प्रतिनिधि सभाबाट निर्वाचित ३५ जना, प्रत्येक विकास क्षेत्रबाट तीन जनाका दरले १५ जना गरी ५० सदस्य निर्वाचित र राजाबाट मनोनीत १० जना रहन्थे । प्रतिनिधि सभा र विकास क्षेत्रबाट निर्वाचित हुने सदस्यहरू एकल सङ्क्रमणीय मतको आधारमा निर्वाचित हुन्थे । विकास क्षेत्रबाट निर्वाचित हुने सदस्यका लागि विकास क्षेत्र अन्तर्गत जिल्लाका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका प्रमुख, उपप्रमुख एवम् सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहने व्यवस्था थियो ।

मूलुकको कार्यकारिणी अधिकार राजा र मन्त्रिपरिषद्मा रहने व्यवस्था थियो । प्रतिनिधि सभामा बहुमत प्राप्त गर्ने दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था गरिएको थियो । मन्त्रिपरिषद्मा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था थियो ।

संविधानको प्रस्तावनामा नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई यो संविधान

जारी गरिएको उल्लेख गरिएको भए पनि यो संविधान आफैँमा लामो समयसम्म टिक्न पाएन । राजनीतिक अस्थिरताको भुमरीमा परेर करिब डेढ दसकमै यसको अवसान भयो । संविधान जारी भएको पाँच वर्षमै विभिन्न माग सहित मूलुकमा सशस्त्र माओवादी द्वन्द्व प्रारम्भ भयो । २०५८ साल जेठ १९ गते भएको दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश नाश भयो । त्यसपछि राजा बनेका ज्ञानेन्द्रले कालान्तरमा यही संविधानको धारा टेकेर पुनः निरङ्कुशताको अभ्यास थाले । तर यो खेल लामो समय चल्न पाएन । २०६२ साल चैत २४ गतेदेखि प्रारम्भ भई २०६३ वैशाख ११ गतेसम्म चलेको दोस्रो जनआन्दोलनले मूलुकमा राजनीतिक परिवर्तनको अर्को ढोका खोल्यो

### ४.९.५.१ नेपाल अधिराज्यको संविधानमा निर्वाचन सम्बन्धी व्यवस्था

संविधानले निर्वाचन आयोगलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरेको थियो । आयोगमा प्रमुख निर्वाचन आयुक्त र आवश्यकता अनुसार अन्य निर्वाचन आयुक्तहरू रहने व्यवस्था गरिएको थियो । प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राजाबाट हुन्थ्यो । संवैधानिक निकायका पदाधिकारीको नियुक्तिका लागि सिफारिस गर्न गठन हुने संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री रहन्थे । अन्य सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र प्रतिनिधि सभामा विपक्षी दलका नेता रहन्थे ।

संविधान र कानुनको अधीनमा रही संसद् तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने एवम् मतदाता नामावली तयार गर्ने जिम्मेवारी आयोगलाई तोकिएको थियो । यसका अतिरिक्त संसद् सदस्यको लागि मनोनयन दर्ता भएको कुनै उम्मेदवार निर्वाचन पूरा नहुँदै संविधानको धारा ४७ बमोजिम अयोग्य छ वा हुन गएको छ भनी प्रश्न उठेमा सोको अन्तिम निर्णय निर्वाचन आयोगबाट हुने व्यवस्था थियो । यसै गरी राजनीतिक दलको दर्ता र नियमन समेत निर्वाचन आयोगले गर्ने व्यवस्था थियो ।

संविधानमा संसद्को निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न राजाबाट संवैधानिक परिषद्को सिफारिसमा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने, निर्वाचन सम्बन्धी उजुरी तोकिएको निर्वाचन अदालतबाट हेरिने, निर्वाचन सम्बन्धी विषयमा तोकिएको अदालत बाहेक अन्य अदालतमा प्रश्न उठाउन नपाइने एवम् निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न चाहिने कर्मचारी र अन्य कुरा सरकारले उपलव्ध गराउनु पर्ने समेतका व्यवस्था गरिएको थियो ।

## ४.९.६ नेपालको अन्तरिम संविधान, २०६३

### ४.९.६.१ पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ ले संवेधानिक राजतन्त्रलाई आत्मसात् गरेको भए पनि दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश नाशपछि राजा बनेका ज्ञानेन्द्रले यसलाई आत्मसात् गर्न सकेनन् । उनमा सक्रिय राजतन्त्रको भोक पलायो । निर्वाचित सरकार विघटन गरी सरकार निर्माण र विघटनका खेल सुरु भए । राजा ज्ञानेन्द्रको कदमका विरुद्ध आन्दोलनमा रहेका सात राजनीतिक दल (नेपाली काँग्रेस, ने.क.पा.एमाले, नेपाली काँग्रेस प्रजातान्त्रिक, संयुक्त जनमोर्चा, नेपाल सदभावना पार्टी (आनन्दी देवी) संयुक्त बाममोर्चा र नेपाल मजदुर किसान पार्टी) र सशस्त्र द्वन्द्व गर्दै आएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्न लोकतान्त्रिक आन्दोलनको ‘आँधीबेहरी’ निर्माण गर्ने समेतका विषयमा २०६२ साल मंसिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर भयो । समझदारीको बुँदा नं ११ मा दलहरूबाट जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलन सफल बनाउन समाजका सबै वर्ग र समुदायलाई आह्वान समेत गरिएको थियो ।

विघटित प्रतिनिधि सभाको पुनर्स्थापना सहितको माग राखी २०६२ साल चैत्र २४ देखि जनआन्दोलन सुरु भयो । २०६३ साल वैशाख ८ गते राजाले २०६१ साल माघ १९ को कदम बाध्यात्मक परिस्थितिमा चाल्नु परेको उल्लेख गर्दै नेपाल अधिराज्यको कार्यकारिणी अधिकार संविधानको धारा ३५ बमोजिम हुने गरी ‘जनताको नासो जनतामा फर्काएको’ घोषणा गरे । तर आन्दोलनकारी शक्ति यसबाट सन्तुष्ट भएनन् । आन्दोलन मथ्थर भएन । वैशाख ११ गते अर्को घोषणाद्वारा आन्दोलनरत सात राजनीतिक दलको मार्गचित्रका आधारमा मूलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याको समाधान गर्न विघटित प्रतिनिधि सभा पुनर्स्थापना गरेको घोषणा गर्न राजा बाध्य भए । सोही घोषणा बमोजिम २०६३ साल वैशाख १५ गते पुनर्स्थापित प्रतिनिधि सभाको बैठक बस्यो । यही बैठकबाट मूलुकलाई संविधान सभाको निर्वाचनमा लैजाने पहिलो औपचारिक निर्णय भएको थियो ।

### ४.९.६.२ प्रतिनिधि सभाको घोषणा

प्रतिनिधि सभाको पुनर्स्थापनापछि २०६३ साल जेठ ४ गते बसेको प्रतिनिधि सभाको बैठकले एउटा घोषणा गर्‍यो । प्रतिनिधि सभाको यो घोषणा नेपालको राजनीतिक इतिहासको कोशेढुंगा हो । निरङ्कुश राजतन्त्रको अन्त्य यही

घोषणाबाट भएको हो । नेपाली जनतालाई सम्पूर्ण रूपले सार्वभौम बनाएको पनि यही घोषणाले हो । यो घोषणाले नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधि सभाद्वारा प्रयोग गरिने, कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधि सभाले निर्धारण गरे बमोजिम हुने, अधिवेशनको आह्वान प्रधानमन्त्रीबाट हुने, संविधान सभाको मार्गमा अघि बढने प्रक्रिया प्रतिनिधि सभाले निर्धारण गर्ने, कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहने, श्री ५ को सरकारलाई नेपाल सरकार भनिने, शाही नेपाली सेनाको नाम नेपाली सेना हुने, प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने, राजपरिषद्को व्यवस्था खारेज गर्ने, राजाको सम्पत्तिमा कर लाग्ने र उनीबाट भए गरेका काममा अदालतमा प्रश्न उठाउन सकिने लगायतका विषय रहेका थिए । यो ऐतिहासिक घोषणा तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रस्तुत भएको थियो ।

### ४.९.६.३ युद्धविराम आचार संहिता र आठ बुँदे सम्झौता

ने.क.पा माओवादी र सरकारका बिच युद्धविराम भए पनि स्थायी शान्ति सम्झौता भइसकेको थिएन । यसै सिलसिलामा नेपाल सरकार र नेकपा (माओवादी) बिच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न २०६३ साल जेठ १२ गते दुवै पक्षका प्रतिनिधिहरूद्वारा हस्ताक्षर गरी २५ बुँदे युद्धविराम आचार संहिता जारी भएको थियो । आचार संहितामा मुख्यतः भयमुक्त नागरिक जीवनको सुनिश्चितता, जनतामा विश्वासको वातावरण निर्माण, जनताका आधारभूत सेवा र विकास निर्माण, सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग, बलपूर्वक चन्दा वा आर्थिक सहयोग नउठाउने, रिहाइ र पुनर्स्थापना, वार्ताको सहजीकरण, युद्धविरामको अनुगमन आदि विषय समेटिएका थिए ।

२०६३ साल असार २ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताको बैठकबाट आठ बुँदे सहमति भएको थियो । यो सहमतिले निकै महत्वपूर्ण विषयहरूलाई मार्गनिर्देश गरेको थियो । यो सहमतिको बुँदा नं.४ मा १२ बुँदे समझदारीमा व्यक्त युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधि सभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने उल्लेख गरिएको थियो ।

### ४.९.६.४ अन्तरिम संविधानको मसौदा समितिको गठन र संविधान जारी

सरकार र नेकपा (माओवादी) बिच सम्पन्न उल्लिखित सहमति बमोजिम २०६३ साल असार २ गते नै सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मण प्रसाद अर्यालको संयोजकत्वमा १५ दिनभित्र सरकार र माओवादी वार्ता टोली समक्ष मसौदा पेश गर्ने गरी अन्तरिम संविधानको मसौदा समिति गठन गरियो ।[११६] तर विविध कारणले अपेक्षा अनुरूपको अवधिमा संविधान जारी हुन सकेन । अन्ततः २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । अन्तरिम संविधान जारी भएसँगै साविकको प्रतिनिधि सभा भङ्ग भयो । संविधानले व्यवस्था गरे अनुरूप नेकपा (माओवादी) का प्रतिनिधिहरू समेत रहेको ३३० सदस्यीय अन्तरिम व्यवस्थापिका संसद् गठन भयो । पुनर्स्थापित प्रतिनिधि सभाका १९४ र राष्टिय सभाका १४ गरी २०९ ले अन्तरिम व्यवस्थापिका संसद्मा निरन्तरता पाए । ने.क.पा (माओवादी) बाट ७३ सदस्य मनोनयन गरिएको थियो । यस बाहेक जनवर्गीय र पेशागत संगठन, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, मधेशी, महिला तथा राजनीतिक व्यक्ति मध्येबाट ४८ जना मनोनयन गरिएको थियो ।[११७] २०६३ साल चैत्र १८ गते प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला नेतृत्वको सरकारमा नेकपा (माअेवादी) समेत सहभागी भएपछि संविधान सभाको निर्वाचन र शान्ति प्रक्रियाले थप गति लियो ।

नेपालको अन्तरिम संविधान संविधान सभाबाट अर्को संविधान नबनेसम्मको अन्तरिम अवधिका लागि जारी गरिएको थियो । यसको प्रस्तावनामा नै ... आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलव्धिहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिबाट तयार भएको नेपालको अन्तरिम संविधान, २०६३ जारी गरिएको थियो । देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने, संविधान सभाको निर्वाचन गर्ने र सङ्क्रमणकालको व्यवस्थापन गर्ने संविधानको मूल उद्देश्य थियो ।

लोकतान्त्रिक संविधानले आत्मसात् गर्नुपर्ने विशेषता वा गुण यसमा समेटिएका थिए । प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको

---

[११६] मैनाली, श्याम प्रसाद । शासकीय स्वरुप संविधान र सुशासन, विमला मैनाली, काठमाडौं

[११७] फुयाल, राजेन्द्र । संविधान सभा निर्वाचनदेखि अवसानसम्म, साङ्ग्रिला पुस्तक प्रा.लि., बागबजार,काठमाडौं ।

अवधारणालाई संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको थियो । यो संविधानमा १२ पटकसम्म संशोधन भयो । सङ्क्रमणकाल लम्बिदै गएपछि यो संविधान करिब १० वर्षसम्म क्रियाशील रह्यो ।

संविधान जारी हुँदा संविधान सभामा मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ जना र  १६ जना मनोनीत गरी ४२५ सदस्य रहने व्यवस्था गरिएको थियो । निर्वाचित हुने ४०९ सदस्य मध्ये २०५ जना सदस्य प्रत्येक निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने र २०४ जना सदस्य सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रणालीबाट निर्वाचित हुनेर मनोनीत हुने १६ जना ससदस्य राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्वहरू मध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रीपरिषद्बाट मनोनीत हुने व्यवस्था थियो ।

संविधान जारी भएपछि गठन भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट २४० निर्वाचन क्षेत्र कायम भएपछि अन्तरिम संविधानमा संशोधन भई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित हुने २४० जना, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने २४० जना र अन्तरिम मन्त्रिपरिषद्बाट मनोनीत हुने १७ जना गरी ४९७ जना रहने व्यवस्था भयो । विविध राजनीतिक समस्याका कारण २०६४ साल जेठमा हुने भनिएको निर्वाचन हुन सकेन । २०६४ मङ्सिरका लागि नयाँ निर्वाचन मिति घोषणा गरियो । यो निर्वाचन पनि तोकिएको मितिमा हुन सकेन ।

राजनीतिक परिस्थितिको सम्बोधनको क्रममा अन्तरिम संविधानमा पुनः संशोधन भयो । संविधान सभाको सीट सङ्ख्या ४९७ बाट ६०१ पुऱ्याइयो । यसमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट २४० जना, समानुपातिक निर्वाचन प्रणालीबाट ३३५ जना र मनोनीत २६ जना हुने व्यवस्था गरियो । अन्ततः यसरी संविधान सभामा रहने कुल सदस्य सङ्ख्या ६०१ जना पुऱ्याइयो । २०६४ साल चैत्र २८ गते ऐतिहासिक संविधान सभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । मूलुक नयाँ संविधान निर्माणको प्रक्रियामा प्रवेश गऱ्यो ।

### ४.९.६.५ अन्तरिम संविधानमा निर्वाचन सम्बन्धी व्यवस्था

संविधानले निर्वाचन आयोगलाई संवैधानिक अङ्गको रूपमा निरन्तरता दिएको थियो । आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र चारजना निर्वाचन आयुक्त रहने व्यवस्था थियो । प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा प्रधानमन्त्रीले गर्ने व्यवस्था थियो । मूलुकमा राष्ट्रपतिको व्यवस्था भएपछि संविधानको चौथो संशोधनद्वारा प्रमुख निर्वाचन आयुक्त र

निर्वाचन आयुक्तको नियुक्ति प्रधानमन्त्रीको सट्टा राष्ट्रपतिबाट हुने व्यवस्था गरिएको हो ।

संविधानले निर्वाचन आयोगलाई यो संविधान र अन्य कानुनको अधीनमा रही संविधान सभा, जनमत सङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य जिम्मेवारी तोकेको थियो । यस बाहेक संविधान सभा सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार संविधानको धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्ने व्यवस्था समेत गरेको थियो ।

संविधानको धारा १३९ ले स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मूलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रवर्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको निर्वाचन गरिनेछ भन्ने व्यवस्था गरेको थियो । तर यो अवधिमा स्थानीय निकाय निर्वाचन हुनु त परै जाओस्, निर्वाचनको घोषणासम्म पनि हुन सकेन ।

संविधानको भाग १९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था थियो । उक्त भागको धारा १४१ ले समान राजनीतिक विचारधारा, दर्सन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधानको धारा १२ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश ( ३) अन्तर्गत बनेको कानुनको अधीनमा रही आफ्नो इच्छा अनुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सोको विचारधारा, दर्सन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् भन्ने व्यवस्था गरी त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र स्वतः अमान्य हुनेछ भन्ने व्यवस्था गरी राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज गरेको थियो । यसका साथै संविधानले निर्वाचनमा राजनीतिक दलको रूपमा मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले निर्वाचन आयोगमा दर्ता गराउनु पर्ने र दल दर्ता गर्दा अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने दल बाहेकका दलले कम्तीमा दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको थियो ।

यो संविधान अनुरूप गठन भएको पहिलो संविधान सभा संविधान निर्माणको जिम्मेवारी पूरा गर्न असफल रही २०६७ जेठ १४ गते विघटन भयो । संविधान सभाबाटै संविधान निर्माण गर्ने नेपाली जनताको चाहना भने ज्यूँकात्यूँ रह्यो । राजनीतिक दलहरू पुनः अर्को संविधान सभा सदस्य निर्वाचन गराउन सहमत भए । २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भयो । यो संविधान सभाले २०७२ साल असोज ३ गते आइतबारका दिन नेपालको संविधान जारी गऱ्यो । मूलुक फेरि पनि नयाँ युगमा प्रवेश गऱ्यो ।

### ४.९.७ नेपालको संविधान

आफ्नो संविधान आफैँ बनाउने नेपाली जनताको दसकौंदेखिको चाहना २०७२ साल असोज ३ गते आइतबारका दिन साँझ पूरा भयो । यो दिन नेपाली जनताले जननिर्वाचित संविधान सभा मार्फत 'नेपालको संविधान' प्राप्त गरे भने सङ्ख्याका हिसाबले नेपाली जनताले प्राप्त गरेको योसंविधान सातौं बन्न पुग्यो ।

नेपालको संविधानको प्रस्तावनामा अन्य कुराका अतिरिक्त जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवम् कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधान जारी गरिएको उल्लेख गरिएको छ । प्रस्तावना संविधानले गरेको प्रतिवद्धता हो । यसले मुलुकको समग्र शासन व्यवस्थाको स्वरूप र चरित्रलाई बडो सफासँग प्रतिविम्वित गरेको हुन्छ ।

संविधानले राजकीयसत्ता र सार्वभौमसत्ता जनतामा निहित गरेको छ । समावेशितालाई आत्मसात् गरेको छ । नागरिकका मौलिक हकको विस्तार गरेको छ । मूलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थापित गरेको छ । शदिऔंदेखि एकात्मक ढाँचामा रहँदै आएकोमा देशलाई संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचित गरी तीनवटै तहमा सरकारका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका (स्थानीय तहमा न्यायिक समिति) रहने व्यवस्था गरिएको छ । मूलुकलाई विभिन्न सात प्रदेशमा पुनर्संरचित गरिएको छ । संविधानले संघको कार्यकारिणी अधिकार संघीय मन्त्रिपरिषद्मा, प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा र स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहने व्यवस्था गरेको छ ।

राज्यका तीनवटै तहमा व्यवस्थापिकीय कार्यका लागि आ-आफ्नै तहमा व्यवस्थापिकाहरू रहेका छन् । संघीय व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रिय सभा

नामका दुई सदन छन् । प्रदेश व्यवस्थापिकाको रूपमा रहेको प्रदेश सभा भने एक सदनात्मक छ । स्थानीय तहमा गाउँपालिकामा गाउँ सभा र नगरपालिकामा नगर सभा रहनेछन् । जिल्लाभरका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख रहेको जिल्ला सभा रहने व्यवस्था छ । गाउँपालिका र नगरपालिकामा सबैभन्दा तल्लो तहमा वडा समितिहरू रहने व्यवस्था छ । आफ्नो निकायमा लागू हुने कतिपय कानुन आफैँ बनाउन सक्ने गरी स्थानीय निकायका अधिकार संविधानमै सुनिश्चित गरिएको छ । नेपाली जनताले संविधानबाट पाएको यो महत्वपूर्ण अधिकार हो ।

संविधानले राज्यशक्तिको बाँडफाँट गरी संघ, प्रदेश र स्थानीय तहका अधिकारहरूलाई संविधानमै व्यवस्था गरेको छ । मूलुकलाई धर्म निरपेक्ष घोषणा गरिएको छ । स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, नागरिकहरूको मौलिक अधिकारको सुनिश्चितता जस्ता लोकतान्त्रिक संविधानका विशेषतालाई आत्मसात् गरेको छ । जनतामा निहित सार्वभौमसत्ता, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनतालाई असंशोधनीय हुने व्यवस्था गरेको छ ।

### ४.९.८ निर्वाचन आयोगको गठन

नेपालको संविधानको भाग २४, धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ । आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चारजना आयुक्त रहन्छन् । प्रमुख आयुक्तले आयोगको अध्यक्ष भई काम गर्छन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । संविधानले आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्त हुने व्यक्तिका लागि आवश्यक योग्यताका सम्बन्धमा पनि व्यवस्था गरेको छ । जस अनुसार प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्त हुने व्यक्ति स्नातक उपाधि प्राप्त, ४५ वर्ष उमेर पूरा भएको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र उच्च नैतिक चरित्र भएको हुनुपर्छ ।

प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुन्छ । निजहरूको पुनर्नियुक्ति हुँदैन । तर निर्वाचन आयुक्तमा नियुक्त भई काम गरेको व्यक्ति प्रमुख निर्वाचन आयुक्तको पदमा भने नियुक्त हुन सक्छ । यस्तो अवस्थामा निजको पदावधिको गणना गर्दा निर्वाचन आयुक्तको पदमा रही काम गरेको अवधि समेत गणना गरिन्छ । यसले गर्दा जम्मा पदावधि ६ वर्षभन्दा बढी हुँदैन । पदावधि ६ वर्षको हुने भए पनि प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू ६५ वर्षको उमेरसम्म मात्र पदमा बहाल रहन सक्छन् । यस अलावा

आफैँले पदबाट राजीनामा गरेमा वा संविधानको धारा १०१ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट महाअभियोगको प्रस्ताव पारित भएमा वा शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा आफ्नो पदबाट पदमुक्त हुन्छन् ।

निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य कुनै सरकारी सेवाका लागि योग्य हुँदैनन् । तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अध्ययन, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन अन्वेषण गरी राय सुझाव पेश गर्ने काममा भने नियुक्त हुन सक्ने व्यवस्था रहेको छ ।

#### ४.९.८.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

संविधानले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी तोकेको छ :-

(क) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ख) निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने,

(ग) राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने,

(घ) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

यस बाहेक संविधानको भाग २९ का विभिन्न धारामा रहेको व्यवस्था अनुसार दल दर्ता र नियमन गर्ने जिम्मेवारी समेत निर्वाचन आयोगमा रहेको छ ।

## ४.१० निर्वाचन आयोगबाट व्यवस्थापन गरिने विभिन्न निर्वाचन सम्बन्धी व्यवस्था

### ४.१०.१ राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन

संविधानले नेपालमा एक जना राष्ट्रपति र एक जना उपराष्ट्रपति रहने व्यवस्था गरेको छ । 'राष्ट्रपति' देशको सर्वोच्च पद हो । संविधानले राष्ट्रपतिलाई नेपालको संविधानको पालनकर्ता र संरक्षणकर्ताका साथै राष्ट्रिय एकताको प्रबर्द्धकका रूपमा

स्थापित गरेको छ । राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यको सम्पादन उपराष्ट्रपतिबाट गरिन्छ । संघीय संसद्को सदस्य हुने योग्यता रहेको, कम्तीमा ४५ वर्ष उमेर पूरा भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति राष्ट्रपति र उपराष्ट्रपति पदको उम्मेदवार हुन सक्छन् ।

नेपालको संविधानको भाग ६ मा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था रहेको छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) का सदस्य तथा प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल (Electoral College) रहन्छ । संघीय संसद् र प्रदेश सभाका सदस्यको मतभार भने संघीय कानुन बमोजिम फरक हुने व्यवस्था छ । नयाँ संविधान जारी भएपछि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ । यो निर्वाचन संविधानको धारा २९७, सङ्क्रमणकालीन व्यवस्था बमोजिम सम्पन्न भएको हो । यसमा व्यवस्थापिका-संसद्का सदस्यले मतदान गरेका थिए ।

राष्ट्रपति र उपराष्ट्रपतिमा निर्वाचित हुन निर्वाचक मण्डलको तत्काल कायम कुल मतको बहुमत (पचास प्रतिशत र कम्तीमा थप एक मत) प्राप्त गर्नुपर्छ । यो निर्वाचनमा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारबिच मतदान हुन्छ र कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छन् । यो पटकको मतदानमा समेत कुनै उम्मेदवार निर्वाचित हुन नसकेमा पुनः मतदान हुन्छ । तेस्रो पटकको मतदानमा भने खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छन् ।

राष्ट्रपतिले प्रधान न्यायाधीश समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष शपथ ग्रहण गर्छन् । राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुन्छ । तर पदबाट राजीनामा दिएमा वा संविधानको धारा १०१ को उपधारा (१) बमोजिम संघीय संसद्बाट महाअभियोगको प्रस्ताव पारित भएमा राष्ट्रपति र उपराष्ट्रपति जुनसुकै बखत पदमुक्त हुन्छन् ।

### ४.१०.२ संघीय व्यवस्थापिकाको निर्वाचन

#### ४.१०.२.१ संघीय व्यवस्थापिकाको गठन

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीनवटै तहमा व्यवस्थापिकीय कार्यका लागि व्यवस्थापिका सभाको गठन हुने व्यवस्था गरेको छ । यसै सन्दर्भमा संघको व्यवस्थापिकीय कार्यका लागि प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनात्मक संघीय व्यवस्थापिका रहने व्यवस्था छ । यसलाई संघीय संसद् भनिन्छ ।

### (क) प्रतिनिधि सभाको गठन

प्रतिनिधि सभा संघीय संसद्को तल्लो सदन हो । यसमा कुल २७५ सदस्य रहन्छन् । यी मध्ये १६५ सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र ११० जना राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित भएर आउँछन् ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एकसय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना निर्वाचित गरिन्छन् । समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानिन्छ । मतदाताले राजनीतिक दललाई मत दिन्छन् । देशभरबाट जुन राजनीतिक दलले जति मत प्राप्त गर्छन् सोही अनुपातमा प्रतिनिधि सभामा सीट सङ्ख्या प्राप्त गर्छन् ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा जनसङ्ख्याको आधारमा विभिन्न आठ समूहको प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्छ । यस्ता समूहमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य (ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी (दसनामी समुदाय)) मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र पर्छन् । राजनीतिक दलले उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने एवम् अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्छ ।

प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । तर सङ्कटकालीन अवस्थामा एक वर्षमा नबढ्ने गरी कार्यकाल थप गर्न सकिने र यसरी कार्यकाल थप भएकोमा सङ्कटकालीन अवस्थाको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुने व्यवस्था छ । प्रतिनिधि सभाको कार्यकाल ६ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिन्छ । प्रतिनिधि सभाको सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले कुनै एक निर्वाचन क्षेत्रबाट मात्रै उम्मेदवारी दिन पाउँछ । यसअघिको व्यवस्थामा जस्तो एकै व्यक्तिले एकै पटक दुईवटा निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन पाउने व्यवस्था अहिले छैन ।

### (ख) राष्ट्रिय सभाको गठन

राष्ट्रिय सभा स्थायी सदन हो । राष्ट्रिय सभामा कुल ५९ जना सदस्य रहन्छन् । यसका लागि प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, एक जना दलित, एक

जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित ८ जना निर्वाचित हुन्छन् । यसप्रकार ७ वटा प्रदेशबाट ५६ सदस्य निर्वाचित हुन्छन् । बाँकी ३ जना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत गरिन्छन् । राष्ट्रपतिबाट मनोनीत हुने मध्ये कम्तीमा एकजना महिला हुनु पर्छ ।

राष्ट्रिय सभाको सदस्यको निर्वाचनका लागि प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको एक निर्वाचक मण्डल रहन्छ । निर्वाचक मण्डलमा रहने प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार भने संघीय कानुन बमोजिम फरक हुन्छ ।

राष्ट्रिय सभाका सदस्यको कार्यकाल ६ वर्षको हुन्छ । पहिलो पटकका लागि भने गोला प्रथाद्वारा पहिलो एक तिहाइ सदस्यको २ वर्ष, अर्को एक तिहाइ सदस्यको ४ वर्ष र बाँकी एक तिहाइ सदस्यको ६ वर्षको पदावधि कायम गरिने व्यवस्था छ । राष्ट्रिय सभामा कुनै स्थान रिक्त हुन आएमा त्यस्तो स्थान निर्वाचन वा मनोनयन जुन तरिकाबाट पूर्ति भएको हो सोही तरिकाबाट बाँकी अवधिका लागि पूर्ति गरिन्छ ।

संघीय संसद्को सदस्य हुन नेपाली नागरिक, प्रतिनिधि सभाको लागि भए २५ र राष्ट्रिय सभाको लागि भए ३५ वर्ष उमेर पूरा भएको, नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, कुनै संघीय कानुनले अयोग्य नभएको र कुनै लाभको पदमा बहाल नरहेको हुनुपर्छ ।

प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षमध्ये दुवैमा एक/एक जना महिला हुनुपर्ने र प्रतिनिधि सभामा सभामुख र उपसभामुख फरक फरक राजनीतिक दलबाट (प्रतिनिधि सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नरहेको वा उम्मेदवारी नदिएको अवस्थामा बाहेक) हुनुपर्ने व्यवस्था गरी सदनको नेतृत्वदायी पदमा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गरिएको छ ।

### ४.१०.२.२ संघीय संसद्मा महिला सहभागिता

संविधानले संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनु पर्ने व्यवस्था गरेको छ । यसको सुनिश्चितताका लागि कुनै राजनीतिक दलबाट प्रतिनिधि सभा सदस्यको लागि भएको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा र राष्ट्रिय सभा सदस्यका लागि भएको निर्वाचनमा एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन

प्रणालीको निर्वाचनमा प्रतिनिधि सभाका लागि बन्द सूचीबाट उम्मेदवार निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने व्यवस्था छ ।

## ४.१०.३ प्रदेश व्यवस्थापिकाको निर्वाचन

### ४.१०.३.१ प्रदेश सभाको गठन

प्रदेश सभाको गठनका लागि पनि मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । प्रदेश सभामा ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट र ४० प्रतिशत सदस्य राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित हुन्छन् ।

संविधानको धारा १७६ को उपधारा (१) ले प्रदेश सभामा रहने सदस्य सङ्ख्याका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ :-

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य,

(ख) खण्ड (क) बमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा विभिन्न नौ वटा समूहको प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्छ । यस्ता समूहमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य (ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी (दसनामी समुदाय)) मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदाय पर्छन् । राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने एवम् भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने प्रावधान छ । प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।

### ४.१०.३.२ प्रदेश सभामा महिला सहभागिता

संविधानले प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने व्यवस्था गरेको छ । यसको सुनिश्चिततताका लागि संघीय संसद्का लागि गरिएको व्यवस्था अनुरूप नै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा एक तिहाइ

सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा बन्दसूचीबाट उम्मेदवार निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## ४.१०.४ स्थानीय तहको निर्वाचन

### ४.१०.४.१ स्थानीय कार्यपालिकाको गठन

गाउँपालिका र नगरपालिकामा कार्यपालिकीय कार्य सम्पादनका लागि क्रमशः गाउँ कार्यपालिका र नगर कार्यपालिका रहन्छन् । स्थानीय तहको कार्यकारिणी अधिकार निहित रहेका यी निकायमा आ-आफ्ना क्षेत्रमा स्थानीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनको अभिभारा समेत रहेको छ ।

गाउँ कार्यपालिकामा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, गाउँपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना, गाउँ सभाका सदस्यले आफू मध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र गाउँ सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुई जना सदस्य रहन्छन् । यसै गरी नगर कार्यपालिकामा एक जना प्रमुख, एक जना उपप्रमुख, नगरपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना, नगर सभाका सदस्यले आफू मध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र नगर सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका तीन जना सदस्य रहन्छन् ।

गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुखको पदावधि एक वर्ष भन्दा बढी अवधि बाँकी छँदै पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिन्छ । गाउँ कार्यपालिकाको अध्यक्ष र नगर कार्यपालिकाको प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित व्यक्ति पुनः गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

### ४.१०.४.२ स्थानीय व्यवस्थापिकाको गठन

गाउँपालिका र नगरपालिकामा व्यवस्थापिकीय कार्यका लागि क्रमशः गाउँ सभा र नगर सभा रहन्छन् । गाउँ सभा  र नगर सभामा सबै वडा समितिका अध्यक्ष र सदस्य, स्थानीय कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य तथा स्थानीय कार्यपालिकाका प्रमुख र उपप्रमुख रहन्छन् । गाउँ सभा र नगर सभाको कार्यकाल पाँच वर्षको हुन्छ । कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नु पर्ने व्यवस्था छ ।

#### ४.१०.४.३ न्यायिक समिति

कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिकामा गाउँपालिकाका उपाध्यक्षको अध्यक्षतामा र नगरपालिकामा नगरपालिकाका उपप्रमुखको अध्यक्षतामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । न्यायिक समितिमा रहने अरू दुई जना सदस्य गाउँ सभा वा नगर सभाका सदस्यले आफू मध्येबाट निर्वाचित गर्छन् ।

#### ४.१०.४.४ जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन

जिल्लाका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्न एवम् विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नुका साथै सोको अनुगमन गर्न तथा जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय कायम गर्न जिल्लाभरका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहेको जिल्ला सभा गठन हुन्छ । जिल्ला सभाका तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको सम्पादनका लागि जिल्ला सभाले गाउँ सभा वा नगर सभाका सदस्य मध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यक सहित नौ सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्छ । जिल्ला समन्वय समितिमा निर्वाचित गाउँ सभा वा नगर सभाको सदस्यको पद स्वतः रिक्त हुन्छ ।

### ४.१०.५ स्थानीय तहमा महिला प्रतिनिधित्व

स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जनामध्ये कम्तीमा दुई जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरी वडा तहमा कम्तीमा ४० प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसै गरी स्थानीय कार्यपालिकामा महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्न गाउँ कार्यपालिकामा भए कम्तीमा चार जना र नगर कार्यपालिकामा भए कम्तीमा पाँच जना महिला सदस्य सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफू मध्येबाट निर्वाचित गरी पठाउने व्यवस्था गरिएको छ । जिल्ला समन्वय समितिमा रहने नौ जना मध्ये तीन जना अर्थात् एक तिहाइ सदस्य महिला रहने व्यवस्था गरिएको छ ।

## ४.११ राजनीतिक दल दर्ता र व्यवस्थापन

नेपालको संविधानले नागरिकको मौलिक हकको रूपमा स्वतन्त्रताको हक अन्तर्गत राजनीतिक दल खोल्ने स्वतन्त्रताको प्रत्याभूति गरेको छ । यो हकको प्रचलनको लागि बनेको कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्सन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि

त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने व्यवस्था गरेको छ । यसरी गठन भएका राजनीतिक दलले कानुन बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्छ । यसै गरी कुनै निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले संघीय कानुन बमोजिम निर्वाचन आयोगमा दर्ता गराउनु पर्ने व्यवस्था छ । संविधानले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन संविधान प्रतिकूल मानिने र अमान्य हुने व्यवस्था छ ।

## ४.१२ कानुनी व्यवस्था

नेपालको निर्वाचनको इतिहास स्थानीय निकायको निर्वाचनबाट सुरु भएको हो । वि.सं. २००७ साल असोज ६ गते श्री ३ मोहन शमशेरले राष्ट्रसभा र भारदारी सभाका सदस्यहरू रहेको व्यवस्थापक सभा (केन्द्रीय सभा) को उद्घाटन समारोहमा वैधानिक समितिका तर्फबाट सुवर्ण शमशेर ज.व.रा. ले.नेपाल सरकार वैधानिक कानूनको व्यवस्था बमोजिम भएका कार्यको प्रगति प्रतिवेदन प्रस्तुत गर्दा काठमाडौ म्यूनिसिपलिटिको गठन भएको, ग्राम पञ्चायत ऐन, नगरपञ्चायत ऐन, पञ्चायती अदालती ऐन र जिल्ला पञ्चायत ऐन तर्जुमा गरी लागू गरिएको, भक्तपुर, ललितपुरमा पनि नगर पञ्चायतहरूले नगर पञ्चायत ऐन बमोजिम काम सुरु गरेका, यसै सालमा हरेक जिल्ला, गढी, गोश्वारामा पञ्चायतहरू खडा गर्न निर्वाचन अफिसरहरू खटाइएका, उक्त अवधिसम्म देशभरमा जम्मा १५८ पञ्चायतहरू खडा भएका, कतै कतैका जनताले आफूहरूलाई पञ्चायत नचाहिएको बरु पुरानो रितिस्थिति नै कायम रहोस् भनेर माग गरेको समेतका विषयहरू उल्लेख गरेका छन् ।[११८] यसबाट पहिलो पटक २००४ सालदेखि २००७ सात साल असोजसम्मको अवधिमा निर्वाचन सम्बन्धी कानुन बमोजिम औपचारिक रूपमा स्थानीय निकायहरूको गठन भएको पाइन्छ ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय भएपछि विधान सभाको निर्वाचनका निम्ति मतदाता सूची तयार गर्ने समेतको कामका लागि जनप्रतिनिधित्व ऐन, २००८ जारी भएको थियो । यो ऐन अनुसार केही काम भएको भए पनि यसमा लालमोहर लागेको देखिँदैन । पछि वि.सं. २०१५ सालमा जनप्रतिनिधित्व ऐन जारी भई यसै अनुरूप मतदाता दर्ता लगायतका काम सम्पन्न गरिए । पहिलो संसदीय निर्वाचन यही नामावलीको आधारमा सम्पन्न गरिएको थियो । आम निर्वाचनपश्चात् स्थानीय सरकारको गठनका लागि गाउँ पञ्चायत ऐन र नियमावली जारी भई तदनुरूप स्थानीय निकायहरू गठन भएका थिए ।

वि.सं. २०१७ सालमा राजाले संसदीय शासन व्यवस्थामा अङ्कुश लगाए । निरङ्कुशतालाई सुदृढ गर्ने अभीष्ट सहित नेपालको संविधान, २०१९ जारी भयो । तत्पश्चात स्थानीय

---

[११८] गृष्म बहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण, भाग १

निकाय र विधायिकाको निर्वाचनका लागि विभिन्न कानुनी व्यवस्था गरिए । वि.सं. २०४७ सालमा जनआन्दोलनद्वारा प्रजातन्त्रको पुनर्स्थापना भयो । प्रजातन्त्रलाई संस्थागत र सुदृढ गर्न स्थानीय निकाय र विधायिकाको गठनका लागि विभिन्न कानुनी व्यवस्था गरिए । विभिन्न समयमा निर्वाचनको व्यवस्थापनका सम्बन्धमा भएका केही प्रमुख कानुनी व्यवस्थालाई प्रस्तुत गरिएको छ ।

### ४.१२.१ गाउँ पञ्चायत ऐन, २०१८

#### (क) गाउँ सभाको गठन[११९]

गाउँ पञ्चायत ऐन, २०१८ बमोजिम यथासम्भव बराबर जनसङ्ख्या पर्ने गरी गाउँ पञ्चायत क्षेत्रलाई जम्मा नौ वडामा विभाजन गर्ने, प्रत्येक वडाका २१ वर्ष उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडामा बसोवास गरेका नेपाली नागरिकहरूले आफू मध्येबाट गाउँ सभाको लागि चार जना सदस्यको निर्वाचन गर्ने, यसरी निर्वाचित चार जना सदस्यहरू र दफा १२ बमोजिम निर्वाचित सदस्य समेत भएको वडा समिति गठन हुने, दफा १२ (४) को (क) बमोजिम निर्वाचित सदस्य सो समितिको पदेन अध्यक्ष हुने भन्ने प्रावधान रहेको थियो । गाउँ पञ्चायत क्षेत्रभित्र गठन भएका सबै वडाका वडा समितिका सदस्यहरू भएको गाउँ सभा गठन हुने व्यवस्था रहेको पाइन्छ । ती सबैको पदावधि ५ वर्षको हुने र बिचमा पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था रहेको देखिन्छ ।

#### (ख) गाउँ पञ्चायतको गठनः[१२०]

प्रत्येक गाउँ पञ्चायतमा प्रधानपञ्च र उपप्रधानपञ्चका अतिरिक्त प्रत्येक वडामा बसोवास गरेका नेपाली नागरिकहरूले आफू मध्येका एक जनाका हिसाबले निर्वाचन गरी पठाएका नौ जना सदस्य र प्रचलित कानुनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू रहेको गाउँ पञ्चायतको गठन गर्ने व्यवस्था गरिएको थियो । गाउँ पञ्चायतका सवै वडाहरूमा बसोबास गरेका नेपाली नागरिकहरूले आफू मध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचन गर्ने व्यवस्था थियो ।

---

[११९] दफा ३, गाउँ पञ्चायत ऐन, २०१८

[१२०] दफा १२, उही

### ४.१२.२ नगर पञ्चायत ऐन, २०१९

#### (क) नगर सभाको गठन[१२१]

नगर पञ्चायत ऐन, २०१९ बमोजिम यथासम्भव वरावर जनसङ्ख्या पर्ने गरी नगर पञ्चायत क्षेत्रलाई जम्मा नौ वडामा नघटाई विभाजन गर्ने, प्रत्येक वडाका २१ वर्ष उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडामा बसोवास गरेका नेपाली नागरिकहरूले आफू मध्येबाट नगर सभाको लागि चार जना सदस्यको निर्वाचन गर्ने, यसरी निर्वाचित चारजना सदस्य र दफा ९ (४) क) बमोजिम निर्वाचित सदस्य समेत भएको वडा समिति गठन हुने, दफा ९ (४) को (क) बमोजिम निर्वाचित सदस्य सो समितिको पदेन अध्यक्ष हुने भन्ने प्रावधान रहेको थियो । नगर पञ्चायत क्षेत्रभित्र गठन भएका सवै वडाका वडा समितिका सदस्यहरू भएको नगर सभाको गठन हुने व्यवस्था रहेको पाइन्छ । ती सबैको पदावधि ५ वर्षको हुने, बिचमा पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था रहेको देखिन्छ ।

#### (ख) नगरं पञ्चायतको गठन[१२२]

प्रत्येक नगर पञ्चायतमा प्रधानपञ्च र उपप्रधानपञ्चका अतिरिक्त निम्न प्रत्येक वडामा बसोवास गरेका नेपाली नागरिकहरूले आफू मध्येबाट एक जनाका हिसावले निर्वाचन गरी पठाएका सदस्यहरू र प्रचलित कानुनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू रहेको नगर पञ्चायतको गठन हुने व्यवस्था थियो । नगर पञ्चायतका सवै वडाहरूमा बसोबास गरेका नेपाली नागरिकहरूले आफू मध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचन गर्ने व्यवस्था रहेको थियो

### ४.१२.३ जिल्ला पञ्चायत ऐन, २०१९

#### (क) जिल्ला सभाको गठन[१२३]

प्रत्येक जिल्ला पञ्चायतको क्षेत्रमा जिल्ला सभाको गठन हुने, जिल्लाभित्रका प्रत्येक गाउँ पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च पदेन सदस्य, जिल्लाभित्रका प्रत्येक नगर पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च पदेन सदस्य, जिल्लाभित्रका प्रत्येक नगर पञ्चायतका सदस्यहरू मध्येबाट सो पञ्चायतका सदस्यहरू मध्येबाट सो पञ्चायतको जम्मा वडा सङ्ख्याको एक तिहाइ सङ्ख्यामा नगर सभाद्वारा निर्वाचित सदस्यहरू र जिल्ला पञ्चायतका सदस्यहरू पदेन सदस्य रहने व्यवस्था रहेको थियो।

---

[१२१] दफा ३, नगर पञ्चायत ऐन, २०१९

[१२२] दफा ९, उही

[१२३] दफा ३, जिल्ला पञ्चायत ऐन, २०१९

गाउँ र नगर पञ्चायतका कार्यक्रमहरूको निर्देशन तथा समन्वय गर्न जिल्ला सभा र जिल्ला पञ्चायतको गठन गर्ने उद्देश्यले यो ऐन जारी गरिएको देखिन्छ।

### (ख) जिल्ला पञ्चायतको गठन[१२४]

प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई नौ ईलाकामा विभाजन गर्ने, यसरी विभाजित प्रत्येक ईलाका गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधानपञ्च उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ सभा र नगर सभाका सदस्यहरूले आफू मध्येबाट जिल्ला पञ्चायतको लागि सदस्य निर्वाचन गर्ने, प्रत्येक जिल्ला पञ्चायतमा सभापति र उपसभापतिको अतिरिक्त नौ निर्वाचित सदस्य **र** प्रचलित कानुनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू र सभापति र उपसभापति आफू मध्येबाट निर्वाचन गर्ने व्यवस्था रहेको पाइन्छ ।

## ४.१२.४ राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३

### (क) राष्ट्रिय पञ्चायतको गठन

नेपालको संविधान, २०१९ ले गरेको व्यवस्थामा राष्ट्रिय पञ्चायतमा ११२ जना सदस्य पहिलो हुनेले जित्ने निर्वाचन पद्धतिबाट निर्वाचित हुने सहित श्री ५ बाट मनोनीत एक चौथाई सदस्य रहने व्यवस्था थियो । जसमा जिल्लालाई एक निर्वाचन क्षेत्र मानी तोकिएको आधारमा बालिग मताधिकार (२१ वर्ष उमेर पुगेका) का आधारमा निर्वाचित हुने सदस्यहरू पाँच वर्षका लागि निर्वाचित हुने प्रावधान थियो भने राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ मा उम्मेदवार र मतदाता, निर्वाचनको सञ्चालन, मतदान सम्बन्धी कार्य र मतगन्ति जस्ता कुराहरू यस ऐनमा व्यवस्था गरिएको थियो ।

## ४.१२.५ गाउँ विकास समिति ऐन, २०४८

विकेन्द्रीकरणको माध्यमद्वारा स्वायत्त शासन र गाउँ विकासको कार्यक्रममा अधिकाधिक मात्रामा स्थानीय जनताको सहभागिता वढाउन स्थानीय स्तरमै नेतृत्वको विकास गरी तलैदेखि बहुदलीय प्रजातन्त्र एवं विकास प्रक्रियालाई संस्थागत गर्न गाउँ विकास समिति गठन गर्न गाउँ विकास समिति ऐन, २०४८ जारी गरिएको हो ।

---

[१२४] दफा १४, उही

**(क) गाउँ विकास समितिको गठन**[१२५]

(१) गाउँ विकास क्षेत्रभित्रका १८ वर्ष उमेर पुगेका र सो क्षेत्रमा कम्तीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकले निर्वाचन गरी पठाएका एक जना गाउँ विकास समिति अध्यक्ष र एक जना  गाउँ विकास समिति उपाध्यक्ष, र

(२) गाउँ विकास क्षेत्रको प्रत्येक वडाका १८ वर्ष उमेर पुगेका र सो वडामा कम्तीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका नौ जना सदस्यहरू समावेश भई गाउँ विकास समिति गठन हुने व्यवस्था रहेको देखिन्छ ।

## ४.१२.६ नगरपालिका ऐन, २०४८

विकेन्द्रीकरणको माध्यमद्वारा नगर क्षेत्रका जनतालाई स्वायत्त शासन र विकास कार्यक्रममा अधिकाधिक सरिक गराई  स्थानीय जनताको सहभागिता वढाउन स्थानीय स्तरमै नेतृत्वको विकास गरी तलैदेखि बहुदलीय प्रजातन्त्र एवं विकास प्रक्रियालाई संस्थागत गर्न विभिन्न स्तरका नगरपालिकाहरूको गठन गर्न नगरपालिका ऐन, २०४८ जारी भई सो ऐन २०४८ । १२ । २६ देखि लागू भएको देखिन्छ ।

**(क) नगरपालिकाको  गठन**[१२६]

(१) नगरपालिका क्षेत्रभित्रका १८ वर्ष उमेर पुगेका र सो क्षेत्रमा कम्तीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकले निर्वाचन गरी पठाएका एक जना प्रमुख र एक जना उपप्रमुख, र

(२) नगरपालिकाको प्रत्येक वडाका १८ वर्ष उमेर पुगेका र सो वडामा कम्तीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका सदस्यहरू समावेश भई नगरपालिका गठन हुने व्यवस्था रहेको देखिन्छ ।

## ४.१२.७ जिल्ला विकास समिति ऐन, २०४८

विकेन्द्रीकरणको माध्यमद्वारा नगर क्षेत्रका जनतालाई स्वायत्त शासन र विकास कार्यक्रममा अधिकाधिक सरिक गराई स्थानीय तहदेखि नै बहुदलीय प्रजातन्त्रको

---

[१२५] दफा छ, गाउँ विकास समिति ऐन, २०४८

[१२६] दफा ५, नगरपालिका ऐन, २०४८

संस्थागत विकास गर्न प्रत्येक जिल्लामा जिल्ला विकास समिति गठन गर्न जिल्ला विकास समिति ऐन, २०४८ जारी भई सो ऐन २०४८ । १२ । २६ देखि लागू भएको देखिन्छ ।

### (क) जिल्ला परिषद्को गठन[१२७]

प्रत्येक जिल्लामा एक जिल्ला परिषद् रहने, उक्त परिषद्मा प्रत्येक गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष, जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख, जिल्ला विकास समितिका सदस्यहरू तथा जिल्ला विकास समितिका सभापति र उपसभापति पदेन सभापति र उपसभापति रहने व्यवस्था रहेको पाइन्छ ।

### (ख) जिल्ला विकास समितिको गठन[१२८]

जिल्लाको प्रत्येक ईलाकाभित्रका गाउँ विकास समिति र नगरपालीकका सदस्यहरूले आफू मध्येबाट प्रत्येक ईलाकाबाट एकजनाका दरले निर्वाचित सदस्यहरू, जिल्लाका प्रत्येक गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित सभापति र उपसभापति, सम्बन्धित जिल्लाका संसद् सदस्यहरू पदेन सदस्य रहने व्यवस्था रहेको पाइन्छ ।

यी ऐन वि.सं. २०४८ र वि.सं. २०५४ सालमा दुई पटकसम्म स्थानीय निकायको निर्वाचनमा प्रयोगमा आए पनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भई २०५६।१।१६ मा लागू भएपछि खारेज भएका हुन् ।

## ४.१२.८ स्थानीय स्वायत्त शासन ऐन, २०५५

विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा धेरै मात्रामा सहभागी गराउँदै देशको विकास निर्माणलाई स्थानीय तहदेखि नै माथि उठाउने अठोटका साथ अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ संसद्द्वारा निर्माण गरी वि. सं. २०५६ ।१। १६ मा नेपाल राजपत्रमा प्रकाशित भई लागू भएको हो । यो ऐन २०६६ । १० । ७ मा संशोधन समेत भएको छ ।

यो ऐनले गाउँ विकास क्षेत्रभित्रका महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये प्रतिनिधित्व हुन नसकेका वर्गका मानिसलाई समेत यस ऐनले प्रतिनिधित्व गराउने व्यवस्था गरेको देखिन्छ ।

[१२७] दफा ५, जिल्ला विकास समिति ऐन, २०४८

[१२८] दफा ६, उही

### ४.१२.८.१ वडा समितिको गठन[१२९]

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास समिति र नगरपालिकाको गठन व्यवस्था बारे उल्लेख गरिएको छ । गाउँ विकास समितिको प्रत्येक वडाका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकले गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट निर्वाचित गरेका देहाय बमोजिमका वडाध्यक्ष र वडा सदस्यहरू रहने गरी एक वडा समिति गठन हुने व्यवस्था गरेको छ । जसमा एक जना वडाध्यक्ष, एक जना महिला वडा सदस्य र तीन जना वडा सदस्य रहने व्यवस्थाले महिलाको प्रतिनिधित्वलाई केही हदसम्म सुनिश्चित गरेको पाइन्छ ।

### ४.१२.८.२ गाउँ परिषद्को गठन[१३०]

गाउँ विकास क्षेत्रमा एक गाउँ परिषद् गठन गरिने व्यवस्था रहेको छ । गाउँ परिषद्मा गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरू, गाउँ विकास क्षेत्रभित्रका एक जना महिला सहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका मानिसहरू गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट गाउँ परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरू रहने व्यवस्था गरिएको छ । गाउँ परिषद्को सदस्यको पदावधि पाँच वर्षको हुने व्यवस्था रहेको छ ।

गाउँ परिषद्का सदस्यको पदावधि गणना गर्दा पदावधि सुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौं वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिने व्यवस्था छ । गाउँ परिषद्को सदस्यको पदावधि समाप्त हुनु अगावै गाउँ परिषद्को नयाँ सदस्यको लागि निर्वाचन सम्पन्न भएमा गाउँ परिषद्को साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र गाउँ परिषद्को नवनिर्वाचित सदस्यहरूलाई नै कार्य सञ्चालन गर्ने अधिकार हुनेछ । कुनै कारणवश निर्धारित समयमा कुनै गाउँ विकास समितिको वा वडा समितिको सदस्यको पदको निर्वाचन वा गाउँ परिषद्को सदस्यको मनोनयन हुन नसकी अरू समयमा भए पनि त्यस्तो सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिने व्यवस्था छ ।

[१२९] दफा ७, स्थानीय स्वायत्त शासन ऐन, २०५५

[१३०] दफा ८, उही

कुनै गाउँ परिषद्को सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्यको पदको लागि प्रचलित कानुन बमोजिम उपनिर्वाचनद्वारा र मनोनीत सदस्यको पदको लागि मनोनयनद्वारा गरिनेछ तर यस्तो पद रिक्त भएको मितिले एक वर्षभित्र उपनिर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ । एक वर्षभन्दा कम अवधिको लागि उपनिर्वाचन वा मनोनयन नगरिने व्यवस्था रहेको पाइन्छ ।

### ४.१२.८.३ गाउँ विकास समितिको गठन[१३१]

तोकिएको गाउँ विकास क्षेत्रमा गाउँ परिषद्को कार्यकारिणीको रूपमा एक गाउँ विकास समिति गठन गरिने व्यवस्था रहेको छ । गाउँ विकास समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था देखिन्छ । गाउँ विकास क्षेत्रभित्रका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एक जना अध्यक्ष र एक जना उपाध्यक्ष, गाउँ विकास क्षेत्रभित्रका प्रत्येक वडाका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका नौ जना वडाध्यक्ष, गाउँ परिषद्का सदस्यहरू मध्येबाट एक जना महिला सहित गाउँ विकास समितिद्वारा मनोनीत दुई जना सदस्य रहने व्यवस्था रहेको छ ।

### ४.१२.९ नगरपालिका सम्बन्धी व्यवस्था

#### (क) वडा समितिको गठन[१३२]

नगरपालिकाको प्रत्येक वडाका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट निर्वाचित गरेका वडाध्यक्ष र वडा सदस्यहरू रहने गरी एक वडा समिति गठन हुने व्यवस्था रहेको छ । यसरी गठन हुने वडा समितिमा एक जना वडाध्यक्ष, एक जना महिला वडा सदस्य र तीन जना वडा सदस्य रहने व्यवस्था छ ।

---

[१३१] दफा १२, उही

[१३२] दफा ७५, उही

### (ख) नगर परिषद्को गठन[१३३]

नगर क्षेत्रमा एक नगर परिषद् गठन गरिने व्यवस्था रहेको छ । नगर परिषद्मा देहाय बमोजिमका सदस्यहरू रहने व्यवस्था देखिन्छ-

नगरपालिकाका प्रमुख र उपप्रमुख, प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरू, नगरपालिका क्षेत्रभित्रका महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका मानिसहरू नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नगर परिषद्द्वारा मनोनीत कम्तीमा ६ जना र बढीमा बीस जना व्यक्तिहरू तर त्यसरी मनोनीत हुने व्यक्तिहरू मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरू महिला हुनु पर्ने व्यवस्थाले महिला पुरुष बिचको समावेशितालाई प्रोत्साहन गरेको पाइन्छ ।

### (ग) नगरपालिकाको गठन[१३४]

तोकिएको नगर क्षेत्रमा नगर परिषद्को कार्यकारिणीको रूपमा एक नगरपालिका गठन गरिने व्यवस्था रहेको पाइन्छ । नगरपालिकामा देहाय बमोजिमका प्रमुख, उपप्रमुख र सदस्यहरू रहने व्यवस्था रहेको पाइन्छ-

नगर क्षेत्रभित्रका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एक जना प्रमुख र एक जना उपप्रमुख, नगर क्षेत्रको प्रत्येक वडाका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले आ-आफ्नो वडाबाट एक-एक जनाका दरले निर्वाचन गरी पठाएका वडा सङ्ख्या अनुसारका वडाध्यक्षहरू, नगर परिषद्का सदस्यहरू मध्येबाट एक जना महिलासहित नगरपालिकाद्वारा मनोनीत दुई जना सदस्य रहने व्यवस्था रहेको पाइन्छ ।

### (घ) जिल्ला विकास समितिको गठन[१३५]

तोकिएको जिल्ला विकास क्षेत्रमा जिल्ला परिषद्को कार्यकारिणीको रूपमा एक जिल्ला विकास समिति गठन गरिने व्यवस्था रहेको पाइन्छ । जिल्ला विकास समितिमा जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफू मध्येबाट प्रत्येक इलाकाबाट एक जनाका दरले निर्वाचित सदस्यहरू, जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले

---

[१३३] दफा ७६, उही

[१३४] दफा ८०, उही

[१३५] दफा १७६, उही

आफू मध्येबाट निर्वाचन गरेका सभापति र उपसभापति, जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू पदेन सदस्य, जिल्ला परिषद्का सदस्यहरू मध्येबाट एक जना महिला सहित जिल्ला विकास समितिद्वारा मनोनीत दुई जना सदस्य रहने व्यवस्था रहेको छ ।

### ४.१२.१० संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४[१३६]

संविधान सभा गठन सम्बन्धमा राजनीतिक दलहरू बिच पटक पटक भएका छलफलले मात्र यसमा रहने सङ्ख्याका विषयमा टुङ्गो लाग्न सकेको थियो । यस क्रममा अन्तरिम व्यवस्थापिका संसद्बाट २०६४।९।१३ मा अन्तरिक संविधानमा तेस्रो संशोधन गरी संविधान सभाको गठन सम्बन्धमा निम्न व्यवस्था गरी संविधान सभालाई ६०१ सदस्यीय बनाउने भयो- :

(क) मूलुकमा विद्यमान प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भए बमोजिम दुईसय चालीस निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित दुई सय चालीस सदस्य,

(ख) मूलुकको सबै भागलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने तीनसय पैँतिस सदस्य,

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र उल्लिखित दुईवटा निर्वाचन प्रणालीका निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति मध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने छब्बीस जना सदस्य ।

(घ) यी तीनै सङ्ख्या जोड्दा संविधान सभाको कुल सदस्य सङ्ख्या ६०१ (छ सय एक) हुन पुग्यो ।

## ४.१३ निर्वाचन र निर्वाचन प्रणाली

'निर्वाचन' नागरिकले आफ्ना जनप्रतिनिधि छनोट गर्ने सर्वोत्तम विधि वा प्रक्रिया हो । निर्वाचनको माध्यमबाट नागरिकले आफूमा निहित सार्वभौमसत्ता र राजकीयसत्ता आफ्ना

---

[१३६] दफा ३

प्रतिनिधिलाई हस्तान्तरण गर्छन् । सामान्य अर्थमा मतदाताबाट गोप्य रूपमा प्राप्त मतलाई सीटमा रूपान्तरण गर्ने विधि, पद्धति, तरिका नै निर्वाचन प्रणाली हो । यसलाई कानुनी दृष्टिकोणबाट हेर्ने हो भने लोकतान्त्रिक ढङ्गले प्रतिनिधित्वको सुनिश्चितताका लागि गरिएको एउटा कानुनी व्यवस्था पनि हो । निर्वाचन प्रणालीमा मतलाई कसरी स्थानमा परिवर्तन गरिन्छ भन्ने खुलाइएको निर्वाचन सूत्रको प्रयोग हुन्छ । त्यस्तै मतपत्रको संरचना कस्तो हुने (राजनीतिक दललाई मत दिने कि, उम्मेदवारलाई मत दिने ? आदि) र एक निर्वाचन क्षेत्रबाट कति जनाले प्रतिनिधित्व गर्ने भन्ने विषयहरू पनि परिभाषित गरिएको हुन्छ । तसर्थ निर्वाचन सूत्र, मतपत्रको संरचना अर्थात् ढाँचा निर्धारण र निर्वाचन क्षेत्रको व्यापकता (Electoral Magnitude) लाई निर्वाचन प्रणालीका मुख्य तत्व भनिन्छ ।

निर्वाचन प्रणालीको मूल उद्देश्य निर्वाचनको माध्यमबाट व्यक्ति वा दललाई छनोट गर्नु हो । कुनै एक प्रकारको निर्वाचन प्रणाली अबलम्बन गर्दा कुनै व्यक्ति वा दलको प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ भने अर्को निर्वाचन प्रणाली अपनाउँदा त्यस्तो नतिजा नआउन पनि सक्छ । तसर्थ निर्वाचन प्रणालीले मुख्य गरी प्रतिनिधि चयन गर्ने तरिका, निर्वाचन क्षेत्र र सङ्ख्या, मतदाताको उमेर आदिलाइ समेटेको हुन्छ । मूलुकको राजनीतिलाई कस्तो स्वरूपमा ढाल्ने भन्ने कुरा समेत यसले निर्धारण गर्दछ । समाज व्यवस्थापन र रूपान्तरण गर्ने महत्वपूर्ण अस्त्र समेत निर्वाचन प्रणाली हो । यसरी हेर्दा राजनीतिलाई सही बाटोमा ल्याउने सशक्त माध्यम निर्वाचन प्रणाली हो ।

निर्वाचन प्रणाली यस सम्बन्धी कानुन, कार्यविधिद्वारा व्यवस्थित गरिएको हुन्छ । यो मूलुकको समग्र समृद्धिको खाका पनि हो । कुन निर्वाचन प्रणाली अपनाउँदा मूलुक भोलि कहाँ पुग्छ भन्ने पूर्वआकलन पनि हो । संसारका सबैजसो मूलुकले राजनीतिक परिवर्तनको विशिष्ट अवस्थामा वा मूलुकले नयाँ ढङ्गले सम्बोधन गर्नु पर्ने भनी आत्मसात् गरेका खास खास मुद्दाको सम्बोधन गरी मूलुकलाई समृद्धितर्फ लैजान पुरानो निर्वाचन प्रणालीको सट्टा नयाँ निर्वाचन प्रणाली प्रयोग हुँदै आएको छ । प्रत्येक निर्वाचन प्रणालीका आ-आफ्नै विशेषता एवम् गुण र दोष छन् । यसमा हाम्रो देशमा विभिन्न समयमा प्रचलनमा रहेका प्रणालीको मात्र चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ ।

हाम्रो देशमा निर्वाचनको सुरुआत भएदेखि नै विभिन्न तहको निर्वाचनका लागि सामान्यतः पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै अपनाइँदै आइएको हो । नेपालमा वि.सं. २०१५ सालमा सम्पन्न पहिलो संसद्ीय आम निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको थियो । नेपालको संसद्ीय निर्वाचनको इतिहासमा यो निर्वाचन ऐतिहासिक निर्वाचन थियो ।

नेपालको संविधान, २०१९ मा भएको तेस्रो संशोधनपश्चात् सम्पन्न राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचनमा एकभन्दा बढी सदस्य निर्वाचित हुने जिल्लाका मतदातालाई उक्त जिल्लाबाट जति जना उम्मेदवार निर्वाचित हुने हो त्यति जना उम्मेदवारसम्मलाई मतदान

गर्न पाउने एकमुस्ट मत प्रणाली प्रयोगमा रहेको थियो । यस प्रणालीमा जिल्लाबाट निर्वाचित हुने सीट सङ्ख्या बमोजिम त्यति नै उम्मेदवारलाई मतदाताले मत दिन्थे र सीट सङ्ख्या बमोजिम सबैभन्दा बढी मत ल्याउने उम्मेदवार क्रमशः विजयी हुन्थे ।

त्यसै गरी  नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि २०४९ साल र २०५४ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचन अन्तर्गत गाउँ विकास समिति वा नगरपालिकाका वडा समितिमा निर्वाचित हुने वडा सदस्य मध्ये महिला वडा सदस्य बाहेकका तीनजना वडा सदस्य एकमुस्ट मत प्रणाली बमोजिम निर्वाचित हुन्थे । संसद्को माथिल्लो सदन राष्ट्रिय सभाका सदस्य ६० जना मध्ये निर्वाचित हुने ५० जना सदस्यहरू एकल सङ्क्रमणीय मत प्रणाली बमोजिम निर्वाचित हुन्थे । यसका अतिरिक्त विभिन्न तहमा मनोनीत सदस्यहरू पनि रहने व्यवस्था थियो ।

वि.सं. २०६२।६३ को जनआन्दोलनपछि समय समयमा उत्पन्न राजनीतिक द्वन्द्वको व्यवस्थापन गर्न र मूलुकको सामाजिक विविधतालाई सम्बोधन गर्न संविधान सभा सदस्यको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली (बढीमत/बहुमत प्रणाली परिवारको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधत्व प्रणाली अन्तर्गतको सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली) प्रयोगमा ल्याइयो । हामीले अपनाएको निर्वाचन प्रणाली मिश्रित निर्वाचन प्रणाली अन्तर्गतको समानान्तर प्रणाली हो । यसमा दुवै प्रणालीबाट प्राप्त नतिजा एक अर्काबाट प्रभावित हुँदैनन् । अर्थात्, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा प्राप्त मत र सीट तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा प्राप्त मत वा सीट बिच कुनै सम्बन्ध रहँदैन । तसर्थ यसलाई समानान्तर प्रणाली भनिएको हो । नेपालको संविधानले संघीय संसद्को प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्यको निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली नै प्रयोग गर्ने व्यवस्था गरेको छ । यसका अतिरिक्त विभिन्न तहमा मनोनयनको समेत व्यवस्था छ ।

### ४.१३.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

यो निर्वाचन प्रणाली बढीमत/बहुमत प्रणाली परिवारभित्र पर्ने निर्वाचन प्रणाली हो । यो सर्वप्राचीन र तुलनात्मक रूपमा सबैभन्दा सरल प्रणाली पनि हो । यसमा कुल खसेको सदर मत मध्ये सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ । एक सदस्यीय निर्वाचन क्षेत्र हुन्छ । राजनीतिक दलका तर्फबाट वा स्वतन्त्र रूपमा उम्मेदवारी दिन पाइन्छ । फलतः यसमा मतदातालाई राजनीतिक दलका वा स्वतन्त्र उम्मेदवारलाई मत दिन पाउने अवसर हुन्छ । यही कारण राजनीतिक दलहरू विविधतामा आधारित, लोकप्रिय र योग्य व्यक्तिलाई उम्मेदवार दिन उत्प्रेरित हुन्छन । निर्वाचित प्रतिनिधिहरूमा भौगोलिक जवाफदेहिता रहन्छ । मतदाता र

उम्मेदवार वा जनप्रतिनिधि बिच प्रत्यक्ष सम्पर्क, सम्बन्ध र आत्मियता रहन्छ । जनप्रिय व्यक्तिहरू मात्रै विजयी हुन्छन् । यसले अतिवादीहरूको प्रतिनिधित्वलाई रोक्छ । निर्वाचन व्यवस्थापन गर्न सजिलो हुन्छ । एकमना सरकारको गठनलाई बढी संभव बनाउँछ र सशक्त प्रतिपक्षी रहन्छ ।

यो प्रणालीका केही सीमाहरू छन् । यसले साना दलको प्रतिनिधित्वलाई निरुत्साहित गर्छ र त्यस्ता राजनीतिक दलहरू खुम्चिदै जान्छन् । राजनीतिक दलहरूले प्राप्त गरेको मत र ती दलले प्राप्त गर्ने स्थान बिच सन्तुलन हुँदैन । थोरै मतको अन्तरमा हारजीत हुने अवस्थामा धेरै मत खेर जान्छ । अल्पमतले बहुमतलाई शासन गर्ने अवस्था आउँछ । समानुपातिक प्रतिनिधित्व हुँदैन । महिला र पिछडिएको वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्दैन । नेपाल, भारत, बंगलादेश, बर्मा, मलेशिया, बेलायत र यसको प्रभावमा रहेका विभिन्न मूलुकहरूमा यो प्रणाली प्रयोगमा छ ।

### ४.१३.२ समानुपातिक प्रतिनिधित्व प्रणाली

राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा सीटहरूको समानुपातिक बाँडफाँट गरिने प्रणाली समानुपातिक प्रतिनिधित्व प्रणाली हो । यो प्रणालीका लागि बहुसदस्यीय निर्वाचन क्षेत्र अनिवार्य हुन्छ । निर्वाचन क्षेत्रको निर्धारणमा भने सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्रको रूपमा कायम गर्ने वा प्रान्तीय रूपमा क्षेत्र कायम गर्ने प्रचलन छ । जस्तै हाम्रो मूलुकमा संघीय संसद्को प्रतिनिधि सभाको गठनका लागि सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्र मानिएको छ भने प्रदेश सभाको गठनका लागि सम्बन्धित प्रदेशलाई एक निर्वाचन क्षेत्र मानिएको छ । यस्तै इजरायल र नेदरलेण्डमा सम्पूर्ण मूलुकलाई नै एक क्षेत्रको रूपमा लिइएको छ भने अर्जेण्टिना, पोर्चुगलमा एक प्रान्तलाई एक क्षेत्रको रूपमा लिइएको छ । कतिपय देशमा प्रतिनिधित्वको लागि मतको न्यूनतम सीमा (Threshold) निर्धारण गरिएको हुन्छ । यो प्रणालीबाट विभिन्न जात, जाति, वर्ग, समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न सकिन्छ । राजनीतिक दलले निर्वाचनबाट पाएको मतको अनुपातमा सीट प्राप्त गर्छन् । यो प्रणाली अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रणाली र एकल सङ्क्रमणीय मत प्रणाली गरी दुई प्रणाली पर्दछन् । हाम्रो देशमा सूचीमा आधारित समानुपातिक प्रणाली अपनाइएको छ ।

### ४.१३.३ विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली

राज्यबाट प्रदान गरिने सार्वजनिक सेवाको संस्थागत विकासमा रोमन र ग्रीक सभ्यता निकै समृद्ध मानिन्छन् । तर ईशापूर्व चौथो र पाँचौं शताब्दीसम्म पनि सार्वजनिक सेवा प्रदायक निकायमा रहने व्यक्तिको मुख्य योग्यता वा मापदण्डमध्ये ऊसँग रहेको सम्पत्ति पनि एक हुन्थ्यो । पाँचौ शताब्दीपछि भने सार्वजनिक कार्यालयमा रहन चाहिने योग्यता वा मापदण्डबाट सम्पत्तिको मापदण्डलाई हटाइयो । यसपछि बल्ल

प्रत्येक एथेनेली नागरिकले व्यक्तिगत रूपमा छलफलमा भाग लिने, प्रशासनमा भाग लिने एवम् कानुन र नीतिका सम्बन्धमा निर्वाचनमा मतदान गर्ने समान अधिकार पाएका थिए । यो विश्वकै निर्वाचन प्रणालीको प्राचीन स्वरूप थियो भन्न सकिन्छ ।

विश्वमा खास गरी चार किसिमका निर्वाचन प्रणाली प्रचलनमा रहेको पाइन्छ। निर्वाचन प्रणाली कति प्रकारका छन् भन्ने सम्बन्धमा अध्येताहरू बिच मतैक्यता छैन । कतिपयले दुई प्रकारको हुन्छन् भनेका छन् भने कतिपयले तीन प्रकारको हुन्छन् भनेका छन् । 'निर्वाचन प्रणालीको प्रारूप अन्तर्राष्ट्रिय आइडिइए (International IDEA) को नयाँ हाते पुस्तक' मा बढी मत/बहुमत प्रणाली, मिश्रित प्रणाली, समानुपातिक प्रतिनिधित्व प्रणाली र अन्य गरी चार प्रणाली परिवार र यस अन्तर्गत कुल १२ परिवार रहेको उल्लेख गरिएको छ । यस सन्दर्भमा  लेखकले विश्वका २१९ मूलुकमा प्रचलनमा रहेका निर्वाचन प्रणाली बारे लगातार २० वर्षसम्म गरेको अध्ययनपश्चात् बढी मत/बहुमत प्रणाली (Plurality/Majority System), समानुपातिक प्रतिनिधित्वको प्रणाली (Proportional Representation System), अर्ध समानुपातिक प्रतिनिधित्वको प्रणाली (Semi-Proportional Representation System) र गैर समानुपातिक बहुसीट प्रणाली (Non-Proportional Multiseat System)[१३७] गरी चार प्रकारका निर्वाचन प्रणाली रहेको र त्यसको अन्य १२ परिवार रहेको पाएको छ ।

जुनसुकै निर्वाचन प्रणाली अपनाइए पनि त्यस्तो प्रणालीले मूलुकमा प्रतिनिधित्वका बारे कुनै द्वन्द्व रहेको भए त्यसको व्यवस्थापन गर्न सक्ने हुनुपर्छ, दिगो प्रजातन्त्रको जग बसाल्न सक्ने हुनु पर्छ, राजनीतिक परिवर्तनलाई संस्थागत गरी गति दिन सक्नु पर्छ र मूलुकका विभिन्न क्षेत्रमा रहेको विविधतालाई सम्वोधन गरी समोवेशितालाई व्यवस्थित गर्न सक्नुपर्छ । तर निर्वाचन प्रणाली मात्र समस्याको सबै समाधान होइन । निर्वाचनको समग्र व्यवस्थापनमा निर्वाचनको सञ्चालन र व्यवस्थापन कसले गर्छ ? निर्वाचनमा मतदान गर्ने मतदाताको नामावली कसरी तयार गरिएको छ ? सबै योग्य नागरिकको नाम मतदाता सूचीमा दर्ता छ छैन ? मतदान केन्द्र सामान्यतः सबैलाई पायक पर्ने र सुरक्षित स्थानमा व्यवस्था गरिएका छन् कि छैनन् ? कुनै खास खास दल वा पक्षलाई मात्र लाभ वा हानी हुने गरी निर्वाचन सञ्चालन गरियो कि ? दलहरूको भूमिका सन्तुलित र मर्यादित छ कि छैन ? निर्वाचन आचार संहिता र निर्वाचन कानुनको पूर्ण पालना भयो कि भएन ? जस्ता कुराले ठूलो अर्थ राख्छन् ।

***

---

[१३७] ज्ञवाली, डा.चन्द्र कान्त संघीय शासन प्रणाली, निर्वाचन प्रणाली र राज्यको पुनर्संरचना, पैरवी प्रकाशन प्रथम संस्करण, २०६४, ज्ञवाली, डा.चन्द्र कान्त निर्वाचन प्रणाली र मतदान प्रक्रिया सम्बन्धी अध्ययन प्रतिवेदन, २०६८/२०१२, निर्वाचन आयोग, काठमाडौँ ।

परिच्छेद पाँच

# स्थानीय निकाय निर्वाचन

(वि.सं. २००४-२०६२)

परिच्छेद पाँच

# स्थानीय निकाय निर्वाचन

(वि.सं. २००४-२०६२)

## ५.१ काठमाडौं म्यूनिसिपलिटी निर्वाचन (वि.सं. २००४)

### ५.१.१ परिवेश

नेपालमा निर्वाचन प्रक्रियाको आरम्भ सर्वप्रथम स्थानीय निकायकै निर्वाचनबाट भएको थियो । २००४।०२।०३ मा श्री ३ को घोषणाबाट मूलुकभरमा निर्वाचित नगरपालिका खडा गर्ने र त्यसमा मतदानबाट प्रतिनिधि छान्ने, प्रतिनिधि छान्दा सोच विचारपूर्वक असल, अनुभवी र लायक प्रतिनिधि छानी मूलुकको उत्थानमा सहयोगी हुन आवश्यक छ भनिएको थियो ।[१३८] २००४।०२।२९ का दिन सर्वप्रथम काठमाडौँका शहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैँ छान्नका लागि मताधिकारको प्रयोग गरी प्रतिनिधि छानेका थिए ।[१३९] काठमाडौँमा मात्र निर्वाचित म्यूनिसिपलिटी खडा भएको थियो ।[१४०] नेपालको निर्वाचन इतिहासलाई केलाउँदा यस निर्वाचनलाई हालसम्मकै पहिलो र ऐतिहासिक निर्वाचनका रूपमा हामी पाउन सक्छौँ ।

वि.सं. १९७६।९।२ गते राणा प्रधानमन्त्री चन्द्र शमसेरले उच्च वर्गीय व्यक्तिहरू हिँड्ने बाटो सफाइ गर्न “सफाइ अड्डा” काठमाडौँमा स्थापना गरेका थिए भने १९८७ सालमा काठमाडौं उपत्यकाका नौ स्थानमा पञ्चायतको स्थापना गर्ने र ती पञ्चायतहरूमा जनताबाट सात जना र सरकारबाट एकजना गरी आठ जनाको एक पञ्चायत समितिको स्थापना गर्ने भनिए पनि जनताको मताधिकार प्रयोग गरी निर्वाचन गर्ने प्रक्रियालाई अपनाइएको थिएन । २००३ सालसम्म सफाइ अड्डाकै नाममा कार्य भइरहेकोमा २००३।११।२ मा राणा प्रधानमन्त्री पद्म शमसेरले दरबारमा केही मानिसहरू बोलाई शासन सुधारका नाममा “म्युनिसिपालिटी” स्थापना गर्ने घोषणा गरेपछि “सफाइ अड्डा” को संस्थागत स्वरूप परिवर्तन भएको थियो ।

---

१३८ म्यूनिसिपलिटी निर्वाचन, संपादकीय, गोरखापत्र, २७ जेठ २००४ ।

१३९ सरकारी सूचना, म्यूनिसिपलिटी गोश्वारा, गोरखापत्र, ३१ जेठ २००४ ।

१४० गोरखापत्र, ३१, जेठ २००४ ।

### ५.१.२ क्षेत्र निर्धारण, वडा विभाजन र प्रतिनिधित्व

उत्तर महाराजगंज, दक्षिण वाग्मती, पूर्व धोबी खोला र पश्चिम विष्णुमति गरी यी चार किल्लाभित्र क्षेत्र कायम गरी काठमाडौँ म्यूनिसिपलिटी रहने व्यवस्था थियो ।[१४१] चार किल्लाभित्रको क्षेत्रलाई विभाजित गरी २१ वडा कायम गरिएको थियो भने प्रत्येक वडाबाट एक एक जना सदस्य छान्नुपर्ने गरिएको थियो ।[१४२]

### ५.१.३ मताधिकार र मतदाता नामावली

२१ वर्ष नाघिसकेको लोग्ने मानिसहरूले मात्र भोट हाल्न पाउने गरिएको थियो ।[१४३] उक्त निर्वाचनमा महिलाहरूले पनि भोट हाल्न पाउनुपर्छ भनी श्री ३ पद्म शम्शेर समक्ष माग राखे पनि महिलाहरू मताधिकारबाट वञ्चित हुन पुगेका थिए ।[१४४]

प्रत्येक वडामा बसोबास गरिआएका २१ वर्ष उमेर पुगेका पुरुषहरूको नाम समावेश गरी मतदाता नामावली तयार गरिएको थियो । जम्मा घरको सङ्ख्या १३५५३ मा मतदाता सङ्ख्या ६८११८ रहेकोमा ११ नं. वडामा घरको सङ्ख्या ९३६ र मतदाता ६६०३ भई सबैभन्दा बढी यसै वडामा थिए भने ओडा ब्लक १८ मा घर सङ्ख्या २०९ र ४४२ जना (भोटर) भई जनको सङ्ख्या कम थियो ।[१४५]

### ५.१.४ उम्मेदवारको योग्यता, मतदान केन्द्र र मत पेटिका

यस निर्वाचनमा सरकारी तिरो तिर्न बुझाउन बाँकी नभएका २५ वर्ष पुगिसकेका पुरुष मात्र उम्मेदवार बन्न सक्ने व्यवस्था थियो[१४६] भने सरकारी जागिरदारहरूलाई उम्मेदवार बन्न नरोकिएकाले केही वडाबाट सरकारी जागिरदारहरू पनि उम्मेदवार बनी निर्वाचित पनि भएका थिए । पछि २००५ सालमा यस नियमलाई रोक लगाइएको थियो ।[१४७]

२१ ब्लक (वडा) हरू मध्ये ५, ९, १०, ११ मा एक/एक उम्मेदवारहरू मात्र खडा भएकोले भोट खसाल्ने ढ्वाङ (मत पेटिका) नराखिएको र एकभन्दा बढी उम्मेदवार खडा भएका ब्लकहरूमा मतदाता र भौगोलिकताका आधारमा एकभन्दा बढी

---

१४१ इस्तिहार, गोरखापत्र, २४ जेठ २००४ ।

१४२ ऐजन ।

१४३ ऐजन ।

१४४ प्रधान, भूवनलाल, नेपालको जनक्रान्ति, २००७, प्रथम संस्करण, काठमाडौं, २०४७, पृ. २५३-५४ ।

१४५ गोरखापत्र, २४ जेठ २००४ ।

१४६ उही ४ ।

१४७ उही ७, पृ. २, ५, ७ ।

ढ्वाङहरू राखी जम्मा २२ ठाउँमा मतदान केन्द्रहरू थिए । उक्त मतदान केन्द्रहरूमा प्रत्येक उम्मेदवारको अलग-अलग ढ्वाङहरू राखिएको थियो ।[१४८]

### ५.१.५ कर्मचारीहरूको रेखदेख र निर्देशन

उक्त निर्वाचनमा तिमीहरूको मद्दतको निमित्त खटिएका कर्मचारीहरूको रेखदेखमा नगरपालिकाको काम गर्न सक्ने तिमीहरूको प्रतीतको असल, लायक, अनुभवी प्रतिनिधि छानी पठाउने काम गर भनी निर्देशन दिइएको थियो ।[१४९] १५ नं. वडाबाट उम्मेदवार बनेका प्रो. यदुनाथ खनाललाई ११ नं. वडाको निर्वाचनको रेखदेख गर्ने जिम्मेवारी दिइएको थियो ।[१५०] पछि उनी १५ नं. वडाबाट विजयी पनि भएका थिए ।

### ५.१.६ मतदान समय, मतपत्र र मतदान

मतदान गर्ने समय दिनको ११.०० बजेदेखि ३.०० बजेसम्म गर्ने मुकरर भएको थियो[१५१] भने निर्वाचनकै अघिल्लो दिन नै भोलिपल्ट खसालिने मतपत्र परिवारका पुरुष मतदाताको सङ्ख्या  अनुसार घरघरमै दिन ल्याएको थियो । प्रत्येक उम्मेदवारको अलग-अलग रङका छुट्टाछुट्टै ढ्वाङहरू भएकाले मनपरेका उम्मेदवारको रङको ढ्वाङमा मतदान गर्नु पर्दथ्यो भने मत पेटिका खुला ठाउँमा राखिएको हुनाले कसले कुन मत पेटिकामा मतपत्र खसाल्यो भन्ने कुरा वरपर उभिएका मानिसहरूले छर्लङ्ग देख्दथे ।[१५२]

### ५.१.७ मताधिकारको प्रयोग

उक्त निर्वाचनमा अत्यन्त उत्साहका साथ मतदाताले भाग लिई ६० देखि ६५ प्रतिशतसम्म मत खसेको अनुमान गरिएको थियो भने २१ वडाबाट भूवनलाल प्रधान निर्विरोध निर्वाचित भई पहिलो निर्विरोध निर्वाचित जनप्रतिनिधि बनेका थिए ।[१५३]

### ५.१.८ नगरपालिका बोर्ड

२१ वडाबाट निर्वाचित २१ सदस्यमा सरकारले दस जना मनोनीत गर्ने व्यवस्था

---

१४८ सरकारी सूचना, नगरपालिका गोश्वारा, गोरखापत्र २९ जेठ २००४ ।

१४९ उही ४ ।

१५० उही ८ ।

१५१ उही ४ ।

१५२ उही ७ ।

१५३ उही ७ ।

अनुसार ३१ जनाको नगरपालिका बोर्ड गठन गरिएको थियो ।[१५४]

### ५.१.९ सभापति उपसभापति चयन

नगरपालिकाका ३१ जना सदस्यहरू मध्ये मनोनीत सदस्यबाट सभापति र निर्वाचित सदस्य मध्येबाट उपसभापति छनोट गर्ने नियम अनुसार मनोनीत सदस्य गेहेन्द्र शम्शेर थापा सभापति र निर्वाचित सदस्यहरूबाट शंकरदेव पन्त उपसभापति छानिएका थिए ।[१५५]

### ५.१.१० पदावधि

वडा सदस्यहरू मध्ये तीन खण्ड सदस्यहरूले गोला प्रथाद्वारा प्रत्येक वर्ष पदत्याग गर्नुपर्ने नियमानुसार सर्वप्रथम बहालवाला कर्मचारीहरूकै सदस्यता खारेज गर्ने नीति कायम भएको थियो । यसरी यी प्रतिनिधिहरू २००७ फागुनसम्म कार्यरत थिए ।[१५६]

### ५.१.११ मतभेद र राजीनामा

निर्वाचित र मनोनीत सदस्यहरू बिच कार्यशैलीमा तादात्म्यता नहुँदा २१ जना मध्ये १६ निर्वाचित सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिए । राजीनामा दिएर रिक्त स्थानमा उपचुनाव गराउने योजना भए पनि वडामा उम्मेदवार नै तयार नहुँदा सो कार्य त्यति सफल हुन सकेन, तापनि केही वडाहरूबाट निर्वाचित र मनोनीत गरी १५ जना पदाधिकारीहरू २००७ सालको क्रान्तिसम्म नगरपालिकामा कार्यरत रहेका थिए ।[१५७]

### ५.१.१२ भक्तपुर र ललितपुरमा निर्वाचन

यसरी नै भक्तपुर र ललितपुर नगरपालिकाको निर्वाचन पनि २००४ सालमै सम्पन्न भएका थिए । निर्वाचित सदस्य सङ्ख्या क्रमशः १० र १२ थिए भने मनोनीत सदस्य सङ्ख्या चार जना थियो ।[१५८]

---

१५४ भट्टराई, चन्द्रमणि, राणाकालीन जग : लोकतान्त्रिक गणतन्त्रमा महानगर, संभावना र चुनौती, स्मारिका २०६९, काठमाडौं महानगरपालिका, पृ. २७ ।

१५५ मिश्र, डिल्लीराम, नेपालको प्रजातान्त्रिक विकासक्रम र काठमाडौँ उपत्यकाको निर्वाचन, प्रथम संस्करण, काठमाडौं, २०६०, पृ. ११० ।

१५६ उही ७, पृ. २५६-५७ ।

१५७ उही १८ ।

१५८ उही ७, पृ. २५७ ।

## ५.२ काठमाडौँ नगरपालिका निर्वाचन (वि.सं. २०१०)

वि.सं. २००७ सालपछि स्थानीय शासनलाई बढी जनमुखी बनाउन नगरपालिका कानुन निर्माण गरिएको थियो । यसै कानुनको आधारमा वि.सं. २०१० साल भाद्र महिनाको १७ गते काठमाडौँ नगरपालिकाको निर्वाचन सम्पन्न भएको थियो ।[१५९]

### ५.२.१ वडा विभाजन र नगरपालिका नामकरण

काठमाडौँ नगरपालिकामा कायम रहेका २१ वडाबाट घटाएर १८ वडा (नाम परिवर्तन) गरी काठमाडौँ नगरपालिका यसै समयमा बनाइएको थियो ।[१६०]

### ५.२.२ चुनाव पद्धति र वाइलेट पेपर

२१ वर्ष उमेर पुगेका बालिगहरूबाट प्रत्यक्ष गुप्त मतदानद्वारा निर्वाचन गरी यसै चुनावबाट महिलाहरूले पनि मताधिकार प्राप्त गरी उम्मेदवार समेत बन्ने अवसर पाएका थिए । मतदान गर्ने ठाउँमा उम्मेदवारहरूको नाम टाँसिएको विभिन्न रङका बाकसहरू राखिएको ठाउँ गुप्त तरिकाले राखिएको, मतदाताहरूलाई एक/एक जनाका हिसाबले वार्ड नं. समेत भएको वाइलेट पेपर दिने लगायतका व्यवस्था गरिएको थियो भने घर ब्लक नं.का जनताले सम्बन्धित ढ्वाङमा मत खसाल्नुपर्ने गरिएको र जसको भोट बढी हुन्छ त्यही चुनिने बहुमतीय चुनाव पद्धति अपनाइएको थियो ।[१६१]

### ५.२.३ चुनाव चिह्न

निर्वाचनमा उम्मेदवार हुने प्रत्येक उम्मेदवारले आफूलाई मन परेको चुनाव चिह्न रोजी सम्बन्धित निकायमा चुनावअघि नै दिने व्यवस्था गरिएको थियो । चुनाव चिह्न एकै पर्न गएमा आपसी समझदारीबाट अलग-अलग गराइन्थ्यो ।[१६२] उम्मेदवारले आफ्नो परिचयको साथै बाकसमा पनि राख्न पाउने भएकाले मतदाताले कुन उम्मेदवारको कुन बाकस हो भनी थाहा पाउँथे ।[१६३]

---

१५९ उही १८, पृ. ११७ ।

१६० उही १७ ।

१६१ नेपाली, डिल्ली व. नगरपालिका निर्वाचन, गोरखापत्र २६ भाद्र २०१० ।

१६२ उही १८ ।

१६३ उही २४ ।

### ५.२.४ मतदाता र उम्मेदवारहरू

त्यस निर्वाचनमा कुल ५६ हजार मतदाता रहेका थिए भने पाँचवटा पार्टीहरूबाट खडा गरिएका उम्मेदवारहरू र स्वतन्त्र रूपमा दिएका उम्मेदवारहरू सहित १८ पदका लागि ७३ जना उम्मेदवारले आ-आफ्नो उम्मेदवारी दिएका थिए ।[१६४] चुनाव हुनुअघि हरेक वार्डमा भोटरहरूको नामावली लेखिएको फिरिस्त राखिएको थियो । बहुला र मगज बिग्रेको, कुनै सरकारी कामद्वारा अपराधी ठहराएको  बाहेक २१ वर्ष पुगेका नागरिकहरू मतदाता हुने व्यवस्था थियो भने सरकारी जागिरदार नभएको २५ वर्ष उमेर पुगेको व्यक्ति आफ्नो वार्ड क्षेत्रमा उम्मेदवार हुन सक्तथ्यो । उम्मेदवारी निवेदनपत्रमा कमसेकम १५ जवान निर्वाचकको दस्तखत भएको हुनु पर्दथ्यो ।[१६५] सो निर्वाचनमा १३ जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएका थिए भने सात नं. वडाबाट नौ जनासम्मको उम्मेदवारी परेको थियो ।[१६६]

### ५.२.५ धरौटी

प्रत्येक उम्मेदवारले रु.५०।- धरौटी उम्मेदवारीसाथ राख्ने व्यवस्था थियो । आफ्नो वडाको निर्वाचनमा जम्मा मतको ८ खण्डको १ खण्ड मत पाउन नसकेका उम्मेदवारहरूले राखेको धरौटी जफत गरी नगरपालिकाको आम्दानीमा बाँध्नुपर्ने व्यवस्था नगरपालिका निर्वाचनको नियमको दफा १६ मा गरिएकोमा विभिन्न २६ जना उम्मेदवारको धरौटी जफत भएको थियो ।[१६७]

### ५.२.६ मतदान केन्द्र

काठमाडौँ नगरपालिकामा १७ वडाका विभिन्न स्थानहरूमा ५६ मतदान केन्द्र कायम गरी मतदाताहरूलाई मतदान गर्नलाई धेरै समयसम्म कुर्न नपर्ने यथासम्भव व्यवस्था गरिएको थियो । १५ नं. वडामा एक जनाको मात्र उम्मेदवारी परेकाले मतदान गर्नुपरेको थिएन ।[१६८] कम्तीमा दुईवटा मतदान केन्द्र एक वडामा राखिएको थियो भने बढीमा तीन वटा मतदान केन्द्रहरू पनि थिए ।[१६९]

---

१६४ उही १८, पृ. ११४-११५ ।

१६५ उही २४ ।

१६६ गोरखापत्र, १० भाद्र २०१० ।

१६७ डिपुटी सेक्रेटरी गेहेन्द्र बहादुर राजभण्डारी एम.ए. इलेक्सन अफिसर, गोरखापत्र, २४ भाद्र २०१० ।

१६८ गोरखापत्र, १७ भाद्र २०१० ।

१६९ गोरखापत्र, १० भाद्र २०१० ।

### ५.२.७ कर्मचारी खटन, निर्देशन र मतदान प्रक्रिया

प्रत्येक पोलिङ बुथमा रहने अफिसरहरू र आवश्यक सहयोगी समेत खटाइएको थियो । निज खटिएका अफिसरहरूले बुथमा आधा घण्टा अगावै पुग्नु पर्ने, वाइलेट बाकस राख्ने कोठा जाँच गरी सुरक्षित राख्ने व्यवस्था गर्नुपर्ने, बुथ एरियाभित्र र वरिपरि ५० गजसम्मको एरियामा प्रचार गर्न नदिने, पोलिङ एजेन्टहरू समेत राखी बाकसमा ताल्चा साँचो पनि खामबन्दी गरी सिल गरी बोटिङ सुरु गर्नुपर्ने, मतदाताको नामनामेसी र उमेर रुजु गरी मतदान गर्न दिने, मतदाताले मतपत्र लिई खसाल्दा आधा मिनेटभन्दा बढी लगाएमा शंका लागे जाँच्ने, बोटिङको काम साँझ ६ बजेसम्म सिध्याउनु पर्ने तर लाइनमा बसेकालाई त्यसपछि पनि दिनुपर्ने, मतदानपछि बाकसमा सिल गरी सही गर्नुपर्ने र चुनाव अफिसमा ल्याई काठमाडौँ नगरपालिका चुनाव अफिसबाट भरपाई लिनुपर्ने लगायतका कार्यहरू तोकिएको थियो ।[१७०]

### ५.२.८ बिदा

भाद्र १७ गते चुनाव हुने भएकाले काठमाडौँ इलाकाका अड्डाखानाहरूलाई उक्त एक दिन बिदा दिइएको थियो ।[१७१]

### ५.२.९ निर्वाचन परिणाम र पहिलो महिला जनप्रतिनिधि

काठमाडौँ नगरपालिकाको निर्वाचन सानन्द सम्पन्न भई १८ गते बिहानदेखि मत गणना सुरु भई १९ गते दिउँसो समाप्त भएको र उक्त निर्वाचनमा वडा नं. आठमा खसेको ४११३ मत मध्ये २४५५ मत[१७२] प्राप्त गरी श्री साधनादेवी नेपालको पहिलो महिला जनप्रतिनिधि चुनिएकी थिइन् ।[१७३] त्यस्तै वडा नं. १५ बाट घनानाथ उपाध्याय निर्विरोध निर्वाचित भएका थिए ।[१७४] पहिलो पटक महिलाहरूले पनि मताधिकार पाएकाले महिलाहरूले पनि प्रशस्त मात्रामा मतदान गरेका थिए ।[१७५] यस निर्वाचनमा ५३ प्रतिशत मतदाताले मतदान गरेको देखिएको थियो ।[१७६]

---

१७० स्था. स्वा. शा. मन्त्रालयको सूचना, गोरखापत्र, १० भाद्र २०१० ।

१७१ गोरखापत्र, १५ भाद्र २०१०

१७२ गोरखापत्र, २४ भाद्र २०१० ।

१७३ उही १८, पृ. ११६ ।

१७४ उही ३५ ।

१७५ गोरखापत्र, २२ भाद्र २०१० ।

१७६ गोरखापत्र, २४ भाद्र २०१० ।

निर्वाचन सम्बन्धी सरकारी व्यवस्थाको स्तुत्य नियमबाट "फलानाले फलानालाई मत दियो" भन्ने सुइँको समेत कसैले नपाउने भएकाले "मत नदिए हेर्लास्" भनी धम्की दिने खालका मानिससँग तर्सिनुपर्ने अवस्था पनि केही थिएन ।[१७७] २०१० भाद्रमा भएको नगरपालिकाको लागि यो दोस्रो निर्वाचन भए पनि सभापति समेत जनताबाटै छनोट गर्न पाउने व्यवस्था सहितको स्थानीय निर्वाचन यो पहिलो भएकाले स्थानीय स्वायत्तताका दृष्टिले यस निर्वाचनलाई पहिलो मान्न सकिन्छ ।[१७८] निर्वाचनको वैधतामा कसैले अलिकति पनि खोट लगाएन ।[१७९]

### ५.२.१० नगरपालिका बोर्ड र प्रमुख/उपप्रमुख निर्वाचन

निर्वाचित १८ र सरकारबाट चार मनोनीत गरी २२ जनाको नगरपालिका बोर्ड रहने र निर्वाचित सदस्यहरू मध्येबाट प्रमुख र उपप्रमुख चयन गर्नुपर्ने व्यवस्था अनुसार प्रमुखमा जनकमान श्रेष्ठ र उपप्रमुखमा प्रयागराज सिंह सुवाल गुप्त मतदानबाट चुनिएका थिए ।[१८०]

### ५.२.११ अन्य नगरपालिका निर्वाचन

२००९।५।२९ मा भएको ललितपुर नगरपालिकानिर्वाचनमा त्यस नगरपालिकामा जम्मा दस वडा रहेकोमा कुल १९ उम्मेदवारहरू खडा भएका थिए । २, ५, ७ र ८ नं.का वडामा एक/एक जना मात्र उम्मेदवार भएकाले निर्विरोध भएका थिए । वडा नं. १० मा १९ जनासम्म उम्मेदवारहरू थिए भने अन्य वडामा तीन जनासम्म प्रतिनिधि थिए ।[१८१] ५७.५ प्रतिशत मतदाताहरूले मतदान गरेका थिए । भोटिङ समय बिहान ८.०० बजेदेखि ५.०० सम्म तोकिएको थियो ।[१८२] सभापतिको निर्वाचनमा एकजना सदस्य अनुपस्थित हुँदा नौ जना सदस्य बिच निर्वाचन हुँदा पहिलो पल्ट तीन उम्मेदवारहरूले बहुमत ल्याउन नसकी दोस्रो पल्टकोमा दुई उम्मेदवार बिच पाँच-चार मत भई पाँच मत ल्याउने नरेन्द्रमान जोशी विजयी भएका थिए[१८३] भने उपसभापतिमा सुरेन्द्र शम्शेर निर्विरोध छानिएका थिए ।[१८४]

---

१७७ नगरपापलिका निर्वाचन, सम्पादकीय, गोरखापत्र, १५ भाद्र २०१० ।

१७८ उही १७ ।

१७९ उही ३५ ।

१८० गोरखापत्र, १९ असोज २०१० ।

१८१ गोरखापत्र, २६, ३१ भाद्र २००९ ।

१८२ गोरखापत्र, २८ भाद्र २००९ ।

१८३ गोरखापत्र, ५ असोज २०१० ।

१८४ गोरखापत्र, ६ असोज २०१० ।

यसैगरी भक्तपुर नगरपालिकाको चुनाव २००९।६।२६ मा गर्ने र उम्मेदवारहरूको नामदर्ता असोज १० सम्ममा हुने कार्यक्रम प्रकाशित गरिएको थियो । जम्मा वडा सङ्ख्या सात कायम गरी भएको निर्वाचनमा सात नं. वडाबाट १४ जना, २ र ६ मा ३/३ र ५ र ७ मा एक/एक जना उम्मेदवार थिए ।[१८५] उम्मेदवारले बुथपिच्छे दुई जनाको हिसाबले एजेन्ट पनि राख्न पाउने र बुथमा फस्ट वाच सेकेन्ड वाच भनी कर्मचारी खटाइएको थियो ।[१८६] यसैगरी विराटनगर, वीरगञ्ज नगरपालिकाको चुनाव २०१० सालमै सम्पन्न भएको थियो ।[१८७] नगरपालिकाको कार्य सञ्चालन सम्बन्धी तत्कालीन ऐन अनुसार सम्पूर्ण अधिकार केन्द्रीय सरकार, नेपाल सरकारमा निहित थियो ।[१८८]

## ५.३ नगरपालिकाको निर्वाचन (वि.सं. २०१४)

### ५.३.१ निर्वाचन कार्यक्रम

प्रत्येक ४ वर्षमा हुने नगरपालिका निर्वाचन २०१४ सालमा विभिन्न नगरपालिकाहरूमा सम्पन्न भएका थिए । काठमाडौँ नगरपालिका कार्यालयले २०१४।१०।७ गते काठमाडौँ नगरपालिकाको दोस्रो पटक स्थानीय निकाय निर्वाचन हुने कार्यक्रम सार्वजनिक गरेको थियो ।[१८९] यस पटक पनि १८ वडा नै कायम थिए र प्रत्येक वडामा एक/एक जना सदस्य चुनिनु पर्ने थियो ।

### ५.३.२ ट्रिबुनल गठन

२०१४।१०।७ मा हुने काठमाडौँ नगरपालिकाको निर्वाचनका लागि एक ट्रिबुनल गठन गरिएको र जसमा मजिष्ट्रेट काठमाडौँ मजिष्ट्रेट अफिस लगायत अन्य दुई सरकारी कर्मचारी रहेका थिए । यसै ट्रिबुनलले निर्वाचनको रेखदेख र सञ्चालन गर्ने जिम्मा पाएको थियो ।[१९०] निर्वाचन सम्पन्न गर्न नगरपालिकाका कर्मचारी, सरकारी कर्मचारी र पुलिसहरूबाट राम्रो व्यवस्था भएको थियो ।[१९१]

---

१८५ गोरखापत्र, २१ असोज २००९ ।

१८६ गोरखापत्र, २२ असोज २००९ ।

१८७ गोरखापत्र, २४ भाद्र २०१० ।

१८८ उही १८, पृ. १२७ ।

१८९ उही १८, पृ. १३१ ।

१९० गोरखापत्र, २५ पुष २०१४ ।

१९१ गोरखापत्र, ९ माघ २०१४ ।

### ५.३.३ उम्मेदवारी

काठमाडौँ नगरपालिकाको यस निर्वाचनमा नगरपालिकाका १८ वडाका वडा सदस्यहरूको लागि जम्मा ४९ जनाको उम्मेदवारी परेको थियो ।

### ५.३.४ महिला सहभागिता

विगत २०१० सालको नगरपालिका चुनावभन्दा यस पटक चुनावमा चाख लिएर भोट खसाल्ने आईमाईहरूको सङ्ख्या पनि धेरै नै देखिन्थ्यो । चुनावमा कतै कहीँ अड्को आइपरेन ।[१९२]

### ५.३.५ मताधिकारको प्रयोग

यस निर्वाचनमा ५०.१८ प्रतिशत मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गरेका थिए । जुन अघिल्लो निर्वाचनमा भन्दा ३.१८ प्रतिशत कम मतदान थियो ।[१९३]

### ५.३.६ सभापति र उपसभापतिको निर्वाचन

निर्वाचित नगरपालिकाका सदस्यहरू मध्येबाट नगरपालिका सभापति र उपसभापतिको गुप्त मतदानबाट चुनिने व्यवस्था अनुसार यस निर्वाचनमा काठमाडौँ नगरपालिका बोर्डमा काँग्रेस र कम्युनिष्टको गठबन्धन अनुरूप सभापति नेपाली काँग्रेसका प्रयोग राज सिंह सुवाल र उपसभापतिमा नपाल कम्युनिष्ट पार्टीका कृष्णलाल श्रेष्ठ चुनिएका थिए ।[१९४]

### ५.३.७ अन्य नगरपालिकाहरूको निर्वाचन

यसैगरी मूलुकभरका अन्य नगरपालिकाहरूमा पनि २०१४ सालमा निर्वाचन सम्पन्न गरिएको थियो । ललितपुर नगरपालिकाको चुनाव २०१४।१०।२ मा सम्पन्न गरिएको थियो । प्रत्येक वडाबाट एक/एक जना गरी दस वडाबाट दस जना सदस्य चुनिएका थिए ।[१९५] निर्वाचन हुने दिन दुई गते उक्त नगरक्षेत्रका सबै अड्डाखानाहरू र त्यस क्षेत्रमा बस्ने सरकारी कर्मचारीहरूलाई बिदा दिइएको थियो ।[१९६] यसै गरी वीरगञ्ज

---

१९२ ऐजन ।

१९३ उही १८, पृ. १३१ ।

१९४ उही ३६, पृ. १०७ ।

१९५ गोरखापत्र, ७ माघ २०१४ ।

१९६ गोरखापत्र, २ माघ २०१४ ।

ननगरपालिकाको निर्वाचन २०१४।११।३० मा[१९७], भद्रपुर नगरपालिकाको निर्वाचन २०१४ फागुनमा[१९८], तानसेन नगरपालिकाको निर्वाचन २०१४ श्रावणमा[१९९] र विराटनगर नगरपालिकाको चुनाव २०१४।८।११ मा[२००] भएको थियो ।

यसैगरी भक्तपुर नगरपालिकाको निर्वाचन २०१४।७।२३ मा सम्पन्न गर्न मेजिष्ट्रेड भक्तपुर सहितको तीन सदस्यीय एक ट्रिबुनल गठन गरी उक्त मितिमा निर्वाचन सम्पन्न गरिएको थियो ।[२०१] उक्त चुनावमा जम्मा १८८१७ मताधिकारीहरू मध्ये ११६८४ ले मतदान गरी जम्मा ६२.३ प्रतिशत मतदान भएको थियो ।[२०२]

## ५.४ गाउँ पञ्चायत निर्वाचन (वि.सं. २०१८-२०३१)

### ५.४.१ परिवेश

श्री ५ महेन्द्रबाट २०१७।९।१ मा बहुमत प्राप्त निर्वाचित सरकारलाई अपदस्थ गरी मूलुकभरको शासन भार आफ्नो हातमा लिन पुगेकाले स्थापित प्रजातन्त्र र निर्वाचन प्रक्रिया पूर्णतः अवरुद्ध हुन पुगेको थियो । २०१५ सालको संविधान नै निलम्बन गरिएको र अर्को संविधान जारी नभएको अवस्थामा गाउँ पञ्चायत ऐन २०१८[२०३] र गाउँ पञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू, २०१८ जारी गरी श्री ५ को निर्देशन र पञ्चायत विभाग समेतको रेखदेखमा २०१८ साल माघ महिनादेखि ग्राम पञ्चायत गठनको कार्य प्रारम्भ गरी त्यसै वर्षभित्र चार हजार गाउँ पञ्चायतहरू गठन गर्ने लक्ष्य राखी २०१८।११।७ गतेदेखि गाउँ पञ्चायतहरूको चुनाव गराउने घोषणा श्री ५ बाट भएको थियो ।[२०४]

---

१९७ गोरखापत्र, २२ प ागुन २०१४ ।

१९८ गोरखापत्र, १० वैशाख २०१४ ।

१९९ गोरखापत्र, १० भाद्र २०१४ ।

२०० गोरखापत्र, १४ असोज २०१४ ।

२०१ ऐजन ।

२०२ गोरखापत्र, ३ मंसिर २०१४ ।

२०३ नेपाल गजेट भाग २, खण्ड ११ अतिरिक्ताङ्क ३७, ११ माघ २०१८ ।

२०४ गोरखापत्र, १६ कार्तिक २०१८, १ पौष २०१९ ।

### ५.४.२ गाउँ सभाका सदस्यको योग्यता

गाउँ सभाको इलाकाभित्र वर्ष दिन बसेका वा निजी घर भएका २१ वर्ष पुगेका नेपाली नागरिकमा मगज बिग्रेका बाहेक सबै व्यक्ति सो गाउँ सभाको सदस्य हुन पाउने व्यवस्था थियो ।[२०५]

### ५.४.३ गाउँ पञ्चायत गठन र निर्वाचन

गाउँ सभाको इलाकाको जनसङ्ख्या लगभग २००० हुने र सो गाउँ सभाको सदस्यहरूले नौ जना सदस्य चुनी ती मध्ये एक प्रधानपञ्च र एक उपप्रधानपञ्च छानी सो कार्यकारिणी समिति गाउँ पञ्चायत मानिने थियो ।[२०६] गाउँ सभालाई नौ वडामा विभाजित गरी प्रत्येक वडाबाट एक जना निर्वाचित हुने व्यवस्था थियो ।[२०७]

### ५.४.४ गाउँ पञ्चायत सदस्यको निमित्त अयोग्यता

गाउँ सभा सदस्य नभएको, सरकारी कर्मचारी, गाउँ सभालाई तिर्नु र बुझाउनु पर्ने रकम बाँकी राखेको, गाउँ सभाको विरुद्धमा उठेको मुद्दाका विरुद्धमा पैरवी गर्ने, दामासाहीमा परेको, चुनाव सम्बन्धी अपराधमा सजाय पाएको, नैतिक पतन देखिई दोषी प्रमाणित भएको, असल चालचलन राख्नको निम्ति श्री ५ को सरकारमा जमानत दिइराखेको  लगायत गाउँ पञ्चायत सदस्यमा छानिन वा मनोनीत हुन अयोग्य हुने व्यवस्था गरिएको थियो ।[२०८]

निर्वाचन  बारे तालिम १४ अञ्चल पञ्चायतका अफिसरहरू र २७५ ब्लक पञ्चायत निरीक्षकहरूका लागि गाउँ पञ्चायतको निर्वाचनको तयारीको लागि छ हप्ते तालिम सञ्चालन गरिएको थियो ।[२०९]

### ५.४.५ निर्वाचन सञ्चालन

२०१८ सालमा भएको गाउँ पञ्चायत निर्वाचनका लागि सम्बन्धित जिल्ला मजिष्ट्रेट, बडा हाकिमलाई निर्वाचन सञ्चालन गर्ने गरी जिम्मेवारी दिइएको थियो ।[२१०]

---

२०५ गाउँ पञ्चायत ऐन, २०१८ दफा ५ ।

२०६ गाउँ पञ्चायत ऐन, २०१८ दफा १८ ।

२०७ गाउँ पञ्चायत (निर्वाचन  सम्बन्धी) नियमहरू २०१८ नियम १०(२) ।

२०८ गाउँ पञ्चायत ऐन, २०१८ दफा २० ।

२०९ गोरखापत्र, १८ माघ २०१८ ।

२१० गोरखापत्र, २२ चैत्र २०१८ ।

### ५.४.६ रिटर्निङ अफिसरको नियुक्ति

निर्वाचन गराउने स्थानीय हाकिमले रिटर्निङ अफिसरको नियुक्ति गर्ने र आवश्यकता अनुसार पोलिङ अफिसर नियुक्त पनि गर्नुका साथै रिटर्निङ अफिसरले स्थानीय हाकिमको नियन्त्रण, रेखदेख र निर्देशनमा रही चुनाव सम्बन्धी सबै काम गर्नुपर्ने थियो ।[२११]

### ५.४.७ खटिएका अफिसरले मतदान कार्यमा प्रभाव पार्न नहुने

स्थानीय हाकिम, रिटर्निङ अफिसर, पोलिङ अफिसर निर्वाचनको काममा खटिएका कुनै कर्मचारीले निर्वाचनको काम गर्दा आफूले मत दिने काम बाहेक कुनै उम्मेदवारलाई सफल वा असफल गराउने कुनै किसिमको काम गर्न हुँदैन[२१२] भन्ने समेत व्यवस्था थियो ।

### ५.४.८ नामनमेसी (नामनामेसी) को रजिष्ट्रर

स्थानीय हाकिमले सो गाउँ सभाको इलाकाभित्र बस्ने सबै व्यक्तिको गाउँ सभाको सदस्य हुन पाउने र नपाउने व्यक्तिहरू स्पष्ट छुट्टिने गरी रजिष्ट्ररमा नामनमेसी लेखिने र प्रत्येक सालमा थपघट गरी दुरुस्त राख्नुपर्ने[२१३] व्यवस्था थियो ।

### ५.४.९ मतदाता नामावली

प्रत्येक गाउँ सभाको इलाकालाई नौ वडामा विभाजित गरी रिटर्निङ अफिसरले त्यस्तो वडाको मतदाता नामावली (यसपछि नामावली भनिएको) को छुट्टाछुट्टै लगत तयार पारी सबैले देख्ने गरी सम्बन्धित वडामा टाँस्नुपर्ने र दोहोरो पारी अर्को वडाको नामावलीमा दर्ता गर्न नहुने व्यवस्था थियो भने उक्त नामावलीमा मतदाताको नाम, थर, वतन र बाबु वा पतिको नाम पनि लेख्नुपर्ने व्यवस्था थियो । [२१४]

### ५.४.१० छुट नामावली दर्ता र अन्तिम प्रकाशन

नामावलीमा नाम छुटेकोमा दर्ता गराउन, नाम कटाउन वा सच्याई नाम टाँस भएको मितिले १ दिनभित्र दिने कुराको सूचना ठाउँ-ठाउँमा टाँसी सो कुराको झ्याली वा

---

२११ गाउँ पञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू २०१८ नियम ४ ।

२१२ गाउँ पञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू २०१८ नियम २८ ।

२१३ गाउँ पञ्चायत ऐन, २०१८ दफा ७ ।

२१४ गाउँ पञ्चायत (निर्वाचन सम्बन्धी) नियमहरू २०१८ नियम ५ ।

ढोल पिटाइ गर्नुपर्ने[२१५] व्यवस्था गरिएको थियो भने स्थानीय हाकिमले जाँचबुझ गरी सच्याउन रिटर्निङ अफिसरलाई आदेश दिन सक्ने[२१६] र सच्याई टाँस भएको वा पहिले प्रकाशित नामावली नै अन्तिम नामावली ठहरिने[२१७] व्यवस्था थियो ।

### ५.४.११ मतदाता सङ्ख्या अनुमान

मूलुकभरका विभिन्न गाउँ पञ्चायतहरूको निर्वाचनमा ४८ लाख जनताले मत दिने अनुमान थियो ।[२१८]

### ५.४.१२ चुनाव खर्च अनुमान

उक्त चुनाव गराउन चार लाख रूपैयाँ लाग्ने अनुमान गरिएको थियो ।[२१९]

### ५.४.१३ लक्ष्य

२०१९ साल जेठ महिनाको पहिलो सातासम्ममा अधिराज्यभर ४२०० गाउँ पञ्चायतहरूको चुनाव सम्पन्न गर्ने लक्ष्य थियो ।[२२०]

### ५.४.१४ पदावधि

गाउँ पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्चको पदावधि दुई वर्षको हुने र प्रधानपञ्चले गोला प्रथाद्वारा प्रथम पटक निर्वाचित सदस्यहरू मध्येको एक तिहाइ सदस्यहरूको क्रमशः छ, चार, दुई वर्ष रहने भन्ने निर्णय गरी पदावधि कायम गर्ने[२२१] व्यवस्था थियो । पदावधि शपथ लिएको मितिबाट सुरु हुने थियो ।[२२२]

---

२१५ गाउँ पञ्चायत नियमहरू २०१८ नियम ६ ।

२१६ गाउँ पञ्चायत नियमहरू २०१८ नियम ८ ।

२१७ गाउँ पञ्चायत नियमहरू २०१८ नियम ९ ।

२१८ गोरखापत्र, ११ फागुन २०१८ ।

२१९ ऐजन ।

२२० ऐजन ।

२२१ गाउा पञ्चायत ऐन, २०१८ दफा १८, ३, ५ ।

२२२ गाउा पञ्चायत ऐन, २०१८ दफा १८(१२) ।

### ५.४.१५ उम्मेदवारी दरखास्त

अन्तिम नामावली प्रकाशन भएको भोलिपल्ट रिटर्निङ अफिसरले उम्मेदवारीको लागि दरखास्त दिन मिति, समय र स्थान तोकी ठाउँ-ठाउँमा टाँसी सो कुराको ढोल पिटाई जनाउ दिनुपर्ने[२२३] र एक वडाबाट एक जना निर्वाचित हुने गरिएको थियो ।

### ५.४.१६ उम्मेदवारी दरखास्त जाँच र नाम फिर्ता

रिटर्निङ अफिसरले उम्मेदवारी दरखास्त जाँच्ने मिति, समय र स्थान तोकी जाँची निर्वाचनमा खडा हुन बाधा नदेखिएमा खडा हुन अनुमति दिनुपर्ने र बाधा देखिए त्यसको सूचना दिनुपर्ने[२२४] तथा उम्मेदवारले चाहेमा नाम फिर्ता लिन र त्यसपछि कायम भएका उम्मेदवारहरूको सूची टाँस गर्नुपर्ने व्यवस्था थियो ।[२२५]

### ५.४.१७ धरौट र जफत

उम्मेदवारीको दरखास्त दिँदा ने.रु. १।- को टिकट टाँस्नु वा नगद नै नत्थी गरी दरखास्तसाथ ने.रु. २।- को धरौट बुझाउनुपर्ने[२२६] तोकिएको थियो । कुनै उम्मेदवारले जम्मा मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गरेमा धरौट जफत हुने थियो ।[२२७]

### ५.४.१८ उम्मेदवारी

विभिन्न गाउँ पञ्चायतका लागि उम्मेदवारहरूको लागि नामजद गर्ने काम पनि प्रारम्भ भैसकेको थियो ।[२२८]

### ५.४.१९ निर्विरोध निर्वाचनको घोषणा

कुनै वडामा एक जना मात्र उम्मेदवार रहेछ भने मत लिने काम नगरी स्वतः निर्वाचित भएको मानी सो कुराको घोषणा रिटर्निङ अफिसरले तुरुन्त गर्नुपर्ने थियो ।[२२९]

---

२२३ गाउँ पञ्चायत नियमहरू २०१८ नियम १० ।

२२४ गा. पं. नियमहरू २०१८ नियम ११, १ ।

२२५ गा. पं. नियमहरू २०१८ नियम १२, १३ ।

२२६ गा. पं. नियमहरू २०१८ नियम १०, १ ।

२२७ गा.पं. नियमहरू २०१८ नियम २३ ।

२२८ गोरखापत्र, २६ माघ २०१८ ।

२२९ गा. पं. नियमहरू २०१८ नियम १४, २ ।

### ५.४.२० निर्वाचन समय

बिहान ८.०० बजेदेखि २.०० बजेसम्म मतदातालाई मत दिने ठाउँभित्र पस्न दिइने र उक्त समयपछि ढोका बन्द गरिने समेत व्यवस्था थियो ।[२३०] वडाको निर्वाचन सकभर एकै दिन सिध्याउनु पर्ने गरिएको थियो ।[२३१] कुनै वडाबाट उम्मेदवार सङ्ख्या एक भन्दा बढी भएमा तोकिएको दिन र समयमा मतदानको काम सुरु गर्नुपर्ने थियो ।[२३२]

### ५.४.२१ जनाना र मर्दाना मतदाताको छुट्टाछुट्टै लाम

पोलिङ अफिसरले सकभर जनाना र मर्दाना मतदाताहरूको छुट्टाछुट्टै लाम लगाई मत दिने ठाउँभित्र बस्न पनि सकभर भिन्न-भिन्न खण्ड बनाउनुपर्ने थियो ।[२३३]

### ५.४.२२ ढोल, झ्याली पिटाइ - मतदाता बोलाइ

गाउँ सभाको इलाकाभित्रको प्रत्येक वडामा मत दिने ठाउँ तोकी ढोल वा झ्याली पिटाई सोको सूचना दिनुपर्ने र सो मत दिने ठाउँ चारैतिरबाट घेरी एकातर्फ मात्र ढोका खोलिएको बनाई मतदाताको नाम जोर-जोरले पढी मतदाता उपस्थित भएमा निजलाई मत दिने ठाउँभित्र पस्न दिने गरिएको थियो ।[२३४]

### ५.४.२३ मत दिने ठाउँमा प्रवेश निषेध र बाधा गरे निकाल्न सक्ने

मत दिने ठाउँमा स्थानीय हाकिम, रिटर्निङ अफिसर, पोलिङ अफिसर उम्मेदवार वा निजको वारेस, मतदाताहरू बाहेक कसैलाई बस्न नदिने[२३५] व्यवस्था थियो भने मत दिने ठाउँमा मत गन्ती गर्दा कुनै व्यक्तिले बाधा दियो भने पोलिङ अफिसरले बाहिर निकाल्न सक्ने[२३६] व्यवस्था समेत थियो ।

### ५.४.२४ मत दिने तरिका- हात उठाइ, मत गिन्ती र नतिजा

मतदाताहरू मत दिने ठाउँभित्र पसिसकेपछि मत दिने ठाउँको ढोका बन्द गरी पोलिङ अफिसरले त्यस वडाबाट खडा भएका उम्मेदवारहरूको नाम क्रमशः लिई त्यस्तो

---

२३० गा. पं. नियमहरू २०१८ नियम १५, ४ ।

२३१ गा. पं. नियमहरू २०१८ नियम १३, ३ ।

२३२ गा. पं. नियमहरू २०१८ नियम १४, १ ।

२३३ गा. पं. नियमहरू २०१८ नियम १६, २ ।

२३४ गा. पं. नियमावली २०१८ नियम १५ ।

२३५ गा. पं. नियमहरू २०१८ नियम १९, १ ।

२३६ गा. पं. नियमहरू २०१८ नियम १९, २ ।

उम्मेदवारको पक्षमा को-को मतदाता छन् ? हात उठाउन लगाई मत दिइसकेका मतदाताहरूलाई क्रमशः त्यहाँबाट बाहिर पठाउँदै प्रत्येक उम्मेदवारको पक्षमा उठेको हातको गिन्ती गरी त्यस्तो उम्मेदवारको पक्षमा परेको मतको सङ्ख्या लेख्नुपर्ने र उम्मेदवार वा निजको वारेसले त्यस्तो मत प्राप्त लेखिएको कागजमा आफ्नो निस्सा लगाउनुपर्ने थियो भने निज वा निजको वारेसले निस्सा नलगाएमा सो व्यहोरा खोली त्यस्तो कागजमा पोलिङ अफिसरले दुई जना साक्षीको सहीछाप गराउनुपर्ने व्यवस्था थियो । कुनै उम्मेदवारले आफैँले आफ्नो मत सङ्ख्या गिन्ती गर्न चाहेमा सो गिन्ती गर्न सक्ने व्यवस्था पनि गरिएको थियो । त्यस्तै कुनै उम्मेदवारको पक्षमा पहिले नै बहुमत आएमा मत लिई रहन नपर्ने र त्यस्तो बहुमत पाएका उम्मेदवारलाई निर्वाचित घोषित गरिदिए हुने[२३७] व्यवस्था समेत गरिएको थियो ।

### ५.४.२५ हिमाली जिल्लाहरूमा चैत्रमा चुनाव

हुम्ला र जुम्ला जिल्लामा पञ्चायत चुनाव सम्बन्धी कार्यहरू चैत्रको दोस्रो सातादेखि थालनी गरिएको थियो ।[२३८]

### ५.४.२६ गाउँ पञ्चायत निर्वाचनको उद्घाटन

राष्ट्रिय निर्देशन मन्त्रीज्यूद्वारा ग्राम पञ्चायतको निर्वाचनको उद्घाटन २०१८।११।७ गर्दै तीन महिनामा ग्राम पञ्चायत निर्वाचन सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।[२३९]

### ५.४.२७ शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न

गाउँ पञ्चायतहरूको चुनाव देशभरि ठाउँ-ठाउँमा शान्तिपूर्ण वातावरणमा भइरहेको र निर्धारित समयभित्रै देशका समस्त भागहरूमा चुनाव सम्पन्न गराउन तत्परताका साथ कार्य भइरहेको थियो ।[२४०]

### ५.४.२८ बहुमत प्राप्त गर्ने, निर्वाचित हुने र परिणाम प्रकाशित गर्ने

प्राप्त मत गन्ती गर्दा सबभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति सो वडाबाट निर्वाचित हुने र मत बराबर भएमा गोला प्रथाबाट निर्णय गरिने थियो भने निर्वाचित उम्मेदवारको

---

२३७ गा. पं. नियमहरू २०१८ नियम १८, १, २, ३ ।

२३८ गोरखापत्र, ३० फागुन २०१८ ।

२३९ गोरखापत्र, ७ फागुन २०१८ ।

२४० गोरखापत्र, १८ फागुन २०१८ ।

नाम ठाउँ-ठाउँमा टाँसी एक एक प्रति जिल्ला बडा हाकिम र डाइरेक्टर छेउ पठाउनुपर्ने  समेत थियो ।[२४१]

### ५.४.२९ चुनाव नतिजा प्रकाशन आरम्भ

चुनाव सुरु भएको दोस्रो दिनसम्म सबै गरी जम्मा २४५ स्थानमा गाउँ पञ्चायत चुनाव सम्पन्न भई नतिजा प्राप्त भएको थियो ।[२४२]

### ५.४.३० कहीँ कहीँ पद खाली

कहीँ कहीँका गाउँ पञ्चायतहरूमा नौ जना उम्मेदवार नपुगी केही सदस्यको पद खाली पनि रहेको थियो ।[२४३]

### ५.४.३१ निर्विरोध निर्वाचन

अधिकांश गाउँ पञ्चायतहरूमा चुनाव निर्विरोध रूपमा सम्पन्न भएको थियो ।[२४४] निर्विरोध नभएकोमा हात उठाई बहुमत कायम गरी बहुमत प्राप्तलाई प्रतिनिधि निर्वाचित गरिएको थियो । काठमाडौँ उपत्यकामा सम्पन्न ८७ गाउँ पञ्चायतहरूको चुनावमा ५४ जना उम्मेदवारहरू निर्विरोध छानिएका थिए ।[२४५]

### ५.४.३२ अधिकांश गाउँ पञ्चायतहरूको चुनाव सम्पन्न

अधिराज्यभरका ३४३९ गाउँ पञ्चायतहरूको चुनाव सम्पन्न भइसकेको र बाँकी निर्वाचन कार्य पनि १०/१५ दिनभित्र पूरा हुने आशा गरिएको थियो ।[२४६] त्यस्तै आगामी आषाढ महिनासम्ममा गाउँ पञ्चायतहरूलाई गाउँ पञ्चायत ऐनसँग जोडी सोही अनुसार सञ्चालन गर्ने लक्ष्य राखिएको थियो ।[२४७]

### ५.४.३३ खुला मतदान

गाउँ सभाका सदस्यहरूको चुनाव गुप्त मतदानद्वारा हुने तर यस ऐन बमोजिम पहिलो पटक गठन हुँदा वा कुनै गठन भएको गाउँ पञ्चायत दफा ६२ बमोजिम

---

२४१ गा. पं. नियमहरू २०१८ नियम २० ।

२४२ गोरखापत्र, ८ फागुन २०१८ ।

२४३ गोरखापत्र, ३ चैत्र २०१८, ८ जेठ २०१९ ।

२४४ गोरखापत्र, २१ फागुन २०१८ ।

२४५ गोरखापत्र, ११ फागुन २०१८ ।

२४६ गोरखापत्र, २३ वैशाख २०१९ ।

२४७ श्री ५ को सरकार पञ्चायत विभाग, गोरखापत्र ऐजन ।

भएको अवस्थामा चुनाव खुला मतदानद्वारा हुन सक्ने[२४८] व्यवस्था गरिएबाट पहिलो पटक २०१८ सालमा गरिएको चुनावमा खुला मतदान अर्थात् हात उठाई बहुमत कायम गरी विजयी घोषणा गर्न सक्ने अधिकार नै ऐनले दिएकाले गुप्त मतदान नभई खुला मतदान भएको थियो । अहिलेको परिस्थितिमाथि विचार गरेर हालको लागि गाउँ पञ्चायतहरूको चुनाव हात उठाएर ल्याउने व्यवस्था गरिएको, तर भविष्यमा पञ्चायत ऐनमा उल्लेखित गुप्त मतदानद्वारा नै पञ्चायतहरूको चुनाव गराउने व्यवस्था हुने[२४९] भनिएको थियो ।

### ५.४.३४ विविध

उक्त नियमावलीमा मतदान दिने ठाउँमा हुलदङ्गा भई वा प्राकृतिक विपद आई मतदान गर्न असम्भव भएमा मतदानको काम त्यस दिन स्थगित गरी अर्को दिन तोकी निर्वाचन सम्पन्न गर्नुपर्ने,[२५०] नाम ढाँटी मतदान गर्न आएमा दावी विरोध गरी छानबिन गर्ने,[२५१] मत दिने ठाउँभित्र पनि जनाना र मर्दाना मतदाताहरूको निमित्त बस्न सकभर भिन्ना-भिन्नै खण्ड बनाउनुपर्ने,[२५२] कुनै मतदाता मत दिन आउँदा काखमा भएका बच्चा बाहेक अरू कसैलाई मत लिने ठाउँभित्र पस्न नदिने[२५३] जस्ता व्यवस्थाहरू पनि थिए ।

### ५.४.३५ गाउँ पञ्चायत निर्वाचन २०२०

गाउँ पञ्चायत ऐन, २०१८ र नियमावली २०१८ खारेज गरी गाउँ पञ्चायत ऐन, २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० जारी[२५४] भई निर्वाचन प्रक्रियामा व्यापक सुधार गरी मतदाताको गोप्य मतदान गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गर्दै निर्वाचन प्रक्रियासँग जोडिएका अन्य आवश्यक व्यवस्थाहरू पनि अवलम्बन गरिएको थियो ।

---

२४८ गा.पं. ऐन, २०१८ दफा १८(१०) ।

२४९ झा, बेदानन्द, सहायक विकास मन्त्री, गोरखापत्र, १८ फागुन २०१८ ।

२५० गा.पं. (निर्वाचन) नियमावली २०१८ नियम २१ ।

२५१ गा.पं. (निर्वाचन) नियमावली २०१८ नियम १७ ।

२५२ गा.पं. (निर्वाचन) नियमावली २०१८ नियम १६, २ ।

२५३ गा.पं. (निर्वाचन) नियमावली २०१८ नियम १६, १ ।

२५४ नेपाल गजेट भाग ३, खण्ड १३ अतिरिक्ताङ्क ३०, २९ प :ागुन २०२० ।

### ५.४.३५.१ मतदाता

गाउँ पञ्चायत सदस्य निर्वाचनको सन्दर्भमा गाउँ सभा सदस्य हुन योग्य २१ वर्ष पुगेको मगज नबिग्रेको व्यक्ति, प्रधान र उपप्रधानपञ्चको निर्वाचनको सम्बन्धमा गाउँ पञ्चायत सदस्य सम्झनु पर्ने थियो ।[२५५]

### ५.४.३५.२ मतदाता नामावली

प्रत्येक गाउँ सभाको इलाकालाई नौ वडामा विभाजित गरी निर्वाचन अफिसरले प्रत्येक वडाको निमित्त मतदाताको छुट्टाछुट्टै नामावली तयार गर्ने र मतदाता नामावली सम्बन्धित वडामा देख्ने ठाउँमा राखी प्रचार  समेत गर्ने गराउनु पर्ने व्यवस्था  समेत गरिएको थियो ।[२५६]

### ५.४.३५.३ गाउँ पञ्चायत सदस्यको उम्मेदवारी दरखास्त

गाउँ पञ्चायत सदस्यको लागि वडामा खडा हुन चाहने उम्मेदवारले सूचना प्रकाश भएको मितिदेखि निर्वाचन हुने दिनभन्दा पाँच दिन अगावै दिउँसो ११.०० बजेदेखि ४.०० बजेभित्र रु. १।-को टिकट टाँसी दरखास्त दिनुपर्ने[२५७], दरखास्तपत्र साथ उम्मेदवार बन्ने वडाको मतदाता मध्ये कमसेकम दस जनाले समर्थन गरेको पत्र, धरौटी राखेको रसिद, निर्वाचनको निमित्त आफूले आफ्नो मत पेटिकामा प्रयोग गर्न चाहेको रङ समेत संलग्न गरी दिनुपर्दथ्यो ।[२५८]

### ५.४.३५.४ धरौट र जफतको व्यवस्था

प्रत्येक उम्मेदवारले रु. ५।- निर्वाचन अफिसर कहाँ धरौट राखी रसिद लिनु पर्दथ्यो ।[२५९] कुनै उम्मेदवारले पाएको मतको सङ्ख्या सो वडामा परेको सदर मतको छ खण्डको एक खण्डभन्दा कम भएमा बुझाएको धरौट रु. ५।- जफत हुने व्यवस्था गरिएको थियो ।[२६०]

---

२५५ गा.पं. (निर्वाचन नियमावली) २०२० नियम २घ ।

२५६ गा.पं. (निर्वाचन नियमावली) २०२० नियम ५, १, ६, नेपाल गजेट भाग ३, खण्ड १३ अतिरिक्ताङ्क ३०, २९ फागुन २०२० ।

२५७ गा.पं. (निर्वाचन नियमावली) २०२० नियम १०, ८१ ।

२५८ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम १२ ।

२५९ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम १३ ।

२६० गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ८० ।

## ५.४.३५.५ उम्मेदवारको निर्वाचन रङ

प्रत्येक उम्मेदवारको मत पेटिकामा निजको कायम भएको रङ राखिने भएकाले निर्वाचन हुने मितिभन्दा दुई दिन अगावै उम्मेदवारलाई बोलाई रोज्न लगाई निर्वाचन रङ कायम गरिने र एउटै रङ माग भएकोमा उपयुक्त कुनै रङ कायम गर्न सक्ने व्यवस्था निर्वाचन अफिसरलाई दिएको थियो ।[२६१]

## ५.४.३५.६ नामावलीमा सानोतिनो भूल मान्य

मतदाताको नाम र ठेगाना सोधी दर्ता भएको छ छैन जाँच गर्नुपर्ने र सानोतिनो भूल भएकोमा पनि मत दिन लगाउने व्यवस्था थियो ।[२६२]

## ५.४.३५.७ मतपत्र बदर हुने अवस्था

मतदाताले मतदान पत्रमा कुनै चिह्न वा केही कुरा लेखिएको पाइएमा र जाली मतपत्र बदर हुने अवस्था थियो ।[२६३]

## ५.४.३५.८ मत पेटिका जाँच र राख्ने स्थान

मत लिने स्थानमा मत पेटिकाहरू बाहिरबाट नदेखिने गरी राखी एक पटकमा एकभन्दा बढी मतदातालाई जान नदिई मतदान गराउने व्यवस्था थियो भने मतदान सुरु हुनु अगावै पोलिङ अफिसरले उपस्थित उम्मेदवारहरूलाई मत पेटिका खोली देखाई सो मत पेटिका बन्द गरी आफ्नो र उम्मेदवार वा एजेन्टको सही वा लाहाछाप लगाई राख्ने व्यवस्था थियो ।[२६४]

## ५.४.३५.९ समयावधि ६ घन्टाभन्दा कम नहुने

निर्वाचन अफिसरले मत लिने समय ठेगान गर्ने तर मत खसाल्ने समयावधि छ घन्टाभन्दा कम नहुने व्यवस्था थियो ।[२६५]

---

[२६१] गा.पं. (निर्वाचन) नियमावली २०२० नियम १६ ।

[२६२] गा.पं. (निर्वाचन) नियमावली २०२० नियम २५ ।

[२६३] गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ३७ ।

[२६४] गा.पं. (निर्वाचन) नियमावली २०२० नियम २२ ।

[२६५] गा.पं. (निर्वाचन) नियमावली २०२० नियम २० ।

### ५.४.३५.१० मत दिने तरिका- गुप्त मतदान

मतदानपत्र पाएपछि गोप्य कोठामा गई आफूले रोजेको उम्मेदवारको निर्वाचन रङ राखिएको मत पेटिकामा मतदानपत्र खसाल्नुपर्ने गरिएको थियो ।[२६६] मत दिँदा मतदाताले आफूले रोजेको उम्मेदवारको रङ भएको (अर्थात् मत पेटिकाहरूलाई विभिन्न रङका कागज वा कपडाले ढाकिएको) मत पेटिकामा आफ्नो मतदानपत्र खसाल्नुपर्ने तरिका अपनाइएको थियो । हात उठाएर चुनाव गराउँदा गाउँका ठूलाठालु र बदमासहरू पनि हप्कीदप्की लगाएर चुनिन सक्ने भएकाले निर्वाचन प्रणालीमा सुधार गरी गुप्त मतदानद्वारा निर्वाचित हुने व्यवस्था थियो ।[२६७]

### ५.४.३५.११ कर्मचारीले निष्पक्ष भई काम गर्नुपर्ने

स्थानीय हाकिम, रिटर्निङ अफिसर, पोलिङ अफिसर वा निर्वाचनको काममा खटिएका कुनै कर्मचारीले निर्वाचनको काम गर्दा आफूले मत दिने काम बाहेक कुनै उम्मेदवारलाई सफल वा असफल गराउने कुनै किसिमको काम गर्न हुँदैन[२६८] भनी निषेध गरिएको थियो भने स्थानीय हाकिमले निर्वाचन राम्रो र पक्षपातरहित तरिकाले गराउनुपर्ने भनी निजको काम कर्तव्यमा तोकिएको थियो ।[२६९]

### ५.४.३५.१२ पोलिङ अफिसरको कार्य

पोलिङ अफिसरले मत दिने ठाउँभित्र मतदाताहरूलाई पस्न दिई नामावली बमोजिम मतदाता हो होइन यकिन गर्ने तथा तोकिएको समय खतम भएपछि मत दिने ठाउँको ढोका बन्द गरी मत लिने काम सुरु गर्नुपर्ने थियो । त्यस्तै मत लिने काम सकिएपछि मतको नतिजा लेखी आफ्नो र उम्मेदवारहरू वा निजको वारेसहरूले लगाएको निस्सा समेतको प्रति रिटर्निङ अफिसर छेउ बुझाउनु पर्ने व्यवस्था गरिएको थियो ।[२७०]

---

[२६६] गा.पं. नियमावली २०२० नियम २८ ।

[२६७] रिसाल, पञ्चायतहरूको निर्वाचन चहलपहल, गोरखापत्र २३ मार्ग २०२३ ।

[२६८] गा.पं. (निर्वाचन सम्बन्धी) नियमहरू २०२० नियम २८ ।

[२६९] गा.पं. (निर्वाचन सम्बन्धी) नियमहरू २०२० नियम २२ ।

[२७०] गा.पं. (निर्वाचन सम्बन्धी) नियमहरू २०२० नियम २७ ।

### ५.४.३५.१३ मतदानपत्र खारेज हुने

मतदाताले मतदानपत्र मत पेटिकामा नखसालेर भुइँमा वा बाहिर कतै राखेको अवस्थामा भेटिएकोमा वा मत नदिने निश्चय गरी पोलिङ अफिसरलाई फिर्ता दिएका मतदानपत्रहरू खारेज हुने व्यवस्था गरिएको थियो ।[२७१]

### ५.४.३५.१४ निर्वाचन परिणामको घोषणा

सबभन्दा बढी मत पाउने उम्मेदवार विजयी भएको घोषणा निर्वाचन अफिसरले गर्नुपर्ने व्यवस्था थियो ।[२७२]

### ५.४.३५.१५ दोहोऱ्याई मत गन्ती गर्ने

मत गन्ती गरिसकेपछि कुनै उम्मेदवारलाई चित्त नबुझेमा कारण खोली दोहोऱ्याई मत गन्ती गरी पाउँ भनी दरखास्त दिनुपर्ने र कारण उचित नलागेमा इन्कार गर्न सक्ने तर कारण उचित लागेमा दोहोऱ्याई मत गन्ती गर्नुपर्ने व्यवस्था राखिएको थियो ।[२७३] विभिन्न जिल्लामा प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचनको क्रम निरन्तर जारी राखिएको थियो ।[२७४]

### ५.४.३५.१६ प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन

नौ वडाबाट निर्वाचित उम्मेदवारको फिहरिस्त तयार गरी आफ्नो अफिसमा टाँसेपछि यथासम्भव चाँडो प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचनको लागि उम्मेदवारको दरखास्त दिने म्याद, स्थान, जाँचबुझ गर्ने मिति, नाम फिर्ता लिने मिति, निर्वाचन हुने मिति, समय र स्थान तोकी सोको सूचना टाँस गर्ने व्यवस्था गरिएको थियो ।[२७५]

### ५.४.३५.१७ प्रस्तावक र समर्थक

प्रधानपञ्च, उपप्रधानपञ्चको लागि उम्मेदवार हुन गाउँ पञ्चायतको कुनै पनि सदस्यले दरखास्त दिँदा एक जना प्रस्तावक र समर्थक राखी निजहरूको पनि दस्तखत हुनु पर्दथ्यो ।[२७६]

---

२७१ गा.पं. (निर्वाचन सम्बन्धी) नियमवली २०२० नियम ३० ।

२७२ गा.पं. (निर्वाचन सम्बन्धी) नियमवली २०२० नियम ४० ।

२७३ गा.पं. (निर्वाचन सम्बन्धी) नियमावली २०२० नियम ३८ ।

२७४ गोरखापत्र, २२ जेठ २०२६ ।

२७५ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ६१, ६२ ।

२७६ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ६३ ।

### ५.४.३५.१८ मतपत्रको ढाँचा

प्रधान, उपप्रधानपञ्चको लागि मतपत्र लगायतको ढाँचा तोकी मतपत्रमा उम्मेदवारहरूको नाम वर्णानुक्रमले राख्ने व्यवस्था गरी नाम अगाडि रेजा (√) चिह्न दिई मतदान गर्ने व्यवस्था थियो ।[२७७] तर गाउँ पञ्चायत सदस्यहरूको लागि मतदान पत्रको ढाँचा तोकिएको थिएन ।

### ५.४.३५.१९ मतदान पत्र फिर्ता दिई अर्को दिने

प्रधान, उपप्रधानपञ्चको निर्वाचनको लागि पनि कुनै मतदाताले मत दिने चिह्न चढाउँदा वा अरू कुनै कारणले च्यातिएमा वा फोहर भएमा त्यसलाई फर्काई अर्को मतदान पत्र लिन सक्ने र कर्मचारीले अर्को मतदान पत्र दिनुपर्ने व्यवस्था पनि गरिएको थियो ।[२७८]

### ५.४.३५.२० प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन परिणाम घोषणा

मत गन्ती गरी परिणाम तालिकामा खसालिएको मतको ५० प्रतिशतभन्दा बढी मत पाउने उम्मेदवारलाई प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचित भएको घोषणा गर्नुपर्ने र त्यस्तो ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवार कायम गरी पुनः मतदान गराई बढी मत प्राप्त गर्ने विजयी हुने व्यवस्था थियो ।[२७९]

### ५.४.३५.२१ दण्ड जरिवाना

गाउँ पञ्चायत सदस्य हुन अयोग्य व्यक्तिले कुनै कुरा जानीजानी छिपाउन खोजेको देखिन आए, निर्वाचन सम्बन्धी कागजात अदलबदल गरेमा, च्यातेमा, उप्काएमा, झुट्टा नामले मत दिन आएमा वा उद्योग गरेमा, निर्वाचनको अपहेलना, बाधा पुऱ्याएमा त्यस्तोलाई निर्वाचन अफिसरको तजबीजले बढीमा रु. १००।- सम्म जरिवाना हुने व्यवस्था थियो ।[२८०]

---

२७७ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ६४ ।

२७८ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ७२ ।

२७९ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ७७ ।

२८० गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ८३ ।

### ५.४.३५.२२ उपचुनाव

गाउँ सभाको कुनै वडाको सदस्यको स्थान रिक्त भएमा उप-चुनावद्वारा पूर्ति गर्नुपर्ने व्यवस्था थियो ।[२८१] गाउँ पञ्चायत ऐन नियम बमोजिम दुई-दुई वर्षमा हुने एक तिहाइ पञ्चहरूको उप-निर्वाचन २०२१।१।१ देखि सुरु गरी अधिराज्यभरका ३५४३ गाउँ पञ्चायतको उप-निर्वाचन जेठ १५ गते सम्पन्न भएको थियो ।[२८२] विभिन्न जिल्लाका गाउँ पञ्चायतहरूको एक तिहाइ सदस्यहरू तथा प्रधान र उपप्रधानपञ्चको निर्वाचनमा पर्सा[२८३], अर्घाखाँची, उदयपुर[२८४], पर्सा[२८५], धनकुटा[२८६], ओखलढुङ्गा[२८७], चितवन, संखुवासभा[२८८], मोरङ, नवलपरासी, पाल्पा, बर्दिया लगायतका जिल्लाहरूमा चुनाव भएको थियो ।[२८९] मेची अञ्चल झापाका ४२, इलामका २९, पाँचथरका ३८ र ताप्लेजुङका गाउँ पञ्चायतहरूको एक तिहाइ सदस्यहरूको चुनाव सम्पन्न भई प्रधान, उपप्रधानपञ्चको चुनाव आषाढमा गरिने भएको थियो ।[२९०] यसैगरी धादिङ[२९१], काठमाडौँ[२९२], भक्तपुरका केही गाउँ पञ्चायतमा[२९३] पनि चुनाव सम्पन्न गरिएको थियो ।

### ५.४.३६ पछि संशोधित व्यवस्थाहरू

**क. प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन प्रत्यक्ष :** प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन अप्रत्यक्ष तवरबाट भइरहेकोमा संशोधित नयाँ व्यवस्था अनुसार गाउँ सभाले गोप्य मतदानबाट निर्वाचित गर्ने उल्लेखनीय व्यवस्था गरियो तर निर्वाचित हुनका लागि खसेको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न अनिवार्य गरिएको थियो । कुनै

---

२८१ गा.पं. (निर्वाचन) नियमावली २०२० नियम ८६ ।

२८२ देवकोटा, गृष्म बहादुर, नेपालको राजनीतिक दर्पण, तेस्रो भाग प्रथमावृत्ति, काठमाडौँ २०४०, पृ.७८७-८८ ।

२८३ गोरखापत्र, ९ वैशाख २०२१ ।

२८४ गोरखापत्र, २१ वैशाख २०२१ ।

२८५ गोरखापत्र, २५ वैशाख २०२१ ।

२८६ गोरखापत्र, २९ वैशाख २०२१ ।

२८७ गोरखापत्र, ३० वैशाख २०२१ ।

२८८ गोरखापत्र, ३१ वैशाख २०२१ ।

२८९ गोरखापत्र, ३१ वैशाख, २, १८, २०, ७, जेठ २०२१ ।

२९० गोरखापत्र, २३ जेठ २०२३ ।

२९१ गोरखापत्र, १० पौष २०२३ ।

२९२ गोरखापत्र, ७ पौष २०२३ ।

२९३ गोरखापत्र, ५ पौष २०२३ ।

पनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेको अवस्थामा बढी मत ल्याउने दुई उम्मेदवारहरू  बिच पुनः मतदान गराई बहुमत ल्याउने विजयी हुने व्यवस्था गरिएको थियो। गाउँ पञ्चायत सदस्यहरू भने साधारण बहुमतबाट नै निर्वाचित हुने थियो।[२९४] गाउँ सभामा सदस्यहरूले आ-आफ्ना वडा सदस्य प्रत्यक्ष तवरले गुप्त मतदानद्वारा निर्वाचन गर्न पाउनुको साथै प्रधानपञ्च र उपप्रधानपञ्च पनि सम्पूर्ण गाउँ सभाका सदस्यहरूले गुप्त मतदानद्वारा निर्वाचन गर्न पाउने[२९५] व्यवस्था गरी गाउँ पञ्चायतको निर्वाचनमा प्रत्यक्ष/गुप्त मतदान पद्धतिलाई अवलम्बन गरिएको थियो। गुप्त मतदानको व्यवस्था भएकोले नौ सदस्यहरू मध्ये हाटहुट पारेर प्रधानपञ्च र उपप्रधानपञ्च बन्ने प्रवृत्तिको अन्त भएको थियो।[२९६] प्रधानपञ्च र उपप्रधानपञ्चको क्षेत्र विस्तृत पार्न वडा सदस्यद्वारा नगराएर गाउँ सभाका बालिग सदस्यद्वारा गराइएको थियो।[२९७]

**ख. एघार जनाको गाउँ पञ्चायत :** प्रत्येक गाउँ सभामा प्रधानपञ्च, उपप्रधानपञ्च र नौ वडाका नौ सदस्यहरू गरी जम्मा ११ जनाको कार्यकारिणी समिति रहने र सोलाई गाउँ पञ्चायत भनिने व्यवस्था गरी नौ जनाको गाउँ पञ्चायत. भइरहेकोमा ११ जनाको बनाइएको थियो।[२९८]

**ग. नौ वडामा विभाजन :** गाउँ पञ्चायत सदस्यहरूको चुनावको निमित्त गाउँ सभा इलाकालाई नौ वडाहरूमा विभाजित गरी प्रत्येक वडाका गाउँ सभा सदस्यहरूले गुप्त मतदानद्वारा साधारण बहुमतको आधारमा सदस्य चुनिने व्यवस्था थियो।[२९९]

**घ. पदावधि : नौ** वडाका नौ सदस्यहरूको पदावधि गोला प्रथाद्वारा प्रधानपञ्चले एक तिहाइ सदस्यहरूको छ वर्ष, त्यस्तै चार वर्ष र दुई वर्ष भएको निर्णय गर्ने तर पछि हुने निर्वाचनबाट निर्वाचित सदस्यहरू सबैको पदावधि छ वर्षको हुने गरिएको थियो।[३००] प्रधानपञ्च र उपप्रधानपञ्चको भने दुई वर्षकै हुने थियो।[३०१]

---

२९४ गा.पं.(चौथो संशोधन) ऐन, २०२२ दफा १८, नेपाल गजेट खण्ड १५, अतिरिक्ताङ्क ३६, १० चैत्र २०२२

२९५ पौड्याल, इन्दिरा, निर्वाचन मतदाता र मतदान, गोरखापत्र, ११ मंसिर २०२३।

२९६ भारवी श्री, ग्राम पञ्चायतहरू र निर्वाचन, गोरखापत्र, ८ वैशाख २०२३।

२९७ रिसाल, पञ्चायतहरूको निर्वाचन चहलपहल, गोरखापत्र, २३ मार्ग २०२३।

२९८ गा.पं (चौथो संशोधन) ऐन, २०२२ दफा १८।

२९९ नेपाल गजेट खण्ड १५ अतिरिक्ताङ्क ३६, १० चैत्र २०२२।

३०० ऐजन।

३०१ ऐजन।

**ङ. जिल्ला पञ्चायत सचिव निर्वाचन अफिसरः** निर्वाचनको लागि सम्बन्धित जिल्ला पञ्चायतका सचिवले निर्वाचन अफिसर भई काम गर्ने व्यवस्था गरिएको थियो ।[३०२]

**च. उम्मेदवारको समर्थन :** प्रधानपञ्च र उपप्रधानपञ्च पदका लागि उम्मेदवार हुनलाई सम्बन्धित गाउँ सभाका कमसेकम बीस जनाले समर्थन गर्नुपर्ने व्यवस्था थियो ।[३०३]

**छ. प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि ४ वर्ष :** २०२५ सालमा भएको संशोधनबाट प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि ४ वर्ष हुने गरिएको थियो ।[३०४]

**ज. मत पेटिका रङ र चुनाव चिह्न :** गा.पं निर्वाचनमा उम्मेदवारहरू छुट्याउन मत पेटिकामा रङको प्रयोग गरिने तर निर्वाचन आयोगले आवश्यकता अनुसार कुनै गा.पं.मा निर्वाचन चिह्न प्रयोग गर्ने गरी आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको थियो ।[३०५]

**झ. मतदाता नामावली सङ्कलन र प्रकाशन :** निर्वाचन अधिकृतले मतदाताहरूको नामावली सङ्कलन गरी प्रकाशन गर्ने, त्यसमा दाबी, विरोध गर्ने म्याद दिने र सबुद प्रमाणको जाँचबुझ गरी आवश्यक निर्णय गर्ने व्यवस्था थियो ।[३०६]

**ञ. निर्वाचन कार्यक्रम सञ्चालन :** निर्वाचन गराउन निर्वाचन आयोग वा निर्वाचन अधिकृतले निर्वाचन हुने मिति, मतदान हुने स्थान र समय तोकी सूचना प्रकाशित गरी उम्मेदवारको लागि दरखास्त दिने, सो छानबिन गर्ने, नामावली प्रकाशन गर्ने, विरोध गर्ने, नाम फिर्ता लिने, अन्तिम नामावली प्रकाशित गर्ने, उम्मेदवारहरूलाई निर्वाचन रङ वा चिह्न रोज्न लगाउने मिति, समय र स्थान तोकी सूचना प्रकाशित गर्ने व्यवस्था थियो ।[३०७]

**ट. एकभन्दा बढी पदमा उम्मेदवार हुन नपाउनेः** कुनै मतदाता एउटै निर्वाचनमा एकभन्दा बढी पदको लागि उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको थियो ।[३०८]

---

३०२ गा.पं. (निर्वाचन संशोधन) नियमावली २०२२ नियम ४, नेपाल गजेट भाग ३, २६ पौष २०२२ ।

३०३ गोरखापत्र, १५ वैशाख २०२३ ।

३०४ केही नेपाल कानुन (संशोधन) ऐन, २०२५ दफा २, गा.पं. ऐन, २०२० को दफा १८(५) मा संशोधन ।

३०५ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) अध्यादेश, २०२५ दफा २७, नेपाल राजपत्र भाग २, खण्ड १८ अतिरिक्ताङ्क ३०, २५ माघ २०२५ ।

३०६ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ दफा ४क, ५ ।

३०७ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ दफा ४ ।

३०८ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ दफा ७ ।

**ठ. अनुचित कार्य गर्न नपाइने :** निर्वाचनको सन्दर्भमा कसैले निर्वाचनको अधिकार प्रयोग गर्न, इनाम दिन वा लिन, अनुचित प्रभाव पार्न, ढाँट्न नहुने जस्ता व्यवस्था गरिएको थियो ।[३०९]

**ड. निर्वाचन सम्पन्न र रिक्त स्थान पूर्ति :** अधिराज्यका सबैजसो जिल्लामा गाउँ पञ्चायतहरूको निर्वाचन प्रायः पूरा भइसकेको र नयाँ ऐनको व्यवस्थाले गर्दा एकातिर निर्वाचन हुँदै जाने अर्कोतर्फ स्थान रिक्त हुँदै जाने अवस्था सिर्जना भएको थियो ।[३१०] यसै बिच हाल गाउँ पञ्चायत निर्वाचन भइरहेको र सो निर्वाचन पूरा हुन अझै पाँच साता जति लाग्ने अनुमान गरिएको थियो ।[३११]

**ढ. निष्पक्ष निर्वाचनमा शङ्का :** आफूलाई चाहे जस्तो मानिसलाई जिताउन प्रशासनबाट प्रयास भइराखेको देखिन्छ र यस व्यवस्थाभित्र काम गर्न खोज्नेहरूलाई निर्वाचनको आधार दिइनुको सट्टा छनोटको आधार दिइएको जस्तो प्रतीत हुन्छ । स्वतन्त्र निर्वाचन होस् भनी निर्वाचन आयोग गठन गरियो । चुनावलाई निष्पक्ष गराउन प्रशासनबाट कुनै किसिमको हस्तक्षेप हुन नदिनेतर्फ श्री ५ को सरकारको ध्यान जानु आवश्यक हुन्छ । स्थानीय प्रशासनबाट चुनावमा लागेका व्यक्तिहरूलाई पक्रिदिनु राम्रो कुरा होइन ।[३१२]

### ५.४.३७ उपनिर्वाचन

कुनै सदस्यको पद  बिचमा रिक्त हुन आएमा बाँकी अवधिको लागि उप-निर्वाचन हुने तर छ महिनाभन्दा कम भएमा नहुने व्यवस्था गरिएको थियो ।[३१३] अधिराज्यका सबैजसो जिल्लामा गाउँ पञ्चायतहरूको निर्वाचन प्रायः पूरा भएको, नयाँ ऐनको व्यवस्थाले गर्दा एकातिर निर्वाचन हुँदैछ अर्कोतर्फ कतिपय गाउँ पञ्चायतमा स्थान रिक्त हुँदाहुँदै पनि वर्षाको कारण बाँकी उपनिर्वाचन स्थगित गरिएको थियो ।[३१४]

यसप्रकार प्रत्येक वर्ष गा.पं.हरूका एक तिहाइ सदस्यहरूको पदावधि सकिँदै जाने व्यवस्थाले गर्दा प्रत्येक वर्ष चुनाव सञ्चालन गरी पदपूर्ति गरिन्थ्यो । चुनावको मिति सम्बन्धित गाउँ पञ्चायतका सदस्यहरूको पदावधि सकिने समय र मितिमा निर्भर रहने भएकाले सोही अनुसार निर्वाचनको मिति निर्धारण हुन्थ्यो । एकै जिल्लाका गाउँ

---

३०९ निर्वाचन (अपराध र सजाय) ऐन, २०२४ दफा ३, ४, ५ ।

३१० गोरखापत्र, २३ आषाढ २०२६ ।

३११ निर्वाचन आयोग, गोरखापत्र, २८ वैशाख २०२६ ।

३१२ रा.पं.मा सदस्यहरूबाट छलफलमा व्यक्त : भनाइ गोरखापत्र, २० माघ २०२६ ।

३१३ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५, ३क ।

३१४ गोरखापत्र, २३ आषाढ २०२६ ।

पञ्चायतहरूमा पनि फरक-फरक मितिमा चुनाव हुने गर्दथ्यो । यसरी अधिराज्यभरका जिल्लाहरूका कुनै न कुनै गाउँ पञ्चायतमा हरेक वर्ष जस्तो चुनाव गरी पदपूर्ति गर्नुपर्ने भएकाले २०१८ देखि २०३१ सालसम्म सम्पूर्ण गाउँ पञ्चायतहरूको निर्वाचन एकै समय वा चरण चरणमा नभई छुट्टाछुट्टै समयमा गर्ने गरिएकाले मूलुक नै चुनावमय हुने गर्दथ्यो ।[३१५] माथि उल्लेख गरिएका प्रक्रिया अपनाई चुनाव गरिने गरिन्थ्यो भने भएको चुनावमा पनि समय समयमा भएका संशोधनबाट निर्वाचन प्रक्रियामा एकरूपता पाइँदैन । यस्तै निर्वाचनका सन्दर्भमा भएका कतिपय व्यवस्था अनौठा र अपत्यारिला पनि थिए ।

## ५.५ नगर पञ्चायत निर्वाचन (वि.सं. २०१९-२०३१)

### ५.५.१ नगर पञ्चायत चुनाव २०१९

#### ५.५.१.१ नगर पञ्चायतको स्थापना

श्री ५ को सरकारले दस हजार वा सोभन्दा बढी जनसङ्ख्या भएको कुनै नगरमा नगर पञ्चायतको स्थापना गर्न सक्ने,[३१६] प्रत्येक नगर पञ्चायतमा निर्वाचित सङ्ख्या सो नगरको जनसङ्ख्याको आधारमा दस हजारमा नौ देखि बढीमा ३३ जनाभन्दा बढी नहुने थियो ।[३१७]

#### ५.५.१.२ चुनाव गर्ने लक्ष्य

अधिराज्यका विभिन्न १४ घोषित नगर पञ्चायतहरूको चुनाव २०१९ साल जेठ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य[३१८] राखिएकोमा काठमाडौँ, भक्तपुर, ललितपुर लगायत सबै नगरपालिकाहरूको चुनाव जेठ महिनाभित्र सम्पन्न भएका थिए ।[३१९]

#### ५.५.१.३ पदावधि

नगर पञ्चायतका सदस्यहरूको पदावधि छ वर्षको हुने तर पहिलो पल्ट निर्वाचित सदस्यहरूको हकमा प्रधानपञ्च छानिएपछि निजले गोला प्रथाद्वारा प्रत्येक एक

---

३१५ गोरखापत्र, ९ वैशाख २०२१, २७ आषाढ, २४ फागुन २०२२, २३ जेठ २०२६, ३० आषाढ, २३ पौष २०२३, २३ जेठ, २६ फागुन २०२७, ३१ आषाढ २०२०, १७ भाद्र, २५ मार्ग २०२७, १७ आषाढ २०२०, १, ११, १६ माघ २०२९ ।

३१६ नगर पञ्चायत ऐन, २०१९ दफा ३ ।

३१७ नगर पञ्चायत ऐन, २०१९ दफा ७ ।

३१८ झा, बेदानन्द, सहायक विकास मन्त्री, गोरखापत्र, ८ जेठ २०१९, गोरखापत्र, २३ वैशाख २०१९ ।

३१९ गोरखापत्र, २८ जेठ २०१९ ।

तिहाइ सदस्यहरूको दुई, चार, छ वर्षको पदावधिको निर्णय गर्ने र सो अनुसार रिक्त हुँदै गएमा निर्वाचनद्वारा पदपूर्ति गरिने व्यवस्था गरिएको थियो ।[३२०] पछि प्रत्येक निर्वाचित सदस्यहरूको पदावधि छ वर्ष हुने गरी संशोधन गरिएको थियो[३२१] भने पछि गएर नगर पञ्चायतका प्रधान र उपप्रधानपञ्चको पदावधि पनि चार वर्षको हुने व्यवस्था गरिएको थियो ।[३२२]

### ५.५.१.४ निर्वाचन अफिसरको नियुक्ति

प्रत्येक निर्वाचन हुनु दुई महिना अगाडि नै नगर पञ्चायतले निर्वाचन अफिसरको नियुक्ति गर्ने तर पहिलो पटक निर्वाचन गरिँदा भने निर्वाचन अफिसर पदमा श्री ५ को सरकारले खटाउने व्यवस्था थियो ।[३२३]

### ५.५.१.५ निर्वाचन मिति निर्धारण

नगर पञ्चायतको साधारण चुनावको निम्ति नगर पञ्चायत सभाले मिति, स्थान र समयको निर्णय गर्ने भए पनि पहिलो निर्वाचनको लागि निर्वाचन अफिसरले गर्ने व्यवस्था थियो ।[३२४]

### ५.५.१.६ मतदाता

नगर पञ्चायतको इलाकाभित्र साधारणतया वर्ष दिन बसेको वा सो इलाकाभित्र घर, अचल सम्पत्ति वा व्यापार गरी बसेको र निर्वाचन हुने सालको वैशाख १ गते २१ वर्ष उमेर पूरा गरेको व्यक्तिले मत दिन पाउने तर गैर नेपाली नागरिक र मगज बिग्रेको व्यक्तिले भने मत दिन नपाउने थियो ।[३२५]

### ५.५.१.७ मतदाता नामावली

प्रत्येक वडाको मतदाता नामावली छुट्टाछुट्टै तयार गर्दा मतदाता हुनेलाई नाम दर्ता गर्ने समय दिई तयार गरी वडा वडाका सार्वजनिक स्थानमा राखिदिनुपर्ने र

---

३२० नगर पञ्चायत ऐन, २०१९ दफा ९ ।

३२१ नेपाल गजेट भाग २, १ मंसिर २०२१ ।

३२२ केही नेपाल कानुन (संसोधन) ऐन, २०२५ दफा २, नेपाल राजपत्र भाग २, खण्ड १८ अतिरिक्ताङ्क ३९, २८ चैत्र २०२५ ।

३२३ नगर पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ३ ।

३२४ नगर पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ९ ।

३२५ नगर पञ्चायत ऐन, २०१९ दफा ४ ।

नामावलीमा दाबी, विरोध, उजुरी उपर निर्णय र नामावलीको अन्तिम प्रकाशन गरी निर्वाचन कार्यक्रम अगाडि बढाउने व्यवस्था थियो ।[३२६]

### ५.५.१.८ नगर पञ्चायत सदस्य हुन अयोग्यता

बहालवाला सरकारी कर्मचारी, लेखपढ गर्न नजानेको, दामासाहीमा परेको, नगर पञ्चायतलाई तिर्नुपर्ने रकम बाँकी राखेको व्यक्ति समेत नगर पञ्चायत सदस्य हुन अयोग्य हुने व्यवस्था गरिए पनि बहालवाला कर्मचारी भएको व्यक्ति पनि श्री ५ को सरकारबाट मनोनीत सदस्यको हकमा लागू नहुने र अन्य अयोग्यता पनि श्री ५ को सरकारले हटाउन सक्ने व्यवस्था थियो ।[३२७]

### ५.५.१.९ प्रत्यक्ष-अप्रत्यक्ष चुनाव र गुप्त मतदान

नगर पञ्चायत सदस्यहरूको निर्वाचन गुप्त मतदानद्वारा प्रत्येक वडाबाट एकजना सदस्यको निर्वाचन हुने थियो भने प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन नगर पञ्चायतका निर्वाचित सदस्यहरू मध्येबाट गुप्त मतदानद्वारा हुने व्यवस्था थियो ।[३२८]

### ५.५.१.१० उम्मेदवारी दरखास्त र समर्थन

नगर पञ्चायत सदस्यमा उम्मेदवारी दिनेले निर्वाचन हुने दिनभन्दा दस दिन अगावै दरखास्त दिनुपर्ने, दरखास्त साथ सम्बन्धित वडाका कमसेकम दस जनाले समर्थन गरेको पत्र, धरौटी रसिद, एजेन्टको नाम, आफूले प्रयोग गर्न चाहेको चुनाव चिह्नहरूको नमुना समेत राखी दरखास्त दिनुपर्ने व्यवस्था थियो ।[३२९]

### ५.५.१.११ धरौट र चुनाव चिह्न

प्रत्येक उम्मेदवारले दरखास्त पेश गर्नु अगावै ने.रु.५०।- धरौट राख्नुपर्ने[३३०] र निर्वाचन चिह्न भरसक उम्मेदवारले रोजेको सो सम्भव नभए कुनै उपयुक्त चिह्न दिई कायम गर्ने व्यवस्था थियो ।[३३१] नगर पञ्चायतको निर्वाचनमा चिह्नको प्रयोग गरिने तर आवश्यकता अनुसार कुनै नगर पञ्चायतमा चिह्नको बदलामा रेजा

---

[३२६] नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम ४, ५, ६, ७, ८ ।

[३२७] नगर पञ्चायत ऐन, २०१९ दफा ५ ।

[३२८] नगर पञ्चायत ऐन, २०१९ दफा ८ ।

[३२९] नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम १०, ११, १२ ।

[३३०] नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम १३ ।

[३३१] नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम १६ ।

चिह्न लगाउने गरी निर्वाचन आयोगबाट आदेश हुन सक्ने र उम्मेदवारलाई चिह्न रोज्न लगाई उपयुक्त चिह्न दिने समेतको व्यवस्था थियो ।[३३२]

### ५.५.१.१२ उम्मेदवारको अन्तिम नामावली प्रकाशन

निर्वाचनका क्रममा अन्तिम उम्मेदवारहरूको नाम प्रकाशन गरी सार्वजनिक गर्ने व्यवस्था थियो ।[३३३]

### ५.५.१.१३ मतदान समय र मतदानपत्र

निर्वाचन अफिसरले मत लिने समयको निर्धारण गर्दा सात घन्टाभन्दा कम नगरी गर्नु पर्दथ्यो ।[३३४] प्रत्येक वडामा एक वा एकभन्दा बढी मत लिने स्थानहरू हुन सक्ने व्यवस्था गरिएको थियो भने मत लिने स्थानको अगाडि मतदाता र उम्मेदवारहरूको नाम राखिनुपर्ने समेत व्यवस्था थियो ।[३३५] श्री ५ को सरकारले तोकेको नमुना बमोजिमको मतदानपत्र तथा व्यालेट बक्स प्रयोग गरिएको थियो ।[३३६]

### ५.५.१.१४ मतदानपत्र फिर्ता लिई अर्को दिने

मतदाताले मतदानपत्र पाई त्यसमा आफ्नो मत दिने चिह्न चढाउँदा वा अरू कुनै कारणले च्यातिएमा वा फोहर भएमा त्यसलाई फर्काई अर्को मतदानपत्र लिन सक्ने र जिम्मेवारी लिएका कर्मचारीले त्यस्तो फर्काएको मतपत्रलाई खारेज गरी अर्को मतदानपत्र दिनुपर्ने व्यवस्था पनि गरिएको थियो ।[३३७]

### ५.५.१.१५ धरौटी जफत

कुनै उम्मेदवार निर्वाचित नभएमा र निजले पाएको मतको सङ्ख्या सदर मतको छ खण्डको एक खण्डभन्दा कम भएमा त्यस्तो उम्मेदवारको धरौट जफत हुने गरिएको थियो ।[३३८]

---

३३२ स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) अध्यादेश २०२५ दफा २७, नेपाल राजपत्र भाग २, खण्ड १८ अतिरिक्ताङ्क ३०, २५ माघ २०२५ ।

३३३ नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम १७ ।

३३४ नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम २० ।

३३५ नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम २५ ।

३३६ नगर पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम २४ ।

३३७ नगर पञ्चायत (निर्वाचन संशोधन) नियमावली, २०१९ नियम ८३ ।

३३८ नगर पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ६६ ।

#### ५.५.१.१६ विविध

यस्तै उक्त नियमावलीमा मत लिने स्थानमा प्रवेश, मतदानपत्र दिनु अगावै पुऱ्याउने तरिका, नाम ढाँटी मत दिन आएमा विरोध गर्ने, मतदानपत्र दिने, मत दिने तरिका आदि बारे व्यवस्था गरिएको थियो । मत दिने तरिकामा मतदाताले गुप्त कोठामा राखिएका आफूले मत दिने उम्मेदवारको निर्वाचन चिह्न टाँसिएको व्यालेट बक्समा मतदानपत्र खसाल्नुपर्ने व्यवस्था गरिएको थियो ।[३३९] यसै गरी बक्सभित्र नछिरेको मतपत्र बदर हुने, मतदानपछि व्यालेट बक्स बन्द गर्ने, मतदानको फाँटवारी तयार गरी निर्वाचन अफिसरलाई बुझाउने, मत गन्तीका लागि दिन तोक्ने, मत गन्ती गर्ने, बदर गर्नुपर्ने मतहरू बदर गर्ने, दोहोऱ्याई मत गन्ती गर्नुपर्ने कारण देखिए दोहोऱ्याई मत गन्ती गर्ने, निर्वाचन परिणाम घोषणा गर्ने लगायतका कामहरू निर्वाचन अफिसरले गर्नुपर्ने व्यवस्था थियो ।[३४०]

## ५.६ जिल्ला पञ्चायत निर्वाचन (वि.सं. २०१९-२०३१)

### ५.६.१ जिल्ला सभा

जिल्ला सभा सदस्यको निर्वाचन सम्बन्धमा गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरू र जिल्ला पञ्चायतको सभापति वा उपसभापति वा अरू सदस्यहरूको निर्वाचनको सम्बन्धमा जिल्ला सभाका सदस्यहरू मतदाता हुने थियो ।[३४१] ७५ जिल्लामा गरी ३५४८ जिल्ला सभाका पञ्चहरू निर्वाचित हुने व्यवस्था थियो ।[३४२]

### ५.६.२ जिल्ला पञ्चायत गठन र चुनाव पद्धति

#### ५.६.२.१ जिल्ला पञ्चायतको चुनाव

जिल्ला सभाको स्थापना भएपछि जिल्ला सभाका सदस्यहरू मध्येबाट गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति र अरू नौ जना सदस्यहरू समेत गरी जम्मा ११ जनाको कार्यकारिणी समितिको चुनाव गर्ने व्यवस्था रहेको थियो र

---

३३९ नगर पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम २६, २७, २८, २९, ३० ।

३४० नगर पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ३३, ३४, ३५, ३६, ३७, ३९, ४०, ४१, ४२, ४४ ।

३४१ जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम २ ।

३४२ थापा, विश्ववन्धु पञ्चायत र विभिन्न तह, गोरखापत्र, २६ आषाढ २०२० ।

सो कार्यकारिणी समितिलाई जिल्ला पञ्चायत मानिएको थियो ।[३४३] यसरी ७५ जिल्लामा ८२५ जिल्ला पञ्चायतका पञ्चहरूको निर्वाचन हुने व्यवस्था थियो ।[३४४]

### ५.६.२.२ समानुपातिक एक परिवर्तनीय मत पनि अवलम्बन हुन सक्ने

निर्वाचन अफिसरले आवश्यक क्षेत्रका जिल्लाहरूमा जिल्ला पञ्चायत सदस्यको चुनाव समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा पनि गर्न सक्ने र चुनावको सञ्चालन र सम्पादन एक परिवर्तनीय मतको आधारमा गरिनुपर्ने[३४५] व्यवस्था समेत गरिएबाट अप्रत्यक्ष निर्वाचन पद्धति अँगालिए पनि निर्वाचन अफिसरलाई समानुपातिक एक परिवर्तनीय मतको आधारमा निजले गर्न सक्ने अधिकार दिएर कुन पद्धति अपनाउने भन्ने निर्णयकर्ता निर्वाचन अफिसर हुने व्यवस्था पनि अनौठो र अपत्यारिलो थियो ।

### ५.६.२.३ निर्वाचन अफिसरको नियुक्ति

प्रत्येक निर्वाचनको लागि सात दिन अगावै श्री ५ को सरकारले निर्वाचन अफिसरको नियुक्ति गरी उक्त अफिसरले आवश्यकता अनुसार रिटर्निङ अफिसर र पोलिङ अफिसर खटाउन सक्ने व्यवस्था थियो ।[३४६]

### ५.६.२.४ निर्वाचन अफिसर- अञ्चलाधीश निर्वाचन अफिसर

जिल्ला पञ्चायत (निर्वाचन) नियम २०१९ को नियम ३१ अनुसार जिल्ला सभासद् र जिल्ला पञ्चायत निर्वाचनको लागि सम्बन्धित जिल्ला बडा हाकिम वा मेजिष्ट्रेटलाई निर्वाचन अफिसर नियुक्ति गर्ने व्यवस्था थियो तर पछि निर्वाचन आयोगको गठन भएपछि अञ्चलाधीश निर्वाचन अफिसर भई गराउने परिपाटी कायम गरी[३४७] जिल्ला सभासद्हरूको निर्वाचन छिट्टै समाप्त गराउने लक्ष्य राखी सो निर्वाचनको लागि निर्वाचन आयोगले अञ्चलाधीशलाई निर्वाचन अफिसर नियुक्त गरेको, निर्वाचन अफिसरले पनि रिटर्निङ अफिसर र पोलिङ अफिसरको नियुक्त गरेको समाचार प्रकाश भइसकेको थियो ।[३४८]

---

३४३ गोरखापत्र, १८ मंसिर २०१९ ।

३४४ थापा, विश्ववन्धु पञ्चायत र विभिन्न तह, गोरखापत्र, २६ आषाढ २०२० ।

३४५ जिल्ला पञ्चायत (निर्वाचन संसोधन) नियमावली २०१९ नियम ४४, नेपाल राजपत्र भाग ३, २३ पौष २०१९ ।

३४६ जिल्ला पञ्चायत (निर्वाचन) नियम २०१९ नियम ३ ।

३४७ नेपाल गजेट भाग ४, १ माघ २०१९ ।

३४८ पौड्याल, इन्दिरा मतदाता र मतदान, गोरखापत्र, ११ मंसिर २०२३ ।

### ५.६.२.५ कर्मचारी खटाइ

निर्वाचनको लागि कर्मचारी आवश्यकता भएमा निर्वाचन अफिसरले सरकारी अड्डासँग माग गरेमा खटाई पठाइदिई अड्डाखाना प्रमुखहरूले सहयोग दिनुपर्ने व्यवस्था थियो ।[३४९]

### ५.६.२.६ निर्वाचन मिति तोक्ने

निर्वाचनको निमित्त जिल्ला पञ्चायतले मिति, स्थान र समयको निर्णय गरी त्यसको सूचना मतदाताहरूको जानकारीको लागि नगर पञ्चायतको अफिस बोर्डमा टाँस्ने र गाउँ पञ्चायतका प्रधानपञ्चहरूलाई दिनुपर्ने थियो तर पहिलो निर्वाचनमा भने सो काम निर्वाचन अफिसरले गर्नुपर्ने थियो ।[३५०] पहिले जिल्ला पञ्चायत निर्वाचनको तिथि जिल्ला पञ्चायतले नै तोक्ने गरेकोमा श्री ५ को सरकारले निर्वाचन नियममा संशोधन गरी निर्वाचन तिथि तोक्ने अधिकारीमा जिल्ला पञ्चायत सचिवलाई तोकेको थियो ।[३५१]

### ५.६.२.७ निर्वाचन मिति र स्थानको निर्णय र सूचना तथा उम्मेदवारी

निर्वाचनको निमित्त जिल्ला पञ्चायतले मिति, स्थान र समयको निर्णय गर्ने र त्यस्तो निर्वाचनको सूचना मतदाताहरूको जानकारीको लागि नगर पञ्चायतको अफिस बोर्डमा टाँस्नुपर्ने, गाउँ पञ्चायतमा भने प्रधानपञ्चहरूलाई पठाउनुपर्ने, तर पहिलो निर्वाचनको मिति, समय र स्थान भने निर्वाचन अफिसरले गर्ने व्यवस्था थियो ।[३५२] यसै गरी उक्त नियमावलीमा उम्मेदवारी दरखास्त दिने, सो दरखास्त जाँच गर्ने, नाम फिर्ता लिने, उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गर्ने, मत लिने स्थान समय निर्धारित गर्ने, मत गन्ती, मतदान पत्र बदर हुने अवस्था र निर्वाचन परिणाम घोषणा गर्ने लगायतका बारेमा स्पष्ट व्यवस्था गरेको थियो ।[३५३]

---

३४९ जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ४० ।

३५० ऐजन नियम ४

३५१ गोरखापत्र, २४ जेठ २०२२ ।

३५२ जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ४ ।

३५३ ऐजन नियम ५, ६, ७, ८ ११, १२, १३, १४, १५, १७, १८, १९, २१ ।

### ५.६.२.८ दण्ड जरिवाना

मतदाताहरूको नाम अदलबदल गरेमा, अयोग्य हुने व्यक्तिले उम्मेदवारी दिएको देखिन आएमा, सूचना च्यातेमा, बिगारेमा, निर्वाचन सम्बन्धी कार्यमा अपहेलना गरेमा, बाधा पुर्‍याएमा निर्वाचन अफिसरले बढीमा ने.रु. १००।- सम्म जरिवाना गर्ने व्यवस्था थियो ।[३५४]

### ५.६.२.९ मत दिने तरिका

प्रत्येक मतदाताले मतदानपत्र लिँदा त्यसको भर्पाई गरी दिनुपर्ने र मतदाताले आफूले रोजेको उम्मेदवारको नाम अगाडि रेजा चिह्न दिई सो मतदानपत्र निर्वाचन अफिसर वा निजले तोकेको व्यक्तिलाई दिनुपर्ने व्यवस्था थियो ।[३५५] मतपत्र लिँदा भरपाई गर्नुपर्ने र मतदान गरेपछि मतपत्र मत पेटिकामा नखसाली अफिसरलाई दिनुपर्ने व्यवस्था पनि अनौठो र अपत्यारिलो नै थियो ।

### ५.६.२.१० पदावधि

जिल्ला पञ्चायतमा रिक्त एक तृतीयांश सदस्यहरूको निर्वाचन (जिल्ला पञ्चायत सदस्यको पदावधि छ वर्षको हुने र प्रति दुई वर्षमा एक तृतीयांश सदस्यको स्थान रिक्त हुँदै जाने व्यवस्था) मा तीन स्थानका लागि अधिकांश जिल्लामा जिल्ला सभासद्हरू मध्ये प्रत्येक जसोले आफूलाई नै उम्मेदवारका रूपमा पेश गर्ने प्रवृत्ति देखाएका थिए ।[३५६] पहिलो भएको चुनावपछि गोला हाली दुई, चार र छ वर्षको पदावधि हुने गरी सदस्यहरूको पदावधि कायम गरिएको थियो । पछि जिल्ला पञ्चायत सभापति र उपसभापतिको पदावधि दुई वर्षको सट्टा चार वर्ष हुने गरिएको थियो ।[३५७]

### ५.६.२.११ उम्मेदवारी

निर्वाचन अफिसरले तोकेको म्यादभित्र उम्मेदवार दरखास्त पत्र मतदाता नामावलीमा परेको छ छैन हेरी जाँची हेर्ने व्यवस्था थियो ।[३५८]

---

[३५४] जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ४१ ।

[३५५] जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम १५ ।

[३५६] राचन्यौ, जिल्ला पञ्चायत र रा.पं.को चुनावमा देखापरेका केही नयाा प्रवृत्तिहरू, गोरखापत्र, १८ माघ २०३० ।

[३५७] केही नेपाल कानुन (संसोधन) ऐन, २०२५, २, नेपाल राजपत्र, भाग २, खण्ड १८ अतिरिक्ताङ्क ३९, २८ चैत्र २०२५।

[३५८] जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०२० नियम ५ ।

### ५.६.२.१२ उम्मेदवारको नाम प्रकाशन

यसैगरी उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको नाम प्रकाशन गर्ने, निर्विरोध छानिने आदि प्रक्रिया निर्धारित थियो ।[३५९]

### ५.६.२.१३ मतदानपत्रमा वर्णानुक्रम

निर्वाचनका लागि प्रयोग गरिने मतदानपत्रमा उम्मेदवारको नाम उल्लेख गर्दा वर्णानुक्रम अनुसार राखिन्थ्यो ।[३६०]

### ५.६.२.१४ गुप्त मतदान

हरेक निर्वाचन गुप्त मतदानद्वारा हुने र एकजनाको सट्टा अर्को व्यक्तिले मत दिन नपाउने थियो ।[३६१]

### ५.६.२.१५ मत गन्ती

मत लिने काम सकिएपछि निर्वाचन अफिसरले यथासम्भव तुरुन्तै मत गन्ती गर्नु पर्दथ्यो । मत गन्ती गर्ने ठाउँमा उम्मेदवार र निजको एक जना वारेस राखी मत गन्ती गर्नु पर्दथ्यो । मत बराबर भएमा गोला हाली निर्णय लिइन्थ्यो । तर सभापति र उपसभापतिको हकमा ५० प्रतिशतभन्दा बढी मत प्राप्त नभएमा सबैभन्दा बढी मत प्राप्त गर्ने प्रथम र दोस्रोलाई उम्मेदवार कायम गरी पुनः मतदान गराई खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नेलाई विजय घोषित गरी उक्त परिणाम श्री ५ को सरकारको सम्बन्धित विभागमा पठाउनु पर्दथ्यो ।[३६२]

## ५.६.३ निर्वाचन आयोगद्वारा निर्वाचन

विगत वर्षहरूको गाउँ र नगर पञ्चायतको निर्वाचनमा जिल्ला पञ्चायतको रेखदेख रहन्थ्यो र जिल्ला पञ्चायतद्वारा नै कर्मचारीहरू खटिई चुनाव गराइन्थ्यो । त्यसो हुँदा जिल्ला पञ्चायतका सभापति र सदस्यहरूद्वारा आफ्नो पक्षको उम्मेदवारलाई विजयी

---

३५९ जिल्ला पञ्चायत (निर्वाचन) नियमावली २०१९ नियम ६, ७, ८ ।

३६० ऐजन, नियम १३ ।

३६१ ऐजन, नियम १२ ।

३६२ जि.पं नियम २०१९ नियम १७, १८, २० र २१ ।

गराउने प्रयास हुँदैनथ्यो भन्न सकिँदैन । तर यस वर्षदेखि निर्वाचन आयोगद्वारा निर्वाचन गराइँदै थियो ।[३६३]

काठमाडौँ जिल्ला पञ्चायतको सभापति र उपसभापति तथा एक तिहाइ सदस्यहरूको निर्वाचन माघ २३ मा भएको थियो भने[३६४] सप्तरी[३६५], मकवानपुर[३६६], भक्तपुर[३६७], डोटी[३६८] लगायतका जिल्लाहरूमा पनि यसैगरी निर्वाचन भएका थिए । यस्तै धनुषामा सभापति पदमा पहिलो पटक कसैले पनि आवश्यक बहुमत ल्याउन नसकेकाले दोस्रो पटक चुनाव भएको थियो ।[३६९]

जिल्ला पञ्चायतको सभापति र उपसभापति तथा सदस्यहरूको रिक्त पद पूर्तिका लागि हिमाली क्षेत्रका डोल्पा र मुस्ताङ जिल्ला बाहेक अन्य सबै जिल्लाहरूमा चैत्र ३० मा निर्वाचन हुने[३७०] र चैत्र २७ मा मतदाता नामावली प्रकाशन र उम्मेदवारको दरखास्त दर्ता र चैत्र २८ मा उम्मेदवारहरूको नाम प्रकाशन गर्ने कार्यक्रम राखी[३७१] निर्वाचन सम्पन्न गरिएको थियो ।

जिल्ला पञ्चायतको चुनावमा जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोक्ने गरिएको थियो ।[३७२] जिल्ला पञ्चायत सभापतिको रिक्त पदको निर्वाचन वर्षाद्पछि हुने जनाइएको थियो ।[३७३] जिल्ला पञ्चायतको रिक्त पदहरूको निर्वाचन २०२८।१।३१ गते सम्ममा पूरा हुने गरी वैशाख २८ मा मतदाता नामावली प्रकाशन, त्यसै दिन २.०० बजेदेखि भोलिपल्ट २९ गते ११.०० बजेसम्म उम्मेदवारी दरखास्त र ३१ गते मतदान कार्यक्रम राखी सम्पन्न गरिएका थिए ।[३७४]

---

३६३ रिसाल, पञ्चायतहरूको निर्वाचन चहलपहल, गोरखापत्र, ८ मंसिर २०२३ ।

३६४ गोरखापत्र, २४ माघ २०२१ ।

३६५ गोरखापत्र, १८ फागुन २०२१ ।

३६६ गोरखापत्र, २६ पौष २०२१ ।

३६७ गोरखापत्र, १८ माघ २०२१ ।

३६८ गोरखापत्र, २४ पौष २०२१ ।

३६९ गोरखापत्र, १० माघ २०२१ ।

३७० निर्वाचन आयोग, गोरखापत्र, १२, १४ चैत्र २०२६ ।

३७१ ऐजन ।

३७२ गोरखापत्र, ८ वैशाख २०२८ ।

३७३ निर्वाचन आयोग, गोरखापत्र, २८ वैशाख २०२६ ।

३७४ गोरखापत्र, ८ वैशाख २०२८ ।

यसरी पहिलो जिल्ला पञ्चायतको निर्वाचन २०१९ सालको माघ महिनादेखि सुरु गरी गोरखा, सुनसरी, धादिङ, डोटी, पाल्पा, बाग्लुङ, पर्सा, सप्तरीमा ४ गते, ललितपुर, भक्तपुर, काठमाडौँ, चितवन, सिराहा, रूपन्देहीमा ५, बारामा १२ गते, कास्कीमा १४ गते, मोरङ, तेह्रथुममा १६ गते सम्पन्न भएका थिए भने[३७५] अन्य जिल्लाहरूमा पनि फागुन महिनाभित्र चुनाव सम्पन्न गरिएका थिए ।[३७६]

## ५.७ अञ्चल पञ्चायत निर्वाचन (वि.सं. २०१९-२०३०)

### ५.७.१ अञ्चल पञ्चायत निर्वाचन, २०१९

प्रत्येक अञ्चलमा सम्बन्धित अञ्चल अन्तर्गतका जिल्ला पञ्चायतका सदस्यहरू रहेको एउटा अञ्चल सभाको गठन गरी त्यसले निर्वाचनद्वारा चुनेको ११ जनाको कार्यकारिणी समितिलाई अञ्चल पञ्चायत भनिन्थ्यो ।[३७७]

### ५.७.२ अञ्चल पञ्चायत

अञ्चल पञ्चायत ऐन, २०१९ जारी भएपछि प्रत्येक अञ्चलमा अञ्चल सभा गठन गर्ने र अञ्चल सभामा अञ्चलभित्रका जिल्ला पञ्चायतका सदस्यहरू स्वतः सदस्य बन्ने व्यवस्था थियो । साथै अञ्चल सभामा अञ्चल स्तरीय महिला संगठनबाट तीन जना, किसान संगठनबाट चार जना, युवक संगठनबाट चार जना, मजदुर संगठनबाट दुई जना र भूतपूर्व सैनिक संगठनबाट दुई जना छानिएर गएका व्यक्तिहरू पनि सदस्य हुने र कम्तीमा शास्त्री वा व्याचलर्स डिग्री प्राप्त गरेका व्यक्तिहरू मध्येबाट चार जनालाई पनि अञ्चल पञ्चायतले मनोनीत गर्ने व्यवस्था थियो । अञ्चल सभाका सदस्यहरूको पदावधि निजहरू जिल्ला पञ्चायत सदस्य रहेसम्म रहने गरिएको थियो ।[३७८]

### ५.७.३ अञ्चल पञ्चायत निर्वाचन

अञ्चल सभाका सदस्यहरू मध्येबाट अञ्चल पञ्चायतका लागि गुप्त मतदानद्वारा एक सभापति, एक उपसभापति एवं नौ सदस्यहरू गरी जम्मा ११ जनाको एक कार्यकारिणीको चुनाव गरिने व्यवस्था थियो । अञ्चल सभाले अञ्चल पञ्चायतका

---

३७५ गोरखापत्र, ५, ७, १३, १५ र १६ माघ २०१९ ।

३७६ गोरखापत्र, १६ फागुन २०१९ ।

३७७ नेपाल गजेट, ३ माघ २०१९ ।

३७८ गोरखापत्र, १८ माघ २०१९ ।

सदस्यहरूको निर्वाचन गर्दा उक्त अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एक सदस्य निर्वाचित गर्ने व्यवस्था गरिएको थियो ।[३७९]

### ५.७.४ निर्वाचन अफिसर नियुक्ति

प्रत्येक अञ्चल पञ्चायतको निर्वाचनको लागि कमसेकम सात दिन अगावै श्री ५ को सरकारले निर्वाचन अफिसरको नियुक्ति गर्ने व्यवस्था थियो ।[३८०] श्री ५ को सरकारले अञ्चल पञ्चायतको निर्वाचनका लागि सम्बन्धित अञ्चलाधीशलाई अफिसर नियुक्त गरेको थियो ।[३८१]

### ५.७.५ अप्रत्यक्ष निर्वाचन- गुप्त मतदान

अञ्चल सभाका सदस्यहरूले आफू मध्येबाट गुप्त मतदानद्वारा एक/एक सभापति, उपसभापति र अरू नौ सदस्यहरू समेत गरी ११ जनाको अञ्चल पञ्चायत गठन हुने व्यवस्था थियो । चुनाव गर्दा पहिले सभापति, उपसभापतिको चुनाव गरी अरू नौ सदस्यको चुनाव गर्नु पर्दथ्यो ।[३८२] मतदान गोप्य हुने व्यवस्था थियो[३८३] भने अप्रत्यक्ष चुनाव पद्धतिबाट नै अञ्चल पञ्चायतको निर्वाचन गरिन्थ्यो ।

### ५.७.६ पचास प्रतिशत मत ल्याउनुपर्ने

अञ्चल सभाको सभापति र उपसभापतिको उम्मेदवारहरूले खसेको ५० प्रतिशतभन्दा बढी मत ल्याई विजयी हुने व्यवस्था थप गरियो । त्यसरी सो बमोजिम मत ल्याउन नसके बढी मत प्राप्त गर्ने दुई/दुई उम्मेदवारहरू बिच पुनः मतदान गराई खसालिएको र सदर मतको बहुसङ्ख्यक मत पाउनेलाई निर्वाचित भएको घोषणा गर्ने व्यवस्थापछि गरिएको थियो ।[३८४]

### ५.७.७ पदावधि

अञ्चल पञ्चायतको सभापति र उपसभापतिको पदावधि दुई वर्षको हुने र अरू नौ सदस्यको पदावधि छ वर्षको हुने व्यवस्था थियो ।[३८५] तर प्रथम पटक निर्वाचित

---

[३७९] गोरखापत्र, १९ माघ २०१९ ।

[३८०] अञ्चल पंचायत (निर्वाचन) नियमावली २०१९ नियम ३ ।

[३८१] नेपाल गजेट भाग ४, ५ माघ २०१९ ।

[३८२] अञ्चल पञ्चायत ऐन, २०१९ दफा १५ ।

[३८३] अञ्चल सभामा सभापति र उपसभापति निर्वाचन ऐन, २०२५, दफा १५, नेपाल राजपत्र, भाग ४, २१ श्रावण २०२५ ।

[३८४] ऐजन, दफा २१ ।

[३८५] अञ्चल पञ्चायत ऐन, २०१९ दफा १८ ।

सदस्यहरूको गोला हाली दुई, चार र छ वर्षको कायम गरिनुपर्दथ्यो । रिक्त हुन आएका सदस्यको पदावधि निर्वाचनद्वारा पूर्ति गरिनु पर्दथ्यो ।[३८६] अञ्चल पञ्चायत बैठकमा सभापतिले प्रथम पटकको हकमा गोला हाली पदावधि कायम गरिन्थ्यो । पछि २०२६ सालमा भएको संशोधनबाट सभापति उपसभापतिको पदावधि चार वर्षको हुने व्यवस्था गरिएको थियो ।[३८७] महाकाली अञ्चल पञ्चायतका निर्वाचित सदस्यहरू ११ जनाको पदावधि तीन/तीन जना क्रमशः छ, चार र दुई वर्ष निश्चित गरिएको थियो ।[३८८]

### ५.७.८ निर्वाचन मिति निर्धारण

निर्वाचनको निम्ति अञ्चल पञ्चायतले मिति, स्थान र समयको निर्णय गर्ने र सोको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको लागि प्रकाशित गर्ने तर पहिलो निर्वाचनको मिति, समय र स्थान भने निर्वाचन अफिसरले निर्णय गर्ने व्यवस्था थियो ।[३८९]

### ५.७.९ उम्मेदवारी दरखास्त र अन्य प्रक्रिया

नियमावलीमा उम्मेदवारी दरखास्त, नाम फिर्ता लिने, उम्मेदवारहरूको नाम प्रकाशन, मतदान पत्र, मत दिने तरिका, मत गन्ती, मतदान पत्र बदर हुने अवस्था, निर्वाचन परिणामको घोषणा लगायतका निर्वाचन सम्पन्न गर्न आवश्यक व्यवस्थाहरू गरिएको थियो ।[३९०] फरक-फरक मिति र महिनामा विभिन्न १४ अञ्चल पञ्चायतहरूको निर्वाचन २०२० वैशाखदेखि सुरु भई आषाढ महिनाभित्र सम्पन्न भएको थियो ।[३९१] मेची अञ्चल पञ्चायतको सभापति, उपसभापति र रिक्त एक तिहाइ सदस्यहरूको निर्वाचन सम्पन्न भएको थियो ।[३९२]

### ५.७.१० अञ्चल पञ्चायत ऐन, २०१९ खारेज

अञ्चल पञ्चायत ऐन, २०१९ खारेज भएकाले अञ्चल पञ्चायत सदस्यको हैसियतले जिल्ला सभा सदस्य भइरहेका व्यक्तिहरू जिल्ला सभा सदस्य हुन नसक्ने भई

---

३८६ ऐजन ।

३८७ गोरखापत्र, ४ वैशाख, २०२६ ।

३८८ गोरखापत्र, १६ चैत्र, २०१९ ।

३८९ अञ्चल पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम ४ ।

३९० अञ्चल पञ्चायत (निर्वाचन) नियमावली, २०१९ नियम ५, ६, ७, ८, ९, ११, १२, १३, १५, १७, १९ र २१ ।

३९१ गोरखापत्र, २१ आषाढ २०२० ।

३९२ गोरखापत्र, १७ जेठ २०२२ ।

निजहरूले जिल्ला पञ्चायतको निर्वाचनमा भाग लिन नपाउने हुँदा निर्वाचन आयोगबाट सूचना जारी गरिएको थियो ।[३९३] यसरी १४ अञ्चलहरूमा विभिन्न मितिमा चुनाव गरी अञ्चल पञ्चायत गठन गरिने गरिएको र पछि यो तह नै खारेज गरिएको थियो ।[३९४]

## ५.८ गाउँ पञ्चायत निर्वाचन (वि.सं. २०३२-२०३५)

### ५.८.१ गाउँ पञ्चायत निर्वाचन २०३२-२०३५

संविधानको दोस्रो संशोधनपछि स्थानीय निकाय निर्वाचन गर्ने पद्धतिमा व्यापक फेरबदल गरी प्रत्यक्ष निर्वाचन पद्धतिलाई करिब करिब नअपनाई अप्रत्यक्ष निर्वाचन पद्धति अपनाई जनप्रतिनिधिहरूको छनोट गर्ने व्यवस्था गरियो । त्यस्तै स्थानीय निकायको जुनसुकै तह र पदमा उम्मेदवार हुनको लागि पनि गाउँ फर्क राष्ट्रिय अभियानबाट अनुमोदन हुनुपर्ने अनिवार्य व्यवस्था समेत थपिएबाट चुनाव पद्धतिलाई नै साँघुरो बनाइएको स्पष्ट हुन्थ्यो ।

### ५.८.२ निर्वाचनको चरण

नेपाल अधिराज्यका १४ अञ्चलहरूलाई ४ भागमा बाँडी पहिलो समूहमा सगरमाथा, लुम्बिनी र सेती, दोस्रो समूहमा भेरी, गण्डकी, वाग्मती र मेची, तेस्रोमा कर्णाली, महाकाली र जनकपुर र चौथो समूहमा कोशी, नारायणी, धवलागिरी र राप्ती पारिएको थियो र त्यस्तै प्रत्येक समूहमा चार वर्षमा एक पटक चुनाव हुने व्यवस्था अनुसार २०३२ देखि पहिलो, २०३३।१०।२९ देखि दोस्रो, २०३४ देखि तेस्रो र २०३५।१०।२९ देखि चौथो समूहमा परेका अञ्चल अन्तर्गतको जिल्लाहरूका सम्पूर्ण गाउँ पञ्चायत/नगर पञ्चायतहरूमा चुनावको सुरुआत गरिएको थियो । यसरी चुनाव गर्दा जिल्लाभित्रका गाउँ पञ्चायत/नगर पञ्चायतहरूलाई दुई चरणमा विभाजन गरी सोही अनुसार निर्वाचन कार्यक्रम सम्पन्न गरिएको थियो ।

### ५.८.३ गाउँ सभा र वडा अध्यक्ष

प्रत्येक वडाबाट गाउँ सभाको लागि पाँच जना सदस्यहरूको निर्वाचन गरी सबै वडाबाट निर्वाचित सदस्यहरू भएको गाउँ सभा गठन हुने व्यवस्था थियो भने प्रत्येक वडामा पाँच सदस्यहरू रहेको वडा समिति हुने र गाउँ सभाका प्रत्येक वडाका सदस्यहरू मध्येबाट एकजनाको हिसाबले गाउँ सभाका सम्पूर्ण सदस्यहरूले

---

[३९३] गोरखापत्र, २५ फागुन २०२४ ।

[३९४] गोरखापत्र, १ पौष २०३२ ।

निर्वाचन गरी पठाएका नौ जना सदस्यहरू तत् तत् वडा समितिको अध्यक्ष हुने व्यवस्था थियो ।[३९५]

### ५.८.४ गाउँ पञ्चायत गठन

गाउँ सभाका प्रत्येक वडाका सदस्यहरू मध्येबाट एकजनाका हिसाबले गाउँ सभाका प्रत्येक वडाका सदस्यहरूले निर्वाचन गरी पठाएका नौ जना सदस्यहरू र गाउँ फर्क राष्ट्रिय अभियानबाट मनोनीत दुई जना सदस्यहरूको साथै प्रधानपञ्च र उपप्रधानपञ्चहरू गरी ४७ जना रहने गरी गाउँ पञ्चायत गठन हुने व्यवस्था थियो ।[३९६] पछि २०३४ को अध्यादेशबाट गाउँ फर्क राष्ट्रिय अभियानबाट मनोनीत हुने व्यवस्था हटाइएको थियो ।[३९७]

### ५.८.५ गाउँ पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन अप्रत्यक्ष

गाउँ पञ्चायतका सदस्यहरूले सम्पूर्ण सदस्य सङ्ख्याको तीन खण्डको दुई खण्ड बहुमतले आफू मध्येबाट प्रधानपञ्च र उपपधानपञ्चको निर्वाचन गर्ने तर कुनै उम्मेदवारले सो  बमोजिम बहुमत प्राप्त गर्न नसके गाउँ फर्क राष्ट्रिय अभियान जिल्ला समितिले गाउँ पञ्चायत सदस्यहरू  मध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्च मनोनीत गर्ने व्यवस्था थियो ।[३९८]

### ५.८.६ खसेको मतको ५० प्रतिशत ल्याउनुपर्ने

पछि २०३४ सालमा स्थानीय निकाय निर्वाचन सम्बन्धी अध्यादेशद्वारा गाउँ पञ्चायत/नगर पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च साथै जिल्ला पञ्चायत सभापति र उपसभापतिको निर्वाचनमा खसेको मतको ५० प्रतिशतभन्दा बढी मत ल्याए मात्र निर्वाचित हुने र सो  बमोजिम मत नल्याए बढी मत प्राप्त गर्ने दुई उम्मेदवार कायम गरी पुनः निर्वाचन गरी बढी मत प्राप्त गर्ने निर्वाचन हुने व्यवस्था लागू भई गाउँ फर्क राष्ट्रिय अभियानबाट मनोनीत गर्ने व्यवस्था हट्न पुगेको थियो ।[३९९] हालको अध्यादेशहरूले गाउँ पञ्चायत/नगर पञ्चायत र जिल्ला

---

[३९५] गा.पं. (छैटौं संसोधन) ऐन, २०३३, परिच्छेद २, दफा ३ ।

[३९६] ऐजन, परिच्छेद ४, दफा १२ ।

[३९७] भण्डारी, माधव, वर्तमान अध्यादेश  : केही चर्चा, गोरखापत्र, ८ माघ २०३४ ।

[३९८] गा.पं. (छैटौं संशोधन) ऐन, २०३३, परिच्छेद ४ दफा १२ ।

[३९९] शिवाकोटी, पञ्चायती व्यवस्थाको परिमार्जनमा थप पाईलो, गोरखापत्र, ११ माघ २०३४ ।

पञ्चायतका सदस्यलाई गाउँ फर्क राष्ट्रिय अभियानबाट मनोनीत गर्ने प्रणालीलाई हटाइएकोले पञ्चहरूमा बढी जनमुखी हुने प्रेरणा प्राप्त भएको थियो ।[४००]

### ५.८.७ पदावधि

गाउँ पञ्चायतका सदस्य तथा पदाधिकारीहरूको पदावधि चार वर्षको हुने व्यवस्था थियो ।[४०१]

### ५.८.८ मतदाता

गाउँ सभा सदस्य पदमा सम्बन्धित गाउँ पञ्चायतका २१ वर्ष पुगेका नेपाली नागरिकहरू, गाउँ पञ्चायत सदस्य पदमा गाउँ सभाका सदस्यहरू तथा प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचनमा गाउँ सभाका सम्पूर्ण सदस्यहरू मतदाता रहने व्यवस्था थियो ।[४०२]

### ५.८.९ वडा वडाको बेग्लाबैग्लै बुथ

यस निर्वाचनदेखि गाउँ सभा सदस्यहरूको निर्वाचन गाउँ पञ्चायत भवनमा र भवन नभए उपयुक्त ठाउँमा राखी सबै वडाको निर्वाचन गरिँदा सबै वडाका लागि बेग्लाबैग्लै बुथ राखिने व्यवस्था गरिएको थियो ।[४०३]

### ५.८.१० उम्मेदवारको योग्यता

२५ वर्ष उमेर पुगी नैतिक पतन देखिने फौजदारी अभियोगमा छ महिनाभन्दा बढी कैदको सजाय भई सो सजाय भोगिसकेको मितिले पाँच वर्ष भुक्तान नभएको, गाउँ फर्क राष्ट्रिय अभियानले उम्मेदवारी अनुमोदन नगरेको तथा संघ संस्था (नियन्त्रण गर्ने) ऐन २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत सजाय पाई सो सजाय भोगिसकेको मितिले दुई वर्षसम्म उम्मेदवार हुन नपाउने व्यवस्था समेत थप गरिएको थियो ।[४०४]

---

४०० प्रसाईं, दीर्घराज, पञ्चायतको निर्वाचनमा केही नयाँ आयामहरू, गोरखापत्र, १० फागुन २०३४ ।

४०१ गोरखापत्र, १ पौष २०३२ ।

४०२ गोरखापत्र, २९ माघ २०३४ ।

४०३ गोरखापत्र, २ माघ २०३३ ।

४०४ गोरखापत्र, २९ माघ २०३४ ।

### ५.८.११ गाउँ फर्कबाट अनुमोदनको अनिवार्यता

उम्मेदवार हुन गाउँ फर्कबाट अनुमोदन हुनुपर्ने व्यवस्था अनिवार्य गरिएको र सर्वसम्मति हुन नसके मनोनयनद्वारा पूर्ति गरिने गरिन्थ्यो ।[४०५]

### ५.८.१२ निर्वाचन परिणामको घोषणा

चुनाव परिणामको घोषणा निर्वाचन आयोगले गर्ने व्यवस्था थियो ।[४०६]

### ५.८.१३ रङ, चुनाव चिह्न र मतपत्र

पहिलो चरणको निर्वाचनमा उम्मेदवारले रङ छान्ने व्यवस्था थियो भने दोस्रो समूहको गाउँ, नगर सभाका सदस्यहरूको निर्वाचनदेखि उम्मेदवारहरूले रङ छान्ने प्रथाको सट्टा चिह्न छान्ने प्रबन्ध गरी[४०७] विभिन्न चिह्न अङ्कित एउटै मतपत्रको[४०८] सुरुआत भएको थियो । पहिले गाउँ तथा नगर पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च तथा सो दुई पदहरूदेखि माथिल्लो तहमा मतपत्रमा रेजा चिह्नको प्रयोग गरिएकोमा[४०९] चौथो चरणमा निर्वाचनदेखि मतपत्रमा छाप लगाउने व्यवस्थाको[४१०] सुरुआत गरिएको थियो ।

### ५.८.१४ निर्वाचन परिणाम र निर्विरोध निर्वाचित

काठमाडौँ जिल्लाका ४२ गाउँ पञ्चायतको गाउँ सभाहरूको निर्वाचन निर्विरोध भएको ८४ गाउँ पञ्चायतको ४ वडामा मात्र निर्वाचन भएको थियो ।[४११] ललितपुर नगर पञ्चायत र गाउँ पञ्चायतको सबै नगर सभासद् र गाउँ सभाको निर्वाचन निर्विरोध सम्पन्न भएको थियो । त्यस्तै पाँचथर जिल्लामा ९५ प्रतिशत वडा अध्यक्षहरू सर्वसम्मतिबाट निर्वाचित भएका थिए ।[४१२]

---

४०५ सम्पादकीय, निर्वाचन प्रारम्भ, गोरखापत्र, २ फागुन २०३३ ।

४०६ गोरखापत्र, १६ फागुन २०३३ ।

४०७ गोरखापत्र, २ माघ २०३३ ।

४०८ गोरखापत्र, २ माघ २०३५ ।

४०९ गोरखापत्र, २ माघ २०३३ ।

४१० गोरखापत्र, २ माघ २०३५ ।

४११ गोरखापत्र, ११ फागुन २०३३ ।

४१२ ऐजन ।

पहिलो समूहमा परेका तीन अञ्चलमा गतः चैत्रदेखि भइरहेको निर्वाचन शान्तिपूर्ण रूपमा भइरहेको थियो ।[४१३] निर्वाचनको पहिलो समूहमा परेका सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरूमा स्थानीय निकायहरूका पदाधिकारी एवं सदस्यहरूको पदावधि जुनसुकै मितिमा समाप्त हुने भए पनि सो पदपूर्तिको लागि हुने निर्वाचनको सूचना प्रकाशित नभएसम्मका लागि पदावधि कायम राखिएको थियो ।[४१४]

यसैगरी फागुन २०३५।११।९ गतेदेखि अर्को चरणको ३७६ गाउँ तथा पाँच नगर पञ्चायतमा गाउँ तथा नगर सभा सदस्यको निर्वाचन कार्यक्रम सुरु गरी गाउँ तथा नगर पञ्चायत सदस्य र प्रधानपञ्च तथा उपप्रधानपञ्चको निर्वाचन फागुन १७ गते समाप्त गर्ने कार्यक्रम प्रकाशित गरिएको थियो ।[४१५] निर्वाचनको तेस्रो समूहमा परेका केही जिल्लाहरूका गाउँ पञ्चायतको निर्वाचनको लागि चैत्र दुईदेखि छ गतेसम्म गाउँ फर्कले अनुमोदन पत्र दिइने कार्यक्रम रहेको थियो[४१६] भने केही जिल्लाहरूका गाउँ पञ्चायतको निर्वाचन सम्पन्न पनि भइसकेको थियो ।[४१७] निर्वाचनको चतुर्थ समूहमा परेका कोशी, नारायणी, धवलागिरी र राप्ती अञ्चलका २० जिल्लाहरूका ७५६ गाउँ पञ्चायत र सात नगर पञ्चायतमा दुई चरणमा निर्वाचन सम्पन्न गराउने कार्यक्रम अनुसार प्रथम चरणका ३८० गाउँ पञ्चायत र दुई नगरपञ्चायतमा २०३५।१०।२९ गतेदेखि निर्वाचन सुरु हुने कार्यक्रम थियो जस अनुसार मतदाता नामावली प्रकाशन, उम्मेदवारी दर्तादेखि फागुन तीन गते मतदान हुने कार्यक्रम राखिएको थियो । फागुन पाँच गते गाउँ तथा नगर पञ्चायतका सदस्यको र सात गते प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचन सम्पन्न गर्ने कार्यक्रम प्रकाशित गरिएको थियो ।[४१८] विगतका निर्वाचनभन्दा चौथो समूहको निर्वाचनप्रति व्यापक जनसहभागिता रहेको र निर्वाचन रुचिपूर्वक सम्पन्न भएको जनाइएको थियो ।[४१९]

---

[४१३] गोरखापत्र, २ जेठ २०३३ ।

[४१४] स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने ऐन, २०३७, दफा ३ ।

[४१५] गोरखापत्र, २८ फागुन २०३५ ।

[४१६] गोरखापत्र, २८ फागुन २०३४ ।

[४१७] गोरखापत्र, १६, १८ फागुन २०३४ ।

[४१८] गोरखापत्र, २८ फागुन २०३५ ।

[४१९] गोरखापत्र, ४ फागुन २०३५ ।

## ५.९ नगर पञ्चायत निर्वाचन, (वि.सं. २०३२-२०३५)

### ५.९.१ नगर सभा र पञ्चायतको गठन

प्रत्येक वडाबाट पाँच/पाँच जनाको दरले निर्वाचित सदस्यहरू भएको नगर सभा गठन हुने र सो वडाका पाँच जना नगर सभाका सदस्यहरूको वडा समिति रहने गरी सो वडाबाट नगर पञ्चायत सदस्यमा निर्वाचित भएको व्यक्ति वडा समितिको अध्यक्ष हुने व्यवस्था गरियो ।

नगर पञ्चायतमा नगर सभाका प्रत्येक वडाका सदस्यहरू मध्येबाट एक जनाका हिसाबले नगर सभाका सम्पूर्ण सदस्यहरूले निर्वाचन गरी पठाएका सदस्यहरू र गाउँ फर्क राष्ट्रिय अभियान समितिबाट वडा सङ्ख्याका आधारमा दुई जनादेखि छ जनासम्म मनोनीत गरेका सदस्यहरू रहने व्यवस्था थियो । सो बाहेक नगर पञ्चायतमा श्री ५ को सरकारले निर्वाचित सदस्य सङ्ख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी सदस्यहरू मनोनीत गर्न सक्ने व्यवस्था समेत गरिएको थियो । गाउँ फर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्दा महिला सदस्य निर्वाचन भए नभएको हेरी एक जना महिला सदस्य मनोनीत गर्नुपर्ने व्यवस्था गरेको थियो ।[४२०]

### ५.९.२ नगर पञ्चायत प्रधानपञ्च र उपप्रधानपञ्च निर्वाचन

नगर पञ्चायतका सदस्यहरूले आफ्नो सम्पूर्ण सदस्य सङ्ख्याको दुई-तिहाइ बहुमतले आफू मध्येबाट प्रधान र उपप्रधानपञ्च छान्ने व्यवस्था गरिएको थियो । कुनै उम्मेदवारले सो बमोजिमको बहुमत प्राप्त गर्न नसकेमा गाउँ फर्क राष्ट्रिय अभियान समितिले नगर पञ्चायत सदस्यहरू मध्येबाट प्रधानपञ्च र उपप्रधानपञ्च तोक्ने व्यवस्था गरिएको थियो । यो व्यवस्था पछि २०३४ मा संशोधन गरी ५० प्रतिशतभन्दा बढी मत ल्याउने निर्वाचित हुने र सो बमोजिम मत ल्याउन नसकेमा बढी मत ल्याउने दुई उम्मेदवार कायम गरी बढी मत ल्याउने निर्वाचित हुने व्यवस्था गरिएको थियो ।[४२१] नगर सभाले आफू मध्येबाट एक एक जना प्रधानपञ्च र उपप्रधानपञ्चको छनोट गर्ने व्यवस्था गरी यसभन्दा अगाडि प्रधान एवं उपप्रधानपञ्च र वडाध्यक्षको निर्वाचन जनताबाट प्रत्यक्ष हुने व्यवस्थालाई हटाई अप्रत्यक्ष चुनाव पद्धतिलाई अङ्गीकार गरिएको थियो ।

४२० गोरखापत्र, १ पौष २०३२ ।

४२१ गोरखापत्र, २९ माघ २०३४ ।

### ५.९.३ मतदाता र उम्मेदवार

यस्तै नगर सभाको सदस्यताको निमित्त हुने निर्वाचनमा नगर पञ्चायत क्षेत्रभित्रको सम्बन्धित वडाको मतदाता उम्मेदवार हुन पाउने र नगर पञ्चायतको सदस्य पदमा हुने निर्वाचनमा सम्बन्धित वडाको नगर सभाको सदस्य उम्मेदवार हुन सक्ने थियो । नगर पञ्चायतको प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचनमा नगर पञ्चायतको सदस्य उम्मेदवार हुन सक्ने व्यवस्था थियो ।[४२२] काठमाडौँमा नगर पञ्चायतको सम्पूर्ण ३३ वडाहरूमा नगर सभासद्को निर्वाचन सर्वसम्मतिको आधारमा सम्पन्न भएको थियो ।[४२३]

### ५.९.४ पदावधि

नगर पञ्चायतका सबै सदस्य तथा प्रधानपञ्च र उपप्रधानपञ्चको पदावधि चार वर्ष रहने व्यवस्था थियो ।[४२४] यसरी अधिराज्यमा रहेका सम्पूर्ण नगर पञ्चायतहरूको चुनाव गाउँ पञ्चायतकै चुनाव साथसाथै गरी सोही प्रक्रिया अनुसार निर्वाचन कार्यक्रम प्रकाशित गरी सम्पन्न गरिएका थिए ।

## ५.१० जिल्ला पञ्चायत निर्वाचन (वि.सं. २०३२-२०३५)

### ५.१०.१ निर्वाचनको चरण

राष्ट्रिय पञ्चायत (रा.पं.) लगायत पञ्चायतका सबै तहका सदस्यहरूको निर्वाचनका निमित्त सबै अञ्चलहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक वर्ष एक समूहमा निर्वाचन गरिने व्यवस्था गरियो । समूह विभाजन निर्वाचन आयोगले निर्वाचन गर्नुभन्दा अगाडि नै निर्धारण गर्ने गरिएको थियो ।[४२५] गाउँ र नगर पञ्चायतको चुनाव सम्पन्न भएपछि जिल्ला पञ्चायतको चुनाव गरिने भएकाले अधिराज्यका १४ अञ्चललाई चार चरणमा बाँडी गाउँ/नगरकै चरण अनुसार निर्वाचन सम्पन्न गर्ने कार्यक्रम रहेको थियो । यसरी २०३२ सालदेखि प्रथम चरणमा परेका अञ्चलभित्रका जिल्ला पञ्चायतको निर्वाचन सुरु भई चौथो चरणमा परेका अञ्चलका जिल्ला पञ्चायत निर्वाचन २०३५ सालमा सम्पन्न हुन गएको थियो ।

पहिलो समूहमा सगरमाथा, लुम्बिनी र सेती, दोस्रो समूहमा भेरी, गण्डकी, बाग्मती र मेची, तेस्रोमा कर्णाली, महाकाली र जनकपुर तथा चौथो समूहमा कोशी,

---

[४२२] गोरखापत्र, २९ माघ २०३४ ।

[४२३] गोरखापत्र, २४ फागुन २०३३ ।

[४२४] नगर पञ्चायत (पाँचौं संशोधन) ऐन, २०३३ दफा ९ ।

[४२५] पण्डित लोकदर्शन, नेपालको संसदीय निर्वाचन दर्पण, दोस्रो संस्करण, तनहुँ, पुष २०६७, पृ. ६३ ।

धवलागिरी, नारायणी र राप्ती अञ्चल निर्धारण गरिए अनुसार चुनाव गरी चारै चरणको चुनाव २०३५ मा सकिएको थियो । दोस्रो चरणको मेची, बाग्मती, गण्डकी, भेरी अञ्चलका २३ जिल्लाका जिल्ला पञ्चायत सदस्य निर्वाचन कार्यक्रम २०३३।१२।१९ गते प्रारम्भ गरी चैत्र २१ गते मतदान हुने कार्यक्रम प्रकाशित भएको थियो ।[४२६] जस अनुसार १९ गते मतदाता नामावली प्रकाशन, २० गते उम्मेदवारहरूको दरखास्त दर्ता, दाबी, विरोध, नाम फिर्ता लिने र २१ गते मतदान, मतगणना र परिणाम घोषणा गरिने थियो ।[४२७] तेस्रो समूहमा परेका भेरी, गण्डकी, वाग्मती र मेची अञ्चलका सबै जिल्ला तथा गाउँ र नगर तहको चुनाव कार्य माघ महिनादेखि सुरु भई प्रत्येक समूहमा चार वर्षमा एक पटक चुनाव हुने व्यवस्था गरिएको थियो ।[४२८] त्यसै गरी चौथो समूहका कोशी, नारायणी, धवलागिरी र राप्ती अञ्चलका २० जिल्लामा २०३५।१२।१५ गते जिल्ला पञ्चायत सदस्यहरूको निर्वाचन गर्ने गरी निर्वाचन कार्यक्रम तय गरिएको थियो ।

### ५.१०.२ जिल्ला सभा

जिल्ला पञ्चायत (छैटौँ संशोधन) अध्यादेश, २०३२ अनुसार जिल्लाभित्रका प्रत्येक गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च जिल्ला सभाका पदेन सदस्य रहने र सो बाहेक नगर पञ्चायतका सदस्यहरूले जम्मा वडा सङ्ख्याको एक तिहाइ सङ्ख्यामा आफू मध्येबाट छानेका व्यक्तिहरू पनि जिल्ला सभाका सदस्य हुने र जिल्ला पञ्चायतका सदस्यहरू पनि जिल्ला सभामा पदेन सदस्य रहने व्यवस्था गरिएको थियो ।

### ५.१०.३ जिल्ला पञ्चायत गठन

जिल्ला पञ्चायतका सदस्यहरूको निर्वाचनको लागि श्री ५ को सरकारले प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई नौ इलाकामा विभाजन गरी विभाजित प्रत्येक इलाकाभित्रका जिल्ला सभाका सदस्यहरू मध्येबाट एक जनाको हिसाबले जिल्ला सभाका सम्पूर्ण सदस्यहरूले जिल्ला पञ्चायतका लागि सदस्य निर्वाचन गर्ने व्यवस्था गरियो । सो बमोजिम निर्वाचित नौ सदस्य र गाउँ फर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट मनोनीत चार सदस्य समेत गरी जम्मा १३ सदस्य भएको जिल्ला पञ्चायत गठन हुने व्यवस्था थियो । गाउँ फर्कले मनोनीत गर्दा महिला सदस्य निर्वाचित भई नआएको अवस्थामा एक जना महिला सदस्य मनोनीत गर्नुपर्ने

४२६ गोरखापत्र, १९ चैत्र २०३३ ।

४२७ गोरखापत्र, १६ चैत्र २०३३ ।

४२८ देउजा, ध्रूव कुमार, आजको राजनैतिक सन्दर्भमा निर्वाचनको स्थान, गोरखापत्र, ३ फागुन २०३३ ।

थियो ।[४२९] पछि संशोधन गरी अबदेखि गठन हुने पञ्चायतमा गाउँ फर्कद्वारा मनोनीत गरिने व्यवस्थाको खारेज गरिएको थियो ।[४३०]

### ५.१०.४ मतदाता

जिल्ला पञ्चायत निर्वाचनमा गाउँ तथा नगर पञ्चायतका प्रधान र उपप्रधानपञ्च तथा नगर पञ्चायतका एक तिहाइ निर्वाचित सदस्यहरू जिल्ला सभासद् भई निजहरू नै मतदाता हुने व्यवस्था थियो ।[४३१] जिल्ला पञ्चायत सभापति र उपसभापतिको निर्वाचन वा सम्बन्धित जिल्ला पञ्चायत सदस्यहरू र जिल्ला सभासद्हरूले मतदाताको रूपमा भाग लिन पाउने व्यवस्था थियो ।[४३२]

### ५.१०.५ उम्मेदवार

जिल्ला सभाको सदस्यको निमित्त हुने निर्वाचनमा सम्बन्धित नगर पञ्चायतको सदस्य उम्मेदवार हुन पाउने र जिल्ला पञ्चायतको सदस्यको निमित्त हुने निर्वाचनमा सम्बन्धित जिल्ला सभाको सदस्य र जिल्ला पञ्चायतको सभापति र उपसभापतिको पदमा हुने निर्वाचनमा जिल्ला पञ्चायतको सदस्य उम्मेदवार हुन सक्ने व्यवस्था थियो ।[४३३]

### ५.१०.६ गाउँ फर्कको अनुमोदन सम्बन्धी व्यवस्था

जिल्ला पञ्चायतको सदस्यमा उम्मेदवार हुनका लागि गाउँ फर्कको अनुमोदन आवश्यक पर्दथ्यो । सभापति र उपसभापति पदमा उम्मेदवार हुन गाउँ फर्कको अनुमोदनको जरुरत पर्दैनथ्यो ।[४३४]

### ५.१०.७ जिल्ला पञ्चायत सभापति र उपसभापति निर्वाचन

जिल्ला पञ्चायत सदस्यहरूले आफ्नो सम्पूर्ण सदस्य सङ्ख्याको तीन खण्डको दुई खण्डको बहुमतले आफू मध्येबाट सभापति, उपसभापतिको निर्वाचन गर्ने र सो बमोजिम कुनै उम्मेदवारले आवश्यक मत प्राप्त गर्न नसकेमा गाउँ फर्क राष्ट्रिय

---

४२९ गोरखापत्र, १ पौष २०३२ ।

४३० गोरखापत्र, २९ माघ २०३४ ।

४३१ गोरखापत्र, १५ चैत्र २०३५ ।

४३२ गोरखापत्र, १६ चैत्र २०३५ ।

४३३ गोरखापत्र, २९ माघ २०३४ ।

४३४ गोरखापत्र, १६ चैत्र २०३३ ।

अभियान अञ्चल समितिले जिल्ला पञ्चायत सदस्यहरू मध्येबाट मनोनीत गर्ने[४३५] व्यवस्था रहेकोमा पछि अध्यादेशद्वारा सो व्यवस्थामा संशोधन गरिएको थियो ।

### ५.१०.८ खसेको मतको ५० प्रतिशत मत ल्याउनुपर्ने

पछि २०३४ सालमा स्थानीय निकाय निर्वाचन सम्बन्धी अध्यादेशहरूद्वारा परिवर्तित नयाँ व्यवस्था अनुसार गाउँ र नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च तथा जिल्ला पञ्चायतका सभापति र उपसभापतिका लागि हुने निर्वाचनमा खसेको मतको ५० प्रतिशतभन्दा बढी मत ल्याए पुग्ने र मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गर्ने तथा कसैले पनि ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्न नसकेमा सबभन्दा बढी मत प्राप्त गर्ने दुई व्यक्तिको पुनः निर्वाचन गराउनुपर्ने व्यवस्था गरिएको थियो ।[४३६] जिल्ला पञ्चायतका सभापति र उपसभापति पदमा जिल्ला सभाका सदस्यहरू मतदाता हुने व्यवस्था गरी निर्वाचनमा भाग लिने उम्मेदवारले हरेक पदको निर्वाचनमा सदर भएको कुल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न समर्थ भएमा निर्वाचित घोषित हुन सक्ने र सोभन्दा कम मत प्राप्त गरेमा बढी मत प्राप्त गर्नेहरू  मध्ये दुई जना बिच पुनः मतदान गराइने व्यवस्था थियो ।[४३७]

### ५.१०.९ पदावधि

जिल्ला पञ्चायत सदस्य, सभापति र उपसभापतिहरूको पदावधि चार वर्षको हुने व्यवस्था थियो ।[४३८]

### ५.१०.१० निर्वाचन र निर्विरोध निर्वाचन

बाह्र जिल्लाका सबै जिल्ला पञ्चायतसदस्यहरू र बीस जिल्लाका जिल्ला पञ्चायत सभापति र उपसभापतिहरू पनि निर्विरोध निर्वाचित भएका थिए ।[४३९] पोखरा नगर पञ्चायतबाट जिल्ला सभाका लागि पाँच जना नगर पञ्चायत सदस्यहरू सर्वसम्मतिबाट चुनिएका थिए ।[४४०] निर्वाचनमा सर्वसम्मतिको वातावरण कायम गराउन गाउँ फर्कले गरेको अपिल अनुसार प्रत्येक जिल्लाका नौ इलाकाका प्रधान, उपप्रधानपञ्च जो पदेन जिल्ला सभासद् हुने र नगर पञ्चायतबाट गएका सम्बन्धित

---

४३५ जिल्ला पञ्चायत (छैटौं संशोधन) ऐन, २०३३ दफा १४(३), नेपाल राजपत्र, भाग ४ खण्ड २६ अतिरिक्ताङ्क १२(ङ), २८ श्रावण २०३३ ।

४३६ शिवाकोटी, पञ्चायती व्यवस्थाको परिमार्जनमा थप पाइलो, गोरखापत्र, ११ माघ २०३४ ।

४३७ खड्का केदार जङ्ग, वर्तमान पञ्चायत अध्यादेश  : केही चर्चा, गोरखापत्र, २ फागुन २०३४ ।

४३८ जिल्ला पञ्चायत (छैटौं संशोधन) ऐन, २०३३ दफा १५ ।

४३९ गोरखापत्र, २१, २४ चैत्र २०३३ ।

४४० गोरखापत्र, ४ चैत्र २०३३ ।

जिल्ला सभासद्हरू समेत बसी आपसी छलफल र विचार विमर्शपश्चात् एक इलाकाबाट एक जनाले मात्र दरखास्त दिने निष्कर्ष अनुसार एक इलाकाबाट एक जनाले मात्र जिल्ला पञ्चायत सदस्य पदमा दरखास्त दिएको कुरा थाहा भएको थियो ।[४४१]

### ५.१०.११ सभापति र उपसभापति निर्वाचन

जिल्ला पञ्चायत सभापति र उपसभापतिको निर्वाचन २०३३।१२।२२ र २३ गते सम्पन्न गर्ने कार्यक्रम रहेको थियो ।[४४२]

### ५.१०.१२ निर्वाचन गतिविधि

श्री ५ को सरकारले निर्वाचनको तेस्रो समूहमा परेको कर्णाली अञ्चलका पाँचवटै जिल्लाका गाउँ पञ्चायतहरूलाई नौ-नौ इलाकामा विभाजन गर्ने कार्य पूरा गरेको थियो ।[४४३] तेस्रो समूहमा परेको कर्णाली अञ्चलका जिल्ला पञ्चायत सदस्यहरूको निर्वाचन २०३५।१।२८ मा हुने तय गरिएको थियो ।[४४४] चौथो समूहमा परेका चार अञ्चलका जिल्ला पञ्चायतको चुनाव २०३५।१२।१६ मा गर्ने गरी सोही दिन मतदाता नामावली प्रकाशन, दावी विरोध, उम्मेदवारी दर्ता, उम्मेदवारीप्रतिको दावी विरोध लगायतका कार्यक्रम सम्पन्न गरी मतदान कार्य दिउँसो तीन तीस बजे गर्ने कार्यक्रम प्रकाशित गरिएको थियो ।[४४५] चौथो समूहमा परेका कोशी, नारायणी, धवलागिरी र राप्ती अञ्चलका २० जिल्लामा भएको जिल्ला पञ्चायत सभापति, उपसभापति पदमा भएको निर्वाचनको परिणाम प्राप्त भएको र कहीँकहीँ निर्विरोध पनि भएको थियो ।[४४६]

चौथो समूहका कोशी, नारायणी, धवलागिरी र राप्ती अञ्चलका २० जिल्लामा २०३५।१२।१५ गते जिल्ला पञ्चायत सदस्यहरूको निर्वाचन गर्ने गरी सोही दिन १०.०० बजे मतदाता नामावली प्रकाशन र दाबी विरोध, १२.०० बजे अन्तिम नामावली प्रकाशन, दिउँसो १२.३० देखि २.०० बजेसम्म उम्मेदवारी दरखास्त दिने र नाम फिर्ता लिइसकेपछि दिउँसो ३.१५ बजेसम्म उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिसकेपछि ३.३० बजेबाट मतदान कार्यक्रम सञ्चालन गरी

४४१ गोरखापत्र, २० चैत्र २०३३ ।

४४२ गोरखापत्र, १६ चैत्र २०३३ ।

४४३ गोरखापत्र, ११ वैशाख २०३५ ।

४४४ गोरखापत्र, २८ वैशाख २०३५ ।

४४५ गोरखापत्र, १६ चैत्र २०३५ ।

४४६ गोरखापत्र, १६, १७ चैत्र २०३५ ।

सोही दिन नतिजा प्रकाशन गर्ने कार्यक्रम रहेको थियो[४४७] र सोही अनुसार निर्वाचन सम्पन्न भएको थियो । यसरी २०३२ देखि २०३५ सालभित्र चार चरणमा अधिराज्यका १४ अञ्चलका ७५ जिल्ला पञ्चायतको निर्वाचन सम्पन्न गरिएका थिए ।

### ५.१०.१३ गाउँ फर्कको अनुमोदन र टिका टिप्पणी

संविधानमा भएको दोस्रो संशोधन अनुरूप आपसी छलफल र सरसल्लाहबाट उम्मेदवारहरू निर्वाचित गर्न सर्वसम्मतिको वातावरण कायम गर्नु गाउँ फर्क राष्ट्रिय अभियानको उद्देश्य रहेको थियो ।[४४८] राजनीतिक कार्यकर्ताहरूको छनोट गर्ने प्रक्रिया सर्वप्रथम कार्यकर्ताहरूको मूल्याङ्कन गर्ने तथा गाउँ फर्कद्वारा निर्दिष्ट मूल्याङ्कन परिपाटीमा उत्तीर्ण राजनीतिक कार्यकर्ताहरूले नै अनुमोदन पाउँदथे ।[४४९] गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालयले निर्वाचनको दोस्रो समूहमा परेका चार अञ्चलहरूका विभिन्न जिल्लाहरूमा हुने मूल्याङ्कनका लागि पञ्च भेला कार्यक्रम प्रकाशित गरी मूल्याङ्कन पञ्च भेलामा पहिलेका पञ्च भेलाहरूबाट निर्धारित गरिएका कार्यक्रमहरू सम्पादन गर्ने तथा निर्वाचनको उम्मेदवारीको अनुमोदनका लागि दरखास्त दिने र अनुमोदन गरिएको सूचना दिइने कार्यक्रम थियो ।[४५०] संविधानको दोस्रो संशोधन अन्तर्गत बनेको व्यवस्था अनुसार गाउँ फर्क राष्ट्रिय अभियान समितिले अनुमोदन पत्र प्राप्त उम्मेदवारहरूले मात्र निर्वाचनमा भाग लिने व्यवस्था थियो ।[४५१]

सर्वसम्मतिको निर्वाचन गर्ने परिपाटी भएपछि र निर्वाचनमा प्रमुख भूमिका गाउँ फर्क राष्ट्रिय अभियानको भएकाले निर्वाचन आयोगको आवश्यकता अब किन ? आयोगको भूमिका अब गौण भएन ? भन्ने सन्दर्भमा वास्तवमा सर्वसम्मति र सहमतिको अभ्यास बसाल्न लागिएको भए पनि तथा निर्वाचन सर्वसम्मतिका आधारमा सम्पन्न हुँदै गए पनि निर्वाचन आयोगको भूमिका गौण हुने प्रश्न नै उठ्दैन । आयोगको भूमिका उस्तै छ । निर्वाचन आयोगले निर्वाचनको कार्यक्रम घोषित गरेपछि मात्र निर्वाचनमा सर्वसम्मति र सहमतिको वातावरण कायम गर्न गाउँ फर्क अग्रसर हुन्छ र सर्वसम्मति हुन नसके त्यस्ता स्थानमा निर्वाचन नै हुन्छ । आयोगको भूमिका गौण गराएको छ भन्ने शङ्का उपशङ्का निरर्थक बौद्धिक अभ्यास

---

४४७ गोरखापत्र, १५ चैत्र २०३५ ।

४४८ निर्वाचन र पञ्च कार्यकर्ता, सम्पादकीय, गोरखापत्र, १७ फागुन २०३३ ।

४४९ स्वाँर, चन्द्र भूषण सिंह, निर्वाचन प्रक्रिया, मूल्याङ्कन र अनुमोदन, गोरखापत्र, ६ चैत्र २०३३ ।

४५० गोरखापत्र, १० माघ २०३३ ।

४५१ गोरखापत्र, १६ फागुन २०३३ ।

हो ।[४५२] मूल्याङ्कन पञ्च भेलामा आफ्नो काम देखाउन नसक्ने र आफ्नो पर्दाफास हुन्छ कि भनी पञ्च भेलामा भाग नलिनेहरूले अनुमोदन पाएनन् भने सर्वसम्मत निर्वाचन हुने कुरा स्पष्ट नै छ ।[४५३]

गाउँ र नगर सभासद्का लागि उम्मेदवारको छनोट गर्दा धेरै ठाउँमा वडाबासीहरू एक ठाउँमा भेला भई आपसमा मेलजोलको वातावरण सिर्जना गरी निर्विरोध गरिएको थियो । वडाका छलफलबाट पनि नटुंगिएको कुरालाई गाउँ फर्कबाट अभिरुचि लिएर समाधानको स्थिति सिर्जना गरी निर्विरोध गराइएको थियो ।[४५४] आपसमा छलफलबाट वा सहयोग समितिको प्रयासबाट पनि कुरा नटुङ्गिएका वडाहरूमा अनुमोदनका लागि दरखास्त दिएकाहरूले सामूहिक रूपमा गाउँ फर्कले मूल्याङ्कन गरी दिएको निर्णय मान्छौं भनी कागज लेखी दिएका थिए ।[४५५] अपवादस्वरूप उम्मेदवार पञ्चहरूको समान किसिमको स्थितिमा कहीँ कहीँ निर्वाचन पनि गराइएको थियो ।[४५६] विभिन्न जिल्लाका गाउँ पञ्चायतहरूमा गाउँ फर्कबाट निर्विरोध अनुमोदन वितरण गरिएको थियो । निर्विरोध अनुमोदन पत्र वडा वडाका जनता बिच छलफल भई सर्वसम्मतिबाट छानिएका उम्मेदवारहरूको दरखास्तको आधारमा दिइएको थियो ।[४५७]

निर्वाचनमा पनि सर्वसम्मति संविधानको दोस्रो संशोधनपछि आएको नयाँ र अनौपचारिक रूपमा पञ्चहरूले असजिलो मानेको एउटा टड्कारो सत्य हो ।[४५८] मूल्याङ्कनको नयाँ परिपाटीले निर्वाचनमा तँछाडमछाडको भावनाको अन्त्य हुन गई निर्वाचन प्रणाली धेरै किफायती र कम खर्चिलो हुन गएको थियो ।[४५९]

भेरी अञ्चलका पाँच जिल्लाका गाउँ पञ्चायतहरूमा वडाध्यक्ष,[४६०] प्रथम समूहका तीन अञ्चलका विभिन्न जिल्लाका अधिकांश गाउँ पञ्चायतहरू झन्डै ९५ प्रतिशतमा,[४६१] सिराहा जिल्लाका सबै गाउँ पञ्चायतका प्रधानपञ्च र

---

४५२ रा.च.न्यौ., निर्वाचनको ताप र निर्वाचित हुने ताक, गोरखापत्र, १९ फागुन २०३३ ।

४५३ रिसाल, पुरु, मूल्याङ्कन पञ्च भेला, गोरखापत्र, २ फागुन २०३३ ।

४५४ रेग्मी, कमल राज, मूल्याङ्कन पञ्च भेलापछिको निर्वाचन, गोरखापत्र, २८ फागुन २०३३ ।

४५५ ऐजन ।

४५६ ऐजन ।

४५७ पञ्चायतहरूमा निर्विरोध अनुमोदन वितरण, गोरखापत्र, १६ फागुन २०३३ ।

४५८ रिसाल, भैरव, मूल्याङ्कन पञ्च भेला हेर्दा, गोरखापत्र, ३ फागुन २०३३ ।

४५९ सिंजापति, कृष्ण बहादुर, गाउँ फर्क र मूल्याङ्कन पञ्च भेला, गोरखापत्र, १० फागुन २०३३ ।

४६० गोरखापत्र, २ चैत्र २०३३ ।

४६१ गोरखापत्र, ३ जेठ २०३३ ।

उपप्रधानपञ्च[४६२] तथा विभिन्न जिल्लाका गाउँ पञ्चायतमा प्रधानपञ्च र उपप्रधानपञ्च निर्विरोध निर्वाचित[४६३] भएकोले गाउँ पञ्चायत निर्वाचन निर्विरोध रूपमा अधिकांश गाउँ पञ्चायतमा भएको थियो । उम्मेदवार हुनकै लागि गाउँ फर्कबाट अनुमोदन लिनुपर्ने र प्रतिस्पर्धा गर्न चाहनेले अनुमोदन नपाएपछि निर्विरोध र सर्वसम्मत ढङ्गबाट निर्वाचन सम्पन्न हुनुको अर्को विकल्प नै थिएन ।

सप्तरी जिल्लाका निर्वाचनमा दुई तिहाइ मत प्राप्त गर्न नसकेका गाउँ पञ्चायतहरूमा गाउँ फर्क राष्ट्रिय अभियान अञ्चल समिति सगरमाथाले प्रधानपञ्च र उपप्रधानपञ्चमा विभिन्न व्यक्तिहरूलाई मनोनयन गरेको थियो जसमा १८ गाउँ पञ्चायतका १७ जना प्रधानपञ्च र १३ जना उपप्रधानपञ्चहरू थिए ।[४६४]

गाउँ फर्कबाट अनुमोदन नभई उम्मेदवार हुन नपाउने व्यवस्थाले गर्दा निर्वाचन नै गाउँ फर्कमुखी भई सीमित हुन पुगी गाउँ फर्कले अधिकांश ठाउँमा निर्विरोध गराउने, सो हुन कठिन देखिए मात्र चुनाव गराउने नीति भएकाले प्रथम चरणका अधिकांश स्थानीय निकायमा निर्विरोध सम्पन्न भएका थिए भने पछि अन्य चरणका निर्वाचनमा भने क्रमशः प्रतिस्पर्धाको अनुपात केही बढ्दै गएको थियो । गाउँ सभा सदस्य निर्वाचन बाहेक अन्य पदमा अप्रत्यक्ष निर्वाचन पद्धति अपनाइएको र गाउँ फर्कको अनुमोदन अनिवार्य समेत भएकाले चुनाव जनतामुखी नभई गाउँ फर्कमुखी भएको थियो । पञ्चायत व्यवस्था इतर शक्ति संगठन वा व्यक्तिहरू स्थानीय निकायमा प्रवेश नगरुन् भनी गाउँ फर्कलाई हावी बनाइएको थियो भने यसभन्दा पहिले अपनाइएको प्रत्यक्ष निर्वाचन पद्धतिलाई नअँगाली चुनावको नाम दिइए पनि वास्तविक रूपमा चुनाव नभई गाउँ फर्कबाट मात्र चुनिने व्यवस्था गरिएकाले यस अवधिमा आम जनताले चुनावमा प्रतिस्पर्धा गरी भाग लिने सहज अवस्था नै नरहेकाले आम जनतामा निर्वाचनप्रति उत्साह नै थिएन । हुन पनि समग्र चुनाव र चुनाव पद्धति गाउँ फर्क राष्ट्रिय अभियानकै अनुमोदनमा निर्भर रहन पुगेको थियो

४६२ गोरखापत्र, ८ जेठ २०३३ ।

४६३ गोरखापत्र, ५ चैत्र २०३३ ।

४६४ गोरखापत्र, ११ जेठ २०३३ ।

## ५.११ गाउँ पञ्चायत/नगर पञ्चायत निर्वाचन (वि.सं. २०३९)

### ५.११.१ परिवेश

२०३५-०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहपछि नेपालको संविधान, २०१९ मा भएको तेस्रो संशोधनपश्चात् गाउँ पञ्चायत/नगर पञ्चायत निर्वाचन पद्धतिमा परिवर्तन गरी बहुमतीय प्रत्यक्ष निर्वाचन पद्धति अपनाइयो ।

### ५.११.२ निर्वाचन कार्यक्रम

अधिराज्यभरका ४०२२ गाउँ पञ्चायतहरू र २९ वटा नगर पञ्चायतहरूको लागि 'क' र 'ख' समूह गरी २०३९ वैशाख २८ र ३१ गते र जेठ ३ र ४ गते मा निर्वाचन सम्पन्न हुने गरी निर्वाचन आयोगले लक्ष्य (कार्यक्रम) राखेको थियो ।[४६५]

### ५.११.३ छानिने प्रतिनिधि

अधिराज्यभरका ४०२२ गाउँ पञ्चायतहरूबाट प्रत्येक गाउँ पञ्चायतमा ४७ जनाका दरले १८९०३४ जना स्थानीय प्रतिनिधिहरू छान्ने र २९ नगर पञ्चायतहरूबाट वडा अनुसार निर्वाचित हुँदा २५०० भन्दा बढी प्रतिनिधिहरू छानिने व्यवस्था गरिएको थियो ।[४६६]

### ५.११.४ नामावली अध्यावधिक

मतदाता नामावली अध्यावधिक गर्दा कैफियत नजनाई मतदाताको नाम हटाएको अवस्थामा सो मतदाताले मतदान हुने मितिभन्दा अघिल्लो दिनसम्म आफ्नो नाम समावेश गरी पाउँ भनी निवेदन दिएमा नाम समावेश गरिदिनुपर्ने पत्र निर्वाचन आयोगले मिति २०३९।१।१९ मा निर्वाचन अधिकृतलाई पत्र पठाएको थियो ।[४६७]

### ५.११.५ मतदाताको योग्यता

२०३९ सालमा सम्पन्न गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचनमा मतदाता हुनको लागि सम्बन्धित वडामा आफ्नो स्थायी घरवास भएको वा त्यस्तो वडामा २०३८ साल पौष मसान्तसम्ममा घटीमा एक वर्ष कुनै प्रकारले बसोबास हुनुपर्ने

---

४६५ पाण्डे, अनिल कुमार, आगामी निर्वाचन र हाम्रो कर्तव्य, गोरखापत्र, २२ वैशाख २०३९ ।

४६६ ऐजन ।

४६७ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ११४ ।

व्यवस्था थियो ।[४६८] यसैगरी मतदाताको उमेर २०३८ पौष मसान्तसम्ममा २१ वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरिएको थियो ।

### ५.११.६ मतदाता नामावली अध्यावधिक

२०३८ साल चैत्र मसान्तसम्ममा २१ वर्ष उमेर पुगेका नेपाली नागरिकहरूको नाम अध्यावधिक गरेको नामावली सहितको निर्वाचन कार्यक्रम २०३९।१।१५ मा गाउँ पञ्चायतका कार्यालयहरूमा र नगर पञ्चायतका प्रत्येक वडामा प्रकाशित गरिएका थिए ।[४६९]

### ५.११.७ मतदान प्रबन्ध र मिति

गाउँ पञ्चायतहरूको पुनर्गठन भए बमोजिम ४०२२ गाउँ पञ्चायतहरू र २९ नगर पञ्चायतका ४१३ वडाहरूमा निर्वाचन गराउन कर्मचारीहरूको सीमित सङ्ख्यालाई ध्यानमा राखी सामान्यतः एउटा डोर (टोली) ले दुई गाउँ पञ्चायतहरूको निर्वाचन गराउने व्यवस्था गरिएको थियो । त्यसकारण एउटा जिल्लाका सबै गाउँ पञ्चायतहरूलाई 'क' र 'ख' समूहमा विभाजित गरी मतदान गराउने सामान्य व्यवस्था भएको थियो ।[४७०]

### ५.११.८ मतदान प्रक्रिया

स्थानीय पञ्चायतको निर्वाचनमा नौ वडाको अलग-अलग मतदान केन्द्र र उपकेन्द्र, त्यस्तै नगर पञ्चायतमा पनि यसैगरी मतदान केन्द्र राखिएको थियो । मतदाता सम्बन्धित वडाको मतदान केन्द्रभित्र प्रवेश गरेपछि सबै पदका लागि मतदान गर्नु परेमा सर्वप्रथम गाउँ वा नगर सभा सदस्यको मतपत्र लिई चार जना उम्मेदवारको चिह्नमा छाप लगाई मतदान गर्ने र त्यसपछि सदस्यको क्रमशः प्रधान र उपप्रधानपञ्चको मतपत्र लिई एक/एक उम्मेदवारको चिह्नमा छाप लगाई मतदान गर्नुपर्ने व्यवस्था गरिएको थियो ।[४७१] यसरी एक जना मतदाताले एकै पटक सात प्रतिनिधिहरू छान्नको लागि आफ्नो मताधिकारको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको थियो । मत संकेत गर्न मतदातालाई सुविधा र सरल हुन सकोस् भन्ने

---

[४६८] नेपाल राजपत्र भाग ४, खण्ड ३१, अतिरिक्ताङ्क ६९, २०३८।१२।२२ ।

[४६९] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ७ ।

[४७०] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. २ ।

[४७१] निर्वाचन आयोगको सूचना, गोरखापत्र, ४ वैशाख २०३९ ।

उद्देश्यले प्रत्येक पदको लागि निर्वाचन चिह्न र मतपत्रको रङ पनि बेग्लाबैग्लै राखिएको थियो ।[४७२]

## ५.११.९ निर्वाचन र मतदान अधिकृत

निर्वाचन कार्यक्रम सञ्चालन गर्ने गृह मन्त्रालयको सहमतिपूर्वक २०३८।९।१९ मा ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई तत् तत् जिल्लाको लागि निर्वाचन अधिकृत नियुक्त गरिएको थियो । निर्वाचन अधिकृतले प्रत्येक दुई गाउँ पञ्चायतहरूमा प्रधानपञ्च र उपप्रधानपञ्च, गाउँ पञ्चायत सदस्य र गाउँ सभा सदस्यको निर्वाचन गराउन एक जना मतदान अधिकृत नियुक्त गरेका थिए ।[४७३]

## ५.११.१० चुनाव चिह्न र मतपत्र

स्थानीय पञ्चायतको यस निर्वाचनमा गाउँ र नगर सभाका सदस्य, गाउँ र नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्य, नगर पञ्चायतबाट जिल्ला सभाको लागि निर्वाचित हुने एक तृतीयांश सदस्य, जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्य समेत जम्मा आठ पदको निर्वाचन गराउनु पर्ने हुँदा आठ किसिमको मतपत्र बेग्लाबेग्लै निर्वाचन चिह्न राखी तयार गरिएको थियो । गाउँ र नगर स्तरको निर्वाचनको लागि चार रङका र जिल्ला स्तरको निर्वाचनको लागि चार रङका मतपत्रहरू थिए ।

प्रत्येक पदको लागि आयोगले निर्धारण गरेको निर्वाचन चिह्न अनुसार गाउँ र नगर सभा सदस्य पदका उम्मेदवारहरूको लागि १४, गाउँ र नगर पञ्चायतका सदस्य पदका उम्मेदवारहरूको लागि दस, प्रधानपञ्च पदको उम्मेदवारहरूको लागि १४ र उपप्रधानपञ्च पदको उम्मेदवारहरूको लागि दस बेग्लाबेग्लै रङका निर्वाचन चिह्नहरू भएका करिब चार करोड मतपत्रहरू छापिएका थिए ।[४७४]

## ५.११.११ निर्देशिकाको व्यवस्था र पन्ध्र बुँदे निर्देशन

निर्वाचन आयोगले स्थानीय पञ्चायत (सदस्य निर्वाचन) निर्देशिका २०३८ जारी गरी थप स्पष्टताको लागि १५ बुँदे निर्देशन समेत दिई निर्वाचन कार्य सञ्चालन गर्न सहज बनाएको थियो ।[४७५]

---

४७२ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन, २०३८/३९, पृ. १० ।

४७३ ऐजन ।

४७४ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन, २०३८/३९, पृ. ३ ।

४७५ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन, २०३८/३९, पृ. १०५-६ ।

### ५.११.१२ सरकारी गाडी प्रयोग नगर्ने निर्देशन

श्री ५ को सरकारले मन्त्रिपरिषद्का सदस्यहरूलाई स्थानीय पञ्चायत एवं वर्गीय संगठनको निर्वाचनको सिलसिलामा प्रचार-प्रसार कार्यका लागि जिल्ला जाँदा सरकारी गाडी प्रयोग नगर्ने निर्देशन दिएको थियो । त्यस्तै सरकारी स्वामित्वमा भएका संस्थानका गाडीहरू पनि प्रयोग नगर्ने निर्देशन दिएको थियो ।[४७६]

### ५.११.१३ निर्वाचन सचेतना

आयोगले निर्वाचन प्रचार-प्रसारका सन्दर्भमा ठीक ढङ्गले मतदान होस् भनी एक लाख पोस्टरहरू वितरण गरी मतदातामा सचेतना ल्याउने कार्य गरेको थियो ।[४७७]

### ५.११.१४ मतदान समय

अधिकतम मतदाताले मताधिकार प्रयोग गर्न पाउन् भनी मतदान गर्न तोकिएको दिन बिहान ८.०० बजेदेखि साँझ ५.०० बजेसम्म मतदान गर्ने समय निश्चित गरिएको थियो ।[४७८]

### ५.११.१५ मतदान केन्द्र/उपकेन्द्र र समूह विभाजन

४०२२ गाउँ पञ्चायत र २९ नगर पञ्चायतका १९११५७ विभिन्न पदको लागि निर्वाचन गराउनुपर्ने भएकोले करिब ४ करोड ३८ लाख मतपत्र छाप्नु, करिब ३७५०० मतदान केन्द्र र उपकेन्द्रहरूको लागि निर्वाचन सामग्री पुऱ्याउनु परेको थियो ।[४७९] एउटा मतदान अधिकृतले सामान्यतः दुईवटा गाउँ पञ्चायतको निर्वाचन गराउनु पर्ने व्यवस्था गरिएकोले जिल्लाका सम्पूर्ण गाउँ र नगर पञ्चायतलाई 'क' र 'ख' समूहमा विभाजित गरी मतदान हुने कार्यक्रम बनाइएको थियो ।[४८०]

### ५.११.१६ कर्मचारी खटनपटन

गाउँ पञ्चायतको निर्वाचनको लागि मात्र ४०२२० कर्मचारीहरू र नगर पञ्चायतहरूको लागि २९०० कर्मचारीहरूको आवश्यकता देखिए पनि त्यति

---

[४७६] गोरखापत्र, १७ वैशाख २०३९ ।

[४७७] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १२ ।

[४७८] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ९ ।

[४७९] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ११ ।

[४८०] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १० ।

सङ्ख्यामा कर्मचारी खटाउन सरल नभएकाले आवश्यकता अनुसार मतदानका दिन मतदान अधिकृतले ज्यालादारीमा राख्ने व्यवस्था गरिएको थियो ।[४८१]

### ५.११.१७ निर्वाचन गरिने पदहरू र रिक्त रहन गएका पदहरू[४८२]

| | | | |
|---|---|---|---|
| १. | निर्वाचन गरिएका गाउँ पञ्चायत सङ्ख्या | | ४०२२ |
| | (क) | प्रधानपञ्च पद सङ्ख्या | ४०२२ |
| | (ख) | उपप्रधानपञ्च पद सङ्ख्या | ४०२२ |
| | (ग) | गाउँ पञ्चायत सदस्य पद सङ्ख्या | ३६१९८ |
| | (घ) | गाउँ सभा सदस्य पद सङ्ख्या | १४४७९२ |
| २. | निर्वाचन गरिएका नगर पञ्चायत सङ्ख्या | | २९ |
| | (क) | प्रधानपञ्च सङ्ख्या | २९ |
| | (ख) | उपप्रधानपञ्च सङ्ख्या | २९ |
| | (ग) | नगर पञ्चायत सदस्य पद सङ्ख्या | ४१३ |
| | (घ) | नगर सभा सदस्य पद सङ्ख्या | १६५२ |
| ३. | निर्वाचन गरिएका जिल्ला पञ्चायत सङ्ख्या | | ७५ |
| | (क) | सभापति सङ्ख्या | ७५ |
| | (ख) | उपसभापति सङ्ख्या | ७५ |
| | (ख) | जिल्ला पञ्चायत सदस्य पद सङ्ख्या | ६७५ |
| | (ग) | जिल्ला सभासद् पद सङ्ख्या | १३८ |
| | | जम्मा | १,९२,१२० |
| ४. | विभिन्न कारणले निर्वाचन हुन नसकी रिक्त रहेका विभिन्न पदहरू | | |
| | (क) | जिल्ला पञ्चायत पद सङ्ख्या | ३ |
| | (ख) | प्रधानपञ्च पद सङ्ख्या | २ |

[४८१] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १२ ।

[४८२] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १९ ।

| | | |
|---|---|---|
| (ग) | उपप्रधानपञ्च पद सङ्ख्या | १ |
| (घ) | गाउँ पञ्चायत सदस्य पद सङ्ख्या | ४७ |
| (ङ) | गाउँ सभा सदस्य | ७७१ |
| | | ८२४ |

५. जिल्ला पञ्चायतको निर्वाचन समाप्त भएपछि रिक्त भएका विभिन्न पदहरूको सङ्ख्या ८२५

## ५.११.१८ निर्विरोध निर्वाचन

पर्सा जिल्ला अन्तर्गत विन्धवासिनी गाउँ पञ्चायतमा सबै पञ्चहरू निर्विरोध निर्वाचित भएका थिए ।[४८३] महोत्तरी र धनुषा जिल्ला अन्तर्गतका गाउँ पञ्चायत र नगर पञ्चायतमा ८० प्रतिशत नयाँ पञ्चहरू निर्वाचित भएका थिए ।[४८४]

## ५.११.१९ धरौटी

स्थानीय पञ्चायत (सदस्य निर्वाचन) निर्देशिका २०३८ को दफा ३७ मा उल्लेख भए बमोजिम धरौट जफत हुने सम्बन्धमा निर्वाचित उम्मेदवारले दस प्रतिशतभन्दा कम मत प्राप्त गरे तापनि निजको धरौटी फिर्ता दिनुपर्ने निर्देशन निर्वाचन आयोगले मिति २०३९।१।२२ को पत्रर निर्वाचन अधिकृतलाई दिएबाट विजयी उम्मेदवारलाई दस प्रतिशत मतको सीमा रेखा थिएन ।[४८५]

## ५.११.२० रिक्त पदहरू

विभिन्न गाउँ पञ्चायतहरूका विभिन्न पदहरू उम्मेदवारको अभाव र कानुनी प्रक्रियाले पूर्ति हुन नसकी रिक्त रहेको र जिल्ला पञ्चायतको निर्वाचनपछि ८२५ पदहरू पनि रिक्त हुने अवस्था थियो ।[४८६]

## ५.११.२१ राष्ट्रसेवकहरूबाट पदको दुरूपयोग र निर्वाचन समाप्ति

कतिपय राष्ट्रसेवकहरूले आफ्नो पद र सरकारी साधनको दुरूपयोग गरी निर्वाचन

---

४८३ गोरखापत्र, २८ वैशाख २०३९ ।

४८४ गोरखापत्र, ८ जेठ २०३९ ।

४८५ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ११५ ।

४८६ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १७ ।

प्रक्रिया र निर्वाचन परिणाममा प्रतिकूल असर पार्ने गरेको समेत देखिएको थियो ।[४८७] तथापि अधिराज्यभर रहेका ४०२२ गाउँ पञ्चायत र २९ नगर पञ्चायतका एक लाख एकानब्बे हजार एक सय सन्ताउन विभिन्न पदहरू र नगर पञ्चायतबाट जिल्ला सभामा प्रतिनिधित्व गर्ने १३८ पदहरूको लागि निर्वाचन समाप्त भएको थियो ।[४८८]

## ५.१२ जिल्ला पञ्चायत निर्वाचन (वि.सं. २०३९)

### ५.१२.१ निर्वाचन कार्यक्रम

जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृतहरूले २०३८ साल जेठ १४ वा १५ गते मतदाता नामावली प्रकाशित गर्ने, मतदाताहरूले दाबी वा विरोध गर्ने र उम्मेदवार हुनका लागि दरखास्त दिने, त्यसको भोलिपल्ट नाम फिर्ता लिने, उम्मेदवारको उम्मेदवारीको दावी विरोध गर्ने, उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशित गर्ने र निर्वाचन चिह्न रोज्ने कार्यक्रमको सूचना प्रकाशित गरेका थिए ।[४८९]

### ५.१२.२ निर्वाचन अधिकृत

निर्वाचन सञ्चालन गर्न ७५ वटै जिल्लाका प्रमुख ज्लिा अधिकारीलाई तत् तत् जिल्लाको निर्वाचन अधिकृत नियुक्त गरिएको थियो ।[४९०]

### ५.१२.३ निर्देशन

स्थानीय पञ्चायतको निर्वाचन निष्पक्षताका साथ सम्पन्न गर्न निर्वाचन अधिकृतलाई स्पष्ट र कडा निर्देशन दिइएको तथा अन्य सम्बन्धित कर्मचारीलाई तालिम समेत दिई सजग गराइएको थियो ।[४९१]

### ५.१२.४ उम्मेदवारको मनोनयनपत्र र मतगणना

जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्यको निर्वाचनको लागि दरखास्त दिने ठाउँ जिल्लाको सदरमुकाम तोकिएको थियो । जिल्लाको प्रत्येक इलाकामा

---

४८७ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १६ ।

४८८ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. १७ ।

४८९ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. २ ।

४९० ऐजन, पृ. १० ।

४९१ निर्वाचन आयोग, गोरखापत्र, २८ वैशाख २०३९ ।

मतदान केन्द्र स्थापना गरी मतदान गराउने र मत पेटिकाहरू सदरमुकाममा ल्याई मतगणना गर्ने तथा निर्वाचन परिणाम प्रकाशित गर्ने व्यवस्था गरिएको थियो ।[४९२]

### ५.१२.५ धरौट सम्बन्धी व्यवस्था

जिल्ला पञ्चायत सभापति, उपसभापति र सदस्य पदको लागि उम्मेदवार हुनेले रु. १००।- धरौट राख्नु पर्दथ्यो[४९३] र खसेको दस प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको धरौट जफत हुने व्यवस्था थियो ।

### ५.१२.६ निर्वाचन चिह्न र मतपत्र

जिल्ला सभा सदस्य पदको उम्मेदवारहरूको लागि १४, जिल्ला पञ्चायतको सभापति पदको उम्मेदवारहरूको लागि १४, उपसभापति पदको लागि दस र सदस्य पदका उम्मेदवारहरूको लागि दस निर्वाचन चिह्न भएका बेग्लाबेग्लै रङका करिब ३८ लाख मतपत्रहरू छापिएका थिए ।

प्रत्येक पदका लागि निर्धारित निर्वाचन चिह्नभन्दा बढी उम्मेदवार भएमा उही रङको निर्वाचन चिह्न भएको अर्को थरीको मतपत्र जोडेर मतपत्र तयार गर्ने र त्यस्तो मतपत्रद्वारा मतदान सम्पन्न गराउने आदेश पनि निर्वाचन अधिकृतहरूलाई दिइएको थियो । निर्वाचन कार्यक्रम अनुसार तुरुन्त मतपत्र छापी उपलब्ध गराउन सक्ने साधन र क्षमताको अभावमा यस प्रकारको समस्याको तत्कालीन समाधानको उपायको निमित्त मतपत्र गाँसेर भए पनि मतदान गराउनुपर्ने बाध्यता हुनाले नै यस्तो निर्देशन दिनु परेको थियो । यद्यपि साधन सुलभ भएको जिल्लामा मतपत्रमा उल्लेखित निर्वाचन चिह्नभन्दा बढी सङ्ख्यामा उम्मेदवार भएको हुँदा पुनः मतपत्र छापी उपलब्ध पनि गराउन सकिएको थियो ।[४९४]

### ५.१२.७ मतदान केन्द्र र मत पेटिका

जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्यको निर्वाचनमा सबै पदका उम्मेदवारहरूको लागि प्रत्येक इलाकामा एउटा मतदान केन्द्र र एउटा मत पेटिका राख्ने व्यवस्था गरिएको थियो ।[४९५] जिल्ला पञ्चायतको निर्वाचनमा ७५ जिल्लामा

---

४९२ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ९ ।

४९३ स्थानीय पञ्चायत निर्वाचन निर्देशिका २०४३ (३६) ।

४९४ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ३ ।

४९५ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ३ ।

सभापति पदमा ३९४, उपसभापतिमा ४०४, सदस्य पदका लागि ६७५ गरी जम्मा २६२३ जना उम्मेदवारहरू खडा भएका थिए ।[४९६]

### ५.१२.८ निर्वाचन खर्च

जिल्ला पञ्चायत निर्वाचनमा उम्मेदवारले अधिकतम खर्च गर्न पाउने हदमा जिल्ला सभा सदस्य, जिल्ला पञ्चायत सदस्य, उपसभापति र सभापतिका लागि क्रमशः रु. १५००।-, ५०००।- र २०/२० हजार तोकिएको र निर्वाचन खर्च फाँटवारी निर्वाचन अधिकृतसमक्ष पेश गर्नुपर्ने र नगरेमा सजाय समेत हुन सक्ने व्यवस्था गरिएको थियो ।[४९७]

### ५.१२.९ मतदान समय

जिल्ला पञ्चायतको निर्वाचनको लागि २०३९।३।२ गते बिहान ८.०० बजेदेखि सँझ ५.०० बजेसम्म अधिराज्यभरि एकैदिन मतदान गर्ने व्यवस्था गरिएको थियो ।[४९८]

### ५.१२.१० मतगणना र नतिजा प्रकाशन

जिल्ला पञ्चायतको लागि भएको मतदान समाप्त भएपछि सबै इलाकाहरूबाट मत पेटिका जिल्लाको सदरमुकाममा ल्याइसकेपछि मात्र निर्वाचन अधिकृतले मतगणना गरी निर्वाचनको नतिजा प्रकाशित गरिएको थियो ।[४९९]

### ५.१२.११ महिला उम्मेदवार विजयी

सभापति पदको लागि दुई जना, उपसभापतिको लागि बाह्र जना र सदस्य पदको लागि बाह्र जना महिलाहरू पनि उम्मेदवारको रूपमा रहेका थिए । यी सभापति पदमा एक जना र सदस्य पदमा छ जना निर्वाचित हुन सफल भएका थिए ।[५००]

### ५.१२.१२ राष्ट्रसेवकबाट हस्तक्षेप

जिल्ला पञ्चायतको निर्वाचनमा उच्च पदस्थ राष्ट्रसेवकले प्रत्यक्ष वा अप्रत्यक्ष

---

[४९६] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९ पुरक खण्ड, पृ.२ ।

[४९७] स्थानीय पञ्चायत निर्वाचन निर्देशिका २०४३ (५२) ।

[४९८] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ.२ ।

[४९९] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पूरक खण्ड २०३८/३९, पृ.२ ।

[५००] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पूरक खण्ड २०३८/३९, पृ.२ । ।

रूपमा हस्तक्षेप गरेको सिकायत पत्रहरू विशेषतः सिराहा र म्याग्दी जिल्लाबाट निर्वाचन आयोगलाई विभिन्न माध्यमबाट प्राप्त भएको थियो ।[५०१]

### ५.१२.१३ हिंसात्मक घटना

रूपन्देही जिल्लामा जिल्ला पञ्चायतको निर्वाचनको क्रममा मतदान हुनुभन्दा पहिले सदस्य पदको उम्मेदवारको हत्या गरिएको र एक दुई ठाउँमा मतदान भइसकेपछि मत पेटिका एवं मतपत्रहरू लुटिएको जस्तो अप्रिय घटना घटित भए तापनि त्यस्ता ठाउँमा पुनः मतदान कार्यक्रम सञ्चालन गरी स्थानीय निकायको निर्वाचन सम्पन्न गरिएको थियो ।[५०२] जिल्ला पञ्चायतको निर्वाचनमा वर्गीय संगठनका प्रारम्भिक कार्य समितिका सभापतिहरूले  समेत मतदान गर्न पाउने कानुनी व्यवस्था भएकोले सभापतिहरूलाई पनि मतदान गर्ने अवसर प्राप्त थियो ।[५०३] नगर पञ्चायतबाट जिल्ला सभामा प्रतिनिधित्व हुने १३८ पदहरूको लागि निर्वाचन सम्पन्न भएको थियो । ७५ जिल्लाका ८२५ पदहरूको लागि २०३९।३।२ मा निर्वाचन गर्ने कार्यक्रम अनुसार अधिकांश जिल्लामा निर्वाचन सम्पन्न भए पनि कारणवश सुनसरी जिल्लामा आषाढ सात गते र सिन्धुलीमा आषाढ तीन गते मात्र निर्वाचन भएको थियो ।[५०४]

## ५.१३ गाउँ पञ्चायत/नगर पञ्चायत निर्वाचन, (वि.सं. २०४३)

### ५.१३.१ निर्वाचनको चरण

२०४३ सालमा स्थानीय निकाय निर्वाचन दुई चरणमा सञ्चालन गरिएको थियो । मिति २०४३।१२।७ मा पहिलो र २०४३।१२।१० मा दोस्रो चरणमा सम्पूर्ण गाउँ पञ्चायत/नगर पञ्चायतको निर्वाचनका लागि मतदान भएको थियो । एउटै जिल्लाभित्रका पनि गाउँ पञ्चायत/नगर पञ्चायतहरूलाई निर्वाचन प्रयोजनार्थ दुई चरणमा विभाजन गरिएको थियो ।[५०५] हिमाली भेगमा परेका आठ जिल्लाका २०१ वटा गाउँ पञ्चायतमा मतदान कार्य वैशाखसम्ममा सकिने कुरा प्रकाशित भएको थियो । ती जिल्लाहरूमा दार्चुला, मुस्ताङ, मनाङ, जुम्ला, हुम्ला, मुगु, कालिकोट र डोल्पा थिए ।[५०६]

---

५०१ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पूरक खण्ड २०३८/३९, पृ. ४ ।

५०२ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पूरक खण्ड २०३८/३९, पृ. ४ ।

५०३ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पूरक खण्ड २०३८/३९, पृ. १-२ ।

५०४ निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ३ ।

५०५ गोरखापत्र, ७, ८, १० चैत्र २०४३ ।

५०६ गोरखापत्र, १२ चैत्र २०४३ ।

### ५.१३.२ मतदाता हुन योग्यता

स्थानीय पञ्चायत निर्वाचन निर्देशिका, २०४३ मा मतदाता हुन घटीमा एक वर्ष बसोबास गरेका २१ वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरू गाउँ वा नगर सभाको सदस्य र गाउँ वा नगर पञ्चायतको सदस्यको निर्वाचनमा मतदाता हुन सक्ने व्यवस्था थियो ।[५०७] यसैगरी गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च र उपप्रधानपञ्चको निर्वाचनमा पनि सबै वडाका २१ वर्ष उमेर पूरा गरेका घटीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरू मतदाता हुने व्यवस्था गरिएको थियो ।[५०८]

### ५.१३.३ जनप्रतिनिधि सङ्ख्या

२०४३ सालमा हुन लागेको गाउँ तथा नगर पञ्चायतको निर्वाचनमा १ लाख ९१ हजार ६२ जना जनप्रतिनिधिहरू छानिनु पर्ने थियो । नेपाल अधिराज्यमा त्यतिखेर ४०१५ गाउँ पञ्चायत तथा ३३ नगर पञ्चायतहरू कायम थियो । प्रत्यक्ष मतदानबाट छानिने जनप्रतिनिधिहरूमा १ लाख ८८ हजार ७०६ गाउँ पञ्चायत र २ हजार ३५६ नगर पञ्चायतका प्रतिनिधिहरू थिए । यसमा गाउँ सभाको सदस्यहरू १ लाख ४४ हजार ५४१, गाउँ पञ्चायतको सदस्यहरू ३६ हजार १३५, गाउँ पञ्चायतका प्रधानपञ्चहरू ४०१५ र उपप्रधानपञ्चहरू पनि ४०१५ जना रहेका थिए । यस्तै नगर सभाको सदस्यहरूको सङ्ख्या १८३२, नगर पञ्चायतको सदस्यहरूको सङ्ख्या ४५८ र प्रधानपञ्च र उपप्रधानपञ्चहरूको सङ्ख्या ३३/३३ हुने थियो । २०४३ सालमा केही गाउँ पञ्चायतहरूको भागलाई गाभी चार वटा नगर पञ्चायत बनाइएकोले सात वटा गाउँ पञ्चायतहरू घट्न गई नगर पञ्चायतहरूको सङ्ख्या चार वटा वृद्धि हुन गएको थियो ।[५०९]

### ५.१३.४ पञ्चायत नीति तथा जाँचबुझ समितिको विज्ञप्ति

पञ्चायत नीति तथा जाँचबुझ समितिले संविधान प्रदत्त अधिकारको अभ्यास पनि संविधानकै सीमाभित्र मर्यादित गरी त्यसको संरक्षण गर्ने दायित्वलाई स्थानीय पञ्चायतको निर्वाचनका मतदाता एवं उम्मेदवारहरूले सफलतापूर्वक बहन गर्न

---

५०७ स्थानीय पञ्चायत निर्वाचन निर्देशिका, २०४३, ३ क ।

५०८ ऐजन, ३ ख ।

५०९ गोरखापत्र, १४ फागुन २०४३ ।

समेतका लागि भनी निर्वाचनको क्रममा विज्ञप्ति प्रकाशित गरी अनुरोध गरेको थियो ।[५१०]

### ५.१३.५ मतपत्र र चुनाव चिह्न निर्धारण

गाउँ सभा सदस्य/नगर सभा सदस्य निर्वाचनमा कालो रङका, गाउँ पञ्चायत सदस्य/नगर पञ्चायत सदस्य निर्वाचनमा हरियो रङका विभिन्न चुनाव चिह्नहरू प्रयोग गरी मतपत्रको व्यवस्था गरिएको थियो ।[५११] निर्वाचन आयोगबाट स्थानीय पञ्चायत निर्वाचनका लागि अलग-अलग पदका लागि अलग-अलग विभिन्न १० देखि १६ प्रकारका निर्वाचन चिह्नहरू निर्धारण गरिएको थियो ।[५१२] जम्माजम्मी सात पदको लागि सात वटा चिह्नमा छाप लगाउनुपर्ने स्थानीय पञ्चायतको निर्वाचनमा कतिपय मतदाताहरूको लागि सात वटा चिह्न सम्झनुपर्ने पनि एउटा समस्या बन्न सक्ने थियो ।[५१३]

### ५.१३.६ वर्गीय संगठनको सदस्यता

उम्मेदवार हुन दिने दरखास्तका साथ गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचनमा वर्गीय संगठन ऐन, २०३६ को दफा १७ अनुसार कुनै एक वर्गीय संगठनको सदस्यता सम्बन्धी रसिद संलग्न राख्नुपर्ने समेतको व्यवस्था थियो ।[५१४]

### ५.१३.७ धरौट र जफत

गाउँ पञ्चायत र नगर पञ्चायतको प्रधान र उपप्रधानपञ्च पदको लागि उम्मेदवारले क्रमशः रु. ५०/५०।- र रु. १००/१००।- धरौट राख्नु पर्दथ्यो ।[५१५] खसेको दस प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको धरौट जफत हुने व्यवस्था थियो ।

### ५.१३.८ प्रचार सामग्री

निर्देशिकाको दफा ५३ मा निर्वाचनको समयमा प्रचारका लागि वितरण गर्ने पोस्टर र पर्चा आदि प्रचार गर्नुभन्दा पहिले प्रत्येक प्रचार सामग्री पाँच प्रतिको हिसाबले

---

५१० गोरखापत्र, २२ फागुन २०४३ ।

५११ गोरखापत्र, १९ चैत्र २०४३ ।

५१२ गोरखापत्र, २० फागुन २०४३ ।

५१३ गोरखापत्र, २९ चैत्र २०४३ ।

५१४ स्थानीय पञ्चायत निर्वाचन निर्देशिका २०४३, बुँदा १२ ।

५१५ स्थानीय पञ्चायत निर्वाचन निर्देशिका २०४३, बुँदा ३६ ।

प्रत्येक उम्मेदवारबाट निर्वाचन अधिकृतले लिई निर्वाचन आयोगमा पठाउनुपर्ने र प्रचार सामग्री पेश नगर्ने उम्मेदवारको सूची कानुनी सजायको निमित्त निर्वाचन अधिकृतले निर्वाचन परिणाम घोषणा भएको १५ दिनभित्र निर्वाचन आयोगमा पठाउनुपर्ने व्यवस्था समेत गरिएको थियो ।

निर्देशिकाको दफा ५४ मा मतदान हुने दिनभन्दा २४ घन्टा अघिदेखि मतदान कार्य पूरा नभएसम्म प्रचार गर्न रोक लगाइएको र बर्खिलाप गरी प्रचार गर्नेलाई निर्वाचन अधिकृतले रु.२५०।- सम्म जरिवाना गर्न सक्ने अधिकार प्रदान गरेको थियो । यही व्यवस्था निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा १३(२) मा पनि गरिएको पाइन्छ ।

### ५.१३.९ निर्वाचन खर्च

निर्वाचनलाई मर्यादित र कम खर्चिलो बनाउन यतिखेरको निर्वाचनमा पनि उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्च रकमको अधिकतम हद तोकिएको थियो । यसरी तोकिएको अधिकतम हद देहायका पदका लागि देहाय बमोजिम थियो-

(क) गाउँ सभा सदस्यलाई रू. १५००।-

(ख) गाउँ पञ्चायत सदस्यलाई रू. १५००।-

(ग) नगर सभा सदस्यलाई रू. ५०००।-

(घ) नगर पञ्चायत सदस्यलाई रू. ५०००।-

(ङ) गाउँ पञ्चायतका उपप्रधानपञ्चलाई रू. ५०००।-

(च) गाउँ पञ्चायतका प्रधानपञ्चलाई रू. ५०००।-

(छ) नगर पञ्चायतका उपप्रधानपञ्चलाई रू. १५०००।-

(ज) नगर पञ्चायतका प्रधानपञ्चलाई रू. १५०००।-

यसरी तोकिएको खर्च रकमको हदभित्र रहेर उम्मेदवारहरूले खर्च गरे गरेनन् भन्ने जानकारी लिनका लागि उम्मेदवारले निर्वाचन समाप्त भएको मितिले १५ दिनभित्र निर्वाचन अधिकृत समक्ष निर्वाचन खर्चको फाँटवारी पेश गर्नुपर्ने व्यवस्था गरिएको थियो । यसरी तोकिए बमोजिम खर्चको फाँटवारी पेश नगर्ने उम्मेदवारलाई सजाय समेत हुन सक्ने व्यवस्था थियो । तर, पराजित उम्मेदवारलाई यस्तो वाध्यता थिएन ।[५१६]

---

५१६ स्थानीय पञ्चायत निर्वाचन निर्देशिका २०४३, बुँदा ५२ ।

### ५.१३.१० मसी लगाई छुट्टाछुट्टै मतपत्र दिने

निर्देशिकाको दफा ३१ मा मतदातालाई मतपत्र दिँदा दाहिने हातको बूढी औंलाको नङ र मासुको जोर्नीमा मसीले धर्सो चिह्न लगाई प्रत्येक पदका लागि छुट्टाछुट्टै मतपत्र उपलब्ध गराई मतदान गराउनु पर्ने समेतको व्यवस्था गरिएको थियो ।

### ५.१३.११ निर्वाचन सम्पन्न र केही स्थानमा स्थगित

स्थानीय पञ्चायतका निकायहरूको १ लाख ९० हजारजति पद मध्ये धेरैको निर्वाचन सम्पन्न भइसकेको थियो ।[५१७] नेपाल अधिराज्यका ४०१५ गाउँ पञ्चायतहरू मध्ये ३७६० गाउँ पञ्चायतमा मतदान कार्य सम्पन्न भइसकेको कारणवश केही गाउँ पञ्चायतहरूमा रोकिएको वा रद्द भएको मतदान कार्य पनि अधिकांशमा पुनः मतदान भैसकेको जानकारी आयोगबाट गराइएको थियो ।[५१८] अधिराज्यका दुई हजारभन्दा बढी गाउँ पञ्चायतहरूको पहिलो चरणमा २०४३।१२।७ मा शान्तिपूर्ण ढङ्गले मतदान सम्पन्न भएको थियो तर केही जिल्लाका ४४ गाउँ पञ्चायतमा मतदान समयमा उम्मेदवारहरू बिच आपसी झगडा हुँदा मतदान कार्यक्रम स्थगित गरिएको कुरा निर्वाचन आयोगले जनाएको थियो ।[५१९]

### ५.१३.१२ मतदान प्रतिशत

निर्वाचनमा ५५ देखि ६० प्रतिशतसम्म मतदान भएको अनुमान गरिएको थियो ।[५२०] स्थानीय पञ्चायतका निकायहरूको पदको लागि प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचनको अभ्यासक्रम पञ्चायत व्यवस्थाको सूत्रपात भए यता पटकपटक भइरहेको थियो । संविधानमा भएको तेस्रो संशोधनपश्चात् बालिग मताधिकारको आधारमा स्थानीय पञ्चायतको लागि भएको यस पटकको निर्वाचन दोस्रो प्रत्यक्ष निर्वाचन थियो ।[५२१]

### ५.१३.१४ निर्विरोध निर्वाचन

केही गाउँ पञ्चायतमा प्रधानपञ्च र उपप्रधानपञ्चहरू पनि निर्विरोध निर्वाचित

---

५१७ गोरखापत्र, १५ चैत्र २०४३ ।

५१८ गोरखापत्र, १२ चैत्र २०४३ ।

५१९ गोरखापत्र, ८ चैत्र २०४३ ।

५२० ऐजन ।

५२१ गोरखापत्र, १५ चैत्र २०४३ ।

भएका थिए ।[५२२] वडा अध्यक्षहरूमा निर्विरोध निर्वाचित हुने जनप्रतिनिधिहरू उल्लेख्य थिए ।[५२३]

### ५.१३.१५ विविध

सिन्धुली जिल्लाको छ गाउँ पञ्चायतमा महिला प्रधानपञ्च निर्वाचित भएका थिए ।[५२४] केही वडाहरूमा मतदाताहरू बिचको कलहले मतदान स्थगित गर्नु परे पनि हिंसा वा हताहतका घटना भने कहीँ पनि घटेका थिएनन् ।[५२५] ३३ नगर पञ्चायत मध्ये ३२ वटा नगर पञ्चायतहरूमा मतदान कार्य पूरा भएको जानकारी आयोगबाट भएको थियो ।[५२६] ३२ वटा नगर पञ्चायतमा निर्वाचन सम्पन्न भई कुल २३०४ पदाधिकारीहरू निर्वाचित भएको र राजविराज नगर पञ्चायतको निर्वाचन हुन बाँकी रहेको थियो ।[५२७] विभिन्न नगर पञ्चायतमा नयाँ नयाँ उम्मेदवारहरू बढी सङ्ख्यामा निर्वाचित भएका थिए ।[५२८]

## ५.१४ जिल्ला पञ्चायत निर्वाचन, (वि.सं. २०४४)

### ५.१४.१ निर्वाचन कार्यक्रम

हिमाली क्षेत्र बाहेक अन्य जिल्लाहरूमा जिल्ला पञ्चायतको चुनाव २०४४।१।२६ गते हुने कार्यक्रम थियो ।[५२९] जस अनुसार २०४३।१२।२७ मा मतदाता सूची प्रकाशन गरी दाबी विरोध र छानबिन, मनोनयनपत्र दर्ता लगायतका निर्वाचन कार्यक्रमहरू तय गरिएको थियो ।[५३०] हिमाली जिल्लाहरूमा २०४४ वैशाख महिनाभित्र गाउँ पञ्चायतहरूमा निर्वाचन सकेपछि जेठ तेस्रो हप्तासम्म जिल्ला पञ्चायतको निर्वाचन गरिने कार्यक्रम थियो ।[५३१] कारणवश रोकिएका सप्तरीमा जेठ ३, तनहुँमा ७,

---

५२२ गोरखापत्र, १९ चैत्र २०४३ ।

५२३ अमात्य, केदार, स्थानीय पञ्चायतको निर्वाचनमा जनअभिरुचि, गोरखापत्र, १६ चैत्र २०४३ ।

५२४ गोरखापत्र, १९ चैत्र २०४३ ।

५२५ पराजुली, मुकुन्द, स्थानीय निर्वाचनका केही यथार्थताहरू, गोरखापत्र, १६ चैत्र २०४३ ।

५२६ गोरखापत्र, १२ चैत्र २०४३ ।

५२७ गोरखापत्र, ३० चैत्र २०४३ ।

५२८ गोरखापत्र, २५ चैत्र २०४३ ।

५२९ गोरखापत्र, २४ चैत्र २०४३ ।

५३० गोरखापत्र, २९ फागुन २०४३ ।

५३१ गोरखापत्र, २४ चैत्र २०४३ ।

कालिकोटमा ११, मुस्ताङ र मनाङमा १२, जुम्लामा १३, गोरखा र मुगुमा १४, डोल्पा र हुम्लामा १५ गते मतदान हुने कार्यक्रम तय गरिएको थियो ।[५३२]

## ५.१४.२ निर्वाचन निर्देशिका

स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ३०(२) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले स्थानीय पञ्चायतका सदस्यहरूको निर्वाचन सञ्चालन गर्नको लागि स्थानीय पञ्चायत निर्वाचन निर्देशिका, २०४३ जारी गरेको थियो । उक्त निर्देशिका गाउँ वा नगर सभाको सदस्य, गाउँ वा नगर पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्य, जिल्ला सभाको सदस्य, जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्यको निर्वाचनको लागि नेपाल अधिराज्यको सबै गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला पञ्चायत क्षेत्रमा लागू हुने व्यवस्था गरिएको थियो ।[५३३]

## ५.१४.३ मतदाता

मतदाता सम्बन्धमा जिल्ला पञ्चायत सभापति र उपसभापतिको निर्वाचनमा सम्बन्धित जिल्लाभित्रका सबै गाउँ र नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च, सदस्यहरू तथा सबै गाउँ र नगर सभाका सदस्यहरू, जिल्ला पञ्चायतको सदस्यको निर्वाचनमा सम्बन्धित जिल्लाको इलाकाभित्रका गाउँ तथा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ र नगर सभाको सदस्यहरू एवं जिल्ला सभाको सदस्यको निर्वाचनमा नगर पञ्चायतबाट जिल्ला सभाको सदस्यको निर्वाचनमा सम्बन्धित नगर सभाका सदस्यहरू मतदाता हुने व्यवस्था थियो ।[५३४]

## ५.१४.४ उम्मेदवार

जिल्ला पञ्चायतका सभापति र उपसभापति पदका लागि सम्बन्धित जिल्लाभित्रका सबै गाउँ वा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च, सदस्य वा गाउँ वा नगर सभाका सदस्यहरू उम्मेदवार हुन पाउने र जिल्ला पञ्चायत सदस्य पदको लागि सम्बन्धित जिल्लाको सम्बन्धित इलाकाभित्रका सबै गाउँ वा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च, सदस्य र गाउँ वा नगर सभाका सबै सदस्यहरू उम्मेदवार हुन पाउने व्यवस्था थियो ।[५३५]

---

५३२ गोरखापत्र, २४ वैशाख २०४४ ।

५३३ स्थानीय पञ्चायत र निर्वाचन निर्देशिका, २०४३, बुँदा १ ।

५३४ गोरखापत्र, २४ चैत्र २०४३ ।

५३५ ऐजन ।

## ५.१४.५ मतपत्र र चुनाव चिह्न

जिल्ला पञ्चायतका सभापति र उपसभापति र सदस्यहरूको क्रमशः १४, १८ र २२ चुनाव चिह्न भएका अलग-अलग रङका मतपत्रहरूको व्यवस्था गरिएको थियो ।[५३६]

## ५.१४.६ उम्मेदवारको मनोनयनपत्र दाखिला

विभिन्न जिल्लाका जिल्ला पञ्चायत सभापति, उपसभापति पदका लागि उम्मेदवारको मनोनयनपत्र दाखिला २०४३।१२।२९ मा भएको थियो ।[५३७]

## ५.१४.७ धरौट र जफत

जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्य पदको लागि उम्मेदवार हुनेले रु. १००।- धरौट राख्नुपर्ने व्यवस्था थियो । मतदान गरिएको कुल मत सङ्ख्याको दस प्रतिशतभन्दा कम पाउने उम्मेदवारको धरौट जफत हुने व्यवस्था थियो ।

## ५.१४.८ मतगणना र नतिजा

यस्तै निर्देशिकाको दफा ३३ मा मतगणना गर्दा सबै मतदान केन्द्रहरूबाट मत पेटिका प्राप्त भइसकेपछि मिति, समय र स्थान तोकी प्रत्येक पदको लागि छुट्टाछुट्टै मतगणना गरी सदर/बदर मत छुट्टयाई मतगणना गरी नतिजा घोषणा गर्नुपर्ने व्यवस्था समेत गरिएको थियो । ६४ जिल्लामा हुने जिल्ला पञ्चायतको सभापति पदका ३०४ र ६३ उपसभापतिका लागि ३४७ गरी ६५१ जना उम्मेदवारहरू थिए । सल्यान जिल्लामा उपसभापति पदमा निर्विरोध भएको थियो ।[५३८] ६४ जिल्ला पञ्चायतको निर्वाचन शान्तिपूर्ण ढंगबाट सम्पन्न भएको थियो ।[५३९] ६४ जिल्लामा २३ सभापति पूरानै व्यक्ति पुनः चुनिएको र ४१ जिल्लामा नयाँ अनुहार निर्वाचित भएका थिए ।[५४०] अन्य हिमाली जिल्लाहरूमा पनि निर्वाचन निर्धारित मितिभित्रै सम्पन भएका थिए ।

---

५३६ गोरखापत्र, २७ वैशाख २०४४ ।

५३७ गोरखापत्र, २९ चैत्र २०४३ ।

५३८ गोरखापत्र, ११ वैशाख २०४४ ।

५३९ गोरखापत्र, २७ वैशाख २०४४ ।

५४० गोरखापत्र, १ जेठ २०४४ ।

## ५.१५ गाउँ विकास समिति/नगरपालिका निर्वाचन, (वि.सं. २०४९)

### ५.१५.१ पृष्ठभूमि

श्री ५ महेन्द्रबाट २०१७ सालमा सूत्रपात गरिएको पञ्चायती व्यवस्थाभित्र राजनीतिक गतिविधि मात्र सीमित नभई निर्वाचन पद्धति पनि साँघुरिदै गइरहेको थियो । गाउँ पञ्चायतदेखि राष्ट्रिय पञ्चायतसम्मको निर्वाचनमा अप्रत्यक्ष चुनाव पद्धति अपनाइएको र उम्मेदवार बन्न पनि गाउँ फर्क राष्ट्रिय अभियानको सिफारिस चाहिने व्यवस्था पनि लागू गरिएको थियो । पछि २०३७ सालमा गाउँ पञ्चायत/ नगर पञ्चायत र राष्ट्रिय पञ्चायतको चुनावमा प्रत्यक्ष चुनाव पद्धति अपनाइए पनि मूलतः व्यवस्थाप्रतिको विरोधमा कमी आउन सकेको थिएन । पञ्चायती व्यवस्था विरुद्ध नै निरन्तर संघर्ष र आन्दोलनका गतिविधि छिटफुट रूपमा भइनै रहे । त्यसको निरन्तरता तीसौँ वर्षसम्म भइरह्यो । यसै क्रममा २०४५/०४६ सालमा संगठित रूपमा भएको जनआन्दोलनबाट अन्ततः पञ्चायती व्यवस्था समाप्त भई मूलुकमा बहुदलीय व्यवस्थाको पुनर्बहाली भयो । तत्पश्चात् २०४७ कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भई तदनुरूप स्थानीय निकाय गठन तथा निर्वाचन सम्बन्धी ऐन नियमहरू जारी गरिए । स्थानीय निकायको नाम परिवर्तन गरी गठन प्रक्रियामा पनि फेरबदल गरियो । पूर्व कायम रहेका ४०१५ गाउँ पञ्चायतका केही भाग र क्षेत्रलाई नगर क्षेत्रमा गाभी नयाँ नामकरण गरिएको, गाउँ विकास समितिको सङ्ख्या ३९९५ कायम गरिएको र यस्तै साविकको ३३ नगर पञ्चायतको सङ्ख्यालाई बढाई ३६ वटा नगरपालिका कायम गरिएको थियो ।[५४१]

### ५.१५.२ गाउँ विकास समिति/उपमहानगर/नगरपालिकाको क्षेत्र र वडा विभाजन

श्री ५ को सरकारले नेपाल अधिराज्यभित्रको कुनै ग्रामीण इलाकालाई चार किल्ला खोली गाउँ विकास क्षेत्र तोक्न सक्ने र सो क्षेत्रलाई यथासम्भव बराबर जनसङ्ख्या पर्ने गरी नौ वडामा विभाजन गर्न सक्ने व्यवस्था गरिएको थियो[५४२] भने नगर क्षेत्रमा जनसङ्ख्याको अनुपातमा ३५ वडासम्म कायम गरी महानगर, उपमहानगर र नगरपालिका गठन हुने व्यवस्था गरिएको थियो । प्रत्येक वडाबाट एक एक जना वडा सदस्य र सम्पूर्ण वडाका मतदाताबाट एक एक जना प्रमुख र उपप्रमुखको निर्वाचन गर्ने व्यवस्था गरिएको थियो जुन व्यवस्था हालसम्म कायमै छ ।

---

५४१ गोरखापत्र, ५ जेठ २०४९ ।

५४२ गाउँ विकास समिति ऐन, २०४८, दफा ३, ४ ।

### ५.१५.३ निर्वाचन कार्यक्रम

गाउँ विकास समिति/नगरपालिकाको निर्वाचन दुई चरणमा विभाजित गरी निर्वाचन गर्ने तय गरिएको थियो । पहिलो चरण अन्तर्गत परेका अधिराज्यका २0३0 गाउँ विकास समिति र ११ नगरपालिकामा निर्वाचनको कार्यक्रम २०४९।१।२४ देखि सुरु गरी जेठ १५ मा मतदान र दोस्रो चरणमा परेका बाँकी १९६५ गाउँ विकास समिति र २५ नगरपालिकामा २०४९।१।२७ गतेदेखि निर्वाचन कार्यक्रमहरू सुरु गरी जेठ १८ गतेका दिन मतदान गर्ने कार्यक्रम प्रकाशित भएको थियो ।[५४३] एकै जिल्लामा पनि दुई चरण गरी मतदान गर्ने दिन तोकिएको थियो ।[५४४]

### ५.१५.४ मतदाता र प्रत्यक्ष निर्वाचन

स्थानीय निकाय निर्वाचनमा राणाकालीन समयदेखि २१ वर्ष उमेर पुगेकालाई मतदातामा समावेश गरी मताधिकार दिई आएकोमा यस निर्वाचनमा १८ वर्ष उमेर पुगेकालाई बालिग मानी मताधिकार प्रदान गरियो । साथै सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरू मतदाता हुने साविककै व्यवस्था रहेको थियो । गाउँ विकास समिति तथा नगरपालिकाहरूका वार्ड सदस्य तथा अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुखको निर्वाचन प्रत्यक्ष निर्वाचन पद्धति अनुसार अर्थात् यसभन्दा पहिलेकै प्रक्रिया अनुसारको प्रक्रिया अवलम्बन गरी गरिएको थियो ।

### ५.१५.५ निर्वाचित हुने पद र सङ्ख्या

प्रथम र दोस्रो चरण गरी गाउँ विकास समितिका ३९९५ अध्यक्ष, त्यतिनै उपाध्यक्ष र ३५९५५ सदस्यहरू एवं नगरपालिकामा ३६ प्रमुख, त्यतिनै उपप्रमुख र ५२२ सदस्यहरूको निर्वाचन गर्नुपर्ने थियो ।[५४५]

### ५.१५.६ निर्वाचन अधिकृत

निर्वाचन आयोगबाट सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सो जिल्लाको निर्वाचन सञ्चालन गर्न निर्वाचन अधिकृत नियुक्त गरिएको थियो ।[५४६]

---

५४३ निर्वाचन आयोग, गोरखापत्र, ९ वैशाख २०४९ ।

५४४ गोरखापत्र, ३ जेठ २०४९ ।

५४५ गोरखापत्र, १५ जेठ २०४९ ।

५४६ गोरखापत्र, १ जेठ २०४९ ।

### ५.१५.७ मतदान केन्द्र र जनशक्ति

२०४९ सालको निर्वाचनमा एक विकास क्षेत्र भरी एकैपटक निर्वाचन सम्पन्न गराउनुपर्ने बाध्यात्मक व्यवस्था नभएका कारण प्रत्येक जिल्लामा दुई चरणमा निर्वाचन गर्ने परम्परा थियो र मतदानमा खटिने एक टोलीले सामान्यतया नजिक नजिक पर्ने गाउँ विकास समितिका दुई मतदान केन्द्रमा तीन/चार दिनको अन्तरालमा निर्वाचन गराउने कार्य भएको थियो ।[५४७] स्थानीय निकायको निर्वाचनमा देशभरि ५०७१ मतदान केन्द्र, उपकेन्द्रहरू थिए भने करिब ४० हजार सुरक्षाकर्मी र करिब ५५ हजार कर्मचारी दुवै चरणको निर्वाचनका लागि खटिएका थिए ।[५४८]

### ५.१५.८ जनशक्ति तालिम र मतदाता सजगता

स्थानीय निकायको निर्वाचनको सन्दर्भमा २०४९ सालको प्रारम्भमा निर्वाचन सञ्चालनसँग सम्बन्धित अधिकृत तथा कर्मचारीहरूका लागि तालिम र मतदाताहरूका लागि मतदाता सजगता/ सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।[५४९]

### ५.१५.९ उम्मेदवारको नामावली र अन्तिम नामावली प्रकाशन

पहिलो समूहको निर्वाचनको लागि २०४९।१।२२ मा र दोस्रो समूहको निर्वाचनको लागि २०४९।१।२६ मा सम्बन्धित गाउँ विकास समिति/नगरपालिकामा प्रकाशित गरी पहिलो समूहकोमा वैशाख ३१ र दोस्रो समूहकोमा जेठ ३ मा नामावली उपर दाबी विरोध र अन्तिम नामावली प्रकाशन गरिने कार्यक्रम रहे अनुसार नै कार्यक्रम सम्पन्न भएको थियो ।[५५०]

### ५.१५.१० उम्मेदवारको योग्यता

२५ वर्ष उमेर पुगेको अन्य प्रचलित कानुनले अयोग्य नभएको सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको लगायतका योग्यता भएका व्यक्ति गाउँ विकास समिति सदस्यमा उम्मेदवार हुन पाउने व्यवस्था गरिएको थियो ।[५५१]

---

५४७ स्थानीय निकाय निर्वाचन, २०५४ एक झलक, स्थानीय निकाय निर्वाचन सुधार सुझाव कार्यदलको प्रतिवेदन २०५४, पृ. ७ ।

५४८ निर्वाचन आयोग, गोरखापत्र, १५ जेठ २०४९ ।

५४९ निर्वाचन आयोगको बाह्रौं वार्षिक प्रतिवेदन २०५०, पृ. १० ।

५५० गोरखापत्र, १ जेठ २०४९ ।

५५१ गाउँ विकास समिति ऐन, २०४८, पृ. ८ ।

### ५.१५.११ उम्मेदवारी दर्ता

गाउँ विकास समिति/नगरपालिकाको प्रथम चरण अन्तर्गत उम्मेदवारी मनोनयन दर्ताको कार्यक्रम २०४९।२।१ मा बिहान १०.०० देखि ५.०० बजेसम्म राखिएको थियो भने दोस्रो समूहकोमा जेठ चारमा रहेको थियो ।[५५२]

### ५.१५.१२ धरौटी र जफत

गाउँ विकास समिति अध्यक्ष र उपाध्यक्ष पदको लागि रु. १००।- र सदस्यहरूको लागि रु. ५०।- तथा नगरपालिकाप्रमुख र उपप्रमुख पदका लागि रु. ५००।- र सदस्य पदका लागि रु. २००।- धरौटी राख्नुपर्ने व्यवस्था गरिएको थियो भने खसेको सदर मतको १० प्रतिशत मत प्राप्त नगरेको खण्डमा त्यस्ता उम्मेदवारले राखेको धरौटी जफत हुने व्यवस्था थियो ।[५५३]

### ५.१५.१३ मतदाता सङ्ख्या र मतदान समय

कुल ३९९५ गाउँ विकास समिति र ३६ नगरपालिकाहरूमा जम्मा १ करोड २० लाख मतदातालाई त्यस निर्वाचनमा मताधिकार प्राप्त थियो भने मत खसाल्ने समय बिहान ७.०० बजेदेखि ५.०० बजेसम्म निर्धारण गरिएको थियो ।[५५४]

### ५.१५.१४ निर्वाचन चिह्न, मतपत्र र मतदान

गाउँ विकास समिति/नगरपालिकाको निर्वाचनका लागि मतदाताहरूले तीन पदका लागि एउटै मतपत्रमा आफूले रोजेको उम्मेदवारको चिह्नमा मतदान गर्नुपर्ने व्यवस्था थियो भने गाउँ विकास समिति र नगरपालिकाको मतपत्र छुट्टाछुट्टै गरी क्रमशः १४ र १३ चिह्नहरू राखिएको थियो । तीन पदका लागि चुनाव चिह्न अङ्कित एउटै मतपत्रको व्यवस्था थियो ।[५५५]

### ५.१५.१५ निर्वाचन सामग्री

निर्वाचन आयोगबाटै सबै गाउँ विकास समिति र नगरपालिकाको निर्वाचनको लागि आवश्यक पर्ने सम्पूर्ण निर्वाचन सामग्रीको खरिद तथा छपाइ गरी सम्बन्धित जिल्ला

---

५५२ गोरखापत्र, १ जेठ २०४९ ।

५५३ गोरखापत्र, ५ जेठ २०४९ ।

५५४ गोरखापत्र, १५ जेठ २०४९ ।

५५५ ऐजन ।

निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याई निर्वाचन हुने दिनभन्दा अगाडि यथोचित समयमा सबै मतदान केन्द्रहरूमा पुऱ्याउने आवश्यक प्रबन्ध गरिएको थियो ।[५५६]

### ५.१५.१६ निर्वाचन खर्च हद

निर्वाचन प्रचार-प्रसारको लागि गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षको लागि अधिकतम रु. दस हजार र सदस्यको लागि दुई हजार एवं नगरपालिकाप्रमुख र उपप्रमुखको लागि रु. २५ हजार तथा सदस्यहरूको लागि रु. दस हजार निर्वाचन खर्च हद[५५७] तोकिएको थियो । उम्मेदवारले निर्वाचन खर्च विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सम्बन्धित निर्वाचन अधिकृत समक्ष बुझाउनुपर्ने व्यवस्था थियो ।

### ५.१५.१७ उम्मेदवार सङ्ख्या

गाउँ विकास समिति/नगरपालिका निर्वाचनमा मान्यता प्राप्त गरेका पाँच राजनीतिक दल र स्वतन्त्र समेत गरी करिब ३,५०,००० उम्मेदवार विभिन्न पदका लागि चुनावी मैदानमा खडा भएका थिए ।[५५८]

### ५.१५.१८ निर्वाचन आचार संहिता

स्थानीय निकाय निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण ढङ्गले सम्पन्न गराउने उद्देश्यले राष्ट्रिय राजनीतिक दलहरूले तीन सूत्रीय मूल आचरण तथा २१ सूत्रीय सामान्य आचरण सम्मिलित आचार संहिता बनाई सो पालना गर्नका लागि प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।[५५९] निर्वाचनलाई शान्तिपूर्ण, धाँधलीरहित बनाउन प्रमुख राजनीतिक दलहरूले निर्वाचन आचार संहिता (Code of Conduct) मा आफ्नो सहमति जनाएका थिए ।[५६०]

निर्वाचन आयोगद्वारा स्थानीय निकाय निर्वाचन सम्बन्धी तत्कालीन स्थितिको विवेचना गरी निर्वाचन कार्यक्रमलाई सुचारु रूपले सञ्चालन गराउने उद्देश्यले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको एक समन्वय गोष्ठी गरी स्थानीय निकाय निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रूपले सञ्चालन गर्न चार बुँदामा सहमति

---

५५६ श्रेष्ठ, सूर्यप्रसाद, प्रमुख निर्वाचन आयुक्त, गोरखापत्र, १ जेठ २०४९ ।

५५७ गोरखापत्र, १ जेठ २०४९ ।

५५८ गोरखापत्र, १५ जेठ २०४९ ।

५५९ तिवारी, रमेश, स्थानीय निर्वाचन, आचार संहिताको पालना जरुरी, गोरखापत्र, ८ जेठ २०४९ ।

५६० पर्यवेक्षण २०४९, नेपाल कानुन समाज, काठमाडौं, पृ. ३ ।

भएको कुरा निर्वाचन आयोगबाट थाहा भएको भन्ने समाचार अखबारहरूमा सार्वजनिक भएका थिए ।[५६१]

ती बुँदाहरूमा मतदानको समयमा जुनसुकै पक्षबाट बुथ क्याप्चर भएको सूचना प्राप्त भएमा निर्वाचन आयोगबाट तुरुन्त छानबिन गरी पुनः मतदान गराउने, त्यसरी बुथ क्याप्चर गर्ने व्यक्ति माथि कानुनी कारवाही गर्ने, मतदानको दिन मतदान केन्द्र वरिपरि हातहतियार लिएर घुम्ने तथा मादक पदार्थ बिक्री वितरण गर्ने जस्ता कानुनद्वारा निषेध गरिएका कुराहरूलाई पालना नगर्ने व्यक्ति उपर कडा कारवाही गर्ने र राजनीतिक संगठन वा दलहरूले संगठित शक्तिको आधारमा परस्पर मुठभेड हुन नदिन आवश्यक निर्देशन आ-आफ्नो कार्यकर्ताहरूलाई दिई निर्वाचन कार्यक्रम निर्विघ्न रूपले सञ्चालन गर्न सघाउ पुऱ्याउने  लगायतका कुराहरू थिए ।[५६२]

### ५.१५.१९ सार्वजनिक बिदा

श्री ५ को सरकारले स्थानीय निकाय निर्वाचन हुने दिनहरू जेठ १५ र १८ गते दुई दिन निर्वाचनको प्रयोजनका लागि सबै सरकारी कार्यालय बन्द गरी सो दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।[५६३]

### ५.१५.२० सवारी व्यवस्थापन

जिल्लामा प्रत्येक राजनीतिक दललाई चार वटा र स्वतन्त्र उम्मेदवारलाई एक वटाका दरले सवारी पास उपलब्ध गराई कूटनीतिक नियोग, सरकारी तथा अत्यावश्यक  बाहेक लामो तथा छोटो दूरीका सवारी साधन बस, मोटरसाइकलहरू समेत मतदानको दिन बन्द गर्ने व्यवस्था गरिएको थियो ।[५६४]

### ५.१५.२१ शान्तिपूर्ण निर्वाचनका लागि आयोगको अनुरोध

स्थानीय निकायहरूको निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष रूपले निर्वाध रूपमा सम्पन्न गर्नका लागि निर्वाचनको पूर्वसन्ध्यामा निर्वाचन आयोगका तर्फबाट तत्कालीन प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले सम्पूर्ण मतदाताहरू, निर्वाचनमा

---

५६१ गोरखापत्र, १० जेठ २०४९ ।

५६२ ऐजन ।

५६३ गोरखापत्र, १४ जेठ २०४९ ।

५६४ गोरखापत्र, १५ जेठ २०४९ ।

सहभागी राजनीतिक दलहरू र अन्य उम्मेदवारहरूसित सहयोगको लागि सार्वजनिक अनुरोध गर्नु भएको थियो ।[५६५]

## ५.१५.२२ युवा सहभागिता र आमजनतामा उत्साह

स्थानीय निकायमा पहिलोपल्ट १८ वर्ष उमेर पुगेका मतदाताहरूलाई मताधिकार प्राप्त भएकाले स्थानीय निकायहरूमा यस निर्वाचनबाट युवा प्रतिनिधित्व र सहभागिता बढ्ने देखिएको थियो ।[५६६] स्थानीय निकायको निर्वाचनप्रति अधिराज्यभर राजनीतिक दलहरू तथा आमजनतामा व्यापक उत्साह देखिएको थियो ।[५६७]

## ५.१५.२३ निर्वाचनका दिनको गतिविधि

प्रथम चरणमा गरिएको निर्वाचनमा केही अपवाद छाडी निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो भने धनुषा र सप्तरी जिल्लामा मतदाता बिच एक आपसमा झडप भई गोली चल्दा एक एक जना गरी दुई जनाको मृत्यु समेत हुन गएको थियो । रौतहट जिल्लाका आठ गाउँ विकास समिति लगायत अधिराज्यका विभिन्न गाउँ विकास समिति/नगरपालिकाहरूमा समेत आपसी विवादका कारण मतदान स्थगित गर्नुपरेको थियो ।[५६८]

त्यस्तै दोस्रो चरणको निर्वाचन पनि शान्तिपूर्ण रूपमा अधिकांश ठाउँमा सम्पन्न भए पनि सिराहा र महोत्तरी जिल्लामा भएका हिंसात्मक घटनाका कारण दुई जनाको मृत्यु हुन गएको थियो भने विभिन्न ३२ गाउँ विकास समितिका साथै नगरपालिकाका केही वडाहरूमा मतदान स्थगित गरिएको थियो ।[५६९] केही क्षेत्रमा आपसी झगडाका कारण मतदान स्थगित भए तापनि अधिराज्यभर शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न भएको जानकारी प्राप्त भएको थियो ।[५७०] कहीँ कहीँ अशान्ति, तनाव र हुलहुज्जतका कारण निर्वाचन स्थगित हुन पुगेको थियो भने दोलखामा मतदान कार्य नै सम्पन्न हुन नदिई जबर्जस्ती विजयी भएको घोषणा गर्न लगाई प्रमाणपत्र समेत लिएको, मतदान भएका मत पेटिका फुटाइदिएको र अन्य कुटपिटका घटना जस्ता घटनाहरू पनि भएका थिए ।[५७१]

---

५६५ श्रेष्ठ, सूर्यप्रसाद, प्रमुख निर्वाचन आयुक्त, गोरखापत्र, १५ जेठ २०४९ ।

५६६ तिवारी, रमेश, स्थानीय निकाय निर्वाचन, आचार संहिताको पालना जरुरी, गोरखापत्र, ८ जेठ २०४९ ।

५६७ गोरखापत्र, १ जेठ २०४९ ।, १ आषाढ २०४९ सम्मको तथ्याङ्क स्रोत-निर्वाचन आयोग

५६८ गोरखापत्र, १६ जेठ २०४९ ।

५६९ गोरखापत्र, १९ जेठ २०४९ ।

५७० श्रेष्ठ, सूर्यप्रसाद प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयोग, गोरखापत्र, १९ जेठ २०४९ ।

५७१ उही ४२४, पृ. २८-२९ ।

### ५.१५.२४ निर्वाचन परिणामको घोषणा

केही नगण्य ठाउँ बाहेक अन्यत्र मत गणना कार्य शान्तिपूर्वक सम्पन्न भई निर्वाचन परिणाम घोषणा गरिएको थियो । आपसी तनाव र द्वेषको कारणले अशान्ति उत्पन्न हुने अवस्था एकाध ठाउँमा भए पनि मत गणना शान्तिपूर्वक सम्पन्न भई निर्वाचन परिणाम घोषणा भएको थियो ।[५७२]

गाउँ विकास समिति/नगरपालिकाको निर्वाचनका सम्बन्धमा कुल तथ्याङ्क विवरण निम्न रहेको थियो ।[५७३]

| | |
|---|---|
| कुल गाउँ विकास समिति | ३९९५ |
| गाउँ विकास समितिका कुल पद | ४३९४५ |
| कुल नगरपालिका | ३६ |
| नगरपालिकाका कुल पद | ५९३ |
| जम्मा पद | ४४५३९ |

यस मध्ये मूलुकका कुल ३६ नगरपालिकामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र रूपमा निर्वाचित प्रतिनिधिको संख्या निम्नानुसार थियो :[५७४]

| दल/स्वतन्त्र | प्रमुख | उपप्रमुख | सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ने.का. | २२ | २१ | २८८ | ३३१ | ५६% |
| ने.क.पा.(एमाले) | ६ | ५ | १०८ | ११९ | २०% |
| रा.प्र.पा. | २ | २ | ५१ | ५५ | ९.३% |
| सद्भावना | १ | ३ | १४ | १८ | ३% |
| सं.ज.मो. | – | १ | ७ | ८ | १.३% |
| स्वतन्त्र | ५ | ४ | ५३ | ६२ | १०% |
| **जम्मा** | **३६** | **३६** | **५३१** | **५९३** | **१००%** |

५७२ ऐजन, पृ. ३६ ।

५७३ मूल्याङ्कन, अन्तरक्रियामुखी मासिक, जेठ-असार २०४९, पृ. १२ ।

५७४ ऐजन, पृ. १३ ।

### ५.१५.२५ पुनः मतदान

मतदान स्थगित भएका सम्पूर्ण गाउँ विकास समिति, नगरपालिकामा पहिलो चरण अन्तर्गत जेठ १६ देखि १९ गतेसम्म र दोस्रो चरणकोमा जेठ २० देखि २४ गतेसम्ममा पुनः मतदान गराउने कार्य सम्पन्न भएको थियो ।[५७५]

### ५.१५.२६ विविध

कतिपय स्थानमा मतदाता नामावलीमा दोहोरो नाम दर्ता, कहीँ काल्पनिक नाम दर्ता, त्यस उपर समयमै सुनुवाई पनि हुन नसकेको, नामावलीको छपाइमा स-साना त्रुटि भएकोमा पनि आपसी विवादका कारण मतदान गर्न नपाएको समस्या समेत सार्वजनिक भएको थियो[५७६] भने निर्वाचन प्रचार-प्रसारको क्रममा एक पार्टीले अर्को पार्टीलाई गाली गलौज गरेको, स्कुलका १६ वर्षमुनिका विद्यार्थीलाई पनि समावेश गरेको समेत देखिएकाले निर्वाचन आचार संहिता व्यवहारतः पूर्ण रूपमा पालन नभएको महसुस भएको थियो ।[५७७] यस्तै परिचयपत्र, मतदाता शिक्षा, मतदान केन्द्र, शान्ति सुरक्षाको साथै आचार संहिताको पालना समेतको यथोचित व्यवस्था गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने सुझाव दिइएको थियो ।[५७८] समग्रमा प्रजातन्त्रको पुनर्बहालीपछिको पहिलो स्थनीय निकाय निर्वाचन सन्तोषप्रद रूपमा सम्पन्न भएको महसुस सबैले गरेका थिए ।

## ५.१६ जिल्ला विकास समिति निर्वाचन (वि.सं. २०४९)

### ५.१६.१ परिवेश र निर्वाचन कार्यक्रम

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि जिल्ला पञ्चायतको सट्टा जिल्ला विकास समिति नामकरण गरियो । गठन प्रक्रिया र निर्वाचन प्रक्रियामा खासै परिवर्तन नगरी पूर्ववत् प्रक्रियालाई नै धेरै हदसम्म अपनाइयो । नेपाल अधिराज्यका ७५ जिल्लालाई विभिन्न पाँच समूहको क्षेत्रीय इलाकामा वर्गीकरण गरी एक जिल्लालाई कम्तीमा नौ र बढीमा १७ इलाकासम्म विभाजन गरिएको थियो । प्रत्येक जिल्ला विकास समितिमा घटीमा ११ जना र बढीमा १९ जनासम्म रहेको एक कार्यसमिति गठन गर्नुपर्ने व्यवस्था थियो ।[५७९]

---

५७५ गोरखापत्र, २२, २४, २६ जेठ २०४९ ।

५७६ उही ४२४, पृ. १६-१७ ।

५७७ ऐजन, पृ. १९-२० ।

५७८ ऐजन, पृ. ३७-४६ ।

५७९ गोरखापत्र, १३ असार २०४९ ।

अधिराज्यका ७५ वटै जिल्ला विकास समितिको निर्वाचनको लागि निर्वाचन अधिकृतले मिति २०४९।२।२५ गते जिल्ला सदरमुकामस्थित आफ्नै कार्यालयमा निर्वाचन कार्यक्रम प्रकाशन गरेका थिए ।[५८०] निर्वाचन कार्यक्रम र मतदाता नामावली सम्बन्धी कार्यक्रम जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृत आफैँले सञ्चालन गर्ने कार्यक्रम रहेकाले सोही अनुसार निर्वाचन कार्यक्रम प्रकाशित गरिएको थियो ।[५८१] सो अनुसार २६ मा मतदाता नामावली प्रकाशन, २७ मा दाबी विरोध गर्ने र सो उपर निर्णय गरी २८ मा अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको थियो ।

त्यस्तै जेठ ३१ मा उम्मेदवारी मनोनयनपत्र, उम्मेदवार सूची प्रकाशन र उम्मेदवारी उपरको विरोधमा उजुरी दिने मिति जेठ ३२ मा राखिएको थियो । यसैगरी असार एकमा उजुरी उपर जाँच तथा निर्णय गरी उम्मेदवारको नामावली प्रकाशन गरी असार दुईमा उम्मेदवारी फिर्ता लिने र अन्तिम नामावली प्रकाशनको साथै निर्वाचन चिह्न प्रदान गर्ने काम तीन गतेलाई तोकेको थियो भने मतदानको लागि १३ गतेको दिन निश्चय गरिएको थियो ।[५८२] कुनै गाउँ विकास समितिमा मतदान स्थगित भएपछि परिणाम घोषणाभन्दा मनोनयनपत्र (जिल्ला विकास समिति) अगाडि भएमा सो बमोजिम निर्वाचन कार्यक्रम पछि सार्ने समेत सूचनामा खुलाइएको थियो ।[५८३]

### ५.१६.२ निर्वाचन हुने पद सङ्ख्या

अधिराज्यका ७५ जिल्लाबाट ९२७ जना इलाका सदस्यहरू र सभापति र उपसभापति गरी कुल १०७७ जना जनप्रतिनिधिहरूको छनोट निर्वाचन प्रक्रियाद्वारा गरिने भएको थियो ।[५८४]

### ५.१६.३ निर्वाचन खर्च हद

जिल्ला विकास समिति सभापति, उपसभापतिका लागि रु.२५०००।- तथा सदस्यहरूको लागि रु.१००००।- निर्वाचन प्रचार-प्रसारको लागि अधिकतम खर्च हद तोकिएको थियो ।[५८५]

---

[५८०] गोरखापत्र, २६ जेठ २०४९ ।

[५८१] गोरखापत्र, २४ जेठ २०४९ ।

[५८२] गोरखापत्र, २६ जेठ २०४९ ।

[५८३] गोरखापत्र, २४ जेठ २०४९ ।

[५८४] गोरखापत्र, १३ असार २०४९ ।

[५८५] गोरखापत्र, १ जेठ २०४९ ।

### ५.१६.४ मतदाता/निर्वाचन पद्धति र मतदान केन्द्र

सम्बन्धित इलाकाका गाउँ विकास समिति/नगरपालिकाका पदाधिकारी तथा सदस्यहरू सो सम्बन्धित इलाकाबाट जिल्ला विकास समिति सदस्य निर्वाचनमा मतदाता भई आफू मध्येबाट एक जना सदस्य निर्वाचन गरिने र सम्पूर्ण इलाकाका गाउँ विकास समिति/नगरपालिकाका सदस्यहरू तथा पदाधिकारीहरू मतदाता भई आफू मध्येबाट एक/एक जना सभापति र उपसभापति चुन्ने व्यवस्था गरिएबाट साविकदेखि चलिआएको अप्रत्यक्ष चुनाव पद्धति कायम गरिएको थियो । सो निर्वाचनमा कुल मतदाता सङ्ख्या ४५१३२ रहेका थिए ।[५८६] प्रत्येक इलाकाको मतदाता नामावली अलग रूपमा तयार गर्नुपर्ने र त्यसरी तयार गर्दा मतदाताको क्रम सङ्ख्या एक अङ्कदेखि प्रारम्भ गर्ने व्यवस्था गर्नुपर्ने थियो । साथै जिल्लाका सबै इलाकाहरूको सदस्यको निर्वाचनको लागि पनि मतदान केन्द्र जिल्ला सदरमुकाममै तोकिएको थियो ।[५८७] मतदान समय बिहान ७.०० बजेदेखि साँझ ५.०० बजेसम्म निर्धारित थियो ।[५८८]

### ५.१६.५ धरौटी र जफत

जिल्ला विकास समितिको निर्वाचनमा उम्मेदवार हुनको लागि सदस्य पदको लागि रु. ५००।- र सभापति, उपसभापति पदको लागि रु. १०००।- धरौटी राख्नुपर्ने व्यवस्था थियो ।[५८९] निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दस प्रतिशतभन्दा कम सदर मत प्राप्त गर्ने उम्मेदवारको धरौटी जफत हुने कानुनी व्यवस्था थियो । तर यो व्यवस्था निर्वाचित उम्मेदवारको हकमा भने लागू हुँदैनथ्यो । अर्थात्, निर्वाचित हुने उम्मेदवारले दस प्रतिशतभन्दा कम मत प्राप्त गरेकोभए पनि त्यस्तो उम्मेदवारको धरौटी जफत हुँदैनथ्यो ।

### ५.१६.६ केही जिल्लामा छुट्टै निर्वाचन कार्यक्रम

केही जिल्लामा गाउँ विकास समिति/नगरपालिकाहरूको मतदान स्थगित भई पुनः मतदान गराउँदा निर्वाचन परिणाम प्राप्त हुन पनि समय लाग्न गएकाले सबै जिल्लामा असार १३ मा मतदान हुन नसक्ने भएकाले केही जिल्लाहरूमा उक्त निर्वाचन कार्यक्रम स्थगित भएको थियो । तर लगत्तै स्थगित भएका ताप्लेजुङ लगायत १९ जिल्लाहरूमा भिन्दाभिन्दै मितिमा असारभित्रै निर्वाचन सम्पन्न गर्ने

---

५८६ गोरखापत्र, १३ असार २०४९ ।

५८७ गोरखापत्र, २४ जेठ २०४९ ।

५८८ गोरखापत्र, १३ असार २०४९ ।

५८९ स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८, दफा ६७ ।

कार्यक्रम अनुसार निर्वाचन भएको थियो ।[५९०] २०४९।३।१३ मा ५६ जिल्लाहरूमा भएको निर्वाचन शान्तिपूर्ण रूपमा मतदान भई सम्पन्न भएको थियो तर केही अपवादको रूपमा जनकपुरधाममा भने केही बेर अशान्त भए पनि मतदान कार्य सम्पन्न भई सोही दिन मतगणना कार्य समेत सुरु गरी निर्वाचन परिणाम समेत घोषणा गरिएको थियो ।[५९१]

यसैगरी निर्वाचन स्थगित भएका जिल्लाहरूमा पनि निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भई निर्वाचन परिणाम पनि लगत्तै घोषणा भयो । यसरी ७५ वटै जिल्ला विकास समितिको निर्वाचन कार्यक्रम सम्पन्न भएको थियो ।[५९२]

जिल्ला विकास समिति निर्वाचन २०४९ मा दलीय एवं स्वतन्त्र उम्मेदवारहरूको प्रतिनिधित्व विवरण अनुसूची १ मा दिइएको छ ।

## ५.१७ गाउँ विकास समिति निर्वाचन, २०५४

### ५.१७.१ गाउँ विकास समिति गठन

२०५३।१२।२२ मा जारी भएको अध्यादेशबाट गाउँ विकास समिति गठन प्रक्रियामै परिवर्तन भई प्रत्येक वडामा एक जना वडाध्यक्ष र एक जना महिला सदस्य पर्ने गरी चार जना वडा सदस्य रहने[५९३] तथा एक जना महिला सहित पिछडिएका जाति जनजाति मध्येबाट छ जना व्यक्तिहरू थप गरी गाउँ परिषद् गठन हुने व्यवस्था गरिएको थियो ।[५९४]

### ५.१७.२ गाउँ विकास समिति/नगरपालिका सङ्ख्यामा केही परिवर्तन

श्री ५ को सरकारले केही गाउँ विकास समिति र नगरपालिकाहरूको पहिलेको संरचनामा फेरबदल गरी ५८ नगरपालिका तथा ३९१३ गाउँ विकास समिति (नयाँ थप गरिएको समेत) हरू कायम गरेको थियो ।[५९५]

---

५९० गोरखापत्र, ४ असार २०४९ ।

५९१ गोरखापत्र, १४ असार २०४९ ।

५९२ गोरखापत्र, २९ असार २०४९ ।

५९३ स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल कानुन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ६ ।

५९४ ऐजन, दफा ७ (१), (२) ।

५९५ प्रकाश, संजय, स्थानीय : निर्वाचन प्रजातान्त्रिक क्रियाकलापमा मेरुदण्ड, गोरखापत्र, १५ वैशाख २०५४ ।

### ५.१७.३ निर्वाचन कार्यक्रम

निर्वाचन आयोगले पहिलो समूहमा सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल गरी ३ विकास क्षेत्र अन्तर्गतका जिल्लाहरूका गाउँ विकास समिति/नगरपालिकाहरूमा २०५४।१।२० मा निर्वाचन कार्यक्रम प्रकाशित गरी २०५४।२।४ मा मतदान गर्ने र दोस्रो समूहमा मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रका गाउँ विकास समिति/नगरपालिकाहरूमा २०५४।१।२९ मा निर्वाचन कार्यक्रम प्रकाशित गरी २०५४।२।१३ मा मतदान गर्ने निश्चित गरेको थियो ।[५९६]

### ५.१७.४ निर्वाचन अधिकृतको नियुक्ति

निर्वाचन आयोगले तोकेको निर्वाचन कार्यक्रम बमोजिम २०५४ सालमा हुने स्थानीय निकाय निर्वाचन सञ्चालन गर्नमा जिल्ला न्यायाधीशहरूलाई निर्वाचन अधिकृतमा नियुक्त गर्न सर्वोच्च अदालतमा सहमति मागिएकोमा सहमति प्राप्त नभएपछि ७५ जिल्लाका पमुख जिल्ला अधिकारीहरूलाई तत् तत् जिल्लाको निर्वाचन अधिकृतमा नियुक्त गरी प्रमुख जिल्ला अधिकारीबाट नै निर्वाचन कार्यक्रम सञ्चालन भएको थियो ।[५९७]

### ५.१७.५ मतदाता नामावली सङ्कलन

२०५४।१।१ देखि मतदाता नामावली सङ्कलन एवं अध्यावधि कार्यक्रम रहेको र २०५३ साल चैत्र मसान्तसम्ममा १८ वर्ष पुगेकाहरूको मतदाता नामावलीमा नाम समावेश हुन छुट भएकाहरूले सम्बन्धित वडास्थित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा गई तोकिएको फाराममा आफ्नो विवरण लेखाउनुपर्ने व्यवस्था थियो ।[५९८] मतदाता हुनको लागि १८ वर्ष उमेर पुगेको हुनुपर्ने साविककै उमेरलाई कायम गर्दै मतदाता नामावलीमा नाम समावेश गर्ने कर्तव्य योग्यता पुगेका मतदाता स्वयंको हुने[५९९] र नाम दर्ता गर्नको लागि कुनै व्यक्तिको जन्म, मिति, उमेर, बासस्थान तथा नागरिकता खुलेको प्रमाणको लिखत हेर्न आवश्यक भएमा नाम दर्ता अधिकारीले त्यस्तो लिखत माग गर्न सक्ने र देखाउन नसक्ने व्यक्तिको नाम नामावलीमा दर्ता गर्न अस्वीकार गर्न सक्ने व्यवस्था थियो ।[६००]

---

५९६ स्थानीय निकाय निर्वाचन, २०५४ एक झलक, स्थानीय निकाय निर्वाचन सुधार सुझाव कार्यदलको प्रतिवेदन २०५४, पृ. ३ ।

५९७ ऐजन, पृ. ५ ।

५९८ निर्वाचन आयोगको सूचना, गोरखापत्र, ३ वैशाख २०५४ ।

५९९ मतदाता नामावली सम्बन्धी ऐन, २०५३, दफा ८(३) ।

६०० मतदाता नामावली सम्बन्धी ऐन, २०५३, दफा ८(५)

### ५.१७.६ उम्मेदवारको योग्यता

स्थानीय निकायको निर्वाचनमा उम्मेदवार हुन चाहिने योग्यतामा निर्वाचनको मिति घोषणा हुनुभन्दा अघि नै कुनै व्यक्तिले स्थानीय निकायलाई बुझाउनुपर्ने भनी सो जिन्सी वा नगदी बुझाउन अधिकार प्राप्त निकायबाट निर्णय भइसकेको हुनुपर्ने र त्यसको जनाउ सम्बन्धित व्यक्तिले निर्वाचनको मिति घोषणा हुनुभन्दा अघि नै सूचित गरेको हुनुपर्ने व्यवस्था समेत गरिएको थियो ।[६०१]

### ५.१७.७ उम्मेदवार हुन चाहिने उमेर

स्थानीय निकायमा उम्मेदवार हुनको लागि यस अघि स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १५ मा रहेको २५ वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्थालाई संशोधन गरी सबै पदहरूमा २१ वर्ष उमेर पूरा गरेकोले उम्मेदवार हुन पाउने गरी संशोधन गरिएको थियो ।[६०२]

### ५.१७.८ मतदाता सङ्ख्या

पहिलो चरणमा परेका १८२१ गाउँ विकास समिति, २३ नगरपालिका र १ उपमहानगरपालिकामा कुल मतदाता सङ्ख्या ५३,३८,२८३ रहेको थियो[६०३] भने दोस्रो चरणमा परेका ३५ जिल्लाका २०९१ गाउँ विकास समिति, एक महानगरपालिका, दुई उपमहानगरपालिका र ३१ नगरपालिका गरी कुल मतदाता सङ्ख्या ७१,९९,९९० थियो ।[६०४] यसरी अधिराज्यभर १,२५,३८,२७३ जम्मा मतदाता सङ्ख्या थियो ।

### ५.१७.९ मतदान केन्द्र, उपकेन्द्र र कर्मचारी खटन

पहिलो चरणमा मतदान केन्द्रको सङ्ख्या २२३४, उपकेन्द्र ५८ थिए भने दोस्रो चरणमा २८३५ मतदान केन्द्र र २६० उपकेन्द्रहरू थिए ।[६०५] पहिलो चरणको निर्वाचनमा करिब ११००० कर्मचारीहरू खटिएका थिए[६०६] भने दोस्रो चरणमा १५५०० कर्मचारी खटिएका थिए ।[६०७]

---

६०१ निर्वाचन आयोगको सूचना, गोरखापत्र, २० वैशाख २०५४ ।

६०२ स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ५(२) ।

६०३ गोरखापत्र, ४ जेठ २०५४ ।

६०४ गोरखापत्र, १४ जेठ २०५४ ।

६०५ ऐजन ।

६०६ गोरखापत्र, ४ जेठ २०५४ ।

६०७ गोरखापत्र, १४ जेठ २०५४ ।

### ५.१७.१० निर्वाचन सामग्रीको आपूर्ति

मतदाता नामावली, नउड्ने मसी, स्वस्तिक छाप सम्बन्धित कागजात फारामहरू, मत पेटिका, मतपत्र लगायत आवश्यक पर्ने अन्य सबै निर्वाचन सामग्रीहरू अधिकांश जिल्लाहरूमा समयमै गाडीबाट आयोगले पठाएको थियो भने केही दुर्गम पहाडी, हिमाली जिल्लाहरूमा शाही नेपाली सेनाको हेलिकप्टरबाट पठाइएको थियो ।[६०८]

### ५.१७.११ निर्वाचन चिह्न

राष्ट्रिय मान्यता प्राप्त नभएका राजनीतिक दलका उम्मेदवारहरूलाई दलको निर्वाचन चिह्न दिन नसकिने तर संविधान  बमोजिम तीन प्रतिशत मत प्राप्त गरेका राजनीतिक दलका उम्मेदवारलाई सो दललाई प्रदान गरेको निर्वाचन चिह्न निर्वाचन अधिकृतले प्रदान गर्नुपर्ने गरी निर्वाचन आयोगले निर्वाचन चिह्न बारे प्रष्ट्याएको थियो ।[६०९]

### ५.१७.१२ निर्वाचन खर्चको हद

गाउँ विकास समिति अध्यक्ष र उपाध्यक्षका उम्मेदवारले २१,०००।-, वडा अध्यक्ष र सदस्यका उम्मेदवारले २,०००।- सम्म आ-आफ्नो चुनाव प्रचार-प्रसारका लागि खर्च हद तोकिएको थियो ।[६१०] उम्मेदवारले निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित निर्वाचन अधिकृतसमक्ष बुझाउनुपर्ने व्यवस्था थियो ।[६११]

### ५.१७.१३ निर्वाचन आचार संहिता

निर्वाचन आयोगले स्थानीय निकाय निर्वाचन आचार संहिता २०५३ जारी गर्नुका साथै निर्वाचनको मिति घोषणा भएकै दिनदेखि श्री ५ को सरकारले पालना गर्नुपर्ने कुरा प्रकाशमा ल्याएको, तर राजनीतिक दलहरूका सम्बन्धमा भने सो आचार संहिता निर्वाचन कार्यक्रम प्रकाशित भएपछि मात्र लागू गर्ने व्यवस्था गरिएको थियो जसमा राजनीतिक दल तथा उम्मेदवारहरूले पालना गर्नुपर्ने आचरण, निर्वाचन खर्च र त्यसको सीमा समेत तोकिएको थियो ।[६१२]

---

६०८ उही ४६३, पृ. ६ ।

६०९ निर्वाचन आयोगको सूचना गोरखापत्र, १५ वैशाख २०५४ ।

६१० प्रकाश, संजय, गोरखापत्र, १५ वैशाख २०५४ ।

६११ गोरखापत्र, १ जेठ २०५४ ।

६१२ प्रकाश, संजय, गोरखापत्र, १५ वैशाख २०५४ ।

### ५.१७.१४ मतदान समय

२०५४ मा भएको स्थानीय निकाय निर्वाचनमा मतदान गर्ने समय बिहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म तोकिएको थियो ।[६१३]

### ५.१७.१५ मतदान सञ्चालनको स्थिति

पहिलो चरणको निर्वाचन अधिकांश ठाउँहरूमा शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि १४६ मतदान केन्द्रहरूमा उम्मेदवार र मतदाता बिचको आपसी विवादका कारण मतदान स्थगित भएको थियो[६१४] भने दोस्रो चरणमा पनि मतदान कार्य अधिकांश मतदान केन्द्रहरूमा शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि सात नगरपालिकाका २७ वटा वडाहरू र १३५ गाउँ विकास समितिमा मतदान कार्य स्थगित भएको प्रारम्भिक जानकारी प्राप्त भएको थियो ।[६१५]

### ५.१७.१८ अप्रिय घटना

पहिलो चरणको निर्वाचनको सन्दर्भमा बाजुरा र कालिकोट जिल्लामा एक/एक जनाको मृत्यु भएको थियो[६१६] भने दोस्रो चरणमा बारा, सिरहा धनुषा जिल्लामा आपसी झैं-झगडाका कारण तीन जनाको मृत्यु भई सयौंको सङ्ख्यामा घाइते भएका[६१७] समाचार सार्वजनिक भएका थिए ।

### ५.१७.१९ पुनः मतदान गराउन निर्देशन

प्रथम चरणमा मतदान स्थगित गरिएका मतदान केन्द्रहरूमा पुनः मतदान गराउने व्यवस्था मिलाउन निर्देशन[६१८] दिँदै २०५४।२।८ मा निर्वाचन सम्पन्न[६१९] भएको थियो भने दोस्रो चरणमा स्थगित गाउँ विकास समिति/नगरपालिकाहरूको २०५४।२।१५ र १६ मा गरी सम्पन्न[६२०] गर्ने कार्यक्रम अनुसार पुनः मतदान भए पनि केही स्थानमा जेठ २३ मा पनि पुनः मतदान गरी निर्वाचन सम्पन्न भएको थियो ।[६२१]

---

६१३ गोरखापत्र, ३ जेठ २०५४ ।

६१४ गोरखापत्र, ६ जेठ २०५४ ।

६१५ गोरखापत्र, १४ जेठ २०५४ ।

६१६ गोरखापत्र, ६ जेठ २०५४ ।

६१७ गोरखापत्र, १५ जेठ २०५४ ।

६१८ निर्वाचन आयोग, गोरखापत्र, ६ जेठ २०५४ ।

६१९ गोरखापत्र, ८ जेठ २०५४ ।

६२० गोरखापत्र, १४ जेठ २०५४ ।

६२१ गोरखापत्र, २४ जेठ २०५४ ।

### ५.१७.१९ स्वतन्त्र उम्मेदवारहरू विजयी सङ्ख्या

प्रथम चरणको निर्वाचनबाट स्वतन्त्र रूपमा निर्वाचित हुनेहरूको सङ्ख्या अध्यक्ष ८०, उपाध्यक्ष ६४, वडाध्यक्ष ५८८, सदस्य १६५३ र महिला सदस्य ४८८ रहेको थियो[६२२] भने दोस्रो चरणमा अध्यक्ष ७, उपाध्यक्ष ५, वडाध्यक्ष ६७, वडा सदस्य १८० र महिला सदस्य ५३ गरी ३१२ स्थानमा स्वतन्त्र उमेदवारहरू विजयी भएका थिए ।[६२३]

### ५.१७.२० महिला प्रतिनिधि

गाउँ विकास समितिका ३९१३ जना अध्यक्षहरू मध्ये २० जना अर्थात् ०.५१ प्रतिशत र उपाध्यक्षहरू मध्ये १४ जना अर्थात् ०.३६ प्रतिशत मात्र महिलाहरू निर्वाचित भएका थिए । यसैगरी ३५२१७ वडा अध्यक्षहरू मध्ये गाउँ विकास समितिमा २४० जना मात्र महिला थिए ।[६२४]

### ५.१७.२१ विविध

देशका ३९१२ गाउँ विकास समिति र ५८ नगरपालिकामा भएको निर्वाचनमा लगभग सवा करोड मतदाताले पौने दुई लाख जनप्रतिनिधिहरू छान्न आफ्नो मताधिकारको प्रयोग गरेका थिए ।[६२५] निर्वाचन आयोगद्वारा प्रकाशित कार्यक्रम अनुसार जेठ चारमा हुने स्थानीय निकाय निर्वाचनको लागि उम्मेदवारी दिनुपर्नेमा रुकुम, रोल्पा, सल्यान, जाजरकोट जिल्लामा चुनाव बहिष्कारवादीहरूको धम्की र अपहरणका कारण केही गाउँ विकास समितिमा आतंकका कारण उम्मेदवारी परेको थिएन ।[६२६] २०५४।२।४ मा हुने स्थानीय निकायको निर्वाचनको कार्यक्रम अनुसार सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रका गाउँ, नगर क्षेत्रको चुनावमा जाजरकोट जिल्लाको सात, रोल्पा जिल्लाको छ, रुकुम जिल्लाको १८, डोल्पा र गोर्खा जिल्लाका एक/एक गाउँ विकास समितिहरूमा कुनै पनि पदमा उम्मेदवारी दर्ता हुन नआएकोले ती गाउँ विकास समितिहरूमा निर्वाचन कार्यक्रम स्थगित गरिएको थियो ।[६२७]

---

६२२ गोरखापत्र, १२ जेठ २०५४ ।

६२३ गोरखापत्र, १६ जेठ २०५४ ।

६२४ मूल्याङ्कन, अन्तरक्रियामुखी मासिक, अङ्क ९६, २०५८, चैत्र, काठमाडौं, पृ. २१ ।

६२५ श्रेष्ठ, श्याम, घटना र प्रवृत्ति, मूल्याङ्कन (अन्तरक्रियामुखी मासिक), काठमाडौं, २०५४, पृ. ४ ।

६२६ गोरखापत्र, २३ वैशाख २०५४ ।

६२७ निर्वाचन आयोग, काठमाडौं, गोरखापत्र, २७ वैशाख २०५४ ।

२०४९ मा नेकपा एमालेले स्थानीय निकायमा २६.०७ प्रतिशत मत ल्याई ११५८१ स्थानमा विजय हासिल गरी ८ जिल्लामा जिल्ला सभापति पद लिन सफल भएकोमा २०५४ मा ५२.१८ प्रतिशत मत ल्याएको थियो भने २०४९ मा ने.का.ले ५०.१४ मत ल्याई २२२७० स्थानमा विजय हासिल गरेको थियो भने २०५४ मा ने.का.ले २९.८३ प्रतिशत मत प्राप्त गरेको थियो ।[६२८]

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार स्थानीय निकायको पहिलो निर्वाचन २०४९ र दोस्रो पटकको निर्वाचन २०५४ सालमा सम्पन्न भएको थियो । श्री ५ को सरकारले स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ जारी गरेपछि अत्यन्त छोटो अवधिमा सो अध्यादेश अनुरूप सबै व्यवस्था मिलाई यो निर्वाचन सम्पन्न गराइयो । यस अध्यादेशले निर्वाचित हुने पदहरूको सङ्ख्यामा चार गुणाभन्दा बढी वृद्धि गऱ्यो । २०४९ सालमा ४५,००० भन्दा बढी पदहरूको निर्वाचन भएको थियो भने २०५४ सालमा १,८९,००० भन्दा बढी पदहरूको निर्वाचन गराउनु परेको थियो ।[६२९]

## ५.१८ नगरपालिका निर्वाचन, २०५४

### ५.१८.१ नगरपालिका गठन

नगरक्षेत्रमा नगर परिषद्को कार्यकारिणीको रूपमा एक नगरपालिका गठन गरिने र नगरपालिकामा नगरक्षेत्रभित्रका मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका प्रमुख र उपप्रमुख, आ-आफ्नो वडाबाट एक जनाका दरले निर्वाचन गरी पठाएका वडाध्यक्षहरू र नगर परिषद्का सदस्यहरू मध्येबाट एकजना महिला सहित नगरपालिकाद्वारा मनोनीत दुई सदस्यहरू रहने व्यवस्था थियो ।[६३०]

### ५.१८.२ वडा समिति गठन

नगरपालिकाको प्रत्येक वडाका मतदाता हुन योग्यता पुगेका व्यक्तिहरू मध्येबाट निर्वाचित भएका वडाध्यक्ष र वडा सदस्यहरू रहने गरी एक वडा समिति गठन हुने

---

६२८ गोरखापत्र, २७ जेठ २०५४ ।

६२९ स्थानीय निकाय निर्वाचन २०५४ को परिणाम, निर्वाचन आयोग काठमाडौं ।

६३० स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ११ (१), (२) ।

व्यवस्था थियो ।[६३१] जसमा एकजना वडाध्यक्ष, एकजना महिला वडा सदस्य र तीन जना वडा सदस्य रहने व्यवस्था थियो ।

### ५.१८.३ मतदाता सङ्ख्या

देशमा रहेका ५८ नगरपालिकामा जम्मा मतदाता सङ्ख्या १,६०,८१८५ रहेकोमा पुरुष ८१६५१८ र महिला ७९१६६७ मतदाता थिए ।[६३२] यी मतदाताले २०५४ साल जेठ ४ र १३ गते दुई चरणमा देशका विभिन्न नगरक्षेत्रमा रहेका ५८ नगरपालिकामा मतदान गरेका थिए ।

### ५.१८.४ निर्वाचन खर्चको हद

महानगरपालिकाको प्रमुख र उपप्रमुखमा उम्मेदवारले १ लाख ५० हजार, त्यस्तै वडाध्यक्ष र सदस्यका उम्मेदवारले २९ हजार, उपमहानगरपालिकाका प्रमुख उपप्रमुखका उम्मेदवारले ७० हजार रूपैयाँ र वडाध्यक्ष, वडा सदस्यका उम्मेदवारले १५ हजार रूपैयाँ, नगरपालिका प्रमुख, उपप्रमुखका उम्मेदवारले ४५ हजार, वडाध्यक्ष र वडा सदस्यले १२ हजार रूपैयाँ चुनाव प्रचारका लागि खर्च गर्न पाउने गरी निर्वाचन खर्चको हद तोकिएको थियो ।[६३३]

### ५.१८.५ महिला प्रतिनिधि

नगरपालिका प्रमुख, उपप्रमुखहरू मध्ये एक जना पनि महिला निर्वाचित भएका थिएनन् । त्यस्तै नगरपालिकामा तीन जना अर्थात् ०.६९ प्रतिशत मात्र महिला वडाध्यक्षहरू थिए ।[६३४] यसरी २०५४ सालमा नगरपालिकाहरूको चुनाव गाउँ विकास समितिकै निर्वाचन समयमा सोही प्रक्रिया अनुसार सम्पन्न गरिएका थिए ।

### ५.१८.६ नगरपालिका निर्वाचन २०५४ को दलगत/स्वतन्त्र निर्वाचन परिणाम विवरण

नगरपालिका निर्वाचन, २०५४ को दलगत/स्वतन्त्र निर्वाचन परिणाम विववरण अनुसूची २ मा दिइएको छ ।

---

६३१ स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ३ (१), (२) ।

६३२ निर्वाचन आयोग, काठमाडौं, स्थानीय निकाय निर्वाचन परिणाम, २०५४ (नगरपालिका निर्वाचन परिणाम) ।

६३३ गोरखापत्र, १५ वैशाख २०५४ ।

६३४ मूल्याङ्कन, अन्तरक्रियामुखी मासिक, अङ्क ९६, २०५८ चैत्र, काठमाडौं, पृ. २१ ।

## ५.१९ जिल्ला विकास समिति निर्वाचन, २०५४

### ५.१९.१ निर्वाचन कार्यक्रम

अधिराज्यभरिका सबै गाउँ विकास समिति/नगरपालिकामा २०५४।२।४ र २०५४।२।१३ मा मतदान गर्ने कार्य सम्पन्न गरी निर्वाचन परिणाम प्राप्त भएपछि ७५ जिल्लाहरूमा जिल्ला विकास समितिहरूको निर्वाचनका लागि २०५४।२।२० गते निर्वाचन कार्यक्रम तथा मतदाता नामावली प्रकाशन गरी २०५४।३।६ मा मतदान गर्ने गरी निर्वाचन मिति तय गरी पहिलो समूहका तीन विकास क्षेत्रका ४० जिल्ला र दोस्रो समूहका दुई विकास क्षेत्रका ३५ जिल्लामा निर्वाचन गर्ने गरी आयोगले २०५३।१२।२६ मा निर्णय गरेको थियो ।[६३५]

२०५४।३।६ मा जिल्ला विकास समितिहरूको निर्वाचन हुने भनिए पनि पछि विविध कारणहरूबाट २०५४।३।२७ मा निर्वाचन हुने कार्यक्रम तय गरिएको थियो । रुकुम जिल्लाका ७० प्रतिशतभन्दा बढी गाउँ विकास समितिका पदहरू रिक्त रहेको र अन्य जिल्लाका पनि कतिपय गाउँ विकास समितिको निर्वाचन हुन नसकेबाट एक विकास क्षेत्रको स्थानीय निकाय निर्वाचन एकैपल्ट सम्पन्न गर्नुपर्ने कानुनी प्रावधान भएकाले ती जिल्लाका जिल्ला विकास समिति निर्वाचन स्थगित गरी बाँकी जिल्लाका जिल्ला विकास समितिका निर्वाचनहरू उक्त मितिमा सम्पन्न भएका थिए ।[६३६]

तोकिएको जिल्ला विकास क्षेत्रमा जिल्ला परिषद्को कार्यकारिणीको रूपमा एक जिल्ला विकास समिति गठन गरिने र समितिमा जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफू मध्येबाट प्रत्येक इलाकाबाट एक जनाका दरले निर्वाचित सदस्यहरू, जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफू मध्येबाट निर्वाचित सभापति र उपसभापति, जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू एवं जिल्ला परिषद्का सदस्यहरू मध्येबाट एक जना महिला सहित जिल्ला विकास समितिद्वारा मनोनीत दुईजना सदस्यहरू रहने व्यवस्था थियो ।[६३७] जिल्ला विकास समितिको सदस्यको पदावधि पाँच वर्षको हुने थियो ।[६३८] जिल्ला विकास समिति निर्वाचनका लागि उम्मेदवारी दाखिला २०५४।३।१६ मा निर्धारण गरिएको थियो ।[६३९]

---

६३५ उही ४६३, पृ. ३ ।

६३६ गोरखापत्र, १६ आषाढ २०५४ ।

६३७ स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ९ (१), (२) ।

६३८ स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ दफा ११(१) ।

६३९ गोरखापत्र, १६ आषाढ २०५४ ।

### ५.१९.२ निर्वाचन प्रचार खर्च

जिल्ला विकास समिति सभापति र उपसभापतिका उम्मेदवारले २५ हजार, सदस्यले १० हजार रूपैयाँ प्रचार-प्रसारका लागि खर्च गर्न सक्ने हद तोकिएको थियो ।[६४०]

### ५.१९.३ मतदान समय

२०५४ मा भएको जिल्ला विकास समितिको निर्वाचनमा मतदान समय बिहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म थियो ।[६४१]

### ५.१९.४ महिला प्रतिनिधि

जिल्ला विकास समितिका ७५ जना सभापतिहरू मध्ये एक जना पनि महिला सभापति थिएनन् । उपसभापतिहरू मध्ये एकजना अर्थात १.३ प्रतिशत मात्र महिला उपसभापति निर्वाचित भएका थिए ।[६४२] यसरी निर्वाचित हुनेमा सुश्री जयन्ती राई भाजपुर हुनुहुन्थ्यो ।

## ५.२० नगरपालिका निर्वाचन, २०६२

### ५.२०.१ परिवेश

२०६१ माघ १९ मा श्री ५ ज्ञानेन्द्रले मूलुकको सम्पूर्ण शासनभार आफ्नो हातमा लिई मन्त्री परिषद् अध्यक्ष आफैं भई प्रत्यक्ष शासन सञ्चालन गरिरहेको अवस्था र राजनीतिक दलहरूबाट त्यसको सशक्त विरोध भइरहेको परिवेशमा २०६२।१०।२६ मा ५८ नगरपालिकाहरूको निर्वाचन हुने कार्यक्रम प्रकाशित भएको थियो । सो निर्वाचनको सशक्त विरोध गर्दै निर्वाचन बहिष्कार गर्ने कुरा मूलधारका प्रायः सबै राजनीतिक दलहरूले सार्वजनिक गरेका थिए । विरोधका बावजुद पनि निर्वाचन कार्यक्रम सञ्चालन गरी आएकोमा २२ वटा नगरपालिकाहरूका सबै पदहरूमा निर्विरोध निर्वाचन सम्पन्न भइसकेकाले २८ जिल्लाका ३६ वटा नगरपालिकाहरूमा मिति २०६२।१०।२६ मा मतदान कार्य भएको थियो ।[६४३]

---

६४० गोरखापत्र, १५ वैशाख २०५४ ।

६४१ गोरखापत्र, ३ जेठ २०५४ ।

६४२ मूल्याङ्कन, अन्तरक्रियामुखी मासिक, अङ्क ९६, २०५८ चैत्र, काठमाडौं, पृ. २१ ।

६४३ स्थानीय निकाय निर्वाचन (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका), २०६२, निर्वाचन आयोग, काठमाडौं, पृ. ५३ ।

### ५.२०.२ निर्देशिका

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ अनुसार स्थानीय निकाय निर्वाचनको प्रयोजनका लागि निर्देशिका लागू हुने गरी स्थानीय निकाय निर्वाचन निर्देशिका २०६२ निर्वाचन आयोगबाट जारी गरिएको थियो ।[६४४] उक्त निर्देशिकामा निर्वाचन अधिकृत, मतदान अधिकृतहरूको काम, कर्तव्य र अधिकार, निर्वाचन पर्यवेक्षण, निर्वाचन आचार संहिता लगायत निर्वाचन प्रक्रिया आरम्भदेखि मतगणना र परिणाम घोषणासँग सम्बन्धित व्यवस्था विस्तृत रूपमा उल्लेख गरिएको थियो । यो निर्देशिका नगरपालिका निर्वाचनलाई केन्द्रित गरेर बनाइएको थियो ।

### ५.२०.३ निर्वाचन हुने पद र सङ्ख्या

यस निर्वाचनमा ४३ जिल्लाका ५८ नगरपालिकाहरूमा ५८/५८ नगर प्रमुख र उपप्रमुख, ८०६ वडाध्यक्ष र २४१८ वडा सदस्य र ८०६ महिला वडा सदस्य समेत गरी कुल ४१४६ पदका लागि निर्वाचन भएको थियो ।[६४५]

### ५.२०.४ मतदाता सङ्ख्या

५८ वटा नगरपालिका १९४२९९९ मतदाता रहेकोमा पुरुष मतदाता ९७६८०७ र महिला ९६६१९२ मतदाता थिए ।[६४६]

### ५.२०.५ धरौटी र जफत

उम्मेदवारको मनोनयनपत्र दाखिल गर्दा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको वडाध्यक्ष र वडा समितिको वडा सदस्यको निर्वाचनको लागि रु.२००।-, यसैगरी प्रमुख, उपप्रमुखको निर्वाचनको लागि रु. ५००।- धरौटी राख्नुपर्ने व्यवस्था थियो ।[६४७]

निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दस प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारले राखेको धरौटी जफत गर्नुपर्ने[६४८] तर १० प्रतिशत भन्दा कम

---

६४४ स्थानीय निकाय निर्वाचन निर्देशिका, २०६२, १ ।

६४५ नगरपालिका निर्वाचन २०६२ को प्रचारप्रसार सम्बन्धी प्रतिवेदन, २०६२, पृ. १ ।

६४६ निर्वाचन आयोग, नगरपालिका निर्वाचन २०६२ को प्रचारप्रसार सम्बन्धी प्रतिवेदन, चैत्र, २०६२, पृ. १ ।

६४७ स्थानीय निकाय निर्वाचन निर्देशिका, २०६२, ३२ ।

६४८ स्थानीय निकाय निर्वाचन निर्देशिका २०६२, १५० ।

सदर मत ल्याई निर्वाचित भएको उम्मेदवारको धरौटी रकम जफत नहुने व्यवस्था गरिएको थियो ।[६४९]

### ५.२०.६ उम्मेदवारी

उक्त निर्वाचनमा जम्मा २२ दलहरूले आ-आफ्नो उम्मेदवारहरू विभिन्न पदमा खडा गरेका थिए भने स्वतन्त्रतर्फबाट पनि विभिन्न पदमा १३६९ जना उम्मेदवारहरू खडा भएका थिए । स्वतन्त्र र विभिन्न २२ पार्टीका तर्फबाट प्रमुखमा १७६, उपप्रमुखमा १३९, वडाध्यक्षमा ९७९, वडा सदस्यमा १२६७, महिला वडा सदस्यमा ४०६ गरी जम्मा २९६७ जना उम्मेदवारहरूले उम्मेदवारी दिएका थिए ।[६५०]

### ५.२०.७ महिला उम्मेदवार निर्वाचित

उक्त निर्वाचनमा महिलाहरू निर्विरोध निर्वाचित एक र मतदानबाट निर्वाचित भएका दुई गरी तीन जना प्रमुखमा, त्यस्तै उपप्रमुखमा निर्विरोध निर्वाचित तीन जना र निर्वाचित चार जना गरी सात जना र वडाध्यक्षमा निर्विरोध निर्वाचित भएका ४४ जना र निर्वाचित नौ जना गरी ५३ जना निर्वाचित भएका थिए भने वडा सदस्यमा निर्विरोध निर्वाचित र निर्वाचित गरी ३४६ जना थिए ।[६५१]

### ५.२०.८ विविध

नेपालको इतिहासमा २० प्रतिशत मात्र मतदान भएको यो पहिलो निर्वाचन थियो ।[६५२] राजनीतिक दलहरूले चुनावको बहिष्कारलाई जनआन्दोलनको एउटा रणनीतिका रूपमा उपयोग गरिरहेका थिए ।

प्रमुख राजनीतिक दलहरूको सहभागिताबेगर सम्पन्न भएको यस निर्वाचनमा अधिकांश पद निर्विरोध भएका थिए । निर्वाचनले आम जनतामा उत्साह पैदा गर्न सकेको थिएन । २०६२।६३ को राजनीतिक परिवर्तनपछि स्थापित सरकारबाट उक्त निर्वाचन बदर गरिएको थियो ।

---

६४९ ऐजन, १५१ ।

६५० स्थानीय निकाय निर्वाचनको अन्तिम परिणाम, २०६२ ।

६५१ स्थानीय निकाय (नगरपालिका) निर्वाचन २०६२, पृ.(घ) ।

६५२ विरही, हरिहर, नगर चुनावको सन्देश, हिमाल खबर पत्रिका, वर्ष १५, अङ्क २१, पूर्णाङ्क १६५, काठमाडौं, १-१५ फागुन २०६२, पृ. १२ ।

### ५.२१ पञ्चायतका वर्गीय संगठनहरूको निर्वाचन, वि.सं. २०१८-२०४४

तत्कालीन राजा महेन्द्रले पञ्चायती व्यवस्थाको प्रादुर्भाव गरे सँगसँगै त्यसभित्र वर्गीय सङ्गठनहरूको अवधारणा पनि अघि सारे । पञ्चायती व्यवस्थामा यी सङ्गठनहरूको भूमिका महत्वपूर्ण रह्यो । स्थानीय निकायका निर्वाचनको इतिहास केलाउने क्रममा यी सङ्गठनहरूको चर्चा पनि सान्दर्भिक हुने भएकाले त्यस सम्बन्धी व्यवस्थालाई यहाँ सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

#### ५.२१.१ स्थापना

राष्ट्रिय निर्देशन ऐन, २०१८ लागू गरी यस ऐन अन्तर्गत बाल, युवक, महिला, किसान, मजदुर र भूतपूर्व सैनिक संगठनहरू खडा गराउने प्रारम्भिक कार्य श्री ५ को सरकारले नै गर्ने व्यवस्था गरिएको थियो ।[६५३]

#### ५.२१.२ अस्थायी समितिहरूको गठन

२०१७ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था विस्थापित गरी पञ्चायती व्यवस्था लागू भएपछि श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालयबाट विभिन्न वर्गीय संगठनहरू खडा गर्ने सन्दर्भमा नेपाल युवक, विद्यार्थी, महिला, किसान र मजदुर संगठनहरूका अस्थायी समितिहरू गठन गरिएको थियो ।[६५४] यसै क्रममा यी संगठनहरूको विधान स्वीकार गर्ने १६ देखि ४० वर्षसम्मका युवक युवती संगठनको, २१ वर्ष पुगेका किसान संगठनको, त्यस्तै महिला संगठनको सदस्य बन्न सक्ने व्यवस्था थियो ।[६५५]

#### ५.२१.३ ग्राम र नगर क्षेत्रमा प्रारम्भिक कार्य समिति

ग्राम र नगर क्षेत्रमा नौ सदस्यीय प्रारम्भिक कार्य समितिको चयन तत् तत् क्षेत्रका सदस्यहरूबाट गरी निर्वाचित  बाहेक दुई जना सदस्य श्री ५ को सरकारले र दुई जना निर्वाचित सभापतिले मनोनीत गर्ने व्यवस्था थियो ।[६५६]

---

६५३ पञ्चायत रजत जयन्ती स्मारिका-२०१७-२०४२, काठमाडौं, पृ. ३१-३२ ।

६५४ गोरखापत्र, १५ असोज - १५ कार्तिक २०१८ ।

६५५ गोरखापत्र, १९, २० असोज २०१८ ।

६५६ ऐजन ।

### ५.२१.४ जिल्ला संगठन र अञ्चल संगठन गठन

सम्बन्धित जिल्लाका प्रारम्भिक समितिका सदस्यहरूले जिल्ला संगठन सभापति लगायत कार्य समिति चयन गर्ने तथा अञ्चलभित्रका सबै जिल्ला परिषद्का सदस्यहरूले अञ्चल अधिवेशनमा प्रतिनिधि भई अञ्चल संगठन सभापति लगायत अञ्चल संगठन कार्य समितिको चयन गर्ने व्यवस्था थियो । यसैगरी केन्द्रीय संगठन समेत बनाई संगठनमा चार तह कायम गरिएको थियो ।[६५७]

### ५.२१.५ पदावधि

सबै तहका वर्गीय संगठनहरूका सदस्य तथा पदाधिकारीहरूको पदावधि तीन वर्षको हुने व्यवस्था गरिएको थियो ।[६५८]

### ५.२१.६ राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व

नेपाल किसान संगठनबाट चार जना, नेपाल युवक संगठनबाट चार जना, नेपाल महिला संगठनबाट तीन जना, नेपाल मजदुर संगठनबाट दुई जना र नेपाल भूतपूर्व सैनिक संगठनबाट दुई जना गरी १५ जना सदस्यहरू राष्ट्रिय पञ्चायतको लागि वर्गीय संगठनहरूबाट निर्वाचित भई प्रतिनिधित्व हुने व्यवस्था समेत गरिएको थियो।

### ५.२१.७ वर्गीय संगठनको सदस्यता अनिवार्य

२०२६ सालमा जारी गरिएको पञ्चायत सदस्यहरूको वर्गीय र व्यावसायिक संगठनको सदस्यता सम्बन्धी ऐनले किसान, युवक, महिला, मजदुर र भूतपूर्व सैनिक संगठनको सदस्य नभई कुनै व्यक्ति स्थानीय पञ्चायतको वा राष्ट्रिय पञ्चायतको सदस्य निर्वाचित हुन नसक्ने व्यवस्था गरियो । यसरी नेपाल अधिराज्यका विभिन्न स्थानमा वर्गीय संगठनहरूको स्थायी समितिहरू गठन गर्ने भयो ।[६५९] साथै, पञ्चायतका स्थानीय निकायमा विभिन्न पाँच वर्गीय संगठनहरूको चुनाव गाउँ पञ्चायत र नगर पञ्चायत तथा जिल्ला पञ्चायतको चुनावकै समयमै गर्ने गरी वर्गीय संगठनहरूलाई स्थानीय निकायमा स्थापित गरिँदै आएको थियो ।

यसै क्रममा नेपाल किसान संगठनको केन्द्रीय चुनाव,[६६०] नारायणी अञ्चलका वर्गीय

---

६५७ गोरखापत्र, १९ असोज २०१८ ।

६५८ ऐजन ।

६५९ गोरखापत्र, १६ जेठ २०१९ ।

६६० गोरखापत्र, १२ चैत्र २०२१ ।

संगठनहरूको निर्वाचन,[६६१] नेपाल युवक संगठन जिल्ला कार्य समिति सिन्धुपाल्चोकको निर्वाचन[६६२] तथा विभिन्न वर्गीय संगठनहरू सबैको केन्द्रीय स्तरको सभापति र उपसभापति समेतको निर्वाचन[६६३] सम्पन्न भएका थिए भने नेपाल युवक संगठनको बाग्मती अञ्चलको निर्वाचन २०२४।१।३ मा गरिने[६६४] भएको थियो । यसै गरी सबै तहका सबै वर्गीय संगठनहरूको चुनाव गरिँदै आएको थियो ।

## ५.२१.८ प्रौढ संगठन थप र गठन प्रक्रिया

वर्गीय संगठन अध्यादेश, २०३२ जारी भई युवक, किसान, महिला, मजदुर, भूतपूर्व सैनिक र प्रौढ संगठन समेत थप गरी छ संगठनको व्यवस्था गरियो । गाउँ/नगर क्षेत्रमा पाँच जनाको प्रारम्भिक परिषद् गठन हुने व्यवस्था गरियो भने प्रत्येक जिल्लामा जिल्लाको नौ इलाकाबाट एक/एक जना गरी नौ जना र जिल्ला पञ्चायतका सदस्यहरू मध्येबाट गाउँ फर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट सभापति तोकेको व्यक्ति समेत गरी जम्मा दस जना रहने व्यवस्था गरिएको थियो ।[६६५]

## ५.२१.९ पदावधि-पदपूर्ति नहुँदासम्म कायम

वर्गीय र व्यावसायिक संगठनका पदाधिकारी सदस्यहरूको पदावधि जुनसुकै समयमा समाप्त हुने भए पनि सो रिक्त पद पूर्ति नभएसम्म निजहरूको पदावधि कायमै रहने[६६६] व्यवस्था गरी पदावधि सो हदसम्म बढाइएको थियो ।

## ५.२१.१० वर्गीय संगठनको सदस्यता अनिवार्य कायमै

कुनै व्यक्ति पञ्चायतको कुनै पनि तहको निकायको सदस्य पदमा निर्वाचित हुन वा कायम रहन कुनै एक संगठनको सक्रिय सदस्य हुन अनिवार्य हुने[६६७] व्यवस्थालाई नै निरन्तरता दिइएको थियो ।

---

६६१ गोरखापत्र, ५ मंसिर २०१९ ।

६६२ गोरखापत्र, १२ माघ २०२२ ।

६६३ गोरखापत्र, २३ जेठ २०२३ ।

६६४ गोरखापत्र, ३ वैशाख २०२४ ।

६६५ गोरखापत्र, १ पुस २०३२ ।

६६६ वर्गीय र व्यावसायिक संगठन (कार्य समितिहरूको पदाधिकारी र सदस्यहरूको पदावधि) ऐन, २०३२ (३)।

६६७ गोरखापत्र, १ पुस २०३२ ।

### ५.२१.११ सभापति पदेन सदस्य हुने

अबदेखि हुने पञ्चायतको निर्वाचनमा गाउँ/नगर तथा जिल्ला पञ्चायतमा वर्गीय संगठनका सम्बन्धित तहको सभापतिहरू सम्बन्धित तहको पञ्चायतमा पदेन सदस्य रहने व्यवस्था गरिएको थियो ।[६६८]

### ५.२१.१२ अञ्चल र केन्द्रीय स्तरका संगठनहरू खारेज तथा पुनः कायम

यस अघिका वर्गीय तथा व्यावसायिक संगठनहरूको केन्द्रीय तथा अञ्चल स्तरका संगठनहरू समेत खारेज गर्ने[६६९] गरी गाउँ/नगर र जिल्ला तहमा मात्र वर्गीय संगठनहरू सीमित बनाइएको थियो । तर पछि संविधानको तेस्रो संशोधन २०३७ पश्चात् पुनः केन्द्रीय र अञ्चल संगठनको व्यवस्था कायम गरिएको थियो ।[६७०]

### ५.२१.१३ वि.सं. २०३७ मा भएको गठन व्यवस्था

गाउँ वा नगर, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा देहाय बमोजिमका संगठनहरूको स्थापना हुने व्यवस्था गरिएको थियो ।

(क) नेपाल महिला संगठन,

(ख) नेपाल किसान संगठन,

(ग) नेपाल युवक संगठन,

(घ) नेपाल प्रौढ संगठन,

(ङ) नेपाल मजदुर संगठन, र

(च) नेपाल भूतपूर्व सैनिक संगठन ।

२१ वर्ष उमेर पुगेको महिला नेपाल महिला संगठन र नेपाल किसान संगठनमा, २१ वर्ष उमेर पूरा भै ४० वर्ष ननाघेको युवक वा युवती नेपाल युवक संगठनमा, ४० वर्ष नाघेको व्यक्ति नेपाल प्रौढ संगठनमा, २१ वर्ष उमेर पूरा गरेको मजदुर नेपाल मजदुर संगठनमा, २१ वर्ष उमेर पुगेको भूतपूर्व सैनिक नेपाल भूतपूर्व सैनिक संगठनको सदस्य हुन सक्ने व्यवस्था थियो ।[६७१] सदस्यताका लागि नेपाल

---

६६८ गोरखापत्र, २९ माघ २०३४ ।

६६९ गोरखापत्र, १ पुस २०३२ ।

६७० पञ्चायत रजत जयन्ती स्मारिका २०१७-२०४२, काठमाडौं, पृ. ३१-३२ ।

६७१ केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३७ दफा ३(३), (४) ।

अधिराज्यभित्र रहेको कुनै पनि कार्यालयमा सदस्य शुल्क रु. ५।- बुझाई सम्बन्धित संगठनको सदस्य हुन सक्ने व्यवस्था गरिएको थियो ।

## ५.२१.१४ गठन, पदावधि र निर्वाचन प्रक्रिया

पञ्चायती शासनकालमा वर्गीय संगठन ऐन, २०३६ को दफा ३ अनुसार स्थापना भएका नेपाल किसान, युवक, महिला, प्रौढ, मजदुर र भूतपूर्व सैनिक संगठन गरी जम्मा छ संगठनहरू क्रियाशील रहेका थिए । गाउँ वा नगर प्रारम्भिक परिषद्का सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका सभापति, उपसभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र अरू चार जना सदस्यहरू भएको गाउँ वा नगर प्रारम्भिक कार्य समिति गठन हुने व्यवस्था रहेको थियो ।

यसै गरी जिल्लाभित्रका सबै गाउँ वा नगर प्रारम्भिक कार्य समितिका पदाधिकारी तथा सदस्यहरू भएको जिल्ला परिषद् गठन गरी जिल्ला कार्य समितिमा जिल्ला परिषद्का सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका सभापति, उपसभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र जिल्लाभित्रका नौ इलाकाका प्रत्येक इलाकाबाट आफू मध्येबाट एक/एक जनाका दरले निर्वाचन गरी पठाएका सदस्यहरू रहने व्यवस्था गरिएको थियो ।[६७२]

यसरी नै अञ्चलभित्रका सबै जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरू भएको अञ्चल परिषद् गठन गरी अञ्चल कार्य समितिमा अञ्चल परिषद्का सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका सभापति, उपसभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र प्रत्येक जिल्लाभित्रका अञ्चल परिषद् सदस्यहरूले आफू मध्येबाट एक/एक जनाका दरले निर्वाचन गरी पठाएका सदस्यहरू रहने व्यवस्था गरिएको थियो ।

संगठनको प्रारम्भिक परिषद् बाहेक अन्य परिषद् र कार्य समितिका सदस्यको पदावधि चार वर्षको थियो । कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन सञ्चालन गर्न श्री ५ को सरकारले एक निर्वाचन समिति गठन गरी निर्वाचन समितिले निर्वाचन अधिकृतको नियुक्ति गर्ने व्यवस्था समेत थियो । यसरी नियुक्त निर्वाचन अधिकृतले निर्वाचनको मिति, समय र स्थान तोकी निर्वाचन प्रक्रिया अगाडि बढाउनुपर्ने गरिएको थियो । मतदान गोप्य तरिकाले गरी बढी मत प्राप्त उम्मेदवार निर्वाचित भएको घोषणा गरिन्थ्यो । मत बराबर भएमा गोला हाली निर्णय गर्नु पर्दथ्यो । प्रत्येक वर्गीय संगठनका प्रारम्भिक तथा जिल्ला कार्य समितिका

---

६७२ वर्गीय संगठन नियमावली, २०३७, ४, ५, ६, ७ ।

सभापति सम्बन्धित गाउँ, नगर वा जिल्ला पञ्चायतको पदेन सदस्य रहने व्यवस्था थियो ।

### ५.२१.१५ जिल्ला पञ्चायत निर्वाचनमा सभापति मतदाता मात्र

वर्गीय संगठन ऐन, २०३६ को दफा १६  अनुसार प्रारम्भिक कार्य समितिको सभापति सम्बन्धित गाउँ वा नगर पञ्चायतको र जिल्ला कार्य समितिको सभापति सम्बन्धित जिल्ला पञ्चायतको पदेन सदस्य हुने भएकोले पदेन सदस्यको नाताले जिल्ला पञ्चायतको निर्वाचनमा उम्मेदवार हुन नपाउने तर निर्वाचनमा मतदान गर्न पाउने देखिएकोले जिल्ला स्तरीय निर्वाचनमा मतदाता सूचीमा सभापतिहरूलाई समावेश गर्ने गरी निर्वाचन आयोगले २०३९।१।१२ मा परिपत्र गरेको थियो ।[६७३]

### ५.२१.१६ साधारण सदस्य र निर्वाचित प्रतिनिधि सङ्ख्या

तल्लो तहको एकाइमा ५० भन्दा बढी साधारण सदस्य सङ्ख्या भएका प्रत्येक वर्गीय संगठनहरूको प्रारम्भिक परिषद् रहने, गाउँ पञ्चायत र नगर पञ्चायतका वडाहरूबाट वर्गीय संगठनको प्रारम्भिक परिषद्मा मात्रै २१८७५४ जना प्रतिनिधि निर्वाचित हुने, वर्गीय संगठनको जिल्ला समितिमा ६३०० प्रतिनिधिहरू निर्वाचित हुने गरिएको थियो । त्यस्तै गरी अञ्चल समितिमा ८७० निर्वाचित हुने थियो[६७४] भने केन्द्रीय समितिमा ११४ जना गरी छ वटा वर्गीय संगठनहरूको प्रारम्भिक परिषद्देखि केन्द्रीय स्तरसम्म गरी जम्मा २२६०३८ प्रतिनिधिहरू निर्वाचित हुने व्यवस्था गरिएको थियो ।[६७५]

गाउँ, नगर तथा जिल्ला पञ्चायतहरूको निर्वाचनको साथसाथै छ वटा वर्गीय संगठनहरूको निर्वाचन प्रक्रिया पनि अघि बढाउने लक्ष्य राखिएको थियो ।[६७६] अधिकांश वर्गीय संगठन जिल्ला कार्य समितिको निर्वाचन २०४४।१।२ गतेदेखि (हिमाली ८ जिल्ला  बाहेक) २७ गतेसम्म निर्वाचन सम्पन्न गर्ने कार्यक्रम थियो ।[६७७]

हिमाली क्षेत्रका ८ जिल्ला बाहेक अन्य सबै जिल्लाका विभिन्न छ वर्गीय संगठन जिल्ला कार्य समितिको निर्वाचन वैशाख दुई गते सुरु भई वैशाख २७ गतेसम्म सम्पन्न हुने भएको थियो ।[६७८] विभिन्न वर्गीय संगठनहरूका गाउँ वा नगरका

---

[६७३] निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०३८/३९, पृ. ११२ ।

[६७४] पाण्डे, अनिल कुमार, आगामी निर्वाचन र हाम्रो कर्तव्य, गोरखापत्र, २२ वैशाख २०३९ ।

[६७५] ऐजन ।

[६७६] पाण्डे, अनिल कुमार, अगाामी निर्वाचन र हाम्रो कर्तव्य, गोरखापत्र, २२ वैशाख २०३९ ।

[६७७] गोरखापत्र, २३ चैत्र २०४३ ।

[६७८] गोरखापत्र, २४ चैत्र २०४३ ।

प्रारम्भिक निर्वाचन परिणाम प्राप्त भइरहेको थियो[६७९] भने विभिन्न जिल्लाका विभिन्न स्थानमा भएको वर्गीय संगठनहरूको जिल्ला कार्य समितिको निर्वाचन निर्विरोध सम्पन्न भएको थियो ।[६८०]

यसरी २०१८ देखि २०४४ सालसम्म विभिन्न वर्गीय संगठनहरू अस्तित्वमा रही निर्वाचनको माध्यमबाट गाउँ/नगरदेखि राष्ट्रिय पञ्चायतसम्म प्रतिनिधित्व रहने व्यवस्था थियो तर पनि गठन प्रक्रिया, निर्वाचन पद्धति र प्रतिनिधित्वको सम्बन्धमा भने यस अवधिमा एकरूपता देखिँदैन । समय समयमा जारी भएका ऐन, संविधानमा भएका संशोधन आदिले गर्दा एकै प्रकारको गठन, निर्वाचन प्रक्रिया र प्रतिनिधित्वमा समेत पृथक्पृथक् व्यवस्था रहेको पाइन्छ ।

***

६७९ गोरखापत्र, ६ वैशाख २०४४ ।

६८० गोरखापत्र, १६ वैशाख २०४४ ।

परिच्छेद छ

# राष्ट्रिय जनमत सङ्ग्रह, २०३७

परिच्छेद छ

# राष्ट्रिय जनमत सङ्ग्रह, २०३७

## ६.१ राजनीतिक पृष्ठभूमि र जनमत सङ्ग्रहको घोषणा

राष्ट्रिय जनमत सङ्ग्रह नेपालको निर्वाचन इतिहासमा ऐतिहासिक घटना हो । २०३५ साल चैत्र २२ गते (४ अप्रिल १९७९) पाकिस्तानी समय अनुसार बिहान २ बजे पाकिस्तानका भूतपूर्व प्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई पाकिस्तानको रावलपिण्डीस्थित एक जेलमा फाँसी दिइयो । चैत्र २४ गते यस मृत्युदण्डको विरोधमा काठमाडौँस्थित विभिन्न क्याम्पसका विद्यार्थीहरूको एक जुलुसले तत्कालीन राष्ट्रपति जनरल जियाउल हकको विरूद्धमा नारा लगाउँदै पाकिस्तानी दूतावासमा विरोधपत्र दिन लैनचौर पुग्यो । प्रदर्सनकारी र प्रहरी बिच भिडन्त भयो (देवकोटा ३-४) ।

चैत्र २५ गतेदेखि विद्यार्थीहरूले हडताल सुरु गरे र विभिन्न तहका कक्षा तथा परीक्षाहरू स्थगित हुन पुगे । एकातिर हडताल बढ्दै गयो भने अर्कोतर्फ सरकारले प्रहरी मार्फत विद्यार्थी आन्दोलन नियन्त्रण गर्ने नीति लियो ।

आन्दोलन चर्कँदै जाँदा यसको पक्ष र विपक्षमा फरक-फरक धारणा तथा समर्थन र विरोधमा विज्ञप्तिहरू आउन थाले । त्रिभुवन विश्वविद्यालयले चैत्र २६ र २७ गतेका दिन त्रिभुवन विश्वविद्यालयका उपत्यकास्थित केही क्याम्पसहरूमा चलिरहेका कक्षा तथा परीक्षा बिथोलिएको र शैक्षिक वातावरण खलल भएकोमा खेद प्रकट गर्दै विद्यार्थीहरूलाई शैक्षिक कार्यमा पुनः सरिक हुन आह्वान गरी चैत्र २७ गते एउटा विज्ञप्ति जारी गऱ्यो ।

चैत्र २८ गते नेपाल प्राध्यापक संघ तदर्थ समिति र त्रिभुवन विश्वविद्यालयका शिक्षकहरूले विद्यार्थीहरूसँग "केही अवाञ्छनीय हेतुले प्रेरित व्यक्तिहरूले विद्यार्थीहितप्रति दुराग्रही प्रवृत्ति राखी फैलाएको भ्रमपूर्ण गतिविधिलाई विद्यार्थीहरूले समयमै बुझ्नु आवश्यक छ" भन्दै पढाइ चालु राख्न विद्यार्थीहरूलाई आग्रह गऱ्यो (देवकोटा पृ. ८)

चैत्र ३१ गते कानुन अध्ययन संस्थान नेपाल ल क्याम्पसका निमित्त डिन चन्द्रधर उप्रेती लगायत ४० जना शिक्षकहरूको बैठकले क्याम्पसका छात्र छात्राहरूलाई आफ्ना कक्षामा बसी अध्ययन चालु राख्न आह्वान गऱ्यो (देवकोटा पृ. ९) । सोही दिन त्रिभुवन विश्वविद्यालयले "चैत्र २६ गतेदेखि उपत्यकाभित्रका क्याम्पसहरूमा कक्षा सञ्चालन र परीक्षा सञ्चालन हुन नसकेको र विद्यार्थीहरूमा आपसमा झगडा, कुटपिट भै सृजना भएको तनावपूर्ण स्थिति उपर क्याम्पस प्रमुखहरूसँग भएको छलफलबाट निर्णय गरिएको"

भन्दै २०३६ साल वैशाख २ गतेदेखि ७ गतेसम्म उपत्यकाभित्रका क्याम्पसहरू बन्द गऱ्यो, तर त्यसले समस्या समाधानका लागि काम गरेन ।

वातावरण बिग्रँदै गयो र आन्दोलनको क्रम जारी रह्यो । २०३५ चैत्र २७ गते २५ सूत्रीय मागको आधारमा ९ जना विद्यार्थीहरूको केन्द्रीय संघर्ष समिति गठन भयो । यस समितिमा नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनका कैलाश कार्की, ध्रुव श्रेष्ठ, सुनील मानन्धर, नेपाल विद्यार्थी संघका बलबहादुर के.सी., बेनु प्रसाई र शिव भुर्तेल, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका शरण विक्रम मल्ल, भरत पोखरेल र ध्रुव ज्ञवाली थिए । यी नौ जना मध्ये तीन जनाको मुख्य समिति थियो जसमा कैलाश कार्की, बलबहादुर के.सी. र शरणविक्रम मल्ल सम्मिलित थिए । यस समिति मार्फत सरकार समक्ष भुट्टोको फाँसीको विरोधमा प्रदर्सन हुँदा छात्रछात्रामाथि भएको लाठीचार्ज सम्बन्धमा निष्पक्ष छानबिनका लागि वरिष्ठ अधिवक्ता सहितको एक जाँच आयोग गठन गर्ने तथा गिरफ्तार गरिएका विद्यार्थीहरूलाई बिनाशर्त रिहा गर्ने जस्ता आन्दोलनसँग प्रत्यक्ष सरोकारका मागहरू राखिएका थिए । यी बाहेक अन्य मागहरूमा नेपाल अधिराज्यभर सार्वजनिक सुरक्षा ऐन अन्तर्गत बन्दी बनाइएका छात्रहरूलाई रिहा गर्नुपर्ने तथा क्याम्पस र विद्यालयमा प्रहरीको अनुचित प्रवेश रोक्नुपर्ने जस्ता माग समावेश थिए ।

यस संघर्ष समितिले राखेका मागहरू अधिकांश शैक्षिक क्षेत्रसँग सम्बन्धित थिए । तथापि सबैभन्दा महत्वपूर्ण राजनीतिक माग भने सम्पूर्ण विद्यार्थी वर्गको मौलिक हक र तिनको संरक्षण तथा सम्बर्धन गर्नका लागि स्वतन्त्र विद्यार्थी सङ्गठन गठन गर्ने अधिकार प्रदान गर्नुपर्ने भन्ने थियो जुन पछि पूरा पनि भयो ।[६८१]

आन्दोलन र सरकारी गतिविधिहरू आ-आफ्नै ढङ्गले अगाडि बढिरहेका थिए । वि.सं. २०३६ साल वैशाख १ गते नववर्षको उपलक्ष्यमा राजा वीरेन्द्रले पञ्चायत गतिशील प्रजातान्त्रिक व्यवस्था भएको र यो देशको हित र जनआकाङ्क्षा अनुरूप नै यस व्यवस्थाको सञ्चालन हुने आशय सहितको शुभकामना सन्देश दिए । राजाको यस सन्देशले देशमा केही नयाँ राजनीतिक उतारचढाव भइरहेको प्रतीत हुन्थ्यो तर सन्देशको भाषामा त्यो प्रस्ट थिएन :

> *"वास्तवमा, हाम्रो दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले नेपाल र नेपालीको हितको निम्ति केही आधारभूत मान्यताहरूमा जोड दिँदै आएको छ । ती हुन् (१) राष्ट्रियताको संरक्षण र सम्बर्धन २) स्वदेशमै जन्मी हुर्केको पञ्चायती प्रजातन्त्रको विस्तार, र ३) नेपाली जनताको सर्वाङ्गीण विकास ।*

---

[६८१] जेठ १० गते त्रिभुवन विश्वविद्यालयले "क्याम्पस विद्यार्थी युनियन विनियम २०३६" प्रकाशित गऱ्यो । यसको प्रस्तावनामा "नेपालको संविधान, प्रचलित नेपाल कानुन, त्रिभुवन विश्वविद्यालय ऐन, नियम, विनियम समेतको परिधिभित्र रहने गरी त्रिभुवन विश्वविद्यालयका प्रत्येक क्याम्पसमा विद्यार्थी युनियन गठन गर्न गराउन वाञ्छनीय भएकोले त्रिभुवन विश्वविद्यालय क्याम्पस विद्यार्थी युनियन विनियम, २०३६ तर्जुमा गरी लागू गरिएको छ" भनिएको थियो ।

*... पञ्चायती व्यवस्था एउटा गतिशील प्रजातान्त्रिक व्यवस्था भएकोले देशको हित र जनआकाङ्क्षा अनुरूप नै यस व्यवस्थाको सञ्चालन हुनेछ"* (देवकोटा पृ. १०-११) ।

यो सन्देशले राजाबाट कुनै राजनीतिक कदम चाल्न लागेको भन्ने अर्थ लाग्दैन तर पञ्चायती व्यवस्था गतिशील प्रजातान्त्रिक व्यवस्था भएको र जनभावना अनुरूप चल्ने अमूर्त सन्देश भने लुकेको थियो जुन जनमत सङ्ग्रह घोषणा हुँदा जेठ १० गते व्यक्त भएको सन्देशसँग धेरै हदसम्म मिल्दोजुल्दो देखिन पुग्यो ।

*"एकातिर लोकसम्मति नै पञ्चायत व्यवस्थाको आधार रहिआएको छ भने अर्कोतिर जनआकाङ्क्षा अनुकूल देशको शासन व्यवस्था चलाउनु हाम्रो परम्परा र कर्तव्य रहिआएको छ ।"*

जनमत सङ्ग्रहको घोषणापछि पनि फरक पेशागत समूहले आफ्ना मागहरू राख्दै आन्दोलनको आह्वान गरेको देखिन्छ तथापि सबैभन्दा ठूलो आन्दोलनका रूपमा रहेको विद्यार्थी आन्दोलन भने जनमत सङ्ग्रहको घोषणापछि मत्थर हुन पुग्यो ।

जनमत सङ्ग्रहको घोषणापछि देखा परेको केही खुकुलो वातावरणका माझ २०३६ जेठ १५ गतेदेखि कर्मचारी सञ्चयकोषका कर्मचारीले विभिन्न ३६ वटा माग राखी हडताल सुरु गरे भने १८ गतेदेखि हिमाल सिमेन्ट कारखानाका कर्मचारी-कामदारले विभिन्न ३१ माग राखी हडताल सुरु गरे । जेठ २१ गते नेपाल राष्ट्र बैंकका कर्मचारी र नेपाल बैंक लिमिटेडका कर्मचारी, जेठ २२ गते नेशनल ट्रेडिङ लिमिटेडका कर्मचारी, जेठ २३ गते राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी र दुग्ध विकास संस्थानका कर्मचारी, जेठ २४ गते बाँसवारी छाला तथा जुत्ता कारखाना लिमिटेड र कृषि विकास बैंक हडतालको घोषणा गरे । निम्न माध्यमिक र माध्यमिक विद्यालयका शिक्षकहरूले पनि यसअघि २०३६ जेठ २१ गते नै हडतालको घोषणा गरिसकेका थिए (देवकोटा पृ. १९३) ।

यी हडताल जनमत सङ्ग्रहको घोषणापश्चात् भए पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यी सबै विद्यार्थी हडताल, राजनीतिक परिवेश तथा तत्कालीन जनमत सङ्ग्रहको परिवेशसँग सम्बन्धित थिए । कतिपय आन्दोलनका मागहरूलाई तत्कालीन सरकारले विभिन्न उपाय अपनाएर सम्बोधन गरिरहेको पनि थियो । फरक-फरक आन्दोलनको घोषणामाझ २०३६ जेठ ११ गते श्री ५ को सरकारले केही आवश्यक सेवाका कर्मचारीलाई हडताल गर्न निषेध गरी आदेश जारी गऱ्यो ।[६८२]

[६८२] डाँक, तार वा टेलिफोन २) जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार पसार गर्ने यातायात ३) हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत ४) हवाई ग्राउण्ड, रेलवे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, राख्ने झिक्ने वा थन्क्याउने ५) विद्युत् सञ्चालन तथा वितरण ६) खानेपानीको सञ्चालन

यी विविध खालका आन्दोलनहरू मध्ये मूलतः २०३५ को विद्यार्थी आन्दोलन र २०३६ मा सुरु भएको शिक्षक आन्दोलन भने निरन्तर चलिरहे । यी दुवै आन्दोलनका मुख्य मागहरू आफ्नो पेशा वा अधिकारसँग सम्बन्धित भए पनि यी दुई आन्दोलन मध्ये विद्यार्थी आन्दोलन जनमत सङ्ग्रह निर्वाचनको मूल आधार बन्यो ।

## ६.२ आन्दोलन, सम्झौता र विवाद

वि.सं. २०३६ वैशाख १९ गते श्री ५ बाट विद्यार्थी हडतालबारे आवश्यक जाँचबुझ गर्न शाही आयोगको गठन भयो । प्रमुख सचिवालय राजदरबारको सूचना अनुसार श्री ५ समक्ष मन्त्रिपरिषद्ले त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पस तथा केही शिक्षालयहरूमा हाल भएका विद्यार्थी हडतालबारे जानकारी र सुझाव दियो । अर्कोतर्फ गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पनि राष्ट्रिय पञ्चायतका सदस्य तथा पञ्च कार्यकर्ताहरूमाझ भएको छलफलका आधारमा विद्यार्थीहरूको समस्या समाधानका निमित्त शाही आयोग गठन हुनुपर्ने आशयको सुझाव दियो ।

विद्यार्थी हडताल बारे जाँचबुझ गर्न शाही आयोगको गठन भएपछि वैशाख १९ गते प्रधानमन्त्री कीर्तिनिधि विष्ट मार्फत शिक्षा, निर्माण तथा यातायात मन्त्री पशुपति शमशेर ज ब रा ले विद्यार्थी हडताल र जाँचबुझको कामलाई सजिलो बनाउन आफू मन्त्री पदमा रहिरहनु नैतिक दृष्टिले वाञ्छनीय नभएको भन्ने कारण दर्साई मन्त्री पदबाट राजीनामा दिए ।

श्री ५ बाट विद्यार्थी हडतालको प्रकृति, प्रक्रिया र यस सिलसिलामा विभिन्न ठाउँमा घटेका घटनाहरूको निष्पक्ष जाँच गरी त्यसको समाधानका निमित्त सुझाव सहित प्रतिवेदन पेश गर्ने गरी न्यायिक समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका न्यायाधीश धनेन्द्र बहादुर सिंहको अध्यक्षतामा सर्वोच्च अदालतका न्यायाधीश सरदार ईश्वरीराज मिश्र, राष्ट्रिय पञ्चायतका उपाध्यक्ष लोकेन्द्र बहादुर चन्द, पूर्व मन्त्री सुरेन्द्रबहादुर बस्नेत तथा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति सूर्यबहादुर शाक्य समेत भएको एक शाही जाँच आयोग गठन भयो ।

आफ्नो कर्तव्य पालना गर्न चाहिने कानुनी अधिकार अदालतलाई भए सरह नेपाल कानुनको सबै अधिकार प्राप्त हुने र आवश्यकता अनुसार विशेष अदालत ऐन २०३१ को समेत सबै अधिकार प्रयोग गर्न सक्ने गरी यो आयोग गठन भयो । आयोग आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने र आयोगको कार्य समाप्त भएपछि स्वतः विघटन हुने प्रावधानका साथ गठन भयो । आयोगलाई कुनै फौजदारी मुद्दामा कारबाही नभएका, यो हडतालको सिलसिलामा पक्राउ परेका विद्यार्थीहरूलाई तुरुन्त रिहाइ गरिदिन सक्ने अधिकार दिइयो

---

तथा वितरण ७) बैंकिंग कारोबार ८) वारूण यन्त्र सम्बन्धी ९) पेट्रोलियम पदार्थको आयात तथा वितरण १०) खाद्य पदार्थको आयात तथा वितरण, र ११) अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा

भने विद्यार्थीहरूलाई पूर्ववत् पठन-पाठनको निमित्त उचित व्यवस्था मिलाई शैक्षिक संस्थाहरू खोल्ने व्यवस्था मिलाउने र विद्यार्थीहरूको हितसँग सम्बद्ध जायज मागहरूको सहानुभूतिपूर्वक छानबिन गरी सम्बन्धित कारबाही गराई पूरा गराउने जिम्मेवारी पनि दिइयो ।

वैशाख २१ गते शाही आयोगले राष्ट्रिय सभागृहमा आफ्नो कार्यालय स्थापना गरी कार्य सुरु गऱ्यो र विद्यार्थीलाई अपराह्न ४ बजेदेखि ६ बजेसम्म आफ्नो कुराको जानकारी दिन आह्वान गऱ्यो (देवकोटा २६-२७) । आयोगको गठनसँगै विस्तारै हडतालमा संलग्न कैयौँलाई रिहाइ गर्न सुरु गरियो । यस रिहाइमा विद्यार्थी आन्दोलनपछि नजरबन्दमा राखिएका राजनीतिक दलका नेताहरू पनि परेका थिए ।[६८३] यो उथलपुथलका माझ तत्काल विद्यमान मन्त्रिपरिषद्लाई विघटन गरी श्री ५ बाट देशको सम्पूर्ण शासन आफ्नो हातमा लिएर देशमा विद्यमान सम्पूर्ण समस्याको समाधानको लागि राजनीतिक नेताहरूसँग व्यक्तिगत र सामूहिक दुवै तवरबाट छलफल गरी समस्याहरूको समाधानका लागि उपायहरू पहिल्याउनु पर्ने सुझाव पनि आएका थिए ।

विद्यार्थी केन्द्रीय संघर्ष समितिले शाही आयोग र त्रिभुवन विश्वविद्यालयसँग वार्ताको लागि निम्न पूर्वाधारहरूको माग प्रस्तुत गऱ्यो :

१) सम्पूर्ण विद्यार्थीको रिहाइ ।

२) राष्ट्रवादी विद्यार्थी मण्डलको गुन्डा गर्दी रोक्ने आश्वासन ।

३) विद्यार्थीहरूलाई वार्ताको लागि खुला आह्वान ।

४) पुलिसको ज्यादतीको निष्पक्ष न्यायिक जाँच । (देवकोटा पृ. ३७)

वैशाख ३० गते शाही आयोग र विद्यार्थी केन्द्रीय संघर्ष समितिका  बिच वार्ता प्रारम्भ भयो । वार्तामा कैलाश कार्की, शरण विक्रम मल्ल तथा बलबहादुर के.सी.ले भाग लिएका थिए । आयोग र संघर्ष समितिका बिच वार्ता प्रारम्भ भए पनि विद्यार्थी आन्दोलनमा विद्यार्थी केन्द्रीय संघर्ष समिति बाहेकका संघर्ष सम्बन्धी अन्य नेतृत्व देखा परिसकेको थियो । जुन नेतृत्वले वार्तामा बसेको नेतृत्वमाथि अविश्वास गरेको थियो (देवकोटा पृ. ३९) ।

वैशाख ३१ गते यस नयाँ नेतृत्व र समूहले आफ्ना माग पूर्ण रूपले पूरा नभएसम्म हडताल शान्तिपूर्वक जारी नै राख्ने, केन्द्रीय स्तरमा नै स्वतन्त्र विद्यार्थी युनियन खोल्न दिइनुपर्ने मागहरू राखेर आमसभा गऱ्यो । यस समूहमा त्रि(चन्द्र क्याम्पसका छात्र राजेन्द्र प्रधान, ल

[६८३] उदाहरणका लागि विश्वेश्वर प्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, योगप्रसाद उपाध्याय, नृपेन्द्रपुरूष ढकाल आदिलाई २०३६।१।१४ मा नजरबन्दमा राखिएको थियो र वैशाख २५ मा रिहा गरियो । वैशाख १५ मा नजरबन्द परेका जगन्नाथ आचार्य, भीमबहादुर तामाङ, विष्णुबहादुर मानन्धर आदिलाई वैशाख २५ मा रिहा गरियो ।

क्याम्पसका छात्र बालकृष्ण शिवाकोटी, कीर्तिपुर क्याम्पसका छात्रा सलिना पाण्डे र छात्र गोपाल पराजुलीहरूले नेतृत्व गरेका थिए । यसले राष्ट्रिय सभागृहमा पुगेर शाही आयोगलाई भेट्नुका साथै आफ्ना थप मागहरू राखेको थियो ।[६८४]

वैशाख ३१ गते त्रिभुवन विश्वविद्यालयले विद्यार्थीहरूको निम्न माग पूरा गर्ने निर्णय सहितको विज्ञप्ति प्रकाशित गऱ्यो ।

"१) नेपालको संविधानको परिधिभित्र रही क्याम्पस तहमा विद्यार्थी युनियन गठन गर्ने

२) अहिलेको प्रवेश परीक्षाको व्यवस्था खारेज गर्ने

३) कम्प्रिहेन्सिभ परीक्षा खारेज गर्ने

४) मासिक १५०/- रूपैयाँको छात्रवृत्तिलाई २००/- गर्ने"

विद्यार्थी आन्दोलनकै केही नेतृत्व वार्तामा बसिरहेको तथा केही मागहरू पूरा भएको अवस्थामा पनि आन्दोलन भने रोकिएको थिएन । आन्दोलन नरोकिएको यस अवस्थाका माझ जेठ ३ गते वार्तामा बसेका केन्द्रीय छात्र संघर्ष समितिका तीनजना सदस्यहरू बलबहादुर के.सी., शरण विक्रम मल्ल तथा कैलाश कार्कीले संयुक्त रूपमा "हामीलाई निर्देशित र नियन्त्रित सङ्गठन हैन, राष्ट्रिय स्तरमा स्वतन्त्र विद्यार्थी सङ्गठन चाहिन्छ । जबसम्म हाम्रो पूर्वाधारहरू र मागहरू पूरा हुँदैनन् तबसम्म हाम्रो संघर्ष अटुट रूपले जारी रहनेछ" भन्ने वक्तव्य प्रकाशित गरे (देवकोटा पृ. ४०) । यसले आन्दोलनलाई अघि बढाउन अझ सघायो । तथापि जेठ ७ गते शाही जाँच आयोगले विद्यार्थीहरूसँग गरिएको छलफलको आधारमा राष्ट्रिय स्तरमा स्वतन्त्र विद्यार्थी सङ्गठनहरू खोल्न दिने, सार्वजनिक सुरक्षा ऐन अन्तर्गत यस मितिसम्म बन्दी बनाइएका विद्यार्थीहरूलाई रिहाइ गरिदिने, राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल[६८५] खारेज गर्ने, विद्यार्थी हडतालको सिलसिलामा पक्राउ परेका विद्यार्थीहरूलाई फौजदारी अभियोग नचलाउने र अभियोग लागेकालाई आवश्यक प्रक्रिया पूरा गरी रिहाइ गर्ने सुझाव दिएको थियो ।

---

६८४ १) आन्दोलनको सिलसिलामा पक्राउ परी फौजदारी अभियोग चलाइने भएका विद्यार्थीहरूलाई तुरून्त रिहाइ गरियोस् । २) हुलहुज्जतका गतिविधि बन्द गराई हिंसात्मक प्रवृत्तिलाई सरकारले बढावा नदेओस् ३) अस्कल छात्रवासका विद्यार्थीहरूको स्थितिबारे आयोगले सार्वजनिक रूपमा जानकारी देओस् ४) हडतालको सिलसिलामा नजरबन्द गरिएका सम्पूर्ण बन्दीहरूको रिहाइ र विद्यार्थी तथा किसानको जुलुसलाई दमन गर्ने नीति बन्द गरियोस् भन्ने माग प्रस्तुत गरे ।

६८५ जनमत सङ्ग्रहको चुनावमा पञ्चायत पक्षले जितेपछि २०३७ मंङ्सिर ५ गते भैरहवामा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको अधिवेशन शुरू भयो । अधिवेशनमा योगी नरहरिनाथले राष्ट्रवादी विद्यार्थी मण्डल राजा र पञ्चायत व्यवस्थावादी संगठन हो । 'राष्ट्रवादी विद्यार्थी मण्डलको नाम परिवर्तन गर्नु आत्महत्या गर्नु सरह हो । यो संगठनमाथि प्रतिबन्ध लगाउन तथा नेविसंघ र अनेरास्ववियु जस्ता विदेशी विचार बोक्ने विद्यार्थी संगठनमाथि प्रतिबन्ध हटाउनुको अभिप्राय हाम्रो राजनितिक र प्रशासनिक निकायका उच्च तहमा अझै पनि विदेशी प्रभाव कायम छ भन्ने कुराको स्पष्ट उदाहरण हो । शाही आयोगले रास्वविम माथि प्रतिबन्ध लगाउन सिफारिश गरेको यो संगठनले प्रतिवर्ष आफ्नो रजिष्ट्रेशन नवीकरण नगरेकोले मात्र हो ।

मागहरू पूरा गर्न सम्बन्धित निकायलाई निर्देशन दिने तथा विद्यार्थी हडताल सम्बन्धमा विभिन्न घटनामा भएको धनजनको क्षतिका सम्बन्धमा पनि निष्पक्ष जाँच गरी श्री ५ महाराजाधिराज सरकारमा प्रतिवेदन चढाउने गरी शाही जाँच आयोगसँग कुराकानी गर्ने विद्यार्थी संघर्ष समितिका प्रतिनिधि बलबहादुर के.सी., कैलाश कार्की तथा शरण विक्रम मल्लले विद्यार्थीका मागहरू पूरा भएकोले हडताल समाप्त गर्ने निर्णय गर्नाका साथै विद्यार्थीहरूलाई पठन-पाठनमा संलग्न हुन आग्रह गर्दै वक्तव्य प्रकाशित गरे । यसपछि जेठ ७ गते प्रधानमन्त्री कीर्तिनिधि विष्टले विद्यार्थी हडतालका क्रममा चोटपटक लागेका, घाइते भएका र मृतकका विषयमा जानकारी दिए ।[६८६] जेठ ८ गते गृह पञ्चायत मन्त्रालयले विद्यार्थी हडतालको सिलसिलामा पक्राउ परेका र अन्य अपराधमा संलग्न नभएका व्यक्तिहरूलाई रिहाइ र राष्ट्रवादी विद्यार्थी मण्डलको खारेजी कार्यान्वयन गर्न सबै अञ्चलाधीशहरूलाई सूचित गऱ्यो भने जेठ ८ मै शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालयले पनि आ-आफ्नो क्षेत्रमा पर्ने शाही आयोगद्वारा पूरा गर्न निर्देशन भएका विद्यार्थी मागहरू पूरा गर्न सम्बन्धित कार्यालय तथा संस्थान र क्याम्पसहरूलाई निर्देशन दियो । तर यो सम्झौतापछि विद्यार्थी सङ्गठनहरू माझ फुट पैदा भइसकेका कारण आन्दोलन रोकिएन । नयाँ विद्यार्थी संघर्ष समितिको गठन भयो । मागहरू थपिए । विद्यालय, कलेजहरू सञ्चालन भएनन् ।

शरण विक्रम मल्ल, बलबहादुर के.सी., बेनु प्रसाईहरूको समूहले मागहरू पूरा भएको हुँदा पढाइ चालु राख्न आह्वान गऱ्यो भने अन्य समूहका नेताहरूले आन्दोलन जारी रहेको सङ्केत गरे (पृ. ४६) । आन्दोलन चालु गर्नुपर्ने माग गरेको समूहले बलबहादुर के.सी., शरण विक्रम मल्ललाई कालो मोसो दल्ने काम गरे । यस कार्यलाई नियन्त्रण गर्ने क्रममा पुलिस र विद्यार्थीहरू माझ झडप भयो र आन्दोलन अझै उग्रतातर्फ उन्मुख भयो । आन्दोलनले उग्र रूप लिएपछि २०३६ जेठ १० गते प्रधानमन्त्री कीर्तिनिधि विष्टको राजीनामा आयो र श्री ५ वीरेन्द्र वीर विक्रम शाहबाट जनमत सङ्ग्रहको घोषणा भयो । विद्यार्थी आन्दोलन तथा विद्यार्थी आन्दोलनका क्रममा उठाइएका मागहरू शिक्षा क्षेत्रसंग सम्बन्धित माग जस्ता देखिए पनि यो आन्दोलन नै जनमत सङ्ग्रह जस्तो राजनीतिक कदमको मूल कारणका रूपमा देखा पऱ्यो ।

## ६.३ जनमत सङ्ग्रहको घोषणा र त्यसपछिको परिस्थिति

यी विविध घटनाका माझ २०३६ जेठ १० गते बिहान ६:४५ बजे राजा वीरेन्द्रबाट नेपालमा नयाँ राजनीतिक व्यवस्थाका सम्बन्धमा नेपाल अधिराज्यभर बालिग मताधिकारको

[६८६] विद्यार्थी हडतालको विभिन्न घटना क्रममा साधारण चोटपटक लागेका तथा घाइते भएकोमा ११० प्रहरी, २४ विद्यार्थी र ३० जना साधारण जनता छन् । मृतक व्यक्तिहरूको सङ्ख्यामा प्रहरी तर्फ १ जना र जनसाधारण तर्फ १० जनाको मृत्यु भएको र विद्यार्थीतर्फ कसैको पनि मृत्यु नभएको ।

आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने घोषणा भयो । घोषणामा देशको विद्यमान परिस्थितिमा देशवासीहरूले के कस्तो परिवर्तनको चाहना गरेका छन्, सो कुरा स्पष्ट रूपमा बुझी उचित कदम चाल्नको लागि नेपाल अधिराज्यभर बालिग मताधिकारको आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने व्यवस्था गरिने कुराको घोषणा गरिएको थियो । यसरी जनमत लिँदा हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ? वा, त्यसको बदलामा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ? भन्ने दुई विकल्प  मध्ये एक छान्ने प्रष्ट पारिएको थियो । एक हप्ताभित्र राष्ट्रिय चुनाव आयोगको गठन गर्ने र दुई प्रश्नहरूको आधारमा उमेर पुगेका सबै योग्य नेपालीहरूले आफ्नो गोप्य मत दिन पाउने व्यवस्था गरिएको थियो (देवकोटा पृ. १२१) । राजाबाट भएको घोषणाको पूर्ण पाठ अनुसूची ३ मा दिइएको छ ।

२०३६ जेठ १० गते श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारबाट जारी सूचना अनुसार राजा वीरेन्द्रको घोषणा बमोजिम बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा देशले कुन व्यवस्था अपनाउने भन्ने कुराको निर्णय नहुँदासम्म वा सो अनुसारको शासन लागू नहुँदासम्मका लागि देशको शासन नेपालको संविधान दोस्रो संशोधन २०३२ अनुसार नै चलाउने व्यवस्था गरिएको थियो (देवकोटा पृ. १२२) ।

यस जनमत सङ्ग्रहको घोषणाले नेपाली राजनीतिमा रहेको एउटा क्रमलाई भङ्ग गरिदियो । जनमत सङ्ग्रह उचित अनुचित भन्ने विषयमा स्वयं पञ्चायत समर्थकहरू माझ तथा यो स्वीकार गर्ने वा नगर्ने भन्ने विषयमा पञ्चायत विरोधी राजनीतिक शक्तिहरूका माझ निकै बहस र वादविवाद चल्यो ।

२०३६ जेठ १० गते प्रधानमन्त्री कीर्तिनिधि विष्टले आफ्नो पदबाट दिएको राजीनामा २०३६ साल जेठ १६ गते स्वीकृत गरी मन्त्रिपरिषद् विघटन भयो । राष्ट्रिय पञ्चायतले नयाँ प्रधानमन्त्रीमा सूर्यबहादुर थापाको नाम निर्विरोध सिफारिश गऱ्यो र उनलाई नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको पदमा नियुक्त गरियो । २०३६ साल जेठ १८ गते श्री ५ महाराधिराजबाट प्रधानमन्त्री सूर्यबहादुर थापाको अध्यक्षतामा निजको सिफारिश अनुसार मन्त्रिपरिषद्को गठन र कार्य विभाजन भयो ।[६८७] सूर्यबहादुर थापाले प्रधानमन्त्री, राजदरबार

---

[६८७] अन्य मन्त्रीहरूमा नेत्र विक्रम थापा (वन र सामान्य प्रशासन), बालाराम घर्तीमगर (रक्षा), हरिनारायण रजौरिया (उद्योग तथा वाणिज्य र पर्यटन) मरीचमान सिंह (जल विद्युत तथा सिंचाई) र केबी शाही (परराष्ट्र र सञ्चार) थिए । राज्य मन्त्रीहरूमा डम्बरबहादुर बस्नेत (कानुन तथा न्याय), वीरेन्द्रबहादुर सिंह (स्वास्थ्य), डम्बरबहादुर मल्ल (निर्माण तथा यातायात), हेमबहादुर मल्ल (भूमिसुधार), विजय प्रकाश थेवे (खाद्य तथा कृषि), डम्बरनारायण यादव(शिक्षा) थिए । सहायक मन्त्रीमा डिल्लीशेर राई (रक्षा), ओमकार प्रसाद गौचन (सञ्चार), मदनबहादुर प्रधान (खाद्य तथा कृषि), आङदण्डी लामा (वन), कर्णबहादुर सिंह (भूमिसुधार), शत्रुघनप्रसाद सिंह यादव (सिंचाई), काशीनाथ जोशी (गृह तथा पंचायत), श्रीप्रसाद बुढाथोकी (निर्माण तथा यातायात), जीत बहादुर नेपाली (पर्यटन), नरबहादुर गुरूङ (जलविद्युत), शम्भुलाल श्रेष्ठ (उद्योग तथा वाणिज्य), राजबहादुर शाह (कानुन तथा न्याय), हरिहर प्रसाद यादव (अर्थ), सन्तकुमार चौधरी (स्वास्थ्य) तथा कल्पना विष्ट (शिक्षा) थिए ।

सम्बन्धी र अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाले भने जोगमेहर श्रेष्ठले गृह तथा पञ्चायत मन्त्रालयको (देवकोटा पृ. १६५-१६७) ।

सूर्यबहादुर थापा प्रधानमन्त्री भएपछि उनको नेतृत्वमा हुने चुनावमा भाग लिने वा नलिने भन्ने विषयमा राजनीतिक दल तथा नेताहरूमा मतभेद देखा परे । स्वतन्त्र चुनावी सरकारको माग पनि भयो । तर, अन्ततः थापाको नेतृत्वमै राष्ट्रिय जनमत सङ्ग्रहको चुनाव हुने निधो भयो ।

चुनावमा पञ्चायती व्यवस्थाको निरन्तरता चाहने र बहुदलीय व्यवस्था स्थापना गर्ने दुई समूह प्रचार-प्रसारमा सक्रिय हुन थाले । दुवै समूहका भेला, प्रचार(प्रसार तथा चुनावी अभियानहरूमा सक्रियता देखियो ।

२०३६ जेठ १४ गते राष्ट्रिय सभागृहमा भएको वरिष्ठ पञ्च कार्यकर्ताहरूको बैठकले पञ्चायतमा गर्नुपर्ने समसामयिक सुधारका लागि व्यापक छलफल गरी टुङ्गोमा पुग्न एउटा पञ्चभेला गर्ने निर्णय गऱ्यो । रामहरि शर्माको अध्यक्षतामा भएको यस बैठकमा मातृकाप्रसाद कोइराला, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, शैलेन्द्र कुमार उपाध्याय, यज्ञप्रसाद आचार्य, कमलराज रेग्मी, भद्रा घले, खड्गबहादुर सिंह र पदम ठकुराठीले पञ्चायती व्यवस्थामा समसामयिक सुधार गर्नुपर्ने पक्षमा बोले ।

२०३६ साउन ८ गते रामराजा प्रसाद सिंह र प्रेमकृष्ण पाठकको संयुक्त प्रयासमा "बहुदलीय जनवादी मोर्चा" को गठन भयो भने २०३६ साउन २८ गते बहुदलीय व्यवस्थाको पक्षमा बहुदलवादीहरू एकताबद्ध हुनुपर्ने र उनीहरूको एउटै मञ्च हुनुपर्ने आवश्यकता महसुस गर्दै मोर्चाले इन्द्रचोकमा एउटा बैठक आयोजना गऱ्यो । बीपी कोइराला, गणेशमान सिंह, डिल्लीरमण रेग्मी जस्ता केही नेताहरूले उपस्थित हुन असमर्थ भएको जनाए पनि टंकप्रसाद आचार्य, सूर्यप्रसाद उपाध्याय, डा. के. आई. सिंह, डा. केशरजंग रायमाझी, तिलक राज शाही, होरा प्रसाद जोशी, केदारमान व्यथित, नरेन्द्रकुमार प्रधान, जगतबहादुर सिंह, ऋषिकेश शाह, चूडाप्रसाद शर्मा, विष्णुभक्त भुजू सहित ६६ जनाको उपस्थिति रहेको यस भेलाले पञ्चायती सरकार र पञ्चायतका सम्पूर्ण निकायहरू निलम्बित नभई जनमत सङ्ग्रह निष्पक्ष हुन सक्दैन भन्ने विचार राख्यो र चुनाव पूर्व पञ्चायती सरकार र एकाइहरू भङ्ग हुनुपर्ने, फौजदारी मुद्दाका कारण विदेशिएका वा बन्दी बनाइएका अभियुक्त वा दण्डित व्यक्तिहरूको आममाफी हुनुपर्ने माग राख्यो । यस भेलाले १८ वर्षदेखि २१ वर्षसम्म उमेर भएका व्यक्तिहरूले भोट हाल्न नपाएकामा पनि असन्तुष्टि जनायो (देवकोटा पृ. ३०१) ।

श्री ५ महाराजाधिराज सरकारबाट जेठ १० गते गरिबक्सेको घोषणा अनुरूप जनमत लिने काम २०३७ साल जेठ महिनासम्ममा सम्पन्न गर्ने व्यहोरा राष्ट्रिय चुनाव आयोगबाट जनसाधारणलाई जानकारी गराइसकेको सन्दर्भमा राष्ट्रिय पञ्चायत तथा स्थानीय

पञ्चायतको लागि समूहगत निर्वाचन हाललाई गर्न गराउन व्यावहारिक एवं उपयुक्त नहुने हुँदा निर्वाचनको प्रथम समूहमा परेका अञ्चलहरूमा निर्धारित समयमा निर्वाचन नगराउनको लागि जाहेर गरिएको व्यहोराको सूचना २०३६ पुस ३० गते निर्वाचन आयोगले जारी गऱ्यो । यसरी एकातिर पञ्चायती व्यवस्थाभित्र हुन लागेको नियमित चुनाव स्थगित भयो भने अर्कातिर जनमत सङ्ग्रह गराउन गठित राष्ट्रिय चुनाव आयोगले जनमत सङ्ग्रहका लागि आफ्नो ध्यान केन्द्रित गऱ्यो ।

## ६.४ राष्ट्रिय चुनाव आयोगको गठन र निर्देशन

२०३६ साल जेठ १६ गते राष्ट्रिय चुनाव आयोगको गठन भयो । भगवतीप्रसाद सिंहको अध्यक्षतामा देहाय बमोजिमका सदस्य रहेको राष्ट्रिय चुनाव आयोग गठन भयो (देवकोटा पृ. १६३) ।

१) चन्द्रजंग थापा

२) छिरिङ तेन्जीङ लामा

३) झपट सिंह रावल

४) केवल चौधरी

५) रत्नबहादुर विष्ट

६) त्रिलोक प्रताप राणा

७) गोविन्दबहादुर मल्ल

८) गोविन्द प्रसाद उपाध्याय

९) ज्याउल हक

१०) जयदेव भट्ट

११) परीक्षित नरसिंह राणा

१२) अमरबहादुर गुरूङ

१३) क्षेत्र विक्रम राणा

१४) कृष्ण प्रसाद घिमिरे

आयोगले आफ्ना सदस्यहरूलाई आवश्यकतानुसार विभिन्न क्षेत्र र अञ्चलको काम गराउने तथा आफ्नो कार्य सञ्चालनका निमित्त आवश्यक नियमहरू बनाई श्री ५ समक्ष बुझाउने जिम्मेवारी पायो । जनमत लिने काममा सम्पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र धाँधली हुन नपाउने आवश्यक व्यवस्था आयोगले मिलाउने र सो काममा सबै क्षेत्रबाट सहयोग समेत

प्राप्त हुने आशा श्री ५ बाट व्यक्त भयो । जेठ १८ गते राष्ट्रिय चुनाव आयोगका अध्यक्ष भगवती प्रसाद सिंहले "आगामी असौजभित्रमा जनमत संकलन गर्न राष्ट्रिय चुनाव आयोगले हरसम्भव उपाय गर्ने र यसरी जाडोमा हिमपातबाट हुने बाधा अडचनबाट बच्ने उपायहरूको खोजी गर्ने" जानकारी दिए । उनले "बढी भन्दा बढी बालिग मतदाताहरूले राष्ट्रिय जनमत सङ्कलनमा भाग लिने अवसर पाउने स्थितिको सृजना गरी हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने अथवा बहुदलीय शासन स्थापना गर्ने भन्ने बारे निष्पक्ष रूपमा जनमत सङ्कलन गर्नु नै आयोगको प्रमुख कर्तव्य हो" भनेका थिए ।

आयोगको गठन र जनमत सङ्ग्रहका विषयमा जेठ १६ गते बीपी कोइरालाले "श्री ५ महाराजाधिराज सरकारबाट गठन गरिबक्सेको राष्ट्रिय चुनाव आयोगले मौसूफ सरकारको सदिच्छा अनुरूप आफ्नो गहन जिम्मेवारी वहन गर्ने विश्वास गर्दछु र आयोगको बनावटप्रति म सन्तुष्ट छु" भनेका थिए । टङ्क प्रसाद आचार्यले यस कदमलाई "ठीकै" कदमका रूपमा व्याख्या गरेका थिए भने मनमोहन अधिकारीले आयोग गठन अभिव्यक्तिको पूर्ण स्वतन्त्रतालाई सही दिसामा चालिएको सही कदम भनेर माने पनि चुनाव आयोगको काम हेर्नुपर्ने र त्यो नहेरी शङ्का गर्नु उचित नहुने कुरा गरेका थिए । प्रधानमन्त्री सूर्यबहादुर थापाले भने मन्त्रिपरिषद्ले जनमत सङ्कलनमा धाँधली हुन नदिई स्वतन्त्र तथा निष्पक्ष सम्पन्न गराउन आफ्नो दायित्व पूरा गर्नुका साथै आयोगलाई पूर्ण सहयोग प्रदान गर्ने कुरामा आश्वस्त पारेका थिए ।

२०३६ साल साउन १४ गते मतदाताहरूको नाम सङ्कलनको काम सम्पन्न गराउने क्रममा राष्ट्रिय चुनाव आयोगले प्रत्येक अञ्चलमा एक-एक जना आयुक्त खटायो ।

| | | |
|---|---|---|
| १) | चन्द्रजंग थापा | मेची |
| २) | छिरिङ तेन्जीङ लामा | कोशी |
| ३) | झपट सिंह रावल | सगरमाथा |
| ४) | केवल चौधरी | जनकपुर |
| ५) | रत्नबहादुर विष्ट | नारायणी |
| ६) | त्रिलोक प्रताप राणा | गण्डकी |
| ७) | गोविन्दबहादुर मल्ल | लुम्बिनी |
| ८) | गोविन्द प्रसाद उपाध्याय | धवलागिरी |
| ९) | ज्याउल हक | राप्ती |
| १०) | जयदेव भट्ट | कर्णाली |

१‍१)	परीक्षित नरसिंह राणा	भेरी

१२)	अमर बहादुर गुरूङ	सेती

१३)	क्षेत्र विक्रम राणा	महाकाली

१४)	सदस्य सचिव, कृष्ण प्रसाद घिमिरे वाग्मती

श्री ५ महाराजाधिराजबाट स्वीकृत भएको राष्ट्रिय चुनाव आयोग (कार्य व्यवस्था) नियमावली २०३६ (नेपाल राजपत्र, खण्ड २९, अतिरिक्ताङ्क २६, साउन १४, २०३६) ले 'जनमत सङ्ग्रह'लाई "श्री ५ महाराजाधिराजबाट २०३६ साल जेठ १० गते बक्सेको शाही घोषणा बमोजिम बालिग मताधिकारको आधारमा लिइने राष्ट्रिय जनमत सङ्ग्रह सम्झनुपर्छ" भनेर परिभाषित गरेको छ । यस कार्य व्यवस्था नियमावलीले 'मतदाता नाम सङ्ग्रह, आयोग, अध्यक्ष, सदस्य, सदस्य सचिव र आयोगका कर्मचारीको व्यवस्था गरेको छ । जसमा आयोग भन्नाले श्री ५ महाराजाधिराजबाट गठन भएको राष्ट्रिय चुनाव आयोग सम्झनुपर्छ भन्ने उल्लेख छ छ । विभिन्न परिच्छेदमा विभक्त यस कार्य व्यवस्था नियमावली अन्तर्गत परिच्छेद २ ले आयोगको बैठक सम्बन्धी कार्यविधि तोकेको छ । यस कार्यविधि अन्तर्गत आयोगको बैठक, आयोगको निर्णय, निर्णय प्रमाणित गर्ने, निर्णय पुस्तिका, बैठकमा भाग लिन अनुमति दिन सकिने, बैठकको अन्य कार्यविधि आदिलाई समेटिएको छ भने परिच्छेद ३ अन्तर्गत अधिकार प्रत्यायोजनलाई समेटिएको छ । यसभित्र समिति वा उपसमिति गठन गर्न सकिने र अधिकार प्रत्यायोजन गर्न सकिने दुई विषयलई पनि समेटिएको छ ।

यसै गरी परिच्छेद (४) मा आयोगको अध्यक्ष तथा सदस्यहरूले उपभोग गर्न पाउने अधिकारको व्यवस्था गरिएको छ । जसभित्र सदस्यहरूलाई विभिन्न ठाउँमा खटाउने, अध्यक्षले आयोगको अधिकार प्रयोग गर्न सक्ने तथा सदस्यले आयोगको अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । परिच्छेद ५ ले अध्यक्ष तथा सदस्य(सचिवको अधिकार र कर्तव्यको व्यवस्था गरेको छ भने परिच्छेद ६ ले कर्मचारीको नियुक्ती तथा काजका विषयलाई सम्बोधन गरी कर्मचारी काजमा लिने, कर्मचारीको नियुक्ती, कर्मचारी खटाउने तथा कर्मचारी उपर कारबाही गर्ने विषयलाई प्रस्ट पारेको छ । परिच्छेद ७ ले आर्थिक व्यवस्थाका विविध पक्षहरूलाई समेटेको छ । आर्थिक व्यवस्था यसै नियमावली बमोजिम हुने व्यवस्था गरिएको छ भने रकमान्तर गर्ने अधिकार, मिन्हा दिने अधिकार, आर्थिक निकासा र खर्च गर्ने तरिका, मतदान केन्द्र तयार गर्दाको खर्च, दरभाउ पत्र वा बोलपत्र लिनु नपर्ने आदिका विषयमा प्रस्ट पारेको छ । यस बाहेक जिल्लाभित्र भ्रमण गर्दा पाउने भत्ता, काजको अवधिभर पूरै दैनिक भत्ता पाउने, विशेष भत्ताको व्यवस्था, ओभरटाइम काममा लगाउने, ज्यालादारीमा काम गराउने, भ्रमण आदेश र हिसाब जाँच, भ्रमण गर्नु नपरेमा रकम फिर्ता गर्नुपर्ने आदि विषयहरूलाई समेटिएको छ ।

परिच्छेद ८ ले श्री ५ को सरकारसित आयोगको सम्बन्ध, श्री ५ को सरकारसित सम्पर्क राख्दा गृह पञ्चायत मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्ने, राष्ट्रिय जनमत सङ्ग्रहलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने उद्देश्यले आयोगले आवश्यक देखेमा पञ्चायती व्यवस्था कायम राख्न चाहने वा बहुदलीय व्यवस्था चाहिने व्यक्ति लगायत कुनै पनि व्यक्तिसित छलफलको लागि सम्पर्क राख्न सक्ने व्यवस्था, सचिवको अधिकार सुम्पन सक्ने तथा प्रहरी र स्थानीय प्रशासनले सहयोग गर्नुपर्ने आदि विषयलाई विविध अन्तर्गत राखिएको र सोही अनुरूप व्याख्या गरिएको छ ।

मतदाता नाम सङ्ग्रह नियमावली २०३६ को नियम ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चुनाव आयोगले मतदाता नाम सङ्ग्रह गर्ने कार्य सुरु गर्ने मिति २०३६ साउन १५ लाई तोक्यो । सोही नियमावलीको नियम ४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चुनाव आयोगले मतदाता नाम सङ्ग्रह गर्ने कार्यका निमित्त प्रत्येक विकास जिल्लालाई क्षेत्र तोकेको थियो (नेपाल राजपत्र खण्ड २९, साउन १४, २०३६ अतिरिक्ताङ्क २५) ।

राष्ट्रिय चुनाव आयोगको सिफारिशमा श्री ५ महाराजाधिराजबाट स्वीकृत भएपछि मतदाता नाम सङ्ग्रह (प्रथम संशोधन) नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको थियो । जसको नाम “मतदाता नाम सङ्ग्रह (प्रथम संशोधन) नियमावली २०३६” रहेको थियो (नेपाल राजपत्र खण्ड २९, पुस १५, २०३६ अतिरिक्ताङ्क ५२) ।

स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने व्यवस्था गर्न बनेको अध्यादेशले २०३६ साल जेठ १० गते बक्सेको शाही घोषणा बमोजिम जनमत सङ्ग्रह लिने काम हुने भएको र नेपालको संविधान बमोजिम निर्वाचनको पहिलो समूहमा परेका अञ्चलहरूका गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च, सदस्यहरू र गाउँ सभा र नगर सभाका सदस्यहरू तथा जिल्ला पञ्चायतका सभापति, उपसभापति र सदस्यहरू र जिल्ला सभाका सदस्यहरूको पदावधि सो पदपूर्तिका लागि हुने निर्वाचन नभएसम्म कायमै राख्न तत्काल कानुनी व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले पदावधि कायम राख्ने विषयमा आवश्यक व्यवस्था गऱ्यो (नेपाल राजपत्र खण्ड २९, पुस ३०, २०३६ अतिरिक्ताङ्क ५३) ।

जनमत सङ्ग्रहका लागि आवश्यक नियमावली भने जनमत सङ्ग्रह नियमावली २०३६ थियो । यसले यस नियमावलीको नाम, बिस्तार र प्रारम्भ अन्तर्गत नियमावलीको विस्तार नेपाल अधिराज्यभर हुनेछ र यो नियमावली विदेशमा रहेका यस नियमावली अनुसार मतदान गर्न पनि नेपाली नागरिकका हकमा समेत लागू हुनेछ भन्ने व्यवस्था गरेको थियो । नियमावलीको परिभाषा अन्तर्गत जनमत सङ्ग्रह भन्नाले श्री ५ बाट जेठ १० को मितिमा भएको सम्बोधन अन्तर्गत हुन लागेको निर्वाचनलाई जनाएको छ (नेपाल राजपत्र खण्ड २९, माघ २, २०३६ अतिरिक्ताङ्क ५६) ।

विभिन्न परिच्छेदमा विभाजित यस नियमावलीको परिच्छेद २ ले जनमत सङ्ग्रहको मूलभूत कुरा तथा सूचनाको जानकारी दिन्छ । जनमत सङ्ग्रह केका निम्ति हुने र यसको मूलभूत प्रश्न के हुने भन्ने विषयमा यस परिच्छेदले प्रष्ट पारेको छ । नियमावली  बमोजिम लिइने जनमत सङ्ग्रहमा उपनियम २ का अधीनमा रही देहायका दुई मूलभूत प्रश्न गरिने व्यवस्था गरेको थियो -

पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ?, वा

बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ?

उपनियम (१) बमोजिमको प्रश्नमा यस नियमावली बमोजिम गरिने जनमत सङ्ग्रहको नतिजा प्रकाशमा आएपछि श्री ५ बाट आवश्यक देखेको व्यवस्था नेपालको संविधानमा समावेश गर्ने व्यवस्था गरिएको थियो ।

यस नियमावलीको परिच्छेद ३ ले क्षेत्र विभाजन, जनमत अधिकृतको नियुक्ति तथा मतदान केन्द्र सम्बन्धी व्यवस्था गरेको छ भने परिच्छेद ४ ले मतदाता नामावली र परिच्छेद ५ ले मतदानका विषयमा प्रष्ट निर्देशन दिएको छ । परिच्छेद ५ ले मतदान अन्तर्गत मतदानको तरिका, एक मतदान केन्द्रबाट मात्र मतदान गर्न पाइने, सरकारी कर्मचारी तथा आयोगको सदस्यको सम्बन्धमा विशेष व्यवस्था, विदेशमा रहेका मतदाता सम्बन्धी व्यवस्था, मतपत्र, मतपत्र दिने, मतपत्र बदर हुने, नाम ढाँटी आएमा विरोध गर्न पाउने, मतदान केन्द्रमा प्रवेश, अन्धा वा अशक्त मतदान, मतदान समयपछि प्रवेश गर्न नपाउने, निरीक्षण गर्न सक्ने, सङ्कटकालमा मतदान स्थगित गर्ने, मतपेटिका बन्द गर्ने, मतपेटिका हराएमा वा बिगारिएमा पुनः मतदान हुने र मतपेटिका पठाउने जस्ता व्यवस्थाहरूलाई स्पष्ट गरेको छ ।

विदेशमा रहेका मतदाता सम्बन्धी व्यवस्थाले सरकारी कर्मचारी, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको कर्मचारी र उनीहरूका परिवारका सदस्यले यस जनमत सङ्ग्रहमा भाग लिन पाउने व्यवस्था गरेको थियो भने मतदान केन्द्रमा मतदाता, जनाना मतदाताको काखमा रहेको बच्चा, सम्बन्धित कर्मचारी र आयोगबाट खटिएको जनमत अधिकृत वा मतदान अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएको व्यक्तिले प्रवेश पाउने व्यवस्था गरिएको थियो ।

परिच्छेद ६ ले मतगिन्ती गर्ने तथा मतगिन्ती गर्ने स्थानमा अरूलाई बस्न नदिने सम्बन्धी व्यवस्था गरेको छ भने परिच्छेद ७ ले नतिजाको घोषणाका विषयमा निर्देशित गरेको छ । नतिजा घोषणा गर्दा जनमत अधिकृतले आफ्नो क्षेत्रको परिणाम तालिका आयोगमा पठाउने र जनमत सङ्ग्रहको नतिजाको घोषणा गर्ने व्यवस्था गरिएको थियो ।

परिच्छेद ८ ले प्रचार गर्न नपाउने, प्रचार-प्रसार सम्बन्धमा आयोगले निर्देशन दिन सक्ने अधिकार, सहयोग गर्नुपर्ने, गोप्यता राख्नुपर्ने, निर्देशन दिने अधिकार, आयोगको आदेशको

पालना गर्नुपर्ने, आयोगले निर्णय गर्न सक्ने, निर्णय अन्तिम हुने, नक्कल लिन पाउने तथा कागजात सडाउने जस्ता विविध विषयमा प्रस्ट गरेको थियो । कागजात सडाउने हकमा भने मतदाता नामावलीबाहेक जनमत सङ्ग्रह सम्बन्धी अन्य कागजातहरू जनमत सङ्ग्रहको घोषणापछि धुल्याउन सकिने व्यवस्था गरेको थियो ।

जनमत सङ्ग्रह नियमावली २०३६ को नियम ५ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चुनाव आयोगले राष्ट्रिय जनमत सङ्ग्रह हुने मिति र समय २०३७ वैशाख २० गते रोज ६ का दिन बिहान ९:१५ देखि साँझ ५:१५ सम्म तोकेको थियो ।

जनमत सङ्ग्रह नियमावली, २०३६ मा चैत्र २८, २०३६ को संशोधनपछि नियम ९ क थप गरिएको थियो । यसरी थपिएको नियम ९ क मा नाम दर्ता गर्ने सम्बन्धमा आयोगले निर्देशन दिन सक्ने व्यवस्था गरिएको थियो । यो प्रयोजन अन्तर्गत मतदाता नाम सङ्ग्रह नियमावली २०३६ वा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि श्री ५ बाट २०३७ साल वैशाख १ गते आम माफी भए बमोजिम राजकाज सम्बन्धी मुद्दा लागी आम माफी पाएका व्यक्तिहरू[६८८] मध्ये मतदाता नाम सङ्ग्रह नियमावली २०३६ बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता भइनसकी नाम दर्ता गराउन चाहेमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्ने सम्बन्धमा यस नियमको अधीनमा रही आयोगले जनमत अधिकृत वा मतदान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ भन्ने व्यवस्था गरेको थियो । यस नियम बमोजिम नाम दर्ता गराउन चाहने व्यक्तिले २०३७ साल वैशाख १६ गते बेलुका ५ बजेसम्म सम्बन्धित मतदान अधिकृत समक्ष निवेदन दिनुपर्ने व्यवस्था गरिएको थियो ।

### ६.५ जनमत सङ्ग्रहका लागि मतदान हुने मितिको घोषणा

२०३६ चैत्र २० गते राष्ट्रिय चुनाव आयोगले "जनमत सङ्ग्रह नियमावली २०३६ को नियम ५ ले दिएको अधिकार प्रयोग गरी जनमत सङ्ग्रह हुने मिति र समय २०३७ साल वैशाख २० गते रोज ६ का दिन बिहान ९.१५ बजेदेखि साँझ ५.१५ बजेसम्मलाई तोक्यो (देवकोटा पृ. ४०६) । २०३६ पुस २० गते राष्ट्रिय चुनाव आयोगले जनमत लिने काम २०३७ जेठ महिनासम्ममा सम्पन्न गर्ने जानकारी यसअघि नै दिएको थियो । यसै सिलसिलामा आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहले एक प्रश्नको उत्तरमा "शान्तिपूर्ण वातावरण कायम रहेमा एकै दिनमा जनमत सङ्ग्रह गर्ने, अन्यथा पटकपटक गर्नुपर्ने" कुरा बताएका थिए ।

---

[६८८] राजकाज मुद्दाका थुनुवाहरूको मुक्ति र विदेशमा आश्रितहरूको स्वदेश आगमनको विवरणका लागि देवकोटा पृ ४१३-४१६ ।

कानुन बमोजिम राष्ट्रिय चुनाव आयोगलाई प्राप्त नीति निर्देशन अनुरूप राष्ट्रिय चुनाव आयोगले राष्ट्रिय जनमत सङ्ग्रहलाई पूर्ण स्वतन्त्र, निष्पक्ष तथा धाँधलीरहित रूपमा गराउने तथा मतदान प्रक्रिया बारे निर्दल र बहुदल पक्षका प्रमुख व्यक्तिहरूसँग सरसल्लाह गरेको थियो । मतदाता नाम सङ्ग्रह गर्दा पञ्चायत क्षेत्रलाई आधार मानी २०३६ जेठ १० गते २१ वर्ष उमेर पूरा गरिसकेको नेपाली जनाना र मर्दानाको नाम सङ्ग्रह गरिएको थियो । २०३६ साउन १५ गतेदेखि मतदाताको नाम सङ्ग्रह गर्ने कार्य प्रारम्भ भयो ।

राष्ट्रिय जनमत सङ्ग्रहको निर्वाचनको प्रयोजनको लागि नेपाल अधिराज्यमा ५९१३ मतदान केन्द्र र ४००५ मतदान उपकेन्द्र रहेका थिए । मतदान केन्द्रहरू मध्ये सबैभन्दा बढी १६२७ मतदान केन्द्र र १४८० मतदान उपकेन्द्र मध्यमाञ्चलमा र सबैभन्दा कम १३६० मतदान केन्द्र र ८४३ मतदान उपकेन्द्र पश्चिमाञ्चलमा रहेका थिए । सबैभन्दा कम ३१ जना मतदाता भएको मुस्ताङको छुसाङ गाउँ पञ्चायत अन्तर्गत वडा नं ९ को समरमा एक मतदान केन्द्र रहेको थियो । लगभग एक हजारसम्म मतदाता भएको ठाउँमा मतदान केन्द्र र त्योभन्दा बढी मतदाता भएका ठाउँमा उपकेन्द्रहरू रहेका थिए ।

विदेशस्थित मतदाताका लागि सम्बन्धित देशस्थित नेपाली राजदूतावास, वाणिज्य दूतावास र संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोगमा मतदान केन्द्र रहेको थियो । सरकारी कर्मचारी, सरकारी वा संगठित संस्थाका कर्मचारी र उनीहरूका परिवारका सदस्यले मतदान गर्न पाउने व्यवस्था गरिएको थियो । आयोगले तोकिदिए बमोजिमको फारममा मतदाताको नाम संग्रह गर्न र मतदान गराउन आयोगले नेपाली कूटनीतिक नियोगका कर्मचारीलाई अधिकृत तोक्ने र निजले तयार गरेको मतादाता नामावली अन्तिम हुने व्यवस्था थियो । मतदाता नामावलीमा नाम भएका व्यक्तिले मात्र मतदान गर्न पाउने व्यवस्था भएकाले मतदाता नामावलीमा नाम समावेश गर्न चाहने व्यक्तिले आफ्नो राहदानी साथमा लिई नाम लेखाउन आउनु पर्ने र राहदानी नहुने व्यक्तिले नेपाली कुटनीतिक नियोगबाट परिचयपत्र लिनुपर्ने प्रावधान राखिएको थियो ।

जनमत सङ्ग्रहमा जनमत अधिकृत रही काम गर्नको लागि काठमाडौँ जिल्लाका निमित्त वाग्मती अञ्चल अदालतका अञ्चल न्यायाधीश, जुम्ला जिल्लाको लागि कर्णाली अञ्चल अदालतका अञ्चल न्यायाधीश र अरू ७३ जिल्लाका लागि तत्तत् जिल्लाका जिल्ला न्यायाधीशहरूलाई खटाइएको थियो । जनमत सङ्ग्रहमा प्रयोग हुने मतपत्रमा मतदान अधिकृतको सही वा निजको नामको छाप वा निजको दस्तखतको छाप लागेको हुनुपर्ने व्यवस्था गरिएको थियो । मतदाताले मतदान गर्दा मतपत्रमा स्वस्तिक छाप लगाई मत सङ्केत गर्ने व्यवस्था गरिएको थियो ।

### ६.६ जनमत सङ्ग्रह सम्बन्धी प्रचारमा रोक

२०३७ वैशाख १७ गते (मतदान हुने दिन भन्दा ३ दिन अगाडि) देखि निर्दल र बहुदल दुवै पक्षले लेखेर, बोलेर, जुलुस निकालेर वा सभा गरेर वा साङ्केतिक किसिमबाट  समेत अरू

कुनै प्रकारले आफ्नो हित र अर्काको अहित हुने गरी जनमत सम्बन्धी प्रचार-प्रसार गर्न नपाउने गरी आयोगले सूचना प्रकाशित गरेको थियो, तर पनि यस अवधिमा आमसभा, माइकद्वारा कुनै प्रचार-प्रसार नगरिए तापनि पोस्टर टाँस्ने, भित्ता र सडकमा लेख्ने जस्ता कार्यहरू भने रोकिएनन् ।

प्रत्येक मतदान केन्द्र उपकेन्द्रहरूमा मतपत्र दिने र नाम रूजु गर्ने ठाउँमा एक छेउमा दुवै पक्षका (निर्दलीय र बहुदलीय) प्रतिनिधिहरू रहन सक्ने व्यवस्था गरिएको थियो भने ४x४ इन्चको कागजमा बिचमा बोर्डर (धर्को), त्यसको एकापट्टि पञ्चायत व्यवस्थाको पहेलो रङ र अर्कोपट्टि बहुदलीय शासन व्यवस्थाको (आकासे) नीलो रङ भएको मतपत्र थियो ।

## ६.७ प्रचार-प्रसार र विचार अभिव्यक्त गर्ने स्वतन्त्रता तथा दुई पक्षको प्रचार-प्रसार

२०३६ साल जेठ १६ गते श्री ५ महाराजाधिराजका प्रमुख सम्वाद सचिवालय राजदरबारबाट "श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय जनमत लिइँदा दुई मूलभूत प्रश्नहरू मध्ये कुनचाहिँ रोज्ने र त्यसको पक्षमा आफूलाई लागेको कुरा निर्धक्क र स्वतन्त्र रूपमा आफ्नो मत वा कुरा संयमपूर्वक अभिव्यक्त गर्न गराउन वा आमसभा, बैठक, लेख, टीका-टिप्पणी, आलोचना, समालोचना, लेख्न वा प्रचार गर्न  समेत उक्त सबै कुरामा सम्पूर्ण नेपालीलाई छुट प्रदान गरेको" भनी सूचना जारी गरेको थियो (देवकोटा पृ. १७६) । तर उपर्युक्त छुट बाहेक "जनमत अभिव्यक्त गर्ने स्वतन्त्रताको नाममा कसैले पनि विध्वंसात्मक कार्य गर्ने, आगो लगाउने, लुटमार गर्ने वा अन्य गैर कानुनी कार्य गरी देशको अमनचयनमा बाधा वा खलल पार्ने कार्य वा संविधान र सो अन्तर्गतका नेपाल कानुन अनुसार अपराध ठहर्ने कार्य गर्न नपाइने" भन्ने विज्ञप्ति प्रकाशित भयो (देवकोटा पृ. १७६-१७७) ।

फलस्वरूप यसै स्वतन्त्रतालाई आधार मानेर सबै पार्टी तथा समूहले सुधारिएको पञ्चायत वा बहुदलीय व्यवस्थाको पक्ष तथा विपक्षमा मात्र होइन समग्र चुनाव प्रक्रियाको विरोध वा समर्थनमा उत्रिए र सोही अनुरूप आफ्ना गतिविधि अघि बढाए ।

त्यसो त नेपाल अधिराज्यभर बालिग मताधिकारका आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने र त्यस्तो जनमत लिने प्रयोजनका लागि हुने चुनाव सम्पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष गराउने र धाँधली हुन नसक्ने व्यवस्थाको निमित्त नेपालको संविधानको भाग ३ को धारा ११ को उपधारा २ (क) र धारा ७१ तथा सो अनुकूलको नेपाल कानुनमा जेसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएको सङ्गठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन नपाइने बन्देज कायमै राखी यो घोषणा गरिएको थियो (पृ. १७६-१७७) । प्रस्ट रूपमा पञ्चायत व्यवस्थाको समर्थक र बहुदलीय व्यवस्थाका समर्थकहरूले पक्ष वा विपक्षमा चुनाव प्रचार-प्रसारलाई अगाडि बढाउने स्थिति देखा परे पनि बहुदलीय व्यवस्थाका पक्षधरहरूले आ(आफ्नो पार्टी र विचार

समूहका आधारमा छुट्टाछुट्टै प्रचार-प्रसार गर्ने काम गरे । त्यसैले पार्टीको प्रत्यक्ष वा परोक्ष नेतृत्वमा प्रचार-प्रसारका कामहरू भए । त्यसै क्रममा बहुदलीय व्यवस्था र पञ्चायती व्यवस्थाका समर्थकहरू केन्द्रदेखि जिल्ला तहसम्म आ-आफ्नै संघ, समूह गठन गरी चुनाव प्रचारमा सक्रिय भए ।

प्रचार-प्रसारका क्रममा कतिपय नयाँ शैली र प्रयोग (गीति प्रतियोगिता, गीति लेखन तथा प्रकाशन आदि) गरिएका थिए । तत्कालीन समयमा प्रचार-प्रसारका लागि अपनाइएका यी शैली त्यसपछिका निर्वाचनमा पनि प्रगोग हुँदै आएका छन् ।

जनमत सङ्ग्रहमा पञ्चायती व्यवस्थाको समर्थन गर्ने र बहुदलीय व्यवस्थाको समर्थन गर्ने दुई मुख्य समूहले आफ्नो नीति तथा विचारको समर्थन तथा विपक्षीको नीति तथा विचारको आलोचनामा प्रचार-प्रसार सामग्रीहरू तयार गरे र मतदाता समक्ष पुऱ्याए । बहुदलीय पक्षको समर्थन गर्नेहरू मध्ये नेपाली कांग्रेस तथा कम्युनिष्ट पार्टीका विभिन्न समूहले आफ्नो पक्षलाई चुनाव जिताउन प्रचार-प्रसारलाई व्यापक बनाए पनि अन्य पार्टीहरू- उदाहरणका लागि प्रजा परिषद्, नेपाल राष्ट्रिय कांग्रेस जस्ता पार्टी, ले स्वतन्त्र व्यक्ति तथा चुनाव प्रचार-प्रसारका लागि मात्र सक्रिय रहेका अल्पकालीन समूह मार्फत पनि प्रचार-प्रसार गर्ने काम गरे । पञ्चायती व्यवस्थाको समर्थनमा पनि प्रचार-प्रसारका सामग्रीका रूपमा पर्चा-पम्पलेट र पोस्टरहरूको प्रयोग व्यक्ति तथा चुनाव प्रचार-प्रसार निम्ति गठन भएका अल्पकालीन समूहहरूबाट भएको थियो ।

यस मध्ये बहुदलीय व्यवस्थाको पक्षमा प्रतिबन्धित नेपाली काँग्रेस र केही कम्युनिष्ट पार्टीहरूले जनपरिचालनको काम गरिरहेका थिए भने तत्कालीन नेकपा माले, मोहन विक्रम सिंहको कम्युनिष्ट पार्टीले जनमत सङ्ग्रह बहिष्कार गर्ने निर्णय गरेको र सोही अनुसार प्रचार-प्रसार पनि गरेको थिए । चुनाव बहिष्कार गर्नेहरूले पनि आफ्ना विचारहरू पर्चा-पम्पलेटका माध्यमद्वारा जनता समक्ष लगेका थिए । चुनाव बहिष्कार गर्ने निर्णयको पक्ष र विपक्षमा केन्द्र तथा जिल्लाहरूमा आरोप(प्रत्यारोप पनि चलेको थियो (भारद्वाज २०३६) ।

जनमत सङ्ग्रहको घोषणापछि २०३६ साउन ८ गतेका दिन रामराजा प्रसाद सिंह र प्रेमकृष्ण पाठक (नेपाली काँग्रेस, काठमाडौँ जिल्ला कार्य समितिका सदस्य) को संयुक्त प्रयासमा "बहुदलीय जनवादी मोर्चा" को गठन भयो । यसले चुनावका निम्ति संयुक्त मोर्चाहरू गठन गर्नुपर्छ वा पर्दैन भन्ने विषयमा सानो बहसको सृजना गरिदियो ।[६८९]

[६८९] डिल्लीरमण रेग्मीले "आफ्नो पार्टी बलियो छ भन्ने दम्भ नभएका नेताहरूले संयुक्त मोर्चा गरेनन् भने तिनको भविष्य छैन र यो अदूरदर्शिता तथा अकलको कमी ठहर्ने छ ।" भन्दै संयुक्त मोर्चाका निम्ति दवाब दिए भने टंकप्रसाद आचार्यले "बहुदल पक्षका प्रतिबन्धित पार्टीहरूको संयुक्त मोर्चा जरूरी छैन, पार्टी उपरको प्रतिबन्ध हटेपछि ०१७ साल अघिभैंँ राजनैतिक पार्टीहरूले काम गर्नेछन्" (देवकोटा पृ. २९७) अभिव्यक्ति दिए । सूर्य प्रसाद उपाध्यायले पनि पार्टीहरू कानुनी भएपछि मात्र संयुक्त मोर्चाको प्रश्न आउने हुँदा अहिले संयुक्त मोर्चाको खिचलोमा फस्नु हुँदैन । यो प्रश्न बहुदलमा विश्वास गर्ने पक्ष विजयी भएपछि उठ्ने हो भनेर चुनावका लागि मोर्चा बनाउन आवश्यक नरहेको जनाउ दिए । केशरजंग रायमाझीले पनि सोही आशयमा आफ्नो कुरा राख्दै भने "बहुदलीय पक्षको संयुक्त मोर्चा बारेमा संवैधानिक

बहुदल पक्षधरहरू मध्येका केही व्यक्तिहरूद्वारा संयुक्त मोर्चाको आवश्यकता महसुस गर्दै तत्स सम्बन्धी केही वक्तव्यहरू प्रकाशित गर्ने काम पनि गरियो ।

प्रत्यक्ष रूपमा पार्टी वा यसका भातृ सङ्गठन बाहेक स्थानीय व्यक्तिहरू मिलेर काठमाडौँमा बहुदल (संसद्) पक्षीय नागरिक समूह (काठमाडौँ), झापामा बहुदलीय व्यवस्था जनमत सङ्ग्रह प्रचार समिति (झापा), जनपक्षीय बहुदल प्रचार समूह (पाल्पा), राष्ट्रिय पञ्च भेला समिति (काठमाडौँ), प्रजातान्त्रिक सुधारवादी पञ्च एकता मञ्च जस्ता समूह तथा उपसमूहहरू गठन गरेका थिए । यी  मध्ये कतिपय सङ्गठनले आफ्नो पक्षको चुनावी प्रचार-प्रसार गर्दागर्दै पनि जनमत सङ्ग्रहको चुनावलाई शान्तिपूर्वक सम्पन्न गर्न जनताको साथ लिन खोजेको वा जनतालाई यस कामका लागि सहयोग गर्न आह्वान गरेको पनि देखिन्छ । यस्तो प्रचार सामग्रीको नमुना अनुसूची ४ मा दिइएको छ ।

यस्ता कतिपय संस्थाहरू चुनाव प्रचार-प्रसारका निम्ति गठन भए, चुनाव प्रचार-प्रसारका लागि काम गरे र चुनाव सकिएपछि राजनीतिक वा अन्य हिसाबले सक्रिय भएनन् । यस्ता संस्था वा समूह  मध्ये बहुदल (संसद्) पक्षीय नागरिक समूह (काठमाडौँ) निकै सक्रिय रहेको र पर्चा, पम्पलेट तथा पोस्टरहरूको उत्पादन तथा वितरणमा निकै खटेको थियो । यस समूहबाट प्रकाशित चुनावी प्रचार सामग्रीहरू काठमाडौँ लगायत देशका विभिन्न भागमा वितरण भएको प्रमाण भेटिन्छ । राष्ट्रिय पञ्च भेला समितिका पर्चा-पम्पलेटहरू पनि राम्रोसँग वितरण भएको थियो ।

बहुदल र निर्दलका सबल र दुर्बल पक्षको बढाइ-चढाइ गरेर प्रकाशित भएका पर्चा पम्पलेटहरूको बाहुल्य देखिन्थ्यो । बहुदल आए के हुन्छ, जनताले के पाउँछन् ? वा, कसले जिते के राम्रो हुने, के सुधार हुने र कसले जिते के नराम्रो हुने ? जस्ता कुराहरूमा ध्यान दिएर पर्चा-पम्पेट तयार पारिएका थिए ।[६९०] कतिपय सन्दर्भमा त यसले स्थानीय जनताको आशङ्का हटाउने गरी र उनीहरूलाई सम्बोधन गर्ने गरी पर्चा-पम्पलेटको विषयवस्तु बनाएका पनि थिए । यसले पार्टी वा अन्य केन्द्रीय नीति कुर्नु नपर्ने भएकाले स्थानीय स्तरमा जनताले जे विषयमा गुनासो गर्थे वा आशङ्का राख्थे त्यस विषयलाई ध्यानमा राखेर पर्चा-पम्पलेटहरू प्रकाशित गरेको पनि देखिन्छ । तथापि धेरैजसो विषयवस्तुहरू मूल

---

आधार नै नभएकोले यो कुरा अहिले आवश्यक छैन र पार्टी व्यवस्था खुल्दा पनि पार्टीहरूका कार्यक्रम हेरेर आवश्यक पर्यो भने मात्र गर्ने कुरा हो भन्ने थियो ।"

[६९०] मदन पुरस्कार सङ्कलनमा रहेको १५।५x१०" साइजको "बहुदल को जीत हुन्छ" शीर्षकको यस पोस्टरको एउटा कोलम बहुदलीय व्यवस्थाको समर्थनमा र अर्को कोलम पञ्चायती व्यवस्थाको विपक्षमा लेखिएको र दुईवटा व्यवस्थाको तुलना गर्न मिल्ने बनाइएको थियो । जस्तै : एकातिर बहुदल जनताको दल हो भनिएको थियो भने अर्को तर्फ पंचायत जनताको व्यवस्था होइन भनी लेखिएको थियो । पञ्चायती व्यवस्थाको समर्थन गर्ने पर्चा पम्पलेटले पनि बहुदल आएमा के नराम्रो हुन्छ र पञ्चायती व्यवस्था नै रहेमा के राम्रो हुन्छ भन्ने सामग्रीहरू प्रकाशित गरेका थिए । जस्तै :१४ x ७५" साइजको बहुदलको प्रजातन्त्र कस्तो ? शीर्षकको पर्चामा भनिएको छ "वास्तवमा विदेशी दवाव र शक्ति :को भरमा नेता हुन खोज्नेहरूले तलदेखि उठेको प्रजातन्त्र हेर्न चाहन्नन् । 'राष्ट्रप्रेम, प्रजातन्त्र र स्वतन्त्रता नेपालीको मूल मन्त्र हो । अराष्ट्रिय (यो राष्ट्र नै होइन भन्ने) तत्वलाई जनताले कदापि विश्वास गर्दैनन् ।" आदि ।

राजनीतिक मुद्दा (सुधारिएको पञ्चायती व्यवस्था वा त्यसको सट्टामा बहुदलीय व्यवस्थाको स्थापना) भन्दा बाहिर गएका थिएनन् ।

पञ्चायतको समर्थनमा राष्ट्रिय पञ्च भेला समूहले प्रचार-प्रसारको धेरै सामग्री तयार पारेको थियो । १४x७.५ साइजको "बहुदलको प्रजातन्त्र कस्तो ?" शीर्षकमा छापिएको प्रचार सामग्रीहरूमा राष्ट्रप्रेम, प्रजातन्त्र र स्वतन्त्रता पञ्चायतको विशेषता भएको र बहुदल समर्थकहरू अराष्ट्रिय पक्ष भएकोले पञ्चायतलाई जिताउन अनुरोध गरिएको देखिन्थ्यो । यो काठमाडौँबाट प्रकाशित छ र सादा कागजमा कालो अक्षर प्रयोग गरी पोस्टरका रूपमा प्रकाशित छ । ७.५x४.८ साइजको "निर्दलीय पञ्चायत किन ?" शीर्षकमा पनि राष्ट्रिय पञ्च भेला समिति, काठमाडौंले पर्चा प्रकाशित गरेको छ ।

पञ्चायत पक्षीय धेरैजसो पर्चा पम्प्लेटमा २०१८ मा देशको सडक, हुलाक, विजुली, हवाई मैदान, अस्पताल शैया, स्वास्थ्य चौकी, स्कूल तथा सिंचाईको अवस्था र पञ्चायतको उदय पश्चात् २०३६ सालसम्म यसमा भएको प्रगतिलाई पञ्चायती व्यवस्थाले गरेको विकासको रूपमा चित्रण गरिएको थियो भने बहुदलीय व्यवस्था आएमा शान्ति खल्बलिने, राष्ट्रियता मासिने, धार्मिक अतिक्रमण बढ्ने भएकाले पञ्चायती व्यवस्था नै ठीक हो भन्ने तर्क गरिएका भेटिन्थे ।[६९१] यसरी दुवै पक्षले पर्चा पम्प्लेट मार्फत आफ्नो विचार राख्ने र विपक्षको कमजोरी देखाउने कामलाई व्यापक बनाए । त्यसो त पत्रपत्रिका मार्फत पनि दुवै पक्षले आफ्ना पक्षका समाचार र विचारहरूलाई जनतासम्म पुऱ्याए ।

२०३७ वैशाख १७ गते (मतदान हुने दिनभन्दा ३ दिन अगाडि) सम्म प्रचार-प्रसारका लागि छुट दिइएको थियो । सोही दिन श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट जनमत सङ्ग्रह सफल पार्न आह्वान गर्दै देशवासीको नाममा दिइएको सन्देश सार्वजनिक भएपछि औपचारिक रूपमा निर्वाचन प्रचार-प्रसार र तयारीका सबै काम सकिएका थिए । जनताहरू २० गते हुने निर्वाचन र त्यसको परिणामको घोषणाको पर्खाइमा थिए भने राष्ट्रिय चुनाव आयोगले निर्वाचनपूर्वको तयारी सकेर निर्वाचनको अन्तिम कार्य सम्पन्न गर्ने तयारी गर्दै थियो । श्री ५ वीरेन्द्रबाट देशवासीको नाममा दिइएको सन्देशको पूर्ण पाठ अनुसूची ५ मा दिइएको छ ।

## ६.८ मतदान स्थगित, पुनः मतदान र मत परिणाम

सप्तरी जिल्लाको तिलाठी मतदान केन्द्र, धनुषा जिल्लाको औरी, महोत्तरी जिल्लाको पीपरा, धवौली लगायतका मूलुकका केही मतदान केन्द्रहरूमा आपसी झगडाको कारणबाट केही समयसम्म मतदान कार्य स्थगित हुन पुग्यो ।

---

[६९१] २०१८ सालसम्म जम्मा १७१४ किमी सडक भएकोमा पञ्चायती व्यवस्था भित्र (२०३६) साल सम्म यो बढेर ४६५२ किमि पुगेको, हुलाक ४२१ बाट ११५१, बिजुली ७२५ किवा बाट ६३६९७, हवाई मैदान १२ बाट ३७ पुगेका जस्ता तथ्याङ्क अगाडि सारिएका थिए ।

महोत्तरी जिल्लाको १) पिगौना, २) सुनमा, ३) नैनाही ४) दामीमदही केन्द्रमा निर्दल तथा बहुदल पक्षका कार्यकर्ता बिच भएको आपसी झैँझगडाको कारणबाट यहाँको मतदान स्थगित गरिएकोमा वैशाख २४ गते पुनः मतदान भयो । रौतहट जिल्लाको पिपरा डुमरिया मतदान केन्द्रमा मतदान हुँदा सो केन्द्रको मतदान अधिकृतले मतपत्रमा सही नगरी मतदातालाई मतदान गर्न दिएकोले सो मतदान रद्द गरिएकोमा पुनः वैशाख २८ गते मतदान गराइयो ।

जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था मध्ये कुनै एक रोज्ने विकल्प दिइएको थियो । यस चुनावमा कुल मतदाता संख्या ७१,९२,४५१ थियो (देवकोटा पृ. ४५१) ।[६९२] २०३६ जेठ १० गतेसम्म २१ वर्ष उमेर पूरा भएकाहरूको मतदाताको रूपमा नाम सङ्कलन गरिएको थियो । जस मध्ये ४८,१३,४८६ (६६.९२५) मत खसेको थियो । खसेको मत  मध्ये ३७२०६९ (७.६३५) बदर भएको थियो भने सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा कुल २४३३४५२ (५४.७९५) मत खसेको र सो पक्ष विजयी भएको थियो । बहुदलीय शासन व्यवस्थाको पक्षमा कुल २०,०७,९६५ (४५.२१५) मत खसेको थियो । नेपालका कुल ७५ जिल्ला मध्ये १९ जिल्लामा बहुदलीय पक्षमा धेरै मत आएको थियो । त्यसरी बढी मत आएका जिल्लाहरूमा मोरङ, सुनसरी, सिराहा, उदयपुर, सर्लाही, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, रौतहट, कास्की, रूपन्देही, पाल्पा, दाङ, बर्दिया, सुर्खेत, डोटी, कञ्चनपुर, डडेलधुरा थिए । अञ्चलका दृष्टिकोणले हेर्ने हो भने १४ अञ्चलमा पञ्चायती व्यवस्था विजयी भएको थियो । राष्ट्रिय जनमत सङ्ग्रहको जिल्लागत मत परिणाम अनुसूची ६ मा दिइएको छ ।

***

[६९२] डिल्लीराम मिश्रको पुस्तक नेपालको निर्वाचन इतिहासमा ७० लाख ९२ हजार ४५१ मतदाता उल्लेख गरिएको छ ।

परिच्छेद सात

# नेपालमा राष्ट्रिय विधायिकाको निर्वाचन

(वि.सं. २०१५-२०५६)

परिच्छेद सात

# नेपालमा राष्ट्रिय विधायिकाको निर्वाचन

(वि.सं. २०१५-२०५६)

## ७.१ पृष्ठभूमि

आधुनिक समयमा प्रतिनिधिमूलक प्रजातन्त्र (Representative Democracy) लाई प्रायः जनताको इच्छा अनुसार राज्य संञ्चालन गर्ने उदार राजनीतिक व्यवस्था मानिएको छ । यस्तो शासन व्यवस्थाको आधार नै निर्वाचन हो । यस प्रकारको मान्यता यस कारण पनि रहेको छ कि कानुनी व्यवस्था अनुसार सर्वव्यापक बालिग मताधिकार (Universal Adult Franchise) को प्रयोगबाट हुने निर्वाचनले जनतालाई शासनको लागि आवश्यक कानुन/नीति निर्माणको कार्यमा अप्रत्यक्ष रूपमै भए पनि तिनीहरूको प्रतिनिधिको माध्यमद्वारा सहभागी गराउने कुरा स्वीकार गरिएको हुन्छ ।[६९३] स्वच्छ तथा स्वतन्त्र निर्वाचन प्रजातन्त्रको मौलिक आधार हो । निर्वाध र स्वतन्त्र रूपमा मतदान गर्न पाउनु आम नागरिकको आधारभूत मानव अधिकार हो । प्रजातन्त्रमा जनसम्मतिमा आधारित प्रतिनिधिमूलक सरकार हुन्छ । मैले आफ्ना प्रतिनिधि पठाएको छु भन्ने जनताको विश्वासको आधारमा संसद्मा पुगेका प्रतिनिधिहरूले गरेको कामबाट नै जनतालाई नेतृत्व दिन सकिने अवस्था आउँछ । निर्वाचन प्रतिनिधि छनोटको सबैभन्दा लोकप्रिय व्यवस्था पनि हो । त्यसैले प्रजातन्त्र/लोकतन्त्रमा निर्वाचनले अत्यन्त महत्वपूर्ण स्थान राख्दछ ।[६९४]

अतः प्रजातन्त्रलाई दिगो र मजबुत बनाउन स्वच्छ, स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको ठूलो भूमिका हुन्छ । जनतामा निहित सार्वभौमसत्ताको शान्तिपूर्ण प्रयोगको माध्यमनै निर्वाचन हो । राज्यशक्ति प्रयोग गर्ने निकाय र पदाधिकारीहरूलाई नियन्त्रण, सजग र जिम्मेवार बनाउने एक मात्र माध्यम पनि निर्वाचन हो । शासन शक्तिको शान्तिपूर्ण हस्तान्तरण पनि निर्वाचनबाटै हुन्छ, न कि अरू प्रक्रियाबाट । निर्वाचन प्रक्रियामा स्वच्छ र स्वतन्त्र वा वास्तविक मतदाताले सही रूपमा मतदान गर्न नपाएमा शासन व्यवस्थामा जनताको सहभागिता एवं समर्थन हुन सक्दैन । फलस्वरूप सही नेतृत्वको चयन हुन नसकी राज्य व्यवस्थाको गतिमा अवरोध आउन सक्दछ । यस प्रकार निर्वाचनलाई प्रजातान्त्रिक व्यवस्थामा शासनको लागि आवश्यक जनसमर्थन प्राप्त गर्ने माध्यमको रूपमा मानिएको छ । साँच्चै भन्ने हो भने निर्वाचनबाट उपलब्ध जनसमर्थनका कारण देशको शासन

---

[६९३] G. Bingha M Powell (Jr.) **Election as Instru Ment of De Mocracy,** Yale University Press, London, 2000, p. 6.

[६९४] वासुदेव ढुंगाना, "निर्वाचन धाँधली रहित, स्वतन्त्र र शान्तिपूर्ण कसरी सम्पन्न गर्ने ?" **न्याय दर्पण,** (निर्वाचन विशेषाङ्क, २०५५, फागुन), वर्ष १, अङ्क ७ ।

सञ्चालनका लागि जनताको वैधानिक समर्थन (Legitimacy) प्राप्त हुने मान्यता रहेको छ । तसर्थ स्वतन्त्र र स्वच्छ निर्वाचन नै प्रजातन्त्रको आत्मा मानिएको छ ।[६९५]

यही उद्देश्य अनुरूप नेपालमा पनि २००७ सालको सफल जनक्रान्तिपछि हुकुमी जहानियाँ राणा शासनको ठाउँमा प्रजातान्त्रिक शासन सञ्चालन गर्ने लक्ष्य राखेर डनै निर्वाचित जनप्रतिनिधिद्वारा देशको मूल कानुन, संविधानको निर्माणको प्रतिवद्धता उच्च राजनीतिक तहबाट समेत गरिएको थियो ।[६९६] तर दरबारको असहयोग र राज्य सञ्चालनमा प्रत्यक्षतः राख्न खोजेको नियन्त्रणको शाही महत्वाकांङ्क्षा अनुरूप मनोनीत समितिद्वारा संविधान मसौदा गराउने कार्य भएको थियो ।[६९७] त्यसो भए तापनि प्रख्यात संविधान विज्ञ बेलायती विद्वान् सर आइभर जेनीङ्सको सल्लाहमा प्रजातन्त्रका पक्षधर नेपाली काँग्रेसका प्रतिनिधिहरू समेत सम्मिलित उक्त संविधान मसौदा समितिद्वारा तयार पारिएको संविधानले संवैधानिक राजतन्त्र र संसद्ीय प्रजातान्त्रिक व्यवस्थाको मार्ग अवलम्बन गर्ने निर्क्योल गरेको थियो । उक्त संविधान तत्कालीन राजा महेन्द्रबाट २०१५ साल फागुन १ गते घोषणा भई जारी भएको थियो । यस संविधानमा कुल १० भाग ७७ धारा र १० परिच्छेद थिए ।

## ७.२ संविधान मसौदा समितिको व्यवस्था

वि.सं. २०१४ माघ १९ गते राजा महेन्द्रबाट भएको घोषणा अनुसार २०१४ चैत्र ३ गते नेपाल अधिराज्यको संविधान, २०१५ निर्माण गर्न देहाय बमोजिमका सदस्य भएको संविधान मसौदा समितिको गठन भएको थियो :

| क्र.सं | सदस्यहरूको नाम | संलग्नता | पद |
|---|---|---|---|
| १, | भगवतीप्रसाद सिंह | (लोकसेवा आयोगका का.मु. अध्यक्ष) | अध्यक्ष |
| २, | सूर्यप्रसाद उपाध्याय | (नेपाली काँग्रेस) | सदस्य |
| ३, | रणधीर सुब्बा | (गोर्खा परिषद्) | सदस्य |
| ४, | रामराज पन्त | (प्रिन्सिपल, नेपाल ल क्याम्पस) | सदस्य |
| ५, | होराप्रसाद जोशी | (नेपाली काँग्रेस) | सदस्य |

[६९५] Nor Man, D. Pal Mer, **Election and the Politidcal Develop Ment : The South Asian Experience,** Duke University Press, North Caroline, 1975, p. 8.

[६९६] भुवन लाल प्रधान, **नेपालको जनक्रान्ती २००७,** हिमाल किताब प्रा.लि., काठमाडौं, २०४७, पृ. ३४७ ।

[६९७] B.C. Upreti, Nepal : De Mocracy at Cross Roads; Post 1990 Dyna Mics, Issues at Challnges, Kanishka Publishers, Distributors, New Delhi, 2007, pp 21-22.

## ७.३ नेपालमा संसदीय व्यवस्थाको थालनी

नेपाल अधिराज्यको संविधान, २०१५ को नामले प्रचलित उक्त संविधानले परिकल्पना गरे अनुसार राज्यको शासन सञ्चालन गर्ने, संसद्मा प्राप्त बहुमतको आधारमा सरकार निर्वाचित गर्ने र उक्त सरकारलाई निर्देशित गर्ने विधि निर्माण गर्ने सर्वोच्च थलो राष्ट्रिय विधायिका जसलाई संसद् भनियो सोको निर्वाचनको व्यवस्था स्पष्टसँग गरिएको थियो । उक्त संविधानले धारा १८ देखि २२ सम्म संसद् र सोको गठन आदि बारे उल्लेख गरेको थियो ।[६९८] जसमा दुई सदन भएको संसद् रहने व्यवस्था भए अनुसार तल्लो सदन प्रतिनिधि सभा जनताबाट प्रत्यक्ष निर्वाचित सदस्य रहने जनप्रतिनिधिको थलो मानियो भने उपल्लो सदन जसलाई महासभा भनियो सोको गठन प्रतिनिधि सभाले निर्वाचनबाट र राजाको मनोनयनबाट आधी/आधी गरी हुने व्यवस्था थियो ।

सोही व्यवस्था अनुसार जनताको प्रत्यक्ष मतदानबाट हुने प्रतिनिधि सभाको निर्वाचन तत्कालको अवस्थामा संविधानमा छुट्टै निर्वाचन आयोगको व्यवस्था नभए तापनि निर्वाचन सम्पन्न गर्ने कार्य (दुई सदस्यीय टोली) प्रधान निर्वाचन कमिश्नर सुर्वण शम्शेर र निर्वाचन कमिश्नरका रूपमा प्रद्युम्नलाल राजभण्डारीलाई जिम्मा लगाइएको थियो । पाँच वर्षे कार्यकाल व्यवस्था गरिएको उक्त प्रतिनिधि सभाको निर्वाचन २०१५ साल फागुन ७ गतेबाट प्रारम्भ भई विभिन्न चरणमा सम्पन्न गर्ने क्रममा चैत्र २८ गते ४५ दिनमा मात्र पूरा भएको थियो जसको अन्तिम परिणामको घोषणा २०१६ साल वैशाख २८ गते भएको थियो ।

## ७.४ महासभा (माथिल्लो सदन)

महासभामा ३६ जना सदस्य रहने व्यवस्था थियो जसमध्ये १८ जना प्रतिनिधि सभाबाट र १८ जना श्री ५ बाट मनोनीत हुने व्यवस्था गरिएको थियो । महासभामा प्रतिनिधि सभाबाट गएका सदस्यको पदावधि ७ वर्ष र श्री ५ बाट मनोनीत सदस्यहरूको पदावधि ६ वर्ष तोकिएको थियो । महासभाको सदस्य हुन ३० वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था थियो ।

## ७.५ प्रतिनिधि सभा (तल्लो सदन)

तल्लो सदन प्रतिनिधि सभामा १०९ जना सदस्य रहने व्यवस्था गरिएको थियो । प्रतिनिधि सभा सदस्यमा उम्मेदवार हुन २५ वर्ष उमेर पूरा भएको हुनुपर्ने र २१ वर्ष उमेर पूरा भई मतदाता नामावलीमा नाम भएका व्यक्तिले मतदान गर्न पाउने व्यवस्था थियो ।

---

[६९८] नेपाल अधिराज्यको संविधान, २०१५ ।

### ७.६ महासभाको निर्वाचन

२०१६ आषाढ २६ गते प्रतिनिधि सभाको बैठकले महासभाको लागि १८ जना सदस्यको निर्वाचन गरेको थियो । निर्वाचित सदस्यहरूको दलगत सङ्ख्यात्मक विवरण देहाय बमोजिम रहेको थियो :

| | | |
|---|---|---|
| १, | नेपाली काँग्रेस | १३ |
| २, | नेपाली राष्ट्रवादी गोर्खा परिषद् | ३ |
| ३, | नेपाल कम्युनिष्ट पार्टी | १ |
| ४, | संयुक्त प्रजातन्त्र पार्टी नेपाल | १ |
| | **निर्वाचित भएर आउने सङ्ख्या जम्मा** | **१८** |
| ५, | श्री ५ बाट मनोनीत | १८ |
| | **कुल जम्मा** | **३६** |

### ७.७ प्रतिनिधि सभाबाट महासभामा निर्वाचित सदस्यको नामावली

| सि.नं. | नाम | राजनीतिक दल |
|---|---|---|
| १ | सूर्यप्रसाद उपाध्याय | नेपाली काँग्रेस |
| २ | डा. तुलसी गिरी | नेपाली काँग्रेस |
| ३ | सुन्दरराज चालिसे | नेपाली काँग्रेस |
| ४ | दिलिप कुमार शाही | नेपाली काँग्रेस |
| ५ | प्रेम चैतन्य | नेपाली काँग्रेस |
| ६ | बल बहादुर राई | नेपाली काँग्रेस |
| ७ | धनबहादुर चन्द | नेपाली काँग्रेस |
| ८ | डा. बृजनन्द बर्मा | नेपाली काँग्रेस |
| ९ | डोलेन्द्र बहादुर अमात्य | नेपाली काँग्रेस |
| १० | बोधप्रसाद उपाध्याय | नेपाली काँग्रेस |
| ११ | बखानसिं गुरूङ | नेपाली काँग्रेस |

| सि.नं. | नाम | राजनीतिक दल |
|---|---|---|
| १२ | डा. त्रिवेणीप्रसाद प्रधान | नेपाली काँग्रेस |
| १३ | डा. ब्रह्म शम्शेर ज.ब.रा. | नेपाली काँग्रेस |
| १४ | शुभ शम्शेर ज.ब.रा. | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १५ | दिवाकर शर्मा | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १६ | नयनबहादुर स्वाँर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १७ | पियुषराज पाण्डे | संयुक्त प्रजातन्त्र पार्टी नेपाल |
| १८ | सम्भुराम श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी |

### ७.८ श्री ५ बाट महासभामा मनोनीत सदस्यको नामावली

२०१६ आषाढ २९ गते श्री ५ बाट माथिल्लो सदन महासभामा मनोनीत सदस्यहरूको नामावली देहाय बमोजिम रहेको थियो :

| | | |
|---|---|---|
| १, | बालचन्द्र शर्मा, | उपकुलपति, नेपाल एकेडमी |
| २, | मातृकाप्रसाद कोइराला, | भू.पू.प्रधानमन्त्री |
| ३, | होराप्रसाद जोशी, | ने.का. |
| ४, | पशुपति घोष, | भू.पू. मन्त्री (ने.प्र.प.घ.को.) |
| ५, | सूर्यबहादुर थापा, | भू.पू. अध्यक्ष सल्लाहकार सभा |
| ६, | नगेन्द्रप्रसाद रिजाल, | भू.पू. उपाध्यक्ष (सल्लाहकार) ने.रा.का. |
| ७, | छिरिङ तेन्जीङ लामा, | पूर्व ३ नम्बर |
| ८, | दिप्तबहादुर श्रेष्ठ, | विराटनगर सुनसरी |
| ९, | लक्ष्मण जंगबहादुर सिंह, | बझाङ |
| १०, | डब्वरबहादुर सिंह, | भू.पू. मन्त्री (सं.प्र.पा.ने.) |
| ११, | भरतमणि शर्मा, | भू.पू. मन्त्री ने.का. |
| १२, | चन्द्रमान थकाली, | पश्चिम ३ नम्बर |
| १३, | मुक्ती नाथ, | पश्चिम ३ नम्बर |

| | | |
|---|---|---|
| १४, | गणेशप्रसाद, | पूर्व १ नम्बर |
| १५, | मणिहर्ष, | का.ई. असनटोल |
| १६, | सहश्रनाथ कपाली, | काठमाडौँ |
| १७, | कमल राणा, | बानेश्वर |
| १८, | अहमद्दिन, | का.ई. पकनाजोल |

### ७.९ प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा विजयी उम्मेदवारको नामावली

तत्कालीन व्यवस्था अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचनमा एकै उम्मेदवार एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित भएकाले त्यस्ता निर्वाचित सदस्यहरूले आफू निर्वाचित भएको मध्ये एक क्षेत्र कायम गरी अन्यबाट राजिनामा गर्दा रिक्त हुन आएको स्थानमा उपनिर्वाचन गर्नु पर्ने भयो । यसरी गरिएको उपनिर्वाचनमा विजयी उम्मेदवार देहाय बमोजिम थिए :

| सि.नं. | नाम थर | दल | निर्वाचन क्षेत्र नं. | प्राप्त मत |
|---|---|---|---|---|
| १. | मनमोहन मिश्र | नेपाल राष्ट्रवादी गोरखा परिषद् | ५२ | ६,१५० |
| २. | पुष्करनाथ पोखरेल | नेपाली काँग्रेस | ९१ | ११,२४६ |
| ३. | नवराज जोशी | नेपाली काँग्रेस | ७० | निर्विरोध |

### ७.१० प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलहरूको निर्वाचन चिह्नहरू

निर्वाचन आयोगले कमसेकम २२ निर्वाचन क्षेत्रहरूबाट निर्वाचन लड्ने राजनीतिक दलका निमित्त छुट्टै निर्वाचन चिह्न दिने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम घटीमा २२ निर्वाचन क्षेत्रबाट उम्मेदवार उठाउने भनी सूचना दिने राजनीतिक दलहरूलाई निर्वाचन चिह्न दिएको थियो । नेपाली राष्ट्रिय काँग्रेसले २२ निर्वाचन क्षेत्रबाट चुनाव लड्ने भनी चुनाव चिह्न 'छाता' पाएको थियो । तर, चुनाव लड्दा २० निर्वाचन क्षेत्रबाट मात्र उम्मेदवार खडा गरेको थियो । २०१५ सालमा प्रतिनिधि सभाको निर्वाचनमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूको लागि तोकिएका निर्वाचन चिह्नहरू देहाय बमोजिम रहेका थिए :

**क) राजनीतिक दलको निर्वाचन चिन्ह**

| क.सं. | राजनीतिक दलको नाम | निर्वाचन चिह्न |
|---|---|---|
| १. | नेपाली काँग्रेस | रुख |
| २. | नेपाल राष्ट्रिय काँग्रेस | छाता |
| ३. | नेपाल प्रजापरिषद् (आचार्य गुट) | धानको डालो |
| ४ | संयुक्त प्रजातान्त्रिक पार्टी नेपाल | धानको बाला |
| ५. | नेपाल प्रजातान्त्रिक महासभा | हात |
| ६. | नेपाल राष्ट्रवादी गोरखा परिषद् | झुपडी |
| ७. | नेपाल प्रजापरिषद् (मिश्र गुट) | हलो |
| ८. | नेपाल कम्युनिष्ट पार्टी | मकैको तीन घोगा र हँसिया |
| ९. | तराई काँग्रेस | लगौंटी लगाएको मानिसले टाउकोमा गहुँको बिटा बोकेको |

**ख) स्वतन्त्र निर्वाचन चिह्न**

| | | |
|---|---|---|
| (१) घडी | (२) चरा | (३) माछा |
| (४) औंला | (५) हात्ती | (६) तराजु |
| (७) घण्टा | (८) सारंगी | (९) धारा |
| (१०) घोडा | (११) डुङ्गा | (१२) फूल |

निर्वाचनका लागि गरिएको व्यवस्था अनुसार एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन पाउने व्यवस्था थियो । मनोनयनपत्र दाखिला गर्दा रू. २५०।– धरौट राख्नु पर्ने व्यवस्था थियो । जुम्ला जिल्लाका २ निर्वाचन क्षेत्रबाहेक १०७ निर्वाचन क्षेत्रमा २०१५ कार्तिक २४ गतेदेखि पौष १४ गतेसम्म उम्मेदवारहरूलाई मनोनयनपत्र दाखिला गर्ने म्याद दिइएको थियो । मतदान केन्द्रमा ब्यालेट बक्स राख्दा निर्वाचनमा सहभागी दल र ती दलका उम्मेदवारको चुनाव चिह्न टाँसिएको मत पेटिका राखिएको थियो जसमा पहिलो

निर्वाचन मतपत्रको रूपमा एउटा सानो कागजको कार्ड उक्त मत पेटिकाहरू मध्ये कुनै एकमा खसाल्न मतदातालाई दिइएको थियो ।[६९९]

## ७.११ निर्वाचनमा दलहरूको प्रचार-प्रसार व्यवस्था

प्रजातान्त्रिक निर्वाचनमा आम संचार माध्यमले जनमत निर्माण/प्रभावित पार्न निकै महत्त्वपूर्ण स्थान राख्दछ । त्यसताका मतदाता शिक्षा सम्बन्धी कार्यक्रम छुट्टै रूपमा सञ्चालन नभए पनि उपलब्ध संचार माध्यमको एउटा सशक्त पक्ष समाचार पत्रहरूले निर्वाचन सुरु हुनुभन्दा तीन चार महिना अगाडिदेखि चुनाव प्रचार-प्रसार गरेको देखिन्छ । सरकारी पक्षबाट रेडियो नेपालद्वारा चुनाव वार्ता, गायकहरूद्वारा तराई, पहाडका गाउँ, बस्ती तथा बजारहरूमा आम मतदाताहरूलाई आफ्नो मताधिकार प्रयोग गर्न अनुरोध गरे जस्तै राजनीतिक दलहरूको तर्फबाट उठ्ने उम्मेदवारहरूले पनि आ-आफ्नो चुनाव चिह्नको बारेमा लोकलयमा आधारित गीत तयार गरी आ-आफ्नो निर्वाचन प्रचार-प्रसार गरेका थिए । यस्तो गीतहरू शहर, गाउँ, बस्ती, टोलहरूमा गाउन लगाई प्रचार-प्रसार गरेको देखिन्छ । उक्त निर्वाचनमा चुनाव प्रचार-प्रसारका लागि खर्चको अधिकतम सीमा रु. ५,०००।- तोकिएको थियो ।[७००]

## ७.१२ मतदाता नामावली सम्बन्धी व्यवस्था

यस सम्बन्धमा वि.सं. २००८ सालमा प्रकाशित (लालमोहर सदर नभएको) जनप्रतिनिधित्व ऐन  बमोजिम भन्दै त्यसको आधारमा निर्वाचन कमिशनले '२००८ साल कार्तिक १ गते २१ वर्ष वा सोभन्दा बढी उमेर भएका र २००७ साल मार्ग मसान्तभित्र नेपाल राज्यभित्र कमसेकम ६० दिन बसेका नेपालका नागरिक (रैती) स्त्री, पुरुषहरूको नाम मतदाता नामावलीमा दर्ता गरिने छ' भन्ने इस्तिहार जारी गऱ्यो । त्यही आधारमा २००८ सालदेखि नै मतदाता सूची तयार गर्ने कार्य प्रारम्भ भएको थियो । राजा त्रिभुवनबाट निर्वाचन प्रयोजनका लागि २००८ साल कार्तिक २६ गते प्रधानमन्त्री मोहन शमशेरकै पालामा सुवर्ण शमशेरलाई प्रधान निर्वाचन कमिश्नरको पदमा नियुक्त गरिबक्सेको थियो । उनीसँगै प्रद्युम्नलाल राजभण्डारी पनि निर्वाचन कमिश्नर पदमा नियुक्त भएका थिए ।

वि.सं. २०१३ सालसम्म निर्वाचन कमिशनले गरेको कार्य अबैधानिक भन्ने दलिल नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको तर्फबाट सर्वोच्च अदालतमा सरकारी वकिलले मुद्दा पेश गरे । २०१३ सालमा अवैध भनिएको निर्वाचन कमिशनले गरेको यावत कार्यलाई जनप्रतिनिधित्व ऐन, २०१५ अन्तर्गत भएको मान्नु पर्दछ भन्ने फैसला

---

[६९९] जगत नेपाल, **पहिलो संसद् विपि महेन्द्र टकराव**, साग्रीला पुस्तक प्रा.लि., काठमाडौं, २०७२, पृ. ३९ ।

[७००] ऐ.ऐ., पृ.४६।

भयो । फलस्वरूप सङ्कलित नाम (भोटरलिष्ट) २०१५ जेठ २१ गतेदेखि जनसमक्ष आयो । सो भोटरलिष्टमा दावी विरोध गर्ने समय ४५ दिन दिइएको थियो ।

### ७.१३ प्रथम निर्वाचित मन्त्रिमण्डलको गठन

प्रतिनिधि सभाको १०९ निर्वाचन क्षेत्रमा २०१५ सालमा भएको उक्त संसदीय निर्वाचनमा नेपाली काँग्रेस पार्टीले १०९ सीट अर्थात् प्रतिनिधि सभाको २/३ (७४ सीट) स्थानमा विजयी भई बहुमत प्राप्त गरेर सो परिणाम अनुसार नेपाली काँग्रेसले १९ सदस्यीय प्रथम निर्वाचित मन्त्रिमण्डल गठन गरेर निम्न बमोजिम कार्य विभाजन समेत गरेको थियो ।

**क) प्रधानमन्त्री तथा मन्त्रीहरू**

| | |
|---|---|
| १. प्रधानमन्त्री, विश्वेश्वरप्रसाद कोइराला | रक्षा र परराष्ट्र |
| २. उपप्रधानमन्त्री, सुवर्ण सम्शेर | अर्थ, आय कर र योजना विकास |
| ३. मन्त्री, गणेशमान सिंह | निर्माण, सञ्चार तथा नहर, मालपोत (भूमिसुधार) |
| ४. मन्त्री, सूर्यप्रसाद उपाध्याय | गृह तथा कानुन एवं संसदीय प्रबन्ध |
| ५. मन्त्री, राम नारायण मिश्र | उद्योग, वाणिज्य |
| ६.मन्त्री, काशीनाथ गौतम | स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन |
| ७. मन्त्री, परशुनारायण चौधरी | शिक्षा |
| ८. मन्त्री, शिवराज पन्त | खाद्य, कृषि तथा वन |

**ख) उप–मन्त्रीहरू**

| | | |
|---|---|---|
| १. | तुलसी गिरी | परराष्ट्र |
| २. | भिमबहादुर गुरुङ | रक्षा |
| ३. | शिवप्रताप शाह | अर्थ |
| ४. | योगेन्द्रमान शेरचन | सञ्चार |
| ५. | ललित चन्द | निर्माण तथा नहर |
| ६. | जमानसिंह गुरुङ | मालपोत (भूमिसुधार) |
| ७. | प्रेमराज आङदम्बे | गृह |
| ८. | सूर्यनाथ दास यादव | कानुन तथा संसदीय प्रबन्ध |
| ९. | नेबबहादुर मल्ल | शिक्षा |

| | | |
|---|---|---|
| १०. | द्वारिकादेवी ठकुरानी[७०१] | स्वास्थ्य तथा स्वायत्त शासन |
| ११. | दिवान सिंह राई | खाद्य, कृषि तथा वन |

त्यस निर्वाचनमा क्षेत्र नं. १०४ बाट नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार भई २,८०८ मत प्राप्त गर्नु भएका कृष्णप्रसाद भट्टराई नेपाल राष्ट्रवादी गोरखा परिषद्का तर्फबाट उम्मेदवार भएका विश्वनाथ सुवेदीसँग पराजित हुनु भएको भए तापनि प्रतिनिधि सभाका सभामुख नियुक्त हुनु भएको थियो ।

त्यस आम निर्वाचनमा कुल मतदाता ४२,४६,४६८ थिए । एक निर्वाचन क्षेत्रमा बढीमा ५४ र घटीमा ११ वटा मतदान केन्द्र तोकिएको थियो । आम निर्वाचन २०१५ फागुन ७ गतेदेखि सुरु भई अन्तिम परिणाम २०१६ वैशाख २८ गते प्रकाशित भएको थियो । मतगणनाको परिणाम सर्वप्रथम क्षेत्र नं. ९२ (गुल्मी मध्यपूर्व) र अन्तिम क्षेत्र नं. ८७ (बाग्लुङ उत्तर क्षेत्र) को घोषणा भएको थियो । सबैभन्दा बढी मतदाता क्षेत्र नं. ७४ (जुम्ला दक्षिण ५६,९३२) र सबैभन्दा कम मतदाता क्षेत्र नं. ६७ (बैतडी पूर्व दक्षिण २३,४६७) थिए । सबैभन्दा बढी मत खसेको क्षेत्र नं. १ मा २७,३९४ र सबैभन्दा कम मत खसेको क्षेत्र नं. ७६ मा ६,०८७ थियो । यस संसदीय निर्वाचनमा एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन पाउने व्यवस्था  थियो ।

नेपालमा प्रजातन्त्रको अभ्युदयपछि २०१५ सालमा भएको प्रथम आम निर्वाचनमा ४२.१८५ प्रतिशत मतदाताहरूले मतदान गरेका थिए । कम प्रतिशतमा मतदान भए तापनि त्यस निर्वाचनको वैधतामा कुनै शङ्का गरिएको थिएन । निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामाथि पनि कुनै शङ्का उठेको थिएन । डा. के.आई. सिंहले प्राविधिक त्रुटि देखाई दायर गरेको रिट अदालतबाट खारेज भएपछि निर्वाचनको वैधता झन् सुनिश्चित भएको थियो ।[७०२]

## ७.१४ नेपाल अधिराज्यको संविधान, २०१५ को खारेजी

नेपाल अधिराज्यको संविधान, २०१५ ले देशमा बहुदलीय व्यवस्था र सवैधानिक राजतन्त्रको स्थापना गरेको थियो । २०१५ को संविधान घोषणा भएपछि देशमा प्रारम्भ भएको संसदीय प्रजातन्त्र अनुसार सम्पन्न भएको बहुदलीय निर्वाचनको जुन परिणाम आयो त्यो तत्कालीन राजनीतिक शक्तिहरू, दरबार तथा निर्वाचनमा सफल हुन नसकेका अन्य राजनीतिक दलहरूको लागि त्यो अप्रत्याशित मात्र नभई स्वीकार योग्य पनि थिएन । राजनीतिक व्यक्तिहरूबाट देखाइएको सुझबुझको कमी र सबै जसो राजनीतिक पक्षबाट व्यक्तिगत

---

७०१ द्वारिकादेवी ठकुरानी प्रतिनिधि सभा सदस्य निर्वाचन २०१५ मा एक मात्र महिला उम्मेदवार बनी निर्वाचन क्षेत्र नं. ६६ डडेलधुराबाट निर्वाचित भएकी हुन् । उनी नेपालकी प्रथम महिला मन्त्री  समेत हुन् ।

७०२ आम निर्वाचन २०५६, **पर्यवेक्षण प्रतिवेदन**, आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल General Election Observation Co M Mittee / NEPA:), नेपाल कानुन समाज, अनामनगर, काठमाडौं ।

स्वार्थमा बढी केन्द्रित भई देशकाल परिस्थितिको सही मूल्याङ्कन नगरी समयसापेक्ष राजनीतिक गतिविधि सञ्चालन गर्न नसक्नु, व्यक्तिगत स्वार्थ, अनुभवको कमी, विपक्षमा रहेका दलका नेता कार्यकर्ताहरूद्वारा विवेकपूर्ण सन्तुलित व्यवहार गर्न नसक्नु जस्ता कमजोरी प्रशस्तै देखियो ।

फलतः तत्कालीन अवस्थाको देशको राजनीतिमा अंतरङ्ग रूपमा नै किन नहोस् शासनमा शक्तिको होडबाजी हुनुको साथै दलहरू बिच ईर्ष्या र द्वेषको कारण राजनीतिक सह-अस्तित्व र सहिष्णुताको अभावको वातावरण कायम हुन गयो ।[७०३] साथै राजा महेन्द्रको प्रत्यक्ष शासन गर्ने उच्च शाही महोत्वाकाङ्क्षा पूर्तिको लागि सो संसदीय निर्वाचनको परिणाम बाधक ठानिएकाले अनेक आरोप र बहानामा वि.सं. २०१७ साल पौष १ गतेका दिन आफैँबाट घोषित संविधानको धारा ५५ प्रयोग गरी देशमा सङ्कटकालको घोषणा गर्नुका साथै सरकार र संसद्को विघटन तथा दलीय संसदीय व्यवस्था नै खारेज गर्ने कार्य भयो ।[७०४]

यसरी प्रजातान्त्रिक शासनको उदार परिपाटीलाई खारेज गरेर राजनीतिक दलहरू माथि बन्देज लगाएको केही समय लगत्तै दलविहीन पञ्चायती व्यवस्था प्रारम्भ गरियो जस अनुसार देशको शासकीय कार्यमा राजाको प्रत्यक्ष संलग्नताका लागि सक्रिय नेतृत्वको प्रचलन नै प्रारम्भ भयो । यस व्यवस्था अनुसार अङ्गीकार गरिएको २०१९ को संविधानले सामान्यतया स्थानीय स्तरको समस्या सम्बोधन र सामाजिक गतिविधि सञ्चालनका लागि समाजमा प्रचलनमा रहेको पञ्चायती (सरसल्लाहबाट निर्णय लिने गाउँ घरको परिपाटी जसमा ठुला ठालुको वर्चस्व रहन्छ) प्रक्रियालाई राजनीतिक व्यवस्थाको रूप दिई नियन्त्रित निर्वाचनको लागि अप्रत्यक्ष निर्वाचनको प्रक्रिया अवलम्बन गर्ने व्यवस्था गरियो । यस अनुसार स्थानीय गाउँ घर एकाइमा प्रत्यक्ष निर्वाचनको व्यवस्था भए तापनि त्यसभन्दा माथिल्लो तह जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा समेत जनप्रतिनिधिको निर्वाचन अप्रत्यक्ष निर्वाचन पद्धतिबाट प्रारम्भ भयो ।

हुन त प्रतिनिधित्वको व्यवस्थामा पढेलेखेका प्रतिनिधि (स्नातक गरेका) छनोट गर्नका लागि विधिवत व्यवस्था गरिएको थियो । साथै प्रारम्भ गरिएको राजनीतिक व्यवस्थाप्रति निष्ठावानहरूले मात्र प्रतिनिधित्व गर्न सकुन् भन्ने कुरामा विशेष ध्यान पुऱ्याउने उद्देश्यका साथ समय समयमा संविधान संशोधन गरी निर्वाचनको लागि वर्गीय संगठनको सहमतिमा मात्र उम्मेदवारी दिन पाउने कानुनी व्यवस्था समेत गरियो । यस व्यवस्था अन्तर्गत भएको

---

७०३ B.C. Upreti, Op.Ct., Pp. 21 & 14.

७०४ Willia M Reaper and Martin Hoftun, **Spring Awakening : An Account of the 1990 Revolution in Nepal** :Penguin Books India (P.) Ltd. New Delhi, 1992,p. 3.

निर्वाचनपश्चात्को अवस्थामा सरकार निर्माण र प्रधानमन्त्रीको नियुक्ति श्री ५ (राजा) को स्वविवेकमा गरिने व्यवस्था गरिएको थियो ।

### ७.१५ नेपालको संविधान, २०१९

२०१७ साल पौष २२ गते नेपाल अधिराज्यको संविधान २०१५ ले स्थापना गरेको बहुदलीय व्यवस्था अन्त्य भएपछि २०१९ साल वैशाख २६ गते ऋषिकेश शाहको अध्यक्षतामा संविधान मसौदा आयोगको गठन भयो । सो आयोगमा देहाय बमोजिमका सदस्यहरू रहेका थिए :

| | | |
|---|---|---|
| १, | ऋषिकेश शाह | अध्यक्ष |
| २, | शम्भुप्रसाद ज्ञवाली | सदस्य |
| ३, | प्रकाशबहादुर खत्री क्षेत्री | सदस्य |
| ४, | अंगुरबाबा जोशी | सदस्य |
| ५, | डम्बरनारायण यादव | सदस्य |
| ६, | कुलशेखर शर्मा | सदस्य |

ऋषिकेश शाहको अध्यक्षतामा बनेको संविधान मसौदा आयोगले तयार पारेको नेपालको संविधान, २०१९ मिति २०१९ पौष १ गतेबाट लागू भएको थियो । यस संविधानमा २० भाग ९७ धारा ६ अनुसूची रहेका थिए ।

### ७.१६ राष्ट्रिय पञ्चायतको गठन

नेपालको संविधान, २०१९ प्रारम्भ भई राष्ट्रिय पञ्चायतको निर्वाचन भएपछि वि.सं. २०२० साल वैशाख १ गते सिंहदरबार ग्यालरी हल काठमाडौंमा राष्ट्रिय पञ्चायतको पहिलो बैठक बसेको थियो । जुन क्रम २०४६ सम्म कायम थियो ।

नेपालको संविधान, २०१९ को परिच्छेद २ को धारा ३४ मा पञ्चायती व्यवस्थामा व्यवस्थापिकाको सबभन्दा माथिल्लो तह राष्ट्रिय पञ्चायत हुने र सोको गठन सम्बन्धी व्यवस्थामा देशभरिका चौधै अञ्चलबाट प्रतिनिधिहरू निर्वाचित हुने गरी तोकिएको थियो ।

प्रत्येक अञ्चल सभाले अञ्चल सभाका सदस्यहरू मध्येबाट माथि उल्लिखित सङ्ख्यामा राष्ट्रिय पञ्चायतको लागि सदस्यहरू निर्वाचन गर्ने व्यवस्था थियो । अञ्चल सभाले राष्ट्रिय पञ्चायतका लागि सदस्यहरू निर्वाचन गर्दा सो अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था थियो । राष्ट्रिय पञ्चायतको सदस्यहरूको निर्वाचनका लागि निर्वाचन प्रक्रिया कानुनले तोके बमोजिम हुने व्यवस्था थियो ।

नयाँ संविधानले व्यवस्था गरे अनुरूप अञ्चल सभामा प्रत्येक अञ्चलमा सो अञ्चलभित्रका जिल्ला पञ्चायतका सम्पूर्ण सदस्य समेत भएको एउटा अञ्चल सभा रहने व्यवस्था थियो । अञ्चल सभाबाट राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन गर्ने कामका लागि वि.सं. २०१९ साल फागुन १३ गते प्रत्येक अञ्चल सभाको निमित्त सम्बन्धित अञ्चलका अञ्चलाधीशलाई निर्वाचन अफिसरमा नियुक्ति गरिएको थियो । तर सगरमाथा अञ्चलको अञ्चल सभाबाट हुने निर्वाचित राष्ट्रिय पञ्चायत सदस्यको हकमा सप्तरी गोश्वाराका वडा हाकिमलाई निर्वाचन अफिसरमा नियुक्ति गरिएको थियो । सो कुरा तत्कालीन पञ्चायत मन्त्रालयले नेपाल गजेटमा प्रकाशित गरेको सूचनामा उल्लेख भएको थियो ।

अञ्चल सभाद्वारा देहाय बमोजिमको संख्यामा सदस्यहरू निर्वाचित भएका थिए ।

| | |
|---|---|
| ● मेची अञ्चल सभाबाट | ४ जना |
| ● कोशी अञ्चल सभाबाट | ५ जना |
| ● सगरमाथा अञ्चल सभाबाट | १० जना |
| ● जनकपुर अञ्चल सभाबाट | ९ जना |
| ● बाग्मती अञ्चल सभाबाट | ११ जना |
| ● नारायणी अञ्चल सभाबाट | ६ जना |
| ● गण्डकी अञ्चल सभाबाट | ९ जना |
| ● धवलागिरी अञ्चल सभाबाट | ४ जना |
| ● लुम्बिनी अञ्चल सभाबाट | ८ जना |
| ● कर्णाली अञ्चल सभाबाट | ४ जना |
| ● राप्ती अञ्चल सभाबाट | ६ जना |
| ● भेरी अञ्चल सभाबाट | ५ जना |
| ● सेती अञ्चल सभाबाट | ५ जना |
| ● महाकाली अञ्चल सभाबाट | ४ जना |
| **जम्मा** | **९० जना** |

### ७.१७ राष्ट्रिय पञ्चायत सदस्यको लागि योग्यता

राष्ट्रिय पञ्चायत सदस्य हुनको लागि देहायको योग्यता हुनुपर्ने व्यवस्था थियो :

(१) नेपाली नागरिक,

(२) २५ वर्ष उमेर पूरा भएको,

(३) मन्त्री वा सहायक मन्त्रीबाहेक श्री ५ को सरकारको अन्य कर्मचारी नभएको, र

(४) कुनै ऐनले अयोग्य नठानेको ।

२०१९ को संविधान अनुसार अञ्चल सभाबाट राष्ट्रिय पञ्चायतमा निर्वाचित सदस्यको पदावधि ६ वर्ष तोकिएको थियो । तर प्रारम्भमा एक पटकका लागि निर्वाचित सदस्यमध्ये पहिलो एक तिहाइ सदस्यको-२, दोस्रो एक तिहाइ सदस्यको-४ र बाँकी एक तिहाइ सदस्यको पदावधि-६ वर्षको हुने व्यवस्था गरिएको थियो । त्यस्ता सदस्यहरू मध्ये कस कसको पदावधि २ वर्षको र ४ वर्षको हुने भन्ने कुराको निर्धारण राष्ट्रिय पञ्चायतका अध्यक्षद्वारा तोकिए बमोजिम गोला हाली गरिने व्यवस्थाले निर्धारण गर्दथ्यो । यसका साथै वर्गीय र व्यावसायिक संगठनहरूद्वारा निर्वाचित हुने संवैधानिक प्रावधान अनुसार देहाय बमोजिमका सङ्ख्याका सदस्यहरू राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने व्यवस्था रहेको थियो :

| | | |
|---|---|---|
| १, | नेपाल किसान संगठनबाट | ४ जना |
| २, | नेपाल युवक संगठनबाट | ४ जना |
| ३, | नेपाल महिला संगठनबाट | ३ जना |
| ४, | नेपाल मजदुर संगठनबाट | २ जना |
| ५, | नेपाल भूतपूर्व सैनिक संगठनबाट | २ जना |
| | जम्मा | १५ जना |

**७.१७.१ मतदाता**

माथि उल्लेख भएका विभिन्न वर्गीय संगठनबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने सदस्य निर्वाचनमा मतदान गर्नको लागि सम्बन्धित संगठनको विधान बमोजिमको केन्द्रीय परिषद्को सदस्य हुनुपर्ने र यसरी निर्वाचित सदस्यको पदावधि ४ वर्षको हुने व्यवस्था थियो । वर्गीय र व्यावसायिक सङ्गठनबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने सदस्यहरूको निर्वाचनका लागि प्रत्येक सङ्गठनको निमित्त २०१९ फागुन २० गते तत्कालीन राष्ट्रिय निर्देशन मन्त्रालय, निर्देशन विभागका डाइरेक्टरलाई निर्वाचन अफिसरमा नियुक्ति गरिएको थियो । सो कुरा राष्ट्रिय निर्देशन मन्त्रालयले २०१९ फागुन २० गते प्रकाशित गरेको नेपाल गजेटको सूचनामा उल्लेख भएको देखिन्छ । स्नातक गरेका व्यक्तिहरूबाट पनि राष्ट्रिय

पञ्चायतमा प्रतिनिधित्व गर्ने व्यवस्था रहेको थियो । स्नातकहरू मध्येबाट निर्वाचित सदस्यहरू ४ जना रहने व्यवस्था थियो ।

श्री ५ को सरकारले निर्वाचन हुनुभन्दा कमसेकम एक महिना अगाडि एउटा निर्वाचन अफिसर नियुक्ति गर्ने व्यवस्था थियो । निर्वाचन अफिसरले स्नातकहरूको एउटा सूची तयार गर्नुपर्ने व्यवस्था गरिएको थियो । स्नातकहरूको सूचीमा नाम दर्ता गराउन चाहने कुनै पनि स्नातक गरेका व्यक्तिले निज समक्ष दरखास्त दिई आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था कानुनतः तोकिएको थियो । स्नातक भएको तर मतदाताको सूचीमा नाम नपरेको व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो । स्नातकबाट निर्वाचित सदस्यको पदावधि ४ वर्षको थियो ।

स्नातकहरू मध्येबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने सदस्यहरूको निर्वाचन सञ्चालन गर्नको लागि पञ्चायत मन्त्रालय, पञ्चायत सङ्गठन विभागका डाइरेक्टरलाई निर्वाचन अफिसरमा नियुक्ति गरेको थियो । सो कुरा उक्त मन्त्रालयको २०१९ साल माघ २५ गते नेपाल गजेटमा प्रकाशित सूचनामा उल्लेख भएको पाइन्छ ।

सो निर्वाचनका लागि प्रशासकीय जिल्लाको सदरमुकामहरूमा मतदान केन्द्र रहने र काठमाडौँ उपत्यकाको हकमा मात्र काठमाडौँ मेजिष्ट्रेट अफिसमा मतदान केन्द्र रहने व्यवस्था गरिएको थियो । निर्वाचित सम्पूर्ण सदस्य सङ्ख्याको सयकडा पन्ध्र प्रतिशत श्री ५ बाट मनोनीत सदस्य रहने व्यवस्था थियो ।

श्री ५ बाट मनोनीत गरिने सयकडा १५ प्रतिशत सदस्यहरू कुन कुन क्षेत्रबाट मनोनीत गरिने भन्ने कुरा उल्लेख भएको देखिँदैन । यसबाट यो मनोनीत गरिने व्यवस्था श्री ५ को स्वविकेकमा रहेको भन्ने अनुमान सहजै गर्न सकिन्छ ।

### ७.१८ नेपालमा निर्वाचन आयोगको संवैधानिक व्यवस्था

नेपालको संविधान २०१९ लागू हुने अवस्थासम्म नेपालमा छुट्टै निर्वाचन आयोगको संवैधानिक रूपमा व्यवस्था भएको थिएन । देशमा निर्वाचन सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने कार्यहरूको जिम्मा सरकारले पञ्चायत मन्त्रालयको माध्यमबाट गर्ने व्यवस्था गरेको थियो र यसै मन्त्रालयको मातहतमा निर्वाचन कार्य सम्पन्न गरिने गरिन्थ्यो । यस संविधान अनुसार पञ्चायत व्यवस्थाको प्रारम्भिक अवस्थामा मूलुकको व्यवस्थापिका जसलाई राष्ट्रिय पञ्चायत भनिन्थ्यो त्यसको निर्वाचन वर्गीय संगठनहरूबाट प्रतिनिधित्व गराउने व्यवस्था गरिएको थियो जसको निर्वाचन कार्यको सञ्चालन राष्ट्रिय निर्देशन मन्त्रालयले गर्ने व्यवस्था गरिएको थियो ।

यसरी प्रत्यक्षतः सरकारको मातहतमा रहेको निकायको संलग्नतामा सञ्चालन र नियन्त्रण हुने व्यवस्था भएकोले निर्वाचनको निष्पक्षता र स्वतन्त्रतामा प्रश्न उठ्न सक्ने प्रशस्त सम्भावना थियो । साथै तत्कालीन अवस्थामा विभिन्न सरकारी निकायको मातहतमा सञ्चालन हुने निर्वाचनमा एकरूपताको अभाव मात्रै नभई त्यसको निष्पक्षता र पारदर्शितामा  समेत प्रश्न उठ्ने गरेको पनि देखिएको थियो । त्यसै हुनाले एउटा छुट्टै स्वतन्त्र निकायबाट निर्वाचन सञ्चालन रेखदेख, नियन्त्रण र निर्देशन हुनु पर्ने आवश्यकता बोध भयो । यसै बिच २०१९ को संविधानमा २०२३ साल माघ १४ गते प्रथम संशोधन गरियो । सो संशोधन अनुसार संविधानको भाग १३ (क) र धारा ७८ (क) पछि आएर थप गरी नेपालमा एक स्वतन्त्र संवैधानिक निकायको रूपमा निर्वाचन आयोगको व्यवस्था गरियो जसमा निर्वाचन आयोगको गठन, सदस्य सङ्ख्या र तिनीहरूको काम, कर्तव्य र कार्यावधी बारे उल्लेख गरियो ।

२०३१ साल पौष १ गते राजा वीरेन्द्रबाट घोषणा भए अनुसार गठित संविधान संशोधन सुझाव आयोगको सिफारिशमा २०३२ साल मंसिर २६ गतेको शाही घोषणाबाट २०१९ को संविधानमा दोस्रो संशोधन भयो जस अनुसार मूलुकको ७५ जिल्लाबाट ११२ सदस्य निर्वाचनबाट र बाँकी २३ जना २० प्रतिशत सदस्य राजाबाट मनोनीत हुने व्यवस्था गरियो । पछि २०३६ सालमा 'के हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ?' 'अथवा त्यसको बदलामा बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ?' भनी दुईमध्ये कुन व्यवस्था (शासन प्रणाली) रोज्ने भनी गरिएको जनमत सङ्ग्रहको सञ्चालन राष्ट्रिय चुनाव आयोगले गर्‍यो । त्यसवेला निर्वाचन आयोगलाई जनमत सङ्ग्रहको काम दिइएन ।

२०३७ साल जेठ १ गते चुनाव आयोगले जनमत सङ्ग्रहको परिणाम घोषणा गरेलगतै पञ्चायती व्यवस्थामा गरिने भनिएको सामयिक सुधारको प्रतिवद्धता अनुसार श्री ५ बाट २०१९ को संविधानमा तेस्रो संशोधनका लागि संविधान सुधार सुझाव आयोग गठन भएकोमा त्यसैको सुझाव अनुसार राष्ट्रिय पञ्चायत (व्यवस्थापिका) को निर्वाचन पहिले जस्तो अप्रत्यक्ष नगरी प्रत्यक्ष गर्ने र बालिग मताधिकारबाट निर्वाचन हुने व्यवस्था गरियो ।

### ७.१८.१ निर्वाचन आयोगको गठन

नेपालको संविधान, २०१९ को धारा ७८ (क) मा निर्वाचन आयोगको गठन प्रक्रिया देहाय बमोजिम हुने व्यवस्था थियो-

(१) नेपालको एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारित गरिबक्सेजति सङ्ख्यामा अन्य निर्वाचन आयुक्त रहनेछन् ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति श्री ५ बाट चाहिबक्सेमा राज सभासँग परामर्श गरी गरिबक्सने छ ।

(३) निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछन् ।

(४) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो अवधि पूरा नभएसम्म बहाल रहनेछन् । तर,

(क) श्री ५ को समक्ष पेश गरेको लिखित राजीनामा मौसुफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन्, वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा समान तरिकाले निजलाई सो पदबाट हटाउन सकिनेछ ।

(५) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि ६ वर्षको हुनेछ र निजहरूको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैन ।

## ७.१८.२ निर्वाचन आयोगको काम र अधिकार

नेपालको संविधान, २०१९ को धारा ७८ (ख) बमोजिम निर्वाचन आयोगको काम र अधिकार देहाय बमोजिम लेखिएको थियो–

(१) नेपालको संविधान, २०१९ र प्रचलित अन्य कानुन बमोजिम विभिन्न तहका पञ्चायतको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।

(२) निर्वाचन गर्दा गराउँदा कुनै तल्लो तहको पञ्चायतको कुनै पदमा निर्वाचन नहुँदै कुनै माथिल्लो तहको पञ्चायतको निर्वाचन भएको कारणले मात्र सो निर्वाचन बदर हुने छैन ।

(३) निर्वाचन विशेष अदालतको गठन र त्यसका सदस्यहरूको नियुक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गरिनेछ ।

(४) निर्वाचन आयोगले नेपालको संविधान, २०१९ को धारा ७८ (ख) बमोजिमको आफ्नो अधिकार तथा कर्तव्य प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा श्री ५ को सरकारका कर्मचारीलाई तोकेका शर्तका अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(५) नेपालको संविधान, २०१९ मा लेखिएबाहेक निर्वाचन आयोगको अरू अधिकार, कर्तव्य तथा कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

### ७.१९ निर्वाचन प्रक्रिया र पदावधि

राष्ट्रिय पञ्चायत लगायत पञ्चायतका सबै तहका सदस्यहरूको निर्वाचनको निमित्त नेपालका सम्पूर्ण अञ्चलहरूलाई चार समूहमा विभाजन गरिएको थियो । प्रत्येक वर्ष एक समूहमा निर्वाचन हुने गर्दथ्यो । कुन अञ्चललाई कुन समूहमा समावेश गर्ने भन्ने कुरा र समूहहरूको निर्वाचनक्रम निर्वाचन आयोगले निर्धारण गर्ने व्यवस्था गरियो । त्यसरी निर्धारण गरेको सूचना निर्वाचन आयोगले निर्वाचन समय प्रारम्भ हुनु अगावै नेपाल राजपत्रमा प्रकाशित गर्नेछ भनी उल्लेख भएको थियो ।

राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि चार वर्षको रहने व्यवस्था गरिएको थियो । निर्वाचित सदस्यहरूको पदावधि गणना गर्दा सम्बन्धित समूहमा अर्को पटक निर्वाचन हुने सालको पौष मसान्तमा समाप्त भएको मानिने व्यवस्था थियो । कुनै कारणबश निर्धारित समयमा कुनै समूहको कुनै निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचन भए सरह सम्झी गणना गरिने व्यवस्था गरिएको थियो ।

### ७.१९.१ मतदाता

राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनका लागि जम्मा १३५ को सदस्य सङ्ख्या तोकिएको थियो । जसमध्ये ७५ जिल्लाबाट ११२ प्रतिनिधि निर्वाचित हुने र श्री ५ बाट २० प्रतिशतका दरले २३ सदस्यहरू मनोनीत हुने व्यवस्था थियो । उक्त ११२ सदस्यहरूको निर्वाचनको हकमा देहाय बमोजिमका व्यक्तिहरू मतदाता हुनेछन् भनी उल्लेख गरिएको थियो :

- सम्बन्धित अञ्चल सभाका सदस्यहरू (अञ्चलभित्रका जिल्ला पञ्चायतका सम्पूर्ण सदस्य) ।
- जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने हो सो जिल्लाको जिल्ला सभाका सदस्यहरू ।

- जिल्लाभित्रका गाउँ र नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र पदेन सदस्यहरू,
- नगर पञ्चायतका प्रधानपञ्च/उपप्रधानपञ्च र सदस्यहरूले आफूमध्येबाट जम्मा वडा सङ्ख्याको एक तिहाइ सङ्ख्यामा निर्वाचन गरेका सदस्यहरू,
- जिल्ला पञ्चायतका सदस्यहरू पदेन सदस्य ।

जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने हो सो जिल्लाको जिल्ला पञ्चायत सभापति, उपसभापति तथा सदस्य भएको व्यक्ति राष्ट्रिय पञ्चायतको निर्वाचनमा उम्मेदवार हुन पाउने व्यवस्था थियो । मतदाताले मतदान गर्दा मतपत्रमा रेजा (✓) चिह्नको प्रयोग गर्नु पर्दथ्यो । निर्वाचन परिणामको घोषणा निर्वाचन अधिकृतले गर्ने र त्यसको सूचना निर्वाचन आयोगमा पठाउनु पर्ने व्यवस्था थियो ।

### ७.१९.२ राष्ट्रिय पञ्चायतमा प्रत्येक जिल्लाबाट प्रतिनिधित्व गर्ने सदस्य सङ्ख्याको विवरण

नेपालको संविधान, २०१९ को दोस्रो संशोधनबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने निर्वाचित सदस्य सङ्ख्याको विवरण देहाय बमोजिम रहेको थियो :

| | | |
|---|---|---|
| **१.** | **मेची अञ्चल** | |
| (क) | ताप्लेजुङ | १ |
| (ख) | पाँचथर | १ |
| (ग) | इलाम | २ |
| (घ) | झापा | २ |
| | **जम्मा** | **६** |

| | | |
|---|---|---|
| **२.** | **कोशी अञ्चल** | |
| (क) | संखुवासभा | १ |
| (ख) | तेह्रथुम | १ |
| (ग) | धनकुटा | १ |
| (घ) | भोजपुर | २ |
| (ङ) | मोरङ | २ |
| (च) | सुनसरी | २ |
| | **जम्मा** | **९** |

| | | |
|---|---|---|
| ३. | **सगरमाथा अञ्चल** | |
| (क) | सोलुखुम्बु | १ |
| (ख) | ओखलढुङ्गा | १ |
| (ग) | खोटाङ | २ |
| (घ) | उदयपुर | १ |
| (ङ) | सप्तरी | २ |
| (च) | सिरहा | २ |
| | **जम्मा** | **९** |

| | | |
|---|---|---|
| ४. | **जनकपुर अञ्चल** | |
| (क) | दोलखा | १ |
| (ख) | रामेछाप | २ |
| (ग) | सिन्धुली | १ |
| (घ) | महोत्तरी | २ |
| (ङ) | सर्लाही | २ |
| (च) | धनुषा | २ |
| | **जम्मा** | **१०** |

| | | |
|---|---|---|
| ५. | **बाग्मती अञ्चल** | |
| (क) | रसुवा | १ |
| (ख) | धादिङ | २ |
| (ग) | नुवाकोट | २ |
| (घ) | सिन्धुपाल्चोक | २ |
| (ङ) | काभ्रेपलाञ्चोक | २ |
| (च) | काठमाडौं | २ |
| (छ) | ललितपुर | १ |
| (ज) | भक्तपुर | १ |
| | **जम्मा** | **१३** |

| | | |
|---|---|---|
| ६. | **नारायणी अञ्चल** | |
| (क) | बारा | २ |
| (ख) | पर्सा | २ |
| (ग) | रौतहट | २ |
| (घ) | मकवानपुर | २ |

| | | |
|---|---|---|
| (ङ) | चितवन | २ |
| | **जम्मा** | **१०** |

| | | |
|---|---|---|
| **७.** | **गण्डकी अञ्चल** | |
| (क) | गोरखा | २ |
| (ख) | तनहुँ | २ |
| (ग) | मनाङ | १ |
| (घ) | लमजुङ | १ |
| (ङ) | कास्की | २ |
| (च) | स्याङ्जा | २ |
| | **जम्मा** | **१०** |

| | | |
|---|---|---|
| **८.** | **धवलागिरी अञ्चल** | |
| (क) | पर्वत | १ |
| (ख) | बाग्लुङ | २ |
| (ग) | म्याग्दी | १ |
| (घ) | मुस्ताङ | १ |
| | **जम्मा** | **५** |

| | | |
|---|---|---|
| **९.** | **लुम्बिनी अञ्चल** | |
| (क) | गुल्मी | २ |
| (ख) | अर्घाखाँची | १ |
| (ग) | पाल्पा | २ |
| (घ) | नवलपरासी | २ |
| (ङ) | रूपन्देही | २ |
| (च) | कपिलवस्तु | २ |
| | **जम्मा** | **११** |
| **१०.** | **राप्ती अञ्चल** | |
| (क) | रुकुम | १ |
| (ख) | रोल्पा | २ |
| (ग) | सल्यान | १ |
| (घ) | प्यूठान | १ |
| (ङ) | दाङ | २ |
| | **जम्मा** | **७** |

**११. भेरी अञ्चल**

| | | |
|---|---|---|
| (क) | दैलेख | २ |
| (ख) | जाजरकोट | १ |
| (ग) | सुर्खेत | १ |
| (घ) | बाँके | १ |
| (ङ) | बर्दिया | १ |
| | **जम्मा** | **६** |

**१२. कर्णाली अञ्चल**

| | | |
|---|---|---|
| (क) | डोल्पा | १ |
| (ख) | जुम्ला | १ |
| (ग) | मुगु | १ |
| (घ) | हुम्ला | १ |
| (ङ) | कालिकोट | १ |
| | **जम्मा** | **५** |

**१३. सेती अञ्चल**

| | | |
|---|---|---|
| (क) | बझाङ | १ |
| (ख) | बाजुरा | १ |
| (ग) | डोटी | १ |
| (घ) | अछाम | २ |
| (ङ) | कैलाली | १ |
| | **जम्मा** | **६** |

**१४. महाकाली अञ्चल**

| | | |
|---|---|---|
| (क) | दार्चुला | १ |
| (ख) | बैतडी | २ |
| (ग) | डडेलधुरा | १ |
| (घ) | कञ्चनपुर | १ |
| | **जम्मा** | **५** |

जिल्लागत रूपमा निर्वाचित हुने कुल सदस्य सङ्ख्या ११२ जना

## ७.२० वर्गीय सङ्गठनको व्यवस्था

नेपालको संविधान, २०१९ मा भएको दोस्रो संशोधनबाट भाग १० क थप भई देहाय बमोजिम पञ्चायतका वर्गीय सङ्गठनहरू रहने व्यवस्था गरियो-

(क) नेपाल महिला सङ्गठन
(ख) नेपाल किसान सङ्गठन
(ग) नेपाल युवक सङ्गठन
(घ) नेपाल प्रौढ सङ्गठन
(च) नेपाल मजदुर सङ्गठन
(छ) नेपाल भूतपूर्व सैनिक सङ्गठन

नेपालको संविधान, २०१९ को दोस्रो संशोधनबाट वर्गीय र व्यावसायिक सङ्गठनबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने व्यवस्था हटाई सबै जिल्लाबाट निर्वाचित सदस्य ११२ जना र श्री ५ बाट मनोनीत २३ जना गरी जम्मा १३५ जना सदस्य राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने व्यवस्था भयो । तर, राष्ट्रिय पञ्चायत सदस्यमा उम्मेदवार हुने व्यक्ति कुनै एक वर्गीय सङ्गठनको सदस्य हुनुपर्ने अनिवार्य व्यवस्था राखियो ।

तर पूर्ववर्ती दलीय संसदीय व्यवस्थाको पक्षमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सञ्चालन गरिएको आन्दोलनहरूको उत्कर्षको रूपमा २०३६ को विद्यार्थी आन्दोलनले तत्कालीन पञ्चायती सत्तालाई बहुदलीय व्यवस्थामा फर्कने कि हालको निर्दलीय पञ्चायती व्यवस्थामा नै सामयिक सुधार गरी त्यसैलाई कायम राख्ने भन्ने कुराको छनोटका लागि जनमत सङ्ग्रहमा जान बाध्य पार्‍यो । २०३६ को घोषणा अनुसारको जनमत सङ्ग्रह गर्ने कार्य तत्कालीन राष्ट्रिय चुनाव आयोगद्वारा सम्पन्न भयो, जसको परिणाम प्रतिबन्धित राजनीतिक दलहरूको चाहना र दावी अनुसारको बहुदलको पक्षमा नआए तापनि उक्त कार्यमा राष्ट्रिय चुनाव आयोगको भूमिकामा कुनै गम्भीर प्रश्न कुनै पक्षले पनि कतैबाट उठाएको थिएन ।

जनमत सङ्ग्रह सम्पन्न हुनु अगावै राजाबाट गरिएको प्रतिबद्धता अनुसार गरिने संविधान संशोधनमा विधायिका राष्ट्रिय पञ्चायतको निर्वाचन अप्रत्यक्ष नभई बालिग मताधिकारबाट जनतालाई सोझै आफ्नो प्रतिनिधि छान्ने अवसर प्रदान गरियो । साथै बहुमत प्रतिनिधिहरूको समर्थन प्राप्त राष्ट्रिय पञ्चायत सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने कुराको संवैधानिक व्यवस्था संशोधनबाट गरियो ।

## ७.२१ राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०३८

जनमत सङ्ग्रहपछि नेपालको सविधान, २०१९ मा तेस्रो संशोधन भयो । यसपछि राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन २०३८ सालमा भयो । निर्दलीय पञ्चायती व्यवस्थामा बालिग

मताधिकारको आधारमा राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन भएको यो नै पहिलो निर्वाचन हुन पुग्यो ।

- निर्वाचन आयोगले २०३८ वैशाख २७ मा अधिराज्यभर एकै दिन राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन सम्पन्न गर्ने घोषणा गरेको थियो ।
- २०३७ फागुन २० गते निर्वाचन आयोगले जिल्ला न्यायाधीशलाई र जिल्ला न्यायाधीश नभए वरिष्ठ अतिरिक्त जिल्ला न्यायाधीश वा का.मु. जिल्ला न्यायाधीश वा उनीहरू पनि नभए श्रेस्तेदारलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने गरी तोकेको थियो ।
- निर्वाचन आयोगले राष्ट्रिय पञ्चायतमा उम्मेदवार हुन २०३७ चैत्र मसान्तसम्म २५ वर्ष उमेर पूरा भएको हुनुपर्ने भनी २०३७ फागुन २६ गते तोकेको थियो ।
- सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सचिवलाई वर्गीय सङ्गठनको सदस्यता प्रदान गर्ने व्यक्ति भनी श्री ५ को सरकारले (मिति २०३७ फागुन २६ गते) तोकेको थियो ।
- निर्वाचन आयोगले मिति २०३७ फागुन २६ गते उम्मेदवारको लागि (क), (ख), र (ग) समूहमा विभाजन गरी देहाय बमोजिमको निर्वाचन चिह्न तोकेको थियो-

### ७.२१.१ निर्वाचन चिह्न

**(१) समूह (क)**

| | | | | | |
|---|---|---|---|---|---|
| क) | छाता | ख) | सूर्य | ग) | मादल |
| घ) | हलो | ङ) | गाई | च) | घर |
| छ) | गाग्री | ज) | माछा | झ) | गुराँसको फूल |
| ञ) | लाल्टिन | ठ) | हात | ड) | हाँस |
| ढ) | तराजु | ण) | घोडा | | |

**(२) समूह (ख)**

| | | | | | |
|---|---|---|---|---|---|
| क) | घडी | ख) | हाँगामा बसेको चरा | ग) | नेपाली टोपी |
| घ) | हवाई जहाज | ङ) | बत्ती बलेको दियो | च) | लुगा सिउने कल |
| छ) | झोलुङ्गे पुल | ज) | जाँतो | झ) | बहना सहितको डुँगा |

| | | | | | |
|---|---|---|---|---|---|
| ञ) | केरा | ठ) | षट्कोण | ड) | चश्मा |

**(३) समूह (ग)**

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | कलधारो | (२) | झोला | (३) | कोदालो |
| ४) | पुतली | (५) | मकैको घोगा | (६) | ताल्चा र साँचो |
| (७) | भऱ्याङ | (८) | धानको बाला | (९) | सुन्तला |
| (१०) | मेच | (११) | बाल्टिन | (१२) | रेडियो |
| (१३) | बस | (१४) | कलम | (१५) | मसिदानी |
| (१६) | ढोका | (१७) | साईकल | (१८) | हँसिया |
| (१९) | कैँची | (२०) | बाह्रसिंघा मृग र बाँदर | | |

- निर्वाचनका लागि दरखास्त दिँदा उम्मेदवारले आफू सदस्य भएको वर्गीय सङ्गठनको रसिद र धरौटी शुल्क रु. १,५००।- उम्मेदवारको दरखास्त साथ संलग्न राख्नु पर्ने व्यवस्था गरिएको थियो ।

### ७.२१.१.२ राष्ट्रिय पञ्चायत सदस्यमा बिजयी तथा मनोनीत सदस्यको नामावली

वि.सं. २०३८ साल वैशाख २७ गते बालिग मताधिकारको आधारमा सम्पन्न राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन तथा उपनिर्वाचनमा विजयी हुने उम्मेदवारहरूको नामावली अनुसूची ७ मा दिइएको छ ।

२०१९ को संविधानको तेस्रो संशोधनले गरेको व्यवस्था अनुसार श्री ५ बाट २०३८।२।१३ गते २३ जना, २०३९।६।२४ गते १ जना र २०४१।३।२ मा ४ जना समेत जम्मा २८ जना व्यक्तिहरूलाई राष्ट्रिय पञ्चायत सदस्यमा मनोनीत गरिएको थियो ।

## ७.२१.२ राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३

नेपालको संविधान, २०१९ मा भएको तेस्रो संशोधनपछि प्रत्येक ५/५ वर्षमा राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन हुने व्यवस्था गरियो । निर्दलीय पञ्चायती व्यवस्थामा बालिग मताधिकारका आधारमा २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन दोस्रो थियो ।

२०४३ वैशाख २९ गते, जेठ ५ गते र जेठ १२ गते राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन भएकोमा वैशाख २९ गते ७३ जिल्लामा, जेठ ५ गते स्याङ्जा जिल्लामा र जेठ १२ गते कास्की जिल्लामा निर्वाचन सम्पन्न भएको थियो । जसमा कुल मतदाता सङ्ख्या ९०,३४,५८३, कुल उम्मेदवार सङ्ख्या १,५४८ र कुल महिला उम्मेदवार सङ्ख्या ७३ थियो ।

यस निर्वाचनमा जम्मा ११,६९४ मतदान केन्द्र र निर्वाचनमा परिचालित कर्मचारीको सङ्ख्या ५०,००० थियो । निर्वाचन कार्य सम्पन्न गर्न सवै जिल्लामा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोकिएको थियो । मतदाताको हकमा मतदान गर्न पाउने उमेर २१ वर्ष तोकिएको थियो भने उम्मेदवार हुन २५ वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था थियो ।

### ७.२१.२.१ निर्वाचन अधिकृतको नियुक्ति व्यवस्था

निर्वाचन आयोगले राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३ को लागि राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जिल्लाका जिल्ला न्यायाधीशलाई सम्बन्धित जिल्लाको निर्वाचन अधिकृतमा नियुक्तिको व्यवस्था गरेको थियो ।

२०४३ सालको राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन पनि तोकिएको मितिमा शान्तिपूर्ण रूपमा सम्पन्न भयो । यस निर्वाचनमा विजयी हुने व्यक्तिहरूको नामावली देहाय बमोजिम थियो-

### ७.२१.२.२ राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३

राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३ तथा उपनिर्वाचनमा विजयी तथा मनोनीत उम्मेदवारहरूको विवरण अनुसूची ८ मा दिइएको छ ।

श्री ५ बाट २०४३ जेठ १९ गते २० जना र २०४३ जेठ २६ गते ५ जना गरी जम्मा २५ जना व्यक्तिहरूलाई राष्ट्रिय पञ्चायतमा मनोनीत गरिएको थियो ।

## ७.२२ संसदीय व्यवस्थाको पुनःस्थापना

२०१७ सालमा बहुदलीय संसदीय व्यवस्थाको हठात अन्त्य गरिएपछि निर्दलीय पञ्चायती व्यवस्थाको नाममा जनताको प्रतिनिधिको साटो राजाद्वारा सञ्चालित प्रत्यक्ष शासन विरुद्ध बहुदल पक्षीय राजनीतिककर्मीहरूले कहिले देशभित्रैबाट र कहिले देश बाहिरबाट शान्तिपूर्ण सङ्घर्षको रूपमा जुलुस, बन्द, हडताल, धर्ना, सत्याग्रह र हिंसात्मक रूपमा सशस्त्र सङ्घर्ष, हतियार बन्द, आक्रमण लगायतका गतिविधि कुनै न कुनै रूपमा पञ्चायतको

अन्त्य नभएसम्म गरिरहे । यही क्रममा वि.सं. २०४६ सालमा भएको प्रजातान्त्रिक जनआन्दोलनबाट ३० वर्ष लामो निर्दलीय पञ्चायती व्यवस्था वि.सं. २०४६ चैत्र २६ गते समाप्त भयो । आन्दोलनको सफलता स्वरूप वि.सं. २०४७ वैशाख ६ गते नेपाली काँग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा ११ सदस्यीय अन्तरिम मन्त्रिपरिषद् गठन भयो ।

श्री ५ महाराजाधिराजबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा २०४७ वैशाख २८ गते ९ सदस्यीय ***'संविधान सुधार सुझाव आयोग'*** को गठन भयो । आयोगको गठनप्रति तीव्र विरोध भएकोले श्री ५ बाट प्रधानमन्त्रीको सुझाव बमोजिम मन्त्रिपरिषद्को परामर्शलाई  समेत ध्यानमा राखी २०४७ जेठ १६ गते तीन महिनाभित्र आफ्नो सुझाव पेश गर्ने गरी पुनः विश्वनाथ उपाध्यायकै अध्यक्षतामा ९ सदस्यीय ***'संविधान सुधार सुझाव आयोग'*** गठन भएको थियो । यस आयोगले २०४७ भाद्र २५ गते ***'संविधान सुधार सुझाव आयोग'*** का अध्यक्ष मार्फत संविधान मसौदा प्रतिवेदन पेश गऱ्यो । सो मसौदामा व्यापक छलफल र परामर्श भयो । २०४७ असोज २५ गते अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मन्त्रिपरिषद्मा छलफल गराई केही संशोधन समेत गरी संविधानको मसौदा श्री ५ समक्ष पेश गर्नु भयो । वि.सं. २०४७ कात्तिक २३ गते शुक्रबार (नोवेम्बर ९, १९९० सन्) का दिन श्री ५ वीरेन्द्रबाट नेपालको संविधान, २०१९ खारेज गरी 'नेपाल अधिराज्यको संविधान, २०४७' जारी भयो । यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची रहेको थियो ।

यस संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, बालिग मताधिकार, संसदीय शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, स्वतन्त्र र सक्षम न्यायपालिका, मानव अधिकारजस्ता संवेदनशील र अपरिवर्तनीय विषयहरू समावेश गरिएका थिए । साथै, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता जस्ता संवैधानिक आयोगहरूको पनि व्यवस्था गरिएको थियो । तीस वर्षसम्मको दरबार नियन्त्रित पञ्चायती व्यवस्थाको विरुद्धमा गरिएको आन्दोलनको चरमोत्कर्ष २०४६ सालको जनआन्दोलनको सफलताबाट देशमा पुनः बहुदलीय प्रजातन्त्रको स्वरूपमा संसदीय व्यवस्थाको प्रारम्भ भयो । बहुदलीय संसदीय प्रजातन्त्रको पुनःस्थापनापछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले निर्वाचन आयोगको संवैधानिक स्वरूपलाई यथावत् राखेका कारण यो संवैधानिक अङ्गका रूपमा नै कायम रह्यो । निर्वाचन आयोगको भूमिका र जिम्मेवारीलाई पनि संविधानले नै स्पष्ट गरिदियो । यही संवैधानिक व्यवस्था अनुसार २०४८ मा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो । यो निर्वाचन नेपालको संसदीय इतिहासमा दोस्रो र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछिको पहिलो निर्वाचन

थियो । स्वतन्त्र संवैधानिक अङ्गको रूपमा व्यवस्थित निर्वाचन आयोगद्वारा सम्पन्न यो निर्वाचन अघिल्लो व्यवस्थाभन्दा फरक किसिमको अर्थात् दलीय आधारमा भएको थियो ।

### ७.२२.१ निर्वाचन आयोगको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १५ को धारा १०३ मा निर्वाचन आयोगको गठन व्यवस्था देहाय बमोजिम रहेको थियो-

१. नेपाल अधिराज्यमा एउटा निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यकता अनुसार अन्य निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछन् ।

२. श्री ५ बाट संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति गरिबक्सनेछ ।

३. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्तिको मितिले ६ वर्षको हुनेछ । निजको पुनर्नियुक्ति हुन सक्नेछ । तर,

   (क) सो पदावधि पूरा हुनु अगावै प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैनन् ।

   (ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

४. देहायका अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त भएको मानिनेछ :

   (क) निजको मृत्यु भएमा, वा

   (ख) श्री ५ समक्ष निजले पेश गरेको लिखित राजीनामा मौसुफबाट स्वीकृत भएमा, वा

   (ग) निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा ।

५. देहाय बमोजिम नभई कुनै व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैनन् :

(क) श्री ५ को सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्त हुनुभन्दा तत्काल अगाडि कुनै राजनीतिक दलको सदस्य नरहेको, र

(ग) पैँतालीस वर्ष उमेर पूरा भएको ।

६. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारित भए बमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

७. प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैनन् । तर,

(क) निर्वाचन आयुक्तलाई प्रमुख आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्ति भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

### ७.२२.२ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०४ बमोजिम निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको थियो :

१. यो संविधान र अन्य कानुनको अधीनमा रही संसद् तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

२. संसद् सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४७ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय निर्वाचन आयोगले गर्नेछ ।

३. निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन्न सक्नेछ ।

४. यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र कार्यविधि कानुनद्वारा निर्धारित भए बमोजिम हुनेछन् ।

### ७.२३ संसद्को गठन सम्बन्धी व्यवस्था

श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामक दुई सदन सहित मिलेर संसद् बन्ने व्यवस्था संविधानले गरेको थियो ।

### ७.२३.१ राष्ट्रिय सभा

नेपाल अधिराज्यको संविधान, २०४७ ले श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामक दुइ सदनात्मक व्यवस्थापिकाको गठन सम्बन्धी व्यवस्था गरेको थियो । राष्ट्रिय सभा स्थायी सदन थियो । यसलाई माथिल्लो सदन पनि भनिन्थ्यो । राष्ट्रिय सभामा प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा निर्वाचित हुने कम्तीमा ३ जना महिला सहित ३५ जना सदस्य, प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्य मतदाता भएको निर्वाचक मण्डलद्वारा तत् तत् विकास क्षेत्रबाट ३ जनाका दरले एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने १५ जना सदस्य र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्ति मध्येबाट राजाबाट मनोनीत हुने १० जना गरी ६० सदस्य रहन्थे । राष्ट्रिय सभा सदस्यहरूको पदावधि ६ वर्षको थियो । स्थायी सदन भएकोले एक तिहाइ सदस्यको पदावधि दुई वर्षमा सकिने व्यवस्था थियो । तर संविधान प्रारम्भ भएपछि पहिलो पटकको लागि सदस्यहरूको पदावधि कायम गर्दा भने गोला प्रथाबाट कायम गरिने व्यवस्था थियो । गोला हाल्दा एक तिहाइ सदस्यको दुई वर्ष, अर्को एक तिहाइ सदस्यको चार वर्ष र बाँकी एक तिहाइ सदस्यको छ वर्ष हुने व्यवस्था थियो । २०४८ मा स्थानीय निकायको निर्वाचन भइनसकेकोले विकास क्षेत्रबाट निर्वाचित हुने सदस्यहरू सम्बन्धित विकास क्षेत्रबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित  सदस्यहरू रहेको निर्वाचक मण्डलको मतबाट निर्वाचित भएका थिए । वि.सं.२०४८ सालदेखि २०५८ सालसम्म विभिन्न मितिमा भएका राष्ट्रिय सभा सदस्यको निर्वाचन/मनोनयन र राष्ट्रिय सभा सदस्यहरूको विवरण अनुसूची ८ (क) मा दिइएको छ ।

### ७.२३.१.१ राष्ट्रिय सभा सदस्यको अयोग्यता

देहायका व्यक्ति राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनन् भन्ने कानुनी व्यवस्था थियो

क) ३५ वर्ष उमेर पूरा नभएको,

ख) गैर नेपाली नागरिक,

ग) मगज बिग्रिएको वा बहुलाएको,

घ) साहुको दामासाहीमा परेको,

ङ) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला कर्मचारी,

च) कुनै लाभको पद धारण गरेको,

छ) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानुन बमोजिम गठित निर्वाचन अदालतबाट कैदको सजायँ पाई सो सजायँ भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको,

ज) नैतिक पतन देखिने फौजदारी अपराधमा कसुरदार ठहरी २ वर्ष वा सोभन्दा बढी कैदको सजायँ पाई सो सजायँ भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको ।

## ७.२३.२ प्रतिनिधि सभा

प्रतिनिधि सभामा ७५ जिल्लाका २०५ निर्वाचन क्षेत्रबाट १/१ जना सांसद् सदस्य बालिग मताधिकारका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था थियो । प्रतिनिधि सभा सदस्यको कार्यकाल ५ वर्ष रहेको थियो।

तर, देशमा सङ्कटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिने व्यवस्था थियो ।

### ७.२३.२.१ प्रतिनिधि सभा सदस्यको अयोग्यता

देहायको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनन् भन्ने कानुनी व्यवस्था थियो

क) पच्चीस वर्ष उमेर पूरा नभएको,

ख) गैर नेपाली नागरिक,

ग) मगज बिग्रेको वा बहुलाएको,

घ) साहुको दामासाहमिा परेको वा टाट उल्टेको,

ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वा श्री ५ को सरकारबाट अनुदान पाएको संस्थाको बहालवाला कर्मचारी,

च) निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदमा कार्यरत व्यक्ति र निवृत्तिभरण पाई राखेको व्यक्ति बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पदमा कार्यरत रहेको व्यक्ति,

छ) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानुनवमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले छ वर्ष भुक्तान नभएको,

ज) नैतिक पतन देखिने फौजदारी मुद्दामा कैदको सजाय हुने अपराध गरे वापत दोषी ठहरिई दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले छ वर्ष भुक्तान नभएको,

१) खण्ड (छ) र (ज) बमोजिमको अयोग्यता पहिलो पटकको निर्वाचनको निमित्त लागू हुनेछैन ।

२) खण्ड (च) को प्रयोजनको लागि देहायको पदलाई लाभको पद मानिने छैन भन्ने व्यवस्था उल्लेख थियो ।

क) प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको पद,

ख) प्रतिनिधि सभाको सभामुख, उपसभामुख र सदस्यको पद,

ग) राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष र सदस्यको पद,

घ) प्रतिनिधि सभा र राष्ट्रिय सभाका विपक्षी दलको नेताको पद,

ङ) संसद्को कुनै समितिका सभापति र उपसभापतिको पद,

च) गाउँ, नगर र जिल्लाका स्थानीय निकायका प्रमुख वा उपप्रमुख वा सदस्यको पद,

छ) विश्वविद्यालयको सभा, कार्यकारी समिति वा कार्यकारी परिषद्का सदस्यको पद,

ज) श्री ५ को सरकारले कुनै खास उद्देश्यको लागि विदेश पठाएको प्रतिनिधि मण्डल वा नियोगको सदस्यको पद, वा

झ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लाभको पद होइन भनी तोकिदिएको अन्य कुनै पद ।

३) खण्ड (ज) को प्रयोजनको लागि राजकाज सम्बन्धी मुद्दामा सजाय पाएको व्यक्ति वा राजनीतिक आधारमा सजाय माफी पाई नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको व्यक्तिको हकमा निज सो खण्ड बमोजिम अयोग्य भएको मानिने छैन भन्ने व्यवस्था थियो ।

### ७.२३.२.२ प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धी केही तथ्याङ्क

**१. निर्वाचन गर्नुपर्ने जम्मा पद सङ्ख्या २०५**

- पूर्वाञ्चल विकास क्षेत्र (१६ जिल्ला) : ४९
- मध्यमाञ्चल विकास क्षेत्र (१९ जिल्ला) : ६५
- पश्चिमाञ्चल विकास क्षेत्र (१६ जिल्ला) : ४२
- मध्यपश्चिमाञ्चल विकास क्षेत्र (१५ जिल्ला) : ३०
- सुदुरपश्चिमाञ्चल विकास क्षेत्र (९ जिल्ला) : १९

**२. निर्वाचको घोषणा र निर्वाचन**

➢ **प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८**

- निर्वाचन मितिको घोषणा : २०४७/१०/२८
- आम निर्वाचन : २९ वैशाख, २०४८
- उपनिर्वाचन (सुनसरी ३ र काठमाडौं ५) : २६ माघ, २०४८
- उपनिर्वाचन (झापा १ र काठमाडौं १) : २५ माघ, २०५०

➢ **प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१**

- निर्वाचन मितिको घोषणा : २०५१/०३/२७

- आम निर्वाचन : २९ कार्त्तिक, २०५१
- उपनिर्वाचन : ११ माघ, २०५३

(सुनसरी ५, काठमाडौं १, रौतहट २, रूपन्देही २ र बैतडी १)

प्रधानमन्त्री मनमोहन अधिकारीको कार्यकालमा मिति २०५२/२/३० गते प्रतिनिधि सभा सदस्य निर्वाचनको मध्यावधि निर्वाचन घोषणा भएको थियो । तर वि.सं. २०५२ साल भदौ १२ गतेको सर्वोच्च अदातलको फैसलाबाट संसद्को पुनः स्थापना भएकोले निर्वाचन भएन ।

➢ **प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६**

- निर्वाचन मितिको घोषणा :२०५५/१०/०१
- आम निर्वाचन :२०५६ वैशाख २० र जेठ ३
- उपनिर्वाचन :२०५६ मार्ग २३

(झापा ६, मोरङ्ग १ र रौतहट ४)

➢ **प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५९ (घोषित मात्र)**

- निर्वाचन मितिको घोषणा : २०५९ जेठ ८
- आम निर्वाचन : २०५९ कात्तिक २७, मार्ग ९, मार्ग २१, पुस ३, पुस १४ र पुस २६ गते गरी ६ चरणमा निर्वाचन सम्पन्न गर्ने आयोगको निर्णय ।

वि.सं. २०५९ को घोषित आम निर्वाचन २०५९ आश्विन १८ गतेको शाही घोषणाबाट स्थगित भएको ।

**३. मतदानकेन्द्र तथा उपकेन्द्रको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ७,३९१ केन्द्र
  -६,६३० उपकेन्द्र
- आम निर्वाचन, २०५१ : ७,४१० केन्द्र
  -८,१९२ उपकेन्द्र

- आम निर्वाचन, २०५६ : ६,८२१ केन्द्र
- आम निर्वाचन, २०५९ (पछि स्थगित) : १०,८५४ केन्द्र

**४. निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको सूचना प्रकाशन**

- आम निर्वाचन, २०४८ : २०४७।९।९
- आम निर्वाचन, २०५१ : २०५१।४।२४
- आम निर्वाचन, २०५६ : २०५५।१०।४
- आम निर्वाचन, २०५९ : २०५९।२।२२

**५. निर्वाचन प्रयोजनका लागि दर्ता भएका राजनीतिक दलहरूको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ४४
- आम निर्वाचन, २०५१ : ६५
- आम निर्वाचन, २०५६ : १००
- आम निर्वाचन, २०५९ : ११७

**६. निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : २०
- आम निर्वाचन, २०५१ : २४
- आम निर्वाचन, २०५६ : ३९
- आम निर्वाचन, २०५९ पछि शाही घोषणाबाट निर्वाचन स्थगित ।

**७. मान्यता प्राप्त गरेका राजनीतिक दलहरूको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ५
- आम निर्वाचन, २०५१ : ४
- आम निर्वाचन, २०५६ : ६

**८. मान्यता प्राप्त गर्न नसके पनि संसद्‌मा प्रतिनिधित्व गरेका थप राजनीतिक दल**

- आम निर्वाचन, २०४८ : २

- आम निर्वाचन, २०५१ : १
- आम निर्वाचन, २०५६ : ३

**९. कुल मतदाता सङ्ख्या**

- आम निर्वाचन, २०४८ : १,११,९१,७७७
- आम निर्वाचन, २०५१ : १,२३,२७,३२९
- आम निर्वाचन, २०५६ : १,३५,१८,८३९
- आम निर्वाचन, २०५९(पछि स्थगित) : १,४९,४३,१५२

**१०. खसेको मत सङ्ख्या र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ७२,९१,०८४ (६५.१५%)
- आम निर्वाचन, २०५१ : ७६,२५,३४८ (६१.८६%)
- आम निर्वाचन, २०५६ : ८८,९४,५६६ (६५.७९%)

**११. सदर मत र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ६९,६९,०६१ (९५.५८%)
- आम निर्वाचन, २०५१ : ७३,८४,२७७ (९६.८४%)
- आम निर्वाचन, २०५६ : ८६,४९,६६४ (९७.२५%)
- बदर मत प्रतिशत क्रमश : ४.४२%, ३.१६% र २.७५%

**१२. राजनीतिक दलहरूले प्राप्त गरेको मत र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ६६,६५,३३८ (९५.८३%)
- आम निर्वाचन, २०५१ : ६९,१२,९५३ (९३.९२%)
- आम निर्वाचन, २०५६ : ८३,९७,७३४ (९७.१७%)

**१३. स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको मत र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ३,०३,७२३ (४.१७%)
- आम निर्वाचन, २०५१ : ४,७१,३२४ (६.०८%)
- आम निर्वाचन, २०५६ : २,५१,२८० (२.८३%)

**१४. संसद्मा प्रतिनिधित्व गर्ने सदस्यहरूले प्राप्त गरेको कुल मत र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ३२,३४,५०८ (४६.४१%)
- आम निर्वाचन, २०५१ : ३०,७९,०६० (४१.७०%)
- आम निर्वाचन, २०५६ : ३५,९७,३८४ (४१.०७%)

**१५. संसद्मा प्रतिनिधित्व नगर्ने उम्मेदवारहरूले प्राप्त गरेको कुल मत र प्रतिशत**

- आम निर्वाचन, २०४८ : ३७,३४,५५३ (५३.५९%)
- आम निर्वाचन, २०५१ : ४६,०५,२१७ (५८.३०%)
- आम निर्वाचन, २०५६ : ५०,९७,३८४ (५८.९३%)

**१६. मान्यता प्राप्त राजनीतिक दलले प्राप्त गरेको मत सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ६३,१४,१७१
- आम निर्वाचन, २०५१ : ६५,३०,५८३
- आम निर्वाचन, २०५६ : ७९,९३,६८९

**१७. निर्वाचनमा भाग लिने उम्मेदवारहरूको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : १,३४५
- आम निर्वाचन, २०५१ : १,४४२
- आम निर्वाचन, २०५६ : २,२३८

**१८. धरौटी जफत भएका उम्मेदवारहरूको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ७५१
- आम निर्वाचन, २०५१ : ८०९
- आम निर्वाचन, २०५६ : १,५२७

**१९. दलगत उम्मेदवार सङ्ख्या**

- आम निर्वाचन, २०४८ : १,१२६
- आम निर्वाचन, २०५१ : १,०५७
- आम निर्वाचन, २०५६ : १,६०५

**२०. स्वतन्त्र उम्मेदवार सङ्ख्या**

- आम निर्वाचन, २०४८ : २१९
- आम निर्वाचन, २०५१ : ३८५
- आम निर्वाचन, २०५६ : ६३३

**२१. पुनः मतदान भएका मतदानकेन्द्र सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ५१
- आम निर्वाचन, २०५१ : ८६
- आम निर्वाचन, २०५६ : १०१

**२२. लैङ्गिक आधारमा उम्मेदवारी सङ्ख्या**

- आम निर्वाचन, २०४८ : पुरुष १,२६४/महिला ८१
- आम निर्वाचन, २०५१ : पुरुष १,३५६/महिला ८६
- आम निर्वाचन, २०५६ : पुरुष २,०९५/महिला १४३

**२३. दलगत तथा स्वतन्त्र महिला उम्मेदवारी सङ्ख्या**

- आम निर्वाचन, २०४८ : दलगत ७३/स्वतन्त्र ८
- आम निर्वाचन, २०५१ : दलगत ७४/स्वतन्त्र १२
- आम निर्वाचन, २०५६ : दलगत ११७/स्वतन्त्र २६

**२४. विजयी महिला उम्मेदवारको सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ७
- आम निर्वाचन, २०५१ : ७
- आम निर्वाचन, २०५६ : १२

**२५. स्वतन्त्र रूपमा विजयी उम्मेदवार सङ्ख्या**

- आम निर्वाचन, २०४८ : ३
- आम निर्वाचन, २०५१ : ७
- आम निर्वाचन, २०५६ : ०

२६. **दलगत/स्वतन्त्र रूपमा विजयी स्थान सङ्ख्या**

**आम निर्वाचन, २०४८**

- नेपाली काङ्ग्रेस : ११०
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) : ६९
- संयुक्त जनमोर्चा : ९
- नेपाल सद्भावना पार्टी : ६
- राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) : ३
- नेपाल मजदुर किसान पार्टी : २
- नेपाल कम्युनिष्ट पार्टी (प्र.) : २
- राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) : १
- स्वतन्त्र : ३

आम निर्वाचन २०४८ का विजयी उम्मेदवारहरूको विवरण अनुसूची ९ मा दिइएको छ।

**आम निर्वाचन, २०५१**

- नेपाल कम्युनिष्ट पार्टी (एमाले) : ८८
- नेपाली काङ्ग्रेस : ८३
- राष्ट्रिय प्रजातन्त्र पार्टी : २०
- नेपाल मजदुर किसान पार्टी : ४
- नेपाल सद्भावना पार्टी : ३
- स्वतन्त्र : ७

आम निर्वाचन २०५१ का विजयी उम्मेदवारहरूको विवरण अनुसूची १० मा दिइएको छ।

**आम निर्वाचन, २०५६**

- नेपाली काङ्ग्रेस : १११
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) : ७१

- राष्ट्रिय प्रजातन्त्र पार्टी : ११
- नेपाल सद्भावना पार्टी : ५
- संयुक्त जनमोर्चा : ५
- नेपाल मजदुर किसान पार्टी : १
- संयुक्त जनमोर्चा : १
- स्वतन्त्र : ०

आम निर्वाचन २०५६ का विजयी उम्मेदवारहरूको विवरण अनुसूची ११ मा दिइएको छ ।

## २७. निर्विरोध निर्वाचन

- आम निर्वाचन, २०५६ मनाङ, निर्विरोध निर्वाचित पाल्तेन गुरुङ्ग (नेपाली काँग्रेस)

## २८. निर्वाचन क्षेत्रगत रूपमा जिल्ला (वि.सं. २०५९ देखि)

- **सात** निर्वाचन क्षेत्र भएको जिल्ला : २
- **पाँच** निर्वाचन क्षेत्र भएको जिल्ला : ८
- **चार** निर्वाचन क्षेत्र भएको जिल्ला : ८
- **तीन** निर्वाचन क्षेत्र भएको जिल्ला : १९
- **दुई** निर्वाचन क्षेत्र भएको जिल्ला : २४
- **एक** निर्वाचन क्षेत्र भएको जिल्ला : १४

२०४७ को संविधानले संसदीय निर्वाचनका लागि सम्पूर्ण मूलुकलाई कुल २०५ निर्वाचन क्षेत्रमा कायम गरेको थियो । जुन सङ्ख्या सो संविधान कायम रहेसम्म घटबढ नगरी जिल्लाहरूमा मात्र निर्वाचन क्षेत्र सङ्ख्या हेरफेर गर्न सकिने व्यवस्था गरे अनुसार विभिन्न जिल्लाहरूमा पर्ने निर्वाचन क्षेत्र सङ्ख्या घटबढ गरिएको पाइन्छ । निर्वाचन क्षेत्र थपिएका तथा घटाइएका जिल्लाहरूको विवरण अनुसूची १२ दिइएको छ ।

सो बमोजिम कायम भएको २०५ संसदीय निर्वाचन क्षेत्र सङ्ख्याको विवरण जिल्लागत रूपमा अनुसूची १३ मा दिइएको छ ।[७०५]

[७०५] लोकदर्सन पण्डित, नेपालको संसदीय निर्वाचन दर्पण, निर्वाचन आयोग, काठमाडौं, २०६३ पृ. ७८-८१ ।

**२९.** प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०५९ का आधारमा २०५८ चैत्र मसान्तसम्मको मतदाता सङ्ख्याका हिसाबबाट मतदान केन्द्रमा खटाइएको जनशक्ति विवरण

| | | |
|---|---|---|
| ♦ मतदान अधिकृत | : | १०,८५४ |
| ♦ सहायक मतदान अधिकृत | : | १०,८५४ |
| ♦ सहायक कर्मचारी | : | २४,३२७ |
| ♦ पियन वा सो सरह | : | २१,७८७ |
| | | ६७,८२२ |

३०. **विकास क्षेत्रगत मतदान केन्द्र सङ्ख्या**

| | | |
|---|---|---|
| ♦ पूर्वाञ्चल विकास क्षेत्र (१६ जिल्ला) | : | २,६५० |
| ♦ मध्यमाञ्चल विकास क्षेत्र (१९ जिल्ला) | : | ३,६०५ |
| ♦ पश्चिमाञ्चल विकास क्षेत्र (१६ जिल्ला) | : | २,३०४ |
| ♦ मध्यपश्चिमाञ्चल विकास क्षेत्र (१५ जिल्ला) | : | १२८५ |
| ♦ सुदूरपश्चिमाञ्चल विकास क्षेत्र (९ जिल्ला) | : | १,०१० |
| जम्मा | | १०,८५४ |

३१. **प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को जिल्लागत चरण विभाजन**

प्रथम चरण (२०५६ वैशाख २० गते मतदान)

| | | |
|---|---|---|
| १. हुम्ला | २. जुम्ला | ३. मुगु |
| ४. डोल्पा | ५. कालिकोट | ६. दैलेख |
| ७. सुर्खेत | ८. जाजरकोट | ९. बाँके |
| १०. बर्दिया | ११. रुकुम | १२. रोल्पा |
| १३. प्युठान | १४. सल्यान | १५. दाङ |
| १६. मनाङ | १७. गोर्खा | १८. तनहुँ |
| १९. रसुवा | २०. नुवाकोट | २१. काभ्रेपलाञ्चोक |

| | | |
|---|---|---|
| २२. सिन्धुपाल्चोक | २३. काठमाडौं | २४. ललितपुर |
| २५. भक्तपुर | २६. रामेछाप | २७. दोलखा |
| २८. लमजुङ | २९. कास्की | ३०. स्याङ्जा |
| ३१. चितवन | ३२. मकवानपुर | ३३. पर्सा |
| ३४. बारा | ३५. रौतहट | ३६. धादिङ |

दोस्रो चरण (२०५६ जेठ ३ गते मतदान)

| | | |
|---|---|---|
| १.दार्चुला | २.बैतडी | ३.डडेलधुरा |
| ४.कञ्चनपुर | ५.कैलाली | ६.डोटी |
| ७. बाजुरा | ८.बझाङ | ९.अछाम |
| १०.कपिलवस्तु | ११.रूपन्देही | १२.नवलपरासी |
| १३.पाल्पा | १४.गुल्मी | १५.अर्घाखाँची |
| १६. बागलुङ | १७. म्याग्दी | १८. मुस्ताङ |
| १९. पर्वत | २०. सिन्धुली | २१. सर्लाही |
| २२. महोत्तरी | २३. धनुषा | २४. सिरहा |
| २५. सप्तरी | २६. उदयपुर | २७. ओखलढुङ्गा |
| २८. खोटाङ | २९. सोलुखुम्बु | ३०. संखुवा सभा |
| ३१. तेह्रथुम | ३२. भोजपुर | ३३. धनकुटा |
| ३४. सुनसरी | ३५. मोरङ | ३६. झापा |
| ३७. पाँचथर | ३८. इलाम | ३९. ताप्लेजुङ |

## ३२. **२०५६ मा भएको प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धी तथ्याङ्क**

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को विकास क्षेत्रगत निर्वाचन क्षेत्र, मतदान केन्द्र, गा.वि.स./नगरपालिकाको संख्यात्मक विवरण अनुसूची १४ मा दिइएको छ।

## ३३. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५९ (घोषित) को जिल्लागत चरण विभाजन

### (क) प्रथम चरण (२०५९ कात्तिक २७ गते निर्वाचन गर्ने भनिएका जिल्ला)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | काठमाडौँ | २. | ललितपुर | ३. | भक्तपुर |
| ४. | धनुषा | ५. | सोलुखुम्बु | ६. | ओखलढुङ्गा |
| ७. | खोटाङ | ८. | मनाङ | ९. | मुस्ताङ |
| १०. | नवलपरासी | ११. | हुम्ला | १२. | मुगु |
| १३. | डोल्पा | १४. | दार्चुला | १५. | बैतडी |

### (ख) दोस्रो चरण (२०५९ कात्तिक ९ गते निर्वाचन गर्ने भनिएका जिल्ला)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | २. | संखुवा सभा | ३. | भोजपुर |
| ४. | सिन्धुपाल्चोक | ५. | रसुवा | ६. | सर्लाही |
| ७. | रूपन्देही | ८. | कपिलवस्तु | ९. | कास्की |
| १०. | जुम्ला | ११. | कालिकोट | १२. | रुकुम |
| १३. | बाजुरा | १४. | बझाङ | | |

### (ग) तेस्रो चरण (२०५९ मङ्सिर २१ गते निर्वाचन गर्ने भनिएका जिल्ला)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | पाँचथर | २. | तेह्रथुम | ३. | धनकुटा |
| ४. | दोलखा | ५. | धादिङ | ६. | मकवानपुर |
| ७. | पर्सा | ८. | गोरखा | ९. | लमजुङ |
| १०. | तनहुँ | ११. | सल्यान | १२. | दैलेख |
| १३. | अछाम | | | | |

### (घ) चौथो चरण (२०५९ पौष ३ गते निर्वाचन गर्ने भनिएका जिल्ला)

| | | | | | |
|---|---|---|---|---|---|
| १. | इलाम | २. | झापा | ३. | रामेछाप |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | चितवन | ५. | स्याङ्जा | ६. | पर्वत |
| ७. | प्यूठान | ८. | बाँके | ९. | बर्दिया |
| १०. | डोटी | | | | |

**(ङ) पाँचौं चरण (२०५९ पौष १४ गते निर्वाचन गर्ने भनिएका जिल्ला)**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | मोरङ | २. | सुनसरी | ३. | सिन्धुली |
| ४. | नुवाकोट | ५. | रौतहट | ६. | पाल्पा |
| ७. | म्याग्दी | ८. | रोल्पा | ९. | जाजरकोट |
| १०. | दाङ | ११. | कैलाली | १२. | डडेलधुरा |

**(च) छैटौं चरण (२०५९ पौष २६ गते निर्वाचन गर्ने भनिएका जिल्ला)**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | सप्तरी | २. | सिराहा | ३. | उदयपुर |
| ४. | महोत्तरी | ५. | बारा | ६. | काभ्रेपलाञ्चोक |
| ७. | बाग्लुङ | ८. | अर्घाखाँची | ९. | गुल्मी |
| १०. | सुर्खेत | ११. | कञ्चनपुर | | |

## ३४. २०५९ मा हुने भनिएको प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धी तथ्याङ्क

२०५९ मा हुने भनिएको प्रतिनिधि सभा सदस्य निर्वाचनको विकास क्षेत्रगत निर्वाचन क्षेत्र, मतदान केन्द्र, गा.वि.स./नगरपालिकाको संख्यात्मक विवरण अनुसूची १५ मा दिइएको छ ।

## ३५. मतदाताले मतपत्रमा मतसङ्केत गर्ने चिह्न

आम निर्वाचन २०४८, आम निर्वाचन २०५१ र आम निर्वाचन २०५६ मा मत सङ्केत गर्ने चिह्नको रूपमा तल दिइएको नमुना बमोजिमको स्वस्तिक चिह्नको प्रयोग गरिएको थियो ।



मत सङ्केत गर्ने स्वस्तिक चिह्नको नमूना

## ३६. मतदातालाई दोहोरो मतदान गर्न नदिनका लागि प्रयोग गरिएको साङ्केतिक चिह्न

प्रतिनिधि सभा सदस्य निर्वाचन वि.सं. २०४८, २०५१ र २०५६ मा मतदाताले दोहोरो मतदान गर्न नपाउने भनी सङ्केत गर्न मतदाताको बायाँ हातको बूढी औँलाको नङ र मासुको जोर्नीमा नउड्ने नीलो रङको मसी लगाइदिने व्यवस्था गरिएको थियो । यो मसी छिमेकी मित्रराष्ट्र भारतबाट आयात गरिएको थियो ।

## ३७. उम्मेदवारले धरौटी राख्नुपर्ने

| | |
|---|---|
| वि.सं. २०४८ | - रु. ३,०००।- |
| वि.सं. २०५१ | - रु. ३,०००।- |
| वि.सं. २०५६ | - रु. ३,०००।- |

जतिसुकै क्षेत्रबाट पनि उम्मेदवार हुन पाउने व्यवस्था थियो ।

## ७.२४ निर्वाचन चिह्न वितरण व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ वमोजिम प्रथम पटक भएको संसदीय निर्वाचन, २०४८ मा निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ता जुन क्रम अनुसार भएको थियो सोही क्रम अनुसार र त्यसपछि भएका निर्वाचनमा राजनीतिक दल एवं स्वतन्त्र रूपमा उम्मेदवारी दिने व्यक्तिहरूलाई निर्वाचन चिह्न वितरण गर्ने प्रस्ट व्यवस्था रहेको थियो । निर्वाचन अधिकृतले उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेपछि एकभन्दा बढी उम्मेदवार कायम रहेको अवस्थामा देहाय बमोजिम निर्वाचन चिह्न वितरण गर्ने व्यवस्था थियो ।

१. मान्यता प्राप्त राजनीतिक दलको रूपमा दर्ता भई सो दलबाट उम्मेदवारी दिने व्यक्तिलाई सो दलको निर्वाचन चिह्न,
२. मान्यता प्राप्त नभएको राजनीतिक दलको रूपमा दर्ता भई सो दलबाट उम्मेदवारी दिने व्यक्तिलाई सो दलको निर्वाचन चिह्न,
३. स्वतन्त्र उम्मेदवारलाई निर्वाचन आयोगले निर्धारण गरेका स्वतन्त्र समूह मध्येका कुनै एक निर्वाचन चिह्न दिने । यसरी चिह्न दिँदा स्वतन्त्र उम्मेदवारहरूलाई निजहरूको नामको वर्णानुक्रम अनुसार चिह्न रोजाउने, निर्वाचन चिह्न रोज्दा एउटै चिह्न रोजेमा निजहरू बिच गोला हाली चिह्न वितरण गर्ने ।
४. मान्यता प्राप्त नभएको राजनीतिक सङ्गठन वा दलले कुनै निर्वाचन क्षेत्रमा उम्मेदवार नउठाएमा सो दललाई तोकेको चिह्न कुनै स्वतन्त्र उम्मेदवारले रोजेमा

त्यस्तो चिह्न दिन सकिने तर मान्यता प्राप्त दलको निर्वाचन चिह्न भने दिन सकिने व्यवस्था थिएन ।

नोट : २०४८ सालमा प्रथम पटक भएको आम निर्वाचनमा संविधान अनुसार मान्यता प्राप्त दल स्थापित भै नसकेका कारणले त्यस्ता दलहरूको निर्वाचन चिह्न संरक्षित भएका थिएनन् ।

## ७.२५ मतपत्र सम्बन्धी व्यवस्था

निर्वाचन आयोगले संसदीय निर्वाचनको लागि देहायको आधारमा मतपत्रमा निर्वाचन चिह्न राख्ने व्यवस्था गरेको थियो ।

१. अघिल्लो आम निर्वाचनको समयमा मान्यता प्राप्त गरेको दलले संरक्षित चिह्न स्वरूप प्राप्त गरेको चिह्न दलको नामको वर्णानुक्रमानुसार बायाँतर्फबाट क्रमशः मतपत्रमा चिह्न राख्ने,
२. त्यसपछि मान्यता प्राप्त नगरेका दलहरूको निर्वाचन चिह्न दलको नामको वर्णानुक्रमानुसार क्रमशः राख्ने, र
३. अन्त्यमा स्वतन्त्र उम्मेदवारका निर्वाचन चिह्नहरू उम्मेदवारको नामको वर्णानुक्रम अनुसार क्रमशः राख्ने,

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतपत्रको ढाँचा अनुसूची १६ मा दिइएको छ ।

निर्वाचन आयोगले निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र पठाउँदा कुल मतदाता सङ्ख्यामा १५ प्रतिशत थप गरी कायम हुन आएको सङ्ख्यालाई नजिकको हजारको सङ्ख्यामा परिणत गरी कायम हुन आउने सङ्ख्याको हिसाबमा मतपत्र छपाइ गरी पठाउने गरेको थियो । निर्वाचन अधिकृतले मतदान केन्द्रमा मतपत्र पठाउँदा सम्बन्धित मतदान केन्द्रको मतदाता सङ्ख्याको आधारमा पठाउने र यसरी मतदाताहरूको सङ्ख्या एक सय भन्दा कम भएमा पनि एक सयको हिसाव गरी मतपत्र पठाउने व्यवस्था गरिएको थियो ।

## ७.२६ मतदान गर्ने तरिका

निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगद्वारा तयार पारिएको मतपत्रको दाहिने खाली भागमा उपलब्ध स्वस्तिक चिह्नको छाप मतदाताले आफूले रोजेको उम्मेदवार/दलको चुनाव चिह्न छेउपारी गोप्य रूपमा छाप लगाउने र त्यसपछि मतपत्रलाई पट्याएर खुला ठाउामा राखिएका मतपेटिकामा खसाल्नु पर्ने मतदान सम्बन्धी नियमावलीले व्यवस्था गरेको पाइन्छ ।[७०६]

---

[७०६] **निर्वाचन सम्बन्धी ऐन-नियम सङ्ग्रह**, निर्वाचन आयोग, नेपाल, काठमाडौं, २०७०, पृ. २२ ।

### ७.२७ निर्वाचन आचार संहिता

वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि सम्पन्न भएको पहिलो आम निर्वाचनका लागि निर्वाचन आयोग र राजनीतिक सङ्गठन वा दलहरूको आपसी सहमतिमा निर्वाचन आचार संहिता तयार गरी जारी गरिएको थियो ।

### ७.२७.१ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८

बहुदलीय निर्वाचनमा राजनीतिक सङ्गठन वा दल, तिनका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले शान्तिपूर्ण निर्वाचन प्रक्रियाबाट जनताको प्रजातान्त्रिक मौलिक अधिकार प्रचलन र संरक्षण गरी जनता बिचको एकता, भातृत्व, स्वतन्त्रता र समानतामा आधारित समाजको स्थापना गर्ने लक्ष्य राखेको थियो । यही परिप्रेक्ष्यमा २०४८ वैशाख २९ गते हुने संसदीय आम निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन आयोगले निर्वाचन आचार संहिता तर्जुमा गरेको थियो । यो निर्वाचन आचार संहिता मुख्य रूपमा मूल आचरण र सामान्य आचरण गरी दुई भागमा विभाजन गरिएको थियो ।

**(क) मूल आचरण**

नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ताप्रति आँच आउन नदिने गरी निर्वाचन सञ्चालन गर्ने, नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली नागरिकलाई प्रदान गरेका आधारभूत मानव अधिकार सुरक्षित गर्ने, बालिग मताधिकार, संसदीय शासन व्यवस्था, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र र सक्षम न्यायपालिका, कानुनी राज्यले अङ्गीकार गरेका विषयहरू सबैले पालना गर्ने ।

राजनीतिक सङ्गठन वा दल, उम्मेदवारले जात, जाति, समुदाय, धर्म वा सम्प्रदायको आधारमा घृणा, द्वेष, अवहेलना र वैमनस्यता उत्पन्न हुने किसिमले काम नगर्ने ।

**(ख) सामान्य आचरण**

निर्वाचन कार्यक्रम निर्वाध रूपले सञ्चालन हुनसक्ने स्थितिको सिर्जना गर्नु राजनीतिक सङ्गठन वा दलहरूको कर्तव्य हुनेछ । निर्वाचन सम्बन्धी ऐन नियमहरूको पूर्ण परिपालना गर्नुपर्ने छ ।

निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा सुरक्षाकर्मीलाई सहयोग र सघाउ पुऱ्याउनु पर्नेछ । निर्वाचनमा खटिने कर्मचारीहरूलाई कसैले पनि आफ्नो प्रभाव पार्ने वा प्रभावमा राख्ने प्रयास गर्नु वा गराउनु हुँदैन ।

निर्वाचन प्रयोजनको लागि दर्ता भएका राजनीतिक सङ्गठन वा दलहरूले एकअर्काको राजनीतिक अधिकारप्रति सजग रही यसको प्रयोग र पालना गर्नु पर्दछ ।

मतदाताहरूलाई करकाप गरी आफ्नो पक्षमा मतदान गराउन लगाउनु हा्दैन ।

कसैले पनि अप्रिय र अशोभनीय तरिकाले नारा लगाउने, पोस्टर टास्ने, पुत्ला बनाउने वा जलाउने जस्ता कार्य गर्नु गराउनु हुँदैन ।

एकअर्को राजनीतिक दल वा उम्मेदवार परस्पर जुट्ने वा टकराव हुने गरी प्रचार-प्रसार गर्नु हुँदैन ।

वास्तविक मतदाताले मतदान गर्न पाउने अधिकारमा बाधा विरोध गर्नु हुँदैन ।

निर्वाचनमा असर पर्ने गरी उम्मेदवार वा निजका परिवारको चरित्र वा आचरण सम्बन्धी झुट्टा कुराको प्रचार वा आरोप लगाई चरित्र हत्या गर्नु हुँदैन ।

धार्मिक, पूरातात्विक, ऐतिहासिक भवन वा स्मारकमा कुनै पोष्टर, पम्प्लेट, पर्चा वा विज्ञापन टाँस्नु हुँदैन ।

एक राजनीतिक दल वा उम्मेदवारले पोस्टर टाँसेको स्थानमा अर्को राजनीतिक दल वा उम्मेदवारले त्यस्तो पोस्टर माथि आफ्नो पोस्टर टाँस्नु हुँदैन ।

मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मतदान कार्य सम्पन्न नभएसम्म निर्वाचन क्षेत्रभित्र प्रचार-प्रसार गर्नु हुँदैन ।

२०४८ सालको आम निर्वाचनमा विजयी भएका सांसद्हरूले विभिन्न कारणले राजीनामा दिई पद रिक्त हुन गएका निर्वाचन क्षेत्रहरूमा २०५० सालमा उपनिर्वाचन भएको थियो । यस निर्वाचनका लागि छुट्टै आचार संहिता जारी भएको थियो ।

### ७.२७.२ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, धाँधलिरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सत्तापक्ष, प्रतिपक्ष, राजैनीतक दल, उम्मेदवारहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विगतको आम निर्वाचनमा तयार पारिएको निर्वाचन आचार संहितालाई मान्यता प्राप्त राजनीतिक दलहरूसितको सहभागितामा आवश्यकता अनुसार परिमार्जन गरी वि.सं. २०५१ सालको आम निर्वाचनका लागि निर्वाचन आचार संहिता तयार गरेको थियो । यसरी तयार गरिएको आचार संहिताको पालना गर्नु सरकारी निकायहरू, पदाधिकारीहरू, सरकारी पक्ष, प्रतिपक्ष, राजनीतिक दल, उम्मेदवार लगायत सबै पक्षको कर्तव्य हुने व्यवस्था थियो ।

निर्वाचन आचार संहितालाई मुख्य रूपमा राजनीतिक दलहरू एवं स्वतन्त्र उम्मेदवारहरूले पालन गर्नुपर्ने आचरण र सरकारले पालन गर्नुपर्ने आचरण गरी दुई भागमा विभाजन गरिएको थियो ।

### ७.२७.२.१ राजनीतिक दल एवं स्वतन्त्र उम्मेदवारहरूले पालन गर्नुपर्ने आचरण

नेपालको राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ता माथि आघात पुग्ने कार्य गर्न हुँदैन ।

राजनीतिक सङ्गठन वा दल, उम्मेदवारले जात, जाति, समुदाय, धर्म वा सम्प्रदाय वा भाषाको आधारमा घृणा, द्वेष, अवहेलना र वैमनस्यता उत्पन्न हुने किसिमले कार्य गर्नु हुँदैन ।

कुनै राजनीतिक दल वा उम्मेदवारले अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा निजका परिवारको चरित्र हत्या हुने गरी प्रचार-प्रसार गर्नु गराउनु हुँदैन ।

निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षा अधिकारीहरूलाई सहयोग र सघाउ पुऱ्याउनु सबै दल तथा उम्मेदवारको कर्तव्य हुनेछ । निर्वाचनमा खटिने कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा कसैले कुनै डर, त्रास, धम्की दिई कर्तव्य पालना गर्नबाट बिचलित गराउनु हुँदैन ।

मतदाताको वास्तविक इच्छा विपरीत मतदान गर्न बाध्य गराउनु हुँदैन ।

प्रचार-प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट र संयमित हुनुपर्दछ । निर्वाचन सम्बन्धी ऐन नियमहरूको पूर्ण पालना गर्नु पर्दछ ।

उम्मेदवारले मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मतदान कार्य सम्पन्न नभएसम्म निर्वाचन क्षेत्रभित्र जुलुस, नारा वा अन्य कुनै प्रकारले प्रचार-प्रसार गर्नु हुँदैन ।

निर्वाचन आयोगबाट वितरित निर्वाचन सम्बन्धी प्रचार सामग्री वा सूचनाहरू विगार्न वा थपघट गर्न हुँदैन ।

वास्तविक मतदातालाई मात्र मतदान गराउन प्रोत्साहन गर्नु पर्छ ।

मतदान केन्द्र कब्जामा लिई मतपेटिका, मतपत्र लगायतका मतदान सामग्री जबर्जस्ती गरी हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

### ७.२७.२.२ सरकारले पालन गर्नुपर्ने आचरण

**क) आम सञ्चार**

सरकारी आमसञ्चारका माध्यमले कुनै पनि दल वा उम्मेदारप्रति कुनै किसिमको आग्रह वा पूर्वाग्रह नराखी संयमित तरिकाले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा सबै दललाई आफ्नो नीति, कार्यक्रम र विचार राख्ने अवसर दिनुपर्छ ।

आम मतदातालाई निर्धक्क भएर भोट दिन प्रोत्साहन दिने खालका श्रव्य/दृश्य तथा लेख्य सामग्री बढी मात्रामा प्रचार-प्रसार गर्नुपर्छ । भ्रम फैलाउने खालका सामग्रीहरू प्रचार-प्रसार गर्नु हुँदैन ।

कुनै दल वा व्यक्ति विशेषको पक्षमा मतदातालाई प्रभाव पार्ने किसिमका सामग्रीहरू तयार गरी प्रचार-प्रसार गर्नु हुँदैन ।

**ख) सरकारी साधन र सेवा**

निर्वाचन घोषणा भएपछि नियमित कार्यक्रमबाहेक नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, सुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने कार्य गर्नु हुँदैन ।

राष्ट्रसेवक कर्मचारीहरूलाई सत्तापक्षले आफ्नो पक्षको प्रचार-प्रसारको काममा लगाउनु हुँदैन ।

सरकारी काम र दलगत प्रचारको काम अलग-अलग भएकोले सरकारी सवारी साधन वा सम्पत्तीको प्रयोग कुनै पनि राजनीतिक दल वा उम्मेदवारको काममा गर्नु हुँदैन ।

निर्वाचनको काममा बाहेक कुनै पनि रिक्त पदमा नियुक्ति वा सरुवा वा काज खटाउने कार्य गर्नु हुँदैन । नयाँ पद सृजना गर्ने, तलव भत्ता बृद्धि गर्ने, ग्रेड पुरस्कार जस्ता सुविधा वा सहुलियत प्रदान गर्नु हुँदैन ।

अनुमति प्राप्त व्यक्तिबाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्र वा मतगणना स्थलमा जानु हुँदैन ।

आम निर्वाचन, २०५१ को लागि प्रकाशित भएको आचार संहितामा पनि उम्मेदारहरूले निर्वाचन प्रचार-प्रसारका समयमा खर्च गर्न पाउने रकमको सीमा तथा खर्च गर्न पाउने शीर्षकहरूको सीमाङ्कन गरिएको पाइँदैन ।

### ७.२७.३ २०५३ साल माघ ११ गते भएको उपनिर्वाचन

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ उपनिर्वाचन, २०५० र प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ मा जारी भएको निर्वाचन आचार संहिता निर्वाचन आयोग र राजनीतिक दलहरूको आपसी समझदारीमा निर्माण भई लागू भएको थियो भन्ने कुरा माथि नै उल्लेख गरियो । निर्वाचन आचार संहिता निर्माण गरी कानुनी रूपमा लागू गर्न नसकिरहेको अवस्थामा निर्वाचन तथा स्थानीय, निकाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा निर्वाचन आयोग ऐन, २०४७ मा २०५३ साल मङ्सिर १२ गते भएको संशोधनबाट दफा २४क र २४ख थप गरी निर्वाचन आयोगलाई आचार संहिता बनाउने र आचार संहिताको कार्यान्वयन तथा अनुगमन गर्ने कानुनी अधिकार प्राप्त भएको थियो ।

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क बमोजिम आयोगले राजनीतिक दलहरूको समेत सहमति लिई २०५३ साल माघ ११ गते भएको उपनिर्वाचनका लागि निर्वाचन आचार संहिता, २०५३ बनाई जारी गरेको देखिन्छ । यसअघि भएका आम निर्वाचन तथा उपनिर्वाचनमा निर्वाचन आयोग र राजनीतिक दलहरूको आपसी सहमति र समझदारी अनुसार आचार संहिता बनाई लागू भएको थियो । यस उपनिर्वाचनदेखि कानुनले दिएको अधिकार बमोजिम राजनीतिक दलको सहमति नलिई आचार संहिता निर्माण गर्न पाउने अधिकार दिए पनि राजनीतिक दलको सहमति लिई आयोगले आचार संहिता बनाई २०५३ साल मङ्सिर २३ गतेको नेपाल राजपत्रमा सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरेको थियो ।

#### ७.२७.३.१ निर्वाचन आचार संहिता २०५३

२०५३ माघ ११ गते सम्पन्न भएको उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ७६ को उपदफा (४) बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन अधिकृतलाई आफूले निर्वाचनमा खर्च गरेको रकमको विवरण तोकिएको ढाँचामा तयार गरी बुझाउनु पर्ने व्यवस्था थियो । खर्चको विवरण पेश नगरेमा त्यस्तो उम्मेदवारलाई निर्वाचन आयोगले निर्वाचन खर्चको लागि तोकिएको हद बराबरको रकम जरिवाना गर्नसक्ने अधिकार निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा १८ को उपदफा (५) ले दिएको थियो ।

निर्वाचन आचार संहिता, २०५३ ले उम्मेदवारहरूलाई निर्वाचनमा खर्च गर्न पाउने रकमको सीमा तोकेको थियो । खर्च रकमको सीमा तोक्दा ७५ जिल्लालाई चार वर्गमा विभाजित गरेको थियो । जस अनुसार 'क' वर्गमा (उपत्यकाका ३ जिल्ला) का लागि रू. २,७५,०००।-, 'ख' वर्गका लागि (तराइ क्षेत्रका २१ जिल्ला) रू.

२,३५,०००।-, 'ग' वर्गका लागि (पहाडी क्षेत्रमा पर्ने ४४ जिल्ला) रू. १,६५,०००।- र 'घ' वर्गका लागि (हिमाली क्षेत्रमा पर्ने ५ जिल्ला) रू. १,१५,०००।- निर्धारण गरेको थियो ।

निर्वाचन आचार संहिता, २०५३ जारी भएपछि पहिलो पटक निर्वाचन आयोगले निर्वाचन खर्चको विवरण नै पेश नगर्ने, खर्चको विवरण पेश गरे पनि अपूरो पेश गर्ने उम्मेदवारहरूलाई निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा १८ को उपदफा (५) बमोजिम जरिवाना गरी सो ऐनलाई कार्यान्वयनमा ल्याएको थियो । निर्वाचन आयोगबाट भएको यस्तो कारवाहीको राजनीतिक दल, उम्मेदवार, बुद्धिजीवी, नागरिक समाज, पत्रकार सवै वर्ग र क्षेत्रबाट स्वागत भएको थियो ।

### ७.२७.४ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६

२०५३ साल माघ ११ गते भएको उपनिर्वाचनको लागि जारी भएको निर्वाचन आचार संहिता, उक्त उपनिर्वाचनको समयमा देखिएका कमी कमजोरीहरूलाई पूरा गर्न वि.सं. २०५६ सालमा भएको निर्वाचनका लागि उपनिर्वाचनमा जारी भएको आचार संहितामा विभिन्न व्यवस्थाहरू परिमार्जन गरी समसामयिक बनाइएको थियो ।

सवारी साधनमा राजनीतिक दलको झण्डा र निर्वाचन चिह्न बढीमा १८x२२" साइजसम्मको कपडाको प्रयोग गर्न पाउने छ । जुलुसमा प्रयोग गर्ने झण्डा ६x१०" साइजसम्मको कागजको मात्र प्रयोग गर्न पाइने,

प्लास्टिकको कुनै पनि सामान प्रयोग गर्न नपाइने,

प्रचार-प्रसारको क्रममा कुनै पनि स्थानमा रङ वा इनामेलले लेख्न-लेखाउन नहुने व्यवस्था गरिएको थियो । यी थप व्यवस्थाले गर्दा सबै निर्वाचन क्षेत्रका उम्मेदवारहरूको प्रचार-प्रसारमा एकरूपता, तडकभडकरहित, अनावश्यक रूपमा रंग इनामेलको प्रयोग हुन नदिन सकारात्मक प्रभाव पारेको थियो ।

यस बाहेक उम्मेदवारले निर्वाचनका समयमा गरेको खर्चको विवरण राख्ने व्यवस्था गरी निर्वाचन खर्च सम्बन्धी विवरण फाराममा सामान्य परिमार्जन समेत गरेको थियो ।

## ७.२८ निर्वाचन कार्यक्रम

### ७.२८.१ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ को निर्वाचन कार्यक्रम

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ र २६ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ को लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गरेको थियो । उक्त निर्वाचन कार्यक्रम अनुसूची १७ मा दिइएको छ ।

### ७.२८.२ प्रतिनिधि सभा सदस्य निर्वाचन,२०५१ को निर्वाचन कार्यक्रम

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ र २६ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ को निर्वाचन कार्यक्रम प्रकाशित गरेको थियो । उक्त निर्वाचन कार्यक्रम अनुसूची १८ मा दिइएको छ ।

### ७.२८.३ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को निर्वाचन कार्यक्रम

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ र २६ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा निर्वाचन, २०५६ को लागि निर्वाचन कार्यक्रम प्रकाशित गरेको थियो । उक्त निर्वाचन कार्यक्रम अनुसूची १९ मा दिइएको छ ।

## ७.२९ मतदाता शिक्षा

नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ भएपछि सम्पन्न भएका संसदीय निर्वाचनहरूमा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम छुट्टै रूपमा सञ्चालन भएको थिएन । तर निर्वाचन आयोगले मतदाताहरूलाई आफ्नो मताधिकारको सही सदुपयोग गर्न अनुरोध गर्दै विभिन्न किसिमका पोस्टरहरू प्रकाशन तथा मतदाता शिक्षा सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन गर्नुका साथै मतदाताहरूले आफ्नो अधिकारको सदुपयोग गरून् भन्ने खालका पोस्टर पनि प्रकाशन गरेको थियो ।

आम निर्वाचन २०५६ सम्पन्न भएपछि निर्वाचन आयोगले मतदानप्रति मतदातालाई सचेत गराउनका लागि मतदाता सचेतना तथा जागरण कार्यक्रमको सुरुआत गरेको थियो ।

यो कार्यक्रम सञ्चालन गर्न National Democratic Institute (NDI) ले आर्थिक सहयोग गरेको देखिन्छ । वि.सं. २०५७ सालमा मतदाता जागरण पुस्तिका र निर्वाचन सम्बन्धी जानकारी पुस्तिका तयार गरी वितरण गरेको थियो । यी पुस्तिकाहरू जिल्ला निर्वाचन कार्यालय मार्फत वितरण गरिएको थियो । साथै मतदाता जागरण सम्बन्धी २० (वीस) वटा लघु नाटिका तयार गरी रेडियो नेपालबाट प्रसारण गरेको पनि थियो । यसैगरी Enabling

State Program (ESP) नामक बेलायती सहयोग अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रतिनिधि सभा सदस्य निर्वाचन २०५९ (पछि स्थगित) का लागि निर्वाचनप्रति मतदातालाई जागरुक बनाउने विभिन्न खालका नाराहरू भएका ५ किसिमका ठूलो साइजका पोस्टरहरू २,५०,००० थान प्रकाशित गरी सहयोग पुऱ्याएको थियो ।

मतदाताहरूलाई निर्वाचनप्रति सचेतता गराउनका लागि NDI को आर्थिक सहयोगमा नेपाल अधिराज्यका ७५ जिल्लामध्ये तत्कालीन समयमा खुलेका ३० जिल्लाका जिल्ला निर्वाचन कार्यालय मार्फत मतदाता सचेतना तथा जागरण कार्यक्रम सञ्चालन भएको थियो । यो कार्यक्रम तत् तत् जिल्लाका सदरमुकाममा २/२ दिन सञ्चालन भएको थियो । यस कार्यक्रममा राजनीतिक दल, नागरिक समाज, स्थानीय गैर सरकारी संस्था, महिला, जनजाति तथा दलित वर्गको सहभागिता रहेको थियो । वि.सं. २०५७ सालमा धनकुटा, मोरङ, सप्तरी, ललितपुर, रौतहट, मकवानपुर, रूपन्देही, पाल्पा, कास्की, बाँके, दाङ, सुर्खेत, डोटी, कैलाली र कञ्चनपुर गरी १५ जिल्लामा यो कार्यक्रम सञ्चालन भएको थियो । यस्तै २०५८ सालमा इलाम, झापा, सुनसरी, सिराहा, सर्लाही, महोत्तरी, धनुषा, भक्तपुर, बारा, पर्सा, चितवन, काठमाडौं, नवलपरासी, कपिलपस्तु र वर्दिया गरी १५ जिल्लामा सञ्चालन गरिएको थियो । पछि यो कार्यक्रम विस्तार हुँदै गई संविधान सभा सदस्य निर्वाचन, २०७० सम्म पनि उसैगरी क्रमशः बढ्दै गई हाल पनि यस्ता कार्यक्रमले निरन्तरता पाइरहेका छन् ।

## ७.३० संसदीय निर्वाचन पर्यवेक्षणको व्यवस्था

निर्वाचन पर्यवेक्षण गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था र व्यक्तिले सोको लागि निर्वाचन आयोगबाट स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि भएका संसदीय निर्वाचनहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट भएका निर्वाचन पर्यवेक्षणको सम्बन्धमा भएका कार्यहरूको सङ्क्षिप्त विवरण देहाय बमोजिम छ :

### ७.३०.१ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ को लागि तत्कालीन निर्वाचन आयुक्त ध्रुववरसिंह थापाको संयोजकत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको व्यवस्थापन गर्न निर्वाचन आयोगले एक समिति गठन गरेको थियो । वि.सं. २०४८ वैशाख २९ गते भएको आम निर्वाचनको पर्यवेक्षण गर्न विभिन्न २० राष्ट्रका उच्च स्तरीय पर्यवेक्षकहरू सम्मिलित भएका थिए ।

### ७.३०.२ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१

वि.सं. २०५१ कार्तिक २९ को निर्वाचनमा नेपाल मानव अधिकार सङ्गठन, मानव अधिकार संरक्षण मञ्च (मासम), अनौपचारिक सेवा केन्द्र (इन्सेक), नेपाल बाल अधिकार सरोकार केन्द्र (सिविन), यातना पीडित सराकोर केन्द्र (सिभिक्ट) र इन्हुरेड इन्टरनेशनलको संयुक्त पहलमा गठित राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, २०५१ (National Election Observation Committee, NEOC Nepal) लाई आम निर्वाचनको पर्यवेक्षणको लागि राष्ट्रिय समूहको रूपमा निर्वाचन आयोगले अनुमति दिएको थियो । साथै निर्वाचन आयोगमा सम्पर्क राख्ने नेपाल कानुन समाज र राष्ट्रिय जागरण मञ्चलाई NEOC सँग सम्पर्क, समन्वय र समझदारी राखी काम गर्न अनुमति दिएको थियो । अन्य संस्थाहरूले पनि निर्वाचन पर्यवेक्षण गर्न स्वीकृति माग गर्न आएमा NEOC सँग सम्पर्क राख्न सक्ने व्यवस्था गरेको थियो । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग सम्पर्क र समन्वय राख्न NEOC लाई नै निर्वाचन आयोगले स्वीकृति दिएको थियो ।

### ७.३०.३ प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ को संयुक्त अधिराज्य, डेनमार्क, फ्रान्स, जापान, नेदरल्याण्ड, संयुक्त राज्य अमेरिका र एनफ्रिल (क्षेत्रीय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था) आदिका १०० जना अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निर्वाचनको पर्यवेक्षण गरेका थिए ।

यसैगरी आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (GEOC/NEPAL), राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नेपाल (NEOC/Nepal), मानव अधिकार तथा शान्ति समाज, प्रजातान्त्रिक विचार समाज नेपाल, नागरिक सजगता एवं सामाजिक अध्ययन केन्द्र नेपाल (CCAS), स्वतन्त्र निर्वाचन पर्यवेक्षण समिति नेपाल (INEC) जस्ता राष्ट्रिय संस्थाहरूका करिब १५०० नेपाली पर्यवेक्षकहरूले निर्वाचनको पर्यवेक्षण गरेका थिए ।

***

परिच्छेद आठ

# संविधान सभा सदस्य निर्वाचन, २०६४

परिच्छेद आठ

# संविधान सभा सदस्य निर्वाचन, २०६४

## ८.१ पृष्ठभूमि

प्रजातन्त्रको अभ्युदयसँगै वि.सं. २००७ साल फागुन ७ गते तत्कालीन राजा त्रिभुवनबाट भएको घोषणामा "...औ हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होवोस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले..." भन्ने उल्लेख थियो ।[७७] २००७ साल चैत्र २९ गते जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ को प्रस्तावनामा समेत राजाको उक्त घोषणाको पुनरुक्ति गर्दै विधान सभाको निर्वाचन सम्पन्न गर्ने बारे उल्लेख गरिएको थियो । तर प्रजातन्त्रको अभ्युदयसंगै देशमा राजनीतिक अस्थिरता एकसाथ पनि चलिरह्यो । आफ्ना नागरिकका माझ विधान सभाको निर्वाचनको बाचा गरेका राजा त्रिभुवनको २०११ साल फागुनमा देहावसान भएपछि घटनाले अर्कै मोड लियो । नयाँ राजा महेन्द्रले निर्वाचनको मिति सकभर टार्दै गए । फलतः विभिन्न व्यक्तिको प्रधानमन्त्रित्वमा मन्त्रिपरिषदको गठन र विघटनको क्रम चलिरह्यो । सात वर्षको अल्प अवधिमा आठवटा सरकार गठन भए । निर्वाचनको मिति घोषणाकै लागि राजनीतिक आन्दोलनहरू भए । यसै क्रममा २०१४ साल माघ १९ मा राजाबाट २०१५ साल फागुन ७ गते संविधान सभाको सट्टा संसद्को निर्वाचन सम्पन्न गर्ने घोषणा भयो र २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ जारी भयो । यसै अनुरूप २०१५ साल फागुन ७ गतेदेखि संसद्का लागि आमनिर्वाचन (प्रतिनिधि सभाको लागि) प्रारम्भ भयो । नेपालको अन्तरिम शासन विधान, २००७ अनुरूप विधान सभाको निर्वाचन सम्पन्न गर्ने र आफ्नो संविधान आफैँ निर्माण गर्ने नेपाली जनताको चाहना अधुरै रह्यो ।

आफ्नो संविधान आफैँ लेख्ने जनचाहना पूरा गर्न नेपाली जनताले समय समयमा जनआन्दोलन, जनयुद्ध गर्नुपर्‍यो । राष्ट्रले जनधनको ठूलो क्षति सहनु पर्‍यो । अन्ततः २०६२ साल चैत्र २४ गतेबाट सुरु भएको जनआन्दोलन-२ ले मूलुकमा ठूलो राजनीतिक परिवर्तन ल्याइदियो । आन्दोलनरत नेपाली जनताले विजय प्राप्त गरे । विघटित प्रतिनिधि सभा २०६३ साल वैशाख ११ गते पुनर्स्थापित भयो । मूलुक लोकतन्त्रको स्थापनासँगै संविधान सभाबाट नयाँ संविधान निर्माण गर्ने मार्गमा अग्रसर भयो । यद्यपि यो यात्रा सहज भने

[७७] गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण (भाग-१), तेस्रो संस्करण, ध्रुव देवकोटा, २०५८

रहेन । तर अनेकौं कठिनाइ पार गर्दै मूलुकले २०७२ साल असोज ३ गते संविधान सभाबाट निर्मित नेपालको संविधान प्राप्त गर्न सफल भयो ।

मूलुकमा शान्ति स्थापना गरी २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धता सहित नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच २०६३ साल मार्ग ५ गते विस्तृत शान्ति सम्झौतामा र २०६३ साल मङ्सिर २२ गते हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौतामा हस्ताक्षर भयो । उक्त सम्झौता सम्बन्धी विषय २०६३ साल माघ १ गते जारी नेपालको अन्तरिम संविधान, २०६३ को अभिन्न अङ्गको रूपमा संविधानको अनुसूची-४ र अनुसूची -३ मा समावेश गरिएको छ ।

## ८.२ प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति

जनआन्दोलन-२ को सफलतासँगै २०६३ साल वैशाख ११ गते प्रतिनिधि सभाको पुनर्स्थापना भयो । आन्दोलनका सहयात्री सात राजनीतिक दल र २०५२ सालदेखि सशस्त्र द्वन्द्वको सञ्चालन गर्दै आएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच "...मूलुकमा विगत १० वर्षदेखि जारी सशस्त्र द्वन्द्व अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्ने र पूर्ण लोकतन्त्र स्थापना गरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय आदि समस्याको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै संविधान सभाको निर्वाचन गर्ने लगायतका विषयमा २०६३।३।२ मा सहमति भएको थियो । सोही सम्झौतामा उल्लेख भए बमोजिम संविधान सभाको निर्वाचनलाई दृष्टिगत गरी निर्वाचन आयोगमा तत्काल रिक्त प्रमुख आयुक्त पदमा भोजराज पोखरेलको मिति २०६३।७।१३ मा नियुक्ति भयो ।"[७०८]। यसै गरी २०६३ सालको कार्तिक २३ गते अरू दुईजना उषा नेपाल र नीलकण्ठ उप्रेतीलाई निर्वाचन आयुक्तको पदमा नियुक्त गरियो । यसको दुई महिनापछि २०६३ साल पुस २७ गते नेपाल सरकारले फेरि अरू दुईजना दोलख बहादुर गुरुङ र डा. अयोधीप्रसाद यादवलाई निर्वाचन आयुक्तको पदमा नियुक्त गरी आयोगलाई पूर्णता दियो । आयोगले पूर्णता पाएलगत्तै संविधान सभा सदस्य निर्वाचनको तयारीले तीव्रता पाई अगाडि बढ्यो ।

## ८.३ नेपालको अन्तरिम संविधानमा निर्वाचन आयोग

निर्वाचन आयोग संविधान सभा सदस्यको निर्वाचनको तयारीमा जुट्दै गर्दा २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । मूलुकमा शान्ति स्थापना गरी २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धता सहित नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच २०६३

[७०८] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

साल मार्ग ५ गते विस्तृत शान्ति सम्झौतामा र २०६३ साल मङ्सिर २२ गते हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौतामा हस्ताक्षर भयो । उक्त सम्झौता सम्बन्धी विषय २०६३ साल माघ १ गते जारी नेपालको अन्तरिम संविधान, २०६३ को अभिन्न अङ्गको रूपमा संविधानको अनुसूची-४ र अनुसूची -३ मा समावेश गरिएको छ ।

संवैधानिक निकायको रूपमा रहँदै आएको आयोगको हैसियतलाई संविधान सभाको निर्वाचन समेत गर्ने विशेष जिम्मेवारीका साथ अन्तरिम संविधानले पनि निरन्तरता दियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १४ को धारा १२८ ले आयोगलाई संवैधानिक निकायको रूपमा व्यवस्था गर्दै संविधान सभा, जनमत सङ्ग्रह र स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, यी निर्वाचनको प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने र संविधान सभा सदस्यको निर्वाचनको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवारको योग्यताका बारे प्रश्न उठेमा सोको निर्णय गर्ने जिम्मेवारी प्रदान गरेको थियो ।

संविधानले आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अरू चारजनासम्म निर्वाचन आयुक्तहरू रहने व्यवस्था गरेको थियो । संविधानले संवैधानिक परिषद्को सिफारिसमा प्रधानमन्त्रीले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति गर्न सक्ने व्यवस्था गरेको थियो । तर संविधान सभा सदस्य निर्वाचन सम्पन्न गराउने मुख्य अभिभारा तोकी नियुक्त गरिएका प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल र अन्य आयुक्तहरू उषा नेपाल, नीलकण्ठ उप्रेती, दोलख बहादुर गुरुङ र डा. अयोधीप्रसाद यादवको नियुक्ति यो संविधान प्रारम्भ नहुँदै संवैधानिक परिषद्को सिफारिसमा राष्ट्र प्रमुखको जिम्मेवारी समेत सम्हालेका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट भएको थियो ।

### ८.३.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

संविधानले धारा १२९ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरेको थियो-

(१) संविधान र अन्य कानुनको अधीनमा रही संविधान सभा, धारा १५७ बमोजिम हुने जनमत सङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(२) सविधान सभा, जनमत सङ्ग्रह र स्थानीय निकायको निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने,

(३) संविधान सभा सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

### ८.३.२ आयोगको साङ्गठनिक संरचना

आयोगको कार्य सम्पादनमा आवश्यक सहयोग गर्न र आयोगबाट भएका निर्णय कार्यान्वयनका लागि केन्द्रमा एक सचिवालय र ७५ जिल्लामा जिल्ला निर्वाचन कार्यालय रहेका थिए । जिल्लास्थित ७५ कार्यालय मध्ये मोरङ, काठमाडौ, कास्की, बाँके र कैलालीका जिल्ला निर्वाचन कार्यालयलाई संविधान सभा सदस्य निर्वाचन प्रयोजनका लागि सम्बन्धित क्षेत्र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयको समन्वय समेतको जिम्मेवारी दिई क्षेत्रीय स्रोतकेन्द्रको रूपमा उपयोग गरिएको थियो ।

राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा रहने आयोगको केन्द्रीय सचिवालयमा विभिन्न श्रेणीका १०९ जना कर्मचारीको दरवन्दी रहेको थियो । त्यसै गरी ७५ जिल्ला निर्वाचन कार्यालयको कार्यालय प्रमुखमा राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृतको नेतृत्वमा ४७४ कर्मचारी कार्यरत थिए ।

केन्द्रीय सचिवालयको कार्य सम्पादनका लागि प्रशासन महाशाखा, मतदाता नामावली महाशाखा र कानुन तथा राजनीतिक दलदर्ता महाशाखा र यी महाशाखा अन्तर्गत प्रशासन शाखा, निर्वाचन शाखा, आर्थिक प्रशासन शाखा, मतदाता नामावली शाखा, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, कम्प्युटर, प्रेस तथा फोटोकपि शाखा र कानुन तथा राजनीतिक दल दर्ता शाखा गरी विभिन्न ७ वटा शाखा रहेका थिए ।

## ८.४ संविधान सभा सदस्य निर्वाचनको तयारी

### ८.४.१ निर्वाचन आयुक्तहरूको कार्य विभाजन

संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्न गर्नुपर्ने तयारी लगायत आयोगबाट सम्पादन गरिने अन्य कार्यहरूको व्यवस्थापनको लागि प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको कार्य विभाजन गरिएको थियो । यस सम्बन्धी विवरण अनुसूची २० मा दिइएको छ ।

### ८.४.२ आयोगको कार्यविधि

निर्वाचन आयोगले सम्पादन गर्ने कार्य व्यवस्थित रूपमा सम्पादन गर्न आयोगले मिति २०६३/०७/२६ मा आफ्नो कार्यविधि पारित गरी लागू गरेको थियो । कार्यविधिका बुँदाहरू देहाय बमोजिम थिए-

(१) कार्य विभाजनमा परेका विषयहरूका बारेमा आयोगले गरेका नीतिगत निर्णयका अधीनमा रही कार्य सञ्चालन गर्ने,

(२) आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने तथा सोको जानकारी आयोगलाई गराउने,

(३) कार्य विभाजनमा तोकिएका कार्यहरू सम्पादन गर्दा गराउँदा आयोगका सचिवले कार्य विषयसँग सम्बन्धित आयुक्तसँग परामर्श एवं छलफल गरी निर्णय प्रक्रिया र कार्यान्वयनमा लैजाने,

(४) कार्य विभाजनमा परेका विषयसँग सम्बन्धित कार्यहरूको निरीक्षण र अनुगमनको कार्य सम्बन्धित पदाधिकारीहरूबाट हुने,

(५) निर्णयको कार्यान्वयनमा कुनै द्विविधा वा बाधा अड्काउ पर्न आएमा आयोगबाट निर्देशन भए बमोजिम गर्ने ।

### ८.४.३ विषय समिति

संविधान सभा सदस्य निर्वाचनको सिलसिलामा आयोगले सम्पन्न गर्नुपर्ने निर्वाचनसँग सम्बन्धित कार्यहरूको सम्पादनमा विषयगत सल्लाहको लागि एक जना निर्वाचन आयुक्तको संयोजकत्वमा विषयगत समितिहरू गठन गरिएको थियो । यस्ता विषयगत समिति ९ वटा थिए । एकै जना आयुक्तले आवश्यकता अनुसार एकभन्दा बढी समितिको संयोजन गरेका थिए । यी समितिमा सम्बन्धित विषयका राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञलाई समावेश गर्ने व्यवस्था मिलाइएको थियो । गठन गरिएका समिति र सोको संयोजन गर्ने निर्वाचन आयुक्तको नाम अनुसूची २१ मा दिइएको छ ।

### ८.४.४ निर्वाचनको समयमा स्थापना गरिएका एकाइहरू

निर्वाचनको समयमा आयोगले नियमित प्रकृतिका अलावा विभिन्न विशिष्ट प्रकृतिका कार्य सम्पादन गर्नुपर्ने हुन्छ । यसका लागि आयोगको मौजुदा संगठन संरचनामा रही कार्य गर्ने महाशाखा/शाखाका अलावा थप एकाइ र उक्त एकाइबाट सम्पादन गरिने कामका लागि विशिष्ट ज्ञान, सीप भएका जनशक्तिको आवश्यक महसुस गरी सविधान सभा सदस्य निर्वाचनको लागि पनि आयोगले मौजुदा महाशाखा र शाखाको कार्य विवरणमा परेको भन्दा फरक कार्यको सम्पादनका लागि देहायका पन्ध्रवटा एकाइ स्थापना गरी कार्य सम्पादन गरेको थियो । यी एकाइहरूमा आयोगमा कार्यरत कर्मचारी र अन्यत्र निकायहरूवाट काजमा ल्याइएका कर्मचारीहरूलाई खटाइएको थियो । संविधान सभा निर्वाचनका लागि आयोगको केन्द्रीय सचिवालय र अन्तर्गतका एकाइमा काम गर्न विभिन्न निकायबाट १३६ जना कर्मचारी काजमा ल्याइएको थियो ।

(१) जिल्ला सम्पर्क तथा समन्वय एकाइ

(२) समानुपातिक निर्वाचन एकाइ

(३) विद्युतीय मतदान एकाइ

(४) मतपत्र डिजाइन एकाइ

(५) पर्यवेक्षण श्रोत केन्द्र

(६) प्रहरी सञ्चार एकाइ

(७) मतदाता शिक्षा एकाइ

(८) निर्वाचन जनशक्ति एकाइ

(९) मतदाता नामावली र मतदाता निमन्त्रणा कार्ड व्यवस्थापन एकाइ

(१०) संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC)

(११) आचार संहिता कार्यान्वयन एवं उजुरी एकाइ

(१२) मिडिया सेन्टर

(१३) तालिम अनुगमन एकाइ

(१४) निर्वाचन सामग्री र मतदाता शिक्षा सामग्री व्यवस्थापन एकाइ

(१५) अनुगमन एकाइ

## ८.५ नेपालमा निर्वाचन प्रणालीको प्रयोग

नेपालमा वि.सं. २०१५ सालमा सम्पन्न आमनिर्वाचनदेखि नै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रयोग हुदै आएको हो । सबैभन्दा धेरै सदर मत जसले प्राप्त गर्छ उही उम्मेदवार निर्वाचित हुने यो प्रणाली अरूभन्दा सरल भएकोले लामो समयदेखि प्रयोगमा रहँदै आयो । वि.सं.२०६२।६३ मा सम्पन्न जनआन्दोलनपछि संविधान सभाको निर्वाचनका लागि कुन निर्वाचन प्रणाली अपनाउने भन्ने बारे चलेका बहसपछि मात्रै नेपालमा निर्वाचन प्रणालीको विविधता बारे चर्चा हुन थालेको हो । संविधान सभा मूलुकको इतिहासमै एक पटक आउने विषय हो भन्ने मान्यताका कारण मूलुकका सम्पूर्ण महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रका नागरिकको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ भन्ने आवाज मुखरित भयो । प्रमुख राजनीतिक दलहरू यसमा सहमत भए । फलतः संविधान सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी मिश्रित निर्वाचन प्रणालीलाई अङ्गीकार गरियो ।

### ८.५.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

यो प्रणाली बढी मत वा बहुमत प्रणाली परिवार अन्तर्गत पर्ने प्रणाली हो । यो प्रणालीमा मूलुकलाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ । एक निर्वाचन क्षेत्रमा एकभन्दा धेरै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्छन् । मतदाताले कुनै एकजना उम्मेदवारलाई मतदान गर्छन् । यस प्रणालीमा सबैभन्दा धेरै सदर मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छन् । यो प्रणाली मुख्यतया संयुक्त अधिराज्य बेलायतद्वारा प्रभावित भएका मूलुकहरूमा पाइन्छ । त्यसैले यस प्रणालीलाई वेष्ट मिनिष्टर सिस्टम पनि भनिन्छ । [७०९]

### ८.५.२ समानुपातिक निर्वाचन प्रणाली

यो प्रणालीमा मतदाताले राजनीतिक दललाई मत दिन्छन् । जुन राजनीतिक दलले कुल जति मत प्राप्त गर्छ विधायिकामा करिब त्यतिनै अनुपातमा सीट प्राप्त गर्दछ । यो प्रणालीको प्रयोगले साना राजनीतिक दलको प्रतिनिधित्वको अवसरलाई समेत सुनिश्चित गर्छ । यसले समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गरेको हुन्छ । यस अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रणाली र एकल सङ्क्रमणीय मत प्रणाली पर्दछन् । सूचीमा आधारित समानुपातिक प्रणाली अन्तर्गत पनि बन्दसूची प्रणालीमा आधारित समानुपातिक प्रणाली र खुला सूची प्रणालीमा आधारित समानुपातिक प्रणाली पर्दछन् ।

## ८.६ संविधान सभाको गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा संविधान सभाको गठन सम्बन्धी व्यवस्था गरिएको थियो । संविधानले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम २०५ निर्वाचन क्षेत्रबाट निर्वाचित हुने २०५ जना सदस्य, समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने २०४ जना सदस्य र १६ जना मनोनीत गरी ४२५ सदस्य रहेको संविधान सभाको गठन हुने व्यवस्था गरेको थियो ।

प्रत्यक्ष निर्वाचनतर्फको प्रतिनिधित्व बढाउने उद्देश्यले संविधानले नै २४० निर्वाचन क्षेत्र कायम रहने व्यवस्था गरेको थियो । संविधान संशोधन गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि सो सङ्ख्या २०४ बाट २४० पुऱ्याइयो ।[७१०] त्यसै गरी राष्ट्रिय जीवनका

---

[७०९] डा. अयोधीप्रसाद यादव, निर्वाचन प्रणालीको संक्षिप्त रुपरेखा (नेपालको सन्दर्भ), अशोक कुमार यादव, २०६४

[७१०] संविधान सभा सदस्य निर्वाचन, २०६४, निर्वाचन परिणाम पुस्तिका, २०६५, निर्वाचन आयोग नेपाल

महत्वपूर्ण व्यक्तित्वहरू मध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनीत हुने १७ जना गरी जम्मा ४९७ सदस्यीय संविधान सभा गठन हुने व्यवस्था गरियो ।

२०६४ साल जेठमा हुने भनिएको संविधान सभा सदस्य निर्वाचनका लागि आवश्यक कानुन तर्जुमा हुन नसकेका कारण २०६३ साल चैत्रको अन्तिमसम्म पनि निर्वाचनको मिति घोषणा हुन नसकेपछि घोषित अवधिभित्र निर्वाचन सम्पन्न हुन सकेन । अर्कोतर्फ संविधानको दोस्रो संशोधनले संविधान सभाको गठन सम्बन्धमा गरेको उल्लिखित व्यवस्थापछि पनि राजनीतिक दलहरू बिच संविधान सभा गठनका लागि व्यवस्था गरिएको निर्वाचन प्रणाली सम्बन्धी विवाद कायमै रह्यो । अन्ततः २०६४।९।१३ मा अन्तरिम व्यवस्थापिका संसद्बाट संविधानको तेस्रो संशोधन गरी संविधान सभाको गठनसम्बन्धमा निम्न व्यवस्था गरी ६०१ सदस्यीय संविधान सभा गठन हुने व्यवस्था भयो- :

(क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसङ्ख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य सङ्ख्या बिचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भए बमोजिम दुईसय चालीस निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित दुई सय चालीस सदस्य,

(ख) सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने तीनसय पैंतिस सदस्य,

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र उल्लिखित दुईवटा निर्वाचन प्रणालीका निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति मध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने छब्बीस जना सदस्य ।

संविधान सभाको कुल सदस्य सङ्ख्या यसरी छ सय एक बनाइएको थियो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनबाट निर्वाचित हुने दुई सय चालीस सदस्यको लागि निर्वाचन क्षेत्र कायम गर्ने सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ मा पहिलो संशोधन गरी थप भएको उपधारा (३क) ले निर्वाचन क्षेत्र निर्धारण गर्दा २०५६ सालमा कायम प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदाका बखत कायम रहेका प्रशासकीय जिल्लाका निर्वाचन क्षेत्रको सङ्ख्या यथावत राखी हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या वृद्धिको आधारमा निर्वाचन क्षेत्र बृद्धि गरिने र त्यसरी निर्वाचन क्षेत्र निर्धारण

गर्दा मधेशको जनसङ्ख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्रको सङ्ख्या कम भएमा मधेशका प्रशासकीय जिल्लाको निर्वाचन क्षेत्र बृद्धि गरिने व्यवस्था गरेको थियो ।[७११]

यस संवैधानिक व्यवस्था अनुरूप निर्वाचन क्षेत्रको निर्धारण गर्दा विभिन्न जिल्लामा कायम निर्वाचन क्षेत्रको विवरण अनुसूची २२ मा दिइएको छ ।

## ८.७ समानुपातिक निर्वाचन प्रणालीका लागि बन्दसूचीको व्यवस्था

संविधान सभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्दा र निर्वाचनमा दललाई प्राप्त मतको आधारमा निर्वाचित उम्मेदवारको नामावली निर्वाचन आयोगमा पेश गर्दा समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि जनसङ्ख्याको अनुपातका आधारमा विभिन्न समुदायका लागि निश्चित प्रतिशत निर्धारण गरी तदनुरूप गर्नुपर्ने कानुनी व्यवस्था गरिएको थियो । यस अनुसार मधेशीबाट ३१.२ प्रतिशत, दलितबाट १३ प्रतिशत, उत्पीडित जाति/आदिवासी जनजातिबाट ३७.८ प्रतिशत, पिछडिएको क्षेत्रबाट ४ प्रतिशत तथा अन्यबाट ३०.२ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था थियो ।

संविधान सभामा महिला प्रतिनिधित्वको सङ्ख्यालाई अभिवृद्धि गर्नका लागि यी सबै समूहमा महिला उम्मेदवारको सङ्ख्या कम्तीमा ५० प्रतिशत हुनुपर्ने व्यवस्था समेत गरिएको थियो, जुन आफैँमा एक महत्वपूर्ण उपलब्धि थियो ।

यसै गरी निर्वाचनमा कुनै दलले बन्दसूची पेश गर्दा ३० प्रतिशतभन्दा कम उम्मेदवारको नाम पेश गरेको रहेछ भने त्यस्ता दललाई महिला र पुरुषको उम्मेदवारी प्रतिशत ५०-५० गर्नुपर्ने बाहेक अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई कानुनद्वारा निर्धारित कोटा अनुसार समानुपातिक सूची पेश गर्नुपर्ने व्यवस्था रहेको थियो । विभिन्न समूहको प्रतिनिधित्वको सुनिश्चितताको लागि माथि उल्लेख गरे बमोजिम छुट्टयाइएको प्रतिशतको कुल १०० भन्दा बढी हुन आउने भए पनि कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्न सक्ने अवस्था रहने हुँदा कुल १०० ननाघ्ने गरी व्यवस्था गरिएको थियो ।

## ८.८ नयाँ निर्वाचन मितिको घोषणा

नेपालको अन्तरिम संविधान, २०६३ ले संविधान सभा सदस्यको निर्वाचन २०६४ साल जेठ महिनाभित्र सम्पन्न गर्ने उल्लेख गरेको थियो । यद्यपि जेठ महिनाको कति गते सम्पन्न गर्ने भन्ने बारे संविधान मौन थियो । संविधानतः निर्वाचनको मिति तोक्ने अधिकार पनि नेपाल सरकारमा नै निहित थियो । यसै सिलसिलामा संविधान सभा निर्वाचनको तयारी कार्य

[७११] नेपालको अन्तरिम संविधान, २०६३

अगाडि बढाउन निर्वाचन आयोगलाई २०६३ साल पुस १० गते सरकारबाट लिखित आग्रह गरियो ।

आयोगले निर्वाचनको तयारी र निर्वाचन सम्पन्न गर्न चाहिने कानुन तर्जुमाको प्रक्रियालाई अगाडि बढायो । मतदाताको सूची तयार गर्न आवश्यक मतदाता नामावली सम्बन्धी ऐन अन्तरिम व्यवस्थापिका संसद्बाट २०६३ साल पुस १४ गते र यस सम्बन्धी नियमावली आयोगबाट २०६३ साल पुस १६ गते जारी भए । फलतः आयोगले मतदाता नामावली तयार गर्ने कार्य तत्काल अगाडि बढाई निर्वाचनको तयारीलाई तीब्रता दियो । यसपछि २०६३ को चैत्र १२ गते निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न बनेको निर्वाचन आयोग ऐन, २०६३ जारी भयो । यसले निर्वाचनको तयारी अगाडि बढाउन आयोगलाई थप सहज बनायो । तर संविधानमा उल्लिखित मिश्रित निर्वाचन प्रणाली बमोजिम संविधान सभा सदस्य निर्वाचनको लागि गर्नुपर्ने आवश्यक नीतिगत व्यवस्था सहितको ऐन तर्जुमामा ढिलाइ भयो । निर्वाचन सम्बन्धी कानुन निर्माण गर्न आयोगले राजनीतिक दल र सरोकारवालाहरूसँग व्यापक छलफल गरी उपयुक्त सुझाव समेट्ने अभ्यास अवलम्बन गर्ने गरे अनुरूप यो कानुन निर्माणका लागि पनि राजनीतिक दलहरूसँग अन्तरक्रिया गरी २०६३ सालको माघ मसान्तसम्ममा धारणा उपलब्ध गराइदिन आग्रह गरेको थियो । तर समयमा यस सम्बन्धी धारणा प्राप्त नहुँदा संविधान सभा सदस्य निर्वाचन सम्बन्धी ऐनको मसौदा २०६३ साल फागुन २४ मा मात्र पेश हुन सक्यो ।

निर्वाचनका लागि आवश्यक कानुनी व्यवस्था गरिदिन र निर्वाचनको मिति तोकिदिन नेपाल सरकार, अन्तरिम संसद्सँग आयोगबाट पटकपटक अनुरोध भए पनि कानुनी व्यवस्था हुन सकेन र निर्वाचनको मिति समेत घोषणा भएन । निर्वाचनका लागि आवश्यक कानुनी पूर्वाधार तयार नभएको, निर्वाचन क्षेत्रको निर्धारण समेत हुन नसकेको, निर्वाचन प्रणाली र यस सम्बन्धी नीतिगत व्यवस्था स्पष्ट हुन नसकेको अवस्थामा निर्वाचनको अन्तिम तयारी अगाडि बढाउन सकिने अवस्था नरहेपछि अन्ततः आयोगले निर्वाचन सम्बन्धी ऐन प्राप्त भएपछि मतदान हुने दिनसम्म पुग्न न्यूनतम ११० दिन लाग्ने भएकाले २०६४ जेठ महिनाभित्र संविधान सभा सदस्यको निर्वाचन सम्पन्न गर्न नसकिने हुँदा सबैलाई उपयुक्त हुने समयमा मतदान गर्ने गरी निर्वाचनको नयाँ मिति घोषणा गर्न नेपाल सरकारलाई २०६३ सालको चैत्र २९ गते लेखी पठायो र सोको भोलिपल्ट यस विषयमा आयोगमै पत्रकार सम्मेलन गरी सार्वजनिक जानकारी गराइयो ।

आयोगको यो अनुरोधपछि सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) रहेको उच्च राजनीतिक संयन्त्रले २०६४ साल असारमा संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्ने व्यवस्था गर्न सरकारलाई सिफारिस गर्‍यो । अन्तरिम संविधानमा संशोधन गरी २०६४ सालको मङ्सिरमा संविधान सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने व्यवस्था भयो । यसै सिलसिलामा निर्वाचन सम्बन्धी आवश्यक ऐन पारित भएपछि २०६४ साल मङ्सिर ६

गते मतदान हुने गरी निर्वाचन सम्पन्न गर्ने भनी नेपाल सरकारले २०६४ साल असार १० को निर्णयले निर्वाचन मितिको घोषणा गऱ्यो ।

## ८.९ मङ्सिर ६ गतेको निर्वाचन स्थगन

निर्वाचन आयोगले २०६४ साल मङ्सिर ६ गतेका लागि तोकिएको निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको थियो । निर्वाचन कार्यक्रम समेत प्रकाशन भई तदनुरूप निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गरिसकिएका थिए । समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रणालीको सञ्चालनका लागि आयोगका सचिवलाई निर्वाचन अधिकृत तोकी आयोगको सचिवालयमा निर्वाचन अधिकृतको कार्यालय र अलग्गै समानुपातिक निर्वाचन एकाइको स्थापना गरिएको थियो । यसरी निर्वाचनको तयारी भइरहेकै बेला सरकारमा सामेल प्रमुख राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी) भने निर्वाचन प्रणालीको विषयलाई लिएर आन्दोलनमा थियो । आन्दोलनको मुख्य माग निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्ने भन्ने थियो । निर्वाचन प्रणालीको विषय फेरि नयाँ मोडमा आइपुगेको थियो । निर्वाचन प्रणाली बारेको मागमा राजनीतिक सहमति कायम हुन नसकेपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) २०६४ साल असोज १ गते सरकारबाट बाहिरियो । यो घटनाले निर्वाचनको तयारीका लागि सञ्चालन भइरहेका निर्वाचन अधिकृतको तालीम लगायतका बाँकी क्रियाकलाप र स्थानीय स्तरमा सञ्चालन भइरहेका मतदाता शिक्षा कार्यक्रमहरूमा समेत असर पर्न थाल्यो ।

आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रम अनुसार समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका लागि आयोगमा बन्दसूची पेश गर्न २०६४ असोज १३ गतेको मिति निश्चित गरिएको थियो । यसै दिन नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट सात राजनीतिक दल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र शीर्ष नेताहरूको बैठकले सिफारिस गरे अनुसार निर्वाचन कार्यक्रमलाई ७ दिन पर सार्न अनुरोध भई आएपछि आयोगको सोही मितिको निर्णयले दुवै प्रणालीका लागि पूर्व निर्धारित निर्वाचन कार्यक्रम संशोधन गरी पाँच दिन पर सारी संशोधित निर्वाचन कार्यक्रम प्रकाशित गरियो । यस अनुरूप समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने मिति २०६४ साल असोज १८ गतेका लागि कायम गरियो ।

नेपाल सरकारको आग्रह अनुरूप निर्वाचन कार्यक्रम पर सारे पनि यो समय सीमाभित्र राजनीतिक सहमति जुट्न सकेन । यिनै कारण देखाई २०६४ साल असोज १८ गते नेपाल सरकारबाट आयोगलाई निर्वाचन स्थगित गरिदिन अनुरोध भई आएपछि आयोगले सोही दिन २०६४ साल मङ्सिर ६ गते हुने गरी यसअघि निश्चित गरिएको निर्वाचनका सम्पूर्ण कार्यक्रम तत्काल स्थगित गर्ने निर्णय गरी सञ्चार माध्यमबाट भइरहेका निर्वाचन प्रचार-प्रसार सम्बन्धी सबै कार्यक्रम स्थगित गर्ने, निर्वाचन कार्यक्रम रद्द गरी मुख्य निर्वाचन

अधिकृत र निर्वाचन अधिकृतहरूलाई फिर्ता बोलाउने, निर्वाचन आचार संहिता लागू गर्ने गरी प्रकाशित सूचना र निर्वाचनको व्यवस्थानका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न गरिएका टेण्डर सम्बन्धी सूचना खारेज गर्ने, तालिमका सम्पूर्ण कार्यक्रम रद्द गर्ने, मतदाता शिक्षा कार्यक्रम स्थगित गर्ने, मतपत्र छपाइ गर्ने कार्य रोक्ने, काजमा ल्याइएका जनशक्ति फिर्ता गर्ने र आर्थिक दायित्व सिर्जना हुने सबै कार्य रोक्ने समेतका निर्णय गरी कार्यान्वयन गऱ्यो ।

## ८.१० निर्वाचन मितिको पुनः घोषणा

पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने माग राखी आन्दोलरत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र अन्य केही दलले यस सम्बन्धी विरोध कार्यक्रम चलाइरहे । सरकार र आन्दोलनरत दलहरू बिच विभिन्न शृङ्खलामा भएका वार्ताबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य सङ्ख्या २४० बाट बढाएर ३३५ सदस्यीय बनाउने र नेपाल सरकार मन्त्रिपरिषद्बाट मनोनीत हुने सदस्य सङ्ख्यालाई समेत बढाएर २६ पुऱ्याउने सहमति भई तदनुरूपको व्यवस्था गर्न संविधानमा दोस्रो संशोधन गरियो । सबै सहमति जुटाएर २०६४ साल चैत्र २८ गते विहीबारका दिन मतदान हुने गरी नेपाल सरकारबाट २०६४ साल पौष २७ गते संविधान सभा सदस्य निर्वाचनको नयाँ मिति तोकियो ।

## ८.११ निर्वाचन कानुनको तर्जुमा

संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्न आवश्यक कानुनी व्यवस्थाका लागि २०६३ साल मङ्सिर मसान्तसम्म अठार वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम मतदानको अधिकार दिने राजनीतिक सहमति बनेको थियो । तदनुरूप निर्वाचन आयोगले मतदाता दर्ता कार्यलाई अगाडि बढायो । २०६३ साल पुस १४ गते मतदाता नामावली सम्बन्धी ऐन, २०६३ जारी भयो । ऐन जारी हुनेबित्तिकै सोही महिनाको १६ गते आयोगले मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ स्वीकृत गरी जारी गरेको थियो । २०६३ साल माघ १ गते जारी नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानको भाग ७ मा संविधान सभा सम्बन्धी व्यवस्था गरी संविधान सभाको गठनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचन सम्पन्न गर्ने संवैधानिक व्यवस्था गऱ्यो ।

संविधानको यो व्यवस्थाअनुकूल हुने गरी संविधान सभा सदस्य निर्वाचन सम्बन्धी कानुनका अलावा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्थाका लागि चाहिने कानुन, राजनीतिक दल दर्ता र नियमनका लागि आवश्यक कानुन, निर्वाचन (कसुर र सजाय) सँग सम्बन्धित कानुन, संविधान सभा निर्वाचनका बारेका उजुरीको सुनुवाईका लागि आवश्यक निकायको व्यवस्था गर्न चाहिने कानुन तर्जुमाको प्रक्रिया अगाडि बढ्यो । संविधान सभा

सदस्य निर्वाचनका लागि नेपालको अन्तरिम संविधान, २०६३ का अलावा देहायका ऐन र नियम एवम् निर्देशिकाहरू जारी भए ।[७१२]

### ८.११.१ निर्वाचन सम्बन्धी कानुन

(१) मतदाता नामावली सम्बन्धी ऐन, २०६३

(२) निर्वाचन आयोग ऐन, २०६३

(३) निर्वाचन (कसुर र सजाय) ऐन, २०६३

(४) संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४

(५) संविधान सभा सदस्य अदालत ऐन, २०६४

### ८.११.२ नियम, निर्देशिका र कार्यविधि

(१) मतदाता नामावली सम्बन्धी नियमावली, २०६३

(२) संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४

(३) राजनीतिक दल दर्ता निर्वाचन प्रयोजन नियमावली, २०६३

(४) संविधान सभा सदस्य निर्वाचन निर्देशिका, २०६४

(५) संविधान सभा सदस्य निर्वाचन निर्देशिका (समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको उम्मेदवारी सम्बन्धी व्यवस्था), २०६४

(६) समानुपातिक निर्वाचनमा उम्मेदवारको मनोनयन तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०६४

(७) संविधान सभा सदस्य निर्वाचन मतगणना निर्देशिका, २०६४

(८) संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४

(९) संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४

(१०) संविधान सभा सदस्य निर्वाचन आर्थिक निर्देशिका, २०६४

संविधान सभा सदस्य निर्वाचनलाई व्यवस्थित गर्न आयोगबाट उल्लिखित ऐन, नियम, निर्देशिकाका अलावा देहायका निर्देशिका, कार्यविधि, आदेश र जानकारीमूलक सामग्री समेत तर्जुमा गरी प्रकाशन र वितरण गरिएका थिए ।

---

[७१२] संविधान सभा सदस्य निर्वाचन, २०६४, निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग, २०६५

(१) गैर सरकारी संस्थाको आचार संहिता कार्यविधि, २०६४

(२) मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४

(३) संविधान सभा सदस्य निर्वाचनका विषयमा बरोबर सोधिने प्रश्न (FAQ)

(४) मतदाता शिक्षा हाते पुस्तिका, २०६४

(५) मतदान अधिकृतको सहायक पुस्तिका, २०६४

(६) निर्वाचन सुरक्षा सम्बन्धी जानकारी पुस्तिका, २०६४

(७) निर्वाचन सम्बन्धी (उजुरी र कारवाही) कार्य सम्पादन निर्देशिका, २०६४

(८) संविधान सभा सदस्य निर्वाचन अनुगमन सम्बन्धी आदेश, २०६४

(९) जिल्ला सम्पर्क, सूचना सङ्कलन तथा अनुगमन सम्बन्धी पुस्तिका,२०६४

(१०) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका उम्मेदवारलाई जानकारीमूलक पुस्तिका, २०६४

(११) संविधान सभा सदस्य निर्वाचन पद्धति र प्रक्रिया (पाठ्य सामग्री), २०६४

(१२) निर्वाचन सामग्री प्याकिङ निर्देशिका, २०६४

(१३) निर्वाचन व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी स्रोत पुस्तिका, २०६४

(१४) राजनीतिक दलका लागि जानकारीमूलक पुस्तिका, २०६४

## ८.१२ राजनीतिक दल दर्ता

### ८.१२.१ दल दर्ताको निवेदन

नेपालको अन्तरिम संविधान, २०६३ ले निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले आयोगबाट मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने व्यवस्था गरेको थियो । यसका लागि राजनीतिक दलको सदस्यता प्राप्त गर्न धर्म, जात-जाति, भाषा वा लिङ्गको आधारमा भेदभावपूर्ण बन्देज लगाइएको, दलको नाम, उद्देश्य, चिह्न वा झण्डा मूलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मूलुकलाई विखण्डित गर्ने प्रकृतिको रहेको वा दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको सम्बर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेको रहेछ भने त्यस्तो दललाई दर्ता नगरिने स्पष्ट व्यवस्था गरिएको थियो । यस अतिरिक्त संविधानले अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने बाहेकका दलले निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि निवेदन पेश गर्दा कम्तीमा दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन समेत

संलग्न गरी पेश गर्नुपर्ने व्यवस्था गरेको थियो । निर्वाचनको प्रयोजनको लागि राजनीतिक दल दर्ता सम्बन्धमा निर्वाचन आयोग ऐन, २०६३ र राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ ले समेत दल दर्ताको कार्यविधिका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरेका थिए ।

दल दर्ताका लागि आयोगबाट २०६३ साल चैत्र १६ र २०६४ साल पुस २३ मा सूचना प्रकाशन गरिएको थियो । पहिलो पटकको सूचना बमोजिम दल दर्ताका लागि ६२ राजनीतिक दल र २०६४ साल पुस २३ गते प्रकाशित सूचना अनुसार १३ वटा राजनीतिक दलले दल दर्ताका लागि निवेदन दिएका थिए ।

अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व नगर्ने दलले दर्ताका लागि निवेदनसाथ दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गर्नुपर्ने संवैधानिक व्यवस्था थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपधारा (५) मा भएको यस व्यवस्था बमोजिम दल दर्ताको निवेदनसाथ संवैधानिक व्यवस्था अनुसार संसद्मा प्रतिनिधित्व गर्ने १५ दल बाहेक अरूले दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन समेत संलग्न गरेका थिए ।

### ८.१२.२ २०६३ साल चैत्र १६ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन

२०६३ साल चैत्र १६ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन दिएका राजनीतिक दलहरूको विवरण अनुसूची २३ दिइएको छ ।

### ८.१२.३ २०६४ साल पुस २३ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन

२०६४ साल पुस २३ को सूचना बमोजिम दल दर्ताका लागि निवेदन दिएका राजनीतिक दलहरूको विवरण अनुसूची २४ मा दिइएको छ ।

### ८.१२.४ राजनीतिक दल दर्ता

#### ८.१२.४.१ दल दर्ताका लागि मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि

निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व नरहेका राजनीतिक दलले पेश गरेका मतदाताहिरूको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टिका लागि आयोगले मतदाताको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि (भेरिफिकेसन) कार्यविधि, २०६४ स्वीकृत गरी सोही बमोजिम सम्पुष्टि गरेको थियो । २०६३।१२।१६ को सूचना बमोजिम दल दर्ताको निवेदन दिएका ६२ मध्ये ४७ वटा राजनीतिक दलबाट र २०६४।९।२३ को सूचना अनुसार निवेदन पेश गर्ने

१३ वटा राजनीतिक दलबाट प्राप्त दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि कार्य सम्पन्न गर्न निर्वाचन आयोग ऐन, २०६३ को दफा १९ को उपदफा (३) बमोजिम कार्यविधि बनाई देहाय बमोजिम सम्पुष्टि गरिएको थियो ।[७१३]

(क) राजनीतिक दलहरूबाट निवेदन साथ निर्वाचन आयोग समक्ष पेश गरेका मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनमा १०,००० मतदाताको विवरण रहेको एकाइ (Unit) लाई क्रमशः ०१-१०, ००० सम्म साङ्ख्यिकीय (Numbering) गरी क्रमसङ्ख्या दिइएको ।

(ख) यसरी ०१-१०, ००० सम्मको क्रमसङ्ख्या दिइसकेपछि निवेदनसाथ पेश भएका मतदाताहरूको विवरण रहेको एकाइमा संलग्न १०, ००० मतदाता सङ्ख्याको हुन आउने दुई प्रतिशत बराबरको २०० सङ्ख्यालाई नमुना आकार मानी छुट्टचाइएको ।

(ग) सम्पुष्टि नमुनाको लागि छुट्टचाइएको २०० सङ्ख्या छनोट गर्ने कार्यको लागि दलहरूले पेश गरेका मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त विवरणमा संलग्न एकाइको प्रत्येक ५० को सङ्ख्यामा नमुना अन्तर Sampling Interval बाट १/१ वटा विवरण छनोट गरी चिठ्ठा प्रणाली (Lottery Method) द्वारा नमुना (Randomly) छनोट गरिएको र यसरी छनोट गरी आएको २०० मतदाता सङ्ख्याको विवरण नम्बरमा विवरणलाई गोलाकार चिह्न दिई आयोगले तयार गरेको मतदाताहरूको नामावली विवरणसँग भिडाई जाँच गर्ने कार्यको लागि मतदाता डि.भि.कोड दिइएको ।

(घ) डि.भि.कोड दिइसकेपछि दलहरूबाट प्राप्त विवरण आयोगमा रहेको मतदाता नामावलीको विवरणसँग कम्प्युटरको माध्यमद्वारा भिडाई जाँच गरिएको ।

(ङ) नमुना आकारको लागि छुट्याइएको २०० मतदाताहरूको विवरण मध्ये कुनै विवरण नभिडेमा कुन सङ्ख्या वा कति प्रतिशत विवरण नभिडेको हो १०,००० मतदाता सङ्ख्याको सोही प्रतिशत बराबरको सङ्ख्याको अन्य मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन ७ दिनभित्र पेश गर्नको लागि सम्बन्धित राजनीतिक दलहरूलाई सूचना गरिएको ।

[७१३] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

(च) यसरी सूचनाद्वारा सूचित भएका राजनीतिक दलले सूचनामा उल्लेख भएको सङ्ख्यामा मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको ।

(छ) कुनै राजनीतिक दलको तर्फबाट निवेदनसाथ १०, ००० भन्दा बढी मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन प्राप्त भएको भए तापनि १०, ००० सम्मको विवरण मात्र सम्पुष्टि प्रयोजनको लागि लिइएको ।

(ज) यसरी १०, ००० भन्दा बढी विवरण पेश गर्ने राजनीतिक दलहरूको हकमा २०० विवरण मध्ये नभिडेको विवरण सङ्ख्या पुऱ्याउनको लागि आयोगबाट सूचित गरेको अवस्थामा १०, ००० भन्दा बढी सङ्ख्याको विवरण पहिल्यै पेश गरेको सङ्ख्याको विवरणबाट भिडाई दिन अनुरोध भएमा मात्र बढी सङ्ख्याको विवरणबाट भिडाई जाँच गर्ने कार्य गरेको ।

(झ) कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि राजनीतिक दलहरूको तर्फबाट निर्वाचन आयोग समक्ष पेश भएका मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनसाथ संलग्न विवरणको सत्यता र विश्वसनीयता उपर आयोग विश्वस्त हुन नसक्ने अवस्था परिआएमा आयोगले त्यस्ता विवरणको सम्पुष्टि गर्ने कार्यको सिलसिलामा आवश्यकता अनुसार हस्ताक्षर एवं ह स्तरेखा विज्ञ लगायत अन्य विशेषज्ञहरूको समेत सहयोग लिन सक्ने र मतदाता विवरणको सम्पुष्टि गर्ने कार्यको सिलसिलामा आयोगले आवश्यकता अनुसार सो निवेदनसँग सम्बन्धित कुनै पनि मतदातालाई आयोग समक्ष उपस्थित गराई दिन सम्बन्धित दललाई आदेश दिनसक्ने र उपस्थित गराइदिनु सम्बन्धित दलको कर्तव्य हुने समेत व्यवस्था भएकोमा सो गर्नुपर्ने अवस्था नआएको ।

(ञ) राजनीतिक दलहरूका तर्फबाट निवेदनसाथ पेश हुन आएका मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनहरू मध्ये सम्पुष्टिका लागि छुट्टयाइएको २०० मतदाताहरूको विवरण त्यस्ता मतदाताहरूको नाम समावेश भएको मतदाता नामावलीसँग भिडाई जाँच गर्दा भिडेमा त्यस्ता मतदाताहरूको हस्ताक्षरयुक्त निवेदन पेश गर्ने राजनीतिक दल निर्वाचन प्रयोजनको लागि नेपालको अन्तरिम संविधान, २०६३, निर्वाचन आयोग ऐन, २०६३ तथा राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को प्रावधान बमोजिम राजनीतिक दल दर्ताको लागि सङ्ख्या पुगेको मानिएको ।

(ट) मिति २०६४।९।२३ गतेको सूचना अनुसार दल दर्ताको लागि निवेदन पेश गरेका विभिन्न १३ वटा राजनीतिक दलहरूको निवेदन साथ प्राप्त १०, ०००

मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनमा उल्लिखित विवरण सम्पुष्टि गर्ने सम्बन्धमा आयोगको मिति २०६४/९/२५ को निर्णयानुसार संशोधित कार्यविधि स्वीकृत गरेको ।

(ठ) संशोधित कार्यविधि अनुसार १०, ००० मतदाता सङ्ख्याको हुन आउने एक प्रतिशत बराबरको १०० सङ्ख्यालाई नमुना (Sampling Size) मानिएको र सम्पुष्टि (Sampling) गर्नको लागि छुट्टयाइएको १०० सङ्ख्याको छनोट गर्ने कार्यका लागि मतदाताहरूको विवरणमा संलग्न एकाइको प्रत्येक १०० सङ्ख्यालाई नमुना अन्तर (Sampling Interval) बाट १/१ वटा विवरण छनोट गरी जम्मा १०० मतदाताहरूको विवरण भिडाइएको थियो । कार्यविधिका अन्य व्यवस्थाका सम्बन्धमा २०६३।१२।१६ मा प्रकाशित सूचना बमोजिम दल दर्ताको निवेदन दिएका दलको लागि अपनाइएका प्रक्रिया नै अवलम्बन गरिएको थियो ।

### ८.१२.५ दर्ता भएका राजनीतिक दल

निर्वाचन आयोगको २०६३।१२।१६ र २०६४।९।२३ को सूचना अनुसार राजनीतिक दल दर्ताका लागि निवेदन पेश गरेका ७५ राजनीतिक दलका सम्बन्धमा विभिन्न मितिमा दल दर्ता गरी निर्वाचन चिह्न प्रदान गरिएको थियो । दर्ता भएका राजनीतिक दलमध्ये नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) दल एकीकरण भएपछि राजनीतिक दलको संख्या ७४ मात्रै भएको थियो ।

दल दर्ताको लागि निवेदन दिएका नेपाल सदभावना पार्टी (का.वा. अध्यक्ष लक्ष्मण लाल कर्ण) र नेपाल सदभावना पार्टी (आनन्दीदेवी) ले नेपाल सदभावना पार्टी ( आनन्दीदेवी) को नाउँबाट एउटै राजनीतिक दल दर्ता गरी पाउन आयोगमा संयुक्त निवेदन दिएकोले ती दुई दलमध्ये नेपाल सदभावना पार्टी (आनन्दी देवी) नामको दल मात्र दर्ता भएकोले २०६३।१२।१६ मा दल दर्ताका लागि निवेदन दिने ६२ वटा राजनीतिक दल मध्ये ६१ राजनीतिक दल मात्र दर्ता भएका थिए । उल्लिखित ६१ राजनीतिक दल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) मा उत्पन्न विवादको निरोपणको सिलसिलामा २०६४।९।११ मा दर्ता भएको सद्भावना पार्टी समेत विभिन्न ६२ राजनीतिक दललाई प्रदान गरिएको निर्वाचन चिन्ह सम्बन्धी विवरण अनुसूची २५ मा दिइएको छ ।

### ८.१२.६ मिति २०६४।९।२३ मा दलदर्ताका लागि निवेदन दिने राजनीतिक दलको दर्ता

राजनीतिक दल दर्ताका लागि २०६४ साल पुस २३ गतेको सूचना बमोजिम निवेदन दिएका राजनीतिक दललाई आयोगको मिति २०६४ साल माघ १५ को

निर्णयानुसार दल दर्ता गरी चिह्न प्रदान गरिएको थियो । २०६३ पुस २३ को सूचना अनुसार दल दर्ताका लागि निवेदन पेश गर्ने मध्ये १३ राजनीतिक दललाई प्रदान गरिएको निर्वाचन चिन्हसम्बन्धी विवरण अनुसूची २६ मा दिइएको छ ।

यसरी माथि उल्लेख गरे अनुसार संविधान सभा सदस्य निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता भई कायम रहेका राजनीतिक दलहरूको सङ्ख्या ७४ रहेको थियो ।

### ८.१२.७ दल एकीकरण

२०६३।१२।१६ को निवेदन बमोजिम दल दर्ताका लागि अलग-अलग दलको नामबाट निवेदन दिई दर्ता भएका नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) दलका महासमिति सदस्यहरूको संयुक्त बैठकबाट नेपाली काँग्रेस (प्रजातान्त्रिक) नेपाली काँग्रेसमा एकीकरण हुने बारे भएको निर्णय सहित दुवै दलका सभापतिद्वारा हस्ताक्षरित पत्र प्राप्त भएपछि आयोगको मिति २०६४।६।१३ को निर्णयानुसार यी दुई दल एकीकृत भएका थिए । निर्वाचन प्रयोजनका लागि दर्ता भएका राजनीतिक दलको सङ्ख्या ६१ रहेकोमा यसपछि सो सङ्ख्या ६० कायम हुन आएको थियो ।

### ८.१२.८ दल विभाजन

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को नाममा आयोगमा दर्ता रहेको राजनीतिक दलमा आनन्दी देवी सिंह र राजेन्द्र महतो पक्ष बिच आधिकारिकताका सम्बन्धमा उत्पन्न विवादका सम्बन्धमा आयोगबाट मिति २०६४।८।२५ मा आनन्दीदेवी सिंह पक्षले आधिकारिक मान्यता प्राप्त गर्ने ठहरका साथ राजेन्द्र महतो पक्षलाई छुट्टै राजनीतिक दल वा सोही राजनीतिक दलको छुट्टै समूह पहिचान हुने गरी दल दर्ताका लागि निवेदन पेश गरेमा तदनुरूप दर्ता गर्ने निर्णय भएको थियो । आयोगको यस निर्णय बमोजिम राजेन्द्र महतो राष्ट्रिय अध्यक्ष रहेको "सद्भावना पार्टी " नामक राजनीतिक दल दर्ताका लागि २०६४।८।२८ मा निवेदन प्राप्त हुन आएकोले २०६४।९।११ मा उक्त दल दर्ता गरी "तीर" निर्वाचन चिह्न प्रदान गरिएको थियो ।

२०६४।९।२३ को सूचना अनुसार दल दर्ताका लागि निवेदन पेश गर्ने १३ दल दर्ता भएपछि दलहरूको यो सङ्ख्या ७४ पुगेको थियो

## ८.१३ निर्वाचन चिह्न निर्धारण र प्रदान

संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ र यस सम्बन्धी नियमावलीले संविधान सभा सदस्य निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता हुने राजनीतिक दल वा उम्मेदवारलाई प्रदान गर्न आयोगले निर्वाचन चिह्न निर्धारण गरी प्रदान गर्ने व्यवस्था गरेको छ । यो प्रयोजनका लागि आयोगले विभिन्न मितिमा राजनीतिक दलहरूलाई प्रदान गर्ने निर्वाचन चिह्नको समूहमा विभिन्न ७५ वटा निर्वाचन चिह्न र स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्ने निर्वाचन चिह्नको समूहमा विभिन्न ६३ वटा निर्वाचन चिह्न स्वीकृत गरेको थियो ।

व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गर्दा संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लागू हुनुपूर्व प्राप्त गरेको निर्वाचन चिह्न नै प्रदान गर्नुपर्ने कानुनी व्यवस्था अनुरूप सोही चिह्न प्रदान गरिएको थियो । अन्य राजनीतिक दलको हकमा दल दर्ताको लागि निवेदन पेश गर्दा आफूले चाहेका बढीमा पाँचवटा निर्वाचन चिह्न प्राथमिकता क्रममा उल्लेख गरी पेश गर्नुपर्ने व्यवस्था थियो । एकभन्दा बढी राजनीतिक दलले एउटै वा उस्तै प्रकारको निर्वाचन चिह्न रोजेमा ती दलहरूसँग छलफल गरी सहमति कायम गरेर निर्वाचन चिह्न प्रदान गरिएको थियो । राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य दल दर्ताकै समयमा गरिएको थियो ।

उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा निर्वाचन कार्यक्रम अनुसार निर्वाचन चिह्न प्रदान गर्ने दिन राजनीतिक दलको तर्फबाट उम्मेदवार भएको भए राजनीतिक दलको लागि निर्धारण गरिएको चिह्न नै प्रदान गरिएको थियो भने स्वतन्त्र उम्मेदवारलाई सो समूहका लागि निर्धारित चिह्नको समूहबाट उम्मेदवारले रोजे बमोजिम वर्णानुक्रमको आधारमा प्रदान गरिएको थियो । राजनीतिक दलका लागि निर्धारित ७५ वटा निर्वाचन चिह्नका सम्बन्धमा यसपूर्व नै उल्लेख गरिसकिएको छ । यसदेखि  बाहेक स्वतन्त्र समूहका लागि आयोगबाट विभिन्न निर्वाचन चिन्हहरू निर्धारित गरिएको थियो । स्वतन्त्र समूहको लागि आयोगबाट निर्धारण गरिएका निर्वाचन चिन्हहरू अनुसूची २७ मा दिइएको छ ।

## ८.१४ मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम, २०६३

संविधान सभा सदस्यको निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने उद्देश्यले निर्वाचन आयोगले तयार गरेको मतदाता नामावली सम्बन्धी ऐन, २०६३ मिति २०६३/९/१४ मा जारी भएको थियो । ऐनमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम आयोग आफैंले तोक्ने, समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि अस्थायी मतदाता नामावलीको व्यवस्था गर्ने, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यमा सहयोग गर्न स्थानीय स्तरमा राजनीतिक दलका प्रतिनिधि रहने गरी सहयोग समिति गठन गर्न सक्ने  समेतको व्यवस्था गरिएको थियो ।

मतदाता नामावली सम्बन्धी ऐन जारी भएको तेस्रो दिनमै आयोगले यस सम्बन्धी नियमावली तर्जुमा गरी लागू गऱ्यो । मतदाता नामावली सङ्कलनका सम्बन्धमा नियमावलीले साविकको सङ्कलन प्रक्रियाका अनुसूचीहरूमा उल्लिखित फाराममा पुनरावलोकन गरी सरल बनाउनुका साथै तत्काल कायम रहेको मतदाता नामावलीमा आफ्नो नाममा कुनै त्रुटि रहेमा कुनै पनि समयमा जिल्ला निर्वाचन कार्यालयमा प्रमाण सहित दरखास्त दिनसक्ने व्यवस्था, जिल्ला निर्वाचन अधिकारीले आफू कार्यरत जिल्लाको मतदाता नामावली प्रमाणित गर्नसक्ने व्यवस्था, काठमाडौँ महानगरपालिकाको लागि छुट्टै सङ्कलन फारामको व्यवस्था, मतदाता नामावली वेवसाइटमा राख्ने व्यवस्था आदि थप गरी साविकको सङ्कलन तथा अद्यावधिक प्रक्रियामा सुधार गरिएको थियो ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यको प्रभावकारी व्यवस्थापनका लागि आयोगले मतदाता दर्ता प्रक्रियामा संलग्न रहने प्रमुख नाम दर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धमा आवश्यक व्यवस्था गरी निर्देशिका जारी गर्नुका अलावा मतदाताको नाम, विवरण सङ्कलनमा खटिने सङ्कलनकर्ताहरूको लागि सहयोगी पुस्तिका समेत जारी गरेको थियो ।

### ८.१४.१ मतदाता हुन चाहिने योग्यता

मतदाता नामावलीसम्वन्धी ऐन, २०६३ को दफा ५ को उपदफा (१) ले मतदाता हुनका लागि चाहिने योग्यताका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको थियो-

(१) नेपाली नागरिक,

(२) मतदाता नामावली सङ्कलन हुने सालभन्दा अघिल्लो सालको चैत्र मसान्तसम्ममा १८ बर्ष उमेर पूरा गरेको, तर सविधान सभा सदस्यको निर्वाचनको हकमा संवत् २०६३ साल मङ्सिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको व्यक्ति मतदाता हुनसक्नेछ ।

(३) कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोवास भएको ।

### ८.१४.२ अस्थायी मतदाता सम्बन्धी व्यवस्था

मतदाता नामावली सम्बन्धी ऐनको दफा २६ मा सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर ( क्यान्टोनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकु, कारागारमा रहेका कैदी वा थुनुवा र निर्वाचन वा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरू

अस्थायी मतदाता हुने व्यवस्था गरिएको थियो । संविधान सभा सदस्य निर्वाचनका लागि ४ लाख १३ हजार ५४४ अस्थायी मतदाता रहेका थिए । सबैभन्दा धेरै काठमाडौं जिल्लामा ४६ हजार ५९ मतदाता रहेका थिए भने सबैभन्दा थोरै जुम्ला जिल्लामा ९६६ मतदाता रहेका थिए । अस्थायी मतदाता नामावलीको सङ्कलन, प्रविष्टि, रुजु, अन्तिम नामावली तयारी र आवश्यक प्रति तयार गर्ने सम्पूर्ण कार्य सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूबाट नै सम्पन्न गरिएको थियो ।

### ८.१४.३ मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन

संविधान सभा सदस्य निर्वाचनका लागि आयोगले २०६३/१०/९ देखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरेको थियो । सरकारबाट नागरिकताको प्रमाणपत्र वितरण गर्ने कार्यक्रम पटक-पटक थप गर्नुका साथै क्यान्टोनमेन्टमा रहेका माओवादी लडाकुहरूको प्रमाणीकरण गर्ने कार्य सम्पन्न नभएको, विभिन्न हिमाली जिल्लामा मौसमको प्रतिकूलताका कारण अरू जिल्लासँगै कार्यक्रम सञ्चालन गर्न नसकिएको जस्ता कारणले आयोगले मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रम पटकपटक सञ्चालन गरेको थियो । मतदाता नामावली सङ्कलन गर्ने कार्य २०६४।२।९ मा समाप्त भएको थियो । यसैगरी अस्थायी मतदाता नामावली तयार गर्नको लागि सञ्चालित कार्यक्रम मिति २०६३/१२/२६ मा समाप्त भएको थियो । संविधान सभा सदस्य निर्वाचनका लागि कुल मतदाता सङ्ख्या १ करोड ७६ लाख ११ हजार ८३२ कायम हुन आएको थियो । यस मध्ये महिला मतदाताको सङ्ख्या ८७ लाख ३० हजार ३९० र पुरुष मतदाताको सङ्ख्या ८८ लाख ८१ हजार ४३९ थियो ।

मतदाता नामावली सकेसम्म शुद्ध र यथार्थपरक होस् भन्ने उद्देश्यले मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्दा सम्बन्धित मतदाता वा परिवारको सदस्यले उपलब्ध गराएको विवरणको आधारमा सङ्कलनकर्ताले विवरण सङ्कलन गर्दा देहायका कागजात प्रमाणको रूपमा माग गर्न सक्ने, विवरण उपलब्ध गराउने व्यक्तिले सङ्कलनकर्ताले माग गरेको प्रमाण उपलब्ध नगराएमा विवरण सङ्कलन नगर्ने व्यवस्था गरिएको थियो ।

(क) स्थायी बसोवास सम्बन्धमा आवश्यक परेमा बासस्थान खुलेको नागरिकताको प्रमाणपत्र,

(ख) निज वा निजको एकाघर सगोलको परिवारको कुनै सदस्यको नामको जग्गाधनी प्रमाण पूर्जा,

(ग) सरकारी कार्यालय, स्थानीय निकाय वा सरकारी स्वामित्व भएको संस्थाबाट जारी भएको परिचयपत्र,

(घ) गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सिफारिस वा बसाइँ सरी आएको वा विवाह भएको प्रमाण,

(ङ) जन्म वा उमेरका सम्बन्धमा आवश्यक परेमा नागरिकता प्रमाण पत्र वा जन्म दर्ता प्रमाण पत्र ।

मतदाता दर्ता कार्यमा प्रत्येक जिल्लामा एक एक जना प्रमुख नामदर्ता अधिकारी ७५ जना, तत्काल कायम २०५ निर्वाचन क्षेत्रमा सुपरिवेक्षणका लागि खटिएका सुपरिवेक्षकहरू २०५ जना, प्रत्येक गाउँ विकास समिति र नगरपालिका वडा स्तरमा परिचालित सहायक नामदर्ता अधिकारीहरू ४७२१ जना र सङ्कलनकर्ता २२ हजार ७४५ गरी कुल २७ हजार ४४६ जनशक्ति परिचालन गरिएको थियो । यस अलावा मतदाता नामावलीको रुजु कार्यमा ६७६ रुजुकर्ता र ४७४ अन्य कर्मचारीहरू संलग्न रहेका थिए । मतदाता नामावली सङ्कलनमा खटिने जनशक्ति मध्ये सङ्कलनकर्ताको व्यवस्थापन गर्दा सम्भव भएसम्म स्थानीय स्तरमा कार्यरत सामुदायिक विद्यालयका स्थायी शिक्षक, हुलाक, पशुसेवा/कृषिकेन्द्रका प्राविधिक-सहायक, मातृ शिशु कार्यकर्ता, स्वास्थ्य कार्यकर्ता (कम्तीमा एस.एल.सी. उत्तीर्ण) र यस्तै अन्य निजामती कर्मचारीहरूलाई नियुक्त गरी खटाउने व्यवस्था गरिएको थियो ।

### ८.१४.४ सहयोग समिति सम्बन्धी व्यवस्था

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यमा सहयोग पुऱ्याउन आयोगले पचहत्तरै जिल्लामा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय स्तरमा राजनीतिक दलका प्रतिनिधि समेत रहेको सहयोग समिति गठन गरेको थियो । उक्त समितिमा सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख, जिल्ला शिक्षा अधिकारी सदस्य, नगरपालिका रहेका जिल्लामा नगरपालिकाका कार्यकारी अधिकृत र सम्बन्धित जिल्लाका जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहेको सहयोग समिति गठन गरेको थियो । समितिले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा आवश्यक सहयोग र समन्वय गरेको थियो ।

### ८.१४.५ मतदाता नामावलीको अभिलेखीकरण र छपाइ

मतदाता नामावली सङ्कलन र प्रशोधनको कार्य पूरा भएपछि देशभरको मतदाता नामावलीको वडागत एकाइको आधारमा सबै गाउँ विकास समिति र नगरपालिकाको मतदाता नामावलीको एकप्रति (मूल प्रति) तयार गरी आयोगमा रहेको मतदाता नामावली शाखामा राखिएको थियो भने संविधान सभा सदस्य

निर्वाचन प्रयोजनका लागि प्रत्येक निर्वाचन क्षेत्रको लागि १६ प्रतिका दरले छपाइ गरी सबै जिल्लाहरूमा पठाइएको थियो ।

## ८.१५ मतदाता शिक्षा कार्यक्रम सञ्चालन

संविधान सभाको गठनका लागि अवलम्बन गरिएको निर्वाचन प्रणाली आम नागरिकका लागि नयाँ थियो । दुईवटा अलग-अलगमतपत्रमा मतदान गर्नुपर्ने व्यवस्थाका कारण मतदातामा अलमल हुनसक्ने संशय पनि उत्तिकै थियो । करिब ४१ लाख मतदाता त पहिलो पटक मतदान गर्ने समूहका थिए । यस अवस्थामा मतदाता शिक्षालाई सघन र प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक मात्र नभई अनिवार्य थियो । आयोगले यो तथ्यलाई आत्मसात् गरी मतदाता शिक्षा कार्यक्रमलाई सबै क्षेत्र, वर्ग र समुदायका मतदाताहरू र खासगरी सीमान्तकृत समुदायका मतदाताहरू समक्ष पुऱ्याई संविधान सभाको निर्वाचनमा मतदाताको व्यापक सहभागिता सुनिश्चित गराउने उद्देश्य राखी मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४ स्वीकृत गरी लागू गरेको थियो ।

मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न विधिहरू प्रयोगमा ल्याइएको थियो । छापा र विद्युतीय माध्यमबाट छपाइ एवम् श्रव्य-दृश्य सामग्री प्रकाशन र प्रसारण गरी मतदातालाई देहायका सन्देश दिइएको थियो-

(१) संविधान सभा सदस्यको निर्वाचन हुने मिति र समय

(२) नागरिकको मताधिकारको महत्व

(३) संविधान सभाको गठन, महत्व र काम, कर्तव्य

(४) निर्वाचन प्रणाली

(५) मतपत्रको किसिम

(६) मतदान गर्ने तरिका

(७) निर्वाचनमा मतदातालाई सहभागिताका लागि अनुरोध

मतदातालाई उल्लिखित विषय बारेका सन्देश उपलब्ध गराउने उद्देश्य सहित सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रम सञ्चालनका सम्बन्धमा आयोगले देहायको रणनीति लिएको थियो ।[७१४]

(१) सामग्री विकास, उत्पादन तथा वितरण गर्ने,

---

[७१४] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

(२) जनशक्तिको प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न तहमा तालिम सञ्चालन गर्ने,

(३) मतदातासँग प्रत्यक्ष अन्तरक्रियात्मक क्रियाकलाप सञ्चालन गर्न स्वयंसेवकहरू परिचालन गर्ने,

(४) विद्युतीय तथा छापा माध्यमबाट सामग्रीहरू प्रचार-प्रसार गर्ने,

(५) कार्यक्रम सञ्चालनको क्रममा आवश्यकता हेरी विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्ने,

(६) कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८.१५.१ मतदाता शिक्षा सामग्री

मतदाता शिक्षाका लागि आयोगले विभिन्न छपाइ र श्रव्य-दृश्य सामग्री उत्पादन र वितरण गरेको थियो । निर्वाचनमा सबै जातजाति, भाषाभाषीको सहभागिता बृद्धि गर्न छपाइ एवम् श्रव्य-दृश्य सामग्रीहरू नेपाली भाषाका अतिरिक्त अरू विभन्न भाषामा उत्पादन गरिएका थिए । मतदाता शिक्षाका लागि प्रयोगमा ल्याइएका प्रमुख सामग्री देहाय बमोजिम थिए-

### ८.१५.१.१ छपाइ सामग्री

#### (क) फ्लिप चार्ट, पोस्टर आदि

मतदाता शिक्षाका लागि विभिन्न ५ प्रकारका पोस्टर, मतदाता शिक्षा हाते पुस्तिका, बरोबर सोधिने प्रश्न र ८ पानाको फ्लिप चार्ट छपाइ गरिएको थियो । गाउँ गाउँमा परिचालित स्वयंसेवकहरूले यी छपाइ सामग्री साथै लिएर जाने र मूलतः फ्लिप चार्टमा उल्लेख गरेका देहायका विषय सामग्री बारे सविस्तार जानकारी गराएर मतदाता शिक्षा उपलब्ध गराएका थिए-

(१) संविधान सभा सदस्य निर्वाचन हुने मिति र मतदान समय बारेको जानकारी

(२) संविधान सभाको गठन सम्बन्धमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली एवम् समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित हुने र मनोनीत हुने सदस्य सङ्ख्या

(३) मतदानको गोपनीयता कसरी कायम गरिन्छ भन्ने बारे जानकारी दिँदै मतदान गर्ने तरिका बारेको जानकारी

(४) मतपत्रमा छाप लगाउने सही तरिका

(५) मतदाता नामावली, नउड्ने मसी, मतपत्र, स्वस्तिक छाप, मतपेटिका र मतदान कक्ष बारेको जानकारी

(६) मतदान केन्द्रको ढाँचा र मतदान प्रक्रिया बारेको जानकारी

(७) निर्वाचन आचार संहिता कसले जारी गर्छ ? यो किन चाहिन्छ ? र, आचार संहिता क-कसले पालना गर्नुपर्छ ? भन्ने बारेको जानकारी

(८) संविधान सभा सदस्य निर्वाचनका बारे सबै मतदाताले सम्झनै पर्ने केही प्रमुख विषय ।

"संविधान सभा सदस्य निर्वाचनमा भाग लिऔं" भन्ने आह्वान छपाइ गरिएको पोस्टर 'ए' र मतदाता शिक्षा हाते पुस्तिका नेपाली, नेवार, मैथिली, उर्दू, शेर्पा, पूर्वीया थारु, लिम्बु, राई बान्तवा, भोजपुरी, तामाङ, मगर, गुरुङ, थारु, अवधी, खाममगर, रानाथारु र डोटेली गरी १७ भाषामा छपाइ ती भाषाको बाहुल्यता रहेका क्षेत्रमा वितरण गरिएको थियो । मतपत्रमा छाप लगाउने सही तरिका बारेको जानकारीमूलक सन्देश छपाइ गरिएको पोस्टर 'बी' र "मतदान गर्ने सही तरिका थाहा पाइराखौँ" भन्ने सन्देश छापिएको पोस्टर 'सी' नेपाली भाषामा छपाइ गरी वितरण गरिएको थियो । यसैगरी संविधान सभा सदस्य निर्वाचन सम्बन्धमा बरोबर सोधिने प्रश्न र सोको उत्तर नेपाली भाषाका अतिरिक्त पूर्वीया थारु, भोजपुरी, नेवार, अवधी र मैथिली गरी पाँच भाषामा छपाइ गरिएका थिए । अन्य छपाइ सामग्रीमा विभिन्न साइजका स्टिकर, फ्लेक्स आदि छपाइ गरिएको थियो ।

### (ख) अनुरोध (निमन्त्रणा) पत्रको छपाइ र वितरण

निर्वाचन आयोगले प्रत्येक परिवारको ज्येष्ठ सदस्यको नाममा आफू र मतदाता नामावलीमा नाम रहेका आफ्ना परिवारका अरू सदस्यलाई लिई मतदान गर्न आउन ३६ लाख ८५ हजार ७३८ परिवारका लागि अनुरोध पत्र (निमन्त्रणा पत्र) छपाइ गरी मतदाता शिक्षा स्वयंसेवक मार्फत वितरण गरेको थियो । मतदानमा अधिकाधिक मतदाताको सहभागिता जुटाउने उद्देश्यले गरिएको यो कार्य नेपालको निर्वाचन इतिहासमै सर्वथा नयाँ अभ्यास थियो । अनुरोध पत्रमा मतदान मिति, मतदान समय, मतदान गर्ने तरिका, मतपत्रको किसिम र रङ समेत उल्लेख गरिएको थियो ।

### (ग) पत्रपत्रिकामा सन्देशहरूको प्रकाशन

मतदाता शिक्षाका लागि आयोगले ठूला तथा साना आकारका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रपत्रिकामा मतदाता शिक्षा सम्बन्धी विभिन्न १३ किसिमका

जानकारीमूलक सूचना सामग्री प्रकाशन गरेको थियो । यस्ता सामग्रीमा मूलतः संविधान सभाको निर्वाचनको महत्व दर्साउने खालका, मतपत्रका किसिम बारे जानकारी गराउने र मतदान गर्ने तरिका बारे उल्लेख गरिएका सामग्री थिए । काठमाडौँ उपत्यका बाहेकका ७२ जिल्लामा सम्बन्धित जिल्लामा प्रकाशनमा रहेका छापा माध्यमलाई सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत सूचना सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

#### ८.१५.१.२ श्रव्य-दृश्य सामग्रीको प्रसारण

संविधान सभा सदस्य निर्वाचनसँग सम्बन्धित जानकारीमूलक श्रव्य-दृश्य सामग्रीहरू उत्पादन गरी प्रसारण गरिएको थियो । श्रव्य सामग्रीमा संविधान सभा सदस्य निर्वाचनमा भाग लिऔँ भन्ने आह्वान गरिएका र संविधान सभाको गठन, संविधान सभाको महत्व, कार्य, मताधिकारको महत्व जस्ता विषयका जिंगल, संवाद, रेडियो नाटक, दोहोरी गीतमा समेटिएका ४२ प्रकारका श्रव्य सामग्री थिए । यी सामग्री मध्ये संवादमूलक सामग्री माथि उल्लिखित विभिन्न १७ भाषामा समेत उत्पादन गरी ती भाषाको बाहुल्यता रहेका क्षेत्रमा प्रसारण गरिएको थियो । श्रव्य सामग्रीको प्रसारणका लागि रेडियो नेपाल र एफ. एम. रेडियोहरूका तीनवटा छाता संगठन ब्रोडकास्टिङ एशोसिएसन अफ नेपाल, सामुदायिक रेडियो महासंघ र एफ.एम. रेडियो प्रसारक मञ्चसँग सम्झौता गरी यी संगठनमा आवद्ध विभिन्न ९६ वटा एफ.एम. रेडियोहरूबाट सन्देशमूलक सामग्री प्रसारण गरिएको थियो । साथै, स्थानीय स्तरमा ७५ वटै जिल्ला निर्वाचन कार्यालयहरू मार्फत "संविधान सभा सदस्य निर्वाचनमा सहभागी भई आफ्नो मताधिकारको प्रयोग गरौँ" भन्ने सन्देश २०६४ पौष २८ गतेदेखि फागुन २० गतेसम्म निरन्तर प्रसारणको व्यवस्था मिलाइएको थियो ।

टेलिभिजन प्रसारण पुगेका क्षेत्रका मतदातालाई लक्षित गरी आयोगको परिचय धुन सहित विभिन्न ६ प्रकारका श्रव्य-दृश्य सामग्री उत्पादन र प्रसारण गरएको थियो । यी सामग्री विभिन्न ६ वटा टेलिभिजन च्यानलहरू (नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, एभिन्यूज, सगरमाथा टेलिभिजन र च्यानल नेपाल) बाट समाचार सामग्रीको रूपमा र अन्य सामग्रीको रूपमा प्रसारण गर्ने व्यवस्था मिलाइएको थियो ।

### ८.१५.२ मतदाता शिक्षाका लागि जनशक्ति परिचालन

२०६४ साल मङ्सिर ६ गते हुने भनिएको निर्वाचनलाई मध्यनजर गरी आयोगले २०६४ सालको असोज १ गतेदेखि नै मूलुकभरका सबै गाउँ विकास समिति र नगरपालिकाका वडा स्तरसम्म घरदैलोमा जाने गरी मतदाता शिक्षा स्वयंसेवक र

सुपरिवेक्षकहरूलाई आवश्यक तालिम उपलब्ध गराई परिचालन गरेको थियो । यस कार्यमा ८ हजार ४०० मतदाता शिक्षा स्वयंसेवक र २४० जना सुपरिवेक्षक परिचालित थिए । मतदाता शिक्षा स्वयंसेवकहरू मतदाताको घरदैलोसम्म गई मतदाता शिक्षा प्रदानमा संलग्न रहेका थिए ।

### ८.१५.३ कार्यक्रम कार्यान्वयन र अनुगमन संयन्त्र

मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनका लागि केन्द्र, क्षेत्र र जिल्लामा विभिन्न संयन्त्रको व्यवस्था गरिएको थियो । केन्द्रमा मतदाता शिक्षा हेर्ने निर्वाचन आयुक्तको संयोजकत्वमा आयोगका सचिव, सूचना तथा सञ्चार मन्त्रालय, स्थानीय विकास मन्त्रालय र शिक्षा तथा खेलकूद मन्त्रालयका सचिव, निर्वाचन आयोगका मतदाता शिक्षा हेर्ने सहसचिव र उपसचिव रहेको मतदाता शिक्षा समिति रहेको थियो ।

मतदाता शिक्षा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको व्यवस्थापनका लागि आयोगका मतदाता शिक्षा हेर्ने सहसचिवको संयोजकत्वमा मतदाता शिक्षा एकाइको गठन गरिएको थियो । क्षेत्रीय स्तरमा मतदाता शिक्षा कार्यक्रमको सञ्चालनमा सहयोग र समन्वयका लागि आयोगको क्षेत्रीय स्रोतकेन्द्र रहेका जिल्ला मोरङ, काठमाडौं, कास्की, बाँके र धनगढीमा सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासकको संयोजकत्वमा क्षेत्रीय शिक्षा निर्देशक, स्रोत केन्द्र रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी, नेपाल पत्रकार महासंघले तोकेको प्रतिनिधि सदस्य र क्षेत्रीय स्रोतकेन्द्र प्रमुख ( जिल्ला निर्वाचन अधिकारी) सदस्य सचिव रहेको मतदाता शिक्षा क्षेत्रीय सहयोग समिति रहेको थियो ।

जिल्ला स्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा सहयोग, समन्वय र सहजीकरणका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, महिला विकास अधिकृत, नेपाल पत्रकार महासंघका जिल्ला सभापति सदस्य र जिल्ला निर्वाचन अधिकारी सदस्यसचिव रहेको मतदाता शिक्षा जिल्ला सहयोग समिति रहेको थियो ।

मतदाता शिक्षा कार्यक्रमको सञ्चालनको समन्वय र रेखदेख जिल्ला निर्वाचन कार्यालयहरूले गरेका थिए । सबै जिल्ला निर्वाचन कार्यालयमा एक एकजना अधिकृत स्तरका मतदाता शिक्षा फोकल प्वाइण्टको व्यवस्था आयोगले गरेको थियो ।

### ८.१५.४ दोस्रो चरणको मतदाता शिक्षा कार्यक्रम सञ्चालन

२०६४ साल असोज १८ गते नेपाल सरकारबाट २०६४ साल मङ्सिर ६ गते हुने भनिएको निर्वाचन स्थगित गरिदिन सरकारबाट अनुरोध भई आएपछि आयोगले उक्त निर्वाचन तत्काल स्थगित गरी त्यति बेला सञ्चालित मतदाता शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रम समेत स्थगित गरेको थियो । २०६४ साल चैत्र २८ गते संविधान सभा निर्वाचन गर्न नयाँ मिति तोकिएपछि आयोगले २०६४ फागुन १० देखि ४५ दिनका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गऱ्यो । यो चरणमा कुल ८ हजार ४६१ मतदाता शिक्षा स्वयंम्सेवक, २४० जना सुपरिवेक्षक र सबै गाउँ विकास समिति र नगरपालिकाका वडा स्तरमा गरी ४७२१ सहजकर्ताहरू परिचालन गरिएको थियो ।

मतदाता शिक्षा कार्यक्रम अन्तर्गत संविधान सभा सदस्य निर्वाचनको प्रचार-प्रसार सामग्री तयारी र सम्प्रेषणमा मूलुकभरका विभिन्न जिल्लामा रहेका राष्ट्रिय समाचार समितिका सम्वाददाताहरूको अधिकतम परिचालन गरी संविधान सभा सदस्य निर्वाचनसँग सम्बन्धित विषय बारे रिपोर्टिङ, जानकारीमूलक एवम् विश्लेषणात्मक सामग्री, फिचर लेख, तस्वीर आदिको माध्यमबाट आममतदातालाई यसको महत्व, आवश्यकता बारे जानकारी गराउन आयोग र अन्तर्गतका निर्वाचन अधिकृत एवं निर्वाचन कार्यालयहरूसँग सम्बन्धित समाचार सङ्कलन तथा सम्प्रेषण गर्न राष्ट्रिय समाचार समितिलाई परिचालन गरिएको थियो ।

### ८.१६ मतदान केन्द्र निर्धारण

निर्वाचनमा मतदान केन्द्रको व्यवस्थापन अत्यन्त महत्वपूर्ण पक्ष हो । स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न मतदान केन्द्र रहेको स्थल चयन पनि महत्वपूर्ण भूमिका रहन्छ । मतदान केन्द्र मतदातालाई पायक पर्ने ठाउँमा छ छैन, मतदाताका लागि आउजाउ गर्न बाटोघाटोको सुविधा कस्तो छ, मतदाताको सङ्ख्या अनुसार मतदान कार्यको व्यवस्थापन गर्न पर्याप्त स्थान छ कि छैन, पिउने पानी, विजुली, सञ्चार सुविधा र सुरक्षा निकायको पहुँच छ छैन जस्ता विषय महत्वपूर्ण हुन्छन् । अझ महत्वपूर्ण पक्ष त मतदाताले भयमुक्त भएर गोप्य मतदान गर्न पाउने अवस्थाको सुनिश्चितता हुनसक्ने छ कि छैन भन्ने हुन्छ ।

संविधान सभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र तोक्न सक्ने अधिकार संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ ले निर्वाचन आयोगलाई प्रदान गरेको थियो । ऐनमा व्यवस्था भए अनुसार आयोगले निर्वाचन क्षेत्रमा आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्रहरू तोक्ने, आवश्यक भएमा निर्वाचन अधिकृतले आयोगको पूर्व स्वीकृति लिई

मतदान केन्द्रको सङ्ख्यामा थपघट गर्न वा सुविधाजनक वा व्यावहारिक दृष्टिबाट उपयुक्त हुने ठाउँमा मतदान केन्द्र थप्न, घटाउन वा सार्न सक्ने र एउटा मतदान केन्द्रको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एकभन्दा बढी मतदान केन्द्र वा उपकेन्द्रहरू वा मतदान कक्षहरू रहन सक्ने समेतको व्यवस्था गरेको थियो ।

संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अपनाइएकोले निर्वाचनमा स्थायी र अस्थायी गरी दुई प्रकारका मतदाता थिए । यस सम्बन्धी विस्तृत चर्चा मतदाता दर्ता खण्डमा उल्लेख भइसकेको छ । तसर्थ मतदान प्रक्रिया सञ्चालनका लागि पनि दुई प्रकारका अर्थात् स्थायी र अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको थियो ।

निश्चित भौगोलिक क्षेत्रभित्र स्थायी बसोबास भएका बासिन्दा जसको सोही क्षेत्रको मतदाता नामावलीमा नाम समावेश छ त्यस्ता मतदातालाई स्थायी मतदाता र अन्य कुनै क्षेत्रमा स्थायी बसोबास भई त्यहाँको मतदाता नामावलीमा नाम भएको तर हाल अस्थायी रूपमा अन्यत्रै बसी आएका सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टोनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकु, कारागारमा रहेका कैदी वा थुनुवाको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिएको थियो ।

स्थायी मतदातालाई दुवै निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा मतदान गर्ने अधिकार थियो भने अस्थायी मतदातालाई समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा मात्र मतदान गर्ने अधिकार थियो । स्थायी मतदाताले मतदान गर्ने प्रयोजनका लागि कायम मतदान केन्दलाई स्थायी र अस्थायी मतदाताले मतदान गर्ने प्रयोजनका लागि कायम मतदान केन्द्रलाई अस्थायी मतदान केन्द्र भनी नामकरण गरिएको थियो ।

मतदान केन्द्र निर्धारण गर्न आयोगले केही मापदण्डहरू तयार गरेको थियो । उक्त मापदण्डको अधीनमा रही आफ्नो जिल्लाभित्र रहने मतदान केन्द्रको निर्धारण गरी आयोगमा सिफारिस गरी पठाउन सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय सिफारिस समिति गठन गरेको थियो । समितिका अन्य सदस्यमा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, नगरपालिकाका कार्यकारी अधिकृत, अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि (उपलब्ध भएसम्म) र स्थानीय तहमा प्रभाव रहेका अन्य राजनीतिक दलका प्रतिनिधिहरू सदस्य र जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहेको “मतदान केन्द्र सिफारिस समिति” रहने व्यवस्था गरिएको थियो । समितिको बैठकमा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई विशेष आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्नुपर्ने व्यवस्था थियो ।

### ८.१६.१ मतदान केन्द्र तोक्ने आधार र मापदण्ड

स्थायी तथा अस्थायी मतदान केन्द्र तोक्नका लागि आयोगले विभिन्न आधार र मापदण्ड निर्धारण गरेको थियो । केही प्रमुख आधार र मापदण्ड देहाय बमोजिम थिए-

**(क) स्थायी मतदान केन्द्र तोक्ने आधार र मापदण्ड**

(१) सामान्यतः १ हजार १५० मतदाताका लागि एउटा मतदान केन्द्र तोक्ने,

(२) कुनै गाउँ विकास समिति वा नगरपालिका वडामा जतिसुकै मतदाता भए पनि कम्तीमा एउटा मतदान केन्द्र तोक्ने,

(३) मतदान केन्द्रमा जान र आउन गरी सामान्यतया पाँच कि.मि.भन्दा बढी दूरी हिँड्नु नपर्ने गरी तोक्ने,

(४) कुनै गाउँ विकास समितिको कुनै वडा विकट र दुर्गम भएमा त्यस्ता वडाको लागि तोकिएको मतदाता सङ्ख्या नपुगे पनि छुट्टै मतदान केन्द्र तोक्ने,

(५) मतदान केन्द्र तोक्दा मतदातालाई पायक पर्ने, सुरक्षा, सञ्चार तथा यातायात लगायत अन्य भौतिक सुविधा उपलब्ध हुन सक्ने ठाउँलाई प्राथमिकता दिने,

(६) व्यक्तिको निजी घर वा जग्गामा मतदान केन्द्र निर्धारण नगर्ने,

(७) सम्भव भएसम्म अन्तर्राष्ट्रिय सीमानाभन्दा १ कि.मी. भन्दा टाढा पर्ने गरी मतदान केन्द्र तोक्ने,

(८) अन्तर्राष्ट्रिय क्षेत्रको मार्ग प्रयोग गरी मतदान केन्द्रमा जानुपर्ने किसिमले मतदान केन्द्र नतोक्ने ।

### ८.१६.२ अस्थायी मतदान केन्द्र तोक्ने आधार र मापदण्ड

अस्थायी मतदान केन्द्र तोक्ने सम्बन्धमा देहायका आधार र मापदण्ड निर्धारण गरिएको थियो-

(१) सैनिक र प्रहरी निकायहरूको गुल्मभन्दा सानो एकाइमा मतदान केन्द्र नराख्ने,

(२) बढीमा २५०० मतदाताका लागि एउटा मतदान केन्द्र तोक्ने, सो भन्दा बढी भएमा थप केन्द्र तोक्ने,

(३) थुनुवा वा कैदीहरू रहेका बन्दीगृह र माओवादी सेनाका लडाकूहरू रहेका शिविर बाहेक अन्यत्र सामान्यत: १५० भन्दा कम मतदाता रहेको स्थानमा अलग्गै मतदान केन्द्र नतोकी त्यस्ता मतदाताहरूलाई समानुपातिक प्रणालीका लागि मतदान हुने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडाको नजिकको मतदान केन्द्रमा मतदान गर्ने व्यवस्था मिलाउने,

(४) नेपाली सेनाका लागि केन्द्रमा जङ्गी अड्डा र अन्तर्गत प्रत्येक पृतना, गण, गुल्ममा मतदान केन्द्र तोक्ने,

(५) नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका लागि सम्बन्धित प्रधान कार्यालय र अन्तर्गत गण, गुल्ममा मतदान केन्द्र तोक्ने,

(६) मतदान कार्यमा खटिने प्रहरीले सम्बन्धित मतदान केन्द्रमा र जिल्ला प्रहरी कार्यालयमा जगेडा रहने प्रहरीहरूलाई अन्य कर्मचारीहरूका लागि तोकिएकै मतदान केन्द्रमा मतदान गराउने व्यवस्था गर्ने,

(७) निजामती तथा अन्य कर्मचारीहरूलाई जिल्ला सदरमुकाममा नै मतदान केन्द्र तोक्ने, माओवादी सेनाका लडाकुहरू रहेका मुख्य तथा सहायक शिविर (क्यान्टोनमेन्ट) हरू प्रत्येकमा मतदान केन्द्र तोक्ने,

(८) कुनै जेल वा बन्दीगृहमा रहेका थुनुवा तथा कैदीहरूका लागि जेल वा बन्दीगृहमा नै मतदान केन्द्र तोक्ने,

(९) सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टोनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुहरूका लागि तोकिने मतदान केन्द्रहरू उनीहरूको कार्यालय वा शिविर हाताभित्र नराखी सर्वसाधारण र पर्यवेक्षकहरूले समेत अवलोकन गर्न सकिने गरी कार्यालय वा शिविर बाहिर उपयुक्त स्थानमा राख्ने ।

उल्लिखित मापदण्डको अधीनमा रही जिल्ला स्तरमा रहेको मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस भई आए बमोजिमका स्थानमा मतदान केन्द्र निर्धारण गरिएको थियो । निर्वाचनको मिति घोषणापश्चात् मतदान केन्द्र तोकिसकेपछि विभिन्न जिल्लामा कतिपय मतदान केन्द्रमा मतदाता सङ्ख्या बढी भएको, मतदान केन्द्र अपायक स्थानमा रहेको, आफ्नै वडामा मतदान केन्द्र रहे पनि मतदानका लागि अर्को वडामा जानु पर्ने भएको, मतदान केन्द्रको नाम ठेगाना बिग्रेको, मतदाताको सङ्ख्या घटी बढी भएको जस्ता कारणले मतदान केन्द्र संशोधनको माग गरी निर्वाचन अधिकृतको कार्यालयमा निवेदन, उजुरीहरू प्राप्त भए ।

मतदाताबाट प्राप्त निवेदन, उजुरीका सम्बन्धमा निर्वाचन अधिकृतहरूबाट स्थलगत निरीक्षण समेत गरी मतदान केन्द्र संशोधन गर्न आवश्यक देखिएका स्थानमा स्पष्ट राय सहित अनुरोध भई आएपछि आयोगले विभिन्न मितिमा मतदान केन्द्र संशोधन गरेको थियो । विशेष परिस्थितिका कारण मतदानको अघिल्लो दिनसम्म पनि आयोगबाट निर्वाचन अधिकृतको सिफारिसको आधारमा मतदान केन्द्र संशोधन गर्ने कार्य भएको थियो । संविधान सभा सदस्य निर्वाचनका लागि ९८०१ स्थानमा २०८२२ स्थायी मतदान केन्द्र रहेका थिए ।

### ८.१६.३ पोलिङ सेन्टर मास्टर लिस्ट (PCML) को तयारी

आयोगले मतदान केन्द्र निर्धारण गरेपछि मनदान केन्द्रहरूको मुख्य विवरण समावेश भएको सूची तयार गरेको थियो । यसलाई Polling Center Master List (PCML) भनिन्थ्यो । यो सूचीमा सदरमुकामबाट मतदान केन्द्रसम्मको दूरी, उक्त स्थानसम्म पुग्न लाग्ने समय, भवनको किसिम, यातायात, खानेपानी, सञ्चार सुविधा, विद्युत, स्वास्थ्य केन्द्र, सुरक्षा निकाय, शौचालयको व्यवस्था जस्ता पूर्वाधारको अवस्था खुलेको विवरण समेटिएको थियो । आयोगले यो विवरणलाई आफ्नो वेवसाइटमा समेत राखेको थियो । यसबाट निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दल, पर्यवेक्षणमा खटिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक र अरू सरोकारवाला सबैलाई निकै मद्दत पुगेको थियो ।

## ८.१७ निर्वाचन आचार संहिता तर्जुमा र कार्यान्वयन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न निर्वाचनका सरोकारवालाहरू नेपाल सरकार, राजनीतिक दल तथा उम्मेदवार, आमसञ्चार माध्यम आदि प्रमुख सरोकारवालाले पालन गर्नु पर्ने आचरणको व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । संसारका सबै प्रजातान्त्रिक मूलुकले निर्वाचनलाई नागरिकको सर्वोच्च हकको रूपमा स्वीकारी निर्वाचनको माध्यमबाट अभिव्यक्त हुने नागरिकको मतलाई सर्वोपरी महत्व दिई प्राप्त जनादेश अनुरूप मूलुकको शासन व्यवस्था सञ्चालन गर्छन् । तसर्थ निर्वाचन अत्यन्त स्वच्छ, स्वतन्त्र र विश्वसनीय (Free, Fair and Credible) ढङ्गले सम्पन्न हुनुपर्ने मान्यताका साथ निर्वाचन क्रियाकलापमा संलग्न रहने सबै सरोकारवालाले पालना गर्नुपर्ने आचरण तयार गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गरिएको हुन्छ ।

संविधान सभा सदस्य निर्वाचनको सिलसिलामा विभिन्न सरोकारवालाले पालना गर्नुपर्ने आचार संहिताको तर्जुमा गर्न आयोगले निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा आचार संहिता मसौदा समिति गठन गरेको थियो । आचार

संहितामा व्यवस्था गर्नुपर्ने विषयका बारे विभिन्न चरणमा राजनीतिक दलका प्रतिनिधि, व्यवस्थापिका-संसद्का सदस्य, नेपाल सरकारका मन्त्री तथा सचिवहरू, आम सञ्चार माध्यमका प्रतिनिधि, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि आदिसँग छलफल, अन्तरक्रिया गरी सुझाव लिई २०६४/५/२ मा आयोगबाट स्वीकृत गरी जारी गरिएको थियो । आचार संहिताले गरेका व्यवस्था बारे आम नागरिक र सरोकारवाला सबैलाई जानकारी गराउन र यसको प्रचार-प्रसार गर्न आचार संहिताको पूर्ण पाठ २०६४ भाद्र १७ गतेको गोरखापत्र दैनिकमा समेत प्रकाशन गरिएको थियो ।

निर्वाचनमा मूलुकको सम्पूर्ण क्षेत्र कुनै न कुनै रूपमा संलग्न रहन्छ । राजनीतिक दल, उम्मेदवारहरू, मतदाता, सरकारी निकाय, आमसञ्चार माध्यम आदि प्रत्यक्ष रूपले संलग्न रहन्छन् । संविधान सभा सदस्य निर्वाचनका लागि तर्जुमा गरिएको आचार संहिता निर्वाचन आयोगले सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुने र यसको पालना गर्नु देहायका व्यक्ति, संस्था वा निकायहरूको कर्तव्य हुने गरी व्यवस्था गरिएको थियो-

(१) राजनीतिक दल तथा उम्मेदवार

(२) राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिहरू

(३) नेपाल सरकार,

(४) सरकारी तथा अर्धसरकारी संस्था र स्थानीय निकाय

(५) सरकारी, अर्ध सरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यम

(६) सरकारी, अर्ध सरकारी संस्था तथा स्थानीय निकायका कर्मचारी, निर्वाचन कार्यमा संलग्न कर्मचारी र निर्वाचन कार्यको लागि निर्वाचन आयोगले खटाएको स्वयंसेवक ।

### ८.१७.१ निर्वाचन आचार संहिताले गरेका मुख्य व्यवस्था

आचार संहिताले संविधान सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गले सम्पन्न गर्ने सिलसिलामा माथि उल्लिखित सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणलाई अलग-अलगपरिच्छेदमा उल्लेख गरेको थियो । आचार संहिता पालना गर्नुपर्ने कर्तव्य भएका  मध्ये नेपाल सरकारले नयाँ नीति, योजना तथा कार्यक्रम घोषणा गर्न, जनशक्ति तथा साधन स्रोतको परिचालन गर्न तथा निर्वाचन प्रचार-प्रसारका लागि सरकारी स्रोत साधनको प्रयोग गर्न नहुने समेतका व्यवस्था गरिएको थियो ।

आचार संहिता पालना गर्नुपर्ने एक मुख्य सरोकारवालाको रूपमा रहेका राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार-प्रसार सभा, जुलुस, ऱ्याली आदिलाई शिष्ट र मर्यादित बनाउनु पर्ने, निर्वाचन प्रचार-प्रसारको क्रममा पोस्टर टाँस्न, वितरण गर्न, भित्तेलेखन गर्न, तुल वा व्यानर तडकभडकपूर्ण प्रचार-प्रसार गर्न नहुने, निर्वाचनसँग सम्बन्धित गतिविधिमा बालबालिकालाई प्रयोग गराउन नहुने, आफ्ना कार्यकर्ता वा समर्थकहरूबाट आचार संहिता उल्लङ्घन भएमा सोको जिम्मेवारी सम्बन्धित दल र उम्मेदवारले लिनु पर्ने  समेतका व्यवस्था गरिएका थिए ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र रूपमा सम्पन्न गर्ने कार्यमा आम सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने यथार्थतालाई दृष्टिगत गरी आम सञ्चार माध्यमले पूर्वाग्रहरहित भई सत्य, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण गर्नु पर्ने, प्रचार-प्रसार सामग्री प्रकाशन प्रसारण गर्दा महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य कुनै किसिमको सद्भावमा प्रतिकूल असर पुग्ने गरी प्रचार-प्रसार गर्न नहुने, गलत र भ्रम सिर्जना हुने किसिमका समाचार प्रकाशन वा प्रसारण हुन गएमा त्यसलाई सच्याउनु पर्ने,  निःशुल्क प्रसारण सुविधा प्रदान गर्ने, मौन अवधिमा प्रचार-प्रसार गर्न नहुने  समेतका व्यवस्था गरिएको थियो ।

### ८.१७.२ आचार संहिता कार्यान्वयन संयन्त्र

संविधान सभा सदस्य निर्वाचनका बेला लागू गरिएको आचार संहिताको कार्यान्वयन र अनुगमनको संयोजन निर्वाचन आयुक्त डा. अयोधीप्रसाद  यादवले गर्नुभएको थियो । आचार संहिता उल्लङ्घन तथा अन्य विविध विषयका गुनासो तथा निवेदन पत्रहरू  उपर कारवाई भए नभएको अनुगमन गर्ने तथा प्राप्त उजुरीको कारवाईका काममा आयोगलाई सहयोग गर्न केन्द्रीय स्तरमा निर्वाचन आयुक्त डा. यादवको संयोजकत्वमा नायव महान्यायाधिवक्ता द्रोणराज रेग्मी, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव कुलरत्न भूर्तेल र निर्वाचन आयोगका सचिव सुशील जंग बहादुर राणा सदस्य तथा आयोगका सह-न्यायाधिवक्ता महेश शर्मा पौडेल सदस्य सचिव रहेको ५ सदस्यीय उजुरी व्यवस्थापन समिति रहेको थियो । आचार संहिता कार्यान्वयन सम्बन्धी कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न कानुन तथा राजनीतिक दल दर्ता महाशाखाका प्रमुखको नेतृत्वमा आचार संहिता एकाइ स्थापना गरी कार्य सम्पादनको व्यवस्था मिलाइएको थियो ।

स्थानीय स्तरमा आचार संहिताको कार्यान्वयन तथा अनुगमनका लागि मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा सम्बन्धित जिल्लाका निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख सदस्य र जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहेको आचार संहिता जिल्ला समन्वय समिति गठन गरेको थियो । आचार संहिता कार्यान्वयनकै सिलसिलामा सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यमले आचार संहिता कार्यान्वयन गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी प्रेस काउन्सिललाई दिइएको थियो ।

### ८.१७.३ आचार संहिता प्रारम्भ

२०६४ मङ्सिर ६ गते मतदान हुने गरी तय भएको संविधान सभा सदस्य निर्वाचनका लागि आयोगले नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकायका लागि मिति २०६४ असोज १ देखि, राजनीतिक दलका लागि मिति २०६४/६/१३ देखि, उम्मेदवारका लागि निर्वाचनको मनोनयन पत्र दर्ता भएको मितिदेखि र निजी सञ्चार माध्यमका लागि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको मितिदेखि आचार संहिता लागू गरेको थियो । तर उक्त निर्वाचन स्थगित गर्न नेपाल सरकारबाट मिति २०६४/६/१८ मा लेखी आएको सन्दर्भमा आयोगको मिति २०६४/६/१८ को निर्णयले उल्लिखित निर्वाचनका लागि २०६४/६/१३ मा प्रकाशित सम्पूर्ण कार्यक्रम रद्ध गरेको थियो । २०६४ साल चैत्र २८ गते मतदान गर्ने गरी नयाँ निर्वाचन मिति घोषणापछि आयोगले देहायका व्यक्ति, संस्था वा निकायलाई देहायको मितिदेखि आचार संहिता लागू गरेको थियो,

(१) नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकायका लागि मिति २०६४/१०/२ देखि

(२) राजनीतिक दलका लागि समानुपातिक निर्वाचन प्रणालीका लागि बन्दसूची पेश गर्ने मिति (२०६४/११/८) देखि

(३) उम्मेदवारका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको मनोनयन पत्र पेश गर्ने मिति (२०६४/११/१३) देखि

(४) निजी सञ्चार माध्यमका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको मिति (२०६४/११/२६) देखि

२०६४ साल माघ २ गतेदेखि आचार संहिता लागू गर्ने गरी भएको निर्णयको सूचना र पालना गर्नुपर्ने आचरणका बुँदाहरू आयोगले आम नागरिक र

सरोकारवालाको जानकारीको लागि २०६४ माघ २ गतेको गोरखापत्र दैनिकमा प्रकाशन गरेको थियो ।

### ८.१७.४ प्राप्त उजुरी र कारवाही

लोकतन्त्रमा मूलुकको दैनन्दिन जीवनमा समेत आमनागरिक र मूलुकका सबै क्षेत्रको अनुशासित र लोकतान्त्रिक आचरणको अपेक्षा गरिन्छ । नागरिकबाट अवलम्बन हुने उत्कृष्ट आचरण र राज्यबाट हुने सुशासनको व्यवस्थापनले नै समाज सभ्य र विकसित हुँदै अघि बढ्छ । सबैजसो मूलुकमा निर्वाचन एक यस्तो बृहत् परिघटना हो जहाँ मूलुकको सबै क्षेत्र कुनै न कुनै रूपले संलग्न रहेको हुन्छ । विकसित र सभ्य मूलुकहरूमा निर्वाचनलाई एक सामान्य दैनिकीको रूपमा ग्रहण गर्दै कम खर्चिलो र व्यवस्थित ढङ्गले सम्पादन गर्ने अभ्यास बसिसकेको छ । तर, हाम्रो क्षेत्रका धेरैजसो मूलुकमा निर्वाचन तडकभडकपूर्ण हुने गरेको छ । मतको खरिद बिक्रीका संभावना, भोज भतेर मार्फत मतदाताको ध्यान आकर्षण गर्ने परिपाटी, निर्वाचनको प्रचार-प्रसारमा दल वा उम्मेदवारहरू बिच देखापर्ने असहिष्णु व्यवहारले समग्र निर्वाचन प्रक्रिया नै प्रभावित हुने गरेका छन् ।

यी सबै कुरालाई मनन गरी संविधान सभा सदस्य निर्वाचनको सन्दर्भमा आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न आचार संहिताको कार्यान्वयनमा निकै कडाइ र व्यवस्थित प्रयास गरेको थियो । फलतः आचार संहिता उल्लङ्घनका घटना भए पनि गम्भीर प्रकृतिका र निर्वाचनलाई बिथोल्ने प्रकारका भने भएनन् । यो अवधिमा आचार संहिता उल्लङ्घन भएको सम्बन्धमा ३०४ वटा विविध प्रकृतिका उजुरीहरू प्राप्त भएका थिए । यी मध्ये राजनीतिक दलसँग सम्बन्धित ९१ वटा, नेपाल सरकार र सरकारी तथा अर्ध सरकारी निकायसँग सम्बन्धित ५५ वटा, आम सञ्चार माध्यमसँग सम्बन्धित २८ वटा र १३० वटा विविध प्रकृतिका थिए ।

राजनीतिक दलसँग सम्बन्धित उजुरीमा मुख्यतः निर्वाचन प्रचार-प्रसारमा विभिन्न किसिमले अवरोध पुर्‍याएको, शान्ति सुरक्षामा अवरोध पुर्‍याएको, तोकेको सीमाभन्दा बढी सवारी साधन प्रयोग गरेको, आचार संहिता विपरीत सार्वजनिक स्थलमा भित्तेलेखन गरेको जस्ता विषयका थिए । नेपाल सरकार र सरकारी तथा अर्ध सरकारी निकायसँग सम्बन्धित उजुरी मुख्यतः नयाँ योजनाको स्वीकृति र सञ्चालन, कर्मचारी भर्ना र सरुवा एवं बढुवासँग सम्बन्धित विषयका उजुरी थिए । सरकारी तथा निजी आमसञ्चारका माध्यम सम्बन्धमा प्राप्त उजुरी मध्ये मुख्य रूपमा सरकारी सञ्चार माध्यम रेडियो नेपाल र नेपाल टेलिभिजन एवम् गोरखापत्रमा प्रसारित प्रकाशित कतिपय सामग्री कुनै एक राजनीतिक दलको

पक्षमा हुनेगरी गरिएको र निजी क्षेत्रका विभिन्न सञ्चार माध्यमले आचार संहिता विपरीत हुने गरी एक पक्षीय रूपमा प्रचार सामग्री प्रकाशन, प्रसारण गरेको विषयसँग सम्बन्धित थिए । आयोगबाट यी सबै उजुरी उपर कारबाही गरी आवश्यकतानुसार निर्देशन दिइएको थियो । आचार संहिता उल्लङ्घनका सम्बन्धमा परेका कतिपय उजुरी तथ्यपूर्ण नदेखिएपछि आयोगले त्यस्ता उजुरी उपर कारबाही गर्नु नपर्ने निर्णय पनि गरेको थियो ।

निर्वाचन आचार संहिता, २०६४ को प्रभावकारी कार्यान्वयन सम्बन्धमा आयोगले समय समयमा नेपाल सरकारका मन्त्रीहरू, विभिन्न निकाय, प्रमुख तीन राजनीतिक दल नेपाली काँग्रेस, ने.क.पा. एमाले र ने.क.पा. माओवादीका शीर्ष नेताहरू, निर्वाचन अनुगमनका लागि खटिएका नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत र सरकारी सञ्चार माध्यम गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समितिका प्रमुखसँग आचार संहिता कार्यान्वयन अवस्था बारे छलफल गरी यस क्रममा देखिएका कमी कमजोरी तत्काल सुधार गर्न निर्देशन दिएको थियो ।

शान्ति सुरक्षाको स्थिति र अत्यावश्यक वस्तु खास गरी इन्धनको आपूर्ति व्यवस्थामा आउने कमी कमजोरीले निर्वाचनको समग्र वातावरण प्रभावित हुनसक्ने भन्दै आयोगले सम्बन्धित निकायका उच्च अधिकारीहरूलाई बोलाई शान्ति सुरक्षा कायम राख्न र सहज आपूर्ति व्यवस्था मिलाउन निर्देशन दिएको थियो । यसैगरी रेडियो नेपालबाट प्रसारण हुने घटना र विचार कार्यक्रममा आचार संहिता विपरीत एकपक्षीय र भ्रमात्मक सामग्री प्रसारण गरिरहेको गुनासोका सम्बन्धमा प्रेस काउन्सिलबाट अनुगमन हुँदा त्यस प्रकारको अवस्था पाइएकोले आयोगले २०६४ साल चैत्र २४ गतेको निर्णयले उक्त कार्यक्रमको प्रसारण तत्कालैदेखि बन्द गर्न र सो अवधिमा निर्वाचन सम्बन्धी आयोगका सूचना सम्प्रेषण गर्न निर्देशन दियो । आयोगको निर्देशनपछि रेडियो नेपालले तदनुरूप कार्यक्रम बन्द गरी आयोगका सूचना सम्प्रेषण गरेको थियो ।

### ८.१७.५ गैर सरकारी संस्थाको आचार संहिता कार्यविधि, २०६४

मूलुकमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका क्रियाकलापबाट निर्वाचनको स्वच्छतामा प्रभाव नपरोस् भनी आयोगले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव, समाज कल्याण परिषद्का सदस्य सचिव र गैर सरकारी संस्था महासंघका प्रतिनिधिहरूसँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझाव समेतका आधारमा गैर सरकारी संस्थाको आचार संहिता कार्यविधि,

२०६४ जारी गरी मिति २०६४/११/२६ देखि लागू गरेको थियो । यो आचार संहिता नेपालको निर्वाचन इतिहासमा नयाँ अध्याय थियो ।

गैर सरकारी संस्थाको आचार संहिता कार्यविधि, २०६४ मा अन्य कुराका अतिरिक्त कुनै दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न वा सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न गराउन नहुने, आफ्नो संस्थाको कुनै पनि स्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसारको लागि उपलब्ध गर्न गराउन नहुने तथा कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसार गर्न गराउन नहुने समेतका व्यवस्था गरिएको थियो ।

### ८.१७.६ निर्वाचन खर्च सम्बन्धी व्यवस्था

संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ ले राजनीतिक दल वा उम्मेदवारले निर्वाचन अभियान सञ्चालन गर्दा गर्न पाउने खर्चको हद तोक्नुका साथै निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र आयोग समक्ष निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था गरेको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनको उम्मेदवारले मतदाता नामावली खरिद, सवारी साधन (घोडा समेत), सवारी इन्धन वा दाना, लाउड स्पिकर, पर्चा छपाइ, ढुवानी, आमसभा गोष्ठी, अन्य प्रचार-प्रसार (छापा एवम् विद्युतीय माध्यम), कार्यालय सञ्चालन, बुथको खर्च र विवध गरी विभिन्न १२ वटा शीर्षकमा खर्च गर्न पाउने रकमको अलग-अलग हद आयोगले तोकको थियो । यी शीर्षकमा खर्च गर्न पाउने कुल रकमको हद रु.४,५९,५००।०० रहेको थियो । खर्च गर्न पाउने शीर्षक र खर्चको हद देहाय बमोजिम थियो :

| क्र.सं. | खर्च शीर्षक | खर्च सीमा रू. |
|---|---|---:|
| १ | मतदाता नामावली खरिद | १,५००/- |
| २ | सवारी साधन -१/घोडा-२ | ६०,०००/- |
| ३ | सवारी इन्धन/दाना | ४८,०००/- |
| ४ | लाउडस्पिकर | ४०,०००/- |
| ५ | पर्चा छपाइ | ७५,०००/- |
| ६ | ढुवानी | १०,०००/- |
| ७ | आमसभा, गोष्ठी | ७५,०००/- |

| क्र.सं. | खर्च शीर्षक | खर्च सीमा रू. |
|---|---|---|
| ८ | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | २५,०००/- |
| ९ | कार्यालय सञ्चालन | ३०,०००/- |
| १० | कार्यकर्ता परिचालन | ५०,०००/- |
| ११ | बुथ खर्च | २५,०००/- |
| १२ | विविध | २०,०००/- |
| | **जम्मा** | **४,५९,५००/-** |

त्यसै गरी समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले आयोगमा पेश गरेको बन्दसूचीमा रहेका उम्मेदवार सङ्ख्या अनुसार प्रति उम्मेदवार रु.५०,०००।०० का दरले हुन आउने रकमसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको थियो ।

निर्वाचन सम्पन्न भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा भाग लिएका ५४ राजनीतिक दल मध्ये २८ वटा राजनीतिक दलले मात्र म्यादभित्र निर्वाचन खर्चको विवरण बुझाएका थिए । म्यादभित्र खर्चको विवरण पेश नगर्ने २६ दललाई स्पष्टीकरण सहित खर्चको विवरण पेश गर्न जानकारी गराएकोमा विभिन्न १७ वटा राजनीतिक दलले स्पष्टीकरण सहित खर्चको विवरण पेश गरेका थिए । बाँकी दल मध्ये राष्ट्रिय विकास पार्टी, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी), नेपाल साम्यवादी दल, ताम्सालिङ, नेपाल राष्ट्रिय दल, नेपाल राष्ट्रिय लोकतान्त्रिक दल र नेपाल लोकतान्त्रिक समाजवादी दलले म्यादभित्र खर्च विवरण पेश गर्न नसक्नुको स्पष्टीकरण बेगर खर्चको विवरण मात्र पेश गरेका थिए भने समाजवादी पार्टी नेपाल, मुस्कान सेना नेपाल पार्टी र राष्ट्रवादी युवा मोर्चाले निर्वाचन खर्चको विवरण नै पेश गरेनन् । राष्ट्रवादी युवा मोर्चाको हकमा उम्मेदवारी दर्ता गरे पनि निर्वाचनमा भाग नलिएकोले आयोगबाट २०६५।९।२० मा केही गर्नु नपर्ने भनी निर्णय भएको थियो ।

### ८.१८ सञ्चार माध्यम अनुगमन

संविधान सभा सदस्य निर्वाचन आचार संहिताले सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यमले पालना गर्नुपर्ने गरी विभिन्न व्यवस्था गरेको छ । आचार संहिता कार्यान्वयनका सन्दर्भमा सञ्चार माध्यमको अनुगमनका लागि आयोगले मिति

२०६४।४।२० को निर्णयानुसार प्रेस काउन्सिल नेपाललाई जिम्मेवारी दिएको थियो ।

२०६४ साल मङ्सिर ६ गते हुने निर्वाचनका लागि आयोगले नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकायका लागि मिति २०६४ असोज १ देखि आचार संहिता लागू हुने गरी निर्णय गरिसकेको थियो । उक्त निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनको लागि २०६४ साल असोज १८ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र २०६४ साल असोज २४ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको थियो । सरकारी सञ्चारमाध्यमको अनुगमन प्रारम्भ भए पनि निजी क्षेत्रका सञ्चार माध्यमलाई उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेपछि मात्रै आचार संहिता लागू हुने व्यवस्था रहेको र आचर संहिता लागू नहुदै २०६४ असोज १८ मा निर्वाचन स्थगित भएको थियो । २०६४ साल चैत्र २८ गते निर्वाचन हुने गरी नयाँ मिति घोषणापछि पनि आयोगले सञ्चार माध्यम अनुगमनको जिम्मेवारी पूर्ववत् प्रेस काउन्सिल नेपाललाई नै दिएको थियो । सञ्चार माध्यम अनुगमनका लागि आवश्यक पर्ने औजार र सामग्रीहरू आयोगको अनुरोधमा International Foundation for Electoral Support मार्फत USAID ले उपलब्ध गराएको थियो ।

सञ्चार माध्यमको अनुगमन गर्दा सञ्चार माध्यममा राजनीतिक दलहरूले प्राप्त गरेको स्थान र समय, आम सञ्चारमा निर्वाचन आयोगको कभरेज/पहुँच र संविधान सभा सदस्यका लागि निर्वाचन सम्बन्धी सूचनाको स्थान के रहेको छ भन्ने बारे निम्न विषयमा सूचना सङ्कलन र विश्लेषण गरी निर्वाचन आयोगलाई सोको जानकारी नियमित रूपमा उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।[७१५]

(क) मतदातालाई निर्वाचनका लागि सबै राजनीतिक प्रतिस्पर्धीहरूको बारेमा पर्याप्त जानकारी दिई उपयुक्त विकल्प छनोट गर्नसक्ने अवसर दिएको छ कि छैन ?

(ख) सबै राजनीतिक विचारधाराहरू स्वच्छ वा समान रूपले सम्प्रेषण गरिएको छ कि छैन ?

(ग) निर्वाचन प्रणाली र मतदान गर्ने तरिका बारेमा मतदातालाई प्रभावकारी र ठीक तरिकाले सूचित गर्न मतदाता शिक्षा कार्यक्रम पर्याप्त छ कि छैन ?

---

[७१५] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

(घ) निर्वाचन आयोगको जानकारीमूलक सन्देश र सूचनाहरू सञ्चार माध्यमहरूमा प्रतिबिम्बित भएको छ कि छैन ?

(ङ) निर्वाचन आयोगको प्रतिनिधित्व कसरी भएको छ ?

माथि उल्लिखित विषयमा काउन्सिलबाट प्राप्त सूचनाहरूका आधारमा निर्वाचन आयोगले आवश्यक देखेमा सञ्चार आचार संहिता लागू गर्ने सम्बन्धमा प्रतिक्रिया दिन, सूचनाको सुधार गर्न र फरक अर्थ लाग्ने सूचनाहरूको संशोधन गरी तुरुन्त सार्वजनिक गर्न निर्देशन दिने गरेको थियो ।

## ८.१८.१ सञ्चार माध्यम अनुगमन केन्द्रको स्थापना र अनुगमन

सत्य सूचनामा आधारित सन्देशहरूको रूजु गर्ने सन्दर्भमा सञ्चार-माध्यम अनुगमनले सञ्चार माध्यम अनुगमनका लागि केन्द्रमा र विराटनगर, जनकपुर, रूपन्देही, नेपालगञ्ज र कैलाली गरी ५ वटा क्षेत्रीय अनुगमन केन्द्र र दाङ, पोखरा, चितवन, वीरगञ्ज र विर्तामोडमा गरी ५ वटा क्षेत्रीय अनुगमन उपकेन्द्र सञ्चालन गरिएको थियो ।

संविधान सभा सदस्य निर्वाचन सम्बन्धी प्रसारित र प्रकाशित जुनसुकै सूचनाको निगरानी गरेको थियो । यसका अतिरिक्त सञ्चार अनुगमनले मतदाता शिक्षा कार्यक्रमको प्रसारण तथा प्रकाशनको समय र स्थानको वास्तविक स्थिति निर्वाचन आयोगलाई उपलब्ध गराउन सहयोग गरेको थियो । काठमाडौंमा स्थापना भएको सञ्चार-माध्यम अनुगमन कार्यक्रमद्वारा ९४ सञ्चार माध्यमहरूलाई अनुगमनका लागि पहिचान गरिएको थियो । पहिचान गरिएका सञ्चारमाध्यममा काठमाडौंमा दर्ता भएका राष्ट्रिय स्तरका सञ्चारमाध्यम र काठमाडौं एवम् काठमाडौं उपत्यका वरपर पहुँच भएका सञ्चार माध्यमहरू समावेश गरिएका थिए ।

यसै गरी काठमाडौं उपत्यकाभित्र विभिन्न २३ वटा विद्युतीय सञ्चार माध्यम ( टि.भि., रेडियो र एफ.एम. रेडियोहरू) अनुगमनका लागि पहिचान गरिएको थियो । सञ्चार माध्यमले समाचार प्रसारण गर्ने मुख्य समय (Prime Time) तथा मुख्य घटना वा कार्यक्रम विशेषमा के कस्ता सामग्री कसरी प्रसारण गरेका छन् भन्नेमा केन्द्रित रही अनुगमन गरिएको थियो । सञ्चारमाध्यम अनुगमनबाट विभिन्न ३० वटा प्रतिवेदन प्राप्त भएका थिए । सो प्रतिवेदन समेतका आधारमा कारवाही गर्नुपर्ने देखिएका घटनाका सम्बन्धमा आयोगबाट २८ वटा सञ्चार माध्यमलाई कारवाही समेत गरिएको थियो ।

### ८.१८.२ राजनीतिक दललाई निःशुल्क प्रसारण सुविधा

संविधान सभा सदस्य निर्वाचनका लागि लागू गरिएको निर्वाचन आचार संहिता, २०६४ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिने राजनीतिक दललाई सो दलले खडा गरेको उम्मेदवारको कुल सङ्ख्याको अनुपातमा आफ्नो दलको घोषणापत्र  सार्वजनिक गर्न, प्रचार-प्रसार गर्न र मत प्राप्तिको लागि आम मतदातालाई आह्वान गर्न निःशुल्क समय उपलब्ध गराउने व्यवस्था गरिएको थियो । यो अभ्यास पनि नेपालको निर्वाचन इतिहासमा पहिलो पाइला थियो ।

यो व्यवस्था अनुरूप समानुपातिकतर्फ वन्दसूची पेश गर्ने राजनीतिक दलहरूलाई ती दलका बन्दसूचीमा कायम रहेका कुल उम्मेदवारको सङ्ख्याको अनुपातको आधारमा देहाय बमोजिम समय निर्धारण गरिएको थियो-

(क) पहिलो चरण- घोषणा पत्र सार्वजनिकीकरण ५ देखि २० मिनेटसम्म रेडियो नेपालबाट,

(ख) दोश्रो चरण- प्रचार-प्रसार २ देखि ५ मिनेटसम्म नेपाल टेलिभिजनबाट,

(ग) तेश्रो चरण- अभिमत प्राप्तिको अन्तिम आव्हान- १ मिनेट नेपाल टेलिभिजनबाट ।

विषय सामग्री प्रसारणका लागि समानुपातिकतर्फको मतपत्रमा उल्लेख भएका राजनीतिक दलको निर्वाचन चिह्नको क्रम अनुसार प्रसारणको क्रम तोकिएको थियो ।

पहिलो चरणको घोषणापत्र सार्वजनिकीकरणको लागि रेडियो नेपालबाट २०६४ चैत्र ८ गतेदेखि बिहान ७ बजेको समाचारअघि र पछिको समय तोकिएको थियो भने दोस्रो चरणको प्रचार-प्रसारको लागि नेपाल टेलिभिजनबाट २०६४ चैत्र १७ गतेदेखि बेलुका ७ देखि ८ बजेको समय तोकिएको थियो । यसैगरी  तेस्रो चरणको अभिमत प्राप्तिको अन्तिम आह्वानको लागि नेपाल टेलिभिजनबाट २०६४ चैत्र २३ गतेदेखिको बेलुका ७ देखि ८ बजेको समय तोकिएको थियो ।

यो राजनीतिक दलहरूका लागि समेत नयाँ अभ्यास थियो । तसर्थ राजनीतिक दलहरूलाई सम्बन्धित दलका लागि रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारणका लागि तय गरिएको मिति र समय तथा उपलब्ध समय बारे जानकारी गराई सम्बन्धित प्रसारण संस्थामा सम्पर्क गरी आफ्नो सामग्री प्रसारण हुने दिन अगावै रेकर्ड गराउने व्यवस्था मिलाउन (तोकिएको समय तालिकामा प्रसारण हुन नसकेमा अर्को समय उपलब्ध गराउन नसकिने जानकारी सहित) पूर्व जानकारी

गराइएको थियो । यस अतिरिक्त प्रसारणको लागि तयार हुने सामग्री पूर्ण रूपमा आचार संहिता अनुकूल हुनुपर्ने भएकोले घोषणा पत्र तथा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारणका लागि तयार गरिने सामग्री १/१ प्रति निर्वाचन आयोगमा उपलब्ध गराउन अनुरोध गरी प्राप्त गरिएको थियो । प्रसारण वापतको खर्च रकम निर्वाचन आयोगले सम्बन्धित संस्थालाई भुक्तानी दिएको थियो ।

## ८.१९ निर्वाचन सामग्री व्यवस्थापान

सार्वजनिक निकायले वस्तु तथा सेवाको खरिद गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०५६ बमोजिम गर्नुपर्ने व्यवस्था थियो । निर्वाचन आयोगले पनि सामान्य अवस्थामा यही कानुनी व्यवस्था अनुरूप सामग्री व्यवस्थापन गर्ने भए पनि निर्वाचनको कामको लागि सामग्री खरिद सम्बन्धमा निर्वाचन आयोग ऐन, २०६३ ले विशेष व्यवस्था गरेको थियो, जुन अद्यापि प्रचलनमा छ। ऐनको दफा १६ (१) मा आयोगले निर्वाचनको कामका लागि आवश्यक जिन्सी मालसामान खरिद वा सेवा प्राप्त गर्दा बोलपत्र लिन सम्भव नभएमा सोको कारण उल्लेख गरी दरभाउपत्रबाट र दरभाउपत्र पनि लिन सम्भव नभए सोझै बजारबाट खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। ऐनको दफा १६ (२) मा आयोगले निर्वाचनका लागि मतदाता नामावली तयार गराउँदा, मतपत्र छपाउँदा वा कम्प्युटर, प्रिन्टर वा फोटोकपी मेसिनको सञ्चालन गर्दा त्यसका पार्टपुर्जाहरू वा त्यसमा प्रयोग गरिने सफ्टवेयरका सामानहरू तथा विशेष प्रकारका कागज खरिद गर्दा प्रचलित कानुन  बमोजिम बोलपत्र वा दरभाउपत्र लिन सम्भव नहुने वा लिन व्यावहारिक नहुने भनी निर्णय गरेमा त्यस्तो बोलपत्र वा दरभाउपत्र लिनु नपर्ने व्यवस्था समेत गरेको छ ।

नेपालको अन्तरिम संविधानले संविधान सभा सदस्यको  निर्वाचन २०६४ जेठ मसान्तभित्र हुने व्यवस्था गरेको थियो ।  यसका लागि आयोगले २०६३ साल माघ १५ मा मतदान केन्द्रमा प्रयोग हुने विभिन्न सामग्रीको पहिचान गरी गुणस्तर र परिमाण समेत तोकी सामग्री व्यवस्थापनमा देहायको रणनीति अवलम्बन गर्ने निर्णय गरेको थियो[७१६]-

(क) निर्वाचन सामग्रीहरू सकभर वैदेशिक सहायता अन्तर्गत प्राप्त गर्ने,

(ख) वैदेशिक सहायताबाट प्राप्त हुन नसकेका निर्वाचन सामग्रीहरू मात्र आन्तरिक रूपमा खरिद गर्ने,

(ग) स्थानीय  स्तरमा उपलब्ध हुनसक्ने सामग्री खरिदको जिम्मेवारी जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने, र

[७१६] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, २०६६ पेज नं.८१

(घ) छपाइ सामग्रीको उत्पादनमा बढीभन्दा बढी प्रेस सञ्चालकलाई संलग्न गराई एकाधिकारबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्ने ।

निर्वाचनमा सामग्रीको व्यवस्थापन गर्दा सामना गर्नुपर्ने जोखिमको तह उच्च हुने र सामग्री उत्पादन, प्राप्ति, भण्डारण वा ढुवानी र वितरणका विभिन्न चरणमा कारणवश कुनै सामग्री नोक्सान भयो र त्यसको बदलामा थप सामग्री तत्काल आपूर्ति गर्न सकिएन भने निर्वाचन नै प्रभावित हुने भएकाले यसलाई दृष्टिगत गरी आयोगले विगतमा झैं थप पच्चीस प्रतिशत सामग्री जगेडामा राख्ने गरी अनुमान गरेको थियो । जगेडा सामग्री मध्ये पन्ध्र प्रतिशत जिल्लामा नै पठाउने र दस प्रतिशत सामग्री आयोगमै जगेडा राख्ने व्यवस्था गरिएको थियो ।

निर्वाचनमा आवश्यक पर्ने विभिन्न सामग्री मुख्यतः वैदेशिक सहयोग र आन्तरिक रूपमा खरिद गरेर गरी व्यवस्थापन गरिएको थियो । आन्तरिक रूपमा सामग्री खरिद गर्दा आवश्यकता अनुसार निर्वाचन आयोगको केन्द्रीय सचिवालयबाट र जिल्ला निर्वाचन कार्यालयहरूबाट समेत गरिएको थियो । विभिन्न २४० निर्वाचन क्षेत्रमा रहेका निर्वाचन अधिकृतको कार्यालयहरूले पनि आफ्नो कार्यालयको व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरू आफैँले खरिद गरी व्यवस्थापन गरेका थिए । तर निर्वाचन कार्यक्रम तथा मतदान एवम् मतगणना सञ्चालनका लागि चाहिने सामग्री भने आयोगको केन्द्रीय सचिवालयबाटै व्यवस्थापन गरी उपलब्ध गराइएको थियो । सामग्री व्यवस्थापन गर्दा मतदान केन्द्रमा पठाउन आवश्यक सामग्री र तिनको प्याकेजिङका लागि चाहिने सामग्री एवम् छपाइ सामग्री गरी अलग-अलगरूपमा वर्गीकरण गरी व्यवस्थापन गरिएको थियो ।

२०६४ साल जेठ मसान्तभित्र हुने भनिएको निर्वाचनका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ र निर्वाचन आयोग ऐन, २०६३ ले गरेका व्यवस्था अवलम्बन गरिएको थियो । आर्थिक प्रशासन सम्बन्धी नियमावली बमोजिम बोलपत्रका लागि सामान्यतः ३० दिनको म्याद दिनुपर्ने भए पनि सामग्री प्राप्ति र जिल्ला स्तरमा ढुवानी गर्न लाग्ने समय समेतलाई ख्याल गरी २०६३ साल माघ १९ गते २१ दिनको म्याद दिई बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको थियो ।

मतदान केन्द्रका लागि आवश्यक पर्ने मध्येका विभिन्न ३५ प्रकारका सामग्री र आयोग र आयोग अन्तर्गत कार्यालयहरूका लागि आवश्यक फोटोकपि पेपर समेत ३६ प्रकारका सामग्री खरिदको लागि बोलपत्रको आह्वान गर्दा सामग्रीको प्रकृति अनुसार विभिन्न ६ वटा समूहमा वर्गीकरण गरिएको थियो ।

सामग्री खरिदका लागि गरिएको बोलपत्र आह्वान अनुसार पर्न आएका बोलपत्रको मूल्याङ्कन गर्ने कार्य चैत्र २१ गतेसम्ममा सम्पन्न गरिएको थियो । उल्लिखित प्रक्रिया पूरा गरी सामग्री खरिद गर्न गरिने सम्झौताको चरणमा आइपुग्ने बेलासम्म पनि निर्वाचनको मिति समेत

घोषणा हुन नसकेको कारण आयोगले २०६३ चैत १९ मा २०६४ जेठ महिनाभित्र निर्वाचन सम्पन्न गर्न नसकिने भनी सरकारलाई लेखी पठाएपछि निर्वाचन हुन्छ र हुँदैनको अवस्थामा सामग्री खरिद गर्न उपयुक्त नहुने अवस्था सिर्जना भई सबै बोलपत्र रद्द गरिएको थियो । यसबाट आयोग र व्यवसायीको ठूलो स्रोत, समय र मेहनत खेर गएको थियो ।

२०६४ साल मङ्सिर ६ गतेका लागि निर्वाचनको मिति घोषणा भएपछि पुनः सामग्री खरिदको प्रक्रिया अगाडि बढाइयो । मतदान केन्द्रमा पठाउन र प्याकेजिङको लागि आवश्यक पर्ने विभिन्न ३९ प्रकारका सामग्री खरिद गर्न सामग्रीको प्रकृति अनुसार विभिन्न १५ समूहमा वर्गीकरण गरी २०६४ साउन ३ गते बोलपत्रको सूचना आह्वान गरियो । यसै बिच मतदान केन्द्रका लागि आवश्यक सामग्री मध्ये जेल पेन रातो र कालो, स्ट्याम्प प्याड, स्ट्याम्प प्याडको मसी समेत विभिन्न १९ प्रकारका सामग्री र ह्याण्ड व्याग, टिसर्ट, क्याप जस्ता प्रवर्द्धनात्मक सामग्री सहयोग स्वरूप चीन सरकारबाट प्राप्त हुने भएपछि आयोगले बोलपत्रदाताबाट उक्त सामग्री बाहेकका सामग्री मात्र खरिद गर्नेगरी प्रक्रिया अगाडि बढायो ।

निर्वाचन व्यवस्थापन सम्बन्धी सम्पूर्ण तयारी पूरा गरिसकेको अवस्थामा मङ्सिर ६ गते हुने भनिएको निर्वाचन स्थगित गरिदिन नेपाल सरकारबाट २०६४ असोज १८ गते अनुरोध भई आएपछि आयोगले निर्वाचनका समपूर्ण प्रक्रिया तत्काल स्थगित गर्‍यो । यसबाट निर्वाचनको तयारीका सिलसिलामा भइरहेका सम्पूर्ण क्रियाकलापमा प्रत्यक्ष असर पर्‍यो । मतदाता शिक्षा कार्यक्रम, तालिम लगायतका क्रियाकलाप स्थगित भए । काजमा ल्याइएका कर्मचारी फिर्ता गरियो । निर्वाचन क्षेत्रमा खुलेका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालय बन्द गरिए । निर्वाचन अधिकृतहरूको काज फिर्ता गरियो ।

सामग्री व्यवस्थापन प्रक्रियामा पनि यसको प्रभाव टड्कारो रूपमा पर्‍यो । आपूर्तिकर्ताहरूलाई जे जति सामग्री तयारी अवस्थामा छन् ती सामग्री मात्र आयोगमा बुझाउन र अरू सामग्री तयारीको कार्य तत्काल रोक्न अनुरोध भयो । आपूर्तिकर्तासँग के कति सामग्री तयारी अवस्थामा छ भन्ने निर्क्योल गर्न आयोगकै कर्मचारीबाट निरीक्षण समेत गरियो । यो प्रभाव छपाइ सामग्रीको व्यवस्थापनमा पनि पर्‍यो ।

२०६४ साल चैत्र २८ गतेका लागि सरकारबाट २०६४ साल पुस २७ गते नयाँ निर्वाचन मिति घोषणा भयो । २०६४ असोज १८ गते निर्वाचन स्थगित गर्नुपूर्व जे जति सामग्री प्राप्त भएका थिए त्यस बाहेकका सामग्री प्राप्त गर्ने प्रक्रिया पुनः प्रारम्भ गरियो । केही परिमाणमा प्राप्त भइसकेका तर आवश्यक परिमाणमा प्राप्त हुन नसकेका सामग्री खरिदका लागि ७ दिनको म्याद दिई २०६४ माघ ६ गते पुनः बोलपत्र आह्वान गरी खरिद गरिएको थियो । तोकिएको मितिमा निर्वाचन हुन नसकी पटक-पटक सरेका कारण निर्वाचनको तयारीको लागि सामग्री व्यवस्थापन गर्दा तीन पटकसम्म बोलपत्रको सूचना प्रकाशन गर्नुपर्ने अवस्था उत्पन्न भएको थियो ।

### ८.१९.१ जिल्ला निर्वाचन कार्यालयहरूबाट सामग्री खरिद

निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गर्ने नीति अनुरूप जिल्ला स्तरमा स्थानीय रूपमा उपलब्ध हुन सक्ने साधारण प्रकृतिका सामग्री जस्तै कोरा कपडा, फलाटिन कपडा, धागो, डोरी, फाइल जस्ता सामग्री जिल्ला निर्वाचन कार्यालयहरूबाट खरिद गर्ने व्यवस्था मिलाइएको थियो ।

### ८.१९.२ वैदेशिक सहयोग

निर्वाचनको व्यवस्थापन र सञ्चालनका लागि आवश्यक विभिन्न सामग्री मध्ये आयोग र अन्तर्गत कार्यालयहरूको व्यवस्थापन र सञ्चालनका लागि आवश्यक विभिन्न मेसिनरी औजार, हेभी प्रिन्टर मेसिन, ल्यापटप, डेस्कटप कम्प्युटर, लो भोल्यूमका प्रिन्टर, मिड भोल्यूम प्रिन्टर, मल्टी फङ्सनल प्रिन्टर, सर्भर, नोकिया मोवाइल सेट, विभिन्न मोडलका सवारी साधन, डिजिटल क्यामरा, भिडियो क्यामरा, विभिन्न किसिमका जेनेरेटर, सोलार सिस्टम, सूचना प्रविधिसँग सम्बन्धित सामग्री, प्लाष्टिकका मतपेटिका, मतपेटिकामा लगाउने सुरक्षण सिल लगायतका करिब १९ करोड बराबरका सामग्रीहरू विभिन्न मूलुक र दातृ निकाय (निर्वाचनमा मुख्यतः चीन, भारत, बेलायती सहयोग संस्था DFID, अमेरिकी सहयोग संस्था USAID, अस्ट्रेलिया सरकार, जापानी सहयोग संस्था JICA, कोरियन सहयोग संस्था KIOCA, डेनिस दूतावास, डेनिस सहयोग संस्था DANIDA/HUGOU) आदिबाट सहयोग स्वरूप प्राप्त भएका थिए ।[७७]

### ८.१९.३ छपाइ सामग्रीको व्यवस्थापन

निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मतदाता नामावली, निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, निर्वाचन अधिकृतको कार्यालय र मतदान केन्द्रमा प्रयोग हुने अनुसूची फाराम, मतदाता शिक्षासँग सम्बन्धित पोस्टर, पर्चा, हातेपुस्तिका, विभिन्न जानकारीमूलक पुस्तिकाहरू, मतपत्र आदि सामग्री छोटो समयमा ठूलो परिमाणमा छपाइ गरी वितरण गर्नुपर्ने र यसका लागि सीमित छापाखानाबाट मात्रै सेवा प्राप्त गर्दा समयमै कार्य सम्पन्न हुन नसक्ने, जोखिमको मात्रा उच्च हुने तर निर्वाचनको काम उच्च जोखिम बहन गर्न नसकिने प्रकृतिको हुने भनी

[७७] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६ पेज नं.४०४, ४०५

आयोगले निर्वाचन आयोग ऐनले दिएको अधिकार प्रयोग गरी निजी क्षेत्रका छापाखानाको  समेत सेवा लिएको थियो ।

निजी क्षेत्रका छापाखानाको सेवा लिन निश्चित मापदण्ड पूरा गरेका छापाखाना सूचीकृत गरिएको थियो । यसका लागि नेपाल सरकारबाट इजाजत प्राप्त गरेको, मूल्य अभिवृद्धि करमा दर्ता भएको, कम्तीमा १०"/२६" र २०"/३०" साइजको दुई अफसेट मेसिन भएको, परफोरेटिङ्ग, कटिङ, नम्बरिङ र स्टिचिङ मेसिनको सुविधा भएको हुनुपर्ने मापदण्ड तोकिएको थियो । जम्मा ४६ वटा छापाखानाले सूचीकृत हुन निवेदन गरेकोमा आयोगबाट छानविन गरी निर्धारित मापदण्ड पूरा गरेका देहायका विभिन्न १९ वटा छापाखानालाई सूचीकृत गरी तिनीहरूको  समेत सेवा लिएको थियो ।

(१) उपहार प्रेस (मसलन्द उद्योग छापाखाना) मध्य-वानेश्वर, काठमाडौं ।

(२) साझा प्रकाशन, केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर ।

(३) सिद्धबाबा अफसेट प्रेस, पुतलीसडक, काठमाडौं ।

(४) हाइडल प्रेस प्रा.लि., डिल्लीबजार, काठमाडौं ।

(५) काभ्रे अफसेट प्रेस, सुविधानगर, काठमाडौं ।

(६) नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स सहकारी लिमिटेड, चाबहिल, काठमाडौं ।

(७) रोशन अफसेट प्रिन्टर्स, कोटेश्वर, काठमाडौं ।

(८) क्रिएटिभ प्रेस प्रा.लि., कमलादी, काठमाडौं ।

(९) एपोलो अफसेट प्रेस प्रा.लि., चाबहिल, काठमाडौं ।

(१०) सांग्रिला प्रिन्टिङ सर्भिसेस प्रा.लि., थापाथली, काठमाडौं ।

(११) इन्द्रेणी अफसेट प्रेस, अनामनगर, काठमाडौं ।

(१२) विज लिंक कन्सर्न, धापागाल, ललितपुर ।

(१३) रिप्रोभिजन प्रेस प्रा.लि., भिमसेनगोला, काठमाडौं ।

(१४) भेराइटी प्रिन्टर्स प्रा.लि., कुलेश्वर, काठमाडौं ।

(१५) विद्याधरी प्रिन्टिङ प्रेस, लगनखेल, ललितपुर ।

(१६) रौता प्रिन्टिङ सपोर्ट, अनामनगर, काठमाडौं ।

(१७) मोनाज प्रिन्टिङ हाउस प्रा.लि., कुपण्डोल, ललितपुर ।

(१८) सहयोगी प्रेस प्रा.लि., त्रिपुरेश्वर, काठमाडौं ।

(१९) अत्रि वशिष्ठ छपाइ तथा मसलन्द उद्योग, बागबजार, काठमाडौ ।

### ८.१९.४ सामग्री ढुवानी

निर्वाचनको व्यवस्थापनका लागि मतदाता नामावली, मतपत्र, मतपेटिका लगायतका निर्वाचन सामग्री केन्द्रबाट जिल्ला स्तरसम्म ढुवानी गर्न आयोगले जिल्लाहरूको दूरी, भौगोलिक अवस्था, उपलब्ध समय आदिको आधारमा कुन जिल्लामा कहिले कुन साधनबाट ढुवानी गर्ने हो भन्ने बारे विस्तृत ढुवानी योजना निर्माण गरी सतह र हवाई मार्गबाट ढुवानी गरेको थियो । यसका लागि निजी क्षेत्रका ढुवानी सेवा प्रदायक र आवश्यकता अनुसार नेपाली सेनाका ढुवानी साधनको प्रयोग गरिएको थियो ।

सामग्री ढुवानी गर्दा सडक यातायात नपुगेका वा पुगे पनि भरपर्दो सेवा नभएका जिल्लामा हेलिकोप्टरबाट र अरू जिल्लामा ट्रकबाट ढुवानी गरिएको थियो । हेलिकोप्टरबाट सामग्री ढुवानी गरिएका जिल्लामा मध्यपश्चिम कर्णाली अञ्चलका हिमाली जिल्लाहरू मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, भेरी अञ्चलको जाजरकोट, सुदूरपश्चिमका बझाङ, बाजुरा, अछाम, र दार्चुला (सुर्खेतसम्म ट्रकबाट र त्यहाँबाट सम्बन्धित जिल्ला सदरमुकामसम्म हेलिकोप्टरबाट), पूर्वी पहाडी जिल्ला ताप्लेजुङ, भोजपुर, सोलुखुम्बु र खोटाङ तथा पश्चिमाञ्चलका मनाङ र मुस्ताङ थिए ।

जिल्ला सदरमुकामबाट मतदान केन्द्रसम्म पुऱ्याउनु पर्ने सामग्री सम्बन्धित मतदान केन्द्रमा खटिएका मतदान अधिकृतको समन्वयमा लैजाने व्यवस्था मिलाइएको थियो भने मतदान कार्य समाप्त भएपछि जिल्ला सदरमुकामसम्म मत पेटिका र अन्य आवश्यक सामग्री ढुवानी गरी ल्याउने कार्यको समन्वय मतदान अधिकृत र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र अन्य सुरक्षा निकायको समन्वयमा गरिएको थियो ।

## ८.२० जनशक्ति व्यवस्थापन

निर्वाचनको लागि आयोगले आवश्यकतानुसार अस्थायी दरवन्दी सिर्जना गरी कर्मचारी नियुक्त गर्न सक्ने एवम् आयोगलाई आवश्यक जनशक्ति नेपाल सरकारले उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ। यस अनुरूप आयोगले आवश्यकता अनुसार विभिन्न पदको अस्थायी दरबन्दी सिर्जना गरी कर्मचारी परिचालन गर्नुका साथै नेपाल सरकारसँगको समन्वयमा विभिन्न सरकारी निकाय र संघ, संस्थानका कर्मचारी एवम् सामुदायिक विद्यालयका शिक्षकहरू परिचालन गर्दै आएको छ ।

२०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधान सभा सदस्य निर्वाचनका लागि आवश्यक कर्मचारी परिचालन गर्दा पनि आयोगले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई खटाउने र त्यसरी कर्मचारी खटाउँदा उपलब्ध भएसम्म ५० प्रतिशत महिला कर्मचारी खटाउने नीति लिइएको थियो । निर्वाचनमा जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोगले अलग्गै जनशक्ति व्यवस्थापन एकाइको गठन गरी उक्त एकाइ मार्फत कार्य सम्पादन गरेको थियो ।

निर्वाचनको व्यवस्थापनमा आयोगको अलावा जिल्ला निर्वाचन कार्यालयहरूमा समेत कार्यबोझ बढ्ने र कार्यालयको नियमित जनशक्तिले अपर्याप्त हुने भई आवश्यकता अनुसारको सङ्ख्यामा अन्य निकायबाट कर्मचारी काजमा ल्याई परिचालन गर्नुपर्ने भएकोले आयोगले जिल्लामा रहेका मतदान केन्द्रको सङ्ख्यालाई आधार मानी २०० सम्म मतदान केन्द्र रहेका जिल्लामा २ जनादेखि ६०० भन्दा माथिको सङ्ख्यामा मतदान केन्द्र रहेका जिल्लाका लागि ७ जनासम्मको सङ्ख्यामा कर्मचारी काजमा ल्याउन सक्ने व्यवस्था गरेको थियो । आयोगले निर्वाचनको काममा संलग्न रहने (मतदान कार्यका लागि मतदान केन्द्रमा खटिने समेत) कर्मचारीहरूका लागि रु.१५ लाखको बीमा गराएको थियो । यसअघिका निर्वाचनमा अधिकृत र सहायक कर्मचारीको बीमा रकम अलग-अलगहुने गरी बीमा गरिँदै आएकोमा यस पटकदेखि सबै कर्मचारीलाई बिनाभेदभाव समान बीमा अङ्क हुने गरी बीमा गरिएको थियो ।

### ८.२०.१ निर्वाचन अधिकृतको नियुक्ति

निर्वाचनका लागि आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्तिका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशले न्याय परिषद्को स्वकिृति लिई न्यायाधीशलाई र न्याय सेवा आयोगको परामर्श लिई नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई नियुक्त गर्नसक्ने व्यवस्था छ ।

यस व्यवस्था अनुरूप २०६४ साल मङ्सिर ६ गते हुने भनिएको संविधान सभा सदस्य निर्वाचनका लागि न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्त गर्न न्याय परिषद्को सहमति र नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई निर्वाचन अधिकृतमा नियुक्त गर्न न्याय सेवा आयोगको सहमति सहित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा खटिने पदाधिकारीहरूको नामावली उपलब्ध गराइदिन आयोगबाट अनुरोध भए बमोजिम उक्त निकायहरूबाट नाम विवरण प्राप्त भएपछि आयोगले २०६४ साल भदौ २०

को निर्णयानुसार प्रत्येक जिल्लाका जिल्ला न्यायाधीशलाई सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवाका प्रथम र द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो । यसरी नियुक्त गरिएका देहायका २४० जना निर्वाचन अधिकृतले २०६४ साल आश्विन ९ गते निर्वाचन अधिकृतको कार्यालय समेत स्थापना गरेका थिए ।

## ८.२०.२ निर्वाचन अधिकृतको नियुक्ति

२०६४ साल मङ्सिर ६ गते हुने भनिएको निर्वाचन स्थगित भएपछि निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य स्थगित गरी निर्वाचन अधिकृतहरूको काज फिर्ता गरिनुका साथै निर्वाचन अधिकृतको कार्यालय समेत बन्द गरिएको थियो । २०६४ साल चैत्र २८ गते संविधान सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारबाट २०६४ साल पौष २७ गते नयाँ निर्वाचन मितिको घोषणा भएकोले पुनः न्याय परिषद् र न्यायसेवा आयोगको सहमतिमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा नियुक्त गर्न जिल्ला न्यायाधीश र नेपाल न्याय सेवाका कर्मचारीको विवरण प्राप्त गरी आयोगले २०६४ साल माघ २२ गतेको निर्णयानुसार २४० जनालाई मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत (मुख्य निर्वाचन अधिकृत ७५ र निर्वाचन अधिकृत १६५) मा नियुक्त गरेको थियो ।

तराईका जिल्लाको सुरक्षा स्थितिलाई विचार गरी सिरहा, सप्तरी, बारा, पर्सा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लामा अतिरिक्त जिल्ला न्यायाधीशलाई समेत निर्वाचन अधिकृतमा खटाइएको थियो । आयोगले २०६४ साल फागुन ८ गते २४० वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको थियो । निर्वाचन सम्पन्न भएको सोह्रौं दिन निर्वाचन अधिकृतको कार्यालय बन्द गरिएका थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, नायब सुव्वा, लेखापाल वा सहलेखापाल लगायत १२ जना कर्मचारीको दरबन्दी रहेको थियो भने निर्वाचन अधिकृतको कार्यालयका लागि ११ जना कर्मचारीको दरवन्दी कायम गरिएको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहको नामावली अनुसूची २८ मा दिइएको छ ।

## ८.२०.३ मतदान केन्द्रको जनशक्ति व्यवस्थापन

मतदान केन्द्रमा जनशक्तिको व्यवस्थापन गर्न आयोगले जनशक्ति व्यवस्थापन योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो । जिल्ला स्तरमा जनशक्ति व्यवस्थापनको कार्यको समन्वयका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक समिति समेत गठन गरिएको थियो । त्यसै गरी जनशक्ति व्यवस्थापनकै लागि केन्द्रमा जनशक्ति व्यवस्थापन एकाइको स्थापना

(यसको विस्तृत नामनामेसी माथि उल्लेख भइसकेको छ) गरिएको थियो । आयोगले मतदान केन्द्रमा पठाउन जनशक्ति व्यवस्थापन गर्दा मतदान केन्द्रमा हुने सामान्य कामका लागि स्थानीय स्तरमै स्वयंसेवक भर्ना गर्ने नीति लिएको थियो । यसबाट विगतमा जस्तो सबै कर्मचारी जिल्ला सदरमुकामबाट विभिन्न स्थानमा खटिएर जानु पर्ने अवस्थाको अन्त्य हुनाको साथै आर्थिक रूपमा मितव्ययी समेत भएको थियो ।

मतदान केन्द्रमा कर्मचारी खटन-पटन गर्न आयोगले देहायको नीति लिएको थियो-

(१) कर्मचारी परिचालन गर्दा उपलब्ध भएसम्म ५० प्रतिशत महिला कर्मचारी परिचालन गर्ने,

(२) शारीरिक रूपमा अशक्त वा अपाङ्ता भएका कर्मचारीलाई खटाउँदा निजलाई पायक पर्ने स्थानमा खटाउने,

(३) उम्मेदवारको प्रत्यक्ष नाता भएको कर्मचारीलाई सोही निर्वाचन क्षेत्र अन्तर्गतको मतदान केन्द्रमा यथासम्भव नखटाउने,

(४) कर्मचारी खटाउँदा समावेशी सिद्धान्तलाई ध्यान दिने,

(५) शिक्षकलाई खटाउँदा अध्यापनरत निर्वाचन क्षेत्रमा सम्भव भएसम्म नखटाउने ।

मतदान केन्द्रमा जनशक्ति खटाउने मुख्य आधार मतदाता सङ्ख्यालाई लिइएको थियो । यस अनुसार ३०० सम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र स्वयंसेवक गरी ८ जना, ५०० सम्म मतदाता भएकोमा १० जना र ११५० सम्म मतदाता भएकोमा ११ जना जनशक्ति व्यवस्था गरिएको थियो । अस्थायी मतदाताले मतदान गर्ने केन्द्रमा पनि मतदाता सङ्ख्याको आधारमा न्यूनतम ३ देखि अधिकतम ७ जनासम्म जनशक्ति रहने व्यवस्था गरिएको थियो । यस अनुसार २४० निर्वाचन क्षेत्रमा कुल ९८२४ स्थानमा रहेका २०८९० मतदान केन्द्रमा जम्मा २,३४,०० जनशक्ति (सुरक्षाकर्मी बाहेक) परिचालन गरिएको थियो । परिचालित जनशक्तिको संख्यात्मक विवरण अनुसूची २९ मा दिइएको छ ।

कर्मचारी खटाउँदा मतदान अधिकृतमा राजपत्रांकित द्वितीय र तृतीय तथा राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका कर्मचारीलाई खटाउने नीति लिइएको थियो ।

## ८.२१ मतपत्र छपाइ तथा ढुवानी

नेपालमा विगतदेखि नै प्रतिनिधि सभा सदस्यको निर्वाचन र स्थानीय निकायको निर्वाचनका लागि मतपत्रको छपाइ सरकारी स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा हुँदै आएको थियो । मतपत्र छपाइ कार्यमा आवश्यक सुरक्षा व्यवस्था कायम गर्ने र मतपत्रको ढुवानी गर्दा आवश्यकतानुसार ढुवानी साधन र सुरक्षा व्यवस्थापनको जिम्मेवारी नेपाली सेनाले निर्वाह गर्दै आएको थियो । राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि आवश्यक मतपत्रको छपाइ भने आयोगको आफ्नै छापाखानामा हुने गरेको थियो ।

संविधान सभा सदस्य निर्वाचनको सिलसिलामा पनि मतपत्र छपाइका लागि आवश्यक तयारीको कार्य २०६४ साल मङ्सिर ६ गते हुने निर्वाचनलाई लक्षित गरी प्रारम्भ गरिएको थियो । मतपत्रको छपाइका लागि विभिन्न निजी क्षेत्रका छापाखानाको समेत स्थलगत अध्ययन गरी क्षमता पहिचान गरिएको थियो । अन्ततः सुरक्षा संवेदनशीलता र छापाखानाको क्षमता समेतलाई ध्यानमा राखी जनक शिक्षा सामग्री केन्द्रकै छापाखाना उपयुक्त रहेको निष्कर्ष निस्केकोले यही छापाखानामा मतपत्र छपाइ गरिएको थियो । मतपत्र छपाइका लागि आवश्यक पर्ने छपाइ मेसिन, तीन थान, पर्फोरेटिङ मेसिन, नम्बरिङ मेसिन अमेरिकी सहयोग नियोग मार्फत प्राप्त भएको थियो र यसको संयोजन IFES (International Foundation for Electoral System) ले गरेको थियो । त्यसै गरी IFES बाट नै मतपत्र काउन्टिङ मेसिन र भारत सरकारबाट एक थान छपाइ मेसिन समेत उपलब्ध गराइएको थियो । मतपत्र छपाइ स्थलको सुरक्षाको जिम्मा सशस्त्र प्रहरी बललाई दिइएको थियो । मतपत्र छपाइ कार्यमा अवरोध आउन नदिन नेपाल विद्युत प्राधिकरणको सहयोगमा निरन्तर विद्युत आपूर्तिको व्यवस्था मिलाइएको थियो ।

मतपत्र छपाइका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई उपलब्ध गराइएका छपाइ मेसिन सञ्चालन गर्न प्राविधिक जनशक्ति आवश्यक भई भारतबाट प्राप्त मेसिनका लागि सोही मूलुकबाट र जर्मनीबाट प्राप्त मेसिनका लागि स्थानीय अधिकृत विक्रेताबाट जनशक्ति ल्याई मेसिन सञ्चालन गरिएको थियो ।

### ८.२१.१ मतपत्रको डिजाइन र परीक्षण उत्पादन

आयोगले मतपत्रको डिजाइनका लागि यस सम्बन्धी विज्ञ कर्मचारी र प्राविधिक रहेको मतपत्र डिजाइन एकाइ स्थापना गरी कार्य गरेको थियो । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट मतपत्र उत्पादनको परीक्षण गर्दा सोही डिजाइन बमोजिमका दुवै प्रणालीका एक एक लाख नमुना मतपत्र छपाइ गरी मतदाता शिक्षा कार्यक्रमका लागि प्रयोग गरिएको थियो ।

मतपत्र सम्बन्धी सबै कार्यलाई व्यवस्थित गर्न आयोगले निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको संयोजकत्वमा मतपत्र व्यवस्थापन समिति गठन गरेको थियो भने आयोगले स्वीकृत गरेको ढाँचा अनुसार मतपत्र तयारी र प्रमाणित गरी छपाइको लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा पठाउन निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको संयोजकत्वमा सचिव सुशील जंग बहादुर राणा, सहसचिव शरद चन्द्र पौडेल, उपसचिव वासुदेव गुरागाईं, उपन्यायाधिवक्ता गणेशबाबु अर्याल र प्रा.स. नवीन्द्रमान राजभण्डारी (पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी) रहेको एक मतपत्र आधिकारिकता समिति गठन गरिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र छपाइको लागि सम्बन्धित निर्वाचन अधिकृतबाट निर्वाचन चिह्न वितरणको जानकारी प्राप्त हुन आएपछि मतपत्र आधिकारिकता समितिबाट मतपत्रको नमुना तयार गरी छपाइको लागि PDF फाइलमा जनक शिक्षा सामग्री केन्द्रमा पठाउने गरिएको थियो ।  पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि विभिन्न चार वटा ढाँचा रहेका थिए भने समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनका लागि एउटै मात्र ढाँचाको मतपत्र थियो ।

मतपत्र छपाइको कार्य २०६४ साल फागुन २० गतेबाट प्रारम्भ गरिएको थियो । निर्वाचनमा जम्मा २४० निर्वाचन क्षेत्रका लागि २४० प्रकारका र समानुपातिक निर्वाचन प्रणालीका लागि एउटा गरी जम्मा २४१ प्रकारका मतपत्र छपाइ गरिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि हल्का नीलो रङको कागजमा र समानुपातिक निर्वाचन प्रणालीको लागि हल्का रातो रङको कागजमा मतपत्र छपाइ गरिएको थियो ।

मतपत्र छपाइ गर्दा निर्वाचन आयोगमा दल दर्ताका लागि आवेदन गर्दाकै क्रम अनुसार राजनीतिक दलको लागि आयोगको निर्णयानुसार दिइएको निर्वाचन चिह्नहरू मतपत्रमा बायाँदेखि दायाँ क्रमशः राखेर छपाइ गरिएको थियो । निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचनको लागि कुल २ करोड ८ लाख १८ हजार ५०० र समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनको लागि कुल २ करोड ६ लाख ७५ हजार ५०० गरी कुल ४ करोड १४ लाख ९४ हजार मतपत्र छपाइ गरिएको थियो ।

मतपत्रको ढुवानीका लागि पनि हवाइ र सतह दुवै मार्गको प्रयोग गरिएको थियो । सडक यातायातको सुविधा नपुगेका वा पुगे पनि भरपर्दो नरहेका जिल्लामा मतपत्र पठाउँदा सडक सुविधा पुगेका स्थानसम्म ट्रकमा ढुवानी गरी त्यहाँबाट नेपाली सेनाको हेलिकोप्टर  मार्फत ढुवानी गरिएको थियो भने कतिपय जिल्लामा काठमाडौंबाट सोझै हेलिकोप्टरबाट ढुवानी गरिएको थियो । कर्णाली अञ्चलका हुम्ला, जुम्ला, डोल्पा, मुगु र कालिकोट, महाकाली अञ्चलका दार्चुला, बैतडी र

डडेलधुरा, सेती अञ्चलका डोटी, बझाङ, बाजुरा र अछाम, भेरीका दैलेख र जाजरकोट तथा राप्तीका रुकुम, रोल्पा र सल्यान गरी १७ जिल्लाको मतपत्र काठमाडौँबाट सुर्खेतसम्म ट्रकमा र त्यहाँबाट सम्बन्धित जिल्लाको सदरमुकामसम्म नेपाली सेनाको हेलिकोप्टरबाट ढुवानी गरिएको थियो । त्यसै गरी पूर्वाञ्चल क्षेत्रका ताप्लेजुङ, पाचथर, संखुवासभा, तेह्रथुम, भोजपुर र सोलुखुम्बुको मतपत्र काठमाडौँबाट विराटनगरसम्म ट्रकमा र त्यहाँबाट हेलिकोप्टरमा ढुवानी गरिएको थियो । मनाङ, मुस्ताङ, खोटाङ, ओखलढुंगा र रामेछापका मतपत्र काठमाडौबाट सोझै नेपाली सेनाको हेलिकोप्टरबाट ढुवानी गरिएको थियो । बाँकी ४८ जिल्लाका मतपत्र ट्रकबाट ढुवानी गरिएको थियो । मतपत्र छपाइ स्थलमा सशस्त्र प्रहरी बलबाट र ढुवानी गर्दा सशस्त्र प्रहरी बल तथा नेपाली सेनाबाट सुरक्षा गर्ने गरी सुरक्षा व्यवस्था मिलाइएको थियो । मतपत्र ढुवानीको कार्य अरू सामग्रीसँग नगरी पछिल्ला दिनको फरक समयमा गरिएको थियो ।

## ८.२२ निर्वाचन पर्यवेक्षण र अनुगमन

संविधान सभा सदस्य निर्वाचन स्वच्छ, स्वतन्त्र रूपमा सम्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउन निर्वाचन क्रियाकलापको पर्यवेक्षण गराउने र यसमा स्वदेशी तथा विदेशी पर्यवेक्षक संलग्न गराउने आयोगको नीति रहेको थियो । तसर्थ संविधान सभा सदस्य निर्वाचनको पर्यवेक्षणका लागि आयोगले परराष्ट्र मन्त्रालय मार्फत विभिन्न मूलुकका सरकारलाई पर्यवेक्षक पठाइदिन पत्राचार गरेको थियो । कार्टर सेन्टर, Asian Network for Free Elections (ANFREEL) फोरम एशिया लगायतका क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि आग्रह गरेको थियो ।  यी तीनवटा संस्थाले २०६४ मङ्सिरमा हुने भनिएको निर्वाचनको पर्यवेक्षणका लागि सम्बन्धन प्राप्त गरेका थिए ।

कार्टर सेन्टरका १५ जना पर्यवेक्षकले मूलुकका विभिन्न भागमा बसी मतदाता दर्ता र तालिम कार्यको  समेत पर्यवेक्षण गरेका थिए ।

पर्यवेक्षण कार्यलाई व्यवस्थित गर्न आयोगले निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४ जारी गरेको थियो । निर्देशिकाले आयोगको पर्यवेक्षण नीति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्था र पर्यवेक्षकहरूले स्वीकृति प्राप्त गर्ने कार्यविधि, पर्यवेक्षणमा सरोकारवालाहरूको जिम्मेवारी, पर्यवेक्षकहरूको आचार संहिता आदि विषयमा आवश्यक व्यवस्था गरेको थियो । निर्वाचनको पर्यवेक्षण सम्बन्धी कार्य सञ्चालनका लागि अलग्गै एकाइ र पर्यवेक्षण श्रोतकेन्द्रको स्थापना गरिएको थियो । स्रोत केन्द्रको व्यवस्थापनमा IFES र UNDP ले विभिन्न सहयोग पुऱ्याएका थिए ।

२०६४ साल मङ्सिर ६ गते हुने भनिएको निर्वाचनको पर्यवेक्षणका लागि आयोगमा रहेको श्रोत केन्द्र, जिल्ला निर्वाचन कार्यालयहरू मार्फत निवेदन दिने २२६ संस्था  मध्ये १४८

संस्थाले पर्यवेक्षण अनुमति प्राप्त गरेका थिए । २०६४ सालको मङ्सिरमा हुने भनिएको निर्वाचन स्थगित भएपछि २०६४ असोज १८ देखि नै यो स्रोतकेन्द्र बन्द गरिएको थियो ।

२०६४ साल चैत्र २८ गतेका लागि नयाँ निर्वाचन मितिको घोषणा भएपछि आयोगले २०६४ माघ ५ गते यस अघि सम्बन्धन प्राप्त गरेका संस्थाले २०६४ चैत्र ७ सम्ममा निवेदन दिएमा पर्यवेक्षण सम्बन्धन गर्ने र निर्वाचन पर्यवेक्षण स्रोतकेन्द्र पुनः सञ्चालन गर्ने निर्णय गऱ्यो । संविधान सभा सदस्य निर्वाचनका लागि विभिन्न २८ वटा अन्तर्राष्ट्रिय र १४८ वटा राष्ट्रिय पर्यवेक्षण संस्थाले अनुमति प्राप्त गरेका थिए । पर्यवेक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनुका साथै परिचयपत्र, निर्वाचनको दिनको लागि सवारी पास उपलब्ध गराइएको थियो ।

निर्वाचनको पर्यवेक्षणमा संलग्न विभिन्न संस्था मध्ये यूरोपियन यूनियनले आयोगको बैठक सञ्चालनको पर्यवेक्षण गर्ने इच्छा प्रकट गरेपछि आयोगले उक्त संस्थालाई २०६४ चैत्र २२ गतेको बैठकको पर्यवेक्षण गर्ने अनुमति दिएको थियो र सो संस्थाले निर्वाचन पर्यवेक्षण गरेको थियो । त्यसै गरी कार्टर सेन्टर, यूरोपियन यूनियन र एनफ्रेलले मतपत्र छपाइ कार्यको पर्यवेक्षण गर्ने इच्छा देखाएपछि आयोगले सोका लागि अनुमति दिए बमोजिम उल्लिखित पर्यवेक्षण संस्थाहरूले मतपत्र छपाइ कार्यको अनुगमन गरेका थिए । त्यसै गरी यी संस्थाले आयोगमा सञ्चालित संयुक्त निर्वाचन सञ्चालन केन्द्रको पनि अनुगमन गरेका थिए ।

पर्यवेक्षणका लागि आउने अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको भिसा सहजीकरणका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय पर्यवेक्षण कक्ष खोली सेवा दिइएको थियो ।

निर्वाचन क्रियाकलापको पर्यवेक्षणकै सिलसिलामा कार्टर सेन्टरका प्रमुख अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तीन पटकसम्म (२०६४ जेठ ३१, २०६४ मङ्सिर ६ र २०६४ चैत्र २८ को निर्वाचनका लागि) नेपाल आएका थिए । उनले प्रत्येक पटक आयोगको केन्द्रीय कार्यालयको समेत भ्रमण गरेका थिए । यसैगरी आयोगले निर्वाचनको पर्यवेक्षणका लागि सार्क राष्ट्रका निर्वाचन आयोगलाई समेत अनुरोध गरेको थियो । यस अनुसार भारतका प्रमुख निर्वाचन आयुक्त र अरू राष्ट्रका निर्वाचन आयुक्तले भ्रमण गरेका थिए ।

### ८.२३ मिडिया सेन्टरको सञ्चालन

आमसञ्चारका माध्यमलाई संविधान सभा सदस्य निर्वाचन सम्बन्धी विषयका सूचनाहरू सहज ढङ्गले एकै थलोबाट उपलब्ध गराउन आयोगले केन्द्रमा मिडिया सेन्टरको स्थापना गरेको थियो । मिडिया सेन्टरबाट मूलतः आयोगबाट सञ्चालन भइरहेका क्रियाकलाप, आयोगका आधिकारिक वक्तव्य, निर्वाचनमा पालना गर्नुपर्ने आचार संहिता र निर्वाचनको नतिजा उपलब्ध गराएको थियो । मिडियाकर्मीलाई निर्वाचनसँग सम्बन्धित सूचना सामग्रीको सङ्कलन, तयारी र सम्प्रेषणमा सहयोग पुऱ्याउन इन्टरनेट सुविधा सहितका

कम्प्युटर, फोटोकपि, प्रिन्टर, फ्याक्स मेसिन, टेलिफोन, सम्पादन उपकरण आदिको सुविधा उपलब्ध गराइएको थियो । यसैगरी सञ्चारकर्मीका लागि आवश्यक भएमा आयोगका कर्मचारी आफैँले खिचेको वा तयार गरेको श्रव्य-दृश्य सामग्री निःशुल्क उपलब्ध गराइएको थियो ।

मिडिया सेन्टरको सञ्चालन र व्यवस्थापन कार्यको नेतृत्व आयोगका प्रवक्ताबाट गर्ने व्यवस्था मिलाइएको थियो । सेन्टरको कार्य सञ्चालनका लागि विभिन्न तहका २६ जना कर्मचारी परिचालन गरिएका थिए । आमसञ्चार माध्यमलाई अन्तवार्ता दिनुपर्दा वा श्रव्य-दृश्य सामग्री सहितको प्रेस ब्रिफिङ गर्दा मिडिया सेन्टरमा नै गर्न सकिने गरी आवश्यक व्यवस्था मिलाइएको थियो ।

मिडिया सेन्टर हरेक दिन बिहान ९:०० बजेदेखि साँझ ८:०० बजेसम्म साताको ६ दिन सञ्चालन गरिएको थियो । तर मतदानपश्चात् नतिजा प्राप्त हुने क्रम प्रारम्भ भएपछि यसलाई राति १०:०० बजेसम्म नै सञ्चालन गर्ने प्रबन्ध गरिएको थियो । मिडिया सेन्टरको स्थापना र सञ्चालनमा अमेरिकी सहयोग संस्था USAID को सहयोग प्राप्त भएको थियो ।

## ८.२४ संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center)

निर्वाचन सञ्चालनको काममा आयोग, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र विभिन्न सुरक्षा निकाय सघन रूपमा समन्वयात्मक ढङ्गले संलग्न रहनुपर्ने भएकाले निर्वाचनको तयारी प्रारम्भ भएदेखि नै एकजना उपसचिवको नेतृत्वमा सम्पर्क तथा सम्पर्क समन्वय एकाइको सञ्चालन गरिएको थियो । आयोग र निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अरू विभिन्न सरोकारवाला निकायबाट प्राप्त हुने र आयोगबाट ती निकायमा पठाउनु पर्ने सूचना वा जानकारीको आदान प्रदान यही केन्द्र मार्फत हुने व्यवस्था मिलाइएको थियो ।

यसका अतिरिक्त उम्मेदवारको मनोनयनपत्र दर्ता भइसकेपछिको अवस्थामा भने विभिन्न सुरक्षा निकायका उच्च पदाधिकारीहरू सहितको संयुक्त निर्वाचन सञ्चालन केन्द्र पनि आयोगमा स्थापना गरियो । यसको नेतृत्व आयोगको प्रशासन महाशाखा प्रमुख सहसचिव शरदचन्द्र पौडेलले गर्नु भएको थियो । आयोगमा यसअघि स्थापित सम्पर्क तथा सम्पर्क समन्वय एकाइले पनि यसै केन्द अन्तर्गत रही कार्य सञ्चालन गरेको थियो ।

निर्वाचन कार्यक्रम सञ्चालन सम्बन्धी विषय, मतदानको दिनका क्रियाकलाप र मतगणना सम्बन्धी विषयमा जिल्ला तहबाट प्राप्त हुने सूचना वा जानकारी विषयको गाम्भीर्य अनुसार यथाशक्य छिटो आयोगका पदाधिकारी लगायत सचिवालयका उच्च अधिकारी, प्रवक्ता एवम् सम्बन्धित महाशाखा, शाखामा उपलब्ध गराई विभिन्न तहबाट हुने निर्णय वा निर्देशन जिल्ला तहमा सम्प्रेषण गर्ने व्यवस्था मिलाइएको थियो ।

संयुक्त निर्वाचन सञ्चालन केन्द्रको व्यवस्थापनका लागि आवश्यक विभिन्न उपकरणहरू USAID, IFES, DFID, DANIDA/HUGOU, JICA, KOICA, Danish Embassy, US Government आदि दातृ मूलुक र निकायबाट प्राप्त भएको थियो ।

## ८.२५ निर्वाचन अनुगमन

संविधान सभा सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्नको लागि २४० वटै निर्वाचन क्षेत्रमा भइरहेका निर्वाचन सम्बन्धी काम कारवाही, आचार संहिताको कार्यान्वयन, विभिन्न निकाय बिचको समन्वयको अवस्था बारे अनुगमन गर्न नेपाल सरकारका विशिष्ट श्रेणीका विभिन्न देहायका ४९ जना अधिकृतलाई देहायका जिल्लामा अनुगमनका लागि खटाइएको थियो । अनुगमनमा खटाउनुअघि निर्वाचन प्रक्रिया, आचार संहिता र यसको कार्यान्वयन एवम् निर्वाचन अनुगमन सम्बन्धी कानुनी व्यवस्थाका बारे अभिमुखीकरण गरिएको थियो । अनुगमनमा खटिएका अधिकारीहरू र जिल्लाको विवरण अनुसूची ३० मा दिइएको छ ।

अनुगमनमा खटिएका पदाधिकारीहरूले २०६४ चैत्र १ देखि निर्वाचन सम्पन्न नभएसम्म एक महिनाका लागि तोकिएको जिल्लाहरूमा खटिई अनुगमनको जिम्मेवारी पूरा गरी प्रतिवेदन दिएका थिए । अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस सम्बन्धी आदेश जारी गर्नुका साथै कार्यविधि समेत तयार पारिएको थियो ।

अनुगमन टोलीको काम कर्तव्य र अधिकार, अनुगमन कार्यादेश र कार्यविधि देहाय बमोजिम तोकिएको थियो[७१८] ,

### ८.२५.१ अनुगमन टोलीको काम, कर्तव्य र अधिकार

(क) आफ्नो अनुगमन क्षेत्रमा निर्वाचन प्रचार-प्रसार प्रचलित कानुन बमोजिम भए नभएको अनुगमन गर्ने,

(ख) आफ्नो अनुगमन क्षेत्रभित्र आयोगबाट जारी आचार संहिता प्रयोग र पालना भए नभएको अनुगमन गर्ने,

(ग) आफ्नो अनुगमन क्षेत्रभित्र निर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी रूपमा भए नभएको अनुगमन गर्ने,

(घ) निर्वाचन (कसुर र सजाय) ऐन, २०६३ ले अनुगमन टोलीलाई प्रदान गरेको अधिकार बमोजिम कारबाही गरी आयोगलाई जानकारी दिने,

---

[७१८] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

(ङ) निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारले निर्वाध रूपमा प्रचार-प्रसार गर्न पाए वा नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(च) मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(छ) मतदाताहरूले निर्वाध रूपमा मतदान गर्न पाए वा नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(ज) पर्यवेक्षकहरूले पर्यवेक्षण गर्न पाए वा नपाएको अनुगमन गर्ने र तिनीहरूको क्रियाकलापको अवलोकन गर्ने,

(झ) निर्वाचनको लागि आवश्यक साधन, स्रोत पुगे नपुगेको र प्राप्त साधनको व्यवस्थापन स्थितिबारे अनुगमन गर्ने,

(ञ) तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन तयारी, व्यवस्थापन जस्ता पक्षहरूमा अनुगमन गर्ने,

(ट) पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने जस्ता आयोगले तोकेका विषयमा जाँचबुझ गरी प्रतिवेदन दिने,

(ठ) उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणना स्थलको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको लगायत सुरक्षाको समग्र अवस्था र व्यवस्था बारे अनुगमन गर्ने,

(ड) मतगणनाको काम प्रचलित कानुन बमोजिम स्वच्छ र निष्पक्ष रूपमा भए नभएको अनुगमन गर्ने,

(ढ) निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन कार्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ण) निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानुन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(त) आयोगमा नियमित रूपमा प्रतिवेदन पठाउने तथा आयोगले निर्देशन गरेका अन्य निश्चित काम गर्ने ।

### ८.२५.२ अनुगमन टोलीको कार्यादेश

(क) अनुगमन टोलीले आफूलाई तोकिएको जिल्लामा संविधान सभा सदस्य निर्वाचन कार्यक्रमलाई समेत दृष्टिगत गरी निर्वाचनको प्रचार-प्रसार, कर्मचारी खटनपटन, आचार संहिताको पालना तथा मतदान सम्बन्धी कार्यको स्थलगत रूपमा अनुगमन गर्ने,

(ख) अनुगमन टोलीले आयोगले अन्यथा आदेश दिएकोमा बाहेक सामान्यतया दुई पटकसम्म आफूलाई तोकिएको जिल्लाको स्थलगत अनुगमन भ्रमण गर्ने । यसरी अनुगमन गर्ने क्रममा मतदानको लागि तोकिएको दिनभन्दा कम्तीमा पाँचदिन अगावैदेखि मतदानको कार्य सम्पन्न नभएसम्म आफू खटिएको जिल्लाको सदरमुकाममा मुकाम कायम गरी संविधान सभा सदस्यको निर्वाचन गतिविधिको अनुगमन गर्ने,

(ग) अनुगमन टोलीले आयोगको आदेशानुसार आफू खटिएको जिल्लाको जुनसुकै बखत स्थलगत रूपमा भ्रमण गरी आयोगले तोके बमोजिमको अन्य कार्य समेत गर्ने ।

(घ) टोलीले निर्वाचन आयोग ऐन, २०६३, निर्वाचन (कसुर र सजाय) ऐन, २०६३, निर्वाचन सम्बन्धी (उजुरी र कारबाही) कार्य सम्पादन निर्देशिका, २०६४, संविधान सभा सदस्य निर्वाचन अनुगमन सम्बन्धी आदेश, २०६४, संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने ।

### ८.२६ निर्वाचन सुरक्षा व्यवस्थापन

संविधान सभा सदस्य निर्वाचनमा समग्र सुरक्षा व्यवस्थाको प्रबन्धका लागि आयोगले निर्वाचन आयुक्त उषा नेपालको संयोजकत्वमा आयोगका सचिव, गृह मन्त्रालयको सचिव, रक्षा मन्त्रालयको सचिव र सुरक्षा निकायका प्रमुखहरू रहेको सुरक्षा समिति गठन गरी आवश्यक प्रबन्ध मिलाएको थियो ।

निर्वाचनमा सुरक्षा व्यवस्था कायम राख्न आयोगले विभिन्न सुरक्षा निकायसँग छलफल, अन्तरक्रिया गरी यस सम्बन्धी निर्देशिका जारी गरेको थियो । निर्देशिकाले निर्वाचनका विभिन्न चरणमा अपनाउनु पर्ने सुरक्षा व्यवस्था, यसका लागि ध्यान दिनुपर्ने विषय, सुरक्षा संयन्त्र, सुरक्षा व्यवस्थापनमा संलग्न रहने विभिन्न अधिकारीहरूको भूमिका स्पष्ट गरिएको थियो । आयोगले निर्वाचनको सुरक्षाका सम्बन्धमा गरिएको व्यवस्थाबारे चासो राख्ने

अन्तर्राष्ट्रिय समुदायलाई समेत यस सम्बन्धमा जानकारी पुगोस् भनी अङ्ग्रेजी भाषामा समेत सो निर्देशिका अनुवाद गरी उपलब्ध गराएको थियो ।

सुरक्षा प्रवन्ध मिलाउँदा मुख्यतः मतदानपूर्वको सुरक्षा, मतदान अवधि र मतदानको दिनको सुरक्षा र मतदानपश्चात्को सुरक्षा गरी अलग-अलग अबधिका लागि अलग-अलग ढङ्गले सुरक्षाको व्यवस्था मिलाइएको थियो । मतदान पूर्वको सुरक्षा प्रबन्ध अन्तर्गत निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दलका नेता, उम्मेदवार तथा उम्मेदवारका प्रतिनिधिहरूको व्यक्तिगत सुरक्षाका साथै जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, विमानस्थल, कारागार, दूरसञ्चार, खानेपानी, सीमामा रहेका भन्सार कार्यालय जस्ता महत्वपूर्ण कार्यालय र ऐतिहासिक महत्वका स्थलहरूको सुरक्षा प्रबन्ध मिलाइएको थियो ।

आयोगले मतदानपूर्वको सुरक्षा व्यवस्थामा खटिने सुरक्षाकर्मीहरूलाई सघाउ पुगोस् भनी सुरक्षा व्यवस्था कायम राख्न इजाजत प्राप्त गरी हात हतियार राखेकाहरूबाट समेत निर्वाचन सम्पन्न भएपछि फिर्ता दिने गरी हात हतियार बुझिलिने, निर्वाचन विथोल्न सक्ने व्यक्ति वा समूहमाथि कडा निगरानी राख्ने, प्रहरी गस्ती बढाउने, निर्वाचन कार्यमा खटिएका कर्मचारी र प्रहरी बिच समन्वय कायम गर्ने, मतपेटिका, स्वस्तिक छाप, मतपत्र आदि निर्वाचन सामग्रीको सुरक्षाका लागि निर्वाचन अधिकृत तथा मतदान अधिकृतसँग समन्वय गर्ने समेतका कार्यहरूको चेक लिस्ट समेत बनाई उपलब्ध गराएको थियो ।

मतदान अवधिको सुरक्षा व्यवस्थाका लागि आयोगले विभिन्न चार घेरामा सुरक्षा प्रबन्ध मिलाएको थियो । मतदाता, मतदान कर्मचारी र मतदान सामग्रीको सुरक्षाका लागि मतदान केन्द्रमा प्रहरी कर्मचारी परिचालन गरिएको थियो । यो पहिलो घेरा थियो । मतदान केन्द्रलाई सुरक्षा दृष्टिकोणले अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन तहमा वर्गीकरण गरी सोही अनुरूपको सुरक्षा व्यवस्थाको प्रबन्ध गरिएको थियो । त्यसभन्दा बाहिर नेपाल प्रहरीको घुम्ती टोली, त्यसभन्दा बाहिर स्ट्राइकिङ टोली र सबैभन्दा बाहिर हवाई सुरक्षा घेराको प्रबन्ध गरिएको थियो । मतदानको दिनको सुरक्षाका लागि आयोगले सुरक्षा व्यवस्थापनमा संलग्न प्रमुख जिल्ला अधिकारीको भूमिका, घुम्ती टोली, मतदान अधिकृत र मतदान केन्द्रमा खटिएका प्रहरीले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा विभिन्न आधारहरू तय गरी तदनुरूप गर्न निर्देशन गरेको थियो ।

मतदान कार्य सम्पन्न भएपश्चात् मतपेटिका, विभिन्न मतदान सामग्री र मतदान अधिकृत समेतका कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयसम्म सुरक्षित ल्याउने, मतपेटिका भण्डार स्थल र मतगणना स्थलमा सुरक्षा व्यवस्था बनाइराख्ने कार्यका लागि आयोगले विभिन्न मापदण्ड निर्धारण गरी आवश्यक सुरक्षा व्यवस्था अपनाएको थियो ।

निर्वाचनको लागि मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन पूर्वदेखि मूलुकका विभिन्न भाग र खास गरी तराईका जिल्लाहरूमा सम्वेदनशील रूपमा सुरक्षा चुनौतीहरू देखा परेका थिए । तराईका जिल्लामा विभिन्न राजनीतिक दलहरूले नागरिकताको प्रमाणपत्रको वितरणका विषयलाई लिएर आन्दोलन गरिरहेका थिए भने केही आपराधिक समूहबाट निर्वाचन नै विथोल्ने क्रियाकलाप भएका थिए । फलतः निर्वाचनका क्रियाकलाप सञ्चालन गर्ने सिलसिलामा प्रारम्भदेखि नै सुरक्षा चुनौतीहरू झेल्दै अगाडि बढ्नु परेको थियो ।

निर्वाचनको सिलसिलामा कतिपय स्थानमा मतदाता शिक्षाका लागि खटिएका मतदाता शिक्षा कार्यकर्ताले सहज रूपमा कार्यक्रम सञ्चालन गर्न पाएका थिएनन् भने कतिपय जिल्लामा मतदाता शिक्षा सामग्री लुटने, नोक्सान पुऱ्याउने काम समेत भएका थिए । जिल्ला निर्वाचन कार्यालय बाराको कार्यालय भवनमा आगजनी, बाँकेको कार्यालय भवनमा बम विष्फोट, महोत्तरीका मुख्य निर्वाचन अधिकृतले प्रयोग गरिरहेको सवारी साधनमा आगजनी र जिल्ला निर्वाचन कार्यालयमा तोडफोडका घटना भएका थिए । निर्वाचन प्रचार-प्रसारका क्रममा २०६४ चैत्र ५ गते बाँके जिल्ला निर्वाचन क्षेत्र नं.२ मा जनमोर्चा नेपालका उम्मेदवार कमल प्रसाद अधिकारी र चैत्र २६ गते सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. १ मा ने.क.पा.(एमाले) का उम्मेदवार ऋषिप्रसाद शर्माको दुःखद हत्या भएको थियो ।[७१९] निर्वाचनको क्रममा विभिन्न स्थानमा उम्मेदवारहरूको अपहरण, चुनावी सभाहरूमा झडप, बम विष्फोटका घटनाहरू भएका थिए ।

निर्वाचनको समयमा देशका विभिन्न भागमा भएका हडताल र बन्दका कारण निकै असहज अवस्था भोग्नु परेको थियो । निर्वाचन अधिकृतको नियुक्ति भएपछि बन्दकै कारण आफ्नो कार्यक्षेत्रमा पुग्न नसकेका सिरहा, सप्तरी, रौतहट, सर्लाही, सिन्धुली र उदयपुरका निर्वाचन अधिकृतलाई काठमाडौं र विराटनगरबाट हेलिकोप्टरको प्रयोग गरी पुऱ्याउनु परेको थियो ।

निर्वाचनको समयमा देखिएका सुरक्षा समस्याको समाधान गर्न, आपराधिक क्रियाकलापको नियन्त्रण गर्न, निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय र मतदानमा खटिने जनशक्ति र सामग्रीको सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायलाई विशेष निर्देशन दिइएको थियो । यसै सिलसिलामा तराईका झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी १८ जिल्लामा मतदान कर्मचारी परिचालन गर्दा आवश्यक सुरक्षा व्यवस्था अपनाउन विशेष निर्देशन दिइएको थियो । यसैगरी मतगणनाको बेला देखिएको सुरक्षाको अवस्थालाई विचार गरी सिन्धुली, डडेलधुरा र अर्घाखाँची जिल्लामा सुरक्षाको सुदृढ व्यवस्था मिलाउन विशेष निर्देशन दिइएको थियो ।

[७१९] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

## ८.२७ विद्युतीय मतदान

निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गरी यो प्रक्रियालाई सरल र सहज बनाउँदै लैजाने उद्देश्यले आयोगबाट २०६४ साल साउन ३१ मा संविधान सभा सदस्यको निर्वाचनमा काठमाडौँ जिल्लाको निर्वाचन क्षेत्र नं.१ मा विद्युतीय मतदान उपकरणको प्रयोग गर्ने निर्णय लिइएको थियो । मतपत्रमा मत सङ्केत गरी मतदान र गणना गर्नुको सट्टा विद्युतीय उपकरणको प्रयोग गरी मतदान र मतगणना गर्ने विधि विद्युतीय मतदान हो । यो विधि छिमेकी मूलुक भारत र संसारका विभिन्न मूलुकमा प्रयोगमा आएको छ ।

निर्वाचनमा प्रविधिको प्रयोगको सम्बन्धमा आयोगबाट भएको यो निर्णय एक ऐतिहासिक कदम थियो । निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग बारेको निर्णय लिनुपूर्व आयोगले आयोगका सहसचिव शरदचन्द्र पौडेलको नेतृत्वमा ६ सदस्यीय एक टोलीलाई भारतको निर्वाचन आयोगको निमन्त्रणामा उत्तराखण्ड राज्यको लोकसभा तथा विधान सभा सदस्य निर्वाचनको अवलोकनमा पठाएको थियो । अध्ययन टोलीले नेपालमा पनि परीक्षणको रूपमा केही स्थानमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्न सकिने प्रतिवेदन दिएपछि आयोगले राजनीतिक दलहरूसँग सो विषयमा विभिन्न तहमा छलफल परामर्श गरी दलहरूको सहमति प्राप्त गरेको थियो ।

विद्युतीय मतदान उपकरणको प्राप्ति र यससँग सम्बन्धित विभिन्न विषयमा सहयोग जुटाउन निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको नेतृत्वमा एक टोलीले पुनः भारतको निर्वाचन आयोगको भ्रमण गरी त्यहाँका प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्त समेतसँग छलफल गरेको थियो ।

विभिन्न तहमा भएका छलफलको क्रममा भारत सरकार समेतको तर्फबाट सहयोगको प्रतिवद्धता प्रकट भए अनुसार निर्वाचन आयोगद्वारा भारतीय विदेश मन्त्रालयलाई अनुरोध गरी पठाएपछि विद्युतीय मतदान प्रयोजनका लागि २०० थान नियन्त्रण एकाइ, ८०० थान मतदान एकाइ सहयोग स्वरूप प्राप्त भएको थियो । यसका साथै भारत सरकारबाट यी उपकरण सञ्चालन सम्बन्धी तालिमका लागि स्रोत व्यक्ति र मतदानको दिन परिचालित सहयोग टोलीलाई प्राविधिज्ञको सहयोग समेत प्राप्त भएको थियो ।

विद्युतीय मतदान उपकरणको प्रयोग नेपालको लागि नयाँ अभ्यास थियो । आम मतदातामा यसप्रति विश्वास जगाई मतदान उपकरणबाट मतदान गर्ने तरिका बारे जानकारी गराउन मतदाता शिक्षालाई सघन रूपमा सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण थियो । यसै गरी मतदान उपकरणको परीक्षण गरी उपकरणहरू दुरुस्त रहे नरहेको यकिन गर्ने, उपकरण सिलबन्दी गर्ने, मतदानको दिन मतदान केन्द्रमा उपकरण ठीक ढङ्गले सेट अप गर्ने, मतदान प्रक्रिया सञ्चालनको क्रममा कुनै समस्या आइपरे समाधान गर्ने र मतदान सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयमा ल्याई मतगणना गरी परिणाम सार्वजनिक गर्ने कार्य

यसमा संलग्न रहने कर्मचारीहरूका लागि समेत उत्तिकै चुनौतीपूर्ण थिए । त्यसैले पनि विद्युतीय मतदान सम्बन्धी कार्यको व्यवस्थापनका लागि आयोगभित्र अलग्गै विद्युतीय मतदान एकाइको गठन गरिएको थियो ।

विद्युतीय मतदान उपकरणको प्रयोग गरी मतदान र मतगणना कार्य सम्पन्न गर्न यस सम्बन्धी प्रक्रियाको मार्गदर्शनका निम्ति निर्वाचन अधिकृत र मतदान अधिकृतका लागि निर्देशिका तर्जुमा गरिएको थियो भने यसको सञ्चालन सम्बन्धी विस्तृत प्रक्रिया उल्लेख भएको विद्युतीय मतदान उपकरण प्रयोग निर्देशिका समेत तर्जुमा गरिएको थियो ।

विद्युतीय मतदान कार्य सञ्चालन गर्न आवश्यक विभिन्न तहको जनशक्ति विकासका लागि आयोगले त्यस्ता कर्मचारीहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक अभ्यास सहितको तालिम उपलब्ध गराएको थियो । यस सिलसिलामा भारतीय निर्वाचन आयोग र उपकरणको निर्माता कम्पनी Electronic Corporation of India Ltd. को प्राविधिक सहयोगमा काठमाडौँमा आयोगका १५ जना अधिकृतहरूका लागि मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता शिक्षाका लागि मतदाताको घर दैलोमा पुगी मतदान गर्ने तरिका बारे मतदातालाई जानकारी गराउन ३४ जना कर्मचारीलाई मतदाता शिक्षा स्वयम् सेवकमा नियुक्त गरी दुई दिनको प्रशिक्षण दिइएको थियो । यसै गरी उपकरणको परीक्षण र सिलबन्दीका लागि २५ जना कर्मचारीलाई अभिमुखीकरण गरिएको थियो । काठमाडौँ निर्वाचन क्षेत्र नं. १ मा रहने ६६ वटा मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई विद्युतीय मतदान उपकरणबाट मतदान कार्य सञ्चालन र गणना गर्ने बारे सैद्धान्तिक ज्ञान एवम् व्यावहारिक अभ्यास सहितको प्रशिक्षण उपलब्ध गराइएको थियो ।

मतदानका लागि विद्युतीय मतदान उपकरणको तयारी सम्बन्धी कार्य निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न गरिएको थियो । उपकरणमा मतपत्र सेट गर्ने र सिलबन्दी गरी तयारी गर्ने कार्य निर्वाचन अधिकृतको कार्यालयमा गर्ने व्यवस्था गरिएको थियो । यस काममा संलग्न कर्मचारीहरूबाट उपकरणको भौतिक परीक्षण गरी सबै दृष्टिले उपयुक्त रहेका उपकरण राजनीतिक दलका प्रतिनिधि तथा उम्मेदवारहरूको रोहबरमा सिलबन्दी गरिएको थियो । उपकरणमा सेट गर्न क्र.सं., राजनीतिक दल वा उम्मेदवारको नाम र निर्वाचन चिह्न रहेको मतपत्र छपाइ गरिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि हल्का नीलो रङको र समानुपातिक निर्वाचन प्रणालीको लागि हल्का रातो रङको मतपत्र छपाइ गरिएको थियो ।

विद्युतीय मतदान उपकरणबाट मतदान गर्ने तरिकाबारे आम मतदातालाई जानकारी गराउन परिचालित मतदाता शिक्षा स्वयम्सेवकहरू उपकरण सहित मतदाताको घर दैलोमा गई मतदान गर्ने तरिका बारे सिकाएका थिए । यस अलावा विभिन्न स्थानमा मतदाताहरूको सहभागितामा नमुना मतदान समेत सञ्चालन गरिएको थियो । विद्युतीय

मतदान उपकरणका बारे बारम्बार सोधिने प्रश्न १० हजार प्रति एवम् मतदान गर्ने तरिका बारे उल्लेख गरिएका विभिन्न पर्चा, पोस्टर, पम्प्लेटको छपाइ गरी वितरण गरिएको थियो ।

मतदानको दिन मतदान केन्द्रमा उपकरणको जडान एवम् सञ्चालनमा कुनै प्राविधिक समस्या आइपरे तत्काल समाधान गर्न १० जना कर्मचारीलाई विभिन्न ५ वटा घुम्ती टोलीमा परिचालित गरिएको थियो भने मतगणना प्रक्रियामा कुनै सहयोग आवश्यक परे तत्काल उपलब्ध गराउन आयोगमा त्यस विषयमा पर्याप्त ज्ञान भएका कर्मचारीहरूलाई तयारी अवस्थामा राखिएको थियो । तर मतदान र गणना प्रक्रियामा कुनै उल्लेख्य समस्या आएन ।

विद्युतीय मतदान उपकरणबाट मतदान सञ्चालन गर्दा मतगणना प्रक्रिया निकै छिटो हुन्छ । एकैसाथ अलग-अलग उपकरणहरूमा रहेको मत गणना गर्न सकिन्छ । आयोगले पनि एकैसाथ ६ वटासम्म उपकरणको मत गणना गर्ने कार्य योजना बनाएको भए पनि पहिलो पटकको प्रयोग भएकोले उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधिले एक एक वटा गरी गणना गर्न अनुरोध गरेकोले सो सम्भव भएन । २८ गते राति मतगणना प्रारम्भ भयो र २९ गते विहान नतिजा सार्वजनिक भयो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनको मत गणनामा केही बढी समय लागे पनि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनको परिणाम भने गणना प्रारम्भ भएको तीन घण्टामा नै सार्वजनिक भएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विद्युतीय मतदान उपकरणको पहिलो प्रयोग भएको सो निर्वाचन क्षेत्रबाट नेपाली काँग्रेसका उम्मेदवार प्रकाशमान सिंह विजयी भएका थिए ।

## ८.२८ संविधान सभा सदस्य निर्वाचन र संयुक्त राष्ट्र संघ

२०६२।६३ सालमा सम्पन्न जनआन्दोलनपछि वि.सं. २०६१ सालमा विघटन भएको प्रतिनिधि सभा पुनर्स्थापित भयो । वि.सं २०५२ सालदेखि सशस्त्र द्वन्द्वमा रहेको ने.क.पा. (माओवादी) र जनआन्दोलनका सहयात्री सात राजनीतिक दल बिच मूलुकमा चल्दै आएको सशस्त्र माओवादी द्वन्द्व अन्त्य गरी सकेसम्म छिटो संविधान सभाको निर्वाचन गर्ने मार्गचित्र बन्यो । दुवै पक्ष संयुक्त राष्ट्र संघको रोहबरमा शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन र स्वच्छ, स्वतन्त्र, निष्पक्ष ढङ्गले संविधान सभाको निर्वाचन सम्पन्न गर्न सहमत भई सात राजनीतक दल संलग्न सरकार र ने.क.पा. (माओवादी) बाट २०६३ साल साउन २४ गते (९ अगस्ट २००६) मा संयुक्त राष्ट्र संघलाई अनुरोध गरिएपछि संयुक्त राष्ट्र संघको प्रस्ताव नं.१७४० र १७९६ बमोजिम नेपालको शान्ति प्रक्रिया र संविधान सभा सदस्य निर्वाचनमा सघाउन २०६३ माघ ९ देखि नेपालमा संयुक्त राष्ट्र संघको विशेष राजनीतिक मिशन United Nations Mission in Nepal (UNMIN) को स्थापना भएको हो । यसलगत्तै

निर्वाचन आयोगमा पनि UNMIN अन्तर्गत आयोग परिसरमा निर्वाचन सहायता कार्यालयको स्थापना भएको थियो ।

UNMIN ले खास गरी निर्वाचन सम्बन्धी कानुनको तर्जुमा, निर्वाचन सञ्चालन योजनाको निर्माण, मतदाता दर्ता, मतदाता शिक्षा, राजनीतिक दल दर्ता, सञ्चार माध्यमको नियमन, निर्वाचन प्रचार-प्रसारको नियमन, पर्यवेक्षणको सम्बन्धन, तालिम तथा क्षमता विकासका क्षेत्रमा सहयोग पु¥याएको थियो । प्रारम्भमा UNMIN अन्तर्गत १२ जना सल्लाहकारहरू कार्यरत थिए । उनीहरूसंगको सहकार्यका लागि आयोगले विभिन्न तहका अधिकृतहरूलाई सम्पर्क विन्दु तोकेको थियो ।

निर्वाचनको क्षेत्रमा सहयोग पु¥याउने सिलसिलामा अनमिनले आफ्नो कार्यक्षेत्र विस्तार गरी क्षेत्रीय र जिल्ला स्तरमा समेत आफ्ना सल्लाहकारहरू परिचालित गरको थियो । निर्वाचनमा देशभरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी २३० जनासम्म कर्मचारीहरू परिचालन गरिएका थिए ।

क्षेत्रीय स्तरमा संविधान सभा नािर्वाचनको तयारीका लागि २०६३ को फागुनमा विराटनगर, काठमाडौँ, पोखरा, नेपालगञ्ज र कैलालीमा क्षेत्रीय निर्वाचन सल्लाहकार खटाइएको थियो । निर्वाचन सल्लाहकारहरूले ती जिल्ला निर्वाचन कार्यालयमा रही मतदाता शिक्षा कार्यक्रमको सञ्चालन, निर्वाचन सामग्रीको व्यवस्थापन, तालीम आदि विषयमा सल्लाह र सहयोग पु¥याउनुका साथै आफ्नो क्षेत्रका जिल्ला सल्लाहकारको खटनपटन र समन्वय गरेका थिए ।

अनमिनबाट २०६४ को जेठमा विभिन्न २८ जिल्लामा जिल्ला निर्वाचन सल्लाहकारहरू खटाएको थियो । २०६४ साल मङ्सिरमा हुने निर्वाचनलाई लक्षित गरी २०६४ असोजमा बाँकी ४७ जिल्लाका लागि पनि सल्लाहकार नियुक्त गरी खटायो । तर असोज १८ मा निर्वाचन स्थगित भएपछि सल्लाहकारहरू परिचालन हुने कार्यले पूर्णता पाएन । २०६४ साल चैत्र २८ गते निर्वाचन सम्पन्न गर्ने गरी पुनः निर्वाचन मिति घोषणा भएपछि २०६४ माघ महिनाको दोस्रो हप्ताभित्र पुनः जिल्ला सल्लाहकारहरू नियुक्त गरी परिचालन गरेको थियो । पछिल्लो पटक सल्लाहकारहरू परिचालत गरेपछि मुगु बाहेक सबै जिल्लामा निर्वाचन सल्लाहकारहरूको उपस्थिति रहेको थियो । यी सल्लाहकारहरूले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा रही जिल्ला निर्वाचन अधिकारीसँगको समन्वय र सहकार्यमा निर्वाचन सम्बन्धी क्रियाकलापमा सघाएका थिए । उनीहरूले मुख्यतः मतदाता दर्ता, मतदान केन्द्रहरूको मुख्य सूची (Polling Center Master List) तयार गर्ने, मतदाता शिक्षा स्वयम् सेवकको तालिम, मतदाता शिक्षामा गैरसरकारी संस्थासँगको समन्वय र कार्यक्रमको सुपरिवेक्षणमा सहयोग पु¥याएका थिए ।

### ८.२८.१ निर्वाचन विशेषज्ञको अनुगमन टोली (Electoral Expert Monitoring Team)

संविधान सभा सदस्यको निर्वाचन देशको लागि विशिष्ट ऐतिहासिक घटना थियो । आफ्नो संविधान आफैँ बनाउने नेपाली जनताको अभिलाषा पूरा गर्न हुन लागेको यो निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले सम्पन्न गर्न निर्वाचन आयोग पूर्ण प्रतिवद्धताका साथ लागेको थियो । निर्वाचनको स्वच्छताका लागि निर्वाचन क्रियाकलापको सघन अनुगमन गर्न राजनीतिक दलहरूबाट समेत आवाज उठिरहेको थियो । यस सन्दर्भमा नेपालमा सम्पन्न हुने संविधान सभा निर्वाचनको सम्पूर्ण प्रक्रियाको अनुगमन गर्न संयुक्त राष्ट्र संघको प्रस्ताव नम्वर १७४० बमोजिम संयुक्त राष्ट्र संघका महासचिवद्वारा पाँच जना निर्वाचन विशेषज्ञहरू (Dr. Rafael Lopez-Pintor, Antonio Reis, Stefaine Luthy, Ayman Ayoub, Bong-Scuk Sohn) नियुक्त गरी अनुगमनका लागि खटाइएको थियो ।

अनुगमन टोलीले विभिन्न मितिमा गरी ५ पटकसम्म नेपालको भ्रमण गरेको थियो । पाँचौं पटकको भ्रमणमा आउँदा निर्वाचन विशेषज्ञ Bong-Scuk Sohn को सट्टा Lily Munir खटिनु भएको थियो । टोली पहिलो पटक ११ देखि २३ जुन, २००७ मा खटिएको थियो । यसपछि टोलीले सन २००७ को जुलाई २७ देखि अगष्ट ६, सेप्टेम्बर २७ देखि अक्टोवर ९ र सन् २००८ को मार्च ३ देखि १७ र अप्रिल ५ देखि मे ८ सम्म भ्रमण गरेको थियो । भ्रमणको क्रममा टोलीले निर्वाचन आयोग, विभिन्न जिल्लाका निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालयको भ्रमण गरी आयोगका पदाधिकारी, कर्मचारी, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारीहरू, निर्वाचनसँग सम्बन्धित सरोकारवाला संस्थाका प्रमुख तथा नागरिक समाजका प्रतिनिधिहरूसँग समेत अन्तरक्रिया गरी निर्वाचनको तयारी र वातावरणको बारेमा जानकारी लिएको थियो । अनुगमन टोलीले संविधान सभा सदस्य निर्वाचनको सन्दर्भमा विभिन्न पाँचवटा प्रतिवेदन सार्वजनिक गरेको थियो ।

## ८.२९ निर्वाचन कार्यक्रम

संविधान सभा सदस्यको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली अपनाइएकोले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि २४० निर्वाचन क्षेत्रमा रहेका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि आयोगको सचिवालयमा रहेको समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन सञ्चालनका लागि कायम गरिएको निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ८.२९.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन कार्यक्रम

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि आयोगको मिति २०६४ पौष २७ को निर्णयानुसार २०६४ फागुन १० गते निर्वाचन कार्यक्रम प्रकाशित भएको थियो । यस अनुसार २०६४ फागुन १३ गतेदेखि कार्यक्रम प्रारम्भ भई २०६४ फागुन १९ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्ने कार्यक्रम रहेको थियो ।

निर्वाचन कार्यक्रम सञ्चालन भइरहँदा तराईका विभिन्न जिल्लामा विभिन्न माग राखी आन्दोलन चलिरहेको थियो । तराई केन्द्रित विभिन्न राजनीतिक दलहरू निर्वाचन कार्यक्रम  बमोजिम उम्मेदवारी दर्ता लगायतका प्रक्रियामा सहभागी भएका थिएनन् । यसै परिप्रेक्ष्यमा नेपाल सरकारबाट २०६४ फागुन १६ गते निर्वाचन आयोगलाई निर्वाचन कार्यक्रमको म्याद थप गरिदिन अनुरोध भई आयो । सरकार र आन्दोलनरत दलहरू बिच २०६४ साल फागुन १७ गते सम्झौता भएपछि ती दलहरू पनि निर्वाचनमा सहभागी हुने वातावरण बन्यो । फलतः आयोगले २०६४ फागुन १३ गतेदेखि १६ गतेसम्म सञ्चालन भएको निर्वाचन कार्यक्रमलाई यथावत राखी पुनः २०६४ फागुन २३ देखि निर्वाचन कार्यक्रम सञ्चालन गरी २०६४ फागुन २६ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्ने गरी संशोधित निर्वाचन कार्यक्रम स्वीकृत गरी तदनुरूप निर्वाचन कार्यक्रम सञ्चालन गरेको थियो ।

#### ८.२९.१.१ उम्मेदवारको योग्यतामा संशोधन

संविधान सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन मतदाता नामावलीमा नाम रहेको हुनुपर्ने कानुनी व्यवस्था थियो । आयोगले सञ्चालन गरेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रममा तत्कालीन राजनीतिक विषयमा उत्पन्न विमतिका कारण विभिन्न राजनीतिक दलका नेतृत्व तहकै व्यक्तिहरूले मतदाता नामावलीमा नाम दर्ता नगराएको तर ती दलका नेतृत्व तहका व्यक्तिहरू संविधान सभा सदस्य निर्वाचनमा सहभागी हुने वातावरण तयार भएको अवस्थामा यो परिस्थितिलाई सम्वोधन गर्न आवश्यक भई नेपाल सरकारले मिति २०६४/११/१२ गते केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६४ जारी गऱ्यो । अध्यादेशले निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले उम्मेदवार मनोनयनको औपचारिक पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित मनोनयनपत्र दाखिला गरेमा मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्ति पनि उम्मेदवार हुन सक्ने व्यवस्था गरेकोले आयोगबाट उम्मेदवारको मनोनयन दर्ता

सम्बन्धमा अध्यादेशले गरेको व्यवस्था अनुरूप हुने गरी मनोनयन सम्बन्धी कार्य गर्न सबै निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराइएको थियो ।

### ८.२९.१.२ उम्मेदवारी दिने बारे गरिएको विशेष व्यवस्था

संविधान सभा सदस्य निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्दा मनोनयनपत्रमा उम्मेदवारको फोटो टाँस्नु पर्ने र निर्दिष्ट स्थानमा उम्मेदवारले दस्तखत गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा विभिन्न कारणले उम्मेदवार आफैँ उपस्थित हुन सक्ने वा फोटो समेत पठाउन सक्ने अवस्था नभएको कारण राजनीतिक दलहरूकै आग्रहमा उम्मेदवारले दस्तखत गर्नुपर्ने ठाउँमा निजको प्रतिनिधिले दस्तखत गरी मनोनयनपत्र दर्ता गराउन सक्ने र दरखास्त साथ उम्मेदवारको फोटो पेश नभएमा पनि पछि प्राप्त गर्ने गरी मनोनयनपत्र लिन सक्ने भनी मिति २०६४/११/१३ गते निर्वाचन आयोगले सबै निर्वाचन अधिकृतको कार्यालयमा निर्देशन पठाई तदनुरूप मनोनयनपत्र दर्ता गर्ने आवश्यक व्यवस्था मिलाएको थियो । संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि देहाय बमोजिम कुल ३९४६ उम्मेदवार कायम रहेका थिए ।

| दल वा स्वतन्त्र | महिला | पुरुष | जम्मा |
|---|---:|---:|---:|
| राजनीतिक दलका तर्फबाट | ३२६ | २८०४ | ३१३० |
| स्वतन्त्र | ४२ | ७७४ | ८१६ |
| **जम्मा** | **३६८** | **३५७८** | **३९४६** |

### ८.२९.१.३ उम्मेदवारको मृत्युको कारण परिवर्तित निर्वाचन कार्यक्रमको सञ्चालन

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवार मध्ये विभिन्न राजनीतिक दलका ४ जना उम्मेदवारको विभिन्न मितिमा निधन भई नयाँ निर्वाचन कार्यक्रम सञ्चालन गर्नु परेको थियो । नयाँ कार्यक्रम सञ्चालन गर्दा सम्बद्ध राजनीतिक दलको तर्फबाट मात्र मनोनयन पत्र दर्ता गर्न पाउने गरी एकै दिन सबै कार्यक्रम सम्पन्न गरिएको थियो । यस मध्ये धनुषा र बाँकेमा २०६४ चैत्र २८ गते नै मतदान कार्य सम्पन्न गरिएको थियो भने भोजपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ मा २०६५ साल वैशाख ५ गते र सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. १ मा २०६५ साल वैशाख ७

गते मतदान कार्य सम्पन्न गरिएको थियो । यस सम्बन्धी विवरण अनुसूची ३१ मा दिइएको छ ।

यसै गरी सर्लाही जिल्ला निर्वाचन क्षेत्र नं. ६ बाट स्वतन्त्र उम्मेदवार भै उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका शम्भुप्रसाद सिंहको मिति २०६४/१२/२८ गते अर्थात् मतदानको दिनमा निधन भएको थियो । स्वतन्त्र उम्मेदवार निधन भएमा पुनः निर्वाचन कार्यक्रम सञ्चालन गर्नुपर्ने भन्ने कानुनी व्यवस्था नभएको र मतदानकै दिनमा निधन भएकोले निर्वाचन कार्यक्रम पुनः सञ्चालन गरिएको थिएन ।

## ८.२९.२. समानुपातिक निर्वाचन प्रणाली

### ८.२९.२.१. राजनीतिक दलबाट बन्दसूची पेश

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको निर्वाचन कार्यक्रम २०६४ माघ २८ गते प्रकाशित गरिएको थियो । प्रकाशित कार्यक्रम अनुसार राजनीतिक दलहरूले आफ्नो दलबाट आयोगमा पेश गर्नुपर्ने उम्मेदवारहरूको बन्दसूची २०६४ फागुन ८ गते पेश गर्नुपर्ने थियो । यस अनुसार दिइएको समयभित्र जम्मा ३७ वटा राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गरेका थिए । यसै बिच नेपाल सरकार(मन्त्रिपरिषद) बाट संशोधित निर्वाचन कार्यक्रम प्रकाशनका लागि आयोगलाई अनुरोध भई आएपछि आयोगले २०६४।११।९ मा र २०६४।११।१९ गरी दुई पटक निर्वाचन कार्यक्रम संशोधन गरेको थियो । यस अनुसार २०६४ फागुन १२ गते दुईवटा राजनीतिक दलले र २०६४ फागुन १९ गते विभिन्न १६ वटा दलले उम्मेदवारको बन्दसूची पेश गरेका थिए । बन्द सूची पेश गर्ने ५५ राजनीतिक दल र कायम उम्मेदवारको संख्यात्मक विवरण अनुसूची ३२ मा दिइएको छ ।

उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दल र उम्मेदवारको विवरण २०६४ साल चैत्र ४ गतेको गोरखापत्र, आयोगको सूचना पाटी र आयोगकै वेवसाइटमा समेत सार्वजनिक गरिएको थियो । विभिन्न राजनीतिक दलबाट बन्दसूचीमा समावेश गरिएका विभिन्न उम्मेदवारको विरुद्धमा पर्न आएका दावी विरोधको छानविनपश्चात् २९९ उम्मेदवारहरूको आवश्यक कागजात पेश हुन नआएको कारण निजहरूको नाम उम्मेदवारको बन्दसूचीबाट हटाइएको थियो । यसपश्चात् ५६९८ उम्मेदवारहरूको नाम अन्तिम बन्दसूचीमा कायम रहेको थियो ।

समानुपातिक निर्वाचन प्रणालीका लागि राजनीतिक दलले उम्मेदवार सूचीकृत गर्दा देहाय बमोजिम महिला, मधेशी, दलित, उत्पीडित जाति/आदिवासी

जनजाति, पिछडिएको क्षेत्र लगायत अन्य समूह समेतको जनसङ्ख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको प्रतिशतमा उम्मेदवारी दिनु पर्ने एवम् राजनीतिक दलले उम्मेदवार सूचीकृत गर्दा उत्पीडित समूह, गरिब किसान, मजदुर र अपाङ्गता भएका व्यक्ति समेतको प्रतिनिधित्वलाई समुचित ध्यान पुऱ्याउनु पर्ने व्यवस्था थियो । जनसङ्ख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने समूहको विवरण अनुसूची ३३ मा दिइएको छ ।

उल्लिखित व्यवस्था अनुसार विभिन्न समूहको पहिचान गर्ने उम्मेदवारहरूको समावेशी र समानुपातिक प्रतिनिधित्वको सङ्ख्या देहाय बमोजिम ६३१९ रहेको तर उम्मेदवारको खास सङ्ख्या भने ५७०१ थियो । एकै जना उम्मेदवारले विभिन्न समूहको प्रतिनिधित्व गर्नसक्ने (जस्तै एकै जनाले दलित, महिला, पिछडिएको क्षेत्रको प्रतिनिधित्व गर्न सक्ने) भएकोले एकै व्यक्तिको गणना अलग-अलग स्थानमा गर्दा यो सङ्ख्या ६३१९ हुन आएको थियो । राजनीतिक दलबाट पेश भएको उम्मेदवारको बन्दसूची अनुसार उम्मेदवारको समावेशी र समानुपातिक प्रतिनिधित्वको स्थिति अनुसूची ३४ मा दिइएको छ ।

## ८.३० मतदान कार्यको सञ्चालन

### ८.३०.१ मतदानको पूर्वसन्ध्यामा प्रमुख निर्वाचन आयुक्तबाट अपिल

यो दिन नेपाली जनताले सर्वाधिक प्रतिक्षा गरेको दिन थियो । मतदान हुनेभन्दा दुई दिन अगाडि अर्थात् २०६४ साल चैत्र २६ गते निर्वाचन आयोगका तर्फबाट प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले सबै मतदातालाई विनाडर, त्रास र भयरहित ढङ्गले तोकिएको मतदान केन्द्रमा गई ढुक्कसँग आफूले रोजेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न अपिल गर्नुभएको थियो । प्रमुख निर्वाचन आयुक्तको अपिल नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, सगरमाथा टेलिभिजन र एभिन्यूज टेलिभिजनले प्रसारण गरेका थिए । संविधान सभा सदस्य निर्वाचनको लागि नेपाल सरकारले २०६४ साल चैत्र २५ गतेदेखि २९ गतेसम्म ५ दिन सार्वजनिक विदा दिएको थियो । यसै बेला चैत्र ३० गते शनिबार, २०६५ वैशाख १ गते नववर्ष र २ गते राम नवमीको अवसरमा सार्वजनिक बिदा परेकोले यस अवधिमा ८ दिन सार्वजनिक बिदा परेको थियो । यसैगरी कतिपय विद्यालयमा मतदान केन्द्र समेत रहेका कारणले चैत्र १७ गतेदेखि देशभरका सबै शिक्षण संस्थामा बिदा दिइएको थियो ।

निर्वाचनमा शान्ति सुरक्षा कायम राख्न नेपाल सरकारबाट २०६४ साल चैत्र २७ गते राति १२ बजेदेखि २८ गते राति १२ बजेसम्म यातायातका सम्पूर्ण साधन (सवारी पास लिएका बाहेक) बन्द गरिएको थियो ।

### ८.३०.२ मतदान सञ्चालन

२०६४ साल चैत्र २८ गते विहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मलुकभरका मतदान केन्द्रमा मतदान कार्य सञ्चालन भएको थियो । यो निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा ६१.७ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा ६३.३ प्रतिशत मतदान भएको थियो । तर सप्तरी जिल्लाको त्रिकोल गाउँ विकास समितिस्थित राष्ट्रिय प्राथमिक विद्यालयको मतदान केन्द्र (क) र (ख) मा एउटा पनि मत खसेको थिएन ।[७२०]

### ८.३०.३ मतदान स्थगित र रद्द भएका मतदान केन्द्र

#### ८.३०.३.१ मतदान स्थगित भएका मतदान केन्द्र

२०६४ साल चैत्र २८ गते भएको निर्वाचनमा  सिरहा-२, ३ र ५, सप्तरी-१ र २, महोत्तरी-३, ४ र ५, सर्लाही-६, रौतहट-४, चितवन-५, नवलपरासी-३, नुवाकोट-१, बागलुङ -१ र २, अर्घाखाँची-१ र २ र दैलेख-१ गरी ११ जिल्लाका विभिन्न १८ निर्वाचन क्षेत्र  अन्तर्गतका कुल ६८ वटा मतदान केन्द्रको मतदान सहज रूपमा स्वच्छ, स्वतन्त्र तवरले हुन नसकेको भनी सम्बन्धित मतदान अधिकृतबाट प्राप्त प्रतिवेदनको आधारमा निर्वाचन अधिकृतको कार्यालयले स्थगित गरेको थियो ।

२०६४ साल चैत्र २८ गतेको मतदान स्थगित भएका मतदान केन्द्र मध्ये अर्घाखाँची जिल्लाको निर्वाचन क्षेत्र नं.२ को जुकेना गा.वि.स. को सुधा मा.वि. (क) मतदान केन्द्रमा २०६५ वैशाख ४ गतेका लागि तय भई सञ्चालन भएको मतदान कार्य  सो दिन पनि सहजतापूर्वक सम्पन्न हुन नसकेकोले स्थगित गरी २०६५ वैशाख ६ गते मतदान भएको थियो ।

#### ८.३०.३.२ मतदान रद्द भएका मतदान केन्द्र

मतदान सम्पन्न भएपछि विविध कारणले मतपेटिकाहरू रितपूर्वक प्राप्त नभएका र प्राप्त भएका मतपेटिका पनि नियमपूर्वकका नभएकोले सर्लाही-५ र ६, महोत्तरी-३ र ४, बागलुङ -२ र ३, धादिङ-१, रौतहट-४, सप्तरी-२ र सिरहा-३ गरी ७ जिल्लाका १० वटा निर्वाचन क्षेत्रका ३८ वटा मतदान केन्द्रमा भएको मतदान रद्द गरी पुनः मतदान गराउन सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट लेखी आएकोले आयोगले विभिन्न मितिमा त्यस्ता मतदान केन्द्रमा भएको मतदान रद्द

[७२०] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६ पेज नं.२६०

गरी पुनः मतदान गराउन निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको थियो ।

मतदान रद्द भएका उल्लिखित जिल्लाका उल्लिखित निर्वाचन क्षेत्र मध्ये धादिङ जिल्ला निर्वाचन क्षेत्र नं.१ का दार्खा, गुम्दी, सत्यदेवी र सेर्तुङ गाउँ विकाससमिति अन्तर्गत रहेका १८ वटा मतदान केन्द्रका मतपेटिका र अन्य निर्वाचन सामग्री मतदान केन्द्रबाट सदरमुकाम ल्याउँदै गर्दा किन्ताङ फेदी भन्ने स्थानमा सुरक्षा बलको नियन्त्रणमा रहेको अवस्थामा अज्ञात समूहबाट लुटिएको र तोडफोड भएको कारण रद्द गरिएका थिए । स्थगित र रद्द भएका मतदान केन्द्रको पुनः मतदान २०७० वैशाख १ गतेदेखि वैशाख ७ गतेसम्ममा सम्पन्न गरिएका थिए ।

### ८.३०.४ मत पेटिका सङ्कलन

मतदान कार्य सम्पन्न भएपछि मतदान केन्द्रबाट मतपेटिका र मतदानसँग सम्बन्धित कागजातहरू सुरक्षा निकायको सहयोग र समन्वयमा जिल्ला सदरमुकामस्थित सम्बन्धित क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा ल्याउने व्यवस्था मिलाइएको थियो । मतपेटिका ल्याउँदा मतदान केन्द्रबाट नजिकको सडक विन्दुसम्म मतदानमै खटिएका कर्मचारी सुरक्षाकर्मीको टोलीले ल्याउने र त्यहाँबाट सदरमुकामसम्म यातायातका साधनबाट ढुवानी गरी ल्याउने बन्दोबस्त मिलाइएको थियो । पहाडी र हिमाली क्षेत्रका जिल्लाका विकट स्थानमा रहेका र सुरक्षा संवेदनशीलताका कारण सडक मार्गबाट ढुवानी गर्न उपयुक्त नदेखिएका मतदान केन्द्रका मतपेटिका हेलिकोप्टरबाट समेत ढुवानी गरिएको थियो । मतपेटिका ढुवानी कार्यको समन्वय निर्वाचन अधिकृतको कार्यालय, जिल्लास्थित सुरक्षा निकाय र जिल्ला निर्वाचन कार्यालयले गरेका थिए । मतपेटिकाहरू प्राप्त भएपछि दुवै निर्वाचन प्रणालीका मतपेटिका अलग-अलग भण्डारण गरिएका थिए ।

## ८.३१ मत गणना र परिणाम घोषणा

संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ४९ ले दुवै निर्वाचन प्रणालीको मतगणना संभव भएसम्म एकै समयमा प्रारम्भ गर्नुपर्ने, एकै समयमा प्रारम्भ गर्न सम्भव नभएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतगणना पहिले गर्नुपर्ने व्यवस्था गरेको थियो । स्थानाभाव र अन्य कतिपय कारणले अधिकांश निर्वाचन क्षेत्रमा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतगणना सम्पन्न गरेपछि मात्रै समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना प्रारम्भ गरिएको थियो । मतगणनाका क्रममा उत्पन्न समस्या र विवादका बारे आयोगको निर्देशनका लागि निर्वाचन अधिकृतहरूबाट अनुरोध भई आउने भएकोले त्यस प्रकारको अनुरोध प्राप्त भएमा तत्काल सम्बोधन गर्न सकियोस् भन्ने उद्देश्यले केन्द्रमा आयोगको उपस्थिति चौविसै घण्टा रहेको थियो ।

### ८.३१.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतगणना र परिणाम घोषणा

सबै मतदान केन्द्रबाट मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतको कार्यालयमा वा निर्वाचन अधिकृतले तोकेको स्थानमा मतगणना कार्य प्रारम्भ गरिएको थियो । मतगणना कार्य सम्पन्न भएपछि सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषणा गरी निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिएको थियो । कुल मतदाता १ करोड ७६ लाख ११ हजार ८३२ रहेकोमा कुल १ करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो । यस मध्ये १ करोड ३ लाख ०६ हजार १२० मत सदर र ५ लाख ६० हजार ११ मत बदर भएको थियो । सबैभन्दा धेरै मतदान डोल्पा निर्वाचन क्षेत्र नं.१ मा ७९.८९ प्रतिशत र सबैभन्दा कम मनाङ निर्वाचन क्षेत्र नं.१ मा ४०.११ रहेको थियो । यसैगरी निर्वाचनमा भाग लिएका दल मध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले ३१,४५,५१९ (३०.५२ प्रतिशत) मत प्राप्त गरेको थियो भने नव नेपाल प्रजातान्त्रिक दलले कुल सदर मतमा केवल ३४ मत मात्र प्राप्त गरेको थियो ।

#### (क) निर्वाचित सदस्य सङ्ख्याको विवरण

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने २४० स्थानका लागि विभिन्न ५४ राजनीतिक दल र स्वतन्त्र समेतबाट जम्मा ३९४६ उम्मेदवार रहेका थिए । यसमा राजनीतिक दलको तर्फबाट ३१३० जना र स्वतन्त्र उम्मेदवारको सङ्ख्या ८१६ थियो । यो प्रणालीबाट देहायका ९ वटा राजनीतिक दलबाट २३८ जना र स्वतन्त्रबाट २ जना सदस्य निर्वाचित भएका थिए । निर्वाचित हुने मध्ये महिला उम्मेदवारको सङ्ख्या ३० जना रहेको थियो । ३९४६ उम्मेदवार मध्ये आफ्नो निर्वाचन क्षेत्रमा खसेको कुल सदर मतको १० प्रतिशत मत प्राप्त नगरेको कारण ३१५९ उम्मेदवारको धरौटी जफत भएको थियो । राजनीतिक दलको तर्फबाट निर्वाचित उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको कुल मत, मत प्रतिशत र सीट सङ्ख्याको विवरण अनुसूची ३५५ र निर्वाचित सदस्यहरूको विवरण अनुसूची ३६ मा दिइएको छ ।

#### (ख) निर्वाचित महिला सदस्य

संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कुल महिला उम्मेदवारको सङ्ख्या ३६८ रहेको थियो । यसमा राजनीतिक दलका तर्फबाट ३२६ र स्वतन्त्र ४२ जना थिए । यी मध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट २५ जना, नेपाली काँग्रेसबाट २ जना, मधेशी जनअधिकार फोरम, नेपालबाट २ जना र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट १ जना गरी ५

वटा राजनीतिक दलबाट कुल ३० जना महिला उम्मेदवार मात्र निर्वाचित भएका थिए यस सम्बन्धी विवरण अनुसूची ३७ मा दिइएको छ ।

## ८.३१.२ समानुपातिक निर्वाचन प्रणाली

### (क) प्राप्त मतको आधारमा सीटको फाँडफाँट

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य सम्पन्न गरी राजनीतिक दलले प्राप्त गरेको मत सङ्ख्याको विवरण निर्वाचन अधिकृतको कार्यालयहरूले निर्वाचन आयोगमा पठाएका थिए । यो सङ्ख्या प्राप्त भएपछि आयोगले संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ५८ ले व्यवस्था गरे बमोजिम राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा सो राजनीतिक दलले प्राप्त गर्ने सीट सङ्ख्याको निर्धारणका लागि मोडीफाइड सेन्ट लग विधि अनुरूपको मत परिणाम विभाजक सूत्रको प्रयोग गरिएको थियो । यो सूत्र बमोजिम पहिलो मत विभाजक अङ्क १.४ थियो र यस पछि ३, ५, ७, ९ र यस्तै बिजोर अङ्कहरूले भाग गर्दै पूरै सीट फाँडफाँट नभएसम्म भाग गर्दै जाने र ठूलो भागफलको आधारमा विजयी सीट निर्धारण गर्दै जाने विधि अवलम्बन गरिएको थियो ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुल १ करोड ११ लाख ४६ हजार ५४० (३.२९ प्रतिशत) मत खसेको थियो । यस मध्ये १ करोड ७ लाख ३९ हजार ०७८ (९६.३४ प्रतिशत) मत सदर भएको थियो । विभिन्न ५४ राजनीतिक दलले बन्दसूची पेश गरेकोमा दलहरूले प्राप्त गरेको मतको आधारमा कुल सीटको फाँडफाँट गर्दा देहायका २५ राजनीतिक दलले मात्र संविधान सभामा सीट प्राप्त गरेका थिए । यस सम्बन्धी विवरण अनुसूची ३८ मा दिइएको छ ।

### (ख) निर्वाचित उम्मेदवारको घोषणा

संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ५८ ले राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा सो राजनीतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरू मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरी राजनीतिक दलको केन्द्रीय कार्य समितिको निर्णयले छनोट गरी आयोग समक्ष पेश भएका उम्मेदवार निर्वाचित भएको घोषणा आयोगले गर्ने व्यवस्था गरेको थियो । यस अनुरूप संविधान सभामा सीट प्राप्त गरेका राजनीतिक दललाई माथि उल्लेख गरे बमोजिम निर्वाचित घोषणा गरिने उम्मेदवारको नाम पेश गर्न राजनीतिक दललाई लेखी दलहरूबाट नामावली प्राप्त गरिएको थियो ।

राजनीतिक दलबाट प्राप्त नाम कानुनले व्यवस्था गरे अनुरूप समावेशी आधारमा तयार गरे नगरेको जाँच गरी यस अनुरूप नभएको पाइएका राजनीतिक दललाई पुनः समावेशी आधारमा छनोट गरी पठाउन पत्राचार गरिएको थियो । यस अनुरूप दलहरूबाट नाम प्राप्त भएपछि आयोगको २०६४।१।२५ को निर्णयानुसार संविधान सभा सदस्यमा निर्वाचित सदस्यको नाम अनुसूची ३९ मा दिइएको छ ।

### ८.३१.३ अन्तिम निर्वाचन परिणाम घोषणा

संविधान सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनबाट निर्वाचित सदस्यहरूको नामावली प्रधानमन्त्री र व्यवस्थापिका संसद् सचिवालयमा पठाउनु पर्ने कानुनी व्यवस्था अनुरूप आयोगले २०६५।१।२५ को निर्णयानुसार दुवै प्रणालीको निर्वाचनबाट निर्वाचित सदस्यहरूको नामावली २०६५।१।२६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र व्यवस्थापिका संसद् सचिवालयमा पठाएको थियो ।

नामावली पठाउँदा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा महोत्तरी जिल्ला निर्वाचन क्षेत्र नं. ६ बाट विजयी उम्मेदवार शरतसिंह भण्डारीको नाम विजयी उम्मेदवारको सूचीमा समावेश नगर्न संविधान सभा अदालतबाट २०६५।१।१६ मा अन्तरकालीन आदेश भएकोले २३९ जनाको नाम मात्र समावेश गरी पठाइएको थियो । निजका विरुद्ध परेको उजुरीमा दाबी नपुग्ने भनी संविधान सभा अदालतबाट २०६५।३।३१ मा फैसला भई निर्वाचन आयोगलाई सोको जानकारी प्राप्त गराएपछि आयोगले निजको नाम विजयी उम्मेदवारको सूचीमा कायम गरी २०६५।४।१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र व्यवस्थापिका संसद् सचिवालयलाई जानकारी गराएको थियो ।

## ८.३२ निर्वाचन सम्बन्धी विवादको व्यवस्थापन

### ८.३२.१ निर्देशिका जारी

निर्वाचनको सिलसिलामा निर्वाचनपूर्व र निर्वाचनपश्चात् उत्पन्न हुनसक्ने विवादको व्यवस्थापनका लागि आयोगले केन्द्र र जिल्ला स्तरमा यस सम्बन्धी संयन्त्रको निर्माण गरी विवाद व्यवस्थापन गर्न निर्वाचन सम्बन्धी (उजुरी र कारबाही) कार्य सम्पादन निर्देशिका, २०६४ समेत जारी गरेको थियो ।

## ८.३२.२ विवाद व्यवस्थापन संयन्त्र

निर्वाचन सम्बन्धी विवाद व्यवस्थापनका लागि आयोगले केन्द्र र जिल्ला स्तरमा विवाद व्यवस्थापन संयन्त्र गठन गरेको थियो । केन्द्रमा निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा नायब महान्यायाधिवक्ता द्रोणराज रेग्मी, नेपाल सरकार कानुन मन्त्रालयका सचिव कुलरत्न भूर्तेल, निर्वाचन आयोगका सचिव सुशील जंग बहादुर राणा सदस्य र आयोगका सहन्यायाधिवक्ता महेश शर्मा पौडेल सदस्य सचिव रहेको उजुरी र व्यवस्थापन समिति गठन गरिएको थियो । त्यसै गरी जिल्ला स्तरमा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा सम्बन्धित जिल्लाका निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख सदस्य एवम् जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहेको आचार संहिता जिल्ला समन्वय समिति गठन गरिएको थियो ।

## ८.३२.३ कार्य जिम्मेवारी

केन्द्रीय तहमा व्यवस्था गरिएको संयन्त्रको जिल्लामा निर्वाचनसँग सम्बन्धित विभिन्न विषयमा प्राप्त गुनासा र निवेदन उपर कारबाही भए नभएको अनुगमन गर्ने र प्राप्त उजुरीको कारवाहीका लागि आयोगलाई सहयोग गर्ने कार्य जिम्मेवारी तोकिएको थियो भने जिल्ला स्तरमा रहेको समितिले आचार संहिताका साथै निर्वाचन सम्बन्धी विभिन्न विषयमा प्राप्त उजुरी र विवादको व्यवस्थापनको कार्य गरेको थियो ।

## ८.३२.४ निर्वाचनपूर्वको विवाद व्यवस्थापन

निर्वाचनपूर्व उत्पन्न विवादहरूको निरूपण संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ ले व्यवस्था गरे बमोजिमको प्रक्रिया अपनाई व्यवस्थापन गरिएको थियो । यसै सिलसिलामा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं.२ का नेपाली काँग्रेसका उम्मेदवारको नाम कालो सूचीमा रहेको हुँदा अयोग्य रहेकोले मनोनयनपत्र बदर गरी पाउन परेको उजुरीका सम्बन्धमा निर्वाचन अधिकृतबाट समेत निरूपण गरी सकेको, कर्जा सूचना केन्द्रबाट प्राप्त विवरणमा समेत निजको नाम कालो सूचीबाट हटिसकेकोले उम्मेदवारी खारेज गरी पाउँ भन्ने दावी पुग्न नसक्ने भएकोले उम्मेदवारी कायमै रहने गरी आयोगबाट निर्णय भएको थियो ।

## ८.३२.५ निर्वाचनपश्चात्का विवाद व्यवस्थापन

मतदान कार्य सम्पन्न भएपश्चात् परिणाम घोषणापूर्वको अवधिमा मतदान कार्य स्थगित भएको, मतदान केन्द्र कब्जा भएको, मत पेटिका तोडफोड भएको,

हुलदङ्गाका कारण निर्वाचनमा प्रतिकूल प्रभाव परेको, मतदातालाई थुनछेक गरेको, मतगणनामा धाँधली गरेको समेतका विषयमा कुल ६४ वटा उजुरी परेका थिए । यसमा आयोगबाट मतपेटिका तोडफोड भएको कारण ६ वटा मतदान केन्द्रमा, मतदान केन्द्र कब्जा भएको कारण ३ वटा केन्द्रमा र हुलदङ्गाका कारण निर्वाचनमा प्रतिकूल प्रभाव परेको कारण ३ वटा मतदान केन्द्रमा गरी १२ वटा मतदान केन्द्रको मतदान रद्द गरिएको थियो । बाँकी ५२ वटा उजुरीका सम्बन्धमा केही गर्नु नपर्ने निर्णय भएको थियो ।

## ८.३३ संविधान सभा अदालत र निर्वाचन सम्बन्धी उजुरी

### ८.३३.१ संविधान सभा अदालत

नेपालको अन्तरिम संविधान, २०६३ ले संविधान सभाका कुनै सदस्य संविधानको धारा ६५ बमोजिम अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय गर्न र निर्वाचन सम्बन्धी उजुरी हेर्न एक संवैधानिक अदालत रहने संवैधानिक व्यवस्था गरेको थियो । यस अनुरूप नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।१०।२७ को निर्णयानुसार सर्वोच्च अदालतका माननीय न्यायाधीश अनुपराज शर्मा अध्यक्ष र माननीय न्यायाधीश तपबहादुर मगर र माननीय न्यायाधीश राम कुमार प्रसाद साह सदस्य रहेको संविधान सभा अदालतको गठन भएको थियो । अदालतको मुकाम सर्वोच्च अदालतमा रहेको थियो ।

### ८.३३.२ निर्वाचन सम्बन्धी उजुरी

संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भएपछि निर्वाचन आयोग समेतलाई प्रतिवादी बनाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको सम्बन्धमा १२ वटा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको सन्दर्भमा ४ वटा उजुरीहरू परेका थिए । उजुरीको विवरण अनुसूची ४० मा दिइएको छ ।

### ८.३३.३ संविधान सभा अदालतबाट भएको अन्तरकालीन आदेश

उल्लिखित उजुरीहरू मध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट महोत्तरी जिल्ला क्षेत्र नं.६ का उम्मेदवार सिताराम भण्डारी समेतले मत गणना बदर गरी पुनः मत गणना गरी पाउँ भनी दिएको उजुरीमा संविधान सभा अदालतको मिति २०६५।१।१६ को आदेश अनुसार प्रतिउत्तर पत्र पेश नभएसम्म संविधान सभा सदस्यको अन्तिम निर्वाचन परिणाम सार्वजनिक गर्दा विपक्षी शरतसिंह भण्डारीको नाम प्रकाशित नगर्न र ने.क.पा. माओवादीका तर्फबाट सिन्धुली जिल्ला निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार

शान्तिमान कार्कीले अन्तरकालीन आदेश जारी गरी पाउँ समेत भनी दिएको उजुरीमा प्रतिउत्तर परेपछि पुनः विचार हुने गरी हाल विपक्षी विषमलाल अधिकारीले संविधान सभा सदस्यको हैसियतले सपथ नलिनु नगराउनु भनी अन्तरकालीन आदेश जारी भएको थियो । संविधान सभा अदालतमा परेका उल्लिखित सबै मुद्दामा अदालतबाट फैसला हुँदा निवेदकको दावी नपुग्ने भनी फैसला भएको थियो ।

## ८.३४ निर्वाचनमा भएको खर्च

संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्ने क्रममा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने विशेष कार्यक्रम सञ्चालन गरेदेखि पटक-पटक स्थगन भई अन्ततः २०६४ साल चैत्र २८ गते निर्वाचन सम्पन्न भएको अवधिसम्ममा यस निर्वाचनको लागि कुल रु. २ अर्ब ८० करोड ९५ लाख २१ हजार ८३७।७५ खर्च भएको थियो ।[७२१]

## ८.३५ क्षतिपूर्ति

### ८.३५.१ जिल्ला निर्वाचन कार्यालय भाडामा बसेका घरको क्षतिको क्षतिपूर्ति

संविधान सभा सदस्य निर्वाचनको सिलसिलामा विभिन्न आन्दोलनकारी समूहहरूबाट भएका आगजनी, तोडफोडबाट सरकारी तथा निजी सम्पत्तिको क्षति भएको थियो । भाडाको घरमा बस्दै आएका विभिन्न जिल्ला निर्वाचन कार्यलयमा भएका आगलागी, तोडफोडबाट भएको क्षतिको मूल्याङ्कन गरी जिल्ला निर्वाचन कार्यालय रौतहट, बारा र बाँकेको कार्यालय भवन रहेका घरका घर धनीहरूलाई आयोगले क्रमशः रु.१,५०,०००।-, रु. ७५,०००।- र रु.३८,०००।- सम्बन्धित घरधनीहरूलाई क्षतिपूर्ति उपलब्ध गराएको थियो ।

### ८.३५.२ मतदान केन्द्र रहेका विद्यालयलाई क्षतिपूर्ति

(क) जिल्ला निर्वाचन कार्यालय चितवनको सिफारिसमा सो जिल्लाको निर्वाचन क्षेत्र नं. ५ अन्तर्गतको मेघौली गाउँ विकास समितिको सरस्वती मा.वि.मतदान केन्द्रमा २०६४ चैत २८ गते भएको संविधान सभा सदस्य निर्वाचनका दिन मतदान केन्द्रमा मतदान स्थगित गर्न आएको भिडले तोडफोड र आगजनी समेत गरी विद्यालयको अचल सम्पत्ति (फर्निचर) को

---

[७२१] संविधान सभा सदस्य निर्वाचन प्रतवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६ को पेज नं.२७५

क्षति पुऱ्याएकोमा आयोगले उक्त विद्यालयलाई सो क्षतिपूर्ति वापत जिल्ला निर्वाचन कार्यालय मार्फत रू. २४,४००/- उपलब्ध गराएको थियो ।

(ख) जिल्ला निर्वाचन कार्यालय अर्घाखाँचीको सिफारिसमा सो जिल्लाको निर्वाचन क्षेत्र नं. १ अन्तर्गतको बलकोट प्रा.वि. (क) र (ख) मतदान केन्द्रहरूमा मतदानको दिन मतदान केन्द्रमा अपरिचित व्यक्तिहरूको समूह आई तोडफोड र आगजनी समेत गरी क्षति पुऱ्याएकोमा आयोगले उक्त विद्यालयलाई सो क्षतिपूर्ति वापत जिल्ला निर्वाचन कार्यालय मार्फत रू.४९,९००।- उपलब्ध गराएको थियो ।

### ८.३५.३ अन्य क्षति वापत क्षतिपूर्ति

निर्वाचनको समयमा निर्वाचन अधिकृतको कार्यालय, महोत्तरीको प्रयोगमा रहेको महोत्तरी जिल्ला अदालतको टाटा सुमो गाडी आगलागी भई क्षति भएकोले सोको क्षतिपूर्ति स्वरूप आयोगले डबल क्याव पिक अप गाडी हस्तान्तरण गरेको थियो । यसै गरी रामेछाप जिल्ला निर्वाचन क्षेत्र नं.१ मा मतदान सम्पन्न भएपछि मतपेटिका सङ्कलन गरी सदरमुकाम ल्याउन भाडाका लिइएको गाडीको टायर काटी अज्ञात व्यक्तिद्वारा क्षति पुऱ्याई काम नलाग्ने बनाएकोले सोको क्षतिपूर्ति बापत गाडी धनीलाई रु.१९,१५०।०० उपलब्ध गराइएको थियो ।

## ८.३६ संविधान सभा सदस्य उपनिर्वाचन

### ८.३६.१ रिक्त हुन आएका निर्वाचन क्षेत्र

संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा एकै उम्मेदवारले बढीमा दुईवटा निर्वाचन क्षेत्रका लागि उम्मेदवारी दिन पाउने र यसरी दुई निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिने व्यक्ति दुवै निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र कुनै एक निर्वाचन क्षेत्रको सदस्यता कायम राखी अर्को क्षेत्रबाट राजीनामा दिनुपर्ने कानुनी व्यवस्था थियो । यो निर्वाचनमा विभिन्न ५ जना उम्मेदवार दुईवटा निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए । एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित देहायका सदस्यले आफू निर्वाचित भएको निर्वाचन क्षेत्रहरू मध्ये एउटा निर्वाचन क्षेत्रको सदस्यता कायम राखी अर्को निर्वाचन क्षेत्रको सदस्य पदबाट संविधान सभाका अध्यक्ष समक्ष राजीनामा दिएपछि र धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट निर्वाचित डा. रामवरण यादव राष्ट्रपति पदमा निर्वाचित भएपछि उक्त स्थानहरूको पूर्तिका लागि विभिन्न ६ वटा निर्वाचन

क्षेत्रमा उपनिर्वाचन गर्नुपर्ने भएको थियो । यस सम्बन्धी विवरण अनुसूची ४१ मा दिइएको छ ।

### ८.३६.२ उपनिर्वाचनको मिति घोषणा

संविधान सभाका उल्लिखित रिक्तस्थानको पूर्तिका लागि उपनिर्वाचनको मिति तोक्न २०६५/७/१ मा आयोगले नेपाल सरकारलाई अनुरोध गरेको थियो । उपनिर्वाचनको मिति तोक्न आयोगले आग्रह गरेको ३ महिनापछि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५ माघ २ को निर्णयानुसार रिक्त सदस्य पदको उपनिर्वाचन २०६५ चैत २८ गते शुक्रवारका दिन हुने गरी मिति तोकिएको थियो ।

नेपाल सरकारबाट उपनिर्वाचनको मिति घोषणाको जानकारी प्राप्त भएलगत्तै आयोगले निर्वाचनको तयारीलाई तीव्रता दिनुको साथै संविधान सभा सदस्यको उपनिर्वाचन हुने दिन २०६५ साल चैत्र २८ गते बिहान ८:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान हुने गरी मतदानको मिति र समय तोकेको थियो ।

### ८.३६.३ मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम

संविधान सभा सदस्य निर्वाचनका लागि २०६३ साल मङ्सिर मसान्तसम्ममा १८ वर्ष उमेर पुगेका मतदाताहरूलाई मतदान गर्ने अधिकार रहेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ मा छैठौं संशोधन भै संविधान सभाका निर्वाचित सदस्यको स्थान कुनै कारणले रिक्त भएमा निर्वाचन गरिने सालभन्दा तत्काल अघिल्लो सालको चैत्र मसान्तसम्म १८ वर्ष उमेर भएका प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुने व्यवस्थाका गरिएपछि आयोगले उपनिर्वाचन हुने ६ वटा निर्वाचन क्षेत्रहरूमा २०६४ साल चैत्र मसान्तसम्म अठार वर्ष उमेर पुगेका मतदाताहरूको नामावली सङ्कलन गर्न २०६५।९।२७ देखि २०६५।११।१५ सम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने विशेष कार्यक्रम सञ्चालन गरेको थियो ।

उपनिर्वाचनमा मतदाता नामावली सङ्कलन कार्यमा संलग्न रहने २४९ जना सहायक नामदर्ता अधिकारी र नाम दर्ता अधिकारीका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरू मार्फत दुई दिनको तालिम कार्यक्रम सञ्चालन गरिएको थियो ।

विशेष कार्यक्रममा उपनिर्वाचन हुने ६ वटा निर्वाचन क्षेत्रमा २०६३ सालमा सङ्कलित भएभन्दा कुल ९,०२२ मतदाता थपिएका थिए । तर रोल्पा-२ मा भने

५६३ मतदाता घटेका थिए । उपनिर्वाचन हुने निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या अनुसूची ४२ मा दिइएको छ ।

### ८.३६.४ निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग

संविधान सभा सदस्य निर्वाचन, २०६४ मा काठमाडौं जिल्ला, निर्वाचन क्षेत्र नं. १ मा विद्युतीय मतदान उपकरणको प्रयोग गरेको आयोगले संविधान सभा सदस्यको उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्नेबारे राजनीतिक दलहरूसँग छलफल गरेको थियो । दलहरूबाट सहमति प्राप्त भएपछि उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्ने गरी आयोगले मिति २०६५/३/२५ मा निर्णय गरेको थियो ।

### ८.३६.५ विद्युतीय मतदान एकाइको गठन

उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग सम्बन्धी कार्य योजनाको तयारी, बजेट निर्माण, मतदाता शिक्षा सामग्री तर्जुमा लगायतका विविध कार्यक्रमको कार्यक्रम सञ्चालनका लागि आयोगका सहसचिव उद्धवप्रसाद बास्कोटाको संयोजकत्वमा विभिन्न प्राविधिक र प्रशासनिक जनशक्ति रहेको विद्युतीय मतदान एकाइ गठन गरिएको थियो । एकाइलाई देहायका कार्यक्षेत्र तोकिएको थियो ।[७२२]

(क) निर्वाचन कार्य योजना निर्माण र बजेट निर्माणमा सहयोग पुऱ्याउने,

(ख) निर्वाचन सामग्री व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(ग) मतदाता शिक्षा सामग्री तर्जुमा र सञ्चालन गर्ने गराउने,

(घ) जनशक्ति व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(ङ) निर्देशिका परिमार्जन गर्ने गराउने,

(च) पहिलो र दोस्रो चरणमा उपकरण परीक्षण गर्ने गराउने,

(छ) प्रशिक्षण सञ्चालनमा सहयोग पुऱ्याउने,

(ज) निर्वाचन अधिकृतको कार्यालयमा उपकरण सिलबन्दी गर्ने कार्यमा प्राविधिक सहयोग पुऱ्याउने ,

(झ) मतदानको दिन प्राविधिक सहयोग पुऱ्याउने,

(ञ) मतगणना कार्यमा प्रीविधिक सहयोग पुऱ्याउने ।

---

[७२२] संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, निर्वाचन आयोग, २०६६

## ८.३६.६ राजनीतिक दल सम्बन्धी कार्य

आयोगमा दर्ता कायम रहेका राजनीतिक दल मध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र जनमोर्चा नेपाललाई सम्बन्धित दलहरूकै अनुरोधमा निर्वाचन आयोग ऐन, २०६३ बमोजिम दल दर्ता सूचीबाट खारेज गरी निर्वाचन आयोग ऐन, २०६३ को दफा २२ को उपदफा (१) बमोजिम एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) नामको राजनीतिक दल दर्ता गरी "गोलाकारभित्र हसिया हथौडा" निर्वाचन चिह्न प्रदान गरिएको थियो । यसका अतिरिक्त तराई-मधेश लोकतान्त्रिक पार्टीलाई साविकको जोडा गोरु निर्वाचन चिह्न (परिमार्जन गरिएको) प्रदान गरिएको थियो ।

## ८.३६.७ मतदाता शिक्षा कार्यक्रमको सञ्चालन र अभिमुखीकरण

### ८.३६.७.१ मतदाता शिक्षा

संविधान सभा सदस्य उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्ने गरी आयोगबाट निर्णय भएपछि नै आयोगले मतदाता शिक्षाको कार्यक्रमलाई अगाडि बढाएको थियो । तसर्थ मतदाता शिक्षालाई निर्वाचनको मिति घोषणापूर्व र घोषणापश्चात् गरी दुई चरणमा सञ्चालन गरिएको थियो ।

आयोगले पहिलो चरणमा २०६५ साल भाद्रको अन्तिम हप्तादेखि उपनिर्वाचन हुने जिल्लाका सम्बन्धित निर्वाचन क्षेत्रका मतदातालाई विद्युतीय मतदान उपकरणबाट मतदान गर्ने तरिका बारे पूर्ण जानकारी प्रदान गर्न ९६ टोलीमा १९२ जना मतदाता शिक्षा स्वयम्सेवकलाई ४५ दिनसम्म परिचालन गरेको थियो । मतदाता शिक्षा स्वयम्सेवकका प्रत्येक टोलीले पहाडी जिल्लामा ४००० र तराईका जिल्लामा ५००० मतदाता समक्ष मतदाता शिक्षा पुऱ्याएका थिए । कार्यक्रममा प्रत्येक मतदाताले एक पटक मतदान उपकरण आफ्नै हातले छोएर मतदान गर्ने तरिका बारे थाहा पाउन भनी कार्यक्रमलाई सघन रूपमा सञ्चालन गरिएको थियो । यस सिलसिलामा प्रत्येक निर्वाचन क्षेत्रका १/१ स्थानमा नमुना मतदान कार्य पनि सञ्चालन गरिएको थियो ।

निर्वाचनको मिति घोषणापछि मतदाता शिक्षा प्रदान गर्न माथि उल्लेख गरे बमोजिम १९२ जना र मतदान गर्न आउन आयोगले गरेको अनुरोध पत्र वितरण गर्न ९६ जना गरी २८८ जना स्वयम्सेवकहरू २०६५ चैत्र ६ गतेदेखि २० दिनका लागि परिचालन गरिएका थिए ।

### ८.३६.७.२ अभिमुखीकरण

उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग राजनीतिक दलगायतका सरोकारवालाका लागि नयाँ विषय थियो । तसर्थ उपनिर्वाचन हुने जिल्लाका जिल्ला निर्वाचन कार्यालय मार्फत जिल्ला स्तरमा रहेका राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी, सुरक्षा निकाय, गैर सरकारी संस्थाका प्रतिनिधिका लागि विद्युतीय मतदान उपकरणको प्रयोग एवम् समग्र निर्वाचन व्यवस्थापन सम्बन्धमा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । साथै यसै विषयमा आमसञ्चारकर्मीहरूका लागि आधा दिनको जानकारीमूलक कार्यक्रम समेत सञ्चालन गरिएको थियो ।

### ८.३६.८ मतदाता शिक्षा सामग्री

मतदातालाई विद्युतीय मतदान उपकरण र यसबाट मतदान गर्ने तरिका बारे जानकारी दिन मतदान उपकरण र मतदान प्रक्रिया सम्बन्धी जानकारी दिने पोस्टर, मतदान केन्द्रको ढाँचाको पोस्टर, विद्युतीय मतदानका सम्बन्धमा बरोबर सोधिने प्रश्न र सोको उत्तर (FAQ), विद्युतीय मतदान उपकरण सम्बन्धी सामान्य जानकारी उल्लेख गरिएका पर्चाहरू छपाइ र वितरण गरिएको थियो । यी सामग्री मध्ये विद्युतीय मतदान उपकरण सम्बन्धी सामान्य जानकारी उल्लेख गरिएका पर्चा मैथिली, गुरुङ, खाम मगर, पूर्वीया थारु र डोटयाली भाषामा समेत छपाइ गरी ती भाषा बोल्ने मतदाताको बाहुल्यता रहेका क्षेत्रमा वितरण गरिएको थियो । मतदाता शिक्षाको सिलसिलामा दोहोरी गीत, लघु नाटक जस्ता कार्यक्रम समेत सञ्चालन गरिएको थियो ।

### ८.३६.९ निर्वाचन आचार संहिता

२०६४ साल चैत्र २८ गते सम्पन्न संविधान सभा सदस्य निर्वाचनका लागि जारी आचार संहिता दुवै निर्वाचन प्रणालीको निर्वाचनका लागि र सम्पूर्ण मूलुकभर लागू हुने गरी जारी भएको थियो । उक्त आचार संहिताले गरेका विभिन्न व्यवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि उपनिर्वाचन हुने निर्वाचन क्षेत्रभर मात्र लागू हुने गरी आयोगको मिति २०६५/१०/२७ को निर्णयानुसार आचार संहिता जारी गरिएको थियो । यो आचार संहिता देहायका निकायका लागि देहायका मितिदेखि लागू हुने गरी जारी गरिएको थियो ।

(क) नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था र स्थानीय निकायका हकमा मिति २०६५ साल फागुन १ गतेदेखि,

(ख) राजनीतिक दल र उम्मेदवारको हकमा निर्वाचनको मनोनयन पत्र दर्ता हुने मिति अर्थात् २०६५ चैत्र १ गते देखि, र

(ग) गैर सरकारी तथा निजी सञ्चार माध्यमहरूलाई उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरेको मिति २०६५/१२/६ देखि ।

साथै, आयोगले मिति २०६५।१२।९ मा उपनिर्वाचन सम्पन्न नभएसम्म उपनिर्वाचन हुने निर्वाचन क्षेत्रहरूमा संविधान सभाका अध्यक्ष, उपाध्यक्ष, नेपाल सरकारका मन्त्रीहरू तथा सरकारी सुविधा पाउने गरी राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूले पदीय हैसियतले निर्वाचन प्रचार-प्रसारमा संलग्न हुन नपाउने गरी आदेश जारी गरेको थियो ।

निर्वाचन प्रचार-प्रसारका क्रममा उम्मेदवारका फोटो सहितको क्यालेन्डर वितरण गरेको, आफ्नो निर्वाचन चिह्न प्रयोग नगरी अन्य दलको निर्वाचन चिह्न प्रयोग गरी प्रचार-प्रसारमा दललाई सघाएको, नेपाल सरकारको मन्त्री चुनावी सभामा सरिक भएको जस्ता विषयमा विभिन्न ६ वटा उजुरीहरू परेकोमा चुनावी सभामा मन्त्रीको सहभागिताका विषयमा स्पष्टीकरण लिइएको र बाँकी ५ वटा विषयमा रु. ५००।०० का दरले जरिवाना गरिएको थियो ।

## ८.३६.१० निर्वाचन अनुगमन र पर्यवेक्षण

### ८.३६.१०.१ निर्वाचन अनुगमन

संविधान सभा सदस्य उपनिर्वाचनको अनुगमन गर्नका लागि आयोगको मिति २०६५/११/२० को निर्णयानुसार नेपाल सरकारका विशिष्ट श्रेणीका ५ जना अधिकृतलाई उपनिर्वाचन हुने जिल्लाहरूमा २०६५ चैत्र १६ गतेदेखि १५ दिनका लागि संविधान सभा सदस्य निर्वाचनका लागि अनुगमनमा खटाउँदा तोकिएकै कार्य जिम्मेवारी तोकी टोली परिचालन गरिएको थियो । यस सम्बन्धी विवरण अनुसूची ४३ मा दिइएको छ ।

### ८.३६.१०.२ निर्वाचन पर्यवेक्षण

संविधान सभा सदस्य निर्वाचनको अनुगमनमा संलग्न रही प्रतिवेदन बुझाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले उपनिर्वाचनको पर्यवेक्षण गर्ने इच्छा जाहेर गरी निवेदन दिएमा पर्यवेक्षण अनुमति दिने गरी आयोगबाट निर्णय भएको थियो । निर्धारित म्यादभित्र तीनवटा राष्ट्रिय संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति ( नियोक), लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डिन) र राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल नेपाल (नेमा) तथा ५ वटा अन्तर्राष्ट्रिय संस्था द कार्टर सेन्टर,

अमेरिकी दूतावास, क्यानेडियन दूतावास, डिन (विदेशी पर्यवेक्षकका लागि) र इन्टरनेशनल क्राइसिस ग्रुपले पर्यवेक्षणका लागि निवेदन दिएका थिए । यस अनुसार राष्ट्रिय संस्थाका ३६ र अन्तर्राष्ट्रिय संस्थाका १८ पर्यवेक्षकलाई केन्द्रबाटै परिचय पत्र वितरण गरिएको थियो भने राष्ट्रिय संस्थाका ६९६ जनालाई जिल्लाबाटै परिचयपत्र जारी गर्न सम्बन्धित जिल्लामा लेखी पठाइएको थियो । पर्यवेक्षणका लागि स्वीकृति प्राप्त संस्थाका पर्यवेक्षकका लागि आवश्यक जानकारी दिन एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ८.३६.१०.३ सञ्चार माध्यम अनुगमन

उपनिर्वाचनमा आमसञ्चारका माध्यमले निर्वाचन आचार संहिता पालना गरे नगरेको अनुगमन गर्ने जिम्मा विगतमा झैं यस पटक पनि प्रेस काउन्सिललाई नै दिइएको थियो । गैर सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यमहरूलाई उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरेको मिति २०६५/१२/६ देखि आचार संहिता लागू हुने गरी अयोगबाट निर्णय भएकोले उक्त मितिदेखि निर्वाचन सम्पन्न नहुञ्जेल काउन्सिलले श्रव्य, दृश्य र छपाइ सम्बन्धी सञ्चार माध्यमहरूको अनुगमन गरेको थियो ।

मिडिया अनुगमनका लागि काउन्सिलले केन्द्र र निर्वाचन हुने विभिन्न जिल्लामा गरेर अनुगमनकर्ता समेत गरी ३८ जना जनशक्ति परिचालन गरेको थियो । यो अवधिमा विभिन्न २४ वटा विद्युतीय र छापा माध्यमले आचार संहिता विपरीत हुने गरी समाचार सामग्री प्रसारण, प्रकाशन गरेको भनी २५ वटा उजुरी परेकोमा २१ वटा सञ्चार माध्यमलाई सजग गराइएको, ३ वटालाई स्पष्टीकरण सोधिएको थियो । यी मध्ये एउटा सञ्चार माध्यमलाई सजग गराउनुका साथै र स्पष्टीकरण समेत सोधिएको थियो ।

## ८.३६.११ सामग्री व्यवस्थापन र ढुवानी

### ८.३६.११.१ निर्देशिका परिमार्जन

उपनिर्वाचनको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक संविधान सभा उपनिर्वाचन मतदान अधिकृत (विद्युतीय मतदान) निर्देशिका, २०६५, संविधान सभा उपनिर्वाचन (विद्युतीय मतदान) निर्देशिका, २०६५, विद्युतीय मतदान प्रयोग निर्देशिका, २०६५, आर्थिक निर्देशिका, २०६५, निर्वाचन आचार संहिता निर्देशिका, २०६४ परिमार्जन गरिएको थियो ।

### ८.३६.११.२ विद्युतीय मतदान उपकरण प्राप्ति

संविधान सभा सदस्य निर्वाचन र उपनिर्वाचनका लागि आवश्यक विद्युतीय मतदान उपकरण र सोको बेट्री भारत सरकारबाट सहयोगस्वरूप प्राप्त भएको थियो । २०६४ साल चैत्र २८ मा सम्पन्न संविधान सभा सदस्य निर्वाचनका लागि २०० थान नियन्त्रण एकाई, ८०० थान मतदान एकाई र २०० थान बेट्री प्राप्त भएकोमा उपनिर्वाचनका लागि थप ८७० थान नियन्त्रण एकाई, ४७० थान मतदान एकाइ र १२१२ थान बेट्री प्राप्त भएको थियो । दुवै निर्वाचनमा गरी कुल १०७० थान नियन्त्रण एकाइ १२७० थान मतदान एकाइ र नियन्त्रण एकाइ र १४१२ थान बेट्री प्राप्त भएका थिए । ती सामग्रीको पहिलो चरणको भौतिक परीक्षण आयोगमै सम्पन्न गरी उपनिर्वाचन हुने जिल्लाहरूमा पठाइएको थियो ।

### ८.३६.११.३ जगेडामा रहेका सामग्रीको प्रयोग र स्थानीय तहमा खरिद

संविधान सभा सदस्य उपनिर्वाचनका लागि मुख्यतः संविधान सभा सदस्य निर्वाचनका लागि व्यवस्थापन गर्दा जगेडामा रहेका सामग्री नै प्रयोगमा ल्याइएको थियो । मौज्दातमा रहेका मध्ये नउड्ने मसीको प्रयोग म्याद समाप्त भएकोले २००० थान नमेटिने मसीको मार्कर भारतबाट खरिद गरिएको थियो । स्थानीय तहमा उपलब्ध हुनसक्ने खालका रजिष्टर, धागो, छेकाबारा, रेकर्ड फाईल, औषधि, आदि सामग्री स्थानीय तहबाटै खरिद गर्ने व्यवस्था मिलाइएको थियो ।

### ८.३६.११.४ मतदान सामग्री छपाइ

विद्युतीय मतदान उपकरणको सिलबन्दीका लागि आवश्यक पर्ने ट्याग, सिलहरू, मतदाता शिक्षा सामग्रीसँग सम्बन्धित पोस्टर, अनुसूची फाराम, विभिन्न किसिमका परिचयपत्र, मतदातालाई मतदानका लागि आउन अनुरोध गरिएको अनुरोध पत्र केन्द्रबाटै छपाइ गरी उपलब्ध गराइएको थियो ।

### ८.३६.११.५ मतपत्र छपाइ

विद्युतीय मतदान उपकरणको लागि आवश्यक पर्ने मतपत्र र निविदा मतपत्र आयोगको मिति २०६५/१२/७ को निर्णयानुसार छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो । यी मतपत्र जनक शिक्षा सामग्री केन्द्र लि.को छापाखानामा छपाइ गरिएको थियो ।

### ८.३६.११.६ सामग्री ढुवानी

उपनिर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री सतह मार्ग र हवाई मार्गबाट ढुवानी गरिएको थियो । मतपत्र, विद्युतीय मतदान उपकरण जस्ता संवेदनशील सामग्री उपनिर्वाचन हुने जिल्लामा पुऱ्याउन सतह मार्गबाट पठाउन शान्ति सुरक्षाको प्रतिकूल अवस्थाका कारण नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरी ढुवानी गरिएको थियो ।

### ८.३६.१२ निर्वाचन अधिकृतको नियुक्ति, तालिम र कार्यालय सञ्चालन

निर्वाचनका लागि न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्त गर्न संविधान र कानुनले निर्दिष्ट गरेका प्रक्रिया पूरा गरी न्यायपरिषद्को सहमति सहित कानुन, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयलबाट नामावली प्राप्त गरी आयोगको ०६५/११/२ को निर्णयानुसार ०६५/११/२३ देखि लागू हुने गरी न्यायाधीशहरूलाई मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो । यस सम्बन्धी विवरण अनुसूची ४४ मा दिइएको छ ।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतहरूका लागि निर्वाचन सञ्चालन र व्यवस्थापन तथा विद्युतीय मतदान उपकरणको तयारी र प्रयोग सम्बन्धी विषयमा सैद्धान्तिक र व्यावहारिक ज्ञानका लागि केन्द्रमा दुई दिनको प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय २०६५ फाल्गुन २८ गते सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय रहेको भवनमा स्थापना भएका थिए । तर केही जिल्लामा स्थानाभावले गर्दा जिल्ला अदालतकै भवन पनि प्रयोग गरिएको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूलाई उपकरणको तयारी र सिलबन्दी, मतदान तथा मतगणना कर्मचारीको तालिम सञ्चालन, मतदानको दिन र मतगणना कार्यमा प्राविधिक सहयोग पुऱ्याउन प्रत्येक निर्वाचन क्षेत्रमा २ जना यस सम्बन्धी विषयका जानकार कर्मचारीहरूलाई केन्द्रबाटै खटाइएको थियो । यी कर्मचारीले आफू खटिएको जिल्लामा गई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेका थिए । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयहरू उपनिर्वाचन सम्पन्न भएको मितिले १६ औं दिनपछि बन्द गरिएका थिए ।

### ८.३६.१३ निर्वाचन कार्यक्रम

संवत् २०६५ चैत २८ गते शुक्रवार सम्पन्न संविधान सभा सदस्य उपनिर्वाचनको लागि आयोगले मिति २०६५।१०।२६ मा देहाय बमोजिम निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो । निर्वाचन कार्यक्रम अनुसूची ४५ मा दिइएको छ ।

### ८.३६.१४ उम्मेदवारी

उपनिर्वाचन हुने ६ क्षेत्रमा जम्मा १४९ जना उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका थिए । मनोनयनपत्र दर्ता गराएका मध्ये १० जनाले उम्मेदवारी फिर्ता लिएपछि कुल १३९ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए । उम्मेदवार मध्ये महिला उम्मेदवारको सङ्ख्या १० रहेको थियो । उम्मेदवारीको विवरण अनुसूची ४६ मा दिइएको छ ।

### ८.३६.१५ मतदान केन्द्र

आयोगको मिति २०६५/११/५ को निर्णयानुसार उपनिर्वाचनका लागि मतदान केन्द्र तोक्दा संविधान सभा सदस्य निर्वाचन, २०६४ का लागि तोकिएका मतदान केन्द्रहरूलाई नै तोकिएको थियो । यस अनुसार मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं.५ र ७ मा क्रमश: ७० र ७५, धनुषाको निर्वाचन क्षेत्र नं. ५ मा ७६, कास्कीको निर्वाचन क्षेत्र नं.१ मा १०४, रोल्पाको निर्वाचन क्षेत्र नं. २ मा ९३ र कञ्चनपुरको निर्वाचन क्षेत्र नं.४ मा ७२ गरी उपनिर्वाचनका क्रममा कुल ४९० मतदान केन्द्र रहेका थिए ।

### ८.३६.१६ जनशक्ति व्यवस्थापन, तालिम

उपनिर्वाचनमा प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत १ जना, सहायक मतदान अधिकृत १ जना, सहायक कर्मचारी १ जना, कार्यालय सहयोगी १ जना र स्वयम्सेवक ३ जना (५०० भन्दा कम मतदाता रहेको मतदान केन्द्रमा भने १ जना मात्र) गरी जम्मा ८ जना जनशक्ति खटाइने व्यवस्था गरिएको थियो । उपनिर्वाचनमा मतदान अधिकृत ४९० जना, सहायक मतदान अधिकृत ४९० जना, सहायक कर्मचारी ९८० जना, कार्यालय सहयोगी ४९० जना र स्वयम्सेवक १४७० गरी कुल ३९२० जनशक्ति परिचालन गरिएको थियो । स्वयम्सेवकहरू संविधान सभा सदस्य निर्वाचन, २०६४ मा जस्तै स्थानीय तहमा नियुक्त गरी परिचालन गरिएको थियो ।

मतदान कार्यमा संलग्न रहने मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी ९८० जना कर्मचारीलाई विद्युतीय मतदान उपकरणको सञ्चालन, मतदान

प्रक्रियाको सञ्चालन र मतगणना सम्बन्धमा दुई दिनको प्रशिक्षण उपलब्ध गराइएको थियो ।

## ८.३६.१७ मतदान र मतगणना

### ८.३६.१७.१ मतदानका लागि नागरिकताको प्रमाणपत्रको अनिवार्यता

उपनिर्वाचनमा मतदान गर्न आउने मतदाताले अनिवार्य रूपमा नेपाली नागरिकताको प्रमाणपत्र लिई आउनुपर्ने गरी आयोगले मिति २०६५/१०/२७ मा आदेश जारी गरेको थियो । यो आदेशको कारण मतदाता नामावलीमा नाम भएकै कारण मतदान गर्न पाउने व्यवस्थाको अन्त्य भई मतदाता नामावलीमा नाम भई नेपाली नागरिकता प्रमाणपत्र भएका मतदाताले मात्र मतदान गर्न पाउने नयाँ व्यवस्थाको सुरुआत भएको थियो । स्वच्छ मतदानका लागि आयोगले गरेको यो व्यवस्थालाई सबै राजनीतिक दल तथा सरोकारवाला समेतले प्रशंसा गरेका थिए ।

### ८.३६.१७.२ मतदान

निर्धारित कार्यक्रम अनुसार २०६५ चैत्र २८ गते बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान कार्य सम्पन्न भएको थियो । मतदानका क्रममा कास्की जिल्लामा उपकरणमा राखिएको बेट्रीमा प्राविधिक खराबी आई मतदान सुचारू गर्न केही समस्या भएको थियो । तर आयोगबाट हेलिकोप्टर समेतको प्रयोग गरी तत्काल उपकरण र बेट्रीको व्यवस्थापन गरी मतदान सुचारू गरिएको थियो । उपनिर्वाचनमा ५०.६४ प्रतिशत मतदाताले मतदान गरेका थिए ।

### ८.३६.१७.३ मतगणना

सम्बन्धित क्षेत्रका सबै मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयमा मतदान उपकरणहरू प्राप्त भएपछि मतगणना कार्य प्रारम्भ भएको थियो । सबैभन्दा पहिला कञ्चनपुर जिल्ला निर्वाचन क्षेत्र नं.४ को मत परिणाम घोषणा भएको थियो । सबैभन्दा ढिलो रोल्पा जिल्ला निर्वाचन क्षेत्र नं.२ को परिणाम घोषणा भएको थियो ।

मतगणनाबाट प्राप्त निर्वाचन परिणाम अनुसार उपनिर्वाचनमा निर्वाचित संविधान सभा सदस्यको नामावली आयोगको २०६५।१२।३१ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संविधान सभा सचिवालयलाई पठाइएको थियो ।

### ८.३६.१८ निर्वाचित सदस्यको नामावली

उपनिर्वाचनमा निर्वाचित सदस्यहरूको नामावली अनुसूची ४७ मा दिइएको छ ।

### ८.३६.१९ सुरक्षा व्यवस्था

उपनिर्वाचनमा सुरक्षा व्यवस्थाका लागि आयोगमा विभिन्न चरणमा सुरक्षा प्रमुखहरू समेतको बैठक बसी सुरक्षा कार्य योजना तयार गरिएको थियो । निर्वाचनका बेला निर्वाचन सामग्री, निर्वाचन कार्यमा संलग्न हुने कर्मचारी, मतदाता, उम्मेदवार, मतदान केन्द्र तथा मत गणनास्थलको विशेष सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायहरूलाई विशेष निर्देशन दिइएको थियो ।

उपनिर्वाचनको सुरक्षा व्यवस्थापनका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलवाट सुरक्षा कार्ययोजना तयार गरी आवश्यक सुरक्षा व्यवस्था मिलाइएको थियो । यस सिलसिलामा नेपाल प्रहरी अन्तर्गत केन्द्र, क्षेत्र, जिल्ला तहमा निर्वाचन सेल, रिजर्ब फोर्स, स्ट्राइकिङ फोर्स, मोबाइल टोली, कमान्ड पोस्ट, मतदान केन्द्रमा खटिने सुरक्षाकर्मी, उम्मेदवारको सुरक्षा समेतको लागि आवश्यक व्यवस्था मिलाइएको थियो भने सशस्त्र प्रहरी बल अन्तर्गत निर्वाचन सेल, सदरमुकाममा सुरक्षा बेस, मोबाइल टोली, रिजर्भ टोली, सुरक्षा बेस क्याम्प स्थापना गरी कार्यान्वयनमा ल्याइएको थियो ।

### ८.३६.२० संयुक्त निर्वाचन सञ्चालन केन्द्रको सञ्चालन

उपनिर्वाचनको सञ्चालन सम्बन्धी कार्यमा आवश्यक समन्वयका लागि संविधान सभा सदस्य निर्वाचनको बेलामा जस्तै एक जना उपसचिवको नेतृत्वमा आयोगको समन्वय एकाइमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रको स्थापना गरी सञ्चालन गरिएको थियो । यो केन्द्र २०६५/१२/२३ देखि निर्वाचन परिणामको घोषणा नभएसम्म सञ्चालन गरिएको थियो । केन्द्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी वलको सञ्चार सेट सहितको टोली, राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि तथा निर्वाचन आयोगका कर्मचारीहरू खटिएका थिए । निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अरू विभिन्न सरोकारवाला निकाय बिच सूचना तथा जानकारीको आदान प्रदान यही केन्द्र मार्फत हुने व्यवस्था मिलाइएको थियो । केन्द्रमा कार्यरत जनशक्तिलाई दिउँसो र राति गरी दुई समूहमा ड्यूटी विभाजन गरी काममा खटाइएको थियो ।

### ८.३६.२१ स्रोत परिचालन

उपनिर्वाचनका लागि नेपाल सरकारबाट विनियोजित बजेट  मध्ये ३० करोड ८ लाख बजेट निकासा प्राप्त भएको थियो । यसैगरी शान्ति कोषबाट तालिम कार्यक्रमको लागि ५४ लाख ७१ हजार ८४०, मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि ७६ लाख २६ हजार ९०० र मतदान केन्द्रमा कर्मचारी परिचालन र मतदान केन्द्रको खर्चका लागि २ करोड ५८ लाख ८ हजार निकासा प्राप्त भएको थियो । यसरी नेपाल सरकार र शान्ति कोषबाट प्राप्त भएको  समेत कुल ३३ करोड ९७ लाख ०६ हजार ७४० श्रोत परिचालन भएको थियो । उपनिर्वाचनका लागि भारत सरकारबाट विद्युतीय मतदान उपकरण र सोमा लाग्ने बेट्री बापत कुल रु ६३ लाख ९६ हजार ४५१।२० बराबरको वैदेशिक सहयोग प्राप्त भएको थियो ।

***

परिच्छेद नौ

# अर्को संविधान सभा सदस्य निर्वाचन

(वि.सं. २०७०)

परिच्छेद नौ

# अर्को संविधान सभा सदस्य निर्वाचन

(वि.सं. २०७०)

## ९.१ पृष्ठभूमि

नेपालको अन्तरिम संविधान,२०६३ ले संविधान सभाको गठन सम्बन्धमा गरेको व्यवस्था अनुरूप दुई वर्षभित्र संविधान जारी गर्ने जनादेश सहित संविधान सभाको गठन भएको थियो । संविधानका अन्तर्वस्तुमा राजनीतिक दलहरूबीच सहमति हुन नसक्दा उक्त अवधिभित्र संविधान लेखन कार्यले पूर्णता पाउन सकेन । संविधान सभाको म्याद पटक पटक थपियो । सर्वोच्च अदालतको मिति २०६८ साल मङ्सिर ९ गतेको फैसला अनुसार २०६९ साल जेठ १४ गतेपछि संविधान सभाको म्याद थप हुन नसक्ने अवस्था सिर्जना भई सोही दिन संविधान सभाको कार्यकाल समाप्त भयो । संविधान लेखनको कार्य अधुरै रह्यो ।

संविधान सभाको कार्यकाल समाप्तिसँगै २०६९ साल जेठ १४ गते नै नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले सोही वर्षको मङ्सिर ७ गते अर्को संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति घोषणा गरिएको थियो । तर राजनीतिक दलहरूबिच सहमति हुन नसकेका कारण उक्त मितिमा निर्वाचन सम्पन्न हुन सकेन। अन्ततः राजनीतिक दलहरूको सहमतिमा संविधान सभा सदस्य निर्वाचन सम्पन्न गराउने मुख्य जिम्मेवारी सहित २०६९ साल चैत्र १ गते बहालवाला प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा नयाँ सरकार गठन भयो ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७० साल जेठ ३० गतेको निर्णयानुसार वि.सं. २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभा सदस्यको निर्वाचन गर्ने गरी निर्वाचन मिति घोषणा भयो। व्यवस्थापिका संसद् अस्तित्वमा नरहेका कारण अर्को संविधान सभा सदस्यको निर्वाचन सम्पन्न गर्न संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० लगायत अन्य आवश्यक ऐन अध्यादेश मार्फत जारी गरियो । ऐनको उपलब्धतापछि आयोगले निर्वाचन व्यवस्थापनका लागि आवश्यक विभिन्न नियमावली, निर्देशिका, कार्यविधि तथा आचार संहिता तर्जुमा गरी जारी गरेको थियो ।

२०७० साल मङ्सिर ४ गते अर्को संविधान सभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो। उक्त निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दुईवटा निर्वाचन क्षेत्रबाट निर्वाचित सदस्यहरूले प्रचलित कानुन बमोजिम आफूले विजय प्राप्त गरेका मध्ये एक निर्वाचन क्षेत्रबाट राजीनामा गरेपछि रिक्त हुन आएका काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. २, चितवन जिल्ला निर्वाचन क्षेत्र नं. ४, बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं.

१ र कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६ गरी ४ स्थानमा २०७१ साल असार उपनिर्वाचन सम्पन्न गरिएको थियो । यस अतिरिक्त अर्को संविधान सभा सदस्य निर्वाचनमा बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सभासद् हरिबहादुर खड्काको सवारी दूर्घटनामा परी असामयिक निधन भई रिक्त हुन आएको संविधान सभा सदस्यको पदपूर्तिका लागि मिति २०७१ साल चैत्र २८ गते उपनिर्वाचन सम्पन्न भएको थियो ।

## ९.२ निर्वाचन आयुक्तको नियुक्ति र कार्य विभाजन

अर्को संविधान सभा सदस्यको निर्वाचन गर्ने जिम्मेवारी सहित नयाँ सरकार गठन हुँदा निर्वाचन आयोग रिक्त थियो । निर्वाचनको कामलाई अगाडि बढाउन सर्वप्रथम आयोगले पूर्णता पाउन आवश्यक थियो । यही सन्दर्भमा वि.सं. २०६९ साल चैत्र ११ गते नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा सम्माननीय राष्ट्रपतिबाट नीलकण्ठ उप्रेतीलाई प्रमुख निर्वाचन आयुक्तमा र दोलखबहादुर गुरुङ, डा. अयोधीप्रसाद यादव, डा. रामभक्त पी.बी.ठाकुर एवम् इला शर्मालाई निर्वाचन आयुक्तमा नियुक्त गरी निर्वाचन आयोगलाई पूर्णता दिइयो ।

### ९.२.१ कार्य विभाजन

निर्वाचनको कामलाई व्यवस्थित गरी छिटो छरितो रूपमा सम्पन्न गर्न आयोगले आफूले गर्नुपर्ने कामहरूलाई प्रमुख आयुक्त र अन्य आयुक्तहरू बिच बाँडफाँट गरी गर्ने प्रचलन आयोगमा रहँदै आएको छ । यसै अनुरूप अर्को संविधान सभा सदस्य निर्वाचनका क्रममा पनि आयोगले प्रमुख निर्वाचन आयुक्त तथा अन्य आयुक्तबिच देहाय बमोजिम कार्य विभाजन गरी आफ्नो कामलाई व्यवस्थित गरेको थियो ।

१. **नीलकण्ठ उप्रेती, प्रमुख निर्वाचन आयुक्त**

(क) प्रशासन तथा जनशक्ति

(ख) प्रविधि

(ग) जनसम्पर्क, समन्वय एवं अनुगमन, तथा

(घ) प्रेस एवं सञ्चार व्यवस्थापन ।

२. **दोलखबहादुर गुरुङ, निर्वाचन आयुक्त**

(क) राजनीतिक दल

(ख) सामग्री व्यवस्थापन

(ग) निर्वाचन सुरक्षा

(घ) नियमावली तथा निर्देशिका

(ङ) मतदाता शिक्षा

**३. डा. अयोधीप्रसाद यादव, निर्वाचन आयुक्त**

(क) निर्वाचन आचार संहिता

(ख) निर्वाचन विवाद निरूपण

(ग) मतदाता नामावली तथा परिचयपत्र

(घ) आर्थिक व्यवस्था

(ङ) मतपत्र र नउड्ने मसीको व्यवस्थापन

**४. डा. राभभक्त पी.वी.ठाकुर, निर्वाचन आयुक्त**

(क) वैदेशिक सम्बन्ध तथा सहयोग

(ख) शिक्षण/प्रशिक्षण तथा तालिम

(ग) प्रशिक्षण सामग्री

(घ) निर्वाचन पर्यवेक्षण

**५. इला शर्मा, निर्वाचन आयुक्त**

(क) मिडिया सेन्टर व्यवस्थापन र अनुगमन

(ख) योजना

(ग) निर्वाचन कार्यक्रम

(घ) निर्वाचन कानुन

### ९.२.२ विषय समिति

संविधान सभा सदस्य निर्वाचनलाई केन्द्रित गरेर आयोगले सम्पन्न गर्नुपर्ने निर्वाचनसँग सम्बन्धित कार्यहरूको सम्पादनमा विषयगत परामर्शका लागि विभिन्न विषयगत समितिहरू गठन गरेको थियो। यी समितिमा विभिन्न मन्त्रालय, निकायका उच्च अधिकारीहरूलाई समेत समावेश गरिएको थियो। गठित समिति तथा समितिका संयोजकहरूको विवरण अनुसूची ४८ मा दिइएको छ।

### ९.२.३ सांगठनिक संरचना

निर्वाचन आयोग ऐन, २०६३ को दफा ३ ले व्यवस्था गरे बमोजिम आयोगले सम्पादन गर्नुपर्ने कामका लागि केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ। सचिवालयमा विभिन्न ५ महाशाखा र १२ वटा शाखा रहेका छन् । संविधान सभा सदस्य निर्वाचनका समयमा प्रशासन, निर्वाचन व्यवस्थापन, कानुन तथा राजनीतिक दलसम्बन्ध र सूचना प्रविधि व्यवस्थापन महाशाखा गरी चारवटा महाशाखा र विभिन्न ११ वटा शाखा थिए । त्यसै गरी आयोगले आफूले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार स्थानीय स्तरमा कार्यालयहरू स्थापना गर्न सक्ने व्यवस्था अनुरूप ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालय र मोरङ, काठमाडौं, कास्की,बाँके र कैलालीमा क्षेत्रीय निर्वाचन कार्यालय सञ्चालनमा रहेका छन् । जिल्ला निर्वाचन कार्यालय र क्षेत्रीय निर्वाचन कार्यालय क्रमशः प्रशासन सेवाका रा.प. तृतीय श्रेणी र द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा सञ्चालित छन् ।

### ९.२.४ आयोगमा कार्यरत जनशक्ति

संविधान सभा सदस्य निर्वाचनका समयमा आयोगको केन्द्रीय सचिवालयमा निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव कार्यकारी प्रमुख रहने गरी कुल १४७ जनाको स्वीकृत दरबन्दीका अतिरिक्त नेपाल सरकार गृह मन्त्रालयबाट आवश्यकता अनुसार सालवसाली रूपमा स्वीकृत हुने अस्थायी दरबन्दीतर्फ विभिन्न २२ पदको अस्थायी दरबन्दी स्वीकृत भई कुल १६९ जनाको दरबन्दी रहेको थियो । ७५ निर्वाचन कार्यालयहरूमा कुल ५६६ (पाँचसय छैसठ्ठी) जना कर्मचारीको दरबन्दी रहेको थियो । हाल आयोगको केन्द्रीय सचिवालयमा विभिन्न तहका १६४ तथा जिल्ला र क्षेत्रीय निर्वाचन कार्यालयमा ५६९ गरी कूल ७३३ कर्मचारी दरवन्दी कायम रहेको छ ।

### ९.२.५ एकाई गठन

संविधान सभा सदस्य निर्वाचनका समयमा आयोगमा तत्काल कायम रहेका महाशाखा र शाखाको कार्य विवरणमा उल्लेख नभएका तर निर्वाचनको समयमा मात्र गर्नुपर्ने थप कार्यको लागि आयोगले कार्य प्रकृति अनुसार कार्य गर्न देहायका १६ वटा एकाई स्थापना गरी कार्य सञ्चालन गरेको थियो । यस किसिमको व्यवस्थाले निर्वाचन कार्यलाई सरल, व्यवस्थित र जिम्मेवारीयुक्त बनाएको थियो ।

(क) समग्र अनुगमन एकाई

(ख) पर्यवेक्षण एकाई

(ग) संयुक्त निर्वाचन सञ्चालन केन्द्र/एकाई

(घ) समानुपातिक निर्वाचन एकाई

(ङ) आचरसंहिता कार्यान्वयन तथा उजुरी व्यवस्थापन एकाई

(च) मतदाता शिक्षा एकाई

(छ) निर्वाचन जनशक्ति व्यवस्थापन एकाई

(ज) मतदाता नामावली एकाई

(झ) मतदाता परिचयपत्र व्यवस्थापन एकाई

(ञ) मिडिया सेन्टर व्यवस्थापन एकाई

(ट) निर्वाचन सामग्री व्यवस्थापन एकाई

(ठ) तालिम सञ्चालन तथा व्यवस्थापन एकाई

(ड) मतपत्र व्यवस्थापन (डिजाइन) एकाई

(ढ) मिडिया अनुगमन एकाई

(ण) निर्वाचन सूचना प्रणाली तथा सूचना प्रविधि व्यवस्थापन एकाई

(त) वैदेशिक सम्बन्ध एकाई

यसरी स्थापना गरिएका एकाईहरूमा आयोग र अन्यत्र निकायहरूबाट काजमा ल्याइएका कर्मचारीहरूको सेवा लिइएको थियो। कर्मचारी काजमा ल्याउनुअघि आयोगले सकेसम्म विषयको ज्ञान र कार्य क्षमतालाई प्राथमिकता दिने गरी मापदण्ड निर्धारण गरेको थियो।

## ९.३ कानुन तथा राजनीतिक दल

### ९.३.१ कानुन निर्माण

सम्माननीय राष्ट्रपतिबाट संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० जारी भएपछि आवश्यक विभिन्न नियमावली, निर्देशिका, आदेश, कार्यविधिहरू तथा आचार संहिता लगायतका आवश्यक कानुन निर्माण गरी लागू गरिएको थियो। अर्को संविधान सभा सदस्य निर्वाचनका लागि देहाय बमोजिम नेपालको अन्तरिम संविधान, २०६३ र विभिन्न ऐन, नियमावली र आदेशहरू प्रयोगमा ल्याइएका थिए-

(१) नेपालको अन्तरिम संविधान, २०६३

(२) संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७०

(३) मतदाता नामावली सम्बन्धी ऐन, २०६३

(४) राजनीतिक दल सम्बन्धी ऐन, २०५८

(५) दल त्याग ऐन, २०५४

(६) निर्वाचन आयोग ऐन, २०६३

(७) निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

(८) राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

(९) मतदाता नामावली सम्बन्धी नियमावली, २०६३

(१०) संविधान सभा सदस्य निर्वाचन नियमावली, २०७०

(११) अस्थायी मतदाता नामावली सम्बन्धी नियमावली, २०७०

(१२) संविधान सभा सदस्य निर्वाचन अनुगमन सम्बन्धी आदेश, २०७०

### ९.३.१.१ कानुन तर्जुमा समिति तथा उपसमिति

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न आवश्यक पर्ने विभिन्न ऐन/ अध्यादेश, नियम, आदेश, निर्देशिका, कार्यविधि तथा निर्वाचन आचार संहिताको मसौदा तर्जुमा गर्ने सिलसिलामा राजनीतिक दल, सरोकारवाला तथा सम्बन्धित विषय विज्ञहरूको सुझावका लागि छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझाव समेतलाई समावेश गरी तर्जुमा गरिएको थियो ।

संविधान सभा सदस्य निर्वाचन, २०७० सम्पन्न गर्न आवश्यक पर्ने विभिन्न नियम, आदेश, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न आयोगको मिति २०७०/१/२५ को निर्णय बमोजिम माननीय निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको संयोजकत्वमा नियम, निर्देशिका तथा कार्यविधि मसौदा समिति, माननीय निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा विवाद निरूपण तथा निर्वाचन आचार संहिता तर्जुमा, कार्यान्वयन तथा अनुगमन समिति र माननीय निर्वाचन आयुक्त इला शर्माको संयोजकत्वमा ऐन, कानुन तर्जुमा समिति गठन गरिएका थिए ।

### ९.३.१.२ अध्यादेशको मसौदा तर्जुमा

संविधान सभा सदस्य निर्वाचनको लागि आवश्यक कानुन तर्जुमा गर्न सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रियापश्चात् प्राप्त भएका सुझाव समेत समावेश गरी तयार गरिएको प्रारम्भिक मसौदा माननीय निर्वाचन आयुक्त इला शर्माको संयोजकत्वमा गठित समितिमा पेश भई उक्त समितिको सिफारिश बमोजिम अध्यादेशको प्रारम्भिक मसौदा आयोगबाट स्वीकृति गराई नेपाल सरकार समक्ष पठाइएको थियो :

(क) संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७०

(ख) केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०७०

केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०७० मा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ र निर्वाचन आयोग ऐन, २०६३ मा संशोधन प्रस्ताव गरिएको थियो ।

सम्माननीय राष्ट्रपतिबाट मिति २०७० जेठ ३१ गते प्रमाणीकरण भई संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० सोही दिनदेखि लागू भएको थियो । त्यसै गरी मिति २०७० असार १६ गते प्रमाणीकरण भई मतदाता नामावली सम्बन्धी ऐन, २०६३ र निर्वाचन आयोग ऐन, २०६३ लाई समयानुकूल संशोधन गर्न बनेको “केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०७०” लागू भएको थियो ।

### ९.३.१.३ नियमावली तथा आदेश

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को लागि आवश्यक पर्ने विभिन्न नियमावली संशोधन तथा आदेशको मसौदा तर्जुमा गरी उक्त मसौदा उपर सरोकारवालाहरूको सुझाव एवम् प्रतिक्रियाका लागि छलफल एवम् अन्तरक्रियाको आयोजना गरिएको थियो । अन्तरक्रियाबाट प्राप्त सुझावहरू समेत समावेश गरी अन्तिम मसौदा तयार गरी माननीय निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको संयोजकत्वमा गठित समितिमा पेश भई उक्त समितिको सिफारिश बमोजिम आयोगले विभिन्न नियमावलीहरू तथा आदेश स्वीकृत गरी लागू गरेको थियो । नियमावली तथा आदेशहरूको विवरण अनुसूची ४९ मा दिइएको छ ।

### ९.३.१.४ निर्देशिका तथा कार्यविधि

निर्वाचनलाई स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्नको लागि आवश्यक पर्ने विभिन्न निर्देशिका तथा कार्यविधिको प्रारम्भिक मसौदा तर्जुमा गरी उक्त मसौदा उपर सरोकारवालाहरूको सुझाव एवं प्रतिक्रियाका निम्ति छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।माननीय निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको संयोजकत्वमा गठित समितिमा अन्तरक्रियाबाट प्राप्त सुझावहरू समेत समावेश गरी तयार पारिएको अन्तिम मसौदा पेश भई उक्त समितिको सिफारिश बमोजिम आयोगले विभिन्न निर्देशिका तथा कार्यविधि स्वीकृत गरी जारी गर्‍यो । जारी भएका निर्देशिका तथा कार्यविधिको विवरण अनुसूची ५० मा दिइएको छ ।

### ९.३.१.५ संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७०

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ मा “आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न नेपाल सरकार, सरकारी

तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल, उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरू, सरकारी तथा निजी क्षेत्रका आमसञ्चार माध्यमहरूले पालना गर्नुपर्ने आचार संहिता बनाउन सक्नेछ" भन्ने व्यवस्था रहेको छ ।

संविधान सभा सदस्य निर्वाचन, २०७० को लागि आयोगले माननीय निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा विवाद निरूपण तथा निर्वाचन आचार संहिता तर्जुमा, कार्यान्वयन तथा अनुगमन समिति गठन गरेको थियो । समितिमा संयोजकका अतिरिक्त कानुन, न्याय, संविधान सभा तथा संसद्ीय मामिला मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन हेर्ने सचिव, नेपाल कानुन आयोगका सचिव, निर्वाचन आयोगका सचिव, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता सदस्य र आयोगको कानुन तथा राजनीतिक दलसम्बन्ध महाशाखाका प्रमुख सदस्य-सचिव रहनुभएको थियो ।

समितिले संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० र राष्ट्रिय पर्यवेक्षकहरूका लागि संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७० को मसौदा तर्जुमा गरी आयोगमा पेश गरेको थियो । संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० र राष्ट्रिय पर्यवेक्षकहरूका लागि संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७० आयोगले क्रमशः मिति २०७० असार २६ गते र मिति २०७० साउन १४ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो ।

निर्वाचन आचार संहिता तर्जुमा, कार्यान्वयन तथा अनुगमन समितिले सिफारिश गरे बमोजिम संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को मसौदा तयार गर्दा निर्वाचन आयोगले देहायका सरोकारवालासँग विभिन्न मितिमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियोः–

(क) निर्वाचन आयोगमा दर्ता रहेका र अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न आयोगमा निवेदन दर्ता गराएका राजनीतिक दलहरूका पदाधिकारी एवं प्रतिनिधिहरू,

(ख) मन्त्रिपरिषद्का अध्यक्ष, मन्त्रीहरू, नेपाल सरकारका सचिवहरू, नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालयका पदाधिकारी एवं कर्मचारीहरू,

(ग) सरकारी तथा निजी क्षेत्रमा आम संचारका माध्यमसँग सम्बद्ध पदाधिकारी एवं प्रतिनिधिहरू,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध पदाधिकारी एवं प्रतिनिधिहरू,

(ङ) मानव अधिकारवादी संघ संस्थामा आबद्ध पदाधिकारी एवं प्रतिनिधिहरू,

(च) नागरिक समाजसँग सम्बद्ध पदाधिकारी एवं प्रतिनिधिहरू,

(छ) महिला अधिकारकर्मी संघ संस्थासँग सम्बद्ध पदाधिकारी एवं प्रतिनिधिहरू ।

#### ९.३.१.६ नेपाल राजपत्रमा सूचना प्रकाशन

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० सम्पन्न गर्न जारी विभिन्न ऐन, अध्यादेश, नियमावली एवं निर्वाचनको सिलसिलामा आयोगद्वारा भए/गरेका महत्वपूर्ण निर्णय, निर्वाचन मिति, राजनीतिक दल दर्ता, निर्वाचन चिह्न निर्धारण र प्रदान, मुख्य निर्वाचन/निर्वाचन अधिकृतको नियुक्ति, निर्वाचन कार्यक्रम, निर्वाचन परिणाम समेतका विभिन्न विषयका सूचनाहरू सार्वजनिक जानकारीका लागि नेपाल राजपत्रमा प्रकाशन गरिएको थियो । प्रकाशित मुख्य मुख्य सूचनाको विवरण अनुसूची ५१ मा दिइएको छ ।

### ९.३.२ राजनीतिक दल दर्ता

अर्को संविधानसभा सदस्य निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई २०७० साल जेठ १५ गतेसम्ममा यस सम्बन्धी निवेदन र आवश्यक विवरण पेश गर्न २०७० साल बैशाख १३ गते सूचना प्रकाशन गरिएको थियो । सूचनाको म्यादभित्र विभिन्न १४० राजनीतिक दलबाट निवेदन पेश हुन आएको थियो ।

सम्वत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा भाग लिएका राजनीतिक दलमध्ये संविधानसभामा प्रतिनिधित्व गरेका दललाई अर्को संविधानसभा सदस्य निर्वाचनमा भाग लिने प्रयोजनका लागि दश हजार मतदाताको नाम सहितको हस्ताक्षर आवश्यक नपर्ने व्यवस्था गरिएको थियो। तत्कालीन संविधानसभामा प्रतिनिधित्व गरेका २८ (अट्ठाइस) राजनीतिक दल बाहेक अन्य दलहरूले दश हजार मतदाताको नाम सहितको हस्ताक्षरसहित दल दर्ताको लागि १४० राजनीतिक दलहरूले निवेदन दिएका थिए ।

#### ९.३.२.१ मतदाताहरूको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि

संविधान सभा सदस्य निर्वाचन, २०७० मा भाग लिने प्रयोजनका लागि दर्ता हुन चाहने राजनीतिक दलहरूमध्ये २०६४ सालमा निर्वाचित संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल बाहेकका दलले दस हजार मतदाताको समर्थन सहितको हस्ताक्षर निर्वाचन आयोगमा बुझाउनु पर्ने व्यवस्था गरिएको

थियो । यस अनुरूपका राजनीतिक दलहरूबाट पेश भएको हस्ताक्षरको सम्पुष्टि गर्न आयोगले मिति २०७०।२।१३ मा "मतदाताहरूको हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि (भेरिफिकेशन) कार्यविधि, २०७०" बनाई लागू गरेको थियो । सो कार्यविधि बमोजिम दलहरूबाट पेश भएको हस्ताक्षरको जाँचबुझ तथा सम्पुष्टि गर्नको लागि आयोगले सफ्टवेयर (Software) निर्माण गरेको थियो । उक्त सफ्टवेयर (Software) मार्फत हस्ताक्षरको सम्पुष्टि गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (Nepal Academy of Science and Technology (NAST) बाट रेखा तथा लेखा (लेखात्मक हस्ताक्षर परीक्षण गर्ने) विशेषज्ञको सेवा लिई हस्ताक्षर सम्पुष्टि गर्ने कार्य गरिएको थियो । विशेषज्ञबाट हस्ताक्षर सम्पुष्टि गर्दा स्पष्ट हुन नसकेका मतदाताको नाम र हस्ताक्षरको सम्बन्धमा सम्बन्धित दलहरूलाई स्पष्ट गर्न समय दिएकोमा आठ वटा राजनीतिक दलले हस्ताक्षर सम्पुष्टिको विषयमा स्पष्ट गर्न नसकेकोले त्यस्ता दललाई आयोगले दर्ता नगरी बाँकी १३२ राजनीतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता गरिएको थियो । यसमध्ये दुईवटा राजनीतिक दल अन्य दलसँग संयुक्त भएका कारण निर्वाचन प्रयोजनका लागि १३० राजनीतिक दलको दर्ता कायम रहेको थियो ।

उक्त निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोग समक्ष दर्ता भएका राजनीतिक दलहरूको नाम र उनीहरूलाई प्रदान गरिएको निर्वाचन चिह्न को विवरण अनुसूची ५२ मा दिइएको छ ।

#### ९.३.२.२ निर्वाचनमा भाग लिएका राजनीतिक दल

अर्को संविधान सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका १३० राजनीतिक दलमध्ये १२२ (एकसय बाईस) राजनीतिक दलले निर्वाचनमा भाग लिएका थिए । निर्वाचनमा भाग लिएका दलको विवरण अनुसूची ५३ मा दिइएको छ।

### ९.३.३ निर्वाचन आचार संहिताको अनुगमन तथा कार्यान्वयन र विवाद निरूपण

#### (क) निर्वाचन आचार संहिताको अनुगमन तथा कार्यान्वयन

निर्वाचन आयोग ऐन, २०६३ बमोजिम संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० निर्माण गरी निर्वाचनको अनुगमन तथा कार्यान्वयन गरिएको थियो । अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को सिलसिलामा निर्वाचन आचार संहिता पालना र अनुगमनका सम्बन्धमा भएका निर्णयहरूको विस्तृत विवरण अनुसूची ५४ मा दिइएको छ ।

#### (ख) निर्वाचन विवाद र निरूपण

आयोगले निर्वाचन विवाद निरूपणको लागि पहिलो पटक विवाद निरूपण निर्देशिका र विवाद निरूपण (बैठक सञ्चालन) कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको

थियो । अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को सिलसिलामा उठेका राजनीतिक दल सम्बन्धी विवाद बाहेक निर्वाचन क्षेत्रमा उठेका विवादहरू प्रचलित कानुनको अधीनमा रही सोही निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अनुगमन टोलीबाट निरूपण गरिएको थियो । संविधान सभा अदालतमा दायर भएका मुद्दाको विवरण अनुसूची ५५ मा दिइएको छ ।

## ९.४ मतदाता नामावली

### ९.४.१ मतदाता दर्ता

निर्वाचन आयोगको प्रथम रणनीतिक योजना २०६५–२०७० ले मतदाता नामावलीलाई शुद्ध र त्रुटिरहित बनाउने कार्यलाई एक प्रमुख रणनीतिक लक्ष्यको रूपमा अङ्गीकार गरी वि.सं. २०६६ चैत्रमा पहिलो पटक सोलुखुम्बु, काठमाडौँ, रूपन्देही, दाङ र डडेलधुराका विभिन्न सातवटा गाउँ विकास समितिलाई नमुनाको रूपमा छनोट (Piloting) गरी मतदाताको फोटो र बायोमेट्रिक (औँठाको छाप) विवरणसहितको मतदाता नामावली सङ्कलन गर्ने कार्य सुरु गरेको थियो ।

यस सिलसिलामा प्रथम पटक वि.सं. २०६७ साल भदौदेखि कार्तिकसम्म मूलुकभरका नगरपालिकाका वडाहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गरिएको थियो । यसपछि वि.सं. २०६७ सालको माघदेखि मूलुकभरका सबै गाउँ विकास समितिका साथै मूलुकभरका पचहत्तरै जिल्ला निर्वाचन कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयहरूमा  समेत मतदाता दर्ता कार्यक्रम सञ्चालन गरियो । यसै गरी विभिन्न अवधिमा नेपाल सरकारबाट सञ्चालन भएका घुम्ती शिविर, गृह मन्त्रालयबाट परिचालन भएका नागरिकता वितरण टोलीसँगै जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूलाई परिचालन गरी मतदाता दर्ता कार्यक्रम सञ्चालन गरिएको थियो ।

निर्वाचन सञ्चालन गर्नुपर्ने दायित्वलाई मध्यनजर गरी आयोगले मतदाता दर्ताको कार्यलाई उच्च प्राथमिकता दिई विभिन्न चरणमा मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्यक्रम सञ्चालन गरेको थियो ।

#### ९.४.१.१ मतदाता दर्ता विशेष कार्यक्रम

मतदाता नामावलीमा नामदर्ता गर्ने अन्तिम मितिसम्म पनि अधिकांश दर्तास्थलहरूमा मतदाता नामावलीमा नाम दर्ता गराउनेको चाप अत्यधिक रहेको र विभिन्न राजनीतिक दल, आमसञ्चार र अन्य सरोकारवालाहरूबाट नामावली दर्ताको अवधि केही दिन थप गर्न माग आएकोले आयोगबाट मिति २०७०/४/३१ मा भएको निर्णय बमोजिम २०७० भाद्र १ गतेदेखि ७ गतेसम्म मूलुकभर मतदाता

दर्ता सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरियो । उक्त विशेष कार्यक्रममा कुल १ लाख ८८ हजार ९६७ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए । अर्को संविधान सभा सदस्य निर्वाचनका लागि दर्ता भएका मतदाताको कुल सङ्ख्या १,२१,४७,८६५ रहेको थियो । दर्ता भएका मतदाताको जिल्लागत विवरण अनुसूची ५६ मा दिइएको छ । मतदाताको भौगोलिक क्षेत्र अनुसारको वितरण देहाय बमोजिम रहेको छ ।

| भौगोलिक क्षेत्र | पुरूष | महिला | तेस्रो लिङ्गी | जम्मा |
|---|---:|---:|---:|---:|
| हिमाल | ४,३५,९१८ | ४,४५,९०३ | २ | ८,८१,८२३ |
| पहाड | २४,८०,०७३ | २७,०८,३५७ | ५७ | ५,१८,८४,८७ |
| तराई | ३०,६४,८९० | ३०,१२,५६९ | ९६ | ६०,७७,५५५ |
| जम्मा | ५९,८०,८८१ | ६१,६६,८२९ | १५५ | १,२१,४७,८६५ |

### ९.४.१.२ बाहिरी जिल्लाका मतदाता दर्ता

आयोगले आमनागरिकको मतदानमा भागलिने नागरिक अधिकारको सुनिश्चितताका लागि वि.सं. २०६८ सालदेखि नै मूलुकको जुनसुकै जिल्लामा अस्थायी बसोबास रहेको नागरिकले आफ्नो स्थायी ठेगानाको मतदाता नामावलीमा नाम समावेश हुने गरी तत्काल बसोवास गरिरहेको जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा गई आफ्नो नाम दर्ता गराउन सक्ने व्यवस्था गरेको थियो ।

यो व्यवस्था अन्तर्गत सङ्कलित नाम सम्बन्धित जिल्लाले कम्प्युटरमा प्रविष्ट गरी सोको डाटा र मतदाताले भरेको सक्कल फाराम निर्वाचन आयोगमा पठाउने, आयोगमा प्राप्त डाटालाई सम्बन्धित जिल्लाको डाटामा एकीकृत गरी दोहोरो दर्ता रहे/नरहेको रुजु गरी अन्तिम मतदाता नामावली तयार गरिएको थियो ।

## ९.४.२ अस्थायी मतदाता नामावली सङ्कलन

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ तथा अस्थायी मतदाता नामावली सम्बन्धी नियमावली, २०७० बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ मात्र मतदान गर्नको लागि कारागारमा रहेका कैदी, बृद्धाश्रममा रहेका वृद्ध/वृद्धा, सरकारी कर्मचारी, सैनिक र प्रहरी ब्यारेकमा रहेका सैनिक तथा प्रहरी र मतदान केन्द्रमा खटिएका कर्मचारीको नामावली सङ्कलन गर्ने बारे आयोगबाट मिति २०७० साल असोज १९ मा भएको निर्णय अनुसार ७५ वटै जिल्लामा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत मिति २०७० असोज २० देखि कार्तिक ५ गतेसम्म अस्थायी

मतदाता नामावली सङ्कलन तथा तयारी सम्बन्धी कार्यक्रम सञ्चालन भएको थियो । यस अवधिमा करिब ५ लाख अस्थायी मतदाताको नाम सङ्कलन गरी अस्थायी मतदाता नामावली तयार गरिएको थियो ।

### ९.४.२.१ मतदाता नामावली प्रशोधन

मतदाता नामावली प्रशोधनमा सूचना प्रविधिको प्रयोग विगतदेखि नै हुँदै आएको थियो । पछिल्लो समयमा जुनसुकै जिल्लामा स्थायी बसोबास भएको व्यक्तिले तत्काल आफू बसोबास गरिरहेको जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा गई आफ्नो स्थायी ठेगानाको मतदाता नामावलीमा नाम रहने गरी दर्ता गराउन सक्ने र उक्त विवरण आयोगले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाइदिने व्यवस्थाले मतदाता नामावलीको प्रशोधनमा सूचना प्रविधिको प्रयोग अनिवार्य भएको छ ।

जिल्ला निर्वाचन कार्यालयहरूले मतदाता नामावली तयार गर्ने सिलसिलामा सङ्कलन गरेका मतदाताको नाम, विवरण आफ्नो डाटावेसमा प्रविष्ट गरी आयोगको केन्द्रीय डाटाबेसमा उपलब्ध गराएका थिए । अरू जिल्लामा स्थायी ठेगाना रहेका मतदाताहरूको भने विवरणको साथ साथै दर्ता फारम समेत उपलब्ध गराएका थिए ।

जिल्ला निर्वाचन कार्यालयहरूबाट प्राप्त डाटालाई एकीकृत गरी कुनै व्यक्तिको नाम दोहोरो रहे/नरहेको परीक्षण गरी दोहोरिएको भए त्यसलाई हटाएर र कुनै एक जिल्लामा स्थायी ठेगाना भई अर्को जिल्लाबाट नाम दर्ता गराएकाहरूको विवरण मतदाताको स्थायी ठेगानामा समावेश गराई एकीकृत मतदाता नामावली तयार गरी दावी विरोधको प्रक्रिया पूरा गरेर अन्तिम मतदाता नामावली प्रकाशनका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूमा पठाइएको थियो ।

## ९.४.३ मतदाता परिचयपत्र

निर्वाचनको स्वच्छताका लागि मतदाताको पहिचान हुने खालको परिचयपत्र आयोगबाटै तयार गरी वितरण गर्न आवश्यक देखिएकोले आयोगको मिति २०७०/७/२ को निर्णयानुसार परिचयपत्र छपाइ गरी वितरणको व्यवस्थापन मिलाइएको थियो ।

मतदाता नामावली छपाइ तथा सर्टिङ, कम्पाइलिङ र बाइन्डिङ कार्यमा खटिएको जनशक्तिलाई नै परिचयपत्र छपाइ गर्ने कार्यमा  समेत परिचालन गरी मतदाता परिचयपत्र तथा सोको भरपाइको छपाइ कार्य सम्पन्न गरिएको थियो । छपाइ गरिएका परिचयपत्रलाई गाउँ विकास समिति र नगरपालिकाका वडागत रूपमा सर्टिङ, कम्पाइलिङ र बाइन्डिङ समेत गरेर निर्वाचन क्षेत्रगत रूपमा प्याकिङ

गरिएको थियो । आयोगबाट सम्बन्धित जिल्ला निर्वाचन कार्यालयसम्म ढुवानी गरी पठाइएका परिचयपत्र वितरणको लागि आयोगबाट मिति २०७०/७/२३ मा एक मापदण्ड स्वीकृत (२०७०/७/२७ को निर्णयानुसार उक्त मापदण्डमा संशोधन समेत गरिएको थियो) भई सोही मापदण्ड तथा मार्गदर्सन  बमोजिम मतदान कार्यमा खटिएका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूबाट मिति २०७०/७/२९ देखि मतदान हुने दिनभन्दा एक दिन अगाडिसम्म सम्बन्धित मतदान केन्द्रबाटै परिचय पत्रको वितरण गर्ने व्यवस्था मिलाइएको थियो ।

## ९.५ निर्वाचन तालिम र मतदाता शिक्षा

### ९.५.१ तालिम

संविधान सभा सदस्य निर्वाचन, २०७० को व्यवस्थापन र सञ्चालनमा संलग्न विभिन्न तह र श्रेणीका सरकारी कर्मचारी, सुरक्षा अधिकारी एवं निर्वाचन शिक्षा कार्यकर्ता र निर्वाचन शिक्षा स्वयंसेवक तथा निर्वाचनका सरोकारवालाहरूका लागि आयोगले विभिन्न स्तरमा तालिम कार्यक्रमहरू सञ्चालन गरेको थियो । यस सिलसिलामा निर्वाचनमा संलग्न हुने जनशक्ति तथा सरोकारवालाहरू गरी दुई लाखभन्दा बढी सङ्ख्यालाई तहगत रूपमा विषयगत प्रशिक्षण/तालिम/गोष्ठी/कार्यशाला आदिको माध्यमबाट क्षमता विकास तथा अभिमुखीकरण गर्ने कार्य भएको थियो ।

#### ९.५.१.१ तालिम सञ्चालन नीति

प्रशिक्षण/तालिम/गोष्ठी/कार्यशाला/अभिमुखीकरण आदि कार्यक्रमहरू आयोगको तालिम नीति, २०७० तथा तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७० ले मार्गदर्सन गरे बमोजिम सञ्चालन गरिएको थियो । कार्यक्रमहरू सहभागीकेन्द्रित विधि र पद्धतिको आधारमा वयस्क सिकाइ पद्धतिका सिद्धान्तलाई अवलम्वन गरी सञ्चालन भएका थिए । तालिम कार्यक्रम सञ्चालन गर्दा स्रोत पुस्तिकाहरू तर्जुमा गरी उपयोगमा ल्याइएको थियो । सबै किसिमका तालिमलाई तहगत रूपमा सञ्चालन गर्न र त्यस प्रक्रियामा संलग्न हुने प्रशिक्षक/सहजकर्ताहरूलाई प्रशिक्षक-प्रशिक्षण कार्यक्रममा संलग्न गराई त्यसपछि मात्र तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । निर्वाचनको सञ्चालन एवं व्यवस्थापनमा संलग्न हुने जनशक्ति तथा सरोकारवालाहरूका लागि विभिन्न विषय क्षेत्रहरूमा तहगत तालिम/गोष्ठी/कार्यशाला/अभिमुखीकरण आदिको व्यवस्था गरिएको थियो ।

### ९.५.१.२ विषयगत तालिम कार्यक्रम

#### ९.५.१.२.१ निर्वाचन सुरक्षा व्यवस्थापन कार्यशाला

निर्वाचन प्रक्रियाका सम्बन्धमा सुरक्षा अधिकारीहरूलाई जानकारी गराउने तथा आयोग र सुरक्षा निकायबिच समन्वय कायम गरी निर्वाचनको समयमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन २०७० भाद्र १७ र १८ गते काठमाडौँमा निर्वाचन सुरक्षा मुख्य प्रशिक्षक कार्यशाला सञ्चालन गरिएको थियो। निर्वाचन सुरक्षा सम्बन्धी कार्यशाला देहायको चरणमा सञ्चालन भएको थियो।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोत सामग्री तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यशाला | केन्द्र स्तर |
| तेस्रो चरण | निर्वाचन सुरक्षा अभिमुखीकरण (सम्बन्धित सुरक्षा निकायबाट) | क्षेत्र/जिल्ला/स्थानीय स्तर |

#### ९.५.१.२.२ निर्वाचन र सञ्चार विषयक प्रशिक्षण

संविधान सभा सदस्य निर्वाचन २०७० मा अपनाइने निर्वाचन प्रणाली तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा सञ्चार माध्यमका प्रतिनिधिहरूलाई जानकारी गराई सञ्चार माध्यम मार्फत नागरिक समक्ष सही, तथ्य, यथार्थपरक, निष्पक्ष तथा तटस्थ सूचना प्रवाह गर्ने उद्देश्यले निर्वाचन र सञ्चार विषयक प्रशिक्षण सञ्चालन गरिएको थियो।निर्वाचन र सञ्चार सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू देहायको चरणमा सञ्चालन भएको थियो।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोत सामग्री तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम | केन्द्र स्तर |
| तेस्रो चरण | प्रशिक्षक प्रशिक्षण कार्यक्रम | क्षेत्र स्तर |
| चौथो चरण | प्रशिक्षण कार्यक्रम | जिल्ला स्तर |

#### ९.५.१.२.३ मतदाता शिक्षा तालिम

मतदाताहरूका लागि संविधान सभा सदस्य निर्वाचनको प्रक्रिया र मतदान गर्ने तरिका बारे जानकारी गराई उनीहरूलाई मतदानको लागि उत्प्रेरित गराउन सञ्चालित मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन मतदाता शिक्षा सम्बन्धी विभिन्न तालिम कार्यक्रमहरू देहाय बमोजिम तहगत रूपमा सञ्चालन गरिएको थियो ।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | मतदाता शिक्षा प्रशिक्षण स्रोत पुस्तिका तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम | केन्द्र स्तर |
| तेस्रो चरण | क्षेत्रीय प्रशिक्षक प्रशिक्षण | क्षेत्र स्तर |
| चौथो चरण | जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण | जिल्ला स्तर |
| पाँचौं चरण | निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवक प्रशिक्षण | स्रोतकेन्द्र स्तर |
| छैटौं चरण | मतदाता शिक्षा अभिमुखीकरण | स्रोतकेन्द्र स्तर |
| सातौं चरण | मतदाता सचेतना | स्थानीय स्तर |

#### ९.५.१.२.४ निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन तालिम

निर्वाचनमा प्रयोग हुने विभिन्न प्रकारका सामग्रीको व्यवस्थापन तथा आर्थिक व्यवस्थापनमा संलग्न हुने जिल्ला निर्वाचन कार्यालयका जिल्ला निर्वाचन अधिकारी, अधिकृत/ना.सु. तथा लेखा अधिकृत/लेखापाल र कोष तथा लेखा नियन्त्रक कार्यालयका लेखा अधिकृतका लागि निर्वाचन सामग्री तथा लेखा व्यवस्थापन तालिम देहाय बमोजिम तहगत रूपमा सञ्चालन गरिएको थियो ।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोत सामग्री तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम | केन्द्र स्तर |
| तेस्रो चरण | सामग्री तथा आर्थिक व्यवस्थापन तालिम | क्षेत्र स्तर |
| चौथो चरण | आर्थिक व्यवस्थापन अभिमुखीकरण | जिल्ला स्तर |

### ९.५.१.२.५ निर्वाचन व्यवस्थापन कार्यशाला

संविधान सभा सदस्य निर्वाचन, २०७० को प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यशाला सञ्चालन गरिएको थियो । निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यशाला देहाय बमोजिम सञ्चालन भएको थियो ।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोतपुस्तिका तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यशाला | केन्द्र स्तर |
| तेस्रो चरण | निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यशाला | क्षेत्र स्तर |

### ९.५.१.२.६ मतदान तथा मतगणना तालिम

मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई मतदान तथा मतगणना कार्यको सञ्चालनमा सक्षम बनाउन मतदान व्यवस्थापन तथा मतगणना तालिम सञ्चालन गरिएको थियो । मतगणनामा संलग्न हुने अन्य कर्मचारीका लागि मतगणना सम्बन्धी अभिमुखीकरण एवं मतदानमा संलग्न हुने जनशक्तिका लागि मतदानकेन्द्रमा अनुशिक्षण सञ्चालन गरिएको थियो । मतदान तथा मतगणना सम्बन्धी तालिम देहायको चरणमा सञ्चालन भएको थियो ।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोतपुस्तिका तयारी | केन्द्र स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम | केन्द्र स्तर |
| तेस्रो चरण | क्षेत्रीय प्रशिक्षक प्रशिक्षण | क्षेत्र/अञ्चल स्तर |
| चौथो चरण | मतदान अधिकृत तथा सहायक मतदान अधिकृत प्रशिक्षण | जिल्ला स्तर |
| पाँचौं चरण | मतगणना कर्मचारीका लागि अभिमुखीकरण | जिल्ला स्तर |
| छैटौं चरण | मतदान कर्मचारी अनुशिक्षण | मतदानकेन्द्र |

### ९.५.१.२.७ निर्वाचन पर्यवेक्षण तालिम

संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्ने अनुमति प्राप्त संस्थाहरूका प्रतिनिधिहरूलाई सहभागी गराई निर्वाचन पर्यवेक्षण तालिम सञ्चालन गरिएको थियो । पर्यवेक्षण सम्बन्धी तालिम देहायको चरणमा सञ्चालन भएको थियो ।

| चरण | कार्यक्रम | स्तर |
|---|---|---|
| पहिलो चरण | प्रशिक्षण स्रोत सामग्री तयारी | केन्द्रीय स्तर |
| दोस्रो चरण | मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम | केन्द्रीय स्तर |

### ९.५.१.२.८ अभिमुखीकरण तथा अन्तरक्रिया

संविधान सभा सदस्य निर्वाचन २०७० मा अपनाइने निर्वाचन प्रणाली तथा निर्वाचन प्रक्रियाका सम्बन्धमा निर्वाचन अनुगमनकर्ता, राजनीतिक दल तथा अन्य सरोकारवालाहरूसँग विभिन्न किसिमका अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएका थिए ।

## ९.५.१.३ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

### (क) अनुगमन तथा मूल्याङ्कन

संविधान सभा सदस्य निर्वाचनका सिलसिलामा सम्पन्न विभिन्न तालिम कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन आयोगका पदाधिकारी, अधिकृत, निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयबाट गरिएको थियो ।

### (ख) प्रतिवेदन

मुख्य प्रशिक्षण तथा क्षेत्रीय प्रशिक्षण कार्यक्रमहरूको प्रतिवेदन सम्बन्धित कार्यक्रममा संलग्न हुने स्रोत व्यक्ति तथा सहजकर्ता र संयोजकको सहयोगमा र्‍यापोर्टरले तयार पार्ने व्यवस्था मिलाइएको थियो । उक्त प्रतिवेदनहरू निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा सङ्कलन गरिएको छ ।

त्यसै गरी जिल्ला स्तर तथा स्थानीय स्तरमा सञ्चालित विभिन्न प्रशिक्षण कार्यक्रमहरूको प्रतिवेदन सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा पठाउने व्यवस्था गरिएको थियो। सबै तालिममा सहभागीहरूको विवरण (रोष्टर) तोकिएको ढाँचामा तयार गर्ने व्यवस्था मिलाइएको थियो ।

### ९.५.२ मतदाता शिक्षा

विगतका निर्वाचनहरूमा भएको बदर मतको प्रतिशतलाई क्रमशः कम गर्दै लैजान र निर्वाचनलाई बढी विश्वसनीय बनाउनको लागि मतदाता शिक्षामा उपयुक्त नवीन प्रविधिको प्रयोग गरी मतदाता शिक्षालाई व्यापक रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी आयोगले मतदाता शिक्षा नीति, मतदाता शिक्षा कार्यक्रम र मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० को तर्जुमा गरी यिनै नीति, निर्देशिका र कार्यक्रमका अधीनमा रही मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो ।

#### ९.५.२.१ मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन संरचना

मतदाता शिक्षा कार्यक्रमको अनुगमन, मूल्याङ्कन, निर्देशन, सुपरीवेक्षण र नियन्त्रणका लागि देहाय बमोजिमको एक मतदाता शिक्षा समिति गठन भएको थियोः-

(क) निर्वाचन आयुक्त (मतदाता शिक्षा हेर्ने) -संयोजक

(ख) सचिव, निर्वाचन आयोग -सदस्य

(ग) सचिव, सूचना तथा सञ्चार मन्त्रालय -सदस्य

(घ) सचिव, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय -सदस्य

(ङ) सचिव, शिक्षा मन्त्रालय -सदस्य

(च) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा -सदस्य

(छ) कार्यकारी निर्देशक, निर्वाचन शिक्षा तथा सूचना केन्द्र, निर्वाचन आयोग -सदस्य-सचिव

**समितिको कार्य जिम्मेवारी देहाय बमोजिम थियो-**

(क) संविधान सभा सदस्यको निर्वाचनका लागि तर्जुमा गरिएको मतदाता शिक्षा कार्यक्रम स्वीकृतिका लागि आयोगमा सिफारिश गर्ने,

(ख) मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्देशिका, कार्यविधि तथा कार्यान्वयन योजना स्वीकृति, संशोधन एवं परिमार्जनको लागि आयोगमा सिफारिश गर्ने,

(ग) मतदाता शिक्षा कार्यक्रमका विषयमा गैरसरकारी क्षेत्र, विकास साझेदार, नागरिक समाज र अन्य सरोकारवालाहरूसँग समन्वयको व्यवस्था मिलाउने,

(घ) मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तथा सामग्री स्वीकृतिका लागि आयोगमा सिफारिश गर्ने,

(ङ) मतदाता शिक्षामा प्रयोग हुने सामग्रीहरूमा एकरूपता कायम गर्ने व्यवस्था मिलाउने,

(च) मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन मतदाता शिक्षा एकाईलाई आवश्यक निर्देशन दिने,

(छ) समितिको काममा सहयोग गर्न आवश्यकतानुसार उपसमिति तथा कार्यदल गठन गर्ने,

(ज) मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण साप्ताहिक रूपमा आयोगमा पेश गर्ने,

(झ) मतदाता शिक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।

त्यसै गरी आयोगको सचिवालयमा निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक मतदाता शिक्षा एकाई स्थापना भएको थियो । उक्त एकाईले देहाय बमोजिमको कार्य सम्पादन गरेको थियो-

(क) मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गरी मतदाता शिक्षा समितिमा पेश गर्ने,

(ख) मतदाता शिक्षा नीति अनुरूप मतदाता शिक्षा सामग्रीको पहिचान, विकास, उत्पादन, प्रबर्द्धन र वितरणको कार्य मतदाता शिक्षा समितिमा पेश गर्ने/गराउने,

(ग) क्षेत्र, जिल्ला तथा स्थानीय स्तरमा सञ्चालित मतदाता शिक्षा कार्यक्रम तथा कार्यक्रममा खटिएका जनशक्तिले आफ्नो कार्यविवरण अनुसार कार्य गरे/नगरेको अनुगमन गर्न कार्यक्रम बनाई समितिमा पेश गर्ने,

(घ) प्रचार-प्रसारको उपयुक्त माध्यमको छनोट र समय तालिका निर्माण एवं पुनरावलोकन गरी मतदाता शिक्षा समितिमा पेश गर्ने,

(ङ) मतदाता शिक्षा सामग्रीहरूको डिजाइन, विकास, उत्पादन, छपाइ, जडान, प्याकिङ र वितरण कार्यको प्रगति विवरण मतदाता शिक्षा समितिमा पेश गर्ने,

(च) मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनको प्रगति सम्बन्धमा मतदाता शिक्षा समितिमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने,

(छ) मतदाता शिक्षा नीति अनुरूप मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न चाहने विभिन्न साझेदार संघसंस्थाहरूले माग गरे बमोजिमको मतदाता शिक्षा सामग्रीको विकास, उत्पादन, प्रकाशन, प्रसारण एवं वितरण गर्न तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नको लागि मतदाता शिक्षा समितिमा पेश गर्ने,

(ज) मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएपछि मूल्याङ्कनको कार्यक्रम बनाई मतदाता शिक्षा समितिमा पेश गर्ने,

(झ) आयोग तथा मतदाता शिक्षा समितिले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको मतदाता शिक्षा जिल्ला समन्वय समिति गठन भएको थियो-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | - सदस्य |
| (ग) | जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| (घ) | जिल्लास्थित नगरपालिकाका कार्यकारी अधिकृतहरू | - सदस्य |
| (ङ) | महिला विकास अधिकृत | - सदस्य |
| (च) | नेपाल पत्रकार महासंघका जिल्ला सभापति | - सदस्य |
| (छ) | जिल्ला निर्वाचन अधिकारी | - सदस्य-सचिव |

उक्त समितिको बैठकमा संयोजकले आवश्यकतानुसार मतदाता शिक्षाको कार्यमा सहयोग पुऱ्याउने अन्य क्षेत्रको समेत प्रतिनिधित्व हुनेगरी बढीमा दुई जनालाई आमन्त्रण गर्न सक्ने व्यवस्था थियो । उक्त समितिले देहाय बमोजिमको कार्य सम्पादन गरेको थियो-

(क) संविधान सभा सदस्य निर्वाचनका लागि सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने,

(ख) स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रमको लागि विनियोजित बजेटको अधीनमा रही कुनै समुदाय लक्षित कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ग) गाउँ र नगर स्तरमा मतदाता शिक्षा कार्यक्रमका लागि सम्बन्धित जिल्लामा तोकिएको सङ्ख्या र अवधिका लागि मतदाता शिक्षा स्वयंसेवकमा तोकिए बमोजिमको आधारहरूको अधीनमा रही सम्बन्धित नगरपालिका वडा/गाउँ विकास समितिको सिफारिश समेतको आधारमा योग्य व्यक्ति छनोट गर्ने,

(घ) आयोगबाट प्राप्त मतदाता शिक्षा सामग्रीको व्यवस्थापन र वितरण कार्यमा आवश्यक रेखदेख एवं सहजीकरण गर्ने,

(ङ) जिल्ला स्तर र स्थानीय स्तरमा सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रमको अनुगमन गरी जिल्ला निर्वाचन कार्यलय मार्फत आयोगमा प्रतिवेदन पठाउने,

(च) आयोगले तोकेका मतदाता शिक्षा सम्बन्धी अन्य कामहरू गर्ने ।

### ९.५.२.१.१ मतदाता शिक्षा स्थानीय समन्वय समिति

प्रत्येक नगरपालिकाका वडा/गाउँ विकास समितिमा देहाय बमोजिमको मतदाता शिक्षा स्थानीय समन्वय समिति गठन गरिएको थियो :

(क) नगरपालिका वडा/गाउँ विकास समिति अध्यक्ष - संयोजक

(ख) सम्बन्धित गाउँ विकास समिति/नगरपालिका वडाका मतदाता शिक्षा सुपरीवेक्षकहरू - सदस्य

(ग) स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू - सदस्य

(घ) स्थानीय स्तरमा क्रियाशील सामाजिक संघसंस्थाहरू मध्येबाट समितिले तोकेको प्रतिनिधि - सदस्य

(ङ) स्थानीय स्तरमा क्रियाशील महिला समूहरू मध्येबाट समितिले तोकेको एकजना महिला प्रतिनिधि - सदस्य

(च) मतदाता शिक्षा स्वयंसेवक - सदस्य

(छ) निर्वाचन शिक्षा कार्यकर्ता -सदस्य-सचिव

उक्त समितिले देहाय बमोजिमको कार्य सम्पादन गरेको थियो-

(क) स्थानीय स्तरमा सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्ने,

(ख) आयोगबाट प्राप्त मतदाता शिक्षा सामग्रीको प्रभावकारी वितरण कार्यमा आवश्यक रेखदेख एवं सहजीकरण गर्ने,

(ग) स्थानीय स्तरमा सञ्चालन हुने मतदाता शिक्षा सम्बन्धी पोस्टर टाँस्ने, पर्चा, ब्रोसर वितरण गर्ने, फ्लिप चार्ट मार्फत जानकारी गराउने जस्ता कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरी जिल्ला निर्वाचन कार्यालयमा प्रतिवेदन पेश गर्ने,

(घ) आयोगले तोकेका मतदाता शिक्षा सम्बन्धी अन्य कामहरू गर्ने ।

### ९.५.२.१.२ मतदान स्थल मतदाता शिक्षा समन्वय समिति

प्रत्येक मतदान स्थलमा देहाय बमोजिमको मतदान स्थल मतदाता शिक्षा समन्वय समिति रहेको थियो :-

(क) मतदाता शिक्षा सुपरीवेक्षक - संयोजक

(ख) मतदान स्थल क्षेत्रभित्रका राजनीतिक दलका प्रतिनिधिहरू - सदस्य

(ग) निर्वाचन शिक्षा कार्यकर्ता - सदस्य

(घ) मतदाता शिक्षा स्वयंसेवक - सदस्य

उक्त समितिले देहाय बमोजिमको कार्य सम्पादन गरेको थियो-

(क) मतदान स्थल क्षेत्रमा सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्ने,

(ख) जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त भएका मतदाता शिक्षा सामग्री वितरण कार्यमा निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकलाई सहयोग गर्ने,

(ग) स्थानीय स्तरमा सञ्चालन गरिने अन्तरक्रिया, छलफल आदिमा निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकको काममा समन्वय गर्ने,

(घ) मतदाता शिक्षा स्थानीय समन्वय समिति मार्फत नियमित रूपमा जिल्ला निर्वाचन कार्यालयमा प्रतिवेदन पेश गर्ने,

(ङ) आयोगले तोकेका मतदाता शिक्षा सम्बन्धी अन्य कामहरू गर्ने ।

### ९.५.२.१.३ मतदाता शिक्षा जनशक्ति

जिल्ला निर्वाचन अधिकारीले जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रका लागि एक जनाका दरले कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणी ना.सु. स्तरको मतदाता शिक्षा जिल्ला समन्वयकर्ता दुई महिनाको लागि तोक्ने व्यवस्था गरिएको थियो । यसरी समन्वयकर्ता तोक्दा जिल्ला निर्वाचन कार्यालयमा कार्यरत शाखा अधिकृत/ना.सु.हरूलाई प्राथमिकता दिइएको थियो । जिल्ला निर्वाचन कार्यालयमा मतदाता शिक्षा जिल्ला समन्वयकर्ता तोक्न आवश्यक सङ्ख्यामा योग्य कर्मचारी उपलब्ध नभएको अवस्थामा जिल्लास्थित अन्य सरकारी कार्यालयको कर्मचारी वा निर्वाचन शिक्षा स्रोत व्यक्तिलाई सम्बन्धित कार्यालयसँग समन्वय गरी काजमा झिकाई खटाइएको थियो ।

यसरी तोकिएका मतदाता शिक्षा जिल्ला समन्वयकर्ताले देहाय बमोजिमको कार्य सम्पादन गरेका थिए:-

(क) आफूलाई तोकिएको क्षेत्रभित्र सञ्चालन हुने मतदाता शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रमको समन्वय गर्ने,

(ख) मतदाता शिक्षा सम्बन्धी जिल्ला स्तरमा आयोजना हुने प्रशिक्षण कार्यक्रममा सहभागी भई मतदाता शिक्षा सम्बन्धी विषयवस्तुहरूमा जानकारी हासिल गर्ने,

(ग) मतदाता शिक्षा स्वयंसेवकहरूले दैनिक रूपमा सञ्चालन गर्ने कार्यक्रमको कार्यतालिका निर्माणमा समन्वय गर्ने,

(ङ) मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा तत्काल आइपर्ने समस्याको समाधान गर्ने र समाधान गर्न नसकिने समस्या सम्बन्धित निकाय/कार्यालय मार्फत समाधान गर्ने,

(च) आफ्नो क्षेत्रमा सञ्चालित मतदाता शिक्षा कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन साप्ताहिक रूपमा जिल्ला निर्वाचन अधिकारी मार्फत मतदाता शिक्षा जिल्ला समन्वय समितिमा पेश गर्ने ।

### ९.५.२.१.४ मतदाता शिक्षा स्थानीय समन्वयकर्ता

जिल्ला निर्वाचन अधिकारीहरूले प्रत्येक गाउँ विकास समिति क्षेत्रभित्र सोही गाउँ विकास समितिको अध्यक्ष र नगरपालिकाको वडाभित्र सोही वडाको वडा अध्यक्षलाई मतदाता शिक्षा स्थानीय समन्वयकर्ता तोक्ने व्यवस्था मिलाएका थिए ।

यस बमोजिमका स्थानीय समन्वयकर्ताले देहाय बमोजिमका कार्यसम्पादन गरेका थिए :-

(क) आफूलाई तोकिएको क्षेत्रभित्र सञ्चालन हुने मतदाता शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रमको समन्वय तथा सहजीकरण गर्ने,

(ख) मतदाता शिक्षा सम्बन्धी जिल्ला स्तरमा आयोजना हुने अभिमुखीकरणमा सहभागी भई मतदाता शिक्षा सम्बन्धी विषयवस्तुहरूको जानकारी हासिल गर्ने,

(ग) मतदाता शिक्षा स्थानीय समन्वय समितिको संयोजक भई कार्य गर्ने,

(घ) निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूले दैनिकरूपमा सञ्चालन गर्ने कार्यक्रमको कार्यतालिका निर्माणमा सहयोग गर्ने,

(ङ) निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूले आ-आफ्नो गाउँ विकास समिति र नगरपालिकाका वडाहरूमा सञ्चालन गरेका

कार्यक्रमहरूको नियमित सहजीकरण र समन्वय गरी कार्यान्वयन स्तरमा आइपर्ने समस्याको समाधान गर्ने गराउने वातावरण मिलाउने,

(च) आफ्नो क्षेत्रमा सञ्चालित मतदाता शिक्षा कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन साप्ताहिक रूपमा जिल्ला निर्वाचन अधिकारीलाई पेश गर्ने,

(छ) मतदाता शिक्षा कार्यक्रम सञ्चालनका क्रममा तत्काल आइपर्ने समस्याको समाधान गर्ने र समाधान गर्न नसकिने समस्याका सम्बन्धमा सम्बन्धित निकाय/कार्यालय मार्फत समाधान गर्ने,

(ज) स्थानीय स्तरमा मतदाता शिक्षा सञ्चालन गर्नको लागि जिल्ला निर्वाचन कार्यालय मार्फत सामग्रीहरू प्राप्त गरी सुरक्षित भण्डारण तथा वितरणको व्यवस्था मिलाउने,

### ९.५.२.१.५ मतदाता शिक्षा सुपरीवेक्षक

जिल्ला निर्वाचन अधिकारीले प्रत्येक मतदान स्थलको लागि सो स्थल रहेको संस्थाको प्रमुखलाई मतदाता शिक्षा सुपरिवेक्षक तोक्ने व्यवस्था मिलाइएको थियो । यसरी सुपरिवेक्षक तोक्दा मतदान स्थल नगरपालिकाको वडा वा गाउँ विकास समितिको भवन रहेको वा कुनै खुला सार्वजनिक स्थल रहेको हकमा मतदान स्थल नजिकको सामुदायिक विद्यालयको प्रमुखलाई सम्बन्धित नगरपालिकाको वडा/गाउँ विकास समितिको सिफरिसमा सुपरीवेक्षक तोकिएको थियो । माथि लेखिए अनुसार खटिएका मतदाता शिक्षा कार्यकर्ताले देहाय बमोजिमका कार्य सम्पादन गरेका थिए-

(क) मतदाता शिक्षा सम्बन्धमा जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गर्ने अभिमुखीकरण कार्यक्रममा सहभागी भई मतदाता शिक्षाका विषयवस्तु र सामग्रीहरू बारे जानकारी लिने,

(ख) आफ्नो मतदानस्थल अन्तरगतका निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूका क्रियाकलापको समन्वय तथा सुपरिवेक्षण गर्ने,

(ग) निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूले आफ्नो कार्यको सिलसिलामा सोधेका जिज्ञासाहरूको समाधान गर्ने र आफूलाई स्पष्ट हुनुपर्ने विषयको हकमा मतदाता शिक्षा जिल्ला समन्वयकर्तासँग सम्पर्क गरी समाधान गर्ने,

(घ) मतदाता शिक्षा स्थानीय सहयोग समितिको बैठकमा उपस्थित भई स्थानीय स्तरमा सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रमको कार्य योजना बनाउन सहयोग गर्ने,

(ङ) आफ्नो क्षेत्रभित्र मतदाता शिक्षा सामग्रीहरूको वितरण, प्रदर्सन आदि भए नभएको सम्बन्धमा जानकारी राख्ने,

(च) स्थानीय स्तरमा मतदाता शिक्षा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू सञ्चालनमा समन्वय तथा सहयोग गर्ने,

(छ) जिल्ला निर्वाचन अधिकारीले दिएको निर्देशन अनुसारका अन्य कार्य गर्ने ।

### ९.५.२.१.६ निर्वाचन शिक्षा कार्यकर्ता

संविधान सभा सदस्यको निर्वाचनमा मतदाता तथा निर्वाचन शिक्षालाई स्थानीय स्तरसम्म प्रभावकारी ढङ्गले सञ्चालन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जिल्ला विकास समितिको समन्वयमा परिचालन गरिएका सामाजिक परिचालकहरूलाई प्राथमिकता दिनेगरी प्रत्येक गाउँ विकास समिति र नगरपालिकाका वडाहरूमा एक/एक जनाको दरले जम्मा ४ हजार ७२१ जनालाई निर्वाचन शिक्षा कार्यकर्ता तोकिएको थियो । ती कार्यकर्तालाई आयोगबाट निर्वाचन शिक्षा प्रशिक्षण प्रदान गरी कार्यक्षेत्रमा परिचालन गरिएको थियो । परिचालित निर्वाचन शिक्षा कार्यकर्ताले देहाय बमोजिमका कार्य सम्पादन गरेका थिए-

(क) जिल्ला निर्वाचन कार्यालयको आयोजनामा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा भाग लिई मतदाता शिक्षा कर्यक्रम सञ्चालनका लागि तयार भएका सामग्री तथा विषयवस्तुहरूको बारेमा स्पष्ट हुने,

(ख) आफू खटिएको क्षेत्रभित्र मतदाता शिक्षा सम्बन्धी व्यक्ति/समूह साक्षात्कार लगायतका अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने र यस्ता कार्यक्रमहरूमा महिला, दलित तथा अन्य उत्पीडित वर्गलाई प्राथमिकता दिने,

(ग) आफू खटिएको क्षेत्रभित्र मतदाता परिचय पत्र वितरणमा सहयोग गर्ने,

(घ) मतदाता शिक्षा स्थानीय समन्वय समितिको सदस्य सचिव भई कार्य गर्ने,

(ङ) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा आफ्नो क्षेत्रभित्रका सम्पूर्ण मतदातालाई समेट्न सक्ने गरी कार्यक्रम सञ्चालन कार्यतालिका तयार गर्ने,

(च) नगरपालिकाका वडा तथा गाउँ विकास समितिमा रहेको एकीकृत योजना तर्जुमा समिति तथा वडा नागरिक मञ्च मार्फत मतदाता शिक्षालाई प्रभावकारी रूपमा जन स्तरसम्म पुऱ्याउने,

(छ) जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त भएका मतदाता शिक्षासँग सम्बनिधत पर्चा, पम्प्लेट, ब्रोसर लगायतका मतदाता शिक्षा सामग्रीहरू वितरण गर्ने तथा पोस्टर टाँस्ने स्थानको पहिचान गरी टाँस्ने व्यवस्था गर्ने,

(ज) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्तरमा प्रचलित मेला महोत्सव, हाटबजार आदिमा प्रचार-प्रसार र सचेतनाको कार्यक्रम गर्ने,

(झ) आफ्नो कामकारवाहीले आयोगको कामको स्वतन्त्रता, स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा कुनै प्रकारको आँच आउन नदिने र आयोगले तयार गरेको निर्वाचन आचार संहिता पालना गर्न गराउन सम्बन्धित सरोकारवालाहरूलाई अभिप्रेरित गर्ने,

(ञ) मतदाता शिक्षाको लागि आयोगले विभिन्न सञ्चार माध्यमबाट प्रसारण/प्रकाशन गरेका प्रचार-प्रसारका कार्यक्रमहरूका बारेमा नियमित रूपमा जानकारी लिई आम मतदातालाई सुसूचित गर्ने,

(ट) आफू खटिएको गाउँ विकास समिति/नगरपालिकाको वडामा आयोग बाहेक अन्य निकायबाट सञ्चालन भएका मतदाता शिक्षाका गतिविधिहरूको बारेमा जिल्ला निर्वाचन कार्यालयमा नियमित जानकारी गराउने,

(ठ) आफूले गरेका कार्यको दैनिक टिपोट गरी जिल्ला निर्वाचन कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

### ९.५.२.१.७ मतदाता शिक्षा स्वयंसेवक

जिल्ला निर्वाचन अधिकारीले मतदाता शिक्षा जिल्ला समन्वय समितिको सिफारिशमा हरेक मतदानस्थलको लागि एकजनाको दरले मतदाता शिक्षा स्वयंसेवक तोक्ने व्यवस्था मिलाइएको थियो । देशभरी १० हजार १३ जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको थियो । यसरी परिचालित मतदाता शिक्षा स्वयंसेवकले देहाय बमोजिमका कार्यसम्पादन गरेका थिए-

(क) जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रममा भाग लिई मतदाता शिक्षा कार्यक्रमको लागि तयार गरिएका सामग्रीहरूमा रहेका विषयवस्तुहरूको बारेमा स्पष्ट हुने,

(ख) आफ्नो क्षेत्रभित्रका सम्पूर्ण मतदातालाई समेट्न सक्ने गरी कार्यतालिका तयार गरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) आफू खटिएको क्षेत्रभित्र मतदाता शिक्षा सम्बन्धी समूह साक्षात्कार लगायतका अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(घ) निर्वाचन शिक्षा कार्यकर्तासँगको समन्वयमा आफू खटिएको क्षेत्रभित्र मतदाता परिचय वितरणमा सहयोग गर्ने,

(ङ) जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त भएका पम्प्लेट वितरण गर्ने तथा पोस्टर टाँस्ने स्थानको पहिचान गरी टाँस्ने व्यवस्था गर्ने,

(च) आफूले सम्पादन गरेका कार्यको दैनिक टिपोट गरी सुपरिवेक्षक समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) मतदाताले उठाएका निर्वाचन सम्बन्धी समाधान गर्न नसकिएका जिज्ञासाहरू समेत टिपोट गरी सुपरीवेक्षकको सहयोगमासमाधान गर्ने,

(ज) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्तरमा प्रचलित मेला, महोत्सव, हाटबजार आदिमा प्रचार-प्रसार र सचेतनाको कार्यक्रम गर्ने,

(झ) मतदाता शिक्षाको लागि आयोगले विभिन्न सञ्चार माध्यमबाट प्रसारण/प्रकाशन गरेको प्रचार-प्रसारका कार्यक्रमका बारेमा नियमित रूपमा जानकारी लिई आम मतदातालाई सुसूचित गर्ने ।

मतदाता शिक्षा स्वयंसेवकहरू छनोट गर्दा देहाय बमोजिमका आधार अवलम्बन गरिएको थियो-

(क) सम्बन्धित गाउँ विकास समिति तथा नगरपालिकाभित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक (FCHV) तथा पूर्व प्राथमिक विद्यालय शिक्षिका (ECD) मध्ये कम्तीमा एस.एल.सी. उत्तीर्ण भएका मध्येबाट छनोट गर्ने,

(ख) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडामा खण्ड (क) बमोजिमका व्यक्तिहरू उपलब्ध नभएमा गाउँ विकास समिति वा नगरपालिकाको वडाभित्र रहेका सामुदायिक विद्यालयका शिक्षक मध्येबाट निर्वाचन सम्बन्धी अनुभव, वरिष्ठता र क्रियाशीलताको आधारमा छनोट गर्ने,

(ग) प्रत्येक जिल्लाभित्र तोकिने स्वयंसेवकहरू मध्ये कम्तीमा ५० प्रतिशत सङ्ख्यामा महिला स्वयम्सेवक हुनुपर्ने,

(घ) मतदाता शिक्षा कार्यक्रमका लागि तोकिएको जिम्मेवारी पूरा गर्न पर्याप्त समय दिन सक्ने हुनुपर्ने,

(ङ) मतदाता शिक्षा स्वयंसेवकमा छनोट हुने व्यक्ति कुनै ट्रेड युनियनको कार्यकारी पदमा र कुनै विद्यालयको प्रधानाध्यापक रहेको हुन नहुने,

(च) सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको वडामा बसोबास गरेको र स्थानीय भाषा र संस्कृतिको जानकारी भएको तथा उपेक्षित, उत्पीडित र सीमान्तकृत वर्गको व्यक्तिलाई प्राथमिकता दिइने ।

### ९.५.२.१.८ मतदाता शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलाप

अर्को संविधान सभा सदस्य निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम केन्द्र, जिल्ला तथा नगरपालिका वडा/गाउँ विकास समिति/मतदानस्थलस्तर गरी देहाय बमोजिम तीन तहमा सञ्चालन गरिएको थियो-

**(१) जिल्ला तथा नगरपालिका वडा/गाउँ विकास समिति स्तर**

अर्को संविधान सभा सदस्य निर्वाचनलाई परिलक्षित गरी जिल्ला तथा नगरपालिका वडा/गाउँ विकास समिति स्तरमा सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रमअन्तरगतका क्रियाकलापहरू देहाय बमोजिम रहेका थिए-

**(क) विद्यालय स्तरमा मतदाता शिक्षा**

जिल्ला निर्वाचन कार्यालयले जिल्लास्थित उच्च माध्यमिक विद्यालय तथा क्याम्पसहरूमा मतदाता शिक्षा कार्यको लागि केन्द्रबाट उपलव्ध गराइएका सविधान सभा निर्वाचनमा किन भाग लिने ? समावेशिता र लोकतन्त्रको महत्व के के हुन् ? जस्ता विषयसँग सम्बन्धित सामग्रीहरू (भिडियो डकुमेन्ट्री, पर्चा, पोस्टर, ब्रोसर तथा Power Point Presentation आदि) को आधारमा रही मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रम सञ्चालन गर्दा एउटा उच्च माध्यमिक विद्यालयमा कम्तीमा २ वटा सेसन सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो ।

**(ख) सडक नाटक**

मतदाता शिक्षाको लागि सडक नाटकको स्क्रिप्ट आयोगबाट स्वीकृत गरी स्वीकृत स्क्रिप्ट अनुसार हरेक निर्वाचन क्षेत्रमा सडक नाटक सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो ।

**(ग) नगरपालिका वडा/गाउँ विकास समिति स्तरमा सांस्कृतिक कार्यक्रम**

स्थानीय स्तरमा प्रचलित लोक दोहोरी, देउडा, स्थानीय भजन तथा अन्य यस्तै प्रकारका लोकप्रिय कार्यक्रम मार्फत निर्वाचन, मतदाता शिक्षा तथा आममतदाता निर्वाचनमा कसरी सरिक हुने भन्ने लगायतका विषयवस्तुमा आधारित प्रतियोगिता वा प्रदर्सनी कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रम सञ्चालन गर्दा स्थानीय भाषा, संस्कृति तथा रीतिरिवाज/परम्परामा आधारित कार्यक्रमहरूलाई प्राथमिकता दिइएको थियो । गाउँ विकास समिति/नगरपालिका वडामा परिचालित निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकसँगको समन्वयमा कार्यक्रम सञ्चालन हुने स्थान, मिति र समय सम्बन्धी प्रचार-प्रसारको व्यवस्था मिलाइएको थियो ।

**(घ) माइकिङ**

मतदातालाई मतदानमा सहभागी हुन अभिप्रेरित गर्ने खालका जानकारी प्रदान गर्नको लागि कम्तीमा ५ कार्यदिन सदरमुकाम वरिपरि र यातायातका साधन पुग्ने स्थानहरूमा माइकिङ गर्ने व्यवस्था मिलाइएको थियो। यसरी माइकिङ गर्दा प्रसारण गरिने सन्देशको लागि स्थानीय एफ.एम.बाट प्रसारणको लागि आयोगबाट स्वीकृत सन्देशलाई उपयोग गरिएको थियो ।

**(ङ) अन्तरक्रिया**

जिल्ला निर्वाचन कार्यालयबाट एक निर्वाचन क्षेत्रमा कम्तीमा २ पटक सरोकारवालाहरूसँग मतदाता शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

**(च) प्रकाशन तथा प्रसारण**

**(१) स्थानीय एफ.एम. तथा सामुदायिक रेडियोबाट प्रसारण**

आयोगद्वारा स्वीकृत गरिएका सूचना तथा जानकारीहरू स्थानीय एफ.एम. तथा सामुदायिक रेडियोहरूबाट प्रसारण गर्ने व्यवस्था मिलाइएको थियो ।

त्यसै गरी जिल्ला निर्वाचन कार्यालयले निर्वाचनको सन्दर्भमा उपयुक्त देखिएका स्थानीय स्तरमा प्रभावकारी हुने खालका रेडियो कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता महसूस गरेको खण्डमा मतदाता शिक्षा जिल्ला समन्वय समितिको सिफारिशमा कार्यक्रमको विषयवस्तु र प्रसारण/व्यवस्थापन समेतका तरिकाको सम्बन्धमा आयोगबाट पूर्वस्वीकृति लिई कार्यक्रम सञ्चालन गर्नसक्ने व्यवस्था मिलाइएको थियो ।

**(२) स्थानीय पत्रपत्रिकाबाट प्रकाशन**

जिल्लामा प्रकाशन भइरहेका र सूचना विभागको वर्गीकरणमा परेका दैनिक, साप्ताहिक पत्रपत्रिकाहरूमा आयोगबाट स्वीकृत मतदाता शिक्षा सम्बन्धी सन्देशहरू प्रकाशन गर्ने व्यवस्था मिलाइएको थियो ।

### ९.५.२.१.९ मतदाता शिक्षामा भाषाको प्रयोग

आयोगले नेवारी, मैथली, उर्दू, शेर्पा, पूर्वीया थारू, लिम्बू, राई बान्तवा, भोजपुरी, तामाङ, मगर, गुरुङ, पश्चिमा थारू, अवधी, खाम मगर, राना थारू, डोटेली गरी १६ राष्ट्रिय भाषामा मतदाता शिक्षा सामग्रीहरू प्रकाशन गरेको थियो ।

### ९.५.२.१.१० मतदाता शिक्षा सामग्री छपाइ तथा वितरण

संविधान सभा सदस्य निर्वाचनमा मतदाता शिक्षाका लागि नेपाली भाषामा ३१ लाख २५ हजार थान मतदाता शिक्षा हातेपुस्तिका, संविधान सभा सदस्य निर्वाचनका सन्दर्भमा बारम्बार सोधिने प्रश्नहरूको सँगालो ९ लाख प्रति, विभिन्न ५ प्रकारका १४ लाख थान पोस्टर नेपाली भाषामा तयार गरिएको थियो । यी सामग्री निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकद्वारा गाउँगाउँमा वितरणको व्यवस्था मिलाइएको थियो । संविधान सभा सदस्य निर्वाचनसँग सम्बन्धित केही प्रमुख जानकारीहरूलाई ब्रेल लिपिमा समेत प्रकाशन गरी राष्ट्रिय अपाङ्ग महसंघ मार्फत वितरण गरिएको थियो । नेपाली भाषामा तयार गरिएको पोस्टरलाई विभिन्न १६ राष्ट्रिय भाषाहरूमा अनुवाद गरी छपाइ तथा वितरण गरिएको थियो । प्रत्येक निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकलाई कम्तीमा २ वटाका दरले फ्लिप चार्ट प्रदान गरी यसैको माध्यमबाट गाउँ स्तरमा मतदाता शिक्षा सञ्चालन गरिएको थियो । त्यसै गरी करिब १ लाख ५० हजारको सङ्ख्यामा स्टिकर छपाइ गरी सार्वजनिक यातायातका साधन तथा सार्वजनिक स्थानमा टाँस गरी मतदाता शिक्षालाई अझ व्यापक र प्रभावकारी बनाइएको थियो । त्यसै गरी, निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूको लागि सहयोगी पुस्तिका तथा स्रोत पुस्तिका तयार गरिएको थियो ।

### ९.५.२.१.११ मतदाता शिक्षा सामग्री प्रकाशन प्रसारणमा विभिन्न संस्थासँग भएको सम्झौता

संविधान सभा सदस्य निर्वाचन, २०७० का सन्दर्भमा मतदाता शिक्षा सम्बन्धी गतिविधि तथा कार्यक्रम सञ्चालन गर्नको लागि देहाय बमोजिम नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको सूचना विभाग, टेलिभिजन तथा रेडियोहरूसँग सम्झौता गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइएको थियो ।

#### (क) नेपाल टेलिभिजन

निर्वाचनको सन्दर्भमा भएका गतिविधिहरूको प्रभावकारी रूपमा प्रसारणको व्यवस्था मिलाउने, विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने तथा आयोगले उत्पादन गरेका मतदाता शिक्षाका सामग्रीहरू नियमित रूपमा प्रसारण गर्ने कार्यका लागि नेपाल टेलिभिजनसँग सम्झौता गरी मतदाता शिक्षा सामग्री प्रसारणको व्यवस्था मिलाइएको थियो ।

त्यसै गरी संविधान सभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचन तर्फ १२२ दलले पेश गरेको बन्दसूचीका आधारमा निश्चित समयावधि तोकेर संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० मा रहेको व्यवस्था समेतका आधारमा निःशुल्क प्रसारण

अवधि तय गरी राजनीतिक दलहरूलाई आफ्ना घोषणापत्र प्रसारणको व्यवस्था मिलाइएको थियो ।

### (ख) रेडियो नेपाल

निर्वाचनको सन्दर्भमा भएका गतिविधिहरूको प्रभावकारी रूपमा प्रसारणको व्यवस्था मिलाउने, विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने तथा आयोगले उत्पादन गरेका मतदाता शिक्षाका सामग्रीहरू नियमित रूपमा प्रसारण गर्ने कार्य समेतका लागि रेडियो नेपालसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरिएको थियो ।

निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूची पेश गर्ने १२२ दललाई ती दलबाट पेश भएको बन्दसूचीको आधारमा निश्चित समयावधि तोकेर संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० मा रहेको व्यवस्था समेतका आधारमा निःशुल्क प्रसारण अवधि तय गरी रेडियो नेपाल मार्फत आ-आफ्ना घोषणापत्र प्रसारण गर्ने व्यवस्था मिलाइएको थियो ।

### (ग) स्थानीय स्तरमा सञ्चालित रेडियो तथा टेलिभिजनहरू

मूलुकका विभिन्न जिल्लामा निजीक्षेत्रबाट सञ्चालनमा रहेका ३१ वटा टेलिभिजनहरू र ३८६ वटा एफ.एम. रेडियोहरूबाट समेत मतदाता शिक्षा सम्बन्धी सामग्रीहरू प्रसारणको व्यवस्था मिलाइएको थियो । एफ.एम. रेडियोहरूबाट मतदाता शिक्षा विषयक साप्ताहिक कार्यक्रम तयार गरी प्रसारण गर्ने व्यवस्था मिलाइएको थियो । यस्तो कार्यक्रम सञ्चालन गर्ने मोडालिटी आयोगबाट स्वीकृत गरी पठाइएको थियो । कार्यक्रमको विस्तृत विवरण भने सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले नै तय गरेका थिए । यो कार्यक्रम देशभरका एफ.एम. रेडियोहरूबाट सकेसम्म जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयका नियमित गतिविधि समेत समेटी स्थानीय भाषामा कम्तीमा ८ भागसम्म प्रसारण गरिएको थियो ।

### (घ) मिडिया एसोसिएशनहरू

मतदाता शिक्षा सामग्री र निर्वाचनका विविध गतिविधिहरू प्रभावकारी प्रचार-प्रसारको लागि टेलिभिजन तथा रेडियोका एसोसिएशनहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिएको थियो । यस सन्दर्भमा टेलिभिजन ब्रोडकास्टर्स नेपाल, रेडियो ब्रोडकास्टर्स फोरम, ब्रोडकास्टिङ एसोसिएशन अफ नेपाल र सामुदायिक रेडियो प्रसारक संघ गरी जम्मा ४ वटा संस्थाहरूसँग सम्झौता गरिएको थियो । उक्त एसोसिएशन सम्बद्ध रेडियो तथा टेलिभिजनहरूले आयोगले उपलब्ध गराएका जिंगल, पि.एस.ए. का अतिरिक्त मतदाता शिक्षालाई प्रभावकारी बनाउन सघाउ पुग्ने विभिन्न जनचेतनामूलक कार्यक्रमहरू निर्माण तथा प्रसारण गरेका थिए ।

**(ङ) राष्ट्रिय समाचार समिति**

निर्वाचनको समयमा आधिकारिक समाचार सङ्कलन र सम्प्रेषण गर्नको लागि राष्ट्रिय समाचार समितिसँग सम्झौता गरी देशका सबै निर्वाचन क्षेत्रबाट समयमै आधिकारिक समाचार सङ्कलन तथा सम्प्रेषणको कार्य भएको थियो ।

**(च) गोरखापत्र संस्थान**

निर्वाचनका समयमा मतदाता शिक्षाको लागि प्रचार-प्रसार गर्न र आयोगका सूचनाहरू गोरखापत्रबाट दैनिक रूपमा प्रकाशन हुने नयाँ नेपाल शीर्षकमा प्रयोग हुने भाषामा प्रकाशन गर्नको लागि गोरखापत्र संस्थानसँग सम्झौता गरी कार्यान्वयन गरिएको थियो ।

**(छ) सूचना विभाग**

ब्रोडसीट दैनिक बाहेकका अन्य दैनिक तथा सूचना विभागको वर्गीकरणमा परेका साप्ताहिक/मासिक पत्रिकाहरूमा आयोगले तोकेका विज्ञापन तथा सूचना प्रकाशन गर्नको लागि नेपाल सरकार, सूचना विभागसँग सम्झौता गरी सूचना तथा सन्देशमूलक जानकारीहरू प्रकाशनको व्यवस्था मिलाइएको थियो ।

## ९.५.२.१.१२ मतदाता शिक्षाका लागि जनशक्ति परिचालन

मतदाता शिक्षाका लागि हरेक जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा एकजनाको दरले मतदाता शिक्षा जिल्ला समन्वयकर्ता तोकिएको थियो । यस्ता समन्वयकर्ताले आफ्नो निर्वाचन क्षेत्रको मतदाता शिक्षा सञ्चालनको सम्बन्धमा जिल्ला स्तरीय सहयोग तथा समन्वयको जिम्मेवारी पूरा गरेका थिए । यसै गरी प्रत्येक गाउँ विकास समिति तथा नगरपालिका वडाहरूमा एकएक जनाको दरले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वडा सचिवलाई मतदात शिक्षा स्थानीय समन्वयकर्ताको रूपमा तोकिएको थियो । स्थानीय समन्वयकर्ताले स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नको लागि सर्बपक्षीय समन्वय गर्ने कार्य गरेका थिए । त्यसै गरी, प्रत्येक गाउँ विकास समिति वा नगरपालिका वडामा एकएक जनाको दरले जम्मा ४ हजार ७२१ जना निर्वाचन शिक्षा कार्यकर्ता र प्रत्येक मतदानस्थलमा एकजनाको दरले जम्मा १० हजार १३ जना मतदात शिक्षा स्वयंसेवकहरू तोकिएको थियो उनीहरूले आम मतदाताको घरदैलोमा गई मतदातालाई शिक्षा प्रदान गर्ने कार्य गरेका थिए । यसका साथै सम्बन्धित मतदान स्थल रहेको संस्थाको प्रमुखलाई त्यस क्षेत्रको मतदाता शिक्षा सुपरीवेक्षकको जिम्मेवारी तोकिएको थियो । उनीहरूले आफ्नो क्षेत्रका मतदाता शिक्षा स्वयंसेवक तथा निर्वाचन शिक्षा कार्यकर्ताहरूलाई सहयोग तथा समन्वय गरी मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यमा सहयोग गरेका थिए ।

### ९.५.३ मिडिया सेन्टर

संविधान सभा सदस्य निर्वाचन सञ्चालनको सिलसिलामा निर्वाचन अवधिभर आयोग, जिल्ला निर्वाचन कार्यालयहरू, निर्वाचन अधिकृतका कार्यालयहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू बिच समन्वय कायम गरी निर्वाचन सम्बन्धी सूचना तथा जानकारीहरू एकीकृत रूपमा सञ्चार माध्यम मार्फत आमनागरिक,मतदाता तथा सरोकारवाला सबैलाई उपलब्ध गराउन आयोगमा मिडिया सेन्टरको स्थापना र सञ्चालन गरिएको थियो । यसको स्थापना र सञ्चालनमा UNDP/ESP को सहयोग प्राप्त भएको थियो ।

मिडिया सेन्टरबाट प्रत्येक दिन निर्वाचन सम्बन्धी सूचना तथा जानकारीहरू आम सञ्चार माध्यमलाई उपलब्ध गराउने गरिएको थियो । आयोगमा हुने पत्रकार भेटघाट कार्यक्रम समेत यही सेन्टरमा आयोजना गर्ने गरिएको थियो ।

#### ९.५.३.१. मिडिया सेन्टरको काम, कर्तव्य तथा अधिकार

मिडिया सेन्टरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम निर्धारण गरिएको थियो-

(क) मिडिया सेन्टर विकास, निर्माण र प्रयोगका सन्दर्भमा संलग्न भई काम गर्ने,

(ख) आयोगका क्रियाकपालसँग सम्बन्धित सम्प्रेषण सूचना छिटो छरितो रूपमा सञ्चार माध्यममार्फत आम नागरिक समक्ष पुऱ्याउने,

(ग) सञ्चार क्षेत्र तथा विभिन्न सञ्चार माध्यमको विवरण राख्ने र समन्वय गर्ने,

(घ) निर्वाचनको समयमा सूचना विभागसँग समन्वय गरी सञ्चारकर्मीहरूलाई accrediation समेतको सेवा उपलब्ध गराउने,

(ङ) निर्वाचनसँग सम्बन्धित आम चासोका विषयमा आयोगको निर्देशानुसार सञ्चार माध्यमलाई सूचना उपलब्ध गराउने,

(च) आयोगले तोकेका अन्य कार्यहरू गर्ने ।

#### ९.५.३.२ कर्मचारी व्यवस्थापन

मिडिया सेन्टरमा देहाय बमोजिमको जनशक्ति रहने व्यवस्था गरिएको थियो-

| | | |
|---|---|---|
| (क) | संयोजक | १ |
| (ख) | सहसंयोजक | १ |
| (ग) | सूचना अधिकारी | १ |

| | | |
|---|---|---|
| (घ) | संचार समन्वय अधिकृत | १ |
| (ङ) | मिडिया सेन्टर व्यवस्थापन अधिकृत | १ |
| (च) | आई.टी. इन्जिनियर/कम्प्युटर अधिकृत | १ |
| (छ) | कम्प्युटर अपरेटर | २ |
| (ज) | ना.सु. | १ |
| (झ) | सम्पादक | १ |
| (ञ) | फोटोग्राफर | १ |
| (ट) | अडियो भिडियो टेक्निसियन | १ |
| (ठ) | कार्यालय सहयोगी | १ |

### ९.५.३.३. सञ्चार प्रतिनिधिका लागि मिडिया सेन्टरबाट प्रदान गरिएका सेवा

(क) तस्वीर र दृश्य लिन फोटोपत्रकार र क्यामेराम्यानका लागि करिब ८० जना क्षमताको पत्रकार सम्मेलन र अन्य कार्यक्रमको आयोजना गर्नको लागि सभाहल,

(ख) सञ्चार प्रतिनिधिहरूको लागि मिडिया सेन्टरभित्र इन्टरनेट सहितका कम्प्युटर ।

(ग) टेलिफोन सेवा तथा डिजिटल प्रस्तुतीकरण ।

### ९.५.४ कल सेन्टर

२०७० मङ्सिर ४ गते सम्पन्न भएको संविधान सभा सदस्यको निर्वाचनको सम्बन्धमा आम नागरिकका चासो, जिज्ञासा, प्रश्न एवं अपेक्षाहरू तत्कालै सम्बोधन गर्ने उद्देश्यले निर्वाचन आयोग परिसरमा यु.एन.डी.पी./ई.एस.पी.को सहयोगमा कल सेन्टरको स्थापना गरिएको थियो। मतदाता शिक्षा अन्तर्गत एक अभिन्न केन्द्रको रूपमा रहेको कल सेन्टरबाट मतदाता/आमजनता र आयोगबिच दोहोरो सम्बन्ध कायम गर्न टेवा मिलेको थियो। यस केन्द्रबाट मतदाताका जिज्ञासा, निर्वाचन प्रकृया बारेका अस्पष्टता, मतदाता नामावली सम्बन्धी जानकारी एवं मतदाता परिचय पत्र र मतदान केन्द्र बारे सरोकारवालाहरूले सोधेका प्रश्नहरूको जवाफ प्रदान गर्ने कार्य भएको थियो। मिति २०७० कार्तिक २८ गते विहीबार यु.एन.डी.पी./ई.एस.पी.बाट हस्तान्तरण भई सञ्चालनमा आएको थियो ।

### ९.५.४.१ उद्देश्य

अर्को संविधान सभा निर्वाचन कार्यक्रमका लागि निर्वाचन एवं मतदाता शिक्षा अन्तर्गत सञ्चालन भएको कल सेन्टरको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका थिए-

(क) निर्वाचन र मतदाता शिक्षा सम्बन्धी सबै विषयको जानकारी प्रत्यक्ष रूपले आममतदातालाई गराउनु,

(ख) आयोग र मतदाताबिचको प्रत्यक्ष सम्पर्क र संवादलाई अभिवृद्धि गर्नु,

(ग) आधुनिक प्रविधिबाट विभिन्न सामाजिक सञ्जालहरूको प्रयोग गरी मतदाता सरोकारका विषयको संवोधन गर्नु ।

### ९.५.५ आमसञ्चार माध्यमको अनुगमन

२०७० मङ्सिर ४ गते भएको अर्को संविधान सभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगबाट आम सञ्चार माध्यमको अनुगमन गर्न अयोगको सूचना तथा सञ्चार नीति, २०७० अनुसार मिडिया अनुगमन निर्देशिका बनाई कार्यक्रम सञ्चालन गरिएको थियो । निर्देशिकाले मिडिया अनुगमनका लागि विभिन्न समिति र एकाईको व्यवस्था गरे बमोजिम समितिहरूले कार्य गरेका थिए । सञ्चार माध्यम अनुगमन एकाईको कार्यलाई सहयोग गर्ने कार्य नेपाल प्रेस इन्स्टिच्युटले गरेको थियो ।

## ९.६ आर्थिक व्यवस्थापन

### ९.६.१ बजेट तथा कार्यक्रम

संविधान सभा निर्वाचन, २०७० को व्यवस्थापन तथा सञ्चालनका लागि अर्को संविधान सभा परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार, शान्ति कोषको सचिवालयमा पठाइएको थियो । विशेषतः मतदाता शिक्षा तथा तालिम, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, प्रकाशन तथा परिचय पत्र वितरण, निर्वाचनका लागि जनशक्ति परिचालन, सामग्री खरिद तथा ढुवानी, निर्वाचन अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यका लागि २ वटा परियोजनाको प्रस्ताव आयोगबाट स्वीकृत गरी नेपाल शान्ति कोष सचिवालयमा पेश गरिएको थियो । आयोगबाट पेश गरिएका परियोजना प्रस्ताव शान्ति कोष सचिवालयबाट स्वीकृत भएपछि संविधान सभा सदस्य निर्वाचनका क्रियाकलापहरू सञ्चालन गर्न सहज भएको थियो । शान्ति कोष सचिवालयबाट स्वीकृत भई कार्यान्वयन गरिएका दुईवटा परियोजनाको सङ्क्षिप्त विवरण निम्नानुसार रहेको छ ।

### ९.६.१.१ बजेट प्राप्ति, निकासा र खर्च

#### ९.६.१.१.१ बजेट प्राप्ति

अर्को संविधान सभा सदस्य निर्वाचनका लागि नेपाल शान्तिकोष सचिवालयबाट निर्वाचन आयोगलाई Next Constitution Assembly Election (NCAE) परियोजना तथा ONCAE Operating Next Constitution Assembly Election (ONCAE) परियोजना मार्फत सहयोग प्राप्त भएको थियो ।NCAE परियोजनातर्फ रू. ४ अर्ब ७५ करोड ६४ लाख ९३ हजार २१० को सम्झौता भएकोमा रू. २ अर्ब १८ करोड १५ लाख २५ हजार २९७ प्राप्त भएको थियो भने ONCAE परियोजना तर्फ रू. ३ अर्ब सम्झौता भएकोमा रू. ३ अर्ब नै बजेट प्राप्त भएको थियो । NCAE परियोजनामा नेपाल सरकारको अतिरिक्त विभिन्न ८ वटा दातृ राष्ट्रको बजेट  समेत समावेश थियो भने ONCAE परियोजनामा नेपाल सरकारको मात्र बजेट समावेश गरिएको थियो । NCAE परियोजनामा प्राप्त बजेट निकासा विवरण अनुसूची ५७ मा दिइएको छ ।

### ९.६.१.२ बजेट निकासा

अर्को संविधान सभा सदस्य निर्वाचनमा शान्ति कोष सचिवालयबाट निर्वाचन आयोगलाई प्राप्त बजेट आयोगबाट ७५ जिल्ला निर्वाचन कार्यालय, २४० निर्वाचन अधिकृतको कार्यालय र ७५ जिल्ला प्रशासन कार्यालयलाई पेश्कीको रूपमा निकासा दिइएको थियो ।

### ९.६.१.३ बजेट खर्च

अर्को संविधान सभा सदस्य निर्वाचनमा निर्वाचन आयोग, ७५ जिल्ला निर्वाचन कार्यालय, २४० निर्वाचन अधिकृतको कार्यालय र ७५ जिल्ला प्रशासन कार्यालयबाट बजेट खर्च गरिएको थियो । खर्चको विवरण अनुसूची ५८ मा दिइएको छ ।

### ९.६.२ नेपाल सरकारको खर्च र मित्र राष्ट्रहरूको सहयोग

अर्को संविधान सभा सदस्य निर्वाचनमा विभिन्न दातृ राष्ट्रबाट प्राप्त भएको नगद सहयोग र नेपाल सरकारको स्रोतबाट प्राप्त बजेट  समेतको निकासा र खर्चको विवरण अनुसूची ५९ मा दिइएको छ ।

संविधान सभा सदस्य निर्वाचन, २०७० का लागि विभिन्न ८ दातृ राष्ट्रको बजेट NCAE परियोजनामा नेपाल शान्ति कोष सचिवालय मार्फत आयोगलाई प्राप्त भएको थियो । NCAE परियोजनामा रू. ४ अर्ब ७५ करोड ६४ लाख ९३ हजार २१० सम्झौता भएकोमा रू. २ अर्ब १८ करोड१५ लाख २५ हजार २९७ अर्थात् सम्झौता रकमको ४५.८६ प्रतिशत रकम मात्र प्राप्त भएको थियो । दातृ राष्ट्रबाट प्राप्त रकमको स्रोत वैदेशिक नगद अनुदान

थियो। NCAE परियोजनामा रु ३ अर्ब ६ करोड ३० लाख ४१ हजार ७३६ र पैसा ३२ खर्च भएको थियो।

JFA नम्बर अनुसार बजेट विनियोजन र खर्चको विवरण अनुसूची ६० मा दिइएको छ।

खर्च भएको बजेट मध्ये JFA नम्बर १ कर्मचारी सम्बन्धी खर्चमा सबैभन्दा बढी रू. १ अरब ९६ करोड ५३ लाख १३ हजार ४७३ र JFA नम्बर ६ उपकरण सम्बन्धी खर्चमा सबैभन्दा कम रू. ३ करोड ९४ लाख ५८ हजार ६१२ खर्च भएको थियो।

उपलब्धि अनुसारको बजेट प्राप्ति र खर्चको विवरण अनुसूची ६१ मा दिइएको छ।

### ९.६.३ वैदेशिक स्रोत परिचालन

आयोगले निर्वाचनका लागि सोही आर्थिक वर्षको बजेटमा नेपाल सरकारले विनियोजन गरेको रकम आन्तरिक स्रोतको रूपमा परिचालन गरेको थियो भने विभिन्न मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त द्विपक्षीय र वहुपक्षीय वस्तुगत तथा प्राविधिक सहयोगलाई वैदेशिक सहायताका रूपमा उपयोग गरेको थियो।

### ९.६.३.१ कानुनी तथा नीतिगत व्यवस्था

निर्वाचन आयोग ऐन, २०६३ को दफा ३३ मा आयोगले निर्वाचनको काम सम्पन्न गर्नका लागि नियमित बजेट शीर्षकबाट विनियोजित रकमका अतिरिक्त नेपाल सरकारको सहमतिमा छुट्टै वित्तीय स्रोत जुटाउन वा सहायता प्राप्त गर्ने व्यवस्था छ। यो कानुनी व्यवस्थाका आधारमा आयोगले नेपाल सरकारको सहमति लिई वैदेशिक सहायता जुटाउन देहायको व्यवस्था गरेको थियो-

### ९.६.३.१.१ वैदेशिक सहायता सम्बन्ध समिति

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को व्यवस्थापन गर्न आवश्यक पर्ने भौतिक, आर्थिक, प्राविधिक स्रोत तथा साधनहरू वैदेशिक स्रोतबाट समेत प्राप्त गर्न वैदेशिक सहयोगको क्षेत्र पहिचान गर्न, द्विपक्षीय र वहुपक्षीय प्राविधिक तथा वस्तुगत सहायता प्राप्त गर्न तथा सोको उपयोग तथा व्यवस्थापन सम्बन्धी समग्र कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन माननीय निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुरको संयोजकत्वमा मिति २०७०।२।१ गते देहाय बमोजिमको वैदेशिक सहायता/ सम्बन्ध समिति गठन भएको थियो-

(क) मा. निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुर - संयोजक

(ख) सचिव, निर्वाचन आयोग - सदस्य

(ग) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सह सचिव, प्रशासन महाशाखा - सदस्य

(च) उप सचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा - सदस्य-सचिव

**उक्त समितिलाई देहायको कार्य जिम्मेवारी दिइएको थियो-**

(क) आयोगलाई आवश्यक पर्ने वैदेशिक सहयोगको क्षेत्र पहिचान गर्ने,

(ख) आयोगको वैदेशिक सहयोग सम्बन्धी नीतिको मसौदा तयार गर्ने, गराउने,

(ग) आयोगका लागि आवश्यक पर्ने वैदेशिक सहयोग लिने सम्बन्धमा सिफारिश गर्ने,

(घ) प्राप्त सहयोगको प्रभावकारी परिचालन तथा उपयोग गर्ने/गराउने व्यवस्था गर्ने,

(ङ) वैदेशिक सहयोग सम्बन्धी कार्यहरूको निर्देशन, समन्वय र अनुगमन एवं मूल्याङ्कन गर्ने ।

### ९.६.३.१.२ वैदेशिक सम्बन्ध एकाई

समितिको कार्यलाई सहज बनाउन तथा कार्यसम्पादनलाई शीघ्र बनाउननका लागि आयोगको निर्णयानुसार प्रशासन महाशाखाका सहसचिवको संयोजकत्वमा योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाका उपसचिव, अर्थमन्त्रालयका उपसचिव तथा शाखाका अन्य कर्मचारी समेत रहने गरी सात सदस्यीय वैदेशिक सम्बन्ध एकाईको गठन भएको थियो । वैदेशिक सम्बन्ध एकाईको कार्यविवरण निम्नानुसार रहेको थियो-

(क) वैदेशिक सहयोग/सम्बन्ध तथा समन्वयका लागि वैदेशिक सहयोग/सम्बन्ध समितिको सिफारिशमा आयोगको निर्देशन अनुसार सम्बन्धित निकायमा (द्विपक्षीय, बहुपक्षीय) पत्राचार गर्ने ।

(ख) निर्वाचनको विभिन्न प्रक्रियामा आवश्यक पर्ने वैदेशिक स्रोत, साधन प्राप्त गर्ने सम्बन्धमा आयोग र समितिको निर्देशन बमोजिम कार्य गर्ने ।

(ग) आयोगबाट हुने वैदेशिक भ्रमण सम्बन्धी अध्ययन, निर्वाचन अवलोकन, सभा सेमिनार, तालिम तथा विदेशबाट आयोगमा हुने भ्रमण सम्बन्धी कार्यक्रमको कुटनीतिक व्यवस्था मिलाउने ।

(घ) निर्वाचन सम्बन्धी सहयोग परियोजना तथा अन्य दातृ निकायहरूबिच समन्वय गरी समितिको सिफारिश तथा आयोगको निर्देशन बमोजिम पत्राचार गर्ने ।

(ङ) वैदेशिक सहायता स्वीकार गर्ने सम्बन्धमा एकाईले वैदेशिक समिति मार्फत आयोगमा पेश गर्ने ।

(च) आयोग तथा वैदेशिक सम्बन्ध समितिको निर्देशन बमोजिम अन्य काम गर्ने ।

अर्को संविधान सभा सदस्य निर्वाचनको सन्दर्भमा वैदेशिक सहयोग/सम्बन्ध समितिको निर्देशनमा उक्त एकाईले देहाय बमोजिमको कार्य सम्पन्न गरेको थियो :-

(क) जापान, चीन तथा भारत सरकारबाट प्राप्त हुने निर्वाचन सामग्री तथा सवारी साधनको प्रस्ताव तयार गरी आयोगबाट निर्णय भएपश्चात् अर्थ मन्त्रालय मार्फत सम्बन्धित राजदूतावासमा पठाएको थियो ।

(ख) जापान तथा चीन सरकारबाट नियुक्त आपूर्तिकर्तासँग गरिने सम्झौता पत्रको मसौदा तयार गरेको थियो ।

(ग) जापान सरकारको आधिकारिक खरिद अभिकर्ता JapanInternational Co-operation Service र चीन सरकारको आपूर्तिकर्ता China Wuyi Company Ltd. सँग सम्झौता गरेको थियो ।

(घ) भारत सरकारबाट प्राप्त हुने सवारी साधनहरू मध्ये महिन्द्रा कम्पनीको काठमाडौँस्थित आधिकारिक अभिकर्ता अग्नि इन्कर्पोरेटेड प्रा.लि. र टाटा कम्पनीको आधिकारिक अभिकर्ता सिप्रदी कम्पनी लिमिटेडसँग समन्वय गरेको थियो ।

(ङ) माथि उल्लिखित मित्र राष्ट्रबाट प्राप्त भएका सामग्रीको भन्सार तथा मूल्य अभिवृद्धि कर छुट, एयरपोर्टमा ग्राउण्ड हैन्डलिङ, हवाइजहाज अवतरणको विशेष व्यवस्था तथा एयरपोर्टभित्रैबाट सोझै ट्रकमा सामग्री लोड गरी ल्याउने तथा उल्लिखित सबै कार्य एवं सामग्रीको सुरक्षा व्यवस्थाका लागि सम्बन्धित निकायसँग समन्वय गरेको थियो ।

(च) विभिन्न समयमा चीन, जापान तथा भारतीय राजदूतावासका कर्मचारीहरूसँग सामग्री आपूर्ति सम्बन्धमा छलफल र सहजीकरण गरेको थियो ।

(छ) अर्को संविधान सभा सदस्य निर्वाचनका लागि आवश्यक सहयोग प्राप्त गर्ने सम्बन्धमा UNDP/ESP, IFES, International IDEA, Asia Foundation, European Union तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँग पत्राचार तथा समन्वय गरेको थियो ।

### ९.६.४ सहायता दिने मित्र राष्ट्र तथा संस्था

अर्को संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्न नेपाल सरकार र नेपाल शान्ति कोषबाट बजेट प्राप्त भए तापनि मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय संघ/संस्था तथा दाताहरूबाट वस्तुगत तथा प्राविधिक सहयोग उपलब्ध गराउने इच्छा व्यक्त भएकोले केही मित्रराष्ट्रहरूबाट वस्तुगत अनुदान तथा प्राविधिक सहायता स्वीकार गरिएको थियो। वैदेशिक सहायता अन्तर्गत प्राप्त र अन्य मूलुकबाट खरिद गरिएको निर्वाचन सामग्रीमा नेपाल सरकारबाट १ प्रतिशत भन्सार महसूल मात्र लिई अन्तःशुल्क, मूल्य अभिवृद्धि कर  लगायतका शुल्क छुट दिइएको थियो। अन्तर्राष्ट्रिय संघ/संस्थाबाट प्राप्त सहयोगको विवरण देहाय बमोजिम रहेको छ-

#### (क) जापान सरकार

जापान सरकारले Japan's Grant Aid for Conflict Prevention and Peace Bulding for the Project for Assistance to the Constituent Assembly Election(2013), Nepal नामक परियोजना मार्फत निर्वाचन आयोगलाई जापानी येन १४ करोड ९० लाख (नेपाली मुद्रा करिब रू. १४ करोड १० लाख ५२ हजार ६७९) बराबरको निर्वाचन सामग्री सहायता गर्ने सम्बन्धमा अर्थ मन्त्रालय र जापानी राजदूतावासबिच जुलाई २४, २०१३ मा अर्थ मन्त्रालयमा Note of exchange मा हस्ताक्षर भएपश्चात् सामग्री प्राप्त गर्ने प्रक्रिया अगाडि बढाइएको थियो।

मतदान केन्द्रमा प्रयोग हुने सामग्री मध्ये मत पेटिका बन्द गर्ने ४ प्रकारका सुरक्षण सील (सेतो, सुन्तला, हरियो र हल्का नीलो रङका) मत पेटिकामा टाँस्ने स्टिकर २ प्रकारका (हल्का रातो र हल्का नीलो रङका), गोप्य मतदान कक्षमा लगाउने छेकाबारा २ प्रकारका (हल्का रातो र हल्का नीलो रङका) गरी जम्मा ८ प्रकारका निर्वाचन सामग्री सहयोग स्वरूप उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालय मार्फत जापानी दूतावासमा प्रस्ताव पठाउन आयोगले मिति २०७०।३।१४ मा निर्णय गरेको थियो। उक्त ८ प्रकारका सामग्रीहरूको स्पेसिफिकेशन आयोगबाट मिति २०७०।४।२ मा स्वीकृत भएको थियो। जापान सरकारका तर्फबाट जापान सरकारको आधिकारिक एजेन्ट Japan International Cooperation Service (JICS) ले सामग्री उपलब्ध गराउने र सो वापत लाग्ने कमिशन रू. १ करोड १५ लाख ७१ हजार ४२९ सामग्रीको मूल्यमा नै समावेश गरी प्रस्ताव तयार गरिएको थियो।

Japan International Cooperation service (JICS) ले आयोगलाई सामान उपलब्ध गराउने सम्बन्धमा आयोगको मिति २०७०।५।९ को निर्णयानुसार २०७० भाद्र २५ गते (September 10, 2013) योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाका प्रमुख तथा JICS का तर्फबाट Assistant Project Manager Mr. Yu Tereda बिच सम्झौता भएको

थियो । खरिद अभिकर्ता (JICS) ले ८ प्रकारका सामग्रीको खरिद प्रक्रियामा ठेक्कापट्टा हुँदा जापान सरकारले आयोगलाई उपलब्ध गराएको सहयोग रकम बाँकी रहेकोले थप सामग्री उपलब्ध गराउन सक्ने जानकारी प्राप्त गराएको थियो । JICS बाट यस प्रकारको जानकारी प्राप्त भएपछि समानुपातिक निर्वाचन प्रणालीका लागि आवश्यक पर्ने देखिएको ठूलो आकारको मत पेटिका उपलब्ध गराइदिन अनुरोध गर्न उपयुक्त हुने देखी ८० लिटर क्षमताका २० हजार थान मत पेटिका उपलब्ध गराइदिन नेपाल सरकार अर्थ मन्त्रालय मार्फत जापानी राजदूतावासलाई अनुरोध गरिएको थियो ।

खरिद अभिकर्ता JICS ले सुरक्षण सिलहरू बेलायतबाट, मत पेटिका डेनमार्कबाट र मत पेटिकामा टाँस्ने स्टिकर र छेकाबारा भारतबाट ल्याउने प्रबन्ध मिलाएको थियो । तोकिएको समयमा आयोगमा प्राप्त भएका सामग्रीहरू कार्यवाहक जापानी राजदूत Mr. Shuichi Sakakibara ले आयोगका सचिव नरेन्द्र दाहाललाई मिति २०७०।७।५ गते आयोगको सभाकक्षमा हस्तान्तरण गर्नुभएको थियो ।

जापान सरकारले ९ प्रकारका सामग्रीहरू उपलब्ध गराएपश्चात् पनि आयोगलाई उपलब्ध गराएको अनुदान सहायताको रकम बाँकी रहेकोले सम्झौता बमोजिम रू. १ करोड ९६ लाख ५५ हजार ६९६ अर्थ मन्त्रालय मार्फत जापान सरकारलाई फिर्ता पठाइएको थियो ।

**(ख) चीन सरकार**

चीन सरकारबाट मतदान केन्द्रमा प्रयोग हुने करिब रू. २२,०५,६२,५०० मूल्य बराबरका ४१ प्रकारका सामग्रीहरू उपलब्ध गराउन प्रारम्भिक छलफल भए बमोजिम प्रस्ताव तयार गरी आयोगको मिति २०७०।२।२८ को निर्णय अनुसार नेपाल सरकार अर्थ मन्त्रालय मार्फत चिनियाँ दूतावासमा पत्र पठाइएको थियो । ती सामग्रीको स्पेसिफिकेशन आयोगको मिति २०७०।३।१७ गतेको निर्णयानुसार स्वीकृत भई सो समेत संलग्न गरी अर्थ मन्त्रालय मार्फत चीनियाँ दूतावासमा पठाइएको थियो । यस सम्बन्धमा चीन सरकारले अर्को संविधान सभा सदस्य निर्वाचनमा १ करोड युआन बराबरका सामग्री मात्र सहयोग स्वरूप उपलब्ध गराउन सक्ने जानकारी गराउदै नेपाल सरकारबाट अनुरोध भए बमोजिम विभिन्न ४१ प्रकारका सामग्रीमा सबै सामग्री उपलब्ध गराउन नसक्ने भनी चीन सरकारको तर्फबाट चिनियाँ दूतावासले अगष्ट ६, २०१३ मा जानकारी गराएको थियो । चीन सरकारबाट यस प्रकारको जानकारी प्राप्त भएपछि स्थानीय बजारमा सजिलै उपलब्ध हुन नसक्ने खालका विभिन्न १६ प्रकारका सामग्रीहरू उपलब्ध गराइदिन अनुरोध गर्ने गरी आयोगबाट मिति २०७०।४।२९ मा निर्णय भई सोही बमोजिम पुनः चिनियाँ दूतावास मार्फत चीन सरकारलाई अनुरोध गरी पठाइएको थियो ।

चीन सरकारले उपलब्ध गराएका निर्वाचन सामग्रीहरूमा जेलपेन रातो, जेलपेन कालो, मार्कर पेन, पुसपिन, क्लिप पिन, स्ट्याप्लर मेसिन, स्ट्याप्लर मेसिनको पिन, पञ्चिङ मेसिन,

कैंची, स्केल, क्यालकुलेटर, स्ट्याम्प प्याड, स्ट्याम्प प्याडको मसी, ग्लुस्टिक, टेबुल घडी तथा म्याटप्याड थिए ।

चीन सरकारका तर्फबाट चिनियाँ राजदूत Mr. Wu Chuntai ले आयोगका सचिवलाई मिति २०७०।६।१८ गते आयोगको सभाकक्षमा सामग्रीहरूको औपचारिक हस्तान्तरण गर्नु भएको थियो ।

**(ग) भारत सरकार**

भारत सरकारबाट विद्युतीय मतदान उपकरण र सवारी साधन प्राप्त गर्ने सम्बन्धमा अर्थ मन्त्रालय मार्फत प्रस्ताव पठाउन आयोगबाट मिति २०७०।२।१७ गते निर्णय भएको थियो । संविधान सभा सदस्य निर्वाचनमा भाग लिने उद्देश्यले १३० राजनीतिक दल दर्ता भएका कारणले विद्युतीय मतदान उपकरण प्रयोग गर्नसक्ने अवस्था नभएकोले सवारी साधन प्राप्तिको प्रक्रियालाई मात्र अगाडि बढाइएको थियो । भारत सरकारबाट महिन्द्रा डबल क्याब पिकअप ४० थान, महिन्द्रा स्कोर्पियो जीप ५ थान र टाटा मिनि ट्रक ३ थान गरी जम्मा ४८ थान सवारी साधनहरू सहयोग स्वरूप प्राप्त भएका थिए । प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको समुपस्थितिमा भएको सहयोग हस्तान्तरण कार्यक्रममा भारतका महामहिम राजदूत रञ्जित रे (Ranjeet Ray) ले आयोगका सचिवलाई सवारी साधनहरूको साँचो हस्तान्तरण गर्नु भएको थियो ।

**(घ) यु.एन.डी.पी./ई.एस.पी. (UNDP/ESP)**

निर्वाचन आयोगको आवश्यकताअनुसार भौतिक पूर्वाधार निर्माण तथा सुधार, प्राविधिक परामर्श सेवा, क्षमता विकास, तालिम, मतदाता शिक्षा, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम र अन्य भौतिक उपकरण आदिका क्षेत्रमा सहायता उपलब्ध गराउने उद्देश्यले आयोग परिसरमा नै कार्यालय रहेको यस परियोजना आयोगमा सन् २००८ देखि कार्यान्वयनमा रहेको छ । यस परियोजनाको दोस्रो चरण (सन् २०१२ देखि २०१६ सम्म) कार्यान्वयन भइरहेको छ । अर्को संविधान सभा सदस्य निर्वाचनमा यस परियोजनाबाट सहयोग स्वरूप कुल ६० लाख अमेरिकी डलर खर्च भएको थियो ।

**(ङ) आई.एफ.ई.एस. (International Foundation for Electoral System)**

निर्वाचन आयोगलाई विभिन्न प्राविधिक विषयमा परामर्श सेवा, छपाइ मेसिन समेतका विभिन्न उपकरण, निर्वाचन तथा मतदाता शिक्षा सामग्री, कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न तहका प्रशिक्षणमा लजिस्टिक सहयोग लगायत आयोगको आवश्यकता बमोजिमका क्षेत्रमा सन् २००८ देखि नै सहयोग उपलब्ध गराउँदै आएको यो संस्थाले अर्को संविधान सभा सदस्य निर्वाचनको लागि सहयोग स्वरूप कुल १२ लाख अमेरिकी डलर खर्च गरेको थियो ।

### (च) इन्टरनेशनल आइडिया (International Institute of Democracy and Electoral Assistance)

आयोगलाई इन्टरनेशनल आइडियाले अर्को संविधान सभा सदस्य निर्वाचनमा Electoral Risk Management Tools स्थापना र सञ्चालनमा रू.४३ लाख ७८ हजार ५३० र Capacity Development मा रू.५४ लाख ९६ हजार १४० गरी जम्मा रू.९८ लाख ७४ हजार ६७० बराबरको सहयोग गरेको थियो ।

### (छ) एशिया फाउन्डेशन

एशिया फाउन्डेशनले अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकनका लागि आयोगको निमन्त्रणामा SAARC, दक्षिण कोरिया, थाइल्याण्ड तथा अष्ट्रेलियाबाट आएका विदेशी अतिथिहरूको यातायात र होटल व्यवस्थापनका लागि ५८ हजार ९११ अमेरिकी डलर खर्च गरेको थियो । अतिथिहरूको लागि उक्त संस्थाले गर्ने खर्चका सम्बन्धमा २५ सेप्टेम्बर २०१३ मा आयोग र एशिया फाउन्डेशनबिच सम्झौता भएको थियो ।

### ९.६.५. सहायताको उपयोग

चीन तथा जापान सरकारबाट प्राप्त निर्वाचन सामग्रीहरू आयोगको भण्डारमा राखी प्रशासन शाखाको रेखदेखमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयसम्म ढुवानी गरी पठाइएको थियो । यी सामान जिल्ला निर्वाचन कार्यालयहरूले मतदान केन्द्रगत रूपमा प्याकिङ गरी सम्बन्धित मतदान अधिकृतहरूलाई उपलब्ध गराएका थिए । मतदान केन्द्रमा पठाइएका सामग्री मध्ये खर्च भएर नजाने प्रकृतिका सामग्रीहरू मतदान अधिकृतहरूबाट फिर्ता प्राप्त गरी जिल्ला निर्वाचन कार्यालयहरूमा सुरक्षित राख्ने व्यवस्था मिलाइएको छ ।

भारत सरकारबाट प्राप्त सवारी साधनहरूको दर्ता तथा तेस्रो पक्ष बीमाको प्रक्रिया कार्यचापका कारण निर्वाचनपूर्व पूरा गर्न सकिएन । फलतः निर्वाचन सम्पन्न भएलगत्तै उल्लिखित प्रक्रिया पूरा गरी ४५ थान सवारी साधनहरू विभिन्न जिल्ला निर्वाचन कार्यालयहरूमा पठाइएको थियो भने ३ थान मिनिट्रकहरू आयोगको प्रयोगमा रहेका छन् ।

## ९.७ निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशी दृष्टिले पछि परेका वर्ग, क्षेत्र तथा समुदायका महिला, पुरुष, तेस्रो लिङ्गी, दलित, उत्पीडित, सीमान्तकृत र बहिष्करणमा परेका नागरिकहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउँदै लैजानका लागि आयोगले मिति २०७०/४/२१ मा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । नीतिले विशेषतः निर्वाचन प्रक्रियामा सबै नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, विभिन्न नीतिगत तथा संरचनात्मक व्यवस्थामा भएका कानुनी प्रावधानमा सुधार गरी आयोगलाई लैङ्गिक तथा समावेशी

दृष्टिकोणले एक संवेदनशील तथा समावेशी संस्थाको रूपमा विकास गर्ने उद्देश्य राखेको छ ।

### ९.७.१ लैङ्गिक तथा समावेशी समन्वय समिति

लैङ्गिक तथा समावेशी विषय हेर्ने माननीय निर्वाचन आयुक्त इला शर्माको संयोजकत्वमा राष्ट्रिय महिला आयोग, शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा लैङ्गिकता एवं समावेशीकरणका क्षेत्रमा कार्यरत संघ/संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू रहेको ११ सदस्यीय लैङ्गिक तथा समावेशी समन्वय समितिको गठन भएको थियो ।

### ९.७.२ निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अनुगमन

राष्ट्रिय महिला आयोगको अगुवाइमा लैङ्गिक तथा समाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने २७ वटा संस्थाहरूको सञ्जाललाई आयोगले मिति २०७०/७/११ को निर्णयानुसार अर्को संविधान सभा सदस्य निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयको अनुगमन गर्न स्वीकृति प्रदान गरिएको थियो । उक्त सञ्जालका प्रतिनिधिहरूले अनुगमन गर्दा आवश्यक पर्ने परिचय-पत्र राष्ट्रिय महिला आयोगबाट उपलब्ध गराउने गरी परिचय-पत्रको नमुना स्वीकृत गरी पठाइएको थियो ।

लैङ्गिक अनुगमनकर्ताले विभिन्न ७१ जिल्लाका मतदान केन्द्रहरूमा गई अनुगमन गरी विश्लेषण सहितको प्रतिवेदन बुझाएका थिए । प्रतिवेदनमा उल्लिखित मुख्य सुझावहरू निम्न बमोजिम रहेका छन्-

(क) महिलाको मतलाई बदर हुन नदिनका लागि विशेष मतदाता शिक्षाको व्यवस्था गर्नुपर्छ,

(ख) सुरक्षित वातावरणको अनुभूतिका लागि निर्वाचनमा पर्याप्त महिला कर्मचारी एवं महिला सुरक्षाकर्मीहरूलाई परिचालन गर्नुपर्छ,

(ग) महिला उम्मेदवारका सम्बन्धमा धरौटीको लागि विशेष व्यवस्था गर्नुपर्छ,

(घ) महिलाको नागरिकताको अधिकार सुनिश्चित गरी उनीहरूको मतदानको अधिकारको सम्मान गरिनुपर्दछ,

(ङ) भौगोलिक अवस्थाको आधारमा पहुँचयोग्य मतदान केन्द्रहरूको स्थापना गर्नुपर्छ,

(च) सबैलाई मतदाता परिचयपत्र उपलब्ध गराउनु पर्छ,

(छ) विभिन्न स्थानीय भाषामा अझ व्यापक रूपमा निर्वाचन एवं मतदाता शिक्षाको प्रचार-प्रसार गर्नुपर्छ,

(ज) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्ने गरी निर्वाचन सामग्री तयार गर्नुपर्छ,

(झ) निर्वाचनलाई अपाङ्गता-मैत्री बनाइनुपर्छ,

(ञ) प्रत्येक राजनीतिक दलहरूले दुवै निर्वाचन प्रणालीबाट कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी सहभागिताको सुनिश्चितता गर्नुपर्छ,

(ट) महिलाको राजनीतिक पहुँचमा वृद्धि गर्नका लागि भगिनी संगठनहरू मार्फत मतदातालाई जागृत बनाउने तथा राजनीतिमा सहभागी हुनका लागि विशेष व्यवस्था गर्नुपर्छ,

(ठ) सञ्चार माध्यमले निर्वाचनका लैङ्गिक सवालहरूलाई फरक लैङ्गिक दृष्टिकोणले आवश्यकता र चासोका साथ स्थान र प्राथमिकता दिनुपर्छ,

(ड) छापा माध्यममा महिला उम्मेदवारको अन्तर्वार्ता, महिलाले जित्नुपर्ने कारण, महिला उम्मेदवारको पृष्ठभूमि, व्यक्तित्व जस्ता कुरामा बेग्लै महत्व र स्थान दिइनुपर्छ,

(ढ) लैङ्गिक अनुगमनलाई निरन्तरता दिइनुपर्दछ,

(ण) राजनीतिक दलहरूले महिला मतदाताहरूको सहभागिता अभिवृद्धि गर्न तत्काल र अनिवार्य रूपमा विशेष व्यवस्था र पहल गर्नुपर्ने,

(त) महिला उम्मेदवारी औपचारिकतामा मात्र सीमित नराखी कम्तीमा ३३% महिलाको प्रतिनिधित्व हुने गरी सहभागिताको सुनिश्चितता गर्नुपर्ने,

(थ) निर्वाचन घोषणापत्रमा महिलाका लागि विशेष प्रतिबद्धता तथा कार्यक्रमहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र कार्यान्वयनमा जोड दिनुपर्ने,

(द) भगिनी संगठनहरू मार्फत मतदातालाई जागरुक बनाउने,

(ध) महिलाहरूलाई राजनीतिमा सहभागी हुनका लागि विशेष व्यवस्था गर्नुपर्ने,

(न) राजनीतिक दलहरूले आफ्ना हरेक तहका समिति तथा निकायहरूमा कम्तीमा ३३% महिलाको सहभागिताको सुनिश्चितता गर्नुपर्ने ।

### ९.७.३ निर्वाचनमा भएका लैङ्गिक तथा समावेशीकरण सम्बन्धी कार्य

आयोगले निर्वाचनका प्रक्रियाहरूमा लैङ्गिक दृष्टिकोणले सबै नागरिकहरूको सहभागिता गराउने उदेश्यले देहाय बमोजिमका कार्यहरू गरेको थियो-

(क) नीति, निर्देशिका र कार्यक्रम निर्माण गर्दा लैङ्गिक दृष्टिकोणबाट हेरिएको,

(ख) मतदाता शिक्षा नीतिमा लैङ्गिक समावेशीकरणका लागि प्रावधानहरू राखिएको,

(ग) मतदाता शिक्षाका लागि जनशक्ति परिचालन गर्दा र सामग्रीहरू प्रकाशन गर्दा लैङ्गिक पक्षलाई ध्यान दिइएको,

(घ) लैङ्गिक तथा निर्वाचन विषयमा तालिम प्रदान गरिएको,

(ङ) फोटो सहितको मतदाता नामावली तयार गर्दा महिला, पुरुष, तेस्रो लिङ्गी र अपाङ्गता भएका व्यक्तिको पहिचान गरी दर्ता गरिएको,

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तमा असर पर्न सक्ने सूचनाको प्रयोगमा रोक लगाइएको,

(छ) मतदाता नामावली सङ्कलन प्रयोजनको लागि महिला सङ्कलककलाई प्राथमिकता दिइएको,

(ज) मतदानको समयमा समेत महिला तथा पुरुष मतदाताको अलग-अलग लाइनको व्यवस्था,

(झ) औंलामा मसी लगाउने जिम्मेवारी महिला कर्मचारीहरूलाई मात्र दिने व्यवस्था,

(ञ) कोही पनि नागरिकहरू नछुटुन् भन्ने उद्देश्यले मतदाता नामावली दर्ताको कामलाई पटक-पटक स्थानीय स्तरमा पुऱ्याइएको,

(ट) निर्वाचनमा सबै क्षेत्र, वर्ग र लिङ्गको सहभागिता गराउन लैङ्गिक तथा समावेशीकरण नीति निर्माण गरी लागू गरिएको ।

## ९.८ जनशक्ति व्यवस्थापन

### ९.८.१ निर्वाचनमा जनशक्ति व्यवस्थापन

संविधान सभा सदस्य निर्वाचन निर्देशिका, २०७० बमोजिम मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र स्वयंसेवक खटाउने व्यवस्था रहेको थियो । सो निर्देशिका बमोजिम ५०० भन्दा माथि ९०० सम्म

मतदाता रहेको प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा १२ जना, ३०० देखि माथि ५०० सम्म मतदाता रहेको प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा १० जना र ३०० वा सो भन्दा कम मतदाता भएका प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा ८ जना जनशक्ति परिचालन गरिएको थियो ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत अस्थायी मतदाताले मतदान गर्ने मतदान केन्द्रमा खटाइने मतदान टोलीमा ९०० भन्दा माथि १,३५० सम्म मतदाता रहेको प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा ९ जना, ३०० देखि माथि ९०० सम्म मतदाता रहेको प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा ७ जना र ३०० वा सोभन्दा कम मतदाता रहेको प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत सहित जम्मा ३ जना जनशक्ति खटाइएको थियो । त्यसै गरी ३०० भन्दा कम कैदी वा थुनुवा रहेको कारागारमा मतदान अधिकृत सहित जम्मा ३ जना, नेपाली सेनाको गुल्म रहेको स्थानमा मतदान अधिकृत सहित ३ जना, वृद्धाश्रममा रहेका मतदाताको लागि मतदान अधिकृत सहित ३ जना कर्मचारी खटाइएको थियो ।

मिति २०७० साल भाद्र २१ देखि लागू हुने गरी २४० निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ आयोगका सचिवलाई केन्द्रीय स्तरमा निर्वाचन अधिकृतमा नियुक्त गरी कार्यक्षेत्रमा खटाइएको थियो । मतदान कार्य व्यवस्थापनको लागि नेपाल सरकारको निजामती सेवाका कर्मचारी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संघ/संस्थान/समिति तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू समेत परिचालन गरिएको थियो । मतदान कार्यमा मतदान अधिकृत १८ हजार ७७५, सहायक मतदान अधिकृत १८ हजार ७७५ सहायक कर्मचारी ५६ हजार ३२३ र स्वयंसेवक ८८ हजार ९४० गरी जम्मा २ लाख १७ हजार ४५६ जनशक्ति परिचालन गरिएको थियो ।

### ९.८.२ काजमा ल्याइएको जनशक्ति

निर्वाचनको समयमा आयोगको नियमित संरचनाका अतिरिक्त कार्य प्रकृतिको आधारमा विभिन्न एकाईहरू गठन गरी कार्य सञ्चालन गरिएको थियो । अतः आयोग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत जनशक्तिले मात्र नपुग हुने भई नेपाल सरकारका विभिन्न निकाय, संघ, संस्थान, समितिमा कार्यरत मध्ये विभिन्न तहका कुल १८१ कर्मचारीहरू काजमा ल्याई काममा लगाइएको थियो । आयोग र अन्तर्गत कार्यालयमा जनशक्ति काजमा ल्याउने सम्बन्धमा आयोगबाट निर्धारित मापदण्ड देहाय बमोजिम रहेको थियो ।

#### (क) आयोगको केन्द्रीय सचिवालयमा काजमा ल्याउन निर्धारित मापदण्ड

(१) काठमाडौँ उपत्यकाभित्रका नेपाल सरकार र नेपाल सरकारका स्वामित्व वा नियन्त्रणमा रहेका निकायमा कार्यरत ,

(२) कम्तीमा ५ वर्ष स्थायी सेवा पूरा गरेको,

(३) माथि उल्लिखित मापदण्ड पूरा गरेको अवस्थामा देहायका मापदण्ड पूरा गरेका कर्मचारीलाई काजमा ल्याउन प्राथमिकता दिइने

(क) यसअघि अयोगले सम्पन्न गरेका निर्वाचनमा विशेष जिम्मेवारी वहन गरिसकेका कर्मचारीहरू

(ख) आयोग वा यस अन्तर्गत रही कम्तीमा २ (दुई) वर्षभन्दा बढी समय निर्वाचन सम्बन्धी कामको अनुभव प्राप्त गरेका कर्मचारी

(ग) निर्वाचनका क्षेत्रमा अन्तर्राष्ट्रिय अनुभव भएका नेपाल सरकारका कर्मचारी,

(घ) निर्वाचनको सन्दर्भमा BRIDGE Training Program तथा MTOT / TOT समेतको तालिम प्राप्त निजामती कर्मचारी ।

यसका साथै निर्वाचनको व्यवस्थापन तथा कार्यान्वयनको सन्दर्भमा अत्यावश्यक हुने सञ्चार तथा विद्युत सेवा सम्बन्धी कामको लागि आवश्यकता अनुसार काजमा ल्याउन सकिने, काजमा ल्याउने कर्मचारीको छनोट गर्दा समावेशितालाई ध्यान दिने ।

आयोगबाट निर्धारित यसै मापदण्डलाई अनुसरण गरी निर्वाचनका लागि आवश्यक अधिकृत तथा सहायक स्तरका कर्मचारी आयोगको केन्द्रीय सचिवालय र जिल्ला निर्वाचन कार्यालयमा काजमा ल्याइएका थिए ।

**(ख) जिल्ला निर्वाचन कार्यालयहरूमा काजमा ल्याउन निर्धारित मापदण्ड**

जिल्ला निर्वाचन कार्यालयहरूका लागि आवश्यक कर्मचारी काजमा ल्याउँदा जिल्लामा रहने मतदान केन्द्रको सङ्ख्यालाई आधार मानी देहाय बमोजिमको मापदण्ड निर्धारण भएको थियो :

(१) २११ सम्म मतदान केन्द्र सङ्ख्या भएका जिल्लाका लागि एकजना सहायक स्तरका कर्मचारी र एकजना कार्यालय सहयोगी ।

(२) २११ देखि ३११ सम्म मतदान केन्द्र सङ्ख्या भएका जिल्लाका लागि दुईजना सहायक स्तरका कर्मचारी र एक जना कार्यालय सहयोगी ।

(३) ३११ देखि ४११ सम्म मतदान केन्द्र सङ्ख्या भएका जिल्लाका लागि तीनजना सहायक स्तरका कर्मचारी

(४) ४११ देखि ६११ सम्म मतदान केन्द्र सङ्ख्या भएका जिल्लाका लागि चारजना सहायक स्तरका कर्मचारी र एकजना कार्यालय सहयोगी ।

(५) ६११ भन्दा माथि मतदान केन्द्र सङ्ख्या भएका जिल्लाका लागि दुईजना सहायक स्तरका कर्मचारी र दुईजना कार्यालय सहयोगी ।

### ९.८.३ निर्वाचन कार्यमा संलग्न जनशक्तिको बीमा

निर्वाचन कार्यमा संलग्न मतदाता शिक्षा स्वयंसेवक, निर्वाचन शिक्षा कार्यकर्ता, निर्वाचन आयोग र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारी, निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारी र मतदान केन्द्रमा खटिने कर्मचारी एवं स्वयंसेवकका लागि प्रति व्यक्ति रू. १५ लाखको निर्जीवन बीमा तत्कालीन राष्ट्रिय बीमा संस्थानमा गरिएको थियो ।

निर्वाचन कार्यमा संलग्न रहँदा विभिन्न कारणले ८ जना राष्ट्रसेवक कर्मचारी तथा स्वयंसेवकले जीवन गुमाएका थिए । यसरी जीवन गुमाएकाहरूका हकवालालाई परिपूरण स्वरूप रू. १५ लाख बीमा रकम उपलब्ध गराइएको थियो भने विरामी वा घाइते भई उपचार गराएका २१ जना राष्ट्रसेवक कर्मचारी तथा स्वयंसेवकलाई औषधोपचार खर्च वापतको बीमा रकम उपलब्ध गराइएको थियो । जीवन गुमाउने राष्ट्रसेवकहरूको विवरण अनुसूची ६२ मा दिइएको छ ।

## ९.९ निर्वाचन सामग्री व्यवस्थापन

### ९.९.१ वस्तु तथा सेवा खरिद सम्बन्धी कानुनी व्यवस्था

आयोगका लागि आवश्यक पर्ने बस्तु तथा सेवाको खरिद गर्दा सार्वजनिक निकायले कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा अपनाउनुपर्ने प्रकृया बारे सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरे बमोजिमको प्रकृया पूरा गरिएको थियो ।

निर्वाचनको कामको लागि सामग्री खरिद सम्बन्धमा निर्वाचन आयोग ऐन, २०६३ ले विशेष व्यवस्था गरेकोछ । प्रस्तुत ऐनको दफा १६ (१) ले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित कानुन बमोजिम बोलपत्र लिन सम्भव नभएमा सोको कारण उल्लेख गरी दरभाउपत्रबाट र दरभाउपत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट मालसनमान खरिद गर्न वा सेवा प्राप्त गर्नसक्ने व्यवस्था रहेको छ ।

समयाभावका कारण उक्त ऐन बमोजिम खरिद गर्न सम्भव नहुने अवस्थामा निर्वाचन आयोग ऐन, २०६३ को दफा १६(१) बमोजिम आयोगबाट निर्णय भए अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट वा सोझै खरिद गरिएको थियो। सामग्री व्यवस्थापनको सिलसिलामा सामग्री प्राप्ति, भण्डारण र वितरणलाई व्यवस्थित गर्न सामग्री व्यवस्थापन निर्देशिका, २०७० समेत जारी गरिएको छ।

### ९.९.२ सामग्री व्यवस्थापनमा संस्थागत व्यवस्था

निर्वाचन सामग्रीको व्यवस्थापनमा आयोगबाट लिइने नीतिको तर्जुमा लगायत सामग्री व्यवस्थापनमा आयोगबाट गर्नुपर्ने निर्णय बारे छलफल गरी आयोगमा सिफारिश गर्न मा. निर्वाचन आयुक्त दोलख बहादुर गुरुङको संयोजकत्वमा स्रोत व्यवस्थापन समितिको गठन भएको थियो। निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्री पहिचान गरी सोको आवश्यक परिमाणको अनुमान गर्ने, सामग्रीहरूको स्पेसिफिकेशन र लागत अनुमान तयार गर्ने, वैदेशिक स्रोतबाट सामग्री प्राप्त गर्ने सम्बन्धमा दातृ मूलुक वा निकायका प्रतिनिधिसँग छलफल गरी स्रोत व्यवस्थापन समितिमा पेश गर्ने समेतको कार्यका लागि प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा सामग्री व्यवस्थापन समिति गठन गरी संस्थागत व्यवस्था मिलाइएको थियो।

### ९.९.३ मतदान केन्द्रमा पठाउनुपर्ने सामग्री

मतदान केन्द्रमा पठाउनुपर्ने सामग्रीको मूलुकभर १७,५०० मतदान केन्द्र र १ करोड ३५ लाखसम्म मतदाता हुने अनुमान गरी आयोग र जिल्ला स्तरमा समेत भण्डारण, ढुवानी र वितरणका क्रममा हुनसक्ने नोक्सानी एवं पुनः मतदान हुने अवस्थाका लागि आवश्यक पर्ने सङ्ख्या समेतलाई ध्यानमा राखी आवश्यक सामग्रीको १५ प्रतिशत सामग्री आयोगमा र १० प्रतिशत सामग्री सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा जगेडा राख्ने गरी अनुमान गरिएको थियो। यस अनुसार कुल २१,८७५ मतदान केन्द्रका लागि पुग्ने गरी सामग्रीको अनुमान गरिएको थियो। निर्वाचनमा कुल १८,७७५ मतदान केन्द्र रहेका थिए।

### ९.९.४ छपाइ सामग्रीको व्यवस्थापन

निर्वाचनमा विभिन्न तहमा प्रयोग हुने निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, अनुसूची फारामहरू, विभिन्न किसिमका कार्ड, परिचयपत्र, मतदाता शिक्षा सामग्री, मतपत्र आदिको छपाइ गर्दा सानो परिमाणमा छपाइ गर्नूपर्ने विभिन्न सामग्रीहरू आयोगको आफ्नै छापाखानामा छपाइ गरिएको थियो भने मतपत्रको छपाइ जनक शिक्षा सामग्री केन्द लिमिटेडको छापाखानामा उच्च सुरक्षा व्यवस्था सहित गरिएको थियो। ठूलो परिमाणमा छपाइ गर्नुपर्ने विभिन्न सामग्रीहरू निजी क्षेत्रका छापाखाना समेतबाट छपाइ गरी व्यवस्थापन गरिएको थियो।

छपाइ सामग्रीको उत्पादनका लागि सीमित छापाखानामा मात्रै भर पर्दा कार्य सम्पन्न हुन नसक्ने जोखिमको तह उच्च हुने तर निर्वाचन सम्पन्न गर्ने कार्य जोखिम लिन मिल्ने प्रकृतिको नभएकोले धेरै छापाखानाबाट एकैपटक सेवा लिनुपर्ने अनिवार्यतालाई दृष्टिगत गरी छपाइ सम्बन्धी कार्यको व्यवस्थापनका लागि देहाय बमोजिम गर्ने गरी आयोगबाट मिति २०७०।३।२० मा निर्णय भएको थियो-

(क) छपाइ सम्बन्धी कार्यका लागि छापाखानाहरू सूचीकृत गर्न ७ (सात) दिनको म्याद दिई गोरखापत्र दैनिकमा क्षमताका विषयहरू खुलाई सूचना प्रकाशित गर्ने ।

(ख) निर्धारित (आयोगबाट स्वीकृत) मापदण्ड बमोजिमको योग्यता पुगेका छापाखानालाई मात्र सूचीकृत गर्ने,

(ग) सूचीकृत सेवा प्रदायक छापाखानाहरूबाट दररेट माग गरी सबैभन्दा न्यूनतम दररेटलाई आधार मानी सो दररेटलाई पुनः वार्ताद्वारा घटाघट गर्ने,

(घ) खण्ड (ग) को प्रक्रियाद्वारा कायम हुन आएको दररेटलाई अधिकार प्राप्त अधिकारीले स्वीकृत गरी उक्त दररेटमा छपाइ गर्न चाहने सूचीकृत मध्येका छापाखानाहरूलाई छपाइ कार्य वितरण गरी छपाउने व्यवस्था मिलाउने ।

आयोगको सोही मितिको निर्णयले छपाइ सम्बन्धी कार्यको व्यवस्थापनका लागि प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा एक समिति गठन गरेको थियो ।

### ९.९.५ सामग्री प्राप्ति

### ९.९.५.१ वैदेशिक सहयोग

#### (क) जापान सरकारबाट प्राप्त सामग्री

अर्कोसंविधान सभा सदस्य निर्वाचनका लागि जापान सरकारबाट मत पेटिकामा टाँस्ने दुई प्रकारका स्टिकर, दुई प्रकारका छेकाबारा, चार प्रकारका सुरक्षण सिल र मत पेटिका समेत जम्मा ९ प्रकारका सामग्री सहयोग स्वरूप प्राप्त भएको थियो ।

#### (ख) चीन सरकारबाट प्राप्त सामग्री

अर्को संविधान सभा सदस्य निर्वाचनमा चीन सरकारबाट एक करोड यूयान बराबरका विभिन्न १६ प्रकारका निर्वाचन सामग्री सहयोगस्वरूप प्राप्त भएको थियो ।

**(ग) भारत सरकारबाट प्राप्त सामग्री (सवारी साधन)**

संविधान सभा सदस्य निर्वाचनमा भारत सरकारबाट महिन्द्रा पिक अप डबल क्याब स्कोर्पियो गाडी ४० (चालीस) थान, महिन्द्रा स्पोर्पियो जीप ५(पाँच) थान र टाटा मिनि ट्रक ३ (तीन) थान गरी भारतीय रूपैयाँ ३ करोड ४३ लाख ६० हजार ९३१ बराबरका सवारी साधनहरू सहयोगस्वरूप प्राप्त भएको थियो ।

**(घ) यू.एन.डी.पी. बाट प्राप्त सहयोग**

निर्वाचनमा यू.एन.डी.पी. नेपालबाट कलर प्रिन्टिङ मेसिन, कटिङ मेसिन, मतपत्रमा नम्बर राख्न प्रयोग हुने नम्बरिङ सिस्टम, सवारी साधन, मतपत्र छपाइ गर्ने कागज, मतदान अधिकृतको झोला, मतदाता परिचयपत्रको कभर, फर्निचरहरू, कम्प्युटर र यसका पार्ट्स, विभिन्न किसिमका टोनर, सि.सि.टि.भी, साउन्ड सिस्टम आदि समेत विभिन्न ९६ प्रकारका सामग्री सहयोगस्वरूप प्राप्त भएको थियो ।

**(ङ) आई.एफ.ई.एस.बाट प्राप्त**

International Foundation for Electoral System (IFES) बाट Webtech Xplor Printing Press, Distributor Roller for Heidelberg Printing Press समेतका छपाइ उपकरण र क्याप, टिसर्ट, फ्लेक्स सहितका मतदाता शिक्षा तथा प्रवर्द्धनात्मक सामग्री सहयोगस्वरूप प्राप्त भएको थियो । साथै IFES ले मतपत्र छपाइमा प्राविधिक तथा प्रशासनिक सहयोग, विज्ञको सेवा समेत उपलब्ध गराएको थियो ।

### ९.९.५.२ आन्तरिक रूपमा व्यवस्थापन

वैदेशिक सहयोगबाट प्राप्त बाहेक अन्य निर्वाचन सामग्री, प्याकिङका लागि चाहिने सामग्री र आयोगको सचिवालयका लागि आवश्यक स्टेशनरी, फर्निचर,विभिन्न मेसिनरी औजार उपकरणको व्यवस्थापन, ऐन नियम, निर्देशिका लगायतका छपाइ सामग्री, ७५ जिल्ला निर्वाचन कार्यालयहरू र २४० निर्वाचन क्षेत्रमा रहेका निर्वाचन अधिकृतको कार्यालयका लागि आवश्यक सामग्रीहरूको खरिद नेपाल सरकारको स्रोतबाट आन्तरिक रूपमा व्यवस्थापन गरिएको थियो । आन्तरिक रूपमा सामग्री व्यवस्थापन गर्दा आवश्यकता अनुसार निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालयहरू र जिल्ला निर्वाचन कार्यालयहरूबाट गरिएको थियो ।

### ९.९.५.२.१ आयोगबाट व्यवस्थापन गरिएका सामग्रीहरू

**(क) मतदान केन्द्रमा प्रयोग हुने र प्याकिङका लागि चाहिने सामग्री**

मतदान केन्द्रमा प्रयोग हुने  मध्ये जापान र चीन सरकारबाट प्राप्त हुने विभिन्न २४ प्रकारका सामग्री (मत पेटिका समेत २५ प्रकारका) को टुङ्गो लागिसकेपछि मात्रै बाँकी सामग्री नेपाल सरकारको स्रोतबाट खरिद गर्न प्रक्रिया प्रारम्भ गरिएको थियो ।

मङ्सिर ४ गते हुने निर्वाचनका लागि आवश्यक पर्ने सामग्री व्यवस्थापनका लागि असोजको पहिलो हप्ताबाट मात्रै प्रक्रिया प्रारम्भ गर्नु परेकोले सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरे अनुरूप बोलपत्रका लागि पर्याप्त समय उपलब्ध नरहेको हुँदा औषधी समेत विभिन्न ११ प्रकारका सामग्रीहरू र प्याकिङका लागि चाहिने ४ प्रकारका सामग्री समेत १५ प्रकारका सामग्री निर्वाचन आयोग ऐन, २०६३ को दफा १६  बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गरिएको थियो । सामग्री खरिद गर्दा सामग्रीको प्रकृति अनुसार अलग-अलग प्याकेज बनाई विभिन्न ७ वटा प्याकेजमा खरिद गरिएको थियो ।

खरिद भएका सामग्री तोकिएको स्पेसिफिकेशन र गुण स्तर बमोजिम भए नभएको बारे आवश्यकता अनुसार नेपाल गुण स्तर तथा नापतौल विभागबाट परीक्षण गरी सोको प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको थियो भने औषधीको हकमा औषधी व्यवस्था विभागबाट प्रतिवेदन प्राप्त गरी भुक्तानी दिइएको थियो ।

**(ख) नउड्ने मसी**

मतदाताले मतदान गरेको सङ्केतस्वरूप मतदाताको औँलामा चिनोका लागि लगाउन चाहिने नउड्ने मसी भारतीय निर्वाचन आयोगको सिफारिशमा उत्पादक कम्पनी मैसुर पेन्टस एन्ड बार्नेस लिमिटेड, भारतबाट सोझै खरिद गरिएको थियो । भारतीय रूपैयाँ १ करोड २३ लाख १३ हजार ९५३ बराबरको (१२.३६ प्रतिशत कर समेत) ६ हजार ६२५ भाइल (७.५ एम.एल. तौल भएको) मसी उत्पादक कम्पनीबाट सोझै त्रिभुवन विमानस्थल मार्फत प्राप्त गरिएको थियो ।

**(ग) कलर प्रिन्टर**

संविधान सभा सदस्य निर्वाचनमा आवश्यक पर्ने रङ्गीन मतदाता नामावली र अरू सामग्री छपाइका लागि ३ (तीन) थान रङ्गीन प्रिन्टर (मोडल नं. TOSHIBA e-studio 6540 cse) मेसिन खरिद गरिएको थियो । मेसिन खरिद गर्न मूल्य अभिवृद्धि कर सहित रू. ४८ लाख ६० हजारको लागत अनुमान स्वीकृत भई मिति २०७० जेठ ३ गतेको गोरखापत्र दैनिकमा सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएकोमा सूचनाको म्यादभित्र विभिन्न ७ वटा आपूर्तिकर्ताले बोलपत्र पेश गरेका थिए । बोलपत्र पेश गर्ने मध्ये सबैभन्दा घटी बोल

अङ्क कबोल गर्ने वर्ल्ड डिस्ट्रिब्युसन नेपाल, काठमाडौंको मूल्य अभिवृद्धि कर सहित रू.२७ लाख ९३ हजार ७६० को बोलपत्र स्वीकृत भएको थियो। आपूर्तिकर्ताले सम्झौताको म्यादभित्र सामग्री आपूर्ति गर्न नसकी २० दिन म्याद नघाई आपूर्ति गरेकोले निजबाट सार्वजनिक खरिद ऐन, २०६३ ले व्यवस्था गरे अनुरूप प्रतिदिन ०.०५ प्रतिशतका दरले २० दिनको लागि हुन आउने रकम पूर्वनिर्धारित क्षतिपूर्ति स्वरूप कट्टा गरी बाँकी रकम भुक्तानी गरिएको थियो ।

### (घ) मतदाता परिचपयत्र छपाइ

संविधान सभा सदस्य निर्वाचनमा मतदाताको सहज पहिचान गरी मतदान प्रक्रियालाई शीघ्र एवं सहज बनाउन, निर्वाचन आयोग र आममतदाताबिचको सम्बन्धमा सकारात्मक मनोविज्ञानको विकास गर्न एवम् स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्नको लागि सहयोग पुऱ्याउने उद्देश्यले मतदाता परिचयपत्र व्यवस्थापन गर्ने बारे आयोगबाट मिति २०७०।५।१७ मा निर्णय भएको थियो। यसका लागि ११ करोड ९३ लाख ५६ हजार २५० (मूल्य अभिवृद्धि कर समेत) को लागत अनुमान स्वीकृत भएको थियो ।

परिचयपत्र छपाइका लागि सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन गरी बोलपत्र गर्दा समय अपर्याप्त हुने भई निर्वाचन आयोग ऐन,२०६३ को दफा १६ (१) बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट छपाइ गर्ने निर्णय भए बमोजिम मिति २०७० भदौ १८ गतेको गोरखापत्र दैनिकमा १ करोड २५ लाख प्रति मतदाता परिचयपत्र छपाइ गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। सूचनाको म्यादभित्र विभिन्न ३३ वटा फर्मले दरभाउपत्र फारम खरिद गरेकोमा ६ वटाले पेश गरेका थिए ।

निर्वाचन सम्पन्न हुन बाँकी रहेको दिन, छपाइ गर्नुपर्ने परिचयपत्रको सङ्ख्या, वितरणको व्यवस्थापन र सुरक्षा चुनौती समेतको विश्लेषणबाट निर्वाचन हुने दिनभित्र परिचयपत्र वितरण गर्न सकिने अवस्था नरहेको निष्कर्ष सहित आयोगको मिति २०७० असोज २२ गतेको निर्णयले परिचयपत्र छपाइ कार्यको खरिद प्रक्रिया रद्द गरिएको थियो ।

### (ङ) मतदाता परिचपयत्र छपाइ गर्ने कागज खरिद

मतदाता परिचयपत्रको प्रयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले निर्वाचन सम्पन्न गर्ने आयोगको प्रतिवद्धतामा पुग्न सक्ने सकारात्मक योगदान तथा आयोगले मतदाता परिचयपत्र वितरण गरोस् भनी निर्वाचनका प्रमुख सरोकारवालाहरूबाट देखाइएको चासो समेतलाई दृष्टिगत गरी यस विषयमा आयोगमा विभिन्न तहमा भएको छलफल समेतको आधारमा आयोगबाट मिति २०७० असोज ३१ गते आयोगको आन्तरिक क्षमतालाई उपयोग, व्यवस्थापन र विस्तार गरी आयोग आफैंले मतदाता परिचयपत्रको उत्पादन र वितरण गर्ने व्यवस्था मिलाउने निर्णय भएको थियो भने २०७० कार्तिक २ गते

परिचयपत्रको नमुना, परिचयपत्रमा रहने विवरण, छपाइ गर्ने कागजको किसिम र गुण स्तर, छपाइ र वितरण व्यवस्था सम्बन्धमा निर्णय भएको थियो ।

छापाखानाहरूबाट प्राप्त दरभाउपत्र बमोजिम सिम्को विजिनेश सिस्टम प्रा.लि.ले प्रति सीट रू.३/६५ (मू.अ.कर बाहेक) मा कागज उपलब्ध गराउन सक्ने भनी सबैभन्दा कम दररेट पेश गरेको थियो । निजले पेश गरेको कागजको नमुना जाँच गर्दा कागजको पानीछापमा JKCTS India उल्लेख गरेको पाइयो । निर्वाचन आयोगले वितरण गर्ने मतदाता परिचयपत्र जस्तो संवेदनशील कागजमा यस प्रकारको पानी छाप हुनु उपयुक्त नहुने भएकोले आयोगको मिति २०७० कार्तिक ६ गतेको निर्णयले उक्त कागज अस्वीकृत गरी सिम्को बिजिनेश सिस्टम प्रा.लि.को भन्दा लगत्तैको कम दररेट (मू.अ.कर बाहेक प्रति सीट रू.५/९९) पेश गर्ने ए. रोल प्रा.लि.,काठमाडौँसँग सचिवालयले वार्ता गरी कायम हुन आएको मूल्य प्रतिशीट रू.३/६४(मू.अ.कर बाहेक) मा जम्मा १४ लाख ७८ हजार सीट कागज खरिद गरिएको थियो ।

### (च) मतपत्र छपाइ गर्ने कागज

संविधान सभा सदस्य निर्वाचनको लागि छपाइ गर्नुपर्ने अनुमान गरिएको करिब ३ करोड थान मतपत्र छपाइका लागि करिब ४८५ मे.टन. कागज (70 GSM Maplitho Paper) खरिद गर्न कागजको स्पेसिफिकेशन, लागत अनुमान (मू.अ.कर सहित रू.६ करोड ७९ लाख) र खरिद प्रक्रिया समेत आयोगको मिति २०७०।३।२० को निर्णयबाट स्वीकृत भई मिति २०७० साल असार २१ गतेको गोरखापत्र दैनिकमा सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको थियो । सूचनाको म्यादभित्र विभिन्न १३ वटा फर्महरूले दरभाउपत्र खरिद गरेका मध्ये ६ वटाले पेश गरेका थिए ।

पेश भएका दरभाउपत्र मध्ये एउटा आपूर्तिकर्ताको बोलअङ्क लागत अनुमानभन्दा बढी रहेको र अरू ५ वटा फर्मले दरभाउपत्र साथ पेश गरेको कागजको नमुनाको गुण स्तर नेपाल गुण स्तर तथा नापतौल कार्यालयबाट परीक्षण गर्दा सबै फर्मले पेश गरेको नमुना आयोगबाट स्वीकृत मापदण्ड अनुरूप भएको नपाइएकोले २०७०।४।२२ मा खरिद प्रक्रिया नै रद्द गरिएको थियो ।

निर्वाचनको मिति नजिकिँदै आएको अवस्थामा अर्को खरिद प्रक्रियाबाट समयमै कागज उपलब्ध हुनसक्ने अवस्था नरहेको कारण कागजको स्पेसिफिकेशन (जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको च.नं ९५/२०७०/७१ मिति २०७०।४।२२ को पत्रबाट प्राप्त) संलग्न गरी कुल ४८५ मे.टन. कागज उपलब्ध गराइदिन UNDP/ESP लाई अनुरोध गरिएको थियो ।

### (छ) मतदाता नामावली छपाइ गर्ने कागज, टोनर र तोसिबा इ-स्टुडियोको स्पेयर पार्ट्स

संविधान सभा सदस्य निर्वाचनमा मतदाता नामावलीको छपाइ, निर्वाचन आयोग र अन्तर्गत जिल्ला निर्वाचन कार्यालयहरू समेतको प्रयोजनका लागि कुल २३ हजार रिम

फोटोकपी पेपर, मतदाता नामावली छपाइ गर्न प्रयोग हुने मेसिन तोसिबा इ-स्टुडियोका स्पेयर पार्ट्स र टोनर आपूर्तिका लागि मिति २०७० असार ५ गतेको गोरखापत्र दैनिकमा सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको थियो ।फोटोकपी पेपरको लागत अनुमान ९० लाख ९६ हजार पाँचसय (मू.अ. कर सहित),स्पेयर पार्ट्सको रू.४० लाख ८९ हजार ४०५ र पैसा उनान्साठी (मू.अ.कर सहित) र विभिन्न किसिमका २५० थान टोनरको ७० लाख ६२ हजार ५०० रहेको थियो । फोटोकपी पेपर आपूर्तिका लागि १३ वटा फर्मले बोलपत्र फारम खरिद गरेकोमा १० वटाले, स्पेयरपार्ट्स आपूर्तिका लागि ३ वटा फर्मले खरिद गरेकोमा २ वटाले टोनर आपूर्तिका लागि ५ वटा फर्मले खरिद गरेकोमा ३ वटा फर्मले पेश गरेका थिए ।

### (ज) सवारी साधन,फर्निचर र विभिन्न मेसिनरी उपकरण

संविधान सभा सदस्य निर्वाचनका लागि समेत आ.व. ०७०।७१ मा १ करोड ६१ लाख १३ हजार १७४।९८ का सवारी साधन, ३४ लाख ३२ हजार २८०।९० का फर्निचर र १ करोड ६ लाख ६७ हजार १९९ बराबरको विभिन्न मेसिनरी उपकरण खरिद भएको थियो ।

### (झ) अन्य खरिद

आयोगको विभिन्न महाशाखा, शाखाका लागि दैनिक प्रशासन सञ्चालन समेतका लागि आवश्यक पर्ने मसलन्द सामग्री एवं विभिन्न प्रकारका बस्तु तथा सेवाको खरिद (टोनर, स्टेशनरी सामान, खानेपानी, विजुलीका सामान, भाडा, ज्याला आदि) मा आ.व. ०७०।७१ मा १ करोड ४ लाख ७० हजार खर्च भएको थियो ।

### (ञ) छपाइ सामग्री

संविधान सभा सदस्य निर्वाचनका लागि आयोग, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र मतदान केन्द्र स्तरमा प्रयोग हुने एवं राजनीतिक दल लगायत सरोकारवालालाई वितरण गर्न निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, विभिन्न अनुसूची फारम र मतदाता शिक्षा सामग्रीहरू छपाइ गरी वितरणको व्यवस्थापन गरिएको थियो ।

## ९.९.५.२.२ जिल्ला निर्वाचन कार्यालयबाट व्यवस्थापन

सामग्री खरिद र व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको दक्षता एवं क्षमता अभिवृद्धि गर्दैजाने र सामग्री व्यवस्थापन कार्यलाई थप सहज बनाउने उद्देश्यले स्थानीय स्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका विभिन्न १२ प्रकारका सामग्रीहरू जिल्ला निर्वाचन कार्यालयहरूबाटै खरिद गरिएको थियो । यसका लागि आवश्यक परिमाण र लागत अनुमान समेतका आधारमा आवश्यक बजेट सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूलाई नै पठाइएको थियो । भौगोलिक क्षेत्र अनुसार सामग्रीको मूल्यमा हुने अन्तरका कारण हिमाली र पहाडी जिल्लाहरूका लागि लागत अनुमानको क्रमशः २५ र १० प्रतिशतले हुन आउने

रकम र जिल्ला बाहिरबाट खरिद गर्नुपर्ने अवस्थाका लागि ढुवानी वापतको रकम समेत थप गरी पठाइएको थियो ।

सामग्री खरिद गर्दा जिल्लामा रहने मतदान केन्द्रको सङ्ख्याका आधारमा प्रति मतदान केन्द्र पठाउनु पर्ने दरबन्दी अनुसार हुन आउने सङ्ख्या र जिल्ला निर्वाचन कार्यालयमा १० (दस) प्रतिशत सामग्री जगेडा राख्ने गरी खरिद व्यवस्थापन गर्न निर्देशन दिइएको थियो ।

### ९.९.५.२.३ निर्वाचन अधिकृतको कार्यालयहरूबाट व्यवस्थापन

निर्वाचन अधिकृतको कार्यालयको लागि आवश्यक भवन, फर्निचर, मेसिनरी औजार उपकरण र सवारी साधन जस्ता सामग्रीको व्यवस्थापन जिल्लास्थित सरकारी निकायमा रहेका सामग्रीबाटै गर्ने नीति लिइएको थियो । दैनिक प्रशासन सञ्चालनार्थ आवश्यक हुने विभिन्न स्टेशनरी सामग्री आदिको खरिद गर्नुपर्ने अवस्थामा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाटै गर्ने गरी आवश्यक बजेट उपलब्ध गराइएको थियो । मतगणनापछि मत्रपत्र पोको पारेर राख्ने कपडाको थैला तथा बोरा निर्वाचन अधिकृतको कार्यालयबाटै व्यवस्थापन गर्न आवश्यक बजेट उपलब्ध गराइएको थियो ।

## ९.९.६ ढुवानी

सामग्रीको प्राप्ति, आवश्यकताको तह र प्रकृति समेतका आधारमा निर्वाचन कार्यक्रम सञ्चालन गर्न आवश्यक सामग्री, मतदाता शिक्षा सामग्री, मत पेटिका सहितका विभिन्न निर्वाचन सामग्री, मतदाता परिचयपत्र, मतपत्र र मतदानपछि मत पेटिका सङ्कलन सम्बन्धी कार्य समेत गरी विभिन्न चरणमा ढुवानी गरिएको थियो ।

निर्वाचन सामग्रीको ढुवानीका लागि सरकारी तथा निजी क्षेत्रका ढुवानी साधनको प्रयोग गरिएको थियो । सडक यातायातको भरपर्दो व्यवस्था भएका जिल्लामा सडक मार्गबाटै ढुवानी गरिएको थियो भने सडक यातायात नपुगेका, पुगे पनि भरपर्दो सेवा नभएका एवं विकट हिमाली जिल्लामा भने आवश्यकता अनुसार हवाइमार्गबाट ढुवानी गर्ने व्यवस्था मिलाइएको थियो । मूलुकको शान्ति सुरक्षाको स्थिति, भौगोलिक विकटता र मौसमको प्रतिकुलता समेतका कारण सामान्य प्रक्रियाबाट ढुवानी गर्न जटिलता हुने भएकोले ढुवानी कार्यमा सुरक्षा निकाय (सशस्त्र प्रहरी बल र नेपाली सेना)सँग रहेका स्रोत साधन प्रयोग गर्ने गरी आयोगबाट मिति २०७०।६।१ र २०७०।७।१७ मा निर्णय भएको थियो ।

विकट हिमाली जिल्लामा निर्वाचन सामग्री ढुवानी गर्न, विकट हिमाली जिल्लाका अति विकटस्थानमा रहेका मतदान केन्द्रमा मतदान सामग्री र कर्मचारी सुरक्षाकर्मी लैजान र ल्याउन, निर्वाचनमा खटिएका कर्मचारीको आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा उद्धार गरी तत्काल जनशक्ति व्यवस्था गर्न र मतदानपछि मत पेटिका सङ्कलन गर्ने समेतका लागि हेलिकोप्टरको सेवा लिनुपर्ने र सोको लागि नेपाली सेनासँग रहेको हेलिकोप्टर मात्र पर्याप्त

नभएकोले आयोगको मिति २०७० कार्तिक १४ गतेको निर्णय अनुसार निजी क्षेत्रको हेलिकोप्टर सेवा (श्री एअरलाइन्स, काठमाडौँ) लिइएको थियो ।

### ९.९.७ मत पेटिका सङ्कलन

मतदान कार्य समाप्त भएपछि मत पेटिका सङ्कलनका लागि सबै जिल्लाले जिल्ला स्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार ढुवानी योजना तर्जुमा गरी तदनुरूप मत पेटिका सङ्कलन गरेका थिए । सबै जिल्लाहरूलाई मतदानपछि मत पेटिका र कर्मचारीहरू सुरक्षित रूपमा सदरमुकाम ल्याउने आवश्यक प्रबन्ध मिलाउने निर्देशनका साथै ढुवानीका लागि आवश्यक बजेट समेत उपलब्ध गराइएको थियो । हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्रबाट र सुरक्षा चुनौतीका कारण स्थलमार्गबाट मत पेटिका ल्याउन सम्भव नभएका कतिपय पहाडी जिल्लाका विभिन्न स्थानबाट समेत हेलिकोप्टरबाट मत पेटिका सङ्कलन गरिएको थियो ।

### ९.९.८ आकस्मिक उद्धार

मतदान पूर्व माथिल्लो डोल्पा र हुम्लाका विकट गाउँ विकास समितिका मतदान केन्द्रमा मतदान सामग्री र कर्मचारी तथा सुरक्षाकर्मीलाई आवश्यकता अनुसार हेलिकोप्टरबाट मतदान केन्द्रसम्म पुऱ्याइएको थियो । यसै सिलसिलामा हुम्लाको सुनखानी प्रा.वि., हल्जी मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत मुकुन्दराज के.सी. निर्वाचनमा खटिई मतदान केन्द्रतर्फ जानेक्रममा हाई अल्टिच्युडका कारण बिरामी परेकोले हुम्लाको यारीबाट हेलिकोप्टरबाट उद्धार गरिएको थियो । त्यसै गरी निर्वाचन सम्पन्न भएपछि हुम्लाको लिमी र मुचु गाउँ विकास समितिका मतदान केन्द्रमा खटिएका मध्ये ५० जना सुरक्षाकर्मी र कर्मचारी तथा डोल्पा जिल्लाका माथिल्लो डोल्पाका ६ गाउँ विकास समिति र तल्लो डोल्पाका रिमी, काइगाउँ समेतका गाउँ विकास समितिका मतदान केन्द्रमा खटिएका मध्ये १५२ जना कर्मचारी तथा सुरक्षाकर्मी हिमपातका कारण मतदान केन्द्रमै अलपत्र परेको र करिब पाँच हजार मिटर उचाइको लेक पार गरी आउन सम्भव नरहेको भनी जिल्लास्थित सुरक्षा निकायका प्रमुख समेतबाट उद्धारका लागि अनुरोध भई आएपछि कर्मचारी र सुरक्षाकर्मीलाई हेलिकोप्टरबाट सम्बन्धित जिल्लाको सदरमुकामसम्म ल्याइएको थियो ।

### ९.९.९ विविध

#### ९.९.९.१ जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई छपाइ मेसिन र उपकरण हस्तान्तरण

विगतका निर्वाचनदेखि नै मतपत्र छपाइको कार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा कडा सुरक्षा प्रबन्ध सहित हुँदै आएकोमा मतपत्र छपाइका लागि आवश्यक पर्ने छपाइ मेसिन र विभिन्न औजार उपकरणहरू केन्द्रसँग पर्याप्त नरहेकोले केन्द्रको

क्षमता अभिवृद्धिका लागि आयोग आफैंले खरिद गरेर वा आयोगलाई दातृ निकायबाट प्राप्त भएका छपाइ मेसिन र औजार उपकरणहरू जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई हस्तान्तरण गर्दै आइएको थियो । यसै गरी अर्को संविधान सभा सदस्य निर्वाचनका लागि आई.एफ.ई.एस., यू.एन.डि.पि. लगायतका दातृ निकायबाट प्राप्त छपाइ मेसिन, पर्फोरेटिङ तथा नम्बरिङ मेसिन, कटिङ मेसिन लगायतका मेसिनरी औजार र उपकरणहरू र मतपत्र छपाइका लागि यू.एन.डि.पि. बाट सहयोगस्वरूप प्राप्त भई बाँकी रहेको कागज समेतका सामग्री वि.सं. २०७१ सालमा हस्तान्तरण गरिएको थियो ।

## ९.१० निर्वाचनमा सुरक्षा व्यवस्थापन

### ९.१०.१ निर्वाचन सुरक्षा

अर्को संविधान सभा सदस्य निर्वाचन २०७० मा सुरक्षाको ठूलो चुनौती थियो । निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षाको विषेश व्यवस्था गरिएको थियो । निर्वाचनमा राज्यका चारवटै सुरक्षा अङ्ग नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग परिचालन गरिएको थियो । संयुक्त रूपमा परिचालन गरिएको सुरक्षा निकायमा पहिलो पङ्क्तिमा नेपाल प्रहरी, दोस्रो पङ्क्तिमा सशस्त्र प्रहरी बल थियो भन्ने अन्तिममा नेपाली सेना रहेको थियो ।

### ९.१०.२ संयुक्त निर्वाचन सञ्चालन केन्द्र

केन्द्रदेखि जिल्ला स्तरमा सम्पन्न हुने विभिन्न क्रियाकलापको समन्वय र सुरक्षा व्यवस्थाका लागि निर्वाचनमा प्रत्यक्ष रूपले संलग्न रहने निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकायका स्थानीय कार्यालय तथा एकाईहरूसँग नियमित समन्वय र सहजीकरण गर्नुपर्ने हुँदा यो कार्यलाई सहज र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उद्देश्यले आयोगका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका उच्च अधिकारीहरू, आयोगका विभिन्न तहका अधिकृत तथा कर्मचारी रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्रको स्थापना गरिएको थियो । केन्द्रमा नेपाली सेनाबाट प्रमुख सेनानी, सशस्त्र प्रहरी बलबाट सशस्त्र प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरीबाट प्रहरी नायब महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका एक जना अनुसन्धान निर्देशक र निजहरूका सहयोगीको सेवा प्राप्त गरिएको थियो ।

निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन सुरक्षासँग सम्बन्धित निकायहरू तथा स्थानीय स्तरमा राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन आयोगसँग सम्पर्क राख्दा र निर्वाचन आयोगले निर्वाचन सरोकारवालाहरूलाई प्रवाह गर्ने सूचनाहरू यसै केन्द्र मार्फत आदानप्रदान गर्ने व्यवस्था मिलाइएको थियो । केन्द्रलाई

आलोपालो गरी चौबीसै घण्टा सञ्चालन गर्ने प्रबन्ध मिलाइएको थियो । मिति २०७० आश्विन १४ गतेदेखि सञ्चालनमा आएको यो केन्द्र निर्वाचनको अन्तिम परिणाम प्राप्त नहुँदासम्म सञ्चालनमा रहेको थियो ।

### ९.१०.३ संयुक्त निर्वाचन सञ्चालन केन्द्रबाट सम्पादित क्रियाकलाप

(क) मूलुकभरका सबै निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालयहरूको सम्पर्क नम्बर, इमेल ठेगाना समेत लिई सम्पर्क र समन्वय स्थापना गरिएको ।

(ख) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयनपत्र दर्ता गराएका मूलुकभरका सबै निर्वाचन क्षेत्रको उम्मेदवारहरूको सङ्ख्या, निर्वाचन क्षेत्रगत, दलगत तथा लिङ्गगत विवरणहरू तयार गरिएको ।

(ग) दैनिक रूपमा भए गरेका कार्यहरूको जानकारी केन्द्रका प्रमुख तथा आयोगका प्रवक्तालाई दैनिक प्रतिवेदन गरिएको ।

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विभिन्न राजनीतिक दलको तर्फबाट वा स्वतन्त्र रूपमा मनोनयनपत्र दर्ता गराएका उम्मेदवारहरूको नामावली सङ्कलन गरिएको ।

(ङ) निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारी बदर भएको, उम्मेदवारहरूले नाम फिर्ता लिएको विवरण सङ्कलन गरी नामावली अद्यावधिक गरिएको ।

(च) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार उम्मेदवारी दिएका उम्मेदवारहरू मध्ये अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारहरूलाई प्रदान गरिएको निर्वाचन चिह्न समेतको विवरण अद्यावधिक गरिएको ।

(छ) निर्वाचन कार्यक्रम सम्पन्न भएपछि उम्मेदवारहरूको मृत्यु भएको निर्वाचन क्षेत्रमा आयोगको निर्णयानुसार नयाँ कार्यक्रम पठाइएको । नयाँ कार्यक्रम अनुसार उम्मेदवारी दिने उम्मेदवारहरूको विवरण अद्यावधिक गरिएको ।

(ज) निर्वाचनको दिन सबै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी तथा प्रमुख जिल्ला अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही प्राप्त विवरणहरू, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली एवं समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणनाको आवधिक प्रतिवेदन तत्काल प्रमुख आयुक्त तथा आयुक्तहरू, सचिव तथा महाशाखा

प्रमुखहरूलाई उपलब्ध गराइएको । साथै, प्रत्येक घण्टाको टिपोट बनाई पेश गरिएको ।

(झ) निर्वाचन सुरक्षा सम्बन्धी विषयमा दैनिक प्रतिवेदन तयार गरी संयोजक मार्फत सम्बन्धित क्षेत्र हेर्ने आयुक्तलाई उपलब्ध गराइएको ।

(ञ) निर्वाचनको अनुगमन तथा सूक्ष्म अनुगमन, निर्वाचन आचार संहिता अनुगमन र निर्वाचन पर्यवेक्षण सम्बन्धी कार्यहरूको जानकारी तथा प्रतिवेदन लिई सम्बन्धित महाशाखा/शाखामा उपलब्ध गराइएको ।

(ट) मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत/जिल्ला निर्वाचन कार्यालयहरूबाट प्राप्त पत्र तथा जानकारीहरू सम्बन्धित शाखामा पठाइएको ।

(ठ) मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत/जिल्ला निर्वाचन कार्यालयलाई दिइएका निर्देशन तथा परिपत्रहरू फ्याक्स तथा इमेलबाट सम्बन्धित कार्यालयहरूमा पठाइएको ।

(ड) संयुक्त निर्वाचन सञ्चालन केन्द्रबाट सम्पादित कार्यहरूको दैनिक प्रतिवेदन तयार गरी आयोग एवं सचिवालयमा नियमित रूपमा र विषयगत प्रकृतिको आधारमा सम्बन्धित शाखाहरूमा समेत उपलब्ध गराइएको ।

### ९.१०.४ निर्वाचन जोखिम व्यवस्थापन प्रणालीको प्रयोग

निर्वाचन आयोगमा स्थापना गरिएको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मा जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, विभिन्न सुरक्षा निकायहरूबाट दैनिक रूपमा प्राप्त हुने निर्वाचन हिंसा सम्बन्धी सूचना, जानकारीलाई डाटाको रूपमा लिई यो टूलको माध्यमबाट विश्लेषण गर्ने गरिएको थियो । यस बाहेक विभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन पोर्टलहरूमा प्रकाशित निर्वाचन हिंसा सम्बन्धी समाचारका माध्यमबाट प्राप्त जानकारी वा सूचनालाई समेत निर्वाचन जोखिमको विश्लेषण गर्नका लागि डाटाको रूपमा प्रयोग गरिएको थियो ।

विभिन्न स्रोतबाट प्राप्त डाटाहरूलाई Electoral Risk Management Tool (ERM Tool) मा सम्प्रेषण गरी विभिन्न Risk map तथा Trend Chart/Graph तयार पार्ने गरिएको थियो । यस्ता map वा chart सुरुको १५ दिनसम्म साप्ताहिक रूपमा र तत्पश्चात हरेक ३/३ दिनमा तयार गरी विश्लेषण गर्ने गरिएको थियो । निर्वाचनको ३ (तीन) दिन अगाडिदेखि भने हरेक दिनका घटनाहरूको प्रतिवेदन अर्को दिन तयार गर्ने गरिएको थियो । ERM Tool बाट तयार गरिएको प्रतिवेदनलाई आयोगको निर्वाचन सुरक्षा समिति मार्फत

निर्वाचन आयोगमा उपलब्ध गराउने र आयोगबाट प्रतिवेदनको अध्ययन विश्लेषण गरी निर्वाचनमा प्रभावकारी सुरक्षा व्यवस्थाका लागि नेपाल सरकारलाई निर्देशन गर्ने गरिएको थियो । यो टूलको प्रयोग मतदान हुनेभन्दा एक महिना अगाडिदेखि गरिएको थियो ।

## ९.११ निर्वाचन सञ्चालन

### ९.११.१ निर्वाचन कार्यतालिका

अर्को संविधान सभा सदस्य निर्वाचन सम्पन्न गर्ने प्रयोजनको लागि आयोगबाट मिति २०७०/३/४ मा मतदाता नामावली तयारी तथा उत्पादन, निर्वाचन कार्यक्रमको स्वीकृति, निर्वाचन अनुगमन, निर्वाचनको पर्यवेक्षण, मतदान केन्द्र निर्धारण, मतदाता शिक्षा सञ्चालन, मतपत्रको ढाँचा स्वीकृति र उत्पादन, आचार संहिता कार्यान्वयन एवं निर्वाचनमा संलग्न हुने जनशक्ति तथा सरोकारवालाहरूको क्षमता विकासको लागि प्रशिक्षण कार्यक्रम समेत समावेश भएको २५ बुँदे सङ्क्षिप्त निर्वाचन कार्यतालिका स्वीकृत भएको थियो ।

### ९.११.२ निर्वाचन प्रणाली सम्बन्धी व्यवस्था

अर्को संविधान सभा सदस्य निर्वाचनमा समानान्तर मिश्रित निर्वाचन प्रणाली अङ्गीकार गरिएको थियो । वि.सं. २०६३ साल माघ १ गते जारी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा ६०१ सदस्यीय संविधान सभाको गठन हुने, ती मध्ये २४० जना पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र ३३५ जना सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रावधान भए अनुसार २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो ।

#### ९.११.२.१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम

सम्वत् २०७० मङ्सिर ४ गते सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनको लागि आयोगको मिति २०७०/४/१७ को निर्णय बमोजिम २०७० असोज १० मा उम्मेदवारको मनोनयन दर्तादेखि २०७० असोज १८ मा उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गर्नेसम्मका निर्वाचन कार्यक्रम सम्पन्न गर्ने गरी निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो । राजनीतिक दलहरूको उच्च स्तरीय समितिको अनुरोध बमोजिम नेपाल सरकारबाट तोकिएको मितिमै मतदान कार्य सम्पन्न हुने गरी निर्वाचन कार्यक्रम यथासम्भव केही दिन पर सार्न मिति २०७०/६/२ मा अनुरोध भए बमोजिम मिति २०७०/६/१७ बाट सुरू हुने गरी संशोधित निर्वाचन कार्यक्रम २०७०/६/३ मा आयोगबाट स्वीकृत भएको थियो ।

### ९.११.२.२ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवारी सम्बन्धी व्यवस्था

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको मनोनयन दर्ता गर्ने क्रममा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूबाट २०७० साल असोज १७ गते मनोनयनपत्र दर्ता गर्ने कार्य सम्पन्न भयो। उक्त दिन कुल ६ हजार ३६५ उम्मेदवारहरूबाट मनोनयन दर्ता भएकोमा दावी विरोध, मनोनयनपत्र फिर्ता र मनोनयनपत्र रद्द समेत भई कुल ६ हजार १२५ उम्मेदवारहरूको मनोनयन कायम हुन गई सोही बमोजिम उम्मेदवारहरूबिच प्रतिस्पर्धा भएको थियो ।

### ९.११.२.३ उम्मेदवारको मनोनयन दर्ता गराउने सम्बन्धी विशेष व्यवस्था

आयोगको मिति २०७०।६।१७ को निर्णयबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन उम्मेदवार आफैं वा निजको प्रतिनिधि वा प्रस्तावक वा समर्थकले सम्बन्धित उम्मेदवारको मनोनयनपत्र, राजनीतिक दलको औपचारिक पत्र, मतदाता नामावलीको उतार, उम्मेदवारको नागरिकताको प्रतिलिपि तथा प्रतिनिधि मुकररको पत्र पेश गर्नुपर्ने व्यवस्था छ। यी कागजातहरू फ्याक्स मार्फत प्राप्त भएको अवस्थामा पनि उक्त फ्याक्स पत्रको आधारमा मनोनयन पत्र दर्ता गर्ने व्यवस्था मिलाउने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नुअगावै उक्त कागजातको सक्कलप्रति प्राप्त गरी उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७०।६।१७ को निर्णयबाट निर्वाचन अधिकृतको कार्यालयमा निर्देशन भएको थियो ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने मितिसम्म पनि केही निर्वाचन क्षेत्रमा उक्त कागजातहरू सक्कलै पेश नभएको अवस्थामा समेत अन्यथा प्रमाणित नभएसम्मको लागि ती फ्याक्स मार्फत प्राप्त भएका कागजातहरूलाई पनि सक्कलै कागजात सरह मानी उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउने गरी आयोगबाट पुनः मिति २०७०।६।२२ मा निर्णय भयो। यसै बमोजिम निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिई उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने व्यवस्था मिलाइएको थियो। यसरी फ्याक्स मार्फत उम्मेदवारी दर्ताका कागजातहरू पठाउँदा उम्मेदवारलाई पायक पर्ने जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा जिल्ला निर्वाचन कार्यालयबाट मनोनयन पत्र दर्ता गराउने सम्बन्धित जिल्लाको निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा मनोनयन पत्र दर्ता सम्बन्धी कागजात पठाउन सकिने व्यवस्था मिलाइएको थियो ।

### ९.११.२.४ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयन पत्र दर्ता

उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने दिन मिति २०७०।६।१७ मा देहाय बमोजिम

राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूले मनोनयन पत्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गराएका थिए ।

| राजनीतिक दल/स्वतन्त्र | महिला उम्मेदवार | पुरुष उम्मेदवार | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| राजनीतिक दलको तर्फबाट | ६११ | ४,५३३ | १ | ५,१४५ |
| स्वतन्त्रबाट | ६६८ | १,१५२ | | १,२२० |
| | | | **जम्मा** | **६,३६५** |

## ९.११.२.५ मनोनयनपत्र फिर्ता

निर्वाचन कार्यक्रम अनुसार राजनीतिक दल तथा स्वतन्त्र गरी उम्मेदवारले आफ्नो नाम फिर्ता लिई उम्मेदवारको नामावली सूचीबाट नाम हटेका उम्मेदवारहरूको सङ्ख्यात्मक विवरण देहाय अनुसार रहेको थियो-

| राजनीतिकदल/स्वतन्त्र | महिला उम्मेदवार | पुरुष उम्मेदवार | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| राजनीतिक दलको तर्फबाट | ८ | १२६ | | १३४ |
| स्वतन्त्रबाट | ४ | १०१ | | १०५ |
| **जम्मा** | **१२** | **२२७** | | **२३९** |

## ९.११.२.६ मनोनयनपत्र रद्द

उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रही निर्वाचन चिह्न प्रदान भएपश्चात् उम्मेदवारको योग्यता सम्बन्धमा उजुरी परी छानबिनबाट लमजुङ जिल्ला निर्वाचन क्षेत्र नं. २ का संघीय गणतान्त्रिक पार्टीका उम्मेदवार गम बहादुर तामाङ इलाका हुलाक कार्यालय मनाङमा कार्यरत रहँदारहँदै उम्मेदवारी दिएको कारणले निजको नाम हटाइएको थियो ।

## ९.११.२.७ उम्मेदवारहरूको अन्तिम नामावली

उम्मेदवारको मनोनयनपत्र दर्ता भइसकेपछि फिर्ता, रद्द र दावी विरोधका प्रक्रिया पूरा भएपश्चात् देहाय बमोजिमको सङ्ख्याका उम्मेदवारहरू अन्तिम रूपमा कायम भएका थिए-

| राजनीतिक दल /स्वतन्त्र | महिला उम्मेदवार | पुरुष उम्मेदवार | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| राजनीतिक दलको तर्फबाट | ६०३ | ४४०७ | १ | ५०११ |
| स्वतन्त्रबाट | ६४ | १०५० | ० | १११४ |
| **जम्मा** | **६६७** | **५४५७** | **१** | **६१२५** |

### ९.११.२.८ उम्मेदवारको मृत्युका कारण निर्वाचन कार्यक्रममा परिवर्तन

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारहरूको मनोनयन दर्ता भई संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा २८ (१) बमोजिम उम्मेदवारहरूको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरूको मृत्यु भएका कारण पुनः मनोनयन पेश गर्ने प्रयोजनका लागि निम्नानुसार निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो-

(क) बारा जिल्ला निर्वाचन क्षेत्र नं ४ मा ने.क.पा.(एमाले) का उम्मेदवार महमुद आलमको मिति २०७०/६/१८ गते गोली प्रहार भई मिति २०७०/६/२४ गते मृत्यु भएकोले सो पार्टीको तर्फबाट मात्र उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन पाउने गरी मिति २०७०/६/३१ गते पुनः निर्वाचन कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय भएको थियो । सो कार्यक्रम अनुसार उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्य मिति २०७०।७।३ मा सुरु भई उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य २०७०।७।५ सम्म रहेको थियो ।

(ख) सर्लाही जिल्ला निर्वाचन क्षेत्र नं.३ मा चुरेभावर लोकतान्त्रिक पार्टीका उम्मेदवार थलराज वाग्लेको मिति २०७०।७।१४ गते वीरगंज अस्पतालमा उपचारको क्रममा निधन भएकोमा सो पार्टीको तर्फबाट मात्र उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन पाउने गरी मिति २०७०/७/१४ गते पुनः निर्वाचन कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय भएको थियो । सो अनुसार उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्य मिति २०७०।७।१६ मा सुरु भई उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य २०७०।७।१६ सम्म रहेको थियो ।

(ग) रौतहट जिल्ला निर्वाचन क्षेत्र नं २ मा नेपाल सद्भावनापार्टी (युनाइटेड) का उम्मेदवार शेख इसराजुलको निधन भई सो पार्टीको तर्फबाट मात्र मनोनयन दर्ता गराउन पाउने गरी मिति २०७०/७/१६ गते पुनः निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो । सो कार्यक्रम अनुसार उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्य मिति २०७०।७।१७ देखि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य २०७०।७।१७ सम्म रहेको थियो । कपिलवस्तु जिल्ला निर्वाचन क्षेत्र नं १ मा तराई मधेश लोकतान्त्रिक पार्टीको तर्फबाट उम्मेदवार रहेका सराफत खाँको मृत्यु भई पुनः निर्वाचन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोमा उक्त राजनीतिक दलबाट पुनः उम्मेदवारको मनोनयन पेश नगर्ने र साविक बमोजिमको मिति र समयमा मतदान कार्यक्रम सम्पन्न गर्न अनुरोध भै आए बमोजिम सो क्षेत्रमा पुनः निर्वाचन कार्यक्रम सञ्चालन नगर्ने र यसअघि आयोगबाट उत्पादन भै निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराइएको मतपत्रमा रहेको उक्त राजनीतिक दलको निर्वाचन चिह्न (जोडा गोरु) फ्रिज गरी साविक बमोजिमको मिति र

समयमा मतदान कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७०।७।२१ मा निर्णय भएको थियो ।

### ९.११.३ समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम

सम्वत् २०७० साल मङ्सिर ४ गते सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनको लगि आयोगको मिति २०७०।४।१७ को निर्णय अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ २०७० साल असोज ७ मा समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूले निवेदन दर्ता गर्नेदेखि २०७० साल कार्तिक २३ गते उम्मेदवारहरूको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्नेसम्मका क्रियाकलाप समेटिएको निर्वाचन कार्यक्रम स्वीकृत भएको थियो ।

समानुपातिक निर्वाचन प्रणालीमा पुरै देशलाई एउटै निर्वाचन क्षेत्र मानी निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूले प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्राप्त गरेको मतको औसत आधारमा सबै वर्ग, समुदाय, जातजाति एवं लिङ्गको समानुपातिक प्रतिनिधित्वको आधारमा दलहरूले बन्दसूचीमा नाम सिफारिश गरेका व्यक्ति मध्येबाट निर्वाचित गरिएको थियो ।

संविधान सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन सञ्चालनका लागि आयोगले छुट्टै निर्वाचन कार्यक्रम तयार गरी सञ्चालन गरेको थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन सञ्चालन गर्न निर्वाचन आयोगले आयोगका सचिवलाई निर्वाचन अधिकृत र कानुन तथा राजनीतिक दल सम्बन्ध महाशाखा प्रमुखलाई सहायक निर्वाचन अधिकृत नियुक्त गरेको थियो भने निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोगमा रहेको थियो ।

निर्वाचन अधिकृतको कार्यालयलाई समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने सम्पूर्ण काम कारवाहीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने, समानुपातिक निर्वाचन प्रणालीको सिलसिलामा राजनीतिक दलहरूले आफ्नो दलको तर्फबाट पेश गरेको बन्दसूची सम्बन्धी सम्पूर्ण प्रकृयाहरू पूरा गर्ने, बन्दसूचीमा पेश भएका उम्मेदवारहरूको अयोग्यता सम्बन्धी दावी विरोध तथा उजुरी सम्बन्धी कारवाही अगाडि बढाउने, समानुपातिक निर्वाचन प्रणालीको परिणाम घोषणा गर्ने तथा निर्वाचित उम्मेदवारलाई प्रमाण-पत्र दिने समेतको कार्यादेश रहेको थियो ।

#### ९.११.३.१ समानुपातिक निर्वाचन प्रणाली एकाईको गठन

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतका सम्पूर्ण क्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन तथा व्यवस्थापनको लागि निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउन कानुन तथा राजनीतिक

दलसम्बन्ध महाशाखा प्रमुखको संयोजकत्वमा समानुपातिक निर्वाचन प्रणाली एकाई गठन गरिएको थियो । यस एकाईबाट समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुने राजनीतिक दलहरूले राख्नु पर्ने धरौटी रकमको व्यवस्थापन गर्ने, राजनीतिक दलहरूले पेश गरेको बन्दसूचीको संशोधन गर्न र संशोधित बन्दसूची पेश गर्न लगाउने, बन्दसूची प्रकाशन गर्ने, दलहरूले पेश गरेको बन्दसूचीमा रहेका उम्मेदवारहरूको अयोग्यता सम्बन्धी दावी विरोध, उम्मेदवारी फिर्ता सम्बन्धी काम गर्ने, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा नाम दोहोरिएको, उमेर नपुगेका तथा मतदाता नामावलीमा नाम समावेश नभएका सम्बन्धमा  समेत सम्परीक्षण र सम्पुष्टि गर्ने लगायतका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी अन्तिम बन्दसूची प्रकाशन गर्ने लगायतका कार्य सम्पादनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन अधिकृतको कार्यालयलाई सहयोग पुऱ्याएको थियो ।

### ९.११.३.२ उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भाग लिएका राजनीतिक दलहरूले पेश गरेको बन्दसूचीमा उल्लिखित उम्मेदवारहरूको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ तथा संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १८ बमोजिम संविधान सभा सदस्य निर्वाचनका लागि बन्दसूचीमा नाम समावेश भएका नेपाली काँग्रेसका सूर्यदेव दास उराव, नेकपा एमालेका सागर देवी चौधरी र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)का कामेश्वरप्रसाद साहको योग्यताको सम्बन्धमा आयोगमा उजुरी परेकोमा आवश्यक छानबिनपश्चात् निजहरूको नाम आयोगको मिति २०७०।७।२८ को निर्णयानुसार बन्दसूचीबाट हटाइएको थियो । सोही अध्यादेशको दफा १९ बमोजिमको अयोग्यता सम्बन्धमा  एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), समाजवादी जनता पार्टी र लिग नेपाल शान्ति एकता पार्टी गरी तीनवटा दलका बन्दसूचीमा नाम समावेश भएका सातजना उम्मेदवारको अयोग्यता सम्बन्धमा दावी विरोधको उजुरी परेको थियो । उजुरी उपर छानविन हुँदा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को बन्दसूचीका उम्मेदवार बालकृष्ण ढुङ्गेल र उषा साह (फकिर) संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९  बमोजिम उम्मेदवार हुन अयोग्य देखिएकोले आयोगको मिति २०७०।७।२० को निर्णयले निजहरूको नाम उम्मेदवारको बन्दसूचीबाट हटाइएको थियो ।

राजनीतिक दलहरूले आयोगमा पेश गरेको बन्दसूचीमा उल्लिखित उम्मेदवारहरूको अयोग्यता सम्बन्धमा विभिन्न व्यक्ति तथा निकायहरूबाट आयोगमा परेको दावी विरोधमा आयोगको मिति २०७०/०७/१८ को निर्णय बमोजिम उमेर नपुगेका, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमा नाम दोहोरिएका, एउटै

राजनीतिक दलभित्र नाम दोहोरिएका तथा पिछडिएका क्षेत्रबाट बन्दसूचीमा नाम समावेश गरिए पनि प्रमाण पेश नगरेका आधारमा बन्दसूचीबाट नाम हटाइएको थियो ।

### ९.११.३.३ संविधान सभा सदस्य सङ्ख्याको निर्धारण

राजनीतिक दलहरूले प्राप्त गरेको मतको आधारमा राजनीतिक दलहरूले प्राप्त गर्ने संविधान सभा सदस्य सङ्ख्या निर्धारण गरी सम्बन्धित राजनीतिक दलहरूको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयबाट उम्मेदवार छनोट गरी आयोगमा उम्मेदवारको नामावलीको सूची पेश गर्न सम्बन्धित राजनीतिक दललाई पत्राचार गरी सो सम्बन्धी सूचना गोरखापत्र दैनिकमा समेत मिति २०७०/०८/१८ मा प्रकाशन गरिएको थियो ।

राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णय सहित पेश गर्ने भनिएकोमा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले कार्य सम्पादन समितिको निर्णयानुसार समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवार छनोट गरी पठाएकोले उक्त दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णय पेश गर्न आयोगको मिति २०७०/०८/२७ को निर्णय बमोजिम उक्त पार्टीलाई मिति २०७०/०८/२७ को पत्रबाट जानकारी गराइएको थियो ।

### ९.११.३.४ कार्यविधि संशोधन तथा म्याद थप

समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रत्येक राजनीतिक दलले प्राप्त गरेको संविधान सभा सदस्य सङ्ख्यामा उम्मेदवारहरूको नाम छनोट गरी आयोगमा पठाउने सम्बन्धमा "समानुपातिक निर्वाचन प्रणाली उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०७०" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो ।

कार्यविधि बमोजिम राजनीतिक दलले उम्मेदवारको नाम पठाउनका लागि पहिलो पटक मिति २०७०।८।१८ देखि २०७०।८।२५ गतेसम्मको समय दिएकोमा राजनीतिक दलहरूको अनुरोधमा पुनः मिति २०७०।९।३ सम्म समय थप गरेको थियो । सो कार्यावधिमा तोकिएको समय सीमाभित्र अधिकांश राजनीतिक दलले उम्मेदवारको नाम छनोट गरी नपठाएकोले सो कार्यविधिमा उल्लिखित समयसीमा संशोधन गर्नुपरेको थियो । आयोगले "समानुपातिक निर्वाचन प्रणाली उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०७०" मा तोकिएको समयसीमा क्रमशः मिति २०७०।०८।२५ र २०७०।९।१ मा संशोधन गरेको थियो । समानुपातिक निर्वाचन प्रणाली उम्मेदवार छनोट सम्बन्धी कार्यविधि बमोजिम मिति २०७०।८।२७, २०७०।९।१ र २०७०।९।१० गते गरी तीन पटकसम्म म्याद थप गरी सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै तत्सम्बन्धमा राजनीतिक दलहरूलाई पत्राचार समेत गरिएको थियो

साथै राजनीतिक दलहरूले आयोगसमक्ष पेश गरेको उम्मेदवारहरूको छनोट सूचीमा देखिएका त्रुटिहरूलाई मिति २०७०।०९।१५ देखि मिति २०७०।०९।१८ सम्ममा सच्याउने तथा संशोधन गर्ने कार्य गरिएको थियो ।

### ९.११.३.५ समानुपातिक प्रतिनिधित्व सम्बन्धी विवरण

सूचीकृत उम्मेदवारहरूको विवरण (समूह र लिङ्ग अनुसार)

| सूचीकृत | महिला | पुरुष |
|---|---|---|
| मधेशी | १७५२ | १९०६ |
| दलित | ५०८ | ५१३ |
| आदिवासी/जनजाति | १६२९ | १६१५ |
| पिछडिएको क्षेत्र | ७६ | १०५ |
| खस, आर्य तथा अन्य | १८२९ | १८१६ |
| **जम्मा** | **५७९४** | **५९५५** |

**द्रष्टव्य :**

उक्त विवरण अनुसार एक पहिचान अन्तर्गत पर्ने व्यक्ति अर्को पहिचान भएको समूहमा समेत गणना हुन सक्ने कानुनी अवस्था रहेकोले पहिचान भएका सबै समूहबाट ११ हजार ७४९ उम्मेदवारको बन्दसूची पेश भएकोमा पिछडिएको क्षेत्र १८१, मधेशी दलित ३१६ र मधेशी जनजाति ५४३ घटाउँदा पहिचान सहित सूचीकृत जम्मा उम्मेदवारको सङ्ख्या १० हजार ७०९ हुनआउँछ ।

### ९.११.४ निर्वाचन अधिकृत नियुक्ति

मूलुकभरका २४० निर्वाचन क्षेत्रमा नियुक्ति गर्नुपर्ने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्तिका लागि कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय मार्फत न्याय परिषद्को स्वीकृति र न्याय सेवा आयोगको परामर्श सहित निर्वाचन कार्यमा खटिने पदाधिकारीहरू (जगेडा १० जना समेत) को नामावली सहितको विवरण माग गर्ने बारे आयोगबाट मिति २०७०/५/२ मा भएको निर्णय अनुसार माग भएकोमा मिति २०७०।५।१७ गते कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयबाट २४० निर्वाचन क्षेत्रको लागि २४० जना र जगेडा १० जना गरी कुल २५० जना (जिल्ला न्यायाधीश ७५, अतिरिक्त जिल्ला न्यायाधीश ८६ र नेपाल न्याय सेवाका ७९ जना राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत) को नामावली विवरण प्राप्त भएको थियो ।

प्राप्त नामावलीको आधारमा आयोगको मिति २०७०।५।२० को निर्णयबाट मिति २०७०।५।२१ बाट लागू हुने गरी २४० निर्वाचन क्षेत्रमा खटिने निर्वाचन अधिकृतलाई नियुक्ति दिई कार्यक्षेत्रमा खटाइएको थियो। यसरी खटिएका निर्वाचन अधिकृतहरूको नामावली अनुसूची ६३ मा दिइएको छ।

साथै सोही मितिमा आयोगबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन सञ्चालन गर्न आयोगका सचिव नरेन्द्र दाहाललाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने निर्णय भएको थियो।

### ९.११.५ मतदानस्थल/केन्द्र

संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम मतदानको कार्य व्यवस्थापन गर्ने प्रयोजनको लागि मतदानस्थल/केन्द्र तोक्ने सिलसिलामा आयोगले देहाय बमोजिम कार्य सम्पन्न गरेको थियो।

#### ९.११.५.१ मतदानस्थल/केन्द्र सिफारिश गर्ने आधारहरू

स्थानीय रूपमा मतदाताहरूलाई पर्ने पायक, शान्ति सुरक्षाको दृष्टिले उपयुक्त, यथासम्भव यातायात पूर्वाधार भएको र संविधान सभा सदस्य निर्वाचन, २०६४ का बखत कायम भएका मतदानस्थल/केन्द्रको आधारमा मतदानस्थल/ केन्द्र थपघट तथा परिमार्जनका लागि सिफारिश गर्ने गरी आयोगबाट मिति २०६९।४।२ मा निर्णय भए बमोजिम मतदानस्थल/केन्द्रको विवरण अद्यावधिक गरिएको थियो। जिल्ला स्तरीय मतदान केन्द्र सिफारिश समितिबाट आयोगले स्वीकृत गरेको आधारहरू बमोजिम मतदान केन्द्र कायम गर्न सिफारिश भइआएको थियो।

### ९.११.६ मतपत्र व्यवस्थापन

मतपत्र व्यवस्थापनको सिलसिलामा मतपत्रको ढाँचा निर्माणदेखि आयोगबाट निर्वाचन अधिकृतको कार्यालय र उक्त कार्यालयबाट मतदानकेन्द्रसम्म मतपत्र पुऱ्याउने सम्मका कार्यहरू सम्पादन भएका थिए। अर्को संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि निर्वाचन क्षेत्र अनुसारको हल्का नीलो रङको मतपत्र र समानुपातिक निर्वाचन प्रणालीको लागि मूलुकभरका लागि एकै प्रकारको हल्का रातो रङको मतपत्र गरी दुई प्रकारका मतपत्रको प्रयोग भएको थियो। समानुपातिक निर्वाचन प्रणालीतर्फ मूलुकभरलाई एक निर्वाचन क्षेत्र मानी एक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ २४० निर्वाचन क्षेत्रका लागि २४० प्रकारका गरी जम्मा २४१ प्रकारका मतपत्रहरू छपाइ गरिएको थियो।

### ९.११.७ मत पेटिका

मतदानकेन्द्रमा ५०० सम्म मतदाता भएकोमा दुवै निर्वाचन प्रणालीका लागि ४३ लिटर क्षमताको प्लास्टिकको सानो मत पेटिका तथा सो भन्दा बढी मतदाता भएका मतदान केन्द्रहरूमा समानुपातिक निर्वाचन प्रणालीतर्फको लागि ८० लिटर क्षमताको प्लास्टिकको ठूलो मत पेटिका र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सानो मत पेटिका प्रयोग गर्ने व्यवस्था मिलाइएको थियो । मत पेटिकाको प्रयोग सम्बन्धमा आयोगबाट मिति २०७०/७/२९ मा मत पेटिका प्रयोग सम्बन्धी मापदण्ड स्वीकृत भई देहायका निर्देशनहरू दिएको थियो-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको लागि प्रत्येक मतदान केन्द्रमा छुट्टाछुट्टै १/१ वटा मत पेटिका प्रयोग गर्ने ।

(ख) ५०० भन्दा कम मतदाता भएका मतदान केन्द्रहरूमा दुवै निर्वाचन प्रणालीको लागि १/१ वटा सानो मत पेटिका छुट्टाछुट्टै प्रयोग गर्ने ।

(ग) ५०० भन्दा बढी मतदाता भएका मतदान केन्द्रहरूमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि सानो मत पेटिका एउटा र समानुपातिक निर्वाचन प्रणालीको लागि ठूलो मत पेटिका एउटा प्रयोग गर्ने ।

(घ) उम्मेदवार सङ्ख्याको आधारमा मतपत्रको साइज केही ठूलो भएका धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं ३, ४ र ५, पर्सा जिल्लाको निर्वाचन क्षेत्र नं. १, रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं.४ तथा बारा जिल्लाको निर्वाचन क्षेत्र नं.४ मा ५०० भन्दा बढी मतदाता भएका मतदान केन्द्रहरूमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि समेत ठूलो मत पेटिका प्रयोग गर्ने ।

(ङ) समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदाता सङ्ख्या १,००० भन्दा बढी भएको अवस्थामा थप मत पेटिका प्रयोग गर्ने ।

#### ९.११.७.१ विशेष अवस्थामा मत पेटिकाको प्रयोग

अर्को संविधान सभा सदस्य निर्वाचनमा मत पेटिकाको प्रयोग सम्बन्धमा मिति २०७०।७।२९ मा स्वीकृत मापदण्ड बमोजिम मतपत्र खसाल्ने व्यवस्था गर्दा पनि मतदान कार्य नसकिँदै मत पेटिका भरिन गई मतदान गर्न गराउन कठिनाइ परेको भनी विभिन्न निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरूबाट आवश्यक निर्देशनको लागि अनुरोध भई आयो । यस समस्याको निराकरणका लागि सुगम जिल्लामा सम्भव भएसम्म उपलब्ध सानो तथा ठुलो मत पेटिका आवश्यकता अनुसार थप प्रयोग गरी मतदान गराउने, साथै सो बमोजिम गर्न नसकिने अवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत पेटिकामा मतपत्र अटाउन सक्ने अवस्था भएमा मुचुल्का तयार गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको

मतपत्र पनि उक्त मत पेटिकामा नै खसाउने व्यवस्था मिलाउने र यसरी मतदान भएका मतपत्रहरूलाई सदर भएको मानी मतगणना गर्ने व्यवस्था मिलाउने गरी सम्पूर्ण निर्वाचन अधिकृतहरू एवं जिल्ला निर्वाचन अधिकारीलाई निर्देशन दिने गरी आयोगबाट निर्णय भई तत्काल आवश्यक निर्देशन दिई व्यवस्थापन गरिएको थियो ।

### ९.११.८ मतदान र मतगणना

आयोगबाट निर्धारण भएको समय २०७० साल मङ्सिर ४ गते विहान ७:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । मतदान कार्य सम्पन्न भएपश्चात् निर्वाचन अधिकृतको कार्यालयमा मत पेटिका सहितका सम्पूर्ण निर्वाचन सामग्रीहरू प्राप्त भएपछि स्थानीय स्तरमा सर्वदलीय बैठकबाट निर्णय भए बमोजिम मतगणना कार्य प्रारम्भ गरिएको थियो ।

### ९.११.८.१ मतदान

मङ्सिर ४ गते मङ्गलबारका दिन विहान ७:०० बजेदेखि प्रारम्भ भएको मतदान कार्य अपरान्ह ५:०० बजे सम्पन्न भएको थियो । मतदानको पूर्वसन्ध्यामा मिति २०७०।८।३ गते आयोगको तर्फबाट प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले “सबै मतदाताले बिनाडरत्रास भयरहित वातावरणमा तोकिएको मतदान केन्द्रमा गई ढुक्कसँग आफूले रोजेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न आम मतदातासँग अपिल गर्दछु” भन्ने सन्देश साथ आम मतदातालाई मतदानमा सहभागी हुन अपिल गर्नुभएको थियो । उक्त अपिललाई विभिन्न सञ्चार माध्यमले प्राथमिकता साथ प्रसारण गरेका थिए । त्यसै गरी मतदान कार्यमा अधिकाधिक मतदाताको सहभागिता रहोस् र मतदान कार्यको व्यवस्थापनमा सहयोग पुगोस् भनी २०७० साल मङ्सिर २ देखि ४ गतेसम्म मूलुकभरका सामुदायिक एवम् संस्थागत विद्यालयहरूलाई र मतदानको दिन सरकारी अर्धसरकारी निकायका कर्मचारीलाई सार्वजनिक विदा दिन नेपाल सरकारलाई अनुरोध गरे बमोजिम सरकारले सो मतदानका दन सार्वजनिक विदा दिएको थियो ।

निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुल १ करोड २१ लाख ४७ हजार ८६५ मतदाता रहेकोमा ९५ लाख १६ हजार ७३४ मतदाता मतदानमा सहभागी भई कुल ७८.७४ प्रतिशत मतदान भएको थियो । कुल मतदान मध्ये ९५.०४ प्रतिशत अर्थात् ९० लाख ४४ हजार ९०८ मत सदर भएका थिए भने ४.९६ प्रतिशत अर्थात् ४ लाख ७१ हजार ८२६ मत बदर भएका थिए । समानुपातिक निर्वाचन प्रणालीतर्फ जम्मा ९७ लाख ७६ हजार ७०३ (७९.८२ प्रतिशत) मतदाताले मतदान गरेका थिए । कुल सदर मत ९४ लाख ६३ हजार ८६२ र बदर मत ३ लाख १२ हजार ८४१ रहेको थियो ।

निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ४.९६ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३.२० प्रतिशत मत बदर भएको थियो । यो सङ्ख्या २०६४ सालको संविधान सभा सदस्य निर्वाचनको तुलनामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ०.१९ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीतर्फ ०.४६ प्रतिशतले कम रहेको देखिन्छ ।

### ९.११.८.२ शून्य मतदान

अर्को संविधान सभा निर्वाचन २०७० साल मङ्सिर ४ गते नेपालभरि विहान ७:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । देशभरि उत्साहजनक रूपमा मतदान हुँदा पनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रोल्पा जिल्लाको थवाङ गाउँ विकास समितिको वीर बलभद्र उ.मा.वि.मतदान केन्द्रमा शून्य मतदानको अवस्था रह्यो । सप्तरीको त्रिकौल गाउँ विकास समिति मतदान केन्द्रमा पनि मतदान गर्न एक जना पनि नआउँदा शून्य मतदानको स्थिति रह्यो ।

### ९.११.८.३ पुनः मतदान

जुम्ला जिल्लाको निर्वाचन क्षेत्र नं १ को देपालगाउँ गाउँ विकास समितिको त्रिभुवन उ.मा.वि.झारज्वाला 'क' र 'ख' मतदान केन्द्रमा मत पेटिका र मतपत्र लगायत निर्वाचन सामग्री लुटिएकोले उक्त मतदान केन्द्रको मतदान २०७०।८।४ मा स्थगित भई मिति २०७०।८।७ मा पुनः मतदान सम्पन्न भएको थियो । त्यसै गरी सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नं २ को बर्साइन गाउँ विकास समितिको श्री राजाजी रा.प्रा.वि. वनरझुला मतदान केन्द्र 'क' मा मतदाता सङ्ख्याभन्दा अधिक मतदान भएकोले उक्त मतदान केन्द्रको मतदान रद्द गरी मिति २०७०।८।८ मा पुनः मतदान गराइएको थियो ।

### ९.११.८.४ मतगणना सम्बन्धी विशेष निर्देशन

प्रत्येक निर्वाचन क्षेत्रमा मत पेटिका लगायतका सम्पूर्ण निर्वाचन सामग्री सङ्कलन भएपश्चात् सर्वदलीय बैठक गराई मतगणना कार्य सुरु गर्ने सम्बन्धमा सबै निर्वाचन अधिकृतलाई आयोगले मिति २०७०।८।४ गते देहाय बमोजिमको दसबुँदे विशेष निर्देशन दिएको थियो :

(१) पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गराउनका लागि आयोगबाट भएको निर्देशन बमोजिम प्रयोग भएका सानो तथा ठूलो मतपेटिकाहरू प्रयोग गर्ने क्रममा सानो तथा ठूलो मतपेटिकाहरू स्थानीय स्तरमा उपलब्ध भए अनुसार गरिएको मतपेटिकाको प्रयोगलाई समर्थन गर्ने,

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना स्थलमा सम्बन्धित जिल्लाको निर्वाचन क्षेत्रका मुख्य

निर्वाचन अधिकृत/निर्वाचन अधिकृत बाहेक अन्य मतगणना स्थलमा उपस्थित हुन अनुमति पाएका कुनै पनि व्यक्तिहरूले मोबाइल फोन प्रयोग गर्न नपाउने गरी बन्देज लगाउन सबै मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतलाई निर्देशन दिने,

(३) मतपत्रमा मतदान अधिकृतबाट हस्ताक्षर गर्दा कालो मसीले हस्ताक्षर गर्नुपर्ने भनी तोकिएको भए तापनि अलग रंगको मसी प्रयोग भएको अवस्थामा समेत उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(४) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र मतदातालाई दिँदा भुलबस अर्धकट्टी समेत मतदातालाई दिई उक्त अर्धकट्टी सहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा पनि त्यस्ता अर्धकट्टीलाई छोपी अलग राखी सो मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(५) मतपेटिकामा रहेका मतपत्रहरू पुसरद्वारा मिलाउने क्रममा मतपत्र च्यातिएको तर मतपत्र टुक्रा भई नछुट्टिएको अवस्थामा त्यस्ता मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(६) मतदाताले मतपत्रमा स्वस्तिक छापद्वारा मतसंकेत गर्दा उक्त छापको छाँयासंकेत अर्को मतसंकेत गर्ने कोठामा परेको अवस्थामा र मतपत्र समाउँदा ल्याप्चेमा रहेको मसी मतपत्रमा लाग्न गएको अवस्थामा पनि दुरुस्त स्वस्तिक छाप भएको निर्वाचन चिन्हको मतसंकेतलाई मान्यता दिई मतगणना गर्ने,

(७) आयोगको मिति २०७०।८।४ को निर्देशन बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपेटिकामा मुचुल्का सहित रहन गएको अवस्थामा सोको अभिलेख राखी समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना हुँदा उक्त मतपत्रहरूलाई समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको ठेलीमा मिसाई मतगणना गर्ने व्यवस्था मिलाउने,

(८) प्रतिनिधि सहित सावुत अवस्थामा प्राप्त भएको मतपेटिकामा लगाइएको सील टुटफुट भएको अवस्थामा कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा सील टुटफुट वा घटी भएको अवस्थामा पनि त्यस्ता मतपेटिकाहरूलाई सील सावुतै भएको मानी मतगणना गर्ने,

(९) मतगणना निर्देशिका, २०७० को दफा १९ बमोजिम एकभन्दा बढी मतदान केन्द्रहरूको मतपत्र एक ठाउँमा छुट्ट्याउन नसकिने किसिमबाट मिसाएर मात्र मतगणना गर्ने व्यवस्था मिलाउने र अस्थायी मतदान केन्द्रको मतपेटिकामा रहेको मपतत्र स्थायी मतदान केन्द्रको मतपेटिकामा रहेको मतपत्रसँग मिसाई गणना गर्ने,

(१०) मतपेटिका लगायत निर्वाचन कार्यमा प्रयोग भएका सबै सामग्रीहरू सावुत अवस्थामा निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधि सहित बुझाउन ल्याएकोमा फाराम नं ५८ को ढाँचामा विवरण भरी नबुझाएको अवस्थामा पनि उक्त मतपेटिका तथा मतदान सामग्रीहरू दुरुस्त भएको मानी मतगणना गर्ने ।

### ९.११.८.५ मतगणना कार्यको समाप्ति र निर्वाचन परिणामको घोषणा

संविधान सभा सदस्य निर्वाचन, २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतगणना कार्य मिति २०७०।८।४ बाट सुरु भई मिति २०७०।८।९ गते सम्पन्न भएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य मिति २०७०।८।१२ मा सम्पन्न भएको थियो । दुवै निर्वाचन प्रणालीतर्फको अन्तिम निर्वाचन परिणाम आयोगको मिति २०७०।९।१८ को निर्णय बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको थियो ।

यसअघि संविधान सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा राजनीतिक दलहरूले प्राप्त गरेको कुल सदर मतसङ्ख्याको अनुपातमा संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ५८ को उपदफा (३) मा उल्लेख भए बमोजिमको मत परिणाम विभाजक सूत्र अनुसार आयोगबाट मिति २०७०/८/१८ मा सीट सङ्ख्याको निर्धारण गरी सीट प्राप्त गरेका राजनीतिक दलहरूले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरूमध्ये सोही अध्यादेशको दफा ७ बमोजिम समानुपातिक प्रतिनिधित्व हुने गरी राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयबाट छनोट भएका उम्मेदवारको नामावलीको सूची मिति २०७०/८/२५ गतेसम्म आयोगमा पेश गर्न लेखी पठाउने गरी आयोगबाट मिति २०७०/८/१८ मा निर्णय भई लेखी पठाइएकोमा उम्मेदवारको नामावलीको सूची मिति २०७०/९/३ सम्म आायोगमा पेश गर्नका लागि समय दिई (बढाई) नामावली पेश हुन बाँकी राजनीतिक दललाई पुनः लेखी पठाई गोरखापत्रमा समेत सूचना प्रकाशन गर्ने गरी आयोगले मिति २०७०/८/२५ मा निर्णय गरेको थियो । यति मात्र नभएर आयोगले २०७०/९/१ पुनः सो प्रक्रियाको म्याद २०७०/९/१० सम्म बढाउने गरी निर्णय गर्नु परेको थियो ।

### ९.११.९ विभागीय कारवाही

क) अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० को सिलसिलामा मोरङ जिल्ला निर्वाचन क्षेत्र नं ८ को याङ्शिला केराबारी मतदान केन्द्रको अनुगमन तथा शान्ति सुरक्षा कायम गर्ने समेत प्रयोजनको लागि खटाइएका सुनसरी मोरङ सिंचाइ योजनाका योजना प्रमुख महाजन यादव खटिएको मतदान केन्द्रमा नगई घरमै बसी चुनावमा खट्न नसक्ने भन्ने व्यहोराको जवाफ दिएकोले आवश्यक कारवाहीको लागि जिल्ला

प्रशासन कार्यालय, मोरङको च.नं. ९३ मिति २०७०।८।३ को पत्रबाट लेखी आएकोले निजलाई निर्वाचन कार्यमा असहयोग गरेको मानी निर्वाचन आयोग ऐन, २०६३ को दफा ४१ (२) बमोजिम निजको सेवा शर्त सम्बन्धी ऐन, नियम बमोजिम विभागीय कारवाही गरी सोको जानकारी तत्काल आयोगलाई उपलब्ध गराउन सिंचाई मन्त्रालयमा लेखी पठाउन आयोगबाट मिति २०७०।९।५ मा निर्णय भएको थियो ।

ख) सप्तरी जिल्ला, निर्वाचन क्षेत्र नं २ को को बर्साइन गाउँ विकास समितिस्थित श्री राजाजी राष्ट्रिय प्रा.वि. बनरझुला (क) मतदान केन्द्रमा मतदान अधिकृतमा खटिएका जिल्ला शिक्षा कार्यालय, सप्तरीका लेखा अधिकृत कामेश्वर शाहले मतदान सम्पन्न गर्ने सिलसिलामा आफ्नो पदीय जिम्मेवारी उत्तरदायित्वपूर्ण ढङ्गबाट पूरा गरेको नदेखिएकोले निजलाई प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारवाही गर्न र सोको जानकारी तत्काल आयोगलाई उपलब्ध गराउन निर्वाचन आयोग ऐन, २०६३ को दफा १० (१) बमोजिम महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाउन आयोगबाट मिति २०७०।९।५ मा निर्णय भएको थियो ।

ग) नुवाकोट जिल्ला निर्वाचन क्षेत्र नं १ को लिखु गाउँ विकास समितिमा मतदान अधिकृतमा खटिएका रणभुवनेश्वरी उ.मा.वि. खड्गभञ्ज्याङ, नुवाकोटका माध्यमिक विद्यालय शिक्षक केशवराज तिमिल्सेनाले मङ्सिर ४ गते मतदानको दिनमा निर्वाचन कार्यको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कार्य गरी आफ्नो जवाफदेहिता र कर्तव्यबाट विचलित भएकोले निजलाई निर्वाचन आयोग ऐन, २०६३ को दफा १० (१) बमोजिम निजको सेवा शर्त सम्बन्धी ऐन, नियम बमोजिम विभागीय कारवाही गरी सोको जानकारी तत्काल आयोगलाई उपलब्ध गराउन शिक्षा मन्त्रालयमा लेखी पठाउने गरी मिति २०७०।९।५ मा आयोगबाट निर्णय भएको थियो ।

## ९.१२ निर्वाचन अनुगमन

### ९.१२.१ अनुगमन सम्बन्धी संस्थागत व्यवस्था

अर्को संविधान सभा सदस्य निर्वाचनको व्यवस्थापन र सञ्चालनलाई प्रभावकारी बनाउन प्रचलित निर्वाचन कानुन र आयोगको नीति, कार्यक्रम, कार्य प्रक्रिया, मापदण्ड आचार संहिता कार्यान्वयन एवं निर्वाचन कार्य तालिका अनुसार कार्यक्रमहरूको कार्यान्वयन सहज रूपमा गर्न गराउन तथा आइपरेका समस्याको तत्काल समाधान गर्न प्रभावकारी तथा उपलब्धिमूलक अनुगमन गर्न/गराउनका लागि आयोगले संविधान सभा सदस्य निर्वाचन अनुगमन सम्बन्धी आदेश, २०७० जारी गरी काम कारवाही गरेको थियो ।

### ९.१२.२ समग्र निर्वाचन अनुगमन समिति

प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीको संयोजकत्वमा यो समिति गठन भएको थियो । यो समिति स्थायी प्रकृतिको रहेको र यसले निर्वाचनको साथै अन्य समयमा समेत अनुगमन सम्बन्धी कार्य गर्दछ ।

### ९.१२.३ उच्च स्तरीय अनुगमन टोली

अर्को संविधान सभा सदस्य निर्वाचनकोसिलसिलामा प्रमुख निर्वाचन आयुक्त तथा विकास क्षेत्र हेर्ने निर्वाचन आयुक्तको संयोजकत्वमा एक वा एक भन्दा बढी व्यक्ति सम्मिलित उच्च स्तरीय अनुगमन टोली गठन तथा परिचालन भएको थियो । उक्त टोलीको कार्य अवधि मूलुकभरको सम्पूर्ण निर्वाचन परिणामको घोषणा नभएसम्मको लागि कायम रहने गरी तोकिएको थियो ।

### ९.१२.४ अनुगमन एकाई

निर्वाचन अनुगमनका लागि आवश्यक पर्ने जनशक्ति योजना र परिचालन सम्बन्धी कार्ययोजना तयार गर्ने, अनुगमन सम्बन्धी सूचना/प्रतिवेदन प्राप्त गर्ने, विश्लेषण गर्ने, केन्द्रबाट निर्देशन दिनुपर्ने वा कार्यबाही गर्नुपर्ने विषयहरूको प्रस्ताव तयार गरी आयोगमा पेश गर्ने, आयोगको निर्देशन बमोजिम अनुगमन सम्बन्धी कार्य गरी/गराई आयोग समक्ष नियमित रूपमा प्रतिवेदन पेश गर्न निर्वाचन आयोगका सचिवको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन अनुगमन एकाई रहने व्यवस्था गरिएको थियो ।

### ९.१२.५ अनुगमन टोली

नेपाल सरकारका विशिष्ट श्रेणी तथा रा.प.प्रथम श्रेणीका कर्मचारीहरूको संयोजकत्वमा उपसचिव वा शाखा अधिकृत स्तरको १ जना निजामती कर्मचारी सहयोगीको रूपमा रहने गरी ५६ वटा टोली निर्माण गरी ७२ वटै जिल्लाहरूको (काठमाडौं उपत्यका बाहेक) अनुगमन गर्न अनुगमन टोलीको गठन र परिचालन गरिएको थियो । उक्त टोलीको कार्यावधि २०७०।७।२० देखि २०७०।८।५ सम्मको हुने गरी तोकिएको थियो ।

#### ९.१२.५.१ बृहत् अनुगमन

जिल्लाहरूमा भएको निर्वाचन आचार संहिताको पालना, निर्वाचन सम्बन्धी भएका काम कारबाही भयमुक्त वातावरणमा स्वच्छ, निष्पक्ष, स्वतन्त्र र पारदर्शी रूपमा निर्वाचन सम्पन्न भए नभएको, डर, धाक, त्रास देखाई अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको, पर्यवेक्षकहरूको भूमिका र क्रियाकलाप निष्पक्ष एवं व्यावसायिक भए नभएको, साधन स्रोतको उपलब्धता तथा सोको

परिचालनको अवस्था एवं सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको विषयका साथै निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानुन बमोजिम आफ्नो काम कर्तव्य र अधिकारको पालना गरे नगरेको लगायतका विषयमा अनुगमन गर्न नेपाल सरकारका विशिष्ट तथा प्रथम श्रेणीका अधिकृतको नेतृत्वमा बृहत् अनुगमन कार्यक्रम सञ्चालन गरिएको थियो। अनुगमनमा खटिएका अधिकृतहरूलाई अनुगमनको प्रक्रिया सम्बन्धमा केन्द्रमा अभिमुखीकरण गराई जिल्लामा खटाइएको थियो।

## ९.१२.५.२ सूक्ष्म अनुगमन

सूक्ष्म अनुगमनकर्ता जिल्ला स्तरबाट नै नियुक्ति तथा परिचालन गर्न सकिने व्यवस्था संविधान सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७० मा उल्लेख भए अनुसार मतदानको दिन र सोको अघिपछि मतदान स्थलमै गएर अनुगमन गरी स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचनको विपरीत हुने गम्भीर प्रकृतिका खास घटनाको सम्भव भएसम्म कुनै श्रव्य वा दृश्य क्यामेरा वा रेकर्डिङ वा डायरीको प्रयोगद्वारा अभिलेख गर्ने र सोको तत्कालै माथिल्लो निकायमा मौखिक वा लिखित प्रतिवेदन गर्ने प्रयोजनको लागि सूक्ष्म अनुगमन टोली परिचालन गरिएको थियो। Event Tracking System बमोजिम सूक्ष्म अनुगमनकर्ताले आफूसँग रहेको मोबाइल फोनबाट त्यहाँको अवस्था र भएको घटनाका बारेमा जानकारी गराउने व्यवस्था गरिएको थियो।

## ९.१२.५.३ अभिमुखीकरण

मिति २०७०।७।१५ गते काठमाडौँमा अनुगमन टोलीका प्रमुखहरूको लागि १ (एक) दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा आयोगका प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रका का.मु. प्रमुख अधिकृत (तत्काल आयोगमा काजमा रहनुभएको) मधुप्रसाद रेग्मीबाट निर्वाचन सम्बन्धमा बनेका कानुन, आचार संहिता तथा निर्देशिकाहरूका बारे र सहसचिव महेश शर्मा पौडेलबाट निर्वाचन अनुगमन निर्देशिका, २०७० मा भएका व्यवस्था र अनुगमनकर्ताका काम कर्तव्य र अधिकारका बारेमा जानकारी गराइएको थियो।

## ९.१२.५.४ अनुगमन प्रतिवेदन

अनुगमन टोलीले पठाएका दैनिक, साप्ताहिक तथा अन्तिम प्रतिवेदनहरू अनुगमन एकाईले प्राप्त गर्ने र तत्काल निर्देशन दिनुपर्ने विषयमा आयोगमा पेश गर्ने, प्रतिवेदनमा औँल्याइएका विषयहरूमा आयोगबाट आवश्यक निर्देशन दिने तथा अन्य निकायसँग समन्वय गरी समस्या समाधान गर्ने प्रबन्ध मिलाइएको तथा थप निर्देशनहरू दिने कार्यहरू समेत गरिएको थियो।

### ९.१२.५.५ समीक्षा

अर्को संविधान सभा सदस्य निर्वाचनको व्यवस्थापनलाई प्रभावकारी बनाउन मिति २०७०।७।२० देखि २०७०।८।५ गतेसम्म आयोगबाट खटिनु भएका अनुगमन टोली प्रमुखहरूको सहभागिता एवं आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा मिति २०७०।८।२१ गते निर्वाचन अनुगमन समीक्षा कार्यक्रम आयोजना गरिएको थियो। अनुगमनका क्रममा अनुगमन टोलीबाट पेश भएका प्रतिवेदनलाई एकीकृत गरी आयोगका तर्फबाट विश्लेषणात्मक प्रस्तुति भएको थियो। अन्तरक्रियात्मक रूपमा सञ्चालन गरिएको उक्त कार्यक्रममा आगामी निर्वाचनमा आयोगले गर्नुपर्ने सुधारका सम्बन्धमा सहभागीहरूबाट विभिन्न सुझाव प्राप्त भएका थिए।

## ९.१३ निर्वाचन पर्यवेक्षण

### ९.१३.१ निर्वाचन पर्यवेक्षण

अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई निर्वाचन पर्यवेक्षणको लागि आमन्त्रण गरी सार्वजनिक सूचना आह्वान गरेको थियो। सोही बमोजिम विभिन्न संघ संस्थाहरूले निर्वाचनका प्रक्रियाको पर्यवेक्षण गरेका थिए।

संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षणको समन्वय, सहजीकरण र निर्देशन गर्न निर्वाचन आयुक्त डा. रामभक्त पी.बी.ठाकुरको संयोजकत्वमा गृह र परराष्ट्र मन्त्रालयका सचिव तथा आयोगको प्रशासन महाशाखाका सहसचिव सदस्य र योजना अनुगमन तथा वैदेशिक सहयोग शाखाका उपसचिव सदस्य-सचिव रहने गरी पर्यवेक्षण समितिको गठन गरिएको थियो। पर्यवेक्षण सम्बन्धी व्यवस्थापकीय र प्रक्रियागत कार्य सम्पादनको लागि सहसचिवको संयोजकत्वमा १३ जनाको निर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई समेत गठन गरिएको थियो। पर्यवेक्षकहरूलाई परिचयपत्र, सवारी पास र आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउन पर्यवेक्षण स्रोत केन्द्र (Observation Resource Centre) को स्थापना गरिएको थियो। पर्यवेक्षकहरूले निर्वाचन पर्यवेक्षणका क्रममा पालना गर्नुपर्ने छुट्टै आचार संहिताको निर्माण गरी सोही अनुसार कार्यान्वयन गर्न निजहरूलाई अनुशिक्षण समेत प्रदान गरिएको थियो।

#### ९.१३.१.१ पर्यवेक्षणका लागि आह्वान

अर्को संविधान सभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई ३० दिनभित्र आयोगमा निवेदन पेश गर्न राष्ट्रिय स्तरका पत्रपत्रिका, टेलिभिजन र आयोगको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरिएको थियो।

सूचनाको म्यादभित्र २ वटा अन्तर्राष्ट्रिय संस्थाहरू र ११४ वटा राष्ट्रिय संस्थाहरूले निर्वाचन पर्यवेक्षणका लागि आवेदन गरेका थिए । यस मध्ये ४४ वटा राष्ट्रिय संस्थाहरूले Online मार्फत आवेदन गरेका थिए । पर्यवेक्षण गर्न अनुमति माग गर्ने संस्थाको निर्वाचन पर्यवेक्षण कार्यविधि अनुसार पर्यवेक्षकको सङ्ख्या, सहभागिता, समावेशिता र योग्यता स्पष्ट उल्लेख गर्नुपर्ने, संस्था दर्ताको प्रतिलिपि संलग्न हुनुपर्ने र संस्थाको विधान प्रजातान्त्रिक तथा समावेशीतालाई अवलम्बन गर्नुपर्ने शर्तहरू तोकिएका थिए ।

अनुमति माग गर्ने संस्थाहरू मध्ये आयोगद्वारा निर्धारित प्रक्रिया पूरा गर्ने ५४ वटा राष्ट्रिय र २ वटा अन्तर्राष्ट्रिय संस्थालाई आयोगको निर्णय अनुसार पर्यवेक्षण गर्ने अनुमति प्रदान गरिएको थियो । अन्तर्राष्ट्रिय संस्थाहरूमा The Carter Center / Asian Network For Free Election (ANFREL) रहेका थिए ।

### ९.१३.१.२ पर्यवेक्षण सम्झौता

निर्वाचन पर्यवेक्षणमा विश्व स्तरको अनुभव रहेको European Union लाई नेपालको अर्को संविधान सभा सदस्य निर्वाचनको पर्यवेक्षण गरिदिन परराष्ट्र मन्त्रालय मार्फत १७ जुन २०१३ मा आयोगले आमन्त्रण गरेको थियो । आयोगको आमन्त्रणलाई स्वीकार गर्दै युनियनले EU-EOM (European Union, Election Observation Mission) खटाउन मञ्जुर गऱ्यो । निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुरको उपस्थितिमा आयोगका सचिव नरेन्द्र दाहाल र युरोपियन युनियनका राजदूत Alexander Spachis बिच EU-EOM सँग पर्यवेक्षण गर्ने सम्बन्धी सम्झौतामा १५ सेप्टेम्बर २०१३ मा हस्ताक्षर भयो । यसै सम्झौता अनुसार युरोपियन युनियनले European Union, Election Obsevation Mission (EU-EOM) खटाएको थियो ।

### ९.१३.१.३ अन्तर्राष्ट्रिय अवलोकनकर्ता

अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकन गर्न आयोगले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरूलाई आमन्त्रण गर्ने नीति बमोजिम अमेरिकाका पूर्वराष्ट्रपति तथा The Carter Center का प्रमुख Jimmy Carter लाई सरकारको तर्फबाट ८ सेप्टेम्बर २०१३ मा मन्त्रिपरिषद्का सम्माननीय अध्यक्षले निमन्त्रणा गर्नु भएको थियो ।

यसै गरी ५ सेप्टेम्बरमा सार्क सदस्य राष्ट्रहरू अफगानिस्तान, भुटान, माल्दिभ्स, बंगलादेश, भारत, श्रीलंका र पाकिस्तानका प्रमुख निर्वाचन आयुक्त/निर्वाचन आयुक्तलाई, ८ सेप्टेम्बरमा, अष्ट्रेलिया, दक्षिण कोरिया र थाइल्याण्डको निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तलाई र १७ अक्टोबरमा नेपालस्थित २६ वटा विदेशी/कुटनीतिक नियोग, युरोपियन युनियनका राजदूत र संयुक्त राष्ट्रसंघका नेपालस्थित प्रतिनिधिलाई निर्वाचन अवलोकनका लागि आमन्त्रण गरिएको थियो । आयोगको आग्रहमा परराष्ट्र मन्त्रालयबाट

अष्ट्रेलियाका प्रधानमन्त्री र संसद् प्रतिनिधि तथा बेलायत र जापान सरकार तथा संसद्का प्रतिनिधिलाई  समेत आमन्त्रण गरिएको थियो ।

### ९.१३.१.४ The Asia Foundation सँग सम्झौता

अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकन गर्न आयोगबाट आमन्त्रित विशिष्ट व्यक्तित्वहरूको भ्रमण व्यवस्थापन (Airfair, Hotel Management, Local Travel) को कार्यसम्पादन गर्न आयोग र The Asia Foundation बिच २५ सेप्टेम्बर २०१३ मा सम्झौता सम्पन्न भयो । सम्झौतामा आयोगका सहसचिव सुरेश अधिकारी र The Asia Foundation का Country Representative George Varughese बाट हस्ताक्षर गरिएको थियो ।

### ९.१३.२ पर्यवेक्षण अभिमुखीकरण

### ९.१३.२.१ राष्ट्रिय पर्यवेक्षकलाई अभिमुखीकरण

आयोगबाट पर्यवेक्षणको लागि अनुमति प्रदान गरिएका ५४ वटा राष्ट्रिय संस्थाका प्रतिनिधिहरूलाई मिति २०७०।६।१३ र १४ गते दुई दिवसीय अभिमुखीकरण प्रदान गरियो । एक हजारजना भन्दा कम पर्यवेक्षक खटाउने संस्थाबाट २ जना, एक हजारदेखि २ हजार ५०० जना पर्यवेक्षक खटाउने संस्थाबाट ३ जना र सोभन्दा बढी खटाउने संस्थाबाट ४ जनाको सहभागिता गराइएको अभमिुखीकरण कार्यक्रममा १३२ जनाको सहभागिता रहेको थियो । अभिमुखीकरणको सिलसिलामा सैद्धान्तिक विषयवस्तुका अलावा मतदान प्रक्रियाको व्यावहारिक ज्ञान दिन नमुना मतदान समेत गराइएको थियो ।

### ९.१३.२.२ अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई अभिमुखीकरण

आयोगका तर्फबाट ३० असोज, २०७० मा EU-EOM र The Carter Center का गरी ४६ जना पर्यवेक्षकलाई अभिमुखीकरण प्रदान गरिएको थियो। विदेशी कुटनीतिज्ञका लागि कार्तिक ४ गते र ANFREL का १० जना पर्यवेक्षकहरूका लागि कार्तिक ६ गते अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा सहभागीलाई निर्वाचन प्रणाली, संस्थागत व्यवस्था, निर्वाचनको तयारी र पर्यवेक्षण नीति, निर्देशिका, आचार संहिता बारे अभिमुखीकरण गरिएको थियो ।

### ९.१३.३  परिचयपत्रको व्यवस्था

संविधान सभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्ने राष्ट्रिय संस्थाहरू, अन्तर्राष्ट्रिय संस्था, आयोगबाट आमन्त्रित विशिष्ट व्यक्तित्वहरूलाई प्रदान गरिने परिचयपत्रको ढाँचा तथा रङ आयोगको २०७०।६।४ को बैठकले स्वीकृत गरेको थियो। उक्त निर्णय अनुसार राष्ट्रिय

पर्यवेक्षकहरूको लागि गुलाबी, अन्तर्राष्ट्रिय पर्यवेक्षकका लागि हल्का नीलो, विदेशी आमन्त्रित व्यक्तिको लागि हल्का हरियो रङको र मतदानको दिन मात्र प्रयोग गर्ने गरी सेतो रङको E-day Pass र विदेशी पर्यवेक्षकका दोभाषेहरूका लागि हलुका पहेंलो रङको परिचयपत्रको व्यवस्था गरिएको थियो ।

### ९.१३.३.१ राष्ट्रिय पर्यवेक्षकहरूलाई परिचयपत्र वितरण

राष्ट्रिय पर्यवेक्षकहरूका लागि २०७० को असोज १५ देखि परिचयपत्र वितरण कार्यको थालनी गरिएको थियो । परिचयपत्र प्राप्त गर्नको लागि पर्यवेक्षणको लागि स्वीकृति प्राप्त संस्थाले निर्धारित उमेर, योग्यता पुगेका र समावेशी आधारलाई समेत दृष्टिगत गरी नाम, थर, वतन, पर्यवेक्षणको लागि खटिने जिल्ला समेतको विवरण एक्सेल फर्म्याटमा टाइप गरी सोको सफ्ट कपी बुझाउनु पर्ने व्यवस्था गरिएको थियो । यसरी प्राप्त विवरणको पर्यवेक्षण निर्देशिका बमोजिम प्रक्रिया पुगे नपुगेको जाँचबुझ (Verify) गरी प्राप्त सफ्ट कपीबाट नै परिचयपत्रमा Data Transfer गरी सफ्टवेयरको विकास गरिएको थियो ।

स्वीकृति प्राप्त राष्ट्रिय पर्यवेक्षण संस्था ५४ रहेकोमा ४६ संस्थाले मात्र पर्यवेक्षक खटाउने गरी पर्यवेक्षकको विवरण पेश गरेका थिए । जिल्ला निर्वाचन कार्यालयहरू (काठमाडौं उपत्यका बाहेकका ७२ जिल्ला) बाट समेत परिचयपत्र वितरण हुने व्यवस्था मिलाइएको थियो । जिल्ला निर्वाचन कार्यालयहरूबाट १४,१९९ र आयोगबाट १७,४५५ परिचयपत्र तयार गरी उपलब्ध गराइएको थियो । निर्वाचनमा ४६ संस्थाका कुल ३१,६५४ राष्ट्रिय पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गरेका थिए ।

### ९.१३.३.२ लामो अवधिको पर्यवेक्षक परिचयपत्र

लामो अवधिको लागि पर्यवेक्षक परिचयपत्र प्रदान गर्दा कुनै खास जिल्ला तोकिएको थिएन । माथि उल्लिखित कुल सङ्ख्या ३१ हजार ६५४ मा लामो अवधिको परिचयपत्र ४०७ जनालाई उपलब्ध गराइएको थियो ।

## ९.१३.४ अन्तर्राष्ट्रिय पर्यवेक्षक

### ९.१३.४.१ अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकको आगमन

अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक मध्ये EU-EOM र The Carter Centre का दीर्घकालीन पर्यवेक्षक (Long Term Observers, LTO's) आश्विनको तेश्रो हप्ता नेपाल आएका थिए भने ANFREL बाट आएका पर्यवेक्षकहरू कार्तिक महिनाको पहिलो हप्ता नेपाल आएका थिए । यसैगरी उक्त संस्थाहरूका अल्पकालीन पर्यवेक्षकहरू भने (Short Term Observers, STO's) कार्तिक महिनाको अन्तिम सातामा मात्रै नेपाल आइपुगेका थिए । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको विवरण अनुसूची ६४ मा दिइएको छ ।

### ९.१३.४.२ अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू खटिएको क्षेत्र

आयोगको पर्यवेक्षण निर्देशिका अनुसार निषेधित क्षेत्र (Restricted Area) बाहेक अन्यत्र अन्तर्राष्ट्रिय पर्यवेक्षक खटिन सक्ने व्यवस्था रहेको छ । यसैले आयोगबाट अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थालाई कुनै खास क्षेत्रमा पर्यवेक्षक खटाउनु पर्ने गरी कुनै निर्देशन भएको थिएन । यद्यपि तीनवटै अन्तर्राष्ट्रिय संस्थाका पर्यवेक्षकहरू झापा, इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, सिन्धुली, बारा, पर्सा, मकवानपुर, चितवन, काठमाडौँ उपत्यका, काभ्रेपलाञ्चोक, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, तनहुँ, कास्की, गोरखा, पाल्पा, रूपन्देही, बाग्लुङ, दाङ, रोल्पा, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर लगायतका क्षेत्रमा गई निर्वाचन पर्यवेक्षण गरेका थिए ।

### ९.१३.५ विशिष्ट अतिथिहरू

नेपाल सरकारको निमन्त्रणालाई स्वीकार गर्दै महामहिम जिम्मी कार्टर १६ नोभेम्बर २०१३ मा नेपाल आई अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकन गर्नुभई २२ नोभेम्बर २०१३ मा फर्कनु भएको थियो । उहाँको साथमा थाइल्याण्डका पूर्वउपप्रधानमन्त्री Surakiart Sathrathai समेत रहनु भएको थियो । सोही दिन नै आयोगको आमन्त्रणमा दक्षिण कोरियाका निर्वाचन आयोगका उपनिर्देशक Jae Gon Kos को नेतृत्वमा ३ सदस्यीय टोली नेपाल आएको थियो ।

संविधान सभा सदस्य निर्वाचन अवलोकनका लागि आयोगको आमन्त्रणमा २७ जना विशिष्ट अतिथि आउनु भएको थियो । आयोगले नेपाली विशिष्ट व्यक्तित्वहरूलाई समेत विशिष्ट अतिथिको परिचयपत्र दिई निर्वाचन कार्यको अवलोकन गराएको थियो । निर्वाचन अनुगमन गर्ने विदेशी तथा स्वदेशी विशिष्ट अतिथिहरूको विवरण अनुसूची ६५ मा दिइएको छ ।

### ९.१३.५.१ विशिष्ट अतिथिहरूबाट निर्वाचन अवलोकन

अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकनका लागि आमन्त्रित अतिथिहरूलाई तीन समूहमा राखी निर्वाचन अवलोकनको व्यवस्था मिलाइएको थियो । मतदानको अवलोकनका लागि काठमाडौँको सहकारी प्रशिक्षण केन्द्र मतदान केन्द्र, ललितपुरको हरिसिद्धि मा.वि. मतदान केन्द्र र भक्तपुरको चाँगुनारायण गाउँ विकास समिति भवन मतदान केन्द्र निर्धारण गरिएको थियो । यद्यपि अतिथिहरूको इच्छा बमोजिम उल्लिखित मतदान केन्द्र बाहेक अन्य मतदान केन्द्रहरूको समेत अवलोकन गराइएको थियो ।

२०७० मङ्सिर ५ गते बिहान काठमाडौँस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भवनमा अन्तर्राष्ट्रिय पर्यवेक्षकबाट मतगणना कार्यको समेत अवलोकन भएको थियो । निर्वाचन

अवलोकनपश्चात् उहाँहरूले नेपालको संविधान सभा सदस्य निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र स्वतन्त्र ढङ्गबाट सम्पन्न भएको प्रतिक्रिया दिनुभएको थियो ।

### ९.१३.६ कुटनीतिक निकायबाट अवलोकन

अर्को संविधान सभा सदस्य निर्वाचनको अवलोकन गर्न आयोगबाट मिति १७ अक्टोबर २०१३ मा नेपालस्थित विदेशी कुटनीतिक नियोगहरू (नेपालस्थित विदेशी राजदूतावास, संयुक्त राष्ट्रसंघीय प्रतिनिधि र युरोपेली युनियनका राजदूत) लाई आग्रह गरिएको थियो । सो आग्रहलाई स्वीकार गर्दै विदेशी राजदूत, राष्ट्रसंघीय प्रतिनिधि र युरोपेली राजदूत तथा अन्य कुटनीतिज्ञहरूले निर्वाचन अवलोकन गर्नु भएको थियो । यसरी संविधान सभा सदस्य निर्वाचन अवलोकन गर्ने कुटनीतिज्ञको सङ्ख्या ११० रहेको थियो ।

### ९.१३.७ पर्यवेक्षक संस्थाबाट प्राप्त प्रतिवेदन

अर्को संविधान सभा सदस्य निर्वाचनमा विभिन्न ३ वटा अन्तर्राष्ट्रिय तथा ४६ वटा राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले पर्यवेक्षण गरेकोमा ३ वटा अन्तर्राष्ट्रिय संस्थाहरूले आफ्नो प्रतिवेदन पेश गरेका थिए । राष्ट्रिय पर्यवेक्षण संस्था मध्ये विभिन्न ३९ वटा राष्ट्रिय संस्थाले मात्र अर्को संविधान सभा सदस्य निर्वाचनको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन दिएका थिए । ती मध्ये ३५ वटा संस्थाहरूले मात्र अन्तिम प्रतिवेदन बुझाएका थिए ।

### ९.१३.८ मतदानको दिनको सवारी व्यवस्थापन

मतदान हुने दिन २०७० मङ्सिर ४ गते सार्वजनिक तथा निजी सवारी साधनहरू सञ्चालन नहुने भएकाले मतदानको पर्यवेक्षण गर्ने पर्यवेक्षक, संचारकर्मी, मतदानको अनुगमनकर्ताहरू, पर्यटक तथा राष्ट्रिय मानव अधिकार आयोग, उडान प्रयोजन, कुटनीतिक निकायको नियमित प्रयोजन, निर्वाचन आयोग तथा जिल्ला निर्वाचन कार्यालयको प्रयोजनार्थ प्रयोग हुने सवारी साधन आवागमन गर्न आयोगले मिति २०७०/७/२३ गते सवारी पास उपलब्ध गराउने निर्णय गरेको थियो । मतदानको दिनको सवारी अनुमतिपत्र दिन प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृत तथा प्रमुख जिल्ला अधिकारीलाई तोकिएको थियो भने राष्ट्रिय मानव अधिकार आयोग, कुटनीतिक नियोग र संयुक्त राष्ट्र संघ र सो अन्तर्गतका कार्यालयहरूको लागि आयोगले सवारी आवागमन अनुमति पत्र दिने व्यवस्था मिलाएको थियो । सवारी साधन अनुमति पत्र जारी गर्न गृह मन्त्रालयको १ जना र जिल्ला प्रशासन कार्यालयको १ जना गरी जम्मा २ जना अधिकृत कर्मचारी आयोगमा काजमा ल्याई काममा लगाउने व्यवस्था गरी सोही अनुसार कार्यान्वयन गरिएको थियो ।

## ९.१४ निर्वाचन परिणाम

### ९.१४.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम अनुसूची ६६ मा दिइएको छ ।

### ९.१४.२ समानुपातिक निर्वाचन प्रणाली

अर्को संविधान सभा सदस्य निर्वाचन २०७० मा जम्मा १२२ राजनीतिक दलले बन्दसूची पेश गरेका थिए । यसमध्ये ३१ (एकतीस) राजनीतिक दललेमात्र संविधान सभामा प्रतिनिधित्व गरेका थिए । संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको नाम अनुसूची ६७ मा, बन्द सूची पेश गरेका १२२ राजनीतिक दलहरूले प्राप्त गरेको मत तथा सीटको विवरण अनुसूची ६८ मा र समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचित सदस्यको नाम अनुसूची ६९ मा दिइएको छ ।

## ९.१५ अर्को संविधान सभा सदस्य उपनिर्वाचन

२०७० साल मंसीर ४ गते सम्पन्न निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ दुई स्थानबाट निर्वाचित सदस्यले कुनै एक स्थानबाट राजिनामा गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. २, चिवतन जिल्ला निर्वाचन क्षेत्र नं. ४, बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. १ र कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६ मा सदस्यको स्थान रिक्त हुन आएपछि उक्त रिक्त क्षेत्रको संविधानसभा सदस्यको पदपूर्तिका लागि २०७१ साल असार ८ गते उपनिर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारबाट मिति २०७० चैत्र २७ मा निर्वाचनको मिति घोषणा भएको थियो । उपनिर्वाचनको लागि आयोगको २०७१।१।३ को निर्णयानुसार विद्युतीय मतदान उपकरण प्रयोगमा ल्याइएको थियो ।

### ९.१५.१ निर्देशिका जारी

मतदान तथा मतगणना प्रक्रियामा विद्युतीय मतदान उपकरणको प्रयोगका लागि मौजुदा निर्देशिकाले गरेका व्यवस्था अपर्याप्त हुने भई देहाय बमोजिमका निर्देशिकाहरु जारी गरिएको थियो :

(क) संविधान सभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७१

(ख) विद्युतीय मतदान उपकरण प्रयोग निर्देशिका, २०७१,

(ग) संविधानसभा सदस्य उपनिर्वाचन (आर्थिक) निर्देशिका, २०७१

(घ) संविधान सभा सदस्य उपनिर्वाचन मतदान अधिकृत निर्देशिका, २०७१

(ङ) संविधानसभा सदस्य उपनिर्वाचन (विद्युतीय) मतगणना निर्देशिका, २०७१

(च) राष्ट्रिय पर्यवेक्षकका लागि संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७१

(छ) संविधानसभा सदस्य उपनिर्वाचन विवाद निरूपण निर्देशिका, २०७१

## ९.१५.२ संविधान सभा सदस्य निर्वाचन आचार संहिता,२०७० मा संशोधन वा थप

उपनिर्वाचनका लागि संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० ले गरेका व्यवस्था मा केही संशोधन वा थप गर्न आवश्यक भएकोले आयोगको मिति २०७१।१।८ र २०७१।१।२८ को निर्णयानुसार संशोधित व्यवस्था गरिएको थियो ।

निर्वाचन प्रचार प्रसारका क्रममा दल तथा उम्मेदवारहरुबाट हुने मोटरसाईकल तथा अन्य सवारी साधन सम्बन्धी र्‍याली गर्न नपाउने व्यवस्था थप गरिएको थियो भने नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संघ, संस्था र स्थानीय निकायले पालना गर्नुपर्ने आचरणहरु र कर्मचारी सरुवा बढुवा सम्बन्धीका व्यवस्थाहरु सम्बन्धित उपनिर्वाचन हुने जिल्लाको हकमा मात्रै लागु हुने संशोधित व्यवस्था गरिएको थियो । यसैगरी निर्वाचन प्रचारप्रसारका क्रममा प्रयोग हुने पर्चाको आकार साविकमा ३०० वर्ग इञ्चको हुने भन्ने व्यवस्था रहेकोमा थप स्पष्ट गरी त्यस्तो पर्चा २०X१५ र १५X२० वर्गइन्चमा नबढ्नेगरी छाप्न पाउने गरी संशोधित व्यवस्था गरिएको ।

## ९.१५.३ आचारसंहिता लागू

आयोगको मिति २०७१।१।५ को निर्णयानुसार उपनिर्वाचनमा नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकाय र राजनीतिक दलको हकमा मिति २०७१ साल वैशाख ५ गतेदेखि,उम्मेदवारको हकमा निर्वाचनको मनोनयनपत्र दर्ता भएको मिति २०७१।०२।११ देखि र गैरसकारी संस्था तथा निजी संचार माध्यमका हकमा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको मिति २०७१।०२।१८ देखि गरी विभिन्न तीन चरणमा लागू गरिएको थियो ।

## ९.१५.४ आचार संहिता उल्लंघनमा भएका कारबाही

आचार संहिता कार्यान्यवनका सिलसिलामा कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६ मा पर्ने विमानस्थलको टावर नेपाल सरकारका मन्त्रीबाट उद्घाटन गर्ने कार्यक्रमलाई रोक्न आदेश दिइएको थियो । यसै गरी प्रचार प्रसार सभामा संलग्न भएका नेपाल सरकारका मन्त्रीहरुलाई स्पष्टिकरण सोधी त्यसपछिका दिनमा आचार संहिता पूर्ण पालना गर्ने प्रतिबद्धता प्राप्त गरिएको थियो । आचारसंहिता उलंघन गर्ने नेपाल सरकारका एकजना मन्त्रीलाई आयोगले एकसय रूपैंया जरिवाना गर्नुका साथै निर्वाचन पर्यवेक्षणमा संलग्न रहदा आफ्नो सवारी साधनमा राजनीतिक दलका कार्यकर्तालाई ओसारपसार गर्ने

“लोकतन्त्र तथा निर्वाचन पर्यवेक्षण नेपाल ” नामक संस्थालाई उपनिर्वाचन भएको दिनमा पर्यवेक्षण गर्न रोक लगाइएको थियो ।

## ९.१५.५ मतदाता दर्ता तथा मतदाता परिचयपत्र

### ९.१५.५.१ मतदाता दर्ता

उपनिर्वाचनलाई लक्षित गरी २०७१ साल चैत्र तेस्रो सातादेखि उपनिर्वाचन हुने चार निर्वाचन क्षेत्रका ४६ वटा गाविस तथा नगरपालिका वडामा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाताको १८ वर्ष उमेर पुग्ने मिति २०७१ बैशाख २० गतेलाई तोकिएको थियो । कार्यक्रममा १९ हजार ८७४ मतदाता थप भएका थिए । उपनिर्वाचन हुने क्षेत्रमा देहाय अनुसार कूल २ लाख ५१ हजार ३०४ मतदाता रहेका थिए ।

| निर्वाचन क्षेत्र | साविकको मतदाता संख्या | थपिएको मतदाता संख्या | जम्मा |
|---|---:|---:|---:|
| काठमाडौँ २ | ६३८७३ | १८७२ | ६५७४५ |
| चितवन ४ | ५९६९३ | ५६०६ | ६५२९९ |
| बर्दिया १ | ४९९५३ | ८४९० | ५८४४३ |
| कैलाली ६ | ५७९११ | ३९०६ | ६१८१७ |
| **जम्मा** | **२३१४३०** | **१९८७४** | **२,५१,३०४** |

### ९.१५.५.२ मतदाता परिचयपत्र

उपनिर्वाचन हुने क्षेत्रहरूमा थपिएका नयाँ मतदाता र साविकमा उपलव्ध गराएको परिचयपत्र हराएका,नासिएका मतदातालाई वितरण गर्न जिल्ला निर्वाचन कार्यालयहरूबाट प्राप्त विवरणको आधारमा जम्मा ४६ हजार ११८ थान परिचयपत्र छपाइ गरी वितरण गरिएको थियो ।

| निर्वाचन क्षेत्र | नयाँ छपाइ | प्रतिलिपि छपाइ |
|---|---:|---:|
| काठमाडौँ २ | १८७२ | ९,३६१ |
| चितवन ४ | ५६०६ | ६१ |
| बर्दिया १ | ८४९० | १,३८२ |
| कैलाली ६ | ३९०६ | १५,४४० |
| **जम्मा** | १९८७४ | **२६,२४४** |

संविधानसभा सदस्य निर्वाचन २०७० पछि थप भएका मतदाता र साविकको मतदाता परिचयपत्र हराएका मतदाताको विवरण जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त भएपछि आवश्यक संख्यामा मतदाता परिचयपत्र छपाइ गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाइएको थियो । मतदाता परिचयपत्र वितरणको व्यवस्थापन सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूले मिलाएका थिए ।

### ९.१५.६ तालिम तथा मतदाता शिक्षा

#### ९.१५.६.१ तालिम

उपनिर्वाचनको व्यवस्थापन र सञ्चालनमा संलग्न हुने विभिन्न तहका जनशक्ति र सञ्चारकर्मीहरुलाई विभिन्न तहमा अभिमुखीकरण गरिनुका साथै तालिम उपलव्ध गराइएको थियो । यसक्रममा आमसञ्चारका क्षेत्रमा संलग्न सञ्चारकर्मीलाई एकदिने अन्तरक्रिया तथा अभिमूखीकरण कार्यक्रम ,निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयंसेवकहरूलाई विद्युतीय मतदान उपकरणबाट मतदान गर्ने तरिका सम्बन्धी तालिम, विद्युतीय मतदान उपकरणको तयारी र सिलबन्दीमा खटिने कर्मचारीलाई यस सम्बन्धी तालिम, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सम्बन्धित जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूका लागि मतदान सञ्चालन एवम् मतगणना प्रशिक्षण प्रशिक्षण उपलव्ध गराइएको थियो ।

#### ९.१५.६.२ मतदाता शिक्षा

उपनिर्वाचनमा मतदाताहरूको सहभागिता बढाउने तथा मतदातालाई विद्युतीय मतदान उपकरणबाट मतदान गर्ने तरिकाबारे व्यावहारिक ज्ञान दिने उद्देश्यले संविधानसभा सदस्य निर्वाचन, २०७० मा व्यवस्थित गरिए बमोजिमकै संरचनालाई अवलम्बन गरिएको थियो । मतदाता शिक्षा कार्यक्रम केन्द्र, जिल्ला तथा नगरपालिका वडा/गाउँ विकास समिति/मतदान स्थलस्तर गरी तीन तहमा सञ्चालन गरिएका थिए ।

यस क्रममा विद्यालयहरुमा मतदाता शिक्षासँग सम्बन्धित भिडियो डकुमेन्ट्री, पर्चा, पोष्टर, ब्रोसर, पावरप्वाइण्ट आदिको प्रस्तुति, मतदानस्थलमा विद्युतीय मतदान उपकरणबाट नमूना मतदान कार्यक्रम सञ्चालन, स्थानीय एफ.एम. तथा सामुदायिक रेडियोबाट सूचना तथा जानकारीमूलक सामग्रीको प्रसारण,स्थानीय पत्रपत्रिकामा मतदाता शिक्षा सम्बन्धी सन्देश प्रकाशन गरिएको थियो । यसै गरी मतदाता शिक्षाका लागि प्रत्येक निर्वाचन क्षेत्रमा एउटा आधुनिक साउण्ड सिस्टम जडित मतदाता शिक्षा भ्यान परिचालन गरिएको थियो ।

स्थानीयस्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, नमूना मतदान सञ्चालन गर्ने, आम मतदातालाई भेटी उनिहरूका जिज्ञासाको समाधान गर्ने र घर घरमा गई मतदाता परिचयपत्र बाड्ने कार्यका लागि प्रत्येक न.पा. वडा/गा.वि.स. स्तरमा एक एक जना को दरले निर्वाचन शिक्षा कार्यकर्ता र प्रत्येक मतदानस्थलमा एक एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको थियो ।

### ९.१५.६.२.१ मतदाता शिक्षा सामग्री छपाइ तथा उत्पादन

उपनिर्वाचनमा मतदाता शिक्षालाई व्यापक एवं प्रभावकारी बनाउनको लागि देहाय बमोजिमका मतदाता शिक्षासँग सम्बन्धित छपाइ सामग्री तथा श्रव्य दृश्य सामग्रीछपाइ एवम् उत्पादन गरी वितरणको व्यवस्था मिलाइएको थियो ।

| **छपाइ सामग्री** | | |
|---|---|---|
| १ | विद्युतीय मतदान उपकरणसम्बन्धी निर्देशिका | २,५०,००० थान |
| २ | विद्युतीय मतदान उपकरणसम्बन्धी पर्चा | ३,००० थान |
| ३ | विद्युतीय मतदान उपकरणसम्बन्धी फ्लेक्स, | १५० थान |
| ४ | विद्युतीय मतदान उपकरणसम्बन्धी पोष्टर | २,००० थान |
| ५ | विद्युतीय मतदान उपकरणसम्बन्धी बरोबर सोधिने प्रश्नहरूको संगालो | २,००० थान |
| **श्रव्य दृश्य सामग्री** | | |
| १ | विद्युतीय मतदान उपकरण सञ्चालसम्बन्धी डकुमेन्ट्री | १ थान |
| २ | अडियो जिंगल | २ थान |
| ३ | भिडियो पिएसए | १ थान |

## ९.१५.७ सूचना प्रविधिको प्रयोग

संविधान सभा निर्वाचनको बेला मतदान अधिकृतले निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सामग्री बुझ्केदेखि मतदान कार्य सम्पन्न गरी मतपेटिका लगायतका सामग्री फिर्ता नबुझाएसम्मका विभिन्न १४ वटा क्रियाकलाप SMS को माध्यमबाट Reporting गर्न सकिने गरी विकास गरिएको Event Tracking System लाई यसपटक पनि प्रयोग गरिएको थियो । संविधान सभाको निर्वाचनमा सम्पूर्ण मतदान अधिकृतलाई एकै पटक Bulk SMS पठाउन सकिने प्रावधान रहेकामा सधैं सबै मतदान अधिकृतलाई उही प्रकारको सन्देश पठाउन आवश्यक नहुने भएकोले चाहे बमोजिमका मतदान अधिकृतलाइमात्र सन्देश पठाउन मिल्ने PUSH SMS सेवाको विकास गरी प्रयोगमा ल्याइएको थियो ।

निर्वाचन गतिविधिको सञ्चालनका क्रममा देखा पर्ने जोखिमको विश्लेषणका लागि संविधानसभा सदस्य निर्वाचनका बेला अपनाइएकै प्रक्रिया बमोजिम कम्प्यूटर प्रणालीबाट तथ्याङ्क विश्लेषण गर्ने प्रविधिमा आधारित Electoral Risk Management Tool (ERM Tool) लाई प्रयोगमा ल्याई जोखिमको विश्लेषण र व्यवस्थापन गरिएको थियो । यसै गरी मतगणनापश्चात निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त नतिजा विवरणहरू Election Result Information System मा प्रविष्टि र रुजुगरी निर्वाचन आयोगको website मा प्रकाशन गर्ने व्यवस्था मिलाईएको थियो ।

## ९.१५.८ विद्युतीय मतदान एकाइको गठन

काठमाडौं निर्वाचन क्षेत्र नं.२, चितवन निर्वाचन क्षेत्र नं.४, बर्दिया निर्वाचन क्षेत्र नं.१ र कैलाली निर्वाचन क्षेत्र नं.६ मा २०७१ साल असार ८ गते सम्पन्न हुने संविधानसभा सदस्यको उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गर्ने गरी आयोगबाट मिति २०७१।१।३ मा निर्णय भएको थियो ।

विद्युतीय मतदान उपकरणको प्रयोग गरी गरिने निर्वाचन मतपत्र प्रयोग गरी गरिने निर्वाचनभन्दा भन्दा फरक खालको हुने भएकोले यसको व्यवस्थापनका लागि आयोगको मिति २०७१।१।१८ को निर्णयले सूचना प्रविधि व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न शाखाका शाखा प्रमुख, अधिकृत र प्राविधिक कर्मचारी रहेको विद्युतीय मतदान एकाइको गठन गरी देहायको कार्य विवरण तोकिएको थियो ,

(१) उपनिर्वाचनका लागि आवश्यक विद्युतीय मतदान यन्त्र र सोमा लाग्ने बेट्रीको अनुमान गर्ने, आवश्यक बेट्री खरिदका लागि सुरु भएको प्रक्रियालाई तीव्रता दिई यथाशक्य छिटो बेट्री प्राप्त गर्ने व्यवस्था मिलाउने,

(२) आयोग र अन्तर्गत जिल्ला निर्वाचन कार्यालयहरुमा मौज्दात रहेका विद्युतीय मतदान यन्त्रको भौतिक अवस्थाको परीक्षण गर्ने यसरी परीक्षण गर्दा मतदान देखि मतगणना सम्मको प्रक्रिया अपनाउने,

(३) मेशीनको परीक्षण लगायतको कार्यका लागि चाहिने जनशक्ति तयार गर्न आवश्यकता अनुसार प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(४) विद्युतीय मतदान यन्त्रको सिलबन्दी गर्न चाहिने सबै प्रकारका ट्याग, सिलको अनुमान गर्ने,

(५) विभिन्न महाशाखा, शाखासंग समन्वय गरी मतदान अधिकृत, सहायक मतदान अधिकृत

(६) मतदानमा खटिने कर्मचारीका लागि हुने तालिममा स्रोत व्यक्ति र अन्य प्राविधिक सहयोगको व्यवस्थापनमा सहयोग गर्ने,

(७) निर्वाचन अधिकृतको कार्यालयमा हुने विद्युतीय मतदान उपकरणको सिलबन्दी गर्ने कार्यको व्यवस्थापन गर्ने,

(८) मतदानको दिन र मतगणनास्थलमा आवश्यकता अनुसार प्रविधिक सहयोग पुऱ्याउने र मतगणनापछि भण्डारणको व्यवस्था मिलाउने,

(९) विद्युतीय मतदानको व्यवस्थापनका लागि समय समयमा सचिवालयले दिएको निर्देशन बमोजिमका कार्य गर्ने ।

एकाईले उल्लिखित जिम्मेवारी अनुरूप उपकरणको तयारी, सामग्रीको अनुमान, निर्वाचन अधिकृतको कार्यालयमा यपकरणको तयारी र सिलवन्दी, मतदानको दिन एवम् मतगणना कार्यमा प्राविधिक सहयोग कार्यको व्यवस्थापन गरेको थियो ।

### ९.१५.९ जनशक्ति व्यवस्थापन

२०७१ असार ८ गते सम्पन्न उपनिर्वाचनमा चारवटै निर्वाचन क्षेत्रहरुमा विद्युतीय मतदान उपकरणको प्रयोग गरी मतदान सञ्चालन गरिएको थियो । चार निर्विाचन क्षेत्रमा कूल १३७ मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगी निर्वाचन अधिकृतको कार्यालयबाटै नियुक्त गरी खटाइएको थियो भने स्वयमसेवकहरु को नियुक्ति मतदान अधिकृतले मतदान केन्द्रस्तरमा गरेका थिए । मतदान कार्यका लागि कूल ३ हजार २३४ जनशक्ति परिचालन गरिएको थियो ।

उपनिर्वाचनमा जिल्लागत रूपमा परिचालित कर्मचारीको तथा स्वयमसेवकको संख्या देहाय बमोजिम रहेको थियो :

| सि.नं. | जिल्ला | मतदान अधिकृत | सहायक मतदान अधिकृत | सहायक कर्मचारी | कार्यालय सहयोगी | जम्मा कर्मचारी | स्वयम सेवक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | काठमाडौं | ९४ | ९४ | ९४ | १८३ | ४६५ | ४८० | ९४५ |
| २. | चितवन | ८१ | ८१ | ८१ | १६२ | ४०५ | ४०५ | ८१० |
| ३. | बर्दिया | ७८ | ७८ | ७८ | १४५ | ३७९ | ३५० | ७२९ |
| ४. | कैलाली | ७५ | ७५ | ७५ | १५० | ३७५ | ३७५ | ७५० |
| **जम्मा** | | **३२८** | **३२८** | **३२८** | **६४०** | **१६२४** | **१६१०** | **३२३४** |

उपनिर्वाचनकालागि आवश्यक जनशक्ति आयोग र अन्तर्गत कार्यरतबाटै व्यवस्थापन गरिएकोले थप जनशक्ति काजमा ल्याइएन ।

## ९.१५.१० सामग्री व्यवस्थापन

उपनिर्वाचनका लागि आवश्यक विभिन्न निर्वाचन सामग्री व्यवस्थापन गर्दा धेरै जसो सामग्री संविधनन सभा सदस्य निर्वाचनका लागि खरिद गरिएका मध्ये आयोगमा रहेको मौज्दातबाटै व्यवस्थापन गरिएको थियो । विद्युतीय मतदान उपकरणको सिलबन्दी गर्न चाहिने विभिन्न ट्याग एवं पेपर सिल, उपकरणको बेट्री, उपनिर्वाचनका लागि तयार निर्देशिका , विभिन्न अनुसूची फाराम समेतका छपाई सामग्रीहरु खरिद गरेर व्यवस्थापन गरिएको थियो । सामग्री व्यवस्थापन गर्दा सामग्रीको प्रकृति अनुसार आयोगबाटै व्यवस्थापन गर्नुपर्ने प्रकृतिका सामग्रीहरु मात्रै आयोगबाट व्यवस्थापन गरिएको थियो भने स्थानीयस्तरमा उपलव्धहुन सक्ने सामग्रीहरु सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुबाट व्यवस्थापन गरिएको थियो । यस अतिरिक्त निर्वाचन अधिकृतको कार्यालयहरुको दैनिक प्रशासन सञ्चालनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन सम्बनिधत निर्वाचन अधिकृतहरुको कार्यालयबाटै भएको थियो ।

## ९.१५.११ निर्वाचन अधिकृतको नियुक्ति

न्याय परिषदको स्वीकृति र न्याय सेवा आयोगको परामर्श सहित मुख्य निर्वाचन अधिकृतमा खटिने पदाधिकारीहरूको नामावली विवरण उपलव्ध गराइदिन कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय मार्फत अनुरोध गरी पठाइएकोमा सम्वन्धित जिल्लाका जिल्ला न्यायाधीशको नाम विवरण प्राप्त भई तदनुरूपमिति २०७१।२।१ बाट लागू हुने गरी काठमाडौ निर्वाचन क्षेत्र नं.२ मा मा.जिल्ला न्यायाधीश अच्यूत विष्ट, चितवन निर्वाचन क्षेत्र नं.४ मा  मा.जिल्ला न्यायाधीश विनोद मोहन  आचार्य, बर्दीया निर्वाचन क्षेत्र

नं. १ मा मा.जिल्ला न्यायाधीश ऋषिप्रसाद अधिकारी र कैलाली निर्वाचन क्षेत्र नं.६ मा मा. जिल्ला न्यायाधीश यज्ञराज भट्टलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो ।

सम्बत् २०७१ साल असार ८ गते आइतबारको दिन संविधानसभा सदस्य उपनिर्वाचन हुने गरी आयोगको मिति २०७१/१/३ को निर्णय बमोजिम २०७१ जेष्ठ ११ मा उम्मेदवारको मनोनयन दर्तादेखि २०७१ जेठ १८ मा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्नेसम्मका निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ९.१५.१२ मतपत्र छपाइ

उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणमा राख्ने प्रयोजनका लागि ६४८ थान, निविदा मतपत्र ३ हजार ५६४ थान र आयोगमा अभिलेखको रूपमा राख्न ८ थान गरी जम्मा ४ हजार २२० थान मतपत्र आयोगकै छापाखानाबाट छपाइ गरिएको थियो ।

### ९.१५.१३ मतदान र मतगणना

सम्वत् २०७१ साल असार ८ गते विहान ७:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । मतदान कार्यमा अधिकाधिक मतदाताको सहभागिता रहोस र मतदान कार्यको व्यवस्थापनमा सहयोग पुगोस भनी २०७१ साल असार ६ देखि ८ गतेसम्म सम्बन्धित जिल्लाको उपनिर्वाचन हुने क्षेत्रका सामुदायिक एवम् संस्थागत विद्यालयहरुलाई र मतदानको दिन जिल्लाभरका सरकारी अर्धसरकारी निकायका कर्मचारीलाई सार्वजनिक विदा दिन नेपाल सरकारलाई अनुरोध गरे बमोजिम सरकारले सार्वजनिक विदा दिएको थियो ।

उपनिर्वाच सम्पन्न ४ वटा निर्वाचन क्षेत्रमा कूल २ लाख ५१ हजार ३०४ मतदाता रहेकोमा निर्वाचनमा १ लाख ७४ हजार ७१९ मतदाता (६९.५२) प्रतिशतले मतदान गरेका थिए । मतगणना कार्य २०७१ साल असार ८ गते राती सुरु भई ९ गते विहानसम्ममा सम्पन्न भएको थियो । उपनिर्वाचनको निर्वाचन परिणाम देहाय बमोजिम रहेको थियो ,

| क्र. सं. | जिल्ला | नि.क्षे.नं. | उम्मेदवारको नाम, थर | राजनीतिक दल/स्वतन्त्र | उमेर | लिङ्ग | प्राप्त मत |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २ | दीपक प्रसाद कुईंकेल | नेपाली कांग्रेस | ४८ | पुरुष | १८२०० |
| २ | चितवन | ४ | रामकृष्ण घिमिरे | नेपाली कांग्रेस | ६३ | पुरुष | २०३१८ |
| ३ | बर्दिया | १ | श्यामप्रसाद ढकाल | नेपाल कम्युनिष्ट पार्टी (ए.मा.ले.) | ५९ | पुरुष | १६९९६ |
| ४ | कैलाली | ६ | पुष्करनाथ ओझा | नेपाली कांग्रेस | ५१ | पुरुष | १४७८४ |

### ९.१५.१४ निर्वाचन पर्यवेक्षण

२०७१ साल आषाढ ८ गते सम्पन्न गर्ने गरी उपनिर्वाचनको मिति घोषणा भएपछि उपनिर्वाचनको पर्यवेक्षण व्यवस्थापन गर्न आयोगबाट मिति २०७१/२/३ को निर्णयबाट संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षण निर्देशिका, २०७१ तथा राष्ट्रिय पर्यवेक्षकहरूको लागि संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षण आचार संहिता, २०७१ स्वीकृत भई कार्यान्वयन गरिएको थियो ।

### ९.१५.१४.१ पर्यवेक्षणका लागि आह्वान

संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गरी प्रतिवेदन बुझाएका संस्थाहरूलाई मात्र उपनिर्वाचनमा पर्यवेक्षण अनुमति दिइएको थियो । उपनिर्वाचनका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षणको व्यवस्था गरिएको थिएन ।संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गरी अन्तिम प्रतिवेदन बुझाएका मध्ये देहायका ११ वटा राष्ट्रिय संस्थाले पर्यवेक्षण गर्न निवेदन दिएका थिए ।

| दर्ता नं. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | समाज परिवर्तनका लागि एकता (CSC),पुलचोक |
| २ | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (NEOC),कोपुन्डोल |
| ३ | लोकतन्त्रर निर्वाचन पर्यवेक्षण (DEW-NEPAL),काठमाण्डौं |
| ४ | निर्वाचन पर्यवेक्षण संयुक्त मञ्च (CAEOF-NEPAL),बालुवाटार |
| ५ | लिस्नर्स क्लब नेपाल (LCN),मैतीदेवी,काठमाण्डौं |
| ६ | नेपाल निर्वाचन पर्यवेक्षण सञ्जाल (AEON),अनामनगर |
| ७ | मानवअधिकार तथा शान्ति प्रतिष्ठान (HURPEF),नयाँबजार |
| ८ | म्याकेट नेपाल (MACAT NEPAL),डिल्ली बजार,काठमाण्डौं |
| ९ | राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र (NHRCC),डिल्लीबजार |
| १० | राष्ट्रिय युवा महासंघ (NYFN), अनामनगर, काठमाण्डौं |
| ११ | आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल (GEOC), अनामनगर |

पर्यवेक्षण गर्न निवेदन दिने ११ संस्थाहरूमध्ये म्याकेट नेपाल, डिल्लीबजार बाहेक अन्य १० संस्थाले ६६२ जना पर्यवेक्षक खटाई पर्यवेक्षण गरेका थिए । यस मध्ये २२१ जना महिला पर्यवेक्षक रहेका थिए ।

संविधानसभा सदस्य उपनिर्वाचनमा पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेको लोकतन्त्र र निर्वाचन नामक राष्ट्रिय पर्यवेक्षण संस्थाले बर्दिया निर्वाचन क्षेत्र नं १को निर्वाचन पर्यवेक्षण गर्ने सिलसिलामा आचार संहिता विपरित कार्य गरेकोले आयोगले २०७१ असार ८ गते नै उपनिर्वाचन हुन लागेका चार वटै निर्वाचन क्षेत्रमा पर्यवेक्षण गर्न तत्काल रोक लगाएको थियो ।

### ९.१५.१४.२ निर्वाचनको अवलोकन

आयोगले निर्वाचन विशेषज्ञ एवं विशिष्ट व्यक्तिहरूलाई विशिष्ट अतिथिको रूपमा उपनिर्वाचनको अवलोकन गर्न आमन्त्रण गरेको थियो । यस्ता अतिथिमा सूर्य प्रसाद श्रेष्ठ, दमननाथ ढुङ्गाना, निलाम्बर आचार्य, दुर्गेशमान सिंह, सनतकुमार बस्नेत, गौरीशंकरलाल दास, प्रा. कपिल श्रेष्ठ, डा. गोविन्दप्रसाद कुसुम, सुवोधराज प्याकुरेल हुनुहुन्थ्यो ।

### ९.१५.१४.३ कूटनीतिक नियोगको तर्फबाट उपनिर्वाचनको अवलोकन

कूटनीतिक नियोगको तर्फबाट उपनिर्वाचनको अवलोकन गर्न देहायका विशिष्ट अतिथिलाई विशेष पास (Special Guest Pass) उपलब्ध गराइएको थियो ।

| S.N. | Name | Organization | Nationality |
|---|---|---|---|
| 1 | Mr. Masahi Ogawa | Embassy of Japan | Japan |
| 2 | Ms. ChisakoNishitani | Embassy of Japan | Japan |
| 3 | Ms. RensjeTeerink | European Union | Luxembourg |
| 4 | Ms. Genoveva H. Uriz | European Union | Spain |
| 5 | Ms. Yuki Daizumoto | JICA | Japan |
| 6 | Mr. Glenn Darran White | Embassy of Australia | Australia |
| 7 | Ms. Sarah Jean Boddington | Embassy of Australia | Australia |
| 8 | Mr. HåkonA.Gulbrandsen | Embassy of Norway | Norway |

### ९.१५.१५ आर्थिक व्यवस्थापन

उपनिर्वाचनको लागि जम्मा रु १० करोड ९८ लाख ३९ हजार ७०० रूपैया विनियोजन गरिएको थियो । विनियोजित बजेट मध्ये रु ९ करोड ५३ लाख ४१ हजार ५२८ र पैसा २६ खर्च भएको थियो । उपनिर्वाचनमा निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालयहरू र निर्वाचन अधिकृतको कार्यालयहरूमा भएको खर्चको विवरण यस प्रकार छ

| | | |
|---|---|---|
| १ | निर्वाचन आयोगमा भएको खर्च | ३,३१,५०,३८८।०२ |
| २ | जिल्ला निर्वाचन कार्यालयहरूमा भएको खर्च | ३,८७,३०,८४७।१२ |
| ३ | निर्वाचन अधिकृतको कार्यालयहरूमा भएको खर्च | २,३४,६०,३६३।१२ |
| | जम्मा | ९,५३,४१,५२८।२६ |

## ९.१६ बागलुङ उपनिर्वाचन, २०७१ चैत्र

संविधानसभा सदस्य निर्वाचनमा बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सभासद हरिबहादुर खडकाको सवारी दूर्घटनामा परी मिति २०७१ मंसीर २१ गते असामयिक निधन भई रिक्त हुन आएको संविधानसभा सदस्यको पदपूर्तिका लागि मिति २०७१ साल चैत्र २८ गते उपनिर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारबाट मिति २०७१ साल माघ २९ गते मिति घोषणा भएको थियो । आयोगले यो उपनिर्वाचनमा पनि विद्युतीय मतदान उपकरणको प्रयोग गरेको थियो ।

उपनिर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम २०७१ चैत्र १ गते,उम्मेदवारको अन्तिम नामावली प्रकाशन चैत्र ७ गते, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान चैत्र ८ गते र मतदान चैत्र २८ गते हुने गरी कार्यक्रम सञ्चालन भएको थियो ।

उपनिर्वाचन सम्पन्न गर्न मिति २०७० मंसिर ४ गते सम्पन्न संविधानसभा सदस्य निर्वाचन र २०७१ असार ८ गते सम्पन्न उपनिर्वाचनका लागि कार्यान्वयनमा ल्याइएका निर्देशिका र आचार संहितामा आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयनमा ल्याइएको थियो ।

### ९.१६.१ आदेश जारीः

आयोगको मिति २०७१/११/२५ को निर्णयले संविधान सभा सदस्य निर्वाचन, २०७० मा पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतको निर्वाचनमा भाग लिएका उम्मेदवार तथा राजनीतिक दलमध्ये निर्वाचन खर्च नबुझाउने उम्मेदवार तथा राजनीतिक दललाई बाग्लुङ

जिल्ला निर्वाचन क्षेत्र नं. १ मा हुने उपनिर्वाचनमा भाग लिन तथा उम्मेदवार हुन नपाउने गरी आदेश जारी गरिएको थियो ।

### ९.१६.२ तालिम तथा जनशक्ति विकास

उपनिर्वाचनको व्यवस्थापन र संचालनका लागि आयोगदेखि मतदान केन्द्रसम्म विभिन्न तह र श्रोणीका कर्मचारी तथा मतदाता शिक्षाका लागि निर्वाचन शिक्षा कार्यत्रकर्ता, निर्वाचन शिक्षा स्वयंसेवक आदिलाई विभिन्न तहमा तालिम प्रदान गरी परिचालन गरिएको थियो । यस्ता तालिममा निर्वाचन शिक्षा कार्यत्रकर्ता तथा मतदाता शिक्षा स्वयंसेवक र जिल्ला निर्वाचन कार्यालय बाग्लुङका सबै कर्मचारीहरुलाई विद्युतीय मतदान तथा मतदाता शिक्षासम्बन्धी  प्रशिक्षण कार्यक्रम, उपनिर्वाचनमा परिचालन हुने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरुको प्रशिक्षण आदि थिए ।

### ९.१६.३  मतदाता दर्ता

उपनिर्वाचनलाई मध्यनजर गरी बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं.१ मा २०७१ साल माघ १५ गतेदेखि फागुन १० गतेसम्म मतदाता दर्ता कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता नामावली तयार गर्दा २०७१ साल २०७१ साल फागुन १५ गतेसम्ममा १८ वर्ष पुगेका मतदाताको नाम मतदाता नामावलीमा समावेश गरिएको थियो । कार्यक्रममा कुल १ हजार ७२४ मतदाता दर्ता भएका थिए । उपनिर्वाचनमा मतदाताको संख्या ५२ हजार २०२ रहेको थियो ।

### ९.१६.४ मतदाता परिचयपत्र व्यवस्थापन

उपनिर्वाचनमा यसपटक थप भएका मतदाता र साविकमा परिचयपत्र प्राप्त गरेका तर विविध कारणले परिचयपत्र हराएका वा नष्ट भएका मतदाता को मतदाता परिचयपत्र समेत छपाई गरी जिल्ला निर्वाचन कार्यालय मार्फत वितरण गरिएको थियो ।

### ९.१६.५ विद्युतीय मतदान एकाईको सञ्चालन

यो उपनिर्वाचनमा समेत विद्युतीय मतदान उपकरणको प्रयोग गरिएको थियो । अतः उपकरणको परीक्षण र तयारी , सिलबन्दीका लागि आवश्यक सामग्रीको अनुमान र व्यवस्थापन, जिल्ला तहमा उपकरणको सिलबन्दी गर्ने कार्यमा सहयोग, मतदान कर्मचारीहरुका लागि सञ्चालित तालिममा सहयोग, मतदानको दिन र मतदगणना कार्यमा निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक प्राविधिक सहयोग उपलव्ध गराइएको थियो ।

### ९.१६.६ मतदान केन्द्रका लागि जनशक्ति व्यवस्थापन

बागलुङ निर्वाचन क्षेत्र नं.१ मा ३५ मतदानस्थलमा ७० मतदान केन्द्र थिए । निर्वाचनमा मतदान अधिकृत ७० जना, सहायक मतदान अधिकृत ७० जना, सहायक कर्मचारी ७० जना, कार्यालय सहयोगी १४० जना र स्वयमसेवक ४२० जना गरी ७७० जनशक्ति परिचालन गरिएको थियो ।

### ९.१६.७ सामग्री व्यवस्थापन

उपनिर्वाचनका लागि आवश्यक पर्ने मध्ये आयोग र जिल्ला निर्वाचन कार्यालयको मौज्दातमा रहेका सामग्रीहरु मौज्दातबाटै प्रयोग गरिएको थियो भने उपनिर्वाचनका लागि खरिद गर्नैपर्ने सामग्रीहरु सामग्रीको प्रकृति, सम्वेदनशीलता र स्थानीय बजारमा हुनसक्ने उपलव्धता समेतको दृष्टिले आयोग र जिल्ला निर्वाचन कार्यालयबाट व्यवस्थापन गरिएको थियो ।

विद्युतीय मतदान उपकरण सिलबन्दीका लागि आवश्यक पर्ने विभिन्न किसिमका ट्याग र पेपरसिलहरु, मतपत्र र निविदा मतपत्र, मतदाता शिक्षा सामग्रीहरु, नमूना मतपत्र, मतदान केन्द्रमा टाँग्ने ल्फेक्स, इ-डे पास, पोष्टर, Frequent Asked Question (FAQ), मतपत्र, मतदान कर्मचारी स्वयमसेवक, मतगणना कर्मचारी समेतका लागि आवश्यक पर्ने विभिन्न परिचयपत्र, पर्यवेक्षक परिचयपत्र आदि सामग्रीहरु आयोगबाट व्यवस्थापन गरी उपलब्ध गराइएको थियो । नेपाली कागजको खाम, कागज, रेकर्डफाइल, फलाटिन कपडा, प्लाष्टिकको थैला, सियोधागो जस्ता स्थानीय बजारमा उपलब्ध हुने प्रकृतिका सामग्री, मतदाता पर्चा, मतदाता रजिष्टर, अनुसूची फाराम सहितका छपाई सामग्री जिल्ला निर्वाचन कार्यालयबाटै व्यवस्थापन गरिएको थियो । सामग्रीहरु आयोगबाट जिल्ला निर्वाचन कार्यालयसम्म आयोगकै सवारी साधनहरुबाट ढुवानी गरिएको थियो ।

### ९.१६.८ निर्वाचन पर्यवेक्षण र अनुगमन

#### ९.१६.८.१ निर्वाचन पर्यवेक्षण

निर्वाचनको पर्यवेक्षणका लागि नागरिक अनुगमन समाज र राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) गरी दुईवटा राष्ट्रिय पर्यवेक्षण संस्थाहरुलाई पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएको थियो । निर्वाचनमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)बाट ६१ जना र नागरिक अनुगमन समाजबाट १० जना पर्यवेक्षकहरुले निर्वाचनको पर्यवेक्षण गरेका थिए ।

### ९.१६.८.२ निर्वाचन अनुगमन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मर्यादित किसिमले सम्पन्न गर्न केन्द्रीय र सूक्ष्म अनुगमनको प्रबन्ध मिलाइएको थियो । आयोगका प्रमुख निर्वाचन आयुक्त, आयुक्तहरु र आयोगका सचिवबाट समेत निर्वाचन क्रियाकलापको विभिन्न चरणमा अनुगमन भएको थियो । केन्द्रीय अनुगमनका लागि आयोगबाट दुईजना सहसचिवलाई खटाइएको थियो भने नगरपालिका क्षेत्र बाहेकका १५ मतदानस्थलमा सूक्ष्म अनुगमनका लागि अधिकृतस्तरका कर्मचारीलाई खटाइएको थियो ।

### ९.१६.९ निर्वाचन सञ्चालन

### ९.१६.९.१ निर्वाचन अधिकृतको नियुक्ति

उपनिर्वाचनका लागि न्याय सेवा आयोगको परामर्शमा आयोगको मिति २०७१/११/१७ को निर्णयबाट आयोगमा कार्यरत सहन्यायाधिवक्ता हरिप्रसाद जोशीलाई मुख्य निर्वाचन अधिकृतमा पदमा नियुक्त गरिएको थियो ।

### ९.१६.९.२ नेपाल सरकारलाई निर्देशन

निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय ढंगले सम्पन्न गर्न र तोकिएको समयमा कार्यसम्पादन गर्न आयोगले मिति २०७१।११।४ मा नेपाले सरकारलाई देहायको निर्देशन दिएको थियो ।

१. उप-निर्वाचन हुने वाग्लुङ्ग जिल्ला क्षेत्र नं १ को सन्दर्भमा आयोग र अन्तगर्तको कार्यालयबाट भएका पत्राचारलाई नेपाल सरकारका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, स्थानीय निकाय, शैक्षिक संस्थानहरुले उच्च प्राथमिकता दिई कारवाही गर्ने ।

२. आयोगबाट जारी भएको निर्वाचन आचार संहिताको पालना गर्न गराउन मातहतका सबै निकायलाई निर्देशन दिने । साथै, आचार संहिता कार्यान्वयनका सम्बन्धमा आवश्यक सहयोग पुऱ्याउन र माग भएको जानकारी तत्काल आयोग र अन्तगर्तका निकायलाई उपलब्ध गराउने ।

३. नेपाल सरकारका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, स्थानीय निकाय, अनुदानमा सञ्चालित विश्वविद्यालय र सामुदायिक विद्यालयका शिक्षकको लगत यो निर्देशन प्राप्त भएको मितिले एक हप्ताभित्र छिटो साधनद्वारा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा पठाउने ।

४. उप-निर्वाचनको कामका लागि आयोग तथा अन्तगर्तका कार्यालयले कर्मचारी माग गरेमा तुरुन्त खटाई पठाउने व्यवस्था गरिदिने ।

५. नेपाल टेलीकम, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन तथा अन्य सञ्चार साधनहरु मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्कालै गरी चालू हालतमा राख्ने तथा निर्वाचनको कामका लागि प्राथमिकता दिई उपलब्ध गराउने ।

६. निर्वाचन आयोग र अन्तगर्त उप-निर्वाचन सम्पन्न हुने बाग्लुङ्ग जिल्लाका जिल्ला निर्वाचन कार्यालय एवं निर्वाचन सामग्री भण्डार स्थलको सुरक्षा व्यवस्था मिलाउन सुरक्षाकर्मी परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

७. उप-निर्वाचनको सिलसिलामा आयोगका पदाधिकारी तथा कर्मचारी र निर्वाचन अधिकृत, पर्यवेक्षक लगायत अन्य कर्मचारीको आवागमन तथा मतपत्र लगायत निर्वाचन सामग्री ढुवानी गर्दा गराउँदा सुरक्षाको आवश्यक व्यवस्था मिलाउने ।

८. निर्वाचन अधिकृतको कार्यालयको लागि आवश्यक पर्ने घर, फर्निचर, कम्प्यूटर, फ्याक्स मेसिन, सवारी साधन, पेट्रोमेक्स र अन्य भौतिक सुविधा माग भएको अवस्थामा जिल्लास्थित कार्यालयबाट उपलब्ध गराइदिने ।

९. निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी र निर्वाचन अधिकृतको आवागमनका लागि माग गरेको बखत हवाई टिकट सुरक्षित राखि दिने र निर्वाचन सामाग्री ढुवानीका लागि आवश्यकतानुसार हवाईजहाज र हेलिकोप्टरको सुविधा उपलब्ध गराउने ।

१०. निर्वाचनसँग सम्बन्धित सबै कार्यमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था मिलाउने ।

११. स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्पन्न गर्न उम्मेदवार, दल र मतदाताहरुको सुरक्षाको उचित व्यवस्था मिलाउने ।

१२. निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा बिजुली, धारा, डाँक तथा टेलिफोन सेवा निर्वाध रूपले उपलब्ध गराउने ।

१३. उप-निर्वाचनको सन्दर्भमा नेपाल सरकारका जुनसुकै तहको कर्मचारी र सुरक्षा निकायका पदाधिकारलाई जिम्मेवारी तोक्न सकिने हुँदा यसरी तोकिएको जिम्मेवारी पूरा गर्ने दायित्व नीज कर्मचारी वा सुरक्षाकर्मीको हुने ।

१४. २०७१ साल चैत्र २८ गते तदनुसार ११ अप्रिल २०१५ शनिबारका दिन हुने संविधानसभा सदस्य उप निर्वाचनको लागि मतदानकेन्द्र विद्यालय भवन तथा कम्पाउण्डभित्र पनि राखिएकाले उप-निर्वाचन हुने सबै विद्यालयमा २०७१ साल चैत्र २६ गतेदेखि मतदान सम्पन्न नभएसम्म पठनपाठन, परीक्षा सञ्चालन र सबै शैक्षिक क्रियाकलापहरु नगर्ने व्यवस्था मिलाउने ।

१५. सार्वजनिक सञ्चारका माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, दि राइजिङ्ग नेपाल, राष्ट्रिय समाचार समिति आदिले निर्वाचन अयोगको निर्देशन अनुरूप निर्वाचन सम्बन्धी सूचनालाई प्राथमिकता दिई प्रकाशन तथा प्रसारण गर्ने ।

१६. नेपाल सरकारले उप-निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने बजेट र जनशक्ति प्राथमिकताकासाथ उपलब्ध गराउने ।

१७. बाग्लुङ्ग जिल्लास्थित सबै स्थानीय निकायमा रिक्त दरबन्दीहरू यथाशीघ्र पदपूर्ति गर्ने ।

### ९.१६.१० मतपत्र छपाइ

उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणबाट निर्वाचन सम्पन्न भएकोले उपकरणमा सेट गरिने र निविदा मतपत्र निर्वाचन आयोगकै छापाखानाबाट छपाई गरिएको पठाइएको थियो ।

### ९.१६.११ उम्मेदवारी दर्ता

आयोगले स्वीकृत गरेको कार्यक्रम अनुसार २०७१ साल चैत्र १ गते देहायका विभिन्न १० वटा राजनीतिक दलका र ३ जना स्वतन्त्र उम्मेदवारहरुले उम्मेदवारी दिएका थिए ।

### ९.१६.१२ मतदान

उपनिर्वाचन २०७१ चैत्र २८ गते शनिबार दिन विहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेको समयसम्म तोकिएको मतदान केन्द्रमा मतदानको कार्य सम्पन्न भएको थियो । उक्त निर्वाचनमा कुल ५२२०२ मतदाता रहेकोमा ३८०४८ मतदाता मतदानमा सहभागी भइ ७२.८९ प्रतिशत मतदान भएको थियो ।

मतदानको दिन जिल्लाभरका सरकारी अर्धसरकारी निकायका कर्मचारीलाई सार्वजनिक विदा दिन नेपाल सरकारलाई अनुरोध गरे बमोजिम सरकारले सार्वजनिक विदा दिएको थियो ।

### ९.१६.१३ मतगणना र निर्वाचन परिणाम

सबै निर्वाचन क्षेत्रमा विद्युतीय मतदान उपकरण लगायतका निर्वाचन सामग्री संकलन भएपश्चात सर्वदलीय वैठक गराई मतगणना कार्य सुरु भएको थियो । संविधानसभा सदस्य उपनिर्वाचन, २०७१ को मतगणना कार्य मिति २०७१/१२/२८ बाट सुरु भई मिति २०७१/१२/२९ गते विहान सम्पन्न भएको थियो । उपनिर्वाचनमा नेपाली काँग्रेसका श्री चम्पादेवी खड्का १७१५४ मत प्राप्त गरी विजयी हुनुभएको थियो ।

### ९.१६.१४ आर्थिक व्यवस्थापन

उपनिर्वाचनमा २ करोड ७० लाख ८८ हजार चौबीस रूपैयाँ ८८ पैसा खर्च भएको थियो ।

परिच्छेद दस

# विविध

परिच्छेद दस

# विविध

## १०.१ निर्वाचन आयोगको सङ्क्षिप्त इतिहास

### १०.१.१ संवैधानिक व्यवस्था

नेपालको पहिलो संविधान मानिएको नेपाल सरकार वैधानिक कानून, २००४ ले जननिर्वाचित विभिन्न निकायको व्यवस्था गर्नुका साथै भोट हाल्न पाउने हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । तर विधानमा निर्वाचनको व्यवस्थापन गर्ने निकायबारे केही उल्लेख भएको छैन ।

वि.सं.२००७ सालको परिवर्तनपछि विधान परिषदको निर्वाचन गर्ने र शासन व्यवस्थाको सञ्चालन गर्ने अन्तरिम व्यवस्थाका लागि नेपाल अन्तरिम शासन विधान, २००७ जारी भयो । यो विधानले विधान परिषदको निर्वाचनको निम्ति मतदाताहरूको नामावली तयार गर्ने कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न, निर्वाचन गराउन र निर्वाचन सम्बन्धी शङ्का र मुद्दा हेर्न निर्वाचन अदालत गठन गर्ने समेतका काम, कर्तव्य, अधिकार रहेको निर्वाचन कमिशनको व्यवस्था गरेको थियो ।

विधानको दफा ४२ मा निर्वाचन कमिशन सम्बन्धी व्यवस्था थियो । यो विधानमा ६ पटकसम्म संशोधन भयो । यसक्रममा निर्वाचन कमिशन सम्बन्धी व्यवस्था विधानको दफा ६९ मा रहेको छ । विधानको व्यवस्था अनुरूप २००८ साल फागुन २० गतेको नेपाल गजेटमा निर्वाचन कमिशन गठनको सूचना प्रकाशन भएको छ । अन्तरिम शासन विधानले गरेको व्यवस्था बमोजिम वि.सं.२००८ साल कार्तिक २६ गते प्रधान निर्वाचन अफिसर (कमिश्नर) मा सुवर्ण शमसेरलाई नियुक्त गरिएको थियो । २०१५ साल फागुन ७ गतेदेखि भएको प्रतिनिधिसभाको निर्वाचनमा प्रधान निर्वाचन कमिश्नर सुवर्ण शमसेर र निर्वाचन कमिश्नर प्रद्युम्नलाल राजभण्डारी थिए ।

नेपालको तेस्रो र चौथो संविधान क्रमश: नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ ले निर्वाचन अयोगको व्यवस्था गरेका थिएनन् । वि.सं. २०२३ साल माघ १४ गते नेपालको संविधान, २०१९ को पहिलो संशोधन हुँदा संविधानमा निर्वाचन आयोगको व्यवस्थालाई समेटी आयोगको गठन र काम, कर्तव्य, अधिकारलाई संविधानमा व्यवस्था गरियो । यसपछि जारी भएका सबै संविधानले आयोगको संवैधानिक व्यवस्थालाई निरन्तरता दिएका छन् । संवैधानिक अङ्गको रूपमा व्यवस्था भई निरन्तरता पाउन थालेकोले २०२३ साललाई आयोगले आफ्नो स्थापना वर्षको रूपमा अङ्गीकार गरेको छ । निर्वाचन आयोग स्थापनको ५० वर्ष पूरा भएको छ ।

### १०.१.२ आयोगका पदाधिकारी/सचिव

वि.सं. २००८ सालमा नियुक्त प्रधान निर्वाचन कमिश्नर सुवर्ण शमशेरदेखि नियुक्त भएका आयोगका प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त तथा सचिवहरूको नामावली र पदावधि देहाय बमोजिम रहेको छ :

**(क) प्रमुख निर्वाचन आयुक्त**

| क.सं. | नाम, थर | कार्यावधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | सुवर्ण शमसेर | २००८।७।२६ | २०१६ | |
| २ | सुरेन्द्रबहादुर वस्नेत | २०२३।६।१० | २०२४।२।१५ | |
| ३ | पूर्णप्रसाद ब्राह्मण | २०२४।३।९ | २०२८।४।२५ | |
| ४ | विष्णुमणि आचार्य | २०२८।५।२१ | २०२९।१२।१ | |
| ५ | सुन्दरप्रसाद शाह | २०३०।१।१८ | २०३६।१।१९ | |
| ६ | शेर बहादुर शाही | २०३६।९।२९ | २०४१।१०।७ | |
| ७ | सूर्यप्रसाद श्रेष्ठ | २०४१।१२।१५ | २०४९।७।७ | |
| ८ | विष्णुप्रताप शाह | २०५०।१।१४ | २०५८।४।१९ | |
| ९ | अच्युतनारायण राजभण्डारी | २०५८।९।२३ | २०६०।५।५ | |
| १० | केशवराज राजभण्डारी | २०६०।८।१७ | २०६३।३।२५ | |
| ११ | भोजराज पोखरेल | २०६३।७।१३ | २०६६।२।२० | |
| १२ | नीलकण्ठ उप्रेती | २०६६/२/२१ | २०६९/७/२२ | कार्यवाहक |
| १३ | दोलख बहादुर गुरूङ | २०६९/७/२३ | २०६९/९/२६ | कार्यवाहक |
| १४ | नीलकण्ठ उप्रेती | २०६९/१२/११ | २०७२/२/४ | |
| १५ | दोलख बहादुर गुरूङ | २०७२/२/५ | २०७२/५/१० | कार्यवाहक |
| १६ | डा. अयोधीप्रसाद यादव | २०७२/५/११ | २०७३/३/२६ | कार्यवाहक |
| १७ | डा. अयोधीप्रसाद यादव | २०७३/३/२७ | २०७५ चैत्र १० सम्म पदावधि । | |

- प्रमुख निर्वाचन आयुक्त विष्णुमणि आचार्यको सेवामा रहँदै निधन भएकोले आयोगका तत्कालिन सचिव लक्ष्मण प्रसाद रिजाललाई प्रमुख निर्वाचन आयुक्तको पदमा कायम मुकायम मुकरर गरिएको थियो ।

  स्रोत : २०२९ चैत १० गतेको नेपाल राजपत्र ।

(ख) **निर्वाचन आयुक्त**

| क.सं. | नाम, थर | कार्यावधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | देखि | |
| १ | श्यामकृष्ण भट्टराई | २०४७।४।९ | २०४८।४।७ | |
| २ | ध्रुवबरसिंह थापा | २०४७।४।९ | २०४८।४।१० | |
| ३ | ध्रुवबरसिंह थापा | २०५१।४।६ | २०५३।११।२४ | |
| ४ | नारायणप्रसाद राजभण्डारी | २०५१।४।६ | २०५३।४।११ | |
| ५ | रामचन्द्र शर्मा पौडेल | २०५१।४।६ | २०५६।११।१९ | |
| ६ | प्रा.डा. बीरेन्द्रप्रसाद मिश्र | २०५१।४।६ | २०५७।४।५ | |
| ७ | रमेशजङ्ग थापा | २०५४।५।६ | २०५९।१०।७ | |
| ८ | विश्वमानश्रेष्ठ | २०५४।५।६ | २०६०।५।५ | |
| ९ | अच्युतनारायण राजभण्डारी | २०५४।५।६ | २०५८।९।२२ | |
| १० | डमरुवल्लभ भट्टराई | २०६०।८।१७ | २०६३।३।२५ | |
| ११ | दिलबहादुर कार्की | २०६०।८।१७ | २०६३।३।२६ | |
| १२ | जयरामसिंह बोहरा | २०६०।८।१७ | २०६३।३।२६ | |
| १३ | उषा नेपाल | २०६३।७।२३ | २०६५।५।१६ | |
| १४ | नीलकण्ठ उप्रेती | २०६३।७।२३ | २०६९/७/२२ | |
| १५ | दोलख बहादुर गुरूङ | २०६३।९।२७ | २०६९/९/२६ | |
| १६ | डा. अयोधीप्रसाद यादव | २०६३।९।२७ | २०६९/९/२६ | |
| १७ | दोलख बहादुर गुरुङ | २०६९/१२/११ | २०७२/५/१० | |
| १८ | डा. अयोधीप्रसाद यादव | २०६९/१२/११ | २०७३/३/२६ | |
| १९ | डा. रामभक्त पी.बी. ठाकुर | २०६९/१२/११ | २०७१/९/५ | |
| २० | इला शर्मा | २०६९/१२/११ | २०७५ चैत्र १० सम्म पदावधि । | |

(ग) **सचिव**

| सि.नं. | नाम | कैफियत |
|---|---|---|
| १ | थिरवहादुर रायमाझी | |
| २ | लक्ष्मण प्रसाद रिजाल | |
| ३ | मिनवहादुर जोशी | |
| ४ | थिरवहादुर रायमाझी | |
| ५ | तेजवहादुर प्रसाई | का.मु. |
| ६ | मुरलीप्रसाद रिजाल | |
| ७ | कृष्ण प्रसाद अर्याल | का.मु. |
| ८ | अच्युत नारायण राजभण्डारी | |
| ९ | टेकवहादुर थापा | |
| १० | खगेन्द्र वस्नेत | का.मु. |
| ११ | मोहनदेव पन्त | |
| १२ | हिरण्यलाल रेग्मी | |
| १३ | पुरुषोत्तम ढकाल | |
| १४ | राममणी रिसाल | निमित्त |
| १५ | शम्भु प्रसाद खनाल | |
| १६ | देवराज रेग्मी | |
| १७ | दोलखवहादुर गुरूङ | का.मु. |
| १८ | सुवर्णलाल श्रेष्ठ | का.मु. |
| १९ | दोलखवहादुर गुरूङ | |
| २० | शरदचन्द्र पौडेल | निमित्त |
| २१ | सुशील जंग बहादुर राणा | |
| २२ | यज्ञ प्रसाद गौतम | |

| | | |
|---|---|---|
| २३ | किशोर थापा | |
| २४ | शंकर प्रसाद कोइराला | |
| २५ | ज्ञान दर्शन उदास | |
| २६ | नारायण गोपाल मलेगो | |
| २७ | नरेन्द्र दाहाल | |
| २८ | मधु प्रसाद रेग्मी | |
| २९ | शारदा प्रसाद त्रिताल | |
| ३० | गोपीनाथ मैनाली | |

### १०.१.३ नेपालको संविधानमा निर्वाचन आयोग सम्बन्धी व्यवस्था

नेपालको संविधानको भाग २४ को धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ । सो व्यवस्था बमोजिम आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चारजना आयुक्त रहन्छन् । प्रमुख आयुक्तले आयोगको अध्यक्ष भई काम गर्छन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । संविधानले आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्त हुने व्यक्ति स्नातक उपाधि प्राप्त, ४५ वर्ष उमेर पूरा भएको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने व्यवस्था गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुन्छ । निजहरूको पुनर्नियुक्ति हुँदैन । तर निर्वाचन आयुक्तमा नियुक्त भई काम गरेको व्यक्ति प्रमुख निर्वाचन आयुक्तको पदमा भने नियुक्त हुन सक्छ । निजको पदावधिको गणना गर्दा निर्वाचन आयुक्तको पदमा रही काम गरेको अवधि समेत गणना गरिन्छ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू ६५ वर्षको उमेरसम्म मात्र पदमा बहाल रहन सक्छन् ।

नेपालको संविधानले निर्वाचन आयोगको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुने गरी तोकेको छ :-

(क) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ख) निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने,

(ग) राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने,

(घ) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यकोलागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

यस अतिरिक्त संविधानको भाग २९ को विभिन्न धारामा रहेको व्यवस्था अनुसार दल दर्ता र व्यवस्थापनको जिम्मेवारी निर्वाचन आयोगमा रहेको छ ।

### १०.१.४ आयोगको संगठनात्मक स्वरूप र जनशक्ति

आयोगबाट सम्पादन गर्नुपर्ने कामका लागि केन्द्रीयस्तरमा राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा एक सचिवालय र सो सचिवालय अन्तर्गत प्रशासन, निर्वाचन व्यवस्थापन, कानुन तथा राजनीतिक दलसम्बन्ध, निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध  र सूचना प्रविधि व्यवस्थापन गरी पाँचवटा महाशाखा छन् । यी अन्तर्गत विभिन्न १२ वटा शाखा रहेका छन् ।

जिल्ला तहमा मोरङ, काठमाडौं, कास्की, बाँके र कैलालीमा प्रशासन सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतको नेतृत्वमा क्षेत्रीय निर्वाचन कार्यालय र बाँकी जिल्लामा प्रशासन सेवाका राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रहेका छन् । आयोगको सचिवालय र अन्तर्गत कार्यालय समेतमा गरी मुलुकभर हाल कुल ७३३ कर्मचारी कार्यरत छन् ।

आयोगको जिल्ला तहको साङ्गठनिक स्वरूपको विषयमा कुरा गर्दा अलिकति त्यसको पृष्ठभूमिलाई समेत नियाल्नु पर्ने हुन्छ । यसरी इतिहास कोट्याउँदा नेपालको संविधान २०१९ को पहिलो संशोधन २०२३ मा पुग्नु पर्छ । नेपालको संविधान २०१९ प्रारम्भ हुँदा निर्वाचन आयोगको व्यवस्था थिएन । निर्वाचन सञ्चालन, रेखदेख र नियन्त्रण जस्ता कार्य गर्न श्री ५ को सरकारले पञ्चायत मन्त्रालयको गठन गरेको थियो । यसै मन्त्रालयबाट निर्वाचन सञ्चालन हुने गर्दथ्यो । पछि गएर निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन गर्ने संवैधानिक स्वतन्त्र निकायको आवश्यकता महसुस हुन गयो र नेपालको संविधानको पहिलो संशोधन २०२३ ले निर्वाचन आयोगको व्यवस्था गऱ्यो । त्यस किसिमको व्यवस्थाले हालसम्म निरन्तरता पाउँदै आएको छ ।

प्रजातान्त्रिक परिवेशमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक जिम्मेवारीलाई स्वच्छ र स्वतन्त्र ढङ्गले प्रभावकारी रूपमा सम्पादन गर्नुपर्दा आइपर्ने कामको परिमाण, कार्य जिम्मेवारी र सम्वेदनशीलता समेतलाई दृष्टिगत गरी जिल्ला तहमा आफ्नो छुट्टै कार्यालय हुनुपर्ने कुरालाई महसुस गरी आयोगले आफ्नो साङ्गठनिक स्वरूपमा

परिवर्तन ल्याउने सोच बनायो । जिल्ला तहमा आयोगको कार्य सम्पादन गर्न साविकमा गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा आबद्ध हुने गरी पञ्चायतकालदेखि नायब सुब्बाको एकल दरबन्दी रहेको निर्वाचन शाखा रहेकोमा आर्थिक वर्ष २०५४/०५५ मा पहिलो पटक पूर्वाञ्चलको मोरङ, मध्यमाञ्चलको मकवानपुर, पश्चिमाञ्चलको कास्की, मध्यपश्चिमाञ्चलको बाँके र सुदूरपश्चिमाञ्चलको कैलालीमा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालयको स्थापना गऱ्यो ।

आफ्नो अलग्गै कार्यालय सञ्चालनमा रहँदा मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्यक्रमको सञ्चालन, राजनीतिक दल लगायत विभिन्न सरोकारवालासँगको सम्पर्क, समन्वय, मतदाता शिक्षाका क्षेत्रमा गरिएका कार्यक्रम प्रभावकारी भएको र आयोगको गरिमा र विश्वसनियता वृद्धिमा सकारात्मक प्रभाव परेको पाइएपछि दोस्रो चरणमा आ.व. २०५६/०५७ मा विभिन्न २५ जिल्ला र तेस्रो चरणमा आ.व. २०६०/०६१ मा बाँकी ४५ जिल्लामा जिल्ला निर्वाचन कार्यालय स्थापना गरिए । पछिल्लो समय चरणगत रूपमा कार्यालय स्थापना गरिएका जिल्लाको विवरण अनुसूची ७० मा दिइएको छ ।

वि.सं. २०६४ मा संविधान सभा सदस्यको निर्वाचनको तयारी लगायत निर्वाचनका लागि आवश्यक सामग्री व्यवस्थापन, मतदाता शिक्षा तथा तालिम सञ्चालन समेतको व्यवस्थापनको कार्यमा सम्बन्धित क्षेत्रभित्रका जिल्ला निर्वाचन कार्यालयबिच समन्वय कायम गर्न जिल्ला निर्वाचन कार्यालय मोरङ, काठमाडौं, कास्की, बाँके र कैलालीमा उपसचिव एकजना, कम्प्युटर अपरेटर एकजना र हलुका सवारी चालक एक जनाको अस्थायी दरवन्दी थप गरी ती कार्यालयलाई क्षेत्रीय श्रोतकेन्द्रको रूपमा विकास गरियो । २०७२ साल साउन २८ गते आयोगको नयाँ संगठन तथा व्यवस्थापन ढाँचा स्वीकृत भई असोज १ गतेदेखि राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नेतृत्वमा क्षेत्रीय निर्वाचन कार्यालयको रूपमा सञ्चालन हुँदै आएका छन् ।

आयोगको केन्द्रीय सचिवालय, क्षेत्रीय र जिल्ला निर्वाचन कार्यालयको दरबन्दी सहितको संगठनात्मक संरचना अनुसूची ७१ मा दिइएको छ ।

## १०.२ आयोगको गतिविधि

### १०.२.१ मतदाता नामावली

नेपालमा सर्वप्रथम २००४ साल जेठ २९ गते काठमाडौ म्यूनिसिपालिटीको निर्वाचन भएको कुरा हालसम्म उपलब्ध अभिलेखले बताउँछ । तसर्थ मतदाता नामावली तयार गर्ने कार्य पनि स्वाभाविक रूपमा यही निर्वाचनबाट सुरु भएको मान्न सकिन्छ । यो निर्वाचनका लागि काठमाडौँ म्यूनिसिपालिटीका प्रत्येक वडामा बसोबास गरिआएका २१ वर्ष उमेर पुगेका पुरुषहरूको नाम समावेश गरी वडागत रूपमा मतदाता नामावली तयार गरिएको थियो । त्यसपछिका वर्षमा निर्वाचनगत रूपमा पटके रूपमा मतदाता नामावली तयार गर्दै

आइयो । यो क्रमले नेपालको निर्वाचन इतिहासमा २०१५ साल फागुन ७ गतेदेखि सुरु भएको पहिलो आम निर्वाचनदेखि २०४६ सम्म निरन्तरता पायो ।

वि.सं. २०५२ सालमा मतदाता नामावली सम्बन्धी ऐन जारी भएपछि प्रत्येक वर्ष मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्दै आइयो । यसै गरी संविधान सभा सदस्य निर्वाचन २०६४ का लागि मतदाता नामावली सङ्कलन गर्न मतदाता नामावली सम्बन्धी ऐन २०६३ जारी भएको थियो ।

संविधान सभा सदस्य निर्वाचन, २०६४ सम्पन्न भएपछि यसबाट प्राप्त अनुभव समेतका आधारमा निर्वाचन प्रक्रियामा गर्नुपर्ने सुधारबारे मिति २०६५/४/३ मा आयोगबाट एक अवधारणापत्र स्वीकृत गरियो र आयोगको पहिलो पाँच वर्षे रणनीतिक योजना (२०६५–२०७०) मा मतदाता दर्ता र पहिचान गर्ने प्रक्रियामा सुधारका लागि फोटोसहितको मतदाता नामावली तयार गर्ने लक्ष्य समावेश भयो । पहिलो पटक वि.सं. २०६६ चैत्र ३० देखि सोलुखुम्बुको सल्लेरी र सल्यान, काठमाण्डौको रामकोट र सितापाइला, रूपन्देहीको शंकरनगर, दाङको चैलाही र डडेल्धुराको जोगबुढा गा.वि.स. गरी ५ जिल्लाका ७ गा.वि.स.मा परीक्षणको रूपमा फोटोसहितको मतदाता नामावली सङ्कलन गरियो । यस कार्यक्रममा ३४,४३१ जनाको नामावली सङ्कलन गरिएको थियो ।

दोश्रो चरणमा विभिन्न ४१ जिल्लाका ५८ नगरपालिकामा २०६७ भाद्र ३० गतेबाट मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन गरियो । मतदाता नामावलीमा नाम दर्ता गर्न नेपाली नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गरिएको विषयप्रति असन्तुष्टि जनाई तराई क्षेत्र र पूर्वका केही जिल्लामा अवरोध सिर्जना भएको भएपनि अन्य स्थानमा कार्यक्रम सुचारु रह्यो । यस कार्यक्रममा १३,६०,३०७ जनाको नामावली सङ्कलन गरिएको थियो ।

मतदाता दर्तालाई थप सहज बनाउन २०६७ मार्ग १ गतेदेखि देशभरका जिल्ला निर्वाचन कार्यालयमा बिदाका दिन बाहेक निरन्तर मतदाता दर्ता कार्य प्रारम्भ गरियो । यद्यपि ठूलो सङ्ख्यामा मतदाता दर्ता गर्न बाँकी रहेका कारण २०६७ चैत्र १६ गतेदेखि दोश्रो चरणमा सम्पन्न नभई बाँकी रहेका नगरपालिका र सम्पूर्ण गा.वि.स.मा तेस्रो चरणको मतदाता दर्ता कार्यक्रम सञ्चालन गरियो । यस चरणमा जम्मा ७८,४८,४९७ जनाको नाम दर्ता भयो ।

आयोगको २०६८ जेष्ठ २३ को निर्णयानुसार असार १ गतेदेखि आफ्नो स्थायी ठेगानाभन्दा अन्यत्र बसोवास गरिरहेका व्यक्तिले आफू बसिरहेकै जिल्लास्थित निर्वाचन कार्यालय वा मतदाता दर्ता कार्यक्रम सञ्चालन भएका स्थानबाट आफ्नो स्थायी ठेगानाकै सूचीमा नाम समावेश हुने गरी मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने व्यवस्था गर्‍यो । त्यसै गरी जिल्लास्थित निर्वाचन कार्यालय बाहेक जिल्ला प्रशासन कार्यालय, नागरिकताको प्रमाणपत्र जारी हुने इलाका प्रशासन कार्यालयमा समेत मतदाता दर्ता गर्न सक्ने व्यवस्था गरियो । यसका अतिरिक्त नेपाल सरकारबाट सञ्चालन हुने घुम्ती शिविरमा समेत आयोगले

मतदाता दर्ताको सुविधा उपलब्ध गराउँदै आएको छ । यसरी नाम दर्ता गर्दै जाँदा २०७० साल असार मसान्तसम्ममा १८ वर्ष उमेर पुगेका मतदाताको सङ्ख्या १,२१,४७,८६५ पुगेको थियो ।

मतदाता दर्ता क्रममा नेपाली नागरिकताको प्रमाणको अनिवार्यताको विषयलाई लिएर सर्वोच्च अदालतमा परेको रिट निवेदनका सम्बन्धमा सर्वोच्च अदालतबाट वि.सं. २०६८ असार ९ गते मतदाता नामावलीमा नाम दर्ता गराउने प्रयोजनका लागि नेपाली नागरिकताको प्रमाण-पत्रलाई अनिवार्य आधारका रूपमा लिने गरी फैसला भएको थियो ।

### १०.२.२ मतदाता परिचयपत्र

मतदानको समयमा मतदाताको पहिचानका लागि परिचयपत्रको व्यवस्थाले स्वच्छ,स्वतन्त्र निर्वाचन सम्पन्न गर्न ठूलो मद्दत पुग्ने देखी पहिलो पटक २०५१ साल माघ १९ गते निर्वाचन आयोगबाट यससम्बन्धी निर्णय भएको थियो । यस सिलसिलामा २०५३ साल माघ ११ गते काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं १, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं ५ र बैतडी जिल्ला निर्वाचन क्षेत्र नं १ मा सम्पन्न हुने उपनिर्वाचनका लागि मतदाता परिचयपत्र लागू गर्न प्रशासकीय तथा व्यवस्थापकीय कार्यका लागि नेपाल सरकार गृह मन्त्रालयलाई लेखी पठाइएको थियो ।

परिचयपत्रको व्यवस्थाले मतदान कार्य व्यवस्थापनमा सहज भएको र निर्वाचनको स्वच्छता कायम गर्न मद्दत पुगेकोले आयोगले मतदाता परिचयपत्रको व्यवस्थापनका लागि मतदाता परिचयपत्रसम्बन्धी नियमावली २०५३ समेत जारी गर्‍यो । आयोगबाट २०५४ कार्तिक ७ गते पाँच चरणमा मतदाता परिचयपत्र वितरण गर्ने कार्यक्रम स्वीकृत गर्‍यो । यस अनुरूप पहिलो, दोस्रो र तेस्रो चरणमा गरी ४३ जिल्लाका १०५ निर्वाचन क्षेत्रमा मतदाता परिचयपत्र वितरण गरिएको थियो । पहिलो पटक प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ मा काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं १ देखि ७, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं ५, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं १, बैतडी जिल्ला निर्वाचन क्षेत्र नं १ र ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं २ र ३ गरी १३ वटा निर्वाचन क्षेत्रमा मतदाता परिचयपत्रका आधारमा मतदानको कार्यसम्पन्न भएको थियो । उक्त समयमा देशमा चलिरहेको द्वन्द्वबाट उत्पन्न असुरक्षाका कारण परिचयपत्र वितरण कार्य स्थगन भएको थियो । परिचयपत्र व्यवस्थापन कार्यका लागि मतदाताको फोटो खिच्ने क्यामरा लगायतका उपकरण डेनिस सहयोग संस्था DANIDA बाट प्राप्त भएको थियो । अरु व्यवस्थापकीय कार्य आयोग र नेपाल सरकार गृह मन्त्रालयबाट भएको थियो ।

संविधान सभा सदस्य निर्वाचन,२०७० मा पहिलो पटक मुलुकभर मतदाता परिचयपत्रका आधारमा मतदान सम्पन्न भयो । निर्वाचनको स्वच्छताका लागि मतदाताको पहिचान हुने खालको परिचयपत्र आयोगबाटै तयार गरी वितरण गर्न मिति २०७० कार्तिक २ गते

आयोगबाट निर्णय भएको थियो । आयोगको आफ्नै क्षमता प्रयोग गरी आयोगकै छापाखानामा परिचयपत्र छपाइ गरी वितरणको व्यवस्था गरिएको थियो । मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा अन्य कर्मचारीमार्फत २०७० कार्तिक २९ गतेदखि मतदानको अघिल्लो दिन अर्थात मंसिर ३ गतेसम्म परिचयपत्र वितरण गरिएको थियो ।

### १०.२.३ मतदाता पारिवारिक लगत

मतदाता नामावली संकलन र अद्यावधिक गर्न मतदाताको घरदैलोमा जाँदा एकै घर परिवारका सदस्यमध्ये मतदाता हुन उमेर पुगेका र नपुगेका सदस्यको नाम नामेसी विवरण समेटी पारिवारिक लगत तयारगर्ने, व्यक्तिगत घटना दर्ताको आधारमा यसलाई अद्यावधिक गर्दै जाने र मतदाता हुने उमेर पूरा गरेपछि त्यस्ता व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्दै जाने उद्देश्यले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो ।

लगत सङ्कलन कार्यको थालनी वि.स. २०५८ साल वैशाखदेखि प्रारम्भ भएको थियो । यो वर्ष मोरङ, मकवानपुर, कास्की, बाँके र कैलालीमा कार्यक्रम सञ्चालन गरियो । २०६० सालमा काठमाडौँ महानगरपालिकाका ३५ वटै वडामा यसको कार्यान्वयन गरिएको थियो । वि.स. २०६६ सालबाट आयोगले फोटोसहितको मतदाता नामावली सङ्कलनको कार्यक्रम सञ्चालन गरे पश्चात् मतदाता पारिवारिक लगत लिने कार्य स्थगित भएको थियो ।

### १०.२.४ प्रविधिको प्रयोग

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन र प्रशोधन, मतदाता शिक्षा, मतदान केन्द्र व्यवस्थापन, निर्वाचन जोखिमको विश्लेषण, विद्युतीय मतदान, मतदानको दिनको गतिविधि अनुगमन, निर्वाचन परिणामको प्रशोधन लगायतका क्षेत्रमा लामो समयदेखि प्रविधिको प्रयोग गर्दै आएको छ ।

पहिलो पटक वि.सं.२०४३ सालमा झापा, मोरङ, सुनसरी लगायतका १६ जिल्लाको मतदाता नामावलीको तथ्याङ्क राष्ट्रिय कम्प्यूटर केन्द्रको सहयोगमा कम्प्यूटरकृत गरिएको थियो । वि.सं.२०४६ सालमा राष्ट्रिय कम्प्यूटर केन्द्र, राष्ट्रिय समाचार समिति र पञ्चायत नीति तथा जाँचबुझ समितिबाट कम्प्यूटर र आवश्यक प्राविधिक सहयोग समेत प्राप्त गरी आयोगमा मतदाता नामावली प्रशोधन र छपाइ गरिएको थियो । वि.सं. २०४८ को प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदाता नामावली तयार गर्न सर्भर एक थान, १३ वटा आईबीएम र १३ वटा म्याकण्टोस कम्प्यूटर सञ्चालनमा ल्याइएको थियो । मतदाता नामावली प्रशोधन कार्यमा तत्कालीन राष्ट्रिय कम्प्यूटर केन्द्रका निर्देशक नीलकण्ठ उप्रेती (पछि निर्वाचन आयुक्त र प्रमुख निर्वाचन आयुक्त) लाई आयोगमै काजमा राखी सेवा प्राप्त गरिएको थियो । मतदाता नामावली छपाइ गर्न ए फोर आकारमा छपाइ गर्न सक्ने

छापाखाना समेत इन्स्टल गरिएको थियो । यी उपकरण डेनिस सहयोग संस्था DANIDA मार्फत प्राप्त भएका थिए ।

आयोगले संविधान सभा सदस्य निर्वाचन,२०६४ मा पहिलो पटक काठमाडौ जिल्ला निर्वाचन क्षेत्र नं.१ मा विद्युतीय मतदान उपकरणबाट मतदान हुने व्यवस्था गरेको थियो । यसपछि २०६५ र २०७१ सालमा सम्पन्न उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग भएको थियो । आयोगले भू-सूचना प्रणालीको प्रयोग गरी मतदान स्थलको विवरण समेत अद्यावधिक गर्दै आएको छ ।

## १०.२.५ मतपेटिकाको प्रयोग

२००४ सालमा सम्पन्न पहिलो नगर निर्वाचनमा उम्मेदवारपिच्छेका टिनका ढ्वाङ थापेर मत संकलन गरेको पाइन्छ । पछि यसमा सुधार हुँदै आयो । गोप्य मतदानको हकको सुनिश्चितता र स्वच्छ, स्वतन्त्र निर्वाचनको विश्वसनियताका लागि गोप्य कक्षमा गई मतपत्रमा मत संकेत गर्नुपर्ने र सार्वजनिक रूपमा सबैले देख्ने गरी राखिएको मतपेटिकामा मत खसाल्नु पर्ने व्यवस्था भयो । संविधान सभाको निर्वाचनपूर्वसम्म भारतमा निर्मित फलामे मतपेटिका प्रयोगमा रहेका थिए । यी मतपेटिका निकै गह्रौं हुनुका साथै बिर्को खोल्न र बन्द गर्न विशेष सिप नै चाहिने खालका थिए । संविधान सभाको निर्वाचन,२०६४ का बेला यी मतपेटिकाको सट्टा निकै हलुङ्गा र अर्धपारदर्शी प्लाष्टिकका मतपेटिका प्रयोगमा ल्याइयो ।

## १०.२.६ मतपत्र छपाइ कार्यको व्यवस्थापन

पहिलो निर्वाचनमा घर घरै पुगेर मतदाता (त्यतिबेला पुरुषलाई मात्र मताधिकार दिइएको थिया) लाई अघिल्लै दिन मतपत्र दिइएको र भोलिपल्ट ती मतपत्र ल्याई आफूले मतदान गर्न चाहेको उम्मेदवारको ढ्वाङमा मत खसालेको इतिहास छ । पछिका दिनमा यस प्रक्रियामा सुधार हुँदै आयो । निर्वाचनको स्वच्छताका लागि मतपत्रको छपाइ, ढुवानी र प्रयोगमा उच्च सुरक्षा र सतर्कता अपनाउन थालियो । यस सिलसिलामा मतपत्रको छपाइका लागि सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लि. को क्षमता विकास गरी सोही केन्द्रको छापाखानाको छपाइ मेशिन र जनशक्ति प्रयोग गर्न थालियो । २०४८ सालको आम निर्वाचनका लागि आवश्यक विभिन्न सामग्री छपाइ गर्न एक छपाइ मेशिन आयोगको छापाखानामा इन्स्टल गरियो ।

संविधान सभा सदस्य निर्वाचन, २०६४ को बखत जनक शिक्षा सामग्री केन्द्र लि. मा उपलब्ध पूर्वाधारलेमात्र तोकिएको समयभित्र मतपत्र छपाइ गर्न नभ्याइने अवस्था भई विकास साझेदार संस्था IFES बाट तीन थान र UNDP बाट एक थान गरी ४ थान छपाइ मेशिन आयोगलाई सहयोगस्वरूप प्राप्त भए । त्यसै गरी संविधान सभा सदस्य

निर्वाचन, २०७० का लागि IFES बाट १ एक थान छपाइ मेशिन प्राप्त भयो । यी ५ थान छपाइ मेशिन जनक शिक्षा सामग्री केन्द्रको छापाखानामा इन्स्टल गरी सञ्चालनमा ल्याइएको छ । मतपत्र छपाइ र ढुवानी कार्यको सुरक्षा व्यवस्थापनमा आवश्यकतानुसार नेपाली सेना र सशस्त्र प्रहरी बलसमेतको सहयोग लिइँदै आइएको छ ।

### १०.२.७ मतदाता शिक्षा

निर्वाचनमा मतदाता शिक्षाका लागि प्रारम्भदेखि नै विभिन्न उपाय अवलम्बन गर्दै आइएको पाइन्छ । २०१५ सालको आमनिर्वाचनमा रेडियोबाट विभिन्न जानकारीमूलक सूचना सन्देश प्रसारण गरिएको थियो भने राजनीतिक दल तथा उम्मेदवारले पनि लोक गीत र नाराहरुको उपयोग गरेका थिए । २०१५ सालको आमनिर्वाचनको नौ महिनापूवदेखि निर्वाचन सन्देश नामक पाक्षिक पत्रिका समेत प्रकाशन गरेको पाइन्छ । त्यसपछिका दिनमा र खासगरी वि.सं.२०४८ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात्का निर्वाचनमा आयोगले श्रव्य, दृश्य र छापा माध्यमबाट मतदातालाई निर्वाचन सम्बन्धी सूचना तथा जानकारी दिँदै आएको हो ।

संविधानसभा सदस्य निर्वाचन, २०६४ र २०७० मा मतदाता शिक्षाका लागि आयोगले श्रव्य, श्रव्य दृश्य र छापा तीनवटै माध्यमको प्रयोग गर्‍यो । मुलकभित्र बोलिने विभिन्न १७ भाषामा पोष्टरहरु छपाइ गरी वितरण गरिए । मतदाताको घरदैलोसम्म पुग्ने गरी निर्वाचन शिक्षा कार्यकर्ता परिचालन गरिए । रेडियो नाटक, टेलिनाटक, जिङ्गल, गीत, भजन जस्ता विविध उपायहरु अपनाइयो । मतदाता शिक्षाका क्षेत्रमा विकास साझेदार संस्थाहरु समेतले योगदान पुर्‍याए ।

आयोगले मतदाता शिक्षा र निर्वाचन शिक्षालाई निरन्तर शिक्षाको रूपमा अगाडि बढाउने उद्देश्यले २०६९ साल जेठ ११ गतेदेखि आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याएको छ । यस केन्द्रबाट नियमित रूपमा समूहगत अवलोकनकर्ताहरुलाई लोकतन्त्र र निर्वाचनका प्रक्रियाहरुबारे जानकारी दिने व्यवस्था मिलाइएको छ । यस्ता केन्द्र कास्की र कैलालीमा पनि सञ्चालन गरिएका छन् । दुर्गम स्थानका मतदातालाई समेत श्रव्य दृश्य माध्यमबाट निर्वाचन शिक्षा दिने उद्देश्यले घुम्ती निर्वाचन शिक्षा तथा सूचना कार्यक्रम समेत सञ्चालनमा ल्याइएको छ ।

आमनागरिक र सरोकारवालालाई निर्वाचनसँग सम्बन्धित सामयिक विषयमा जानकारी प्रदान गर्ने उद्देश्यले आयोगको २०६८।३।१७ को निर्णयानुसार २०६८ साल देखि 'निर्वाचन' पत्रिका (Journal) (अर्धवार्षिक) र 'निर्वाचन' बुलेटिन (त्रैमासिक) प्रकाशन हुँदै आएका छन् । त्यसै गरी निर्वाचन सरोकार नामक रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालनमा रहेको छ ।

### १०.२.८ विकास साझेदारहरुसँगको सहकार्य

वि.सं. २०४८ को प्रतिनिधि सभा निर्वाचनका लागि मतदाता नामावलीलाई कम्प्यूटराइज्ड प्रविधि अपनाई तयार गर्न डेनिस सहयोग संस्था DANIDA को सहयोग प्राप्त भएको थियो । त्यस यता विभिन्न मुलुक र संस्थाबाट विविध क्षेत्रमा सहयोग प्राप्त भएको छ । यस लगत्तैका वर्षमा मतदाता शिक्षाका क्षेत्रमा National Democretic Institute (NDI) को सहयोग प्राप्त भएको थियो ।

जनआन्दोलन-२ पछि संविधान सभा सदस्य निर्वाचनलाई लक्षित गरी नेपाल शान्ति कोष मार्फत विभिन्न मुलुकको सहयोग प्राप्त भयो । यसै बेलादेखि निर्वाचन व्यवस्थापनका क्षेत्रमा आयोगलाई आवश्यकतानुसारका क्षेत्रमा सहयोग गर्न संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम अन्तर्गत निर्वाचन सहायता परियोजना सञ्चालनमा छ । यस बाहेक निर्वाचनको क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय गैरसरकारी संस्था IFES र IDEA International को सहयोग प्राप्त भइरहेको छ ।

निर्वाचनको क्षेत्रमा सहयोग आदान प्रदानका सम्बन्धमा भारत, अष्ट्रेलिया र दक्षिण कोरियासँग समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर भई सहयोग प्राप्त भइरहेको छ ।

### १०.२.९ निर्वाचन आचार संहिता

निर्वाचनाई स्वच्छ, स्वतन्त्र रूपमा सम्पन्न गर्न राजनीतिक दल, सरकार, सरकारी र सरकारी स्वामित्वका निकाय, सञ्चार क्षेत्र, आममतदाता र सरोकारवालाले पालना गर्नुपर्ने विभिन्न आचरणको व्यवस्था हुँदै आएको छ । २०५३ सालपूर्व यस्तो व्यवस्था पटके रूपमा हुने गरेको थियो । पहिलो पटक २०५४ सालको स्थानीय निकाय निर्वाचनका लागि निर्वाचन आचार संहिता, २०५३ जारी भयो र त्यसपछिको प्रतिनिधि सभा सदस्य निर्वाचन,२०५६ मा यसैलाई परिमार्जन गरी लागु गरियो । संविधान सभा सदस्य निर्वाचन २०६४ र २०७० का लागि समयानुकुल नयाँ आचार संहिता जारी गरिए ।

निर्वाचनमा पटके रूपमा आचार संहिता जारी गर्नुभन्दा सर्वकालिक प्रकृतिको आचारसंहिता जारी गर्नु अझ प्रभावकारी हुने महसुस गरी आयोगबाट २०७२ साल असार १४ गते निर्वाचन आचार संहिता, २०७२ जारी भएको छ । यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागु हुने व्यवस्था छ ।

आचार संहिताले उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भातृ संगठन वा सम्बन्धित व्यक्ति, नेपाल सरकार र नेपाल सरकारका मन्त्री, सार्वजनिक संस्था र स्थानीय निकाय, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, कर्मचारी, सुरक्षाकर्मी, सार्वजनिक पद

धारण गरेका व्यक्ति, पर्यवेक्षक  र आयोगले तोकेका निकाय, संस्था वा व्यक्तिलाई लागु हुने गरी विभिन्न व्यवस्था समेटेको छ ।

### १०.२.१० आयोगको लोगो, ब्रान्डिङ र परिचय धुन

संवैधानिक निकायको रूपमा रहेको निर्वाचन आयोगको  समाजमा स्वतन्त्र तथा तटस्थ संस्थाको रूपमा विशिष्ट पहिचान कायम गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले आयोगबाट २०६३ साल फागुन ८ गते आयोगको लोगो, ब्राण्ड कलर र पहिचान धुन (तरङ्ग) स्वीकृत गरी प्रयोगमा ल्याएको छ ।

आयोगको लोगोको डिजाइन शारदामान श्रेष्ठ, ठमेल, काठमाडौले गरेका हुन् भने पहिचान धुनका सर्जक रेडियो नेपालका कलाकार भूपेन्द्र रायमाझी हुन् । आयोगका उत्पादनहरुमा प्रयोग गर्न डार्क ग्रे रंगलाई ब्राण्ड कलरको रूपमा स्वीकृत गरिएको छ ।

### १०.२.११ निर्वाचन दिवस

नेपालको निर्वाचन इतिहासमा फागुन ७ गते महत्वपूर्ण ऐतिहासिक दिन हो । नेपालको पहिलो संसदीय निर्वाचनको मतदान कार्य २०१५ सालको यही दिन प्रारम्भ भएको थियो । यो गौरवपूर्ण दिनलाई स्मण गर्दै  प्रत्येक वर्षको फागुन ७ गतेलाई निर्वाचन दिवसको रूपमा मनाउने गरी आयोगबाट मिति २०७२/८/२७ मा निर्णय भएको थियो । पहिलो पटक यो दिवस २०७३ साल फागुन ७ गते मनाइएको छ ।

## १०.३  निर्वाचन सम्बन्धी विविध जानकारी

### १०.३.१ सम्पन्न निर्वाचनका केही तिथि मिति

#### (क) स्थानीय निकाय निर्वाचन

| क स. | सम्पन्न भएको निर्वाचनको नाम | निर्वाचन सम्पन्न मिति |
|---|---|---|
| १ | काठमाडौं म्युनिसिपालिटि निर्वाचन, २००४ | २००४/२/२९ |
| २ | ललितपुर र भक्तपुर नगरपालिका निर्वाचन २००४ | २००४ |
| ३ | ललितपुर नगरपालिका निर्वाचन, २००९ | २००९/५/२९ |
| ४ | भक्तपुर नगरपालिका निर्वाचन, २००९ | २००९/६/२६ |
| ५ | काठमाडौं नगरपालिका निर्वाचन २०१० | २०१०/५/१७* |
| ६ | काठमाडौं नगरपालिका निर्वाचन, २०१४ | २०१४/१०/१४ |

| | | |
|---|---|---|
| ७ | गाउँ पञ्चायत/न.प. निर्वाचन, २०३९ | २०३९/१/२८ र २०३९/१/३१<br>२०३९/२/३ र २०३९/२/४ |
| ८ | गाउँ पञ्चायत/न.प. निर्वाचन, २०४३ | २०४३/१२/७ र<br>२०४३/१२/१० |
| ९ | स्थानीय निकाय निर्वाचन, २०४९ | २०४९।२।१५ र २०४९।२।१८ |
| १० | स्थानीय निकाय निर्वाचन, २०५४ | २०५४।२।०४ र २०५४।२।१३ |
| ११ | नगरपालिका निर्वाचन, २०६२ | २०६२।१०।२६ |

* २०१० साल भाद्र १७ गते भएको काठमाडौं नगरपालिकाको निर्वाचनमा महिलाहरूले पनि मताधिकार प्रयोग गरेका थिए । यस निर्वाचनमा श्री साधनादेवी वडा नं. ८ बाट नेपालको पहिलो महिला जनप्रतिनिधि चुनिएकी थिइन् ।

## (ख) व्यवस्थापिका निर्वाचन

| | | |
|---|---|---|
| १ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०१५ | २०१५।११।०७ |
| ३ | राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०३८ | २०३८।०१।२७ |
| ४ | राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३ | २०४३।०१।२९)<br>२०४३।०२।०५ (स्याङ्जा)<br>२०४३।०२।१२ (कास्की) |
| ५ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०४८ | २०४८।०१।२९ |
| ६ | प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०४८ | २०४८।१०।२६<br>(सुनसरी-३ र काठमाडौँ-५) |
| ७ | प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०५० | २०५०।१०।२५<br>(झापा-१ र काठमाडौँ-१) |
| ८ | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१ | २०५१।०७।२९ |
| ९ | प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०५३ | २०५३।१०।११<br>(सुनसरी-५, काठमाडौँ-१, रौतहट-२, रूपन्देही-२ र बैतडी-१) |
| १० | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५६ | २०५६।०१।२० र २०५६।०२।०३ |
| ११ | प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०५६ | २०५६।०७।२३<br>(झापा-६, रौतहट-४,मोरङ -१) |

**(ग) राष्ट्रिय जनमत सङ्ग्रह**

| | | |
|---|---|---|
| १ | राष्ट्रिय जनमत संग्रह, २०३७ | २०३७।०१।२० |

**(घ) संविधान सभा सदस्य निर्वाचन**

| | | |
|---|---|---|
| १ | संविधान सभा सदस्य निर्वाचन, २०६४ | २०६४।१२।२८ |
| २ | संविधान सभा सदस्य उपनिर्वाचन, २०६५ | २०६५।१२।२८<br>(मोरङ्-५ र ७, धनुषा-५, कास्की-१, रोल्पा-२ र कञ्चनपुर-४) |
| ३ | अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० | २०७०।०८।०४ |
| ४ | अर्को संविधान सभा सदस्य उपनिर्वाचन, २०७१ | २०७१।०३।०८<br>(काठमाडौँ-२ चितवन-४, बर्दिया-१, कैलाली-६) |
| ५ | अर्को संविधान सभा सदस्य उपनिर्वाचन, २०७१ | २०७१।१२।२८ (बाग्लुङ-१) |

## १०.३.२ संविधान सभा सदस्य निर्वाचन, २०६४ र २०७० एक झलक

| **संविधान सभा सदस्य निर्वाचन, २०६४ र २०७० का केही तथ्य/तथ्याङ्क** | | |
|---|---|---|
| **तथ्य/तथ्याङ्क** | **वि.सं. २०६४** | **वि.सं. २०७०** |
| मतदान मिति | २०६४।१२।२८ | २०७०।८।४ |
| निर्वाचन प्रयोजनको लागि दल दर्ता | ७४ | १३० |
| निर्वाचनमा भाग लिएका राजनीतिक दल | | |
| पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ | ५४ | १२० |
| समानुपातिक निवाृचन प्रणाली तर्फ | ५४ | १२२ |
| कुल मतदाता सङ्ख्या | १,७६,११,८३२ | १,२१,४७,८६५ |
| महिला मतदाता | ८७,३०,४७३ | ६१,६६,८२७ |
| पुरुष मतदाता | ८८,८१,३५९ | ५९,८०,८८३ |
| तेस्रो लिङ्गि | - | १५५ |

| | | |
|---|---|---|
| मतदाता हुन १८ वर्ष पुग्ने मिति | २०६३ मंसिर मसान्त | २०७० असार मसान्त |
| सबैभन्दा धेरै मतदाता भएको जिल्ला र सङ्ख्या | मोरङ, ६,४८,८९४ | काठमाडौं, ५,३२,११० |
| सबैभन्दा थोरै मतदाता रहेको जिल्ला | मनाङ ७,४०७ | मनाङ ४,७९५ |
| जम्मा स्थायी मतदान केन्द्र स्थल | ९८२४ | १००१३ |
| जम्मा स्थायी मतदान केन्द्र | २०८९० | १८४३८ |
| जम्मा अस्थायी मतदान केन्द्र स्थल | ३२३ | ३२३ |
| जम्मा अस्थायी मतदान केन्द्र | ३९४ | ३२७ |
| मतदान केन्द्रमा परिचालित जनशक्ति (सुरक्षाकर्मी बाहेक) | २,३४,००० | २,१७,४५६ |
| मतदान स्थगित भएका मतदानकेन्द्र | ६८ | ३ |
| आयोगको निर्णयबाट मतदान रद्द भएका जिल्ला | ३८ | ० |
| पर्यवेक्षण संस्थाको सङ्ख्या | | |
| राष्ट्रिय | १४८ | ११४ |
| अन्तरराष्ट्रिय | २८ | २ |
| पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा | | |
| कुल मतदाता | १,७६,११,८३२ | १,२१,४७,८६५ |
| कुल उम्मेदवार | ३५७८ | ६१२६ |
| महिला उम्मेदवार | ३६८ | ६६७ |
| पुरुष उम्मेदवार | ३९४६ | ५४५८ |
| तेस्रो लिङ्गी | 0 | १ |
| कुल उम्मेदवार मध्ये स्वतन्त्र उम्मेदवार | ८१६ | १११५ |
| स्वतन्त्र महिला उम्मेदवार | ४२ | ६४ |
| स्वतन्त्र पुरुष उम्मेदवार | ७७४ | १०५१ |
| कुल खसेको मत | १,०८,६६,१३१ | ९५,१६,७३४ |

| | | |
|---|---|---|
| मतदान प्रतिशत | ६१.७० | ७८.३४ |
| सदर मत | १,०३,०६,१२० | ९०,४४,९०८ |
| सदर मत प्रतिशत | ९४.८५ | ९५.०४ |
| बदर मत | ५,६०,०११ | ४,७१,८२६ |
| बदर मत प्रतिशत | ५.१५ | ४.९६ |
| सबैभन्दा धेरै मतदान भएको जिल्ला र मतदान प्रतिशत | डोल्पा, ७९.८९ प्रतिशत | डोल्पा, ८९.५ प्रतिशत |
| सबैभन्दा कम मतदान भएको जिल्ला | मनाङ, ४०.११ प्रतिशत | बैतडी - नि.क्षे.नं.२, ६७.३२ प्रतिशत |
| निर्वाचित सदस्य सङ्ख्या | २४० | २४० |
| निर्वाचित मध्ये महिला सदस्य | ३० | १० |
| निर्वाचित मध्ये पुरुष सदस्य | २१० | २३० |
| राजनीतिक दलबाट निर्वाचित | २३८ | २३८ |
| निर्वाचित हुने स्वतन्त्र उम्मेदवार | २ | २ |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दल | ने.क.पा.(माओवादी) | नेपाली काँग्रेस |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दलले पाएको मत | ३१,४५,५१९ | २६,९४,९८३ |
| मत प्रतिशत | ३०.५२ | २९.८ |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दलबाट निर्वाचित सदस्य सङ्ख्या | १२० जना | १०५ |
| प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ स्थान प्राप्त गर्ने दलको सङ्ख्या | ९ | १० |
| कुल उम्मेदवार मध्ये धरौटी जफत भएका उम्मेदवार सङ्ख्या | ३१५९ | ५३३२ |
| निर्वाचन खर्चको हद | ४,५९,५०० | १०,००,००० |
| समानुपातिक निर्वाचन प्रणाली तर्फ | | |
| जम्मा उम्मेदवार सङ्ख्या | ५७०१ | १०,७०९ |

| | | |
|---|---|---|
| जम्मा खसेको मत | १,११,४६,५४० | ९७,७६,७०३ |
| सदर मत | १,०७,३९,०७८ | ९४,६३,८६२ |
| सदर मत प्रतिशत | ९६.३४ | ९८.८२ |
| बदर मत | ४,०७,४६२ | ३,१२,८४१ |
| बदर मत प्रतिशत | ३.२६ | ३.२० |
| सबैभन्दा धेरै मतदान भएको जिल्ला र मतदान प्रतिशत | डोल्पा, ८४.१५ प्रतिशत | डोल्पा, ९५.४० |
| सबैभन्दा कम मतदान भएको जिल्ला र मतदान प्रतिशत | मनाङ,४७.७१ | रोल्पा नि.क्षे.नं.२, ६९.१२ |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दल | ने.क.पा.(माओवादी) | नेपाली काँग्रेस |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दलले प्राप्त गरेको मत सङ्ख्या | ३१,४४,२०४ | २४,१८,३७० |
| प्राप्त मत प्रतिशत | २९.२८ | २५.५५ |
| सबैभन्दा धेरै मत प्राप्त गर्ने राजनीतिक दलले संविधान सभामा प्राप्त गरेको सिट सङ्ख्या | १०० | ९१ |
| प्राप्त सिट प्रतिशत | २९.८५ | २७.१६ |
| समानुपातिक निर्वाचन प्रणालीतर्फ संविधान सभामा सिट प्राप्त गर्ने राजनीतिक दलको सङ्ख्या | २५ | ३० |
| निर्वाचन खर्चको हद (प्रति उम्मेदवार) | ५०,००० | ७५,००० |

### १०.३.३ संविधान सभा २०६४ मा मन्त्रिपरिषद्बाट मनोनयन भएका सदस्य

सम्वत् २०६४ मा गठन भएको संविधान सभामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५/३/२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) बमोजिम मनोनीत गरिएका महानुभावहरूको नामावली देहाय बमोजिम थियो :

१. इन्द्रमाया गुरुङ, गोरखा

२. कमला पन्त, गोरखा

३. चन्द्रलाल मेचे, झापा
४. जगतबहादुर ताजपुरिया, झापा
५. जग्यबहादुर शाही, दैलेख
६. डबलबहादुर शाह, बाजुरा
७. नारायणकाजी श्रेष्ठ, गोरखा
८. निमा लामा, मनाङ
९. निलाम्बर आचार्य, काठमाडौँ
१०. पदमज्योति, काठमाडौँ
११. पासाङ शेर्पा, ताप्लेजुङ
१२. भगवती चौधरी, सुनसरी
१३. शिला कतिला, काभ्रेपलाञ्चोक
१४. भूपेन्द्र चौधरी, सप्तरी
१५. महन्थ ठाकुर, सर्लाही
१६. महेश चौधरी, दाङ
१७. मो. अकवाल अहमद शाह, कपिलवस्तु
१८. राजेन्द्रकुमार खेतान, काठमाडौँ
१९. राधेश्याम अधिकारी, काठमाडौँ
२०. विश्वनाथ उपाध्याय, काठमाडौँ
२१. शेर बहादुर पहरी, मकवानपुर
२२. श्यामसुन्दर गुप्ता, रूपन्देही
२३. सबिना बराम, गोरखा
२४. सुशीलचन्द्र अमात्य, ललितपुर
२५. हरिलाल थापा मगर, डडेलधुरा
२६. हरि रोक्का, खोटाङ ।

### १०.३.४ संविधान सभा २०६४ मा सदस्य पदको रिक्तता र पूर्ति

सम्वत् २०६४ मा गठन भएको संविधान सभाका सदस्यहरूको विभिन्न कारणले रिक्त भएको स्थान र उक्त स्थानमा निर्वाचित सदस्यको व्यवस्थापिका संसद्बाट प्राप्त विवरण :

## संविधान सभा, २०६४ (२०६४ देखि २०६९ जेठ)

| क्र.सं. | पद रिक्त भएको सदस्यको नाम | रिक्त हुनुको कारण | रिक्त पदमा निर्वाचित/ मनोनीत सदस्यको नाम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा. रामवरण यादव | राष्ट्रपति पदमा निर्वाचित | मा. रघुविर महासेठ | | |
| २ | मा. मोहन वैद्य | राजीनामा स्वीकृत | मा. कुबेर बहादुर वली | २०६५/०८/१७ | |
| ३ | मा. सुशिलचन्द्र अमात्य | राजीनामा स्वीकृत | मा. माधवकुमार नेपाल | २०६५/०९/२६ | |
| ४ | मा. बोधनारायण सरदार | मृत्यु भएको | मा. बीरेन्द्र माझी | २०६६/०१/२३ | |
| ५ | मा. मातृकाप्रसाद यादव | स्थान रिक्तताको सूचना प्रकाशित | मा. रामकुमार पासवान | २०६७/०४/२० | |
| ६ | मा. जगतप्रसाद यादव | स्थान रिक्तताको सूचना प्रकाशित | मा. फरमुद नदाफ | २०६७/०४/२० | |
| ७ | मा. गिरिजाप्रसाद कोइराला | मृत्यु भएको | मा. मनमोहन भट्टराई | २०६७/०१/३१ | |
| ८ | मा. दामोदर चौधरी | मृत्यु भएको | मा. गणेशप्रसाद थारु | २०६७/०२/०९ | |
| ९ | मा. रामकुमार शर्मा | राजीनामा दिनुभएको सूचना प्रकाशित | | | |
| १० | मा. रामकुमारी देवी यादव | मृत्यु भएको | | | |
| ११ | मा. डम्बरबहादुर खड्का | मृत्यु भएको | | | |
| १२ | मा. गौरीशंकर खड्का | मृत्यु भएको | | | |
| १३ | मा. श्यामसुन्दर गुप्ता | सर्वोच्च अदालतको परमादेशबाट हटाइएको जानकारी संविधान सभाको बैठकमा जानकारी गराइएको । | मा. श्यामसुन्दर गुप्ता | ०६८ कार्तिक २५ गतेको बैठकबाट पुनर्स्थापित | |

| क्र. सं. | पद रिक्त भएको सदस्यको नाम | रिक्त हुनुको कारण | रिक्त पदमा निर्वाचित/ मनोनीत सदस्यको नाम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १४ | मा. केशवप्रसाद मैनाली | स्थान रिक्तताको सूचना प्रकाशित | मा. बद्रीप्रसाद न्यौपाने | २०६८/०७/३० | |
| १५ | मा. राजकुमार लिम्बु (नाल्वो) | स्थान रिक्तताको सूचना प्रकाशित | | | |
| १६ | मा. जयप्रकाशप्रसाद गुप्ता | स्थान रिक्तताको सूचना प्रकाशित | | | |
| १७ | मा. राधेश्याम अधिकारी | राजीनामा स्वीकृत | | | |
